नेपाल सरकार

# सार्वजनिक खरिद पुनरावलोकन समितिबाट भएका निर्णयहरूको संग्रह

## मिति २०७६ श्रावण देखि २०७८ आषाणढ मसान्तसम्म

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## सार्वजनिक खरि अनुगमन कार्यालय

ताहाचल, काठमाडौं, नेपाल

**नेपाल सरकार**
**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १०७**

**आ.व. २०७६/७७ को निर्णय नं १**

का.जि.,का.म.न.पा.वडा नं.३ पानीपोखरी काठमाण्डौंमा कार्यालय रहेको Map इन्टरप्रेनियर्स प्रा.ली. र हेटौंडा मकवानपुर र ललितपुर धोवीघाट कार्यालय रहेको तयल (Tayal) ब्रदर्शको संयुक्त उपकम Tayal ब्रदर्श/Map (जे.भीं) को तर्फबाट अख्तियारी प्राप्त Map इन्टरप्रेनियर्स प्रा.ली. का प्रबन्ध संचालक मनोजपुरीको वारेस का.जि. दक्षिणकाली न.पा. वडा नं. ९ बस्ने बर्ष ४५ को उत्तम अधिकारी टे.नं. ०१-४४२११४२, मो.९८५१०८३६३९.........................................................................................१ **निवेदक पक्ष**

**विरुद्ध**

श्री जनक शिक्षा सामाग्री केन्द्र लि., मध्यपुर ठिमी, ......................... .......................................................................१

साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशन जापानको नेपाल प्रतिनिधि प्रविधि इन्टरनेशनल इन्कर्पोरेशन काठमाण्डौका प्रबन्ध निर्देशक उमेस गोपाल गुरुवाचार्य फो.नं.९८२३८४८४३७.........................................................................................................१ **विपक्षी प्रत्यर्थी**

विषय:- **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) बमोजिम पुनरावलोकन गरी पाउँ ।**

**१. निवेदकको माग/दाबी:**

सार्बजनिक निकाय जनक शिक्षा सामाग्री केन्द, सानोठिमीले Contract ID no JESMT-28/075/076 बाट Supply Delivery, Installation, Commissioning and Testing of Four Colour Straight Sheet-fed Machine खरिद कार्यको लागि मिति २०७५।१२।२८ मा बोलपत्र आह्वानको सूचना मुताबिक मिति २०७६।०२।२८ गते दि राईजिङ्ग नेपालमा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सुचनाको सम्बन्धमा चित्त नबुझी बोलपत्र पेश गर्ने मध्येका Tayal brothers/Map (जे.भी.) ले मिति २०७६।०३।१२ मा सिटिजन्स बैंक इन्टरनेशनल लि., नारायणहिटी पथ, काठमाडौंको नं. Ref.No. 017576BB010285 को रु. ९६५७०। को २५ जुन २०१९ देखि ०३ अक्टोवर २०१९ सम्म म्याद भएको बैंक ग्यारेण्टी सहित सार्बजनिक खरिद ऐन, २०६३ दफा ४९(क) बमोजिम यस समितिमा दिएको निबेदनमा निबेदकको माग दाबी देहाय अनुसार रहेको देखिन्छ ।

१.१ जनक शिक्षा सामाग्री केन्द्र लि. ले आह्वान गरेको उक्त बोलपत्रको लागि निबेदक जे.भी.ले कर समेत रु.६,४३,८०,००० को वोलपत्र प्रस्ताव पेस गरेकोमा.साकुराई ग्राफिक्स कर्पोरेशनले उपकरणको मूल्य मात्र पेस गरेको, भन्सार रकम उल्लेख नगरी As per Actual cost उल्लेख गरेको, त्यस दिनको सटही दरमा फरक पारी मूल्य पेस गरेको, ITB १५.६ को price schedule included in section IV Bidding forms प्रतिकूल भएकोले ऐनको दफा २३(२)(ख) अनुसार नभएकोले सोही दफा अनुसार अमान्य हुने, साकुरा ग्राफिक्स कर्पोरेशनको प्रभावमा परी प्रभावग्राही ठहराई आशयको सूचनामा प्रकासित गरेकोले ऐनको दफा ४७(१) बमोजिम उक्त सार्वजनिक निकायमा पुनराबलोकनका लागि मिति २०७६।०३।०२ मा निवेदन दिएकोमा कुनै निर्णयको सूचना नदिएपछि न्यूनतम सारभूतरुपमा प्रभावग्राही वोलपत्रदाताको वोलपत्र स्वीकृत गरिएको भन्ने उल्लेख गरेको रहेछ ।

१.२ ITB १५.६ मा उल्लेख भएको नेपालमा पैठारी हुने सामाग्रीमा लाग्ने आन्तरिक परिवाहन, बीमा, लगायत अन्य स्थानीय खर्चहरु खण्ड ५ मा उल्लेख गरिएको ढाँचामा प्रस्तुत गर्नु पर्ने तथा ITB १६.१ B मा Payable in Nepalese Currency मा भर्नु पर्ने, साथै अनुसुची ढाँचामा Price and completion schedule-related service को कोलम ९ मा आन्तरिक पारवाहन र अन्य सेवाहरु-कस्टम आदी BDS मा उल्लेख भएअनुसार भन्ने उल्लेख भएकोमा साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनले Transpotation included in price र Custom को हकमा As per actual cost भन्ने उल्लेख गरेको देखिन्छ । Price and Completion Schedule-related service ५, ६, ७ कोलममा नेपाली मुद्रामा उल्लेख गर्नु पर्नेमा साकुरा ग्राफिक्स सिस्टम कर्पोरेशनले बिदेशी मुद्रामा भरेको देखिन्छ । यसरी बाध्यात्मक व्यवस्थालाइ उल्लंघन गरेकोले वोलपत्रले मान्यता पाउदैन । ऐनको दफा २३(२)(ख) र दफा २४ वमोजिम रीत नपुगकोले उक्त बोलपत्र सारभूतरुपले प्रभावग्राही हुदैन ।

१.३ सार्वजनिक खरिद ऐनको दफा १४(८) मा अन्तर्राष्ट्रिय स्तरको वोलपत्र मार्फत खरिद गर्दा नेपाली उद्यमी तथा व्यवसायीलाई तोकिए वमोजिम घरेलु प्राथमिकता दिनसक्ने व्यवस्था छ । खरिद नियमावलीमा मिति २०७६।०१।३० मा भएको छैठौं संशोधनको नियम ३१च.को (१) मा "अन्तर्राष्ट्रियस्तरको वोलपत्रमा एकलरुपमा वा स्वदेशी फर्म संस्था वा कम्पनीलाई प्राथमिकता दिनु पर्ने" तथा उपनियम (२) मा त्यस्तो प्राथमिकता बोल अंकको ५ प्रतिशतसम्म हुन सक्ने बाध्यात्मक व्यवस्था छ । वोलपत्र दाखिला हुनु पूर्व नै संशोधित नियमलाई उपेक्षा गरी वोलपत्र मूल्यांकन गर्न नमिल्ने र वोलपत्रदाताहरुमध्ये निवेदक स्वदेशी भएको हुनाले निजलाई प्रथमिकता प्रदान नगरी गरेको मूल्यांकन कानून प्रतिकूल रहेको स्पष्ट छ । सार्वजनिक खरिद नियमावलीको नियम ५८(१) ले बिद्युतीय वोलपत्रको हकमा वोलपत्र पेश गर्ने अन्तिम समयसम्म मात्र संशोधन हुन सक्ने व्यवस्था गरेको भए तापनि विपक्षीबाट Sakurai Graphics System Corporation संग करार गर्ने नियतले As per actual cost लेखेको वोलपत्रलाई एकपक्षीयरुपले संशोधन गरी Including Custom Duty भनी आशयपत्र जारी गरेको हुँदा सांजनिक खरिद ऐन र नियमको विरुध्दमा छ ।

१.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा वोलपत्रदाता वा प्रस्तावदाताको आचरणको व्यवस्था भएको र उपदफा (२)(छ) मा स्वीकृतिको सूचना नदिदासम्म प्रभाव पार्न नहुने । त्यसैगरी ऐनले दफा ६३ को देहाय (क) को व्यवस्था पनि गरेको छ । निवेदकले मिति २०७६।०३।०२ मा दिएको निवेदन बस्तुपरक खण्डन गर्न नसकेकोले यस JV ले दिएको निवेदन हकमा स्वीकार गरेकोले निकाय प्रमुख बिबन्धित हुनु भएको छ ।

१.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम सारभूतरुपमा प्रभावग्राही मेरो कम्पनीको वोलपत्र स्वीकृतका लागि आदेश गरी पाउँ ।

## २. सार्वजनिक निकायको प्रतिकियाः

यस समितिको मिति २०७६/०३/१२ को पत्रबाट सार्वजनिक निकाय श्री जनक शिक्षा सामग्री केन्द्र लि.संग प्रतिक्रिया माग गरेकोमा मिति २०७६।०३।१५ मा प्राप्त प्रतिक्रियामा उल्लेख भएका प्रमुख बुँदाहरु देहाय अनुसार रहेका देखिन्छन् ।

२.१ मिति २८।१२।२०७५ मा प्रकाशित International Competitive Bidding (ICB) Contract को बोलपत्र सूचना अनुसार Supply, Installation, Commissining and Testing of Four Colour Straight Sheet–Fed Offset Machine को Contract ID No: JESMT–28/075/076 बोलपत्र पेश गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) अनुसार सारभूतरूपमा प्रभावग्राही न्यूनतम मुल्याङ्कित श्री साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशन, टोकियो जापानको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएपछि बिपक्षीले ७ दिन भित्रै स्वीकृत बोलपत्र निर्णयमा पुनरावेदन गरी पाउँ भनी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ बमोजिम यस केन्द्रमा दिएको निवेदन उपर भएको निर्णयको जानकारी निज बिपक्षीलाई यस केन्द्रको मिति २०७६।०३।०६ को पत्रबाट गराएको ।

२.२. टेण्डर डकुमेण्टको ITB को नं.१५.६ अनुसार बोलपत्रदाता साकुराइ ग्राफिक्स कर्पोरेशनले पेश गरेको बोलपत्रमा भन्सार शीर्षकमा As per actual cost भन्ने उल्लेख नगरी "Custom duty as per actual local inland transport included " भन्ने उल्लेख गरेको साथै सोही टेण्डर Document को Price Schedules को १० नं. कोलममा Total Price till final destination i.e. in JEMC, Sanothimi per line item-C0l 8+9 उल्लेख भएको हुंदा सोको मूल्य भर्नुपर्ने ठाउँमा उक्त कम्पनीले जम्मा कबूल अंक जापानी एन ५,७९,८०,०००।- उल्लेख गरेको र कोलम ९ मा "price per line item for inland transportation and other services (custom etc) required in Nepal to convey the goods to their final destination specified in BDS" उल्लेख गरेको हुँदा बिडरले कबूल गरेको रकममा Custom लगायत नेपालमा खर्च हुने सम्पूर्ण रकमहरु समावेश भएको र Bid submission form मा पनि Total Bid price भनी उक्त रकम उल्लेख गरेको हुँदा सो कर्पोरेशनको कबोल रकम Custom Duty सहितको भएको र कबोल रकम सबैभन्दा कम भएको हुँदा मूल्याकन समितिले निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरेको हो । निवेदकले भने बमोजिम ITB को निर्देशन १५.६ तथा खरिद ऐनको दफा २३(२) विपरितको कार्य नभएको ।

२.३. सार्बजनिक खरिद ऐनको दफा १४(८) मा सार्वजनिक निकायले अन्तर्राष्ट्रियस्तरको बोलपत्र मार्फत गर्ने खरिदमा नेपाली उद्दमी तथा व्यवसायीलाई तोकिए बमोजिम घरेलु प्राथमिकता (Domestic Preference) दिन सक्ने र यसरी घरेलु प्राथमिकता दिने भएमा सो कुरा बोलपत्र आव्हानको सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्ने भन्ने व्यवस्था छ । प्रस्तुत बोलपत्र अन्तर्राष्ट्रियस्तरको भएको, बोलपत्र डकुमेण्टको Evaluation Criteria को ५ नं.मा Domestic Preference: Not applicable भनी स्पष्ट उल्लेख रहेको र केन्द्रको खरीद सम्बन्धी कार्यविधि, २०७५ को दफा ५ मा domestic preference दिनुपर्ने भए सञ्चालक समितिबाट निर्णय भएअनुसार मात्र गर्न सकिने व्यवस्था रहेको र अन्य अवस्थामा केन्द्रले प्रचलित कानून बमोजिम खरीद गर्दा domestic preference दिन बाध्य हुने छैन भन्ने व्यवस्था समेत रहेको हुंदा स्वदेशी बोलपत्रदाताले प्राथमिकता पाउने र त्यस्तो प्राथमिकता बोलकबोल अंकको ५% सम्म हुने भन्ने कथनको कुनै औचित्य छैन ।

२.४ टेण्डर सूचना प्रकाशित तथा मिति २०७६।१।२८ मा Pri Bid मिटिंग हुँदा समेत ५% Domestic Preference स्वदेशी बोलपत्रदातालाई दिने नियम नआएको र उक्त शंसोधित नियम यस संस्थाको हकमा आकर्षित नहुंने त्यसमा पनि निजी क्षेत्रसंग प्रतिस्पर्धा गरी ब्यापारिक कारोबार गर्ने तोकिए बमोजिमका सार्बजनिक निकायले व्यवसाय संचालनको लागि कुनै मालसामान वा सेवा खरिद गर्नु परेमा यस ऐन बमोजिमको खरिद प्रकृया अपनाउनु नपर्ने भन्ने सार्बजनिक खरिद ऐनको दफा ६७(१)(ग) मा स्पष्ट उल्लेख रहेको साथै सार्वजनिक खरीद नियमावलीको नियम ८७क.(२) मा निजीक्षेत्रसंग प्रतिस्पर्धा गर्ने सार्वजनिक निकायहरुको बिवरण अनुसुची ५(क) को ५ नं.मा यस संस्थाको समेत नाम रहेको र ऐजन ऐनको दफा ६७(३) अनुसार खरिदको लागि कार्यबिधि बनाई सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृति समेत लिएको र सो कार्यविधिमा Domestic Preference दिन वाध्य हुने छैन भनी उल्लेख भएकोले यस संस्थाको हकमा निवेदन माग जिकीर आकर्षित नहुने, त्यसमा पनि झण्डै ५३ लाख महंगो बोलपत्र स्वीकृत गर्ने भन्ने कथन सार्वजनिक खरिद ऐनको दफा २५(५) बिपरित समेत हुने हुँदा निवेदन जिकिर सरासर गैह्रकानूनी रहेको स्पष्ट छ । स्वीकृत गरिएको बोलपत्र निवेदक कथन अनुसार अन्यथा नै हो भने पनि उक्त बोलपत्र निवेदकको हकमा स्वीकृत नभै दोश्रो न्यूनतम कबोल गर्ने बोलपत्रदाता Fujito Pvt. Ltd. Singapore (कबोल रु.६,३०,६०,५९०।-) ले पाउने देखिन्छ ।

२.५ "Custom duty as per actual local inland transport included भन्ने उल्लेख रहेको तथा Bid Submission form मा Total Bid Price भनी उल्लेख रहेको कारण उक्त शब्दले Custom Duty सहितको Price भएको भन्ने ब्यहोरा प्रकरण (क) मा स्पष्ट पारी सकिएको हुँदा बदनियत राखी एक पक्षीयरूपले शंसोधन गरी Including Custom Duty भनी आशयपत्र जारी गरी सार्वजनिक खरिद ऐन नियमावली बिपरित कार्य गरेको भन्ने निवेदकको कथन समेत गलत रहेको स्पष्ट छ ।

२.६ Sakurai Graphics System Corporation Japan ले आफ्नो उत्पादन Sakurai Offset & Cylinder Screen Press Application on Various Kind of Jobs market exploration सम्वन्धमा An Introductory Program on Sakurai Offset & Cylinder Screen Press को मिति २४।२।२०७६) गते होटल अन्नपुर्ण दरबारमार्गमा आयोजना भएको सार्वजनिक कार्यक्रममा यस केन्द्रलाई निमन्त्रणा प्राप्त भएको हुँदा सहभागीसम्म भएको हो, उक्त प्रोग्राममा यस केन्द्र, मुद्रण बिभाग, प्रज्ञा प्रतिष्ठान जस्ता सरकारी निकायका पदाधिकारी लगायत निजी मुद्रण संस्थाका प्रतिनिधिहरु समेतको सहभागिता रहेको र नयाँ प्रविधि बुझ्न र यस केन्द्रमा समेत Sakurai Machine रहेकोले केन्द्रको हित अनुकुल हुने गरी नै बोलपत्र मूल्यांकन समितिका केही व्यक्ति र प्रतिनिधिहरु सहभागीसम्म भएको हो निवेदकको कथन अनुसार बोलपत्रलाई प्रभाव पार्ने कुनै काम नभएको र स्वतन्त्र र निष्पक्षरूपले कानून बमोजिम बोलपत्र सम्वन्धी निर्णय गरिएको हुँदा साकुराईसंग असामान्य सम्वन्ध रहेको भन्ने निवेदक कथन सरासर गलत आरोप मात्र रहेको स्पष्ट छ ।

२.७ स्वीकार गरेको बोलपत्रको कबोल रु.५,८९,६५,६६०।- भएको तर निवेदकको कबोल रु. ६,४३,८०,०००।- भएकाले न्यूनतम कबोल गर्नेको बोलपत्र स्वीकृत गर्ने निर्णय गरिएको अवस्थामा दफा २७ पालना नगरेको भन्ने निवेदन कथन समेत गलत रहेको स्पष्ट छ ।

२.८ सार्बजनिक खरिद ऐनको दफा १४(९) मा बिदेशी बोलपत्रदाताले बोलपत्र पेश गर्दा नेपाल राज्यमा आफ्नो कुनै एजेण्ट नियुक्त गरे वा नगरेको कुरा खुलाउनु पर्ने र दफा १४(१०) अनुसार ऐजेन्ट नियुक्त गरेको भए बोलपत्र पेश गर्दा ऐजेन्टको सम्वन्धमा तोकिदिए बमोजिमको

विवरण समेत उल्लेख गर्नु पर्ने भन्ने ब्यबस्था हेर्दा बिदेशीले समेत एजेण्ट नियुक्त नभए पनि बोलपत्र पेश गर्न सक्ने र यस्तोमा निजले आफ्नो देशको मुद्रामा बिड गर्न पाउने भएकोले Sakurai Graphics System Corporation Japan ले सोहीअनुसार आफ्नो बोलकबोल मूल्य जापानी ऐनमा उल्लेख गरेको र Custom Duty ठ्याक्कै कति पर्छ भन्ने एकिन नभएबाट भन्सार शीर्षकमा केही उल्लेख गरेको नभई निजले "Custom duty as per actual local inland transport included" उल्लेख गरेकोले मान्य हुने नै हुंदा सोही आधारमा मूल्यांकन गरिएको हो ।

२.९ निवेदक मिति २०७६।०१।२८ को Pre Bid Meeting र बोलपत्र खोल्दा उपस्थित रहेको तर त्यस बखत स्वदेशी बोलपत्रदाताले प्रिभिलेज नपाउने कुरा स्वीकार गरेको, निजले Covering Letter मा बोलपत्र रकममा ३५ लाख डिस्काउण्ट दिने प्रस्ताव राखेको भए पनि सार्वजनिक खरिद नियमावलीको नियम ६६(घ) अनुसार बोलपत्र खोल्दाको मुचुल्कामा सो ब्यहोरा उल्लेख हुनुपर्नेमा सो उल्लेख नहुंदा हुँदै पनि निज निवेदकको बोलपत्र रकममा रु.३५ लाख घटाई कबोल रकम कायम गर्दा पनि साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनको न्यूनतम मुल्यांकित बोलपत्रको रकमभन्दा झण्डै ५३ लाख बढी भएकोले न्यूनतम मूल्यांकित बोलपत्र स्वीकार गर्ने आशयको सूचना प्रकाशित गरिएको हो ।

अतः सार्वजनिक खरिद ऐन, नियमावली तथा यस केन्द्रको खरिद सम्वन्धी कार्यविधि, २०७५ को ब्यबस्था अनुसार न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्ने निर्णय गरिएको हुँदा निवेदकको निवेदन खारेज गरी खरीद कारवाही अघी बढाउन मार्ग प्रशस्त गरी पाउँ ।

## ३. साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनबाट प्राप्त प्रतिक्रियाः

साकुराई ग्राफिक सिस्टम कर्पोरेशन नेपालका प्रतिनिधि प्रविधि इन्टरनेशनल इन्कर्पोरेशनका प्र.नि.उमेश गोपाल गुरुवाचार्यबाट मिति २०७६।०३।२२ मा देहाय अनुसारको प्रतिक्रिया प्राप्त भएको देखिन्छ ।

३.१ हामीलाई २०७६/०२/२८ मा जारी भई सकेको Intend To Award बदर भएको खण्डमा बिपक्षीले पाउने होइन, दोश्रो विडरले पाउने हो । बिपक्षीको हकदैया बिहिन निवेदन खारेज भागी छ ।

३.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ मा व्यवस्था गरिएको सम्पूर्ण विधि प्रकृया र सबै रित पुगेको हुँदा हामीलाई टेण्डर अवार्ड भएको हो, कुनै प्रकृया वेरित भएको अवस्था छैन । बिपक्षीले भनेझ घरेलु टेण्डरलाई प्राथमिकता दिने नदिने कुरा बोलपत्र सूचनामा नै उल्लेख हुने हो । बोलपत्र फाराममा जापानी मुद्रा उल्लेख गर्दैमा वेरित हुने होइन । यदि अन्य मुद्रामा उल्लेख गर्न नपाउने भए बोलपत्र सूचनामै शर्तका रुपमा नेपाली मुद्रा मात्र कबोल अंक उल्लेख गर्नु पर्ने भनी आउने थियो । कुन मुद्रा उल्लेख भयो सो मुल कुरा होइन । त्यसलाई नेपाली मुद्रामा परिणत गर्दा दर्ता भएका टेण्डरमध्येको कम रकम कवोल गर्ने हामी नै भएको हुँदा हामीले Intend To Award पाएको हो कुनै वेरित भएको अवस्था छैन ।

३.३ हामीले उल्लेख गरेको रकममा जनक शिक्षा समाग्री केन्द्रमा मेसिन उपकरण औजार एसेसरीज सबै उपलब्ध गराउने गरी यातायात तथा भन्सार लगायत अन्य कुनै अतिरिक्त खर्च नलाग्ने, स्थापना र संचालन ग्यारेन्टी वारेन्टी समेत त्यसैमा समावेश गरेका थियौं । सोही व्यहोरा प्रष्ट गर्दै २० मे २०१९ मा पेश गरेको पत्रमा "We would like to agree to meet your entire indicated requirement" भनी लेखेका छौं। हामीले पेश गरेको कुनै पत्रमा भन्सार महसूल अलग्गै पाउनु पर्दछ भनेका छैनौं बरु "Custom as actual" उल्लेख गरी भन्सार जति वास्तविक हो त्यति नै तिर्नेछौं भनी प्रतिवद्धता व्यक्त गरेका छौं । हामीले भरेको फाराममा Unit Price पनि एकै अंक र यातायात लगायतको खर्च, भन्सारको महसुल समेत जोड्दा पनि उही एकै अंक उल्लेख गरेवाटै सम्पूर्ण अन्तिम मूल्य नै त्यति हो भन्ने प्रष्ट छ ।

३.४ हामीले टेण्डर भरे देखि Intend of Award प्राप्त गर्दासम्मको सबै प्रकृयामा निर्धारित शर्त पूरा गरेका छौं । कोही कसैसंग हाम्रो कुनै तरहको गलत सम्बन्ध छैन । सम्बन्धित कानून र व्यवहारको यस कसीमा हामीलाई अयोग्य मान्नु पर्ने, हाम्रो टेण्डर बदर हुनु पर्ने कुनै कारण छैन ।

३.५ BDS को Instruction to Bidder को नं. 15.6 को Bidding Forms मा "For goods manufactured outside Nepal to Improted भन्ने शिर्षकको नम्बर II मा The price for inland transportation, insurance and other local services required to convey the goods from named place of destination to the final destination (Projet Side) Specified in the " भन्ने उल्लेख छ । त्यस शर्तलाई हामीले स्वीकार गरी मिति २० मे, २०१९ मा लेखेको पत्रमा "We Comply and honor all the terms and condition mentioned in the Tender Document" भनी उल्लेख गरेका छौं । जसवाट भन्सार महसुल अलग भन्ने देखिदैन । हामीले उल्लेख गरेको रकमभित्र सबै लागत समावेश भएको छ । साथै सोही निर्देशनको उपशिर्षक (II) को व्यहोरावाट बिदेशमा बनेको सामान स्वाभाविकरुपले सप्लाई गर्ने वा स्वीकार गर्ने व्यहोरा प्रष्ट देखिन्छ । बोलपत्र सूचनामा उल्लेख भए बमोजिम मेसिन नेपालमा बन्ने होइन । बिदेशी मेसिन नेपाली वा बिदेशी जुनसुकै फर्म वा कम्पनी वा संयुक्त उपक्रमले उपलब्ध गराए पनि कम मूल्यमा गुणस्तरीय वस्तु उपलब्ध हुनु आबश्यक छ । यस्तो अवस्थामा सम्बन्ध नै नभएको घरेलु उत्पादनको संरक्षणको कुनै दाबी आकर्षित हुन सक्दैन ।

३.६ बिपक्षीले निवेदनमा मदिरा पार्टी गरेको भन्ने सत्य होइन । कुनै पनि उत्पादकले नयाँ उत्पादन बजारमा ल्याएसंगै उत्पादनका वारेमा जानकारी दिने, उत्पादन देखाउने र परीक्षण संचालन गर्ने गराउने सम्बन्धमा सम्बन्धित सरोकारवालालाई एकै ठाउंमा उपस्थित गराई उत्पादनको महत्व र बिशेषता सम्बन्धमा जानकारी दिनु दिलाउनु स्वाभाविक हो । त्यस्तो कार्यक्रम साकुराई ग्राफिक्सले बिभिन्न देश वा शहरमा पटक पटक वा आबश्यकतानुसार भिन्न भिन्न समयमा संचालन गर्ने गरी आएको छ । त्यस्तो सार्वजनिक प्रदर्शनीमा आएकै भरमा कसैलाई प्रभावित पार्न खोजेको भन्ने बिपक्षीका आरोप झुट्टा हो ।

३.७ प्रचलित कानून तथा सम्मानित सर्वोच्च अदालतवाट ने.का.प.२०६९ अंक ९ नि.नं.८८९३ पृष्ठ १४४४ लगायत यस्ता बिषयमा प्रतिपादित बिभिन्न नजिर अनुकुल सम्पन्न भएको बोलपत्र प्रकृया बिथोल्ने दुरासयले प्रेरित छ । हामीले कुनै कानून वा रित प्रकृया उल्लंघन गरेको छैन, बिपक्षीको निवेदन खारेज भागी हुँदा खारेज गरी पाउँ ।

## ४. अध्ययन अवलोकनः

जनक शिक्षा सामग्री केन्द्र लि. ले उपरोक्त सामान खरिदको लागि मिति २०७५।१२।२८ मा बोलपत्र आह्वान गरेअनुसार पर्न आएका बोलपत्रहरुको मिति २०७६।०२।२८ मा आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको प्रकाशित सूचनामा चित्त नबुझी ऐनको दफा ४९(क) बमोजिम Tayal

Brothers⁄Map (जे.भीं) ले पुनरावलोकनको लागि यस समितिमा दिएको निवेदन, सो साथ संलग्न कागजात, कार्यालयले उपलब्ध गराएको प्रतिक्रिया, बोलपत्र कागजात एवं खरिद कारबाही सम्बन्धी फाईल र निर्णयहरु, प्रचलित खरिद ऐन, नियमहरु समेतको अध्ययनबाट देखिएका उल्लेख्य बुँदाहरु निम्नानुसार छन् ।

४.१ यस खरिद प्रक्रियामा (क) Tayal Brothers-Map J/V, (ख) EIEMECH-BRT J/V (ग) Sakurai Graphics System Corporation (घ) Fujito PTE बाट पेश भएको वोलपत्रहरुमध्ये Sakurai Graphics System Corporation Tokyo, Japan को बोलपत्र स्विकृत गर्ने आशयको सुचना मिति २०७६।०२।२८ मा प्रकासित भएको देखिन्छ ।

४.२ सार्बजनिक निकायले मालसामानहरुको लागत अनुमान तयार गर्दा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) को खण्ड (क) देखि (घ) सम्म उल्लेख भएको कुरालाई आधार लिनु पर्ने व्यवस्थाको बिपक्षी सार्बजनिक निकायले पालना गरेको पाइएन । Inltallation, Commissioning, Training, Inland Transportation, Custom लगायतका कार्यको बिस्तृतरुपमा लागत अनुमान तयार नगरेकोले अफ सेट मेसिनको मात्र मूल्य यकीन हुने देखिएन ।

४.३ बोलपत्र कागजातको १६.१(बी) मा "All Expenditure that are to be incurred in Nepal for (i) Inland transportation and related cost, (ii) all taxes and (ii) Local currency cost component of related services other than inland transportation and other services should be expressed in the Bid on the Nepalese curriency and will be payable in Nepalese currency" भन्ने उल्लेख छ । बोलपत्रदाता साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनले बोलपत्र सम्बन्धी कागजातको ITB १५.६ संग सम्बन्धित Price Schedules को महल ९ को Price per line Item for Inland transportation and other services (Custom etc.) मा नेपालभित्र लाग्ने खर्च नेपाली मुद्रामा उल्लेख नगरी जापानी एन ५,७९,८०,०००। मा एकमुष्ठ Custom duty as per actual local inland transport included भन्ने उल्लेख गरेको छ, जुन बोलपत्र कागजातको १६.१(बी) को निर्देशनसंग मेल खाने देखिदैन ।

४.४ वोलपत्र कागजातको Section IV को Bid submission form को (C) मा उल्लेख भएको मूल्य अन्तिम प्रस्तावित मूल्य हो । त्यसलाई घटाउन वा वढाउन सकिन्न । यसलाई आर्थिक प्रस्तावको मूल्यांकन गरी बोलपत्र छनौटका लागि निर्णय गर्ने अन्तिम मूल्य मानिन्छ । साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनले Bid submission form को (C) मा The total price of our bid, excluding any discounts offered in item(d) below is: ५७,९८०,०००। Japanese Yen उल्लेख गरेको छ । वोलपत्रदाताबाट SBD मा उल्लेख भएको शर्तहरुलाई कुनै Reservations नराखी स्वीकार गरेको, देखिन्छ । उक्त कर्पोरेशनले पेश गरेको बोलपत्र प्रस्तावको Price schedule को महल ७ मा. मूल्य JPY ५७,९८०,००० (15.6 (b)(I) उल्लेख गरेको, CIP Price पनि सोही वमोजिम भएको, महल ९ मा Custom duty as per actual local inland transport included भन्ने उल्लेख गरी महल १० मा महल ८ र ९ को जम्मा ५७,९८०,०००। उल्लेख गरेको देखिन्छ । सोही रकम Bid submission form मा समेत उल्लेख छ । यो रकममा भन्सार महसुल लगायतका नेपालभित्र लाग्ने खर्च समेत समावेश भएको बुझिन्छ ।

४.५ ITB 16.1(a) मा "Bidders may express their bid price in any fully convertible currency. If a Bidder wishes to be paid in a combination of amounts in different currencies, it may quote its price accordingly but shall use no more than three currencies in addition to the Nepalese currency." भन्ने व्यवस्था भएकाले बिपक्षी साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनले जापानी एनमा अंक उल्लेख गरी पेश गरेको बोलपत्र बोलपत्र कागजात अनुरुप नै देखिन्छ ।

४.६ Bidding Document को Section IV-Bidding Forms को a. Bid submission form को (d) मा The discounts offered and methodology Specify गर्नु पर्ने स्पष्ट व्यवस्था गरिएकोमा सो बिपरीत निबेदक Tayal Brothers-Map J/V ले Bid submission form मा Discount amount and Mtholodogy specify नगरी रु. ३५,००,०००। Discount दिने उल्लेख गरेको पत्र संलग्न गरेको कुरा उक्त Bidding Document अनुरुप मान्न सकिन्न ।

४.७ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(८) मा सार्वजनिक निकायले अन्तर्राष्ट्रिय स्तरको बोलपत्र मार्फत गर्ने खरिदमा नेपाली उद्यमी तथा व्यवसायीलाई तोकिए बमोजिम घरेलु प्राथमिकता (डोमेस्टिक प्रिफरेन्स) दिन सक्नेछ र यसरी घरेलु प्राथमिकता दिने भएमा सो कुरा बोलपत्र आह्वानको सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्ने व्यवस्था छ । सार्वजनिक निकायबाट जारी बोलपत्र डकुमेण्टको Evaluation Criteria को ५ नं.मा Domestic Preference: Not applicable भन्ने उल्लेख भएको देखिन्छ ।

त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ (मिति २०७६।०१।३० मा भएको छैठौं संशोधन सहित) को नियम नियम ३१च को उपनियम (१) मा अन्तर्रराष्ट्रियस्तरको बोलपत्रमा एकलरुपमा वा स्वदेशी फर्म, संस्था वा कम्पनीसंग संयुक्त उपक्रम गरी सहभागी हुने वदेशी फर्म, संस्था वा कम्पनीलाई प्रथाथमिकता दिनुपर्ने र उपनियम (२) मा उपनियम (१) बमोजिम प्राथमिकता दिदा सबैभन्दा कम कबुल गर्ने वदेशी फर्म, संस्था वा कम्पनीले कबोल गरेको बोल अंक रकमको ५ प्रतिशतसम्म बढी बोल अंक भएको स्वदेशी फर्म, संस्था वा कम्पनीको प्रस्तावलाई स्वीकृत गर्न सकिने उल्लेख भएकाले यो व्यवस्था बाध्यकारी देखिदैन ।

नेपाल कानून पत्रिका ०६० नि.नं. ७१८१ मा “जुन कानून जहिले आउछ त्यस पछिको काम कुरामा मात्र प्रभाव पार्न सक्छ । ऐनको उत्पत्ति हुनु पूर्वको काम कुरामा असर पार्न सक्तैन” भनी नजिर स्थापित भएको देखिन्छ ।

सार्बजनिक खरिद ऐन, नियमावली, सार्बजनिक निकाय जनक शिक्षा सामग्री केन्द्र लि.ले जारी गरेको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको व्यवस्था तथा स्थापित नजिरलाइ समेत दृष्टिगत गर्दा निबेदकले माग अनुसारको घरेलु प्राथमकिता पाउने देखिदैन ।

४.८ बोलपत्र आह्वानको सूचनाको खण्ड ८ मा “The JEMC reserves every right to reject any or all bids or accept wholly or partially without assigning any reason thereof .” उल्लेख भएको छ । बोलपत्र कागजातको ITB ३९.१ मा भने “The Purcharser reserves the right to accept or reject any bid, to anul the bidding process and reject all bids at any time prior to contract awards, without thereby incurring any liability to the Bidders.” भन्ने व्यवस्था भएको देखिन्छ । बोलपत्र आह्वानको सूचनामा उल्लेख भएको उक्त व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) तथा ITB को ३९.१ सम्मत भएको देखिदैन ।

४.९ सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५(२) मा बोलपत्र अस्वीकार गर्नु नपर्ने गरी प्राबिधिक स्पेशिफिकेशन, विवरण, विशेषता आदि जस्ता कुराहरुमा सानातिना फरक पाईएमा सम्भव भएसम्म सोको मूल्य निकाली त्यस्तो मूल्य समेत उपदफा (१) बमोजिम बोलपत्र मूल्यांकन गर्दा समाबेश गर्नु पर्ने, उपदफा (३) मा उपदफा (२) बमोजिमको सानातिना फरकको मूल्य बोलपत्रदाताको बोल अंकको पन्ध्र प्रतिशत भन्दा बढी भएमा त्यस्तो बोलपत्र सारभुतरुपमा अप्रभावग्राही भएको मानिनेछ र त्यस्तो बोलपत्रलाई मूल्यांकनमा समावेश नगरिने उल्लेख छ ।

यस दफाको प्रयोजनको लागि "सानातिना फरक" भन्नाले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित प्राबिधिक स्पेशिफिकेशन, विवरण आदि जस्ता कुरासंग तात्विक रुपमा भिन्न नहुने फरक सम्झनु पर्छ भन्ने समेत स्पष्टीकरणमा उल्लेख गरिएको छ ।

४.१० सार्बजनिक खरिद ऐन, २०६३ को दफा ६१ मा सार्वजनिक निकायको खरिद योजना तर्जुमा गर्ने, खरिद कारबाई सञ्चालन गर्ने, खरिद सम्झौता कार्यान्वयन गर्ने वा खरिद सम्बन्धी तोकिए बमोजिमको अन्य काम गर्ने कार्यमा संलग्न कुनै पदाधिकारीले देहायको खण्ड (ग) मा उल्लेख भएको खरिद सम्बन्धमा आफ्नो काम वा आचरण वा ब्यबहारबाट स्वार्थ बाझिने कार्य नगर्ने लगायत अन्य खण्ड (क), (ख), (घ), (ङ), (च), (छ), (ज) र (झ) मा उल्लेख भएका आचरणहरुको पालना गर्नु पर्ने देखिन्छ । सार्बजनिक निकाय जनक शिक्षा सामग्री केन्द लि.ले बोलपत्र प्रक्रिया शुरु भई अन्तिम टुंगो लागि नसकेको अवस्थामा बोलपत्रदाता साकुराइ ग्राफिक सिस्टम कर्पोरेशनले आयोजना गरेको कार्यक्रममा बोलपत्र मूल्यांकन समितिका सदस्यहरु समेतले सहभागिता जनाउनु कानून सम्मत देखिदैन ।

त्यसैगरी सार्बजनिक खरिद ऐन, २०६३ को दफा ६२(२) को खण्ड (क) मा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुचित प्रलोभन दिन वा सोको प्रस्ताव गर्न, र खण्ड (छ) मा बोलपत्र वा प्रस्ताव खोलेको समय देखि बोलपत्र वा प्रस्ताव स्वीकृतीको सूचना नदिंदा सम्मको अवधिमा बोलपत्र वा प्रस्तावका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले सार्वजनिक निकायसँग सम्पर्क गर्न वा बोलपत्रको परीक्षण र मूल्यांकनमा वा प्रस्तावको मूल्यांकनमा कुनै किसिमले प्रभाब पार्ने कार्य गर्नु वा गराउनु हुदैन भन्ने व्यवस्था भएको छ । बोलपत्र सम्बन्धी कागजातको ITB 3.2g मा बोलपत्रदाताहरुले आयको सूचना जारी नभएसम्म खरिदकर्ता सदश्यहरुलाई प्रभाव पार्न नहुने उल्लेख छ ।

बोलपत्रदाता साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनले बोलपत्रको कारबाही टुंगो लागि नसकेको अवस्थामा आयोजना गरेको कार्यक्रममा सार्बजनिक निकायका पदाधिकारीहरुलाई आमन्त्रण गरी सहभागी गराउनु कानूनी व्यवस्था एवं बोलपत्र सम्बन्धी कागजातको ITB 3.2g सम्मत देखिदैन ।

## ५. छलफल तथा सुनवाईः

सार्वजनिक खरिद पुनरावलोकन समितिमा उपरोक्त निवेदनउपर मिति २०७६।०३।३० मा छलफल कार्यक्रम राखिएको थियो ।

५.१ उक्त कार्यक्रममा निबेदक श्री Tayal Brothers/Map (जे.भीं) का तर्फबाट बिद्वान अधिवक्ताहरु क्रमशः श्री गोपालदत्त पाण्डे, श्री हिमेशकृष्ण खरेल र श्री गणेशबिक्रम कार्कीले वहस पैरबी गर्नु भयो । सोको बहस नोट समेत प्रश्तुत गरिएको छ ।

५.१.१ मिति २०७५।१२।२८ मा सुचना प्रकाशित गरी आह्वान भएको बोलपत्रमा हामीले पनि भाग लिएका थियौं । यो बोलपत्र साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशिन जापानको नाममा स्वीकृत गर्ने आशयको सूचना जारी गरियो । यसमा गम्भिर त्रुटी भएका छन् । ITB 15.2,15.3,15.6 मा व्यवस्था भएअनुसार Price schedules form मा उल्लेख भएका सबै विवरणहरु अनिवार्यरुपमा भरी मूल्य निकाल्नु पर्दछ । यो अनिवार्य व्यवस्था हो यो व्यवस्थामा कुनै परिवर्तन हुन सक्दैन । तर उक्त कर्पोरेशनले उक्त form मा detail उल्लेख नगरेको हुँदा सो बोलत्रदाता सारभूतरुपमा प्रभाबग्राही भएको भन्न मिल्दैन । दस्ताबेज भन्दा फरक गरी पेश गरेको यो बोलपत्र प्रस्ताब मूल्यांकनमा जान सक्दैन ।

५.१.२ बोलपत्र कागजातको ITB 16.1(A) मा कबोल रकम तीन वटा फरक परिवर्त्य मुद्रामा उल्लेख गर्न सकिने तर त्यसमा नेपाली मुद्रा अनिवार्यरुपमा उल्लेख गर्नुपर्ने व्यवस्था छ । ITB 16.1(B) मा नेपालभित्रका कर, भन्सार, आन्तरिक परिवहन खर्च र अन्य खर्चहरु नेपाली मुद्रामा खुलाउनु पर्ने र उक्त खर्च नेपाली मुद्रामा भूक्तानी हुने व्यवस्था बाध्यात्मरुपमा पालना गर्नुपर्ने बुँदा हो । यसलाई उलंघन (Voilet) गर्न मिल्दैन । Bis submission form मा जे कुरा उल्लेख गरेको छ त्यसमा तल माथि नगरी सोही आधारमा बोलपत्रको मूल्यांकन गर्नु पर्दछ । तर साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनले बोल अंक जापानी एन ५,७९,८०,०००। भन्सार महसुल खर्च As per actual cost भनी उल्लेख गरेको छ । बोलपत्र मूल्यांकन समितिलाई यो रकम अन्तिम रकम हो भन्ने अधिकार छैन । आफ्नो खुसीले प्रकाशित गरेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना पूर्णरुपमा गैरकानूनी र कानून बिपरित हुन्छ ।

५.१.३ बोलपत्र कागजातको ITB-46.1 मा यो Document सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ संग वाझिएको हदसम्म ऐन र नियमावलीमा भएको व्यवस्था लागु हुने उल्लेख छ। त्यसैगरी GCC को 30.1 भएको व्यवस्था र सार्बजनिक खरिद नियमावली, २०६४ (२०७६।०१।३० मा भएको छैठौं संशोधन) को नियम ३१च(१)र(२) मा भएको व्यवस्था अनुरुप हाम्रो जे.भी.ले कवोल गरेको रकम विदेशी कम्पनीले कवोल गरेको रकमभन्दा ५ प्रतिसत्सम्म बढी भए पनि ५ प्रतिशत घरेलु संरक्षण (Domestic Preference) पाउनुपर्नेमा सो सुबिधा उपलव्ध गराइएन । जुनकुरा बोलपत्र कागजातमा भएको व्यवस्था एवं कानूनी व्यवस्था विपरित छ । यस्तो मूल्यांकनले कानूनी मान्यता पाउन सक्दैन ।

५.१.४ सार्बजनिक खरिद ऐन,२०६३ को दफा ६२ तथा बोलपत्र सम्बन्धी कागजातको ITB 3.2(A) मा उल्लेख भएको आचरण सम्बन्धी व्यवस्था विपरित हुने गरी विपक्षिले उत्पादन प्रभाव प्रदर्शन गर्न आयोजना गरेको कार्यक्रममा सार्वजनिक निकायले विना दवाव राजिखुसीले उपस्थित भएको स्वीकार्नु भएको छ। यो अवस्थामा अन्तर्राष्ट्रियस्तरमा त पानी पिउनु पनि मल्दैन । यो कार्य ऐनमा तथा बोलपत्र सम्बन्धी कागजातमा व्यवस्था भएको आचरणको बिरुध्दमा छ । कानूनले वर्जित गरेको कुरा भएकोले बिपक्षी बोलपत्रदातालाई कालो सुचीमा राख्नु पर्दछ ।

५.१.५ बिपक्षी साकुराई ग्राफिक सिस्टम कर्पोरेशनले पेश गरेको बिड प्राइसमा Custom as per actual भनी उल्लेख गरेकोमा सार्बजनिक निकाय आफैले यसमा संशोधन गरियो । सम्बन्धित बोलपत्रदाताले गरेको होईन । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ५८(१) विपरित कार्य भएको छ ।

५.२ बिपक्षी सार्वजनिक निकायका तर्फबाट बिद्वान अधिवक्ता श्री अनिल राज शर्माले बहस गर्नु भयो भने आर्थिक नियन्त्रण बिभागका निमित्त प्रमुख श्री चित्र आचार्य र श्री लबदेश जोशी समेतले आफ्नो भनाई राख्नु भयो ।

५.२.१ Price Schedule को कोलम ९ मा Custom duty as per actual local inland transport included उल्लेख भएकोले उक्त सबै रकम बोल अंकमा समावेश छ । गलत शब्द प्रयोग गरी As per actual को व्याख्या गरिएको छ । साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनले पेश गरेको बिड प्राइसमा ITB 15.6 मा उल्लेख भएको शर्त पुरा गरेको छ ।

५.२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८(८) मा सार्वजनिक निकायले अन्तर्राष्ट्रिय स्तरको बोलपत्र मार्फत गर्ने खरिदमा नेपाली उद्यमी तथा व्यवसायीलाई घरेलु प्राथमिकता दिने भएमा सो कुरा बोलपत्र आह्वानको सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्ने उल्लेख भएको र बोलपत्र सम्बन्धी कागजातको Evaluation and Qualification Criteria को बुँदा नं.५ मा Domestic Preference को बिषयमा not applicable भन्ने व्यवस्था भई सोही आधारमा बोलपत्रमा भाग लिने र पछि Domastic Preference को कुरा उठाई निबेदकले निबेदन दर्ता गर्ने हैसियत राख्दैन ।

५.२.३ साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनले खुलारुपमा आयोजना गरेको अन्य बिभिन्न निकायसमेत संलग्न कार्यक्रममा खुलारुपमा सहभागिता जनाइएको हो । Informal कार्यक्रम भएको भए कानूनले बर्जित गर्थ्यो तर यो कार्यक्रम formal कार्यक्रम भएकोले यसलाई ठुलो बिषय बनाईनु हुदैन ।

५.२.४ न्यूनतम कबोल गर्नेको बोलपत्र स्वीकृत गर्ने आशयको सुचना जारी गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ पालना नगरेको भन्ने हुदैन । Bis submission form मा छुटको amount उल्लेख नगरे पनि छुट्टै पत्र संलग्न गरेको आधारमा निबेदकको रु. ३५ लाखको छुट अफरलाई पनि मूल्यांकनमा समाबेश गरिएको छ । पुनरावलोकनका लागि दिएको निबेदनमा उल्लेख भएको कुराहरु Pre bid meeting एवं Bid opening हुँदा समेत कुनै पश्न उठाइको छैन । तसर्थ यो निबेदन खारेज गरी पाउँ ।

५.३ बिपक्षी साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनका तर्फबाट बिद्वान अधिवक्ता श्री टंक हरि दाहालले बहस गर्नु भयो भने उक्त कम्पनीका स्थानीय प्रतिनिधि श्री उमेश गोपाल गुरुवाचार्यले समेत आफ्नो भनाई राख्नु भयो । मेरो कम्पनीको बोल अंक सबैभन्दा न्यून हो । कबोल अंकको हिसावले निवेदकको कबोल अंक तेश्रो न्यूनमा पर्दछ । निजको हकदैया पुग्दैन । पहिलो न्यून पछि दोश्रो न्यून कबोल गर्नेको हकदैया लाग्छ । Marketing Promotion का लागि हामीले कार्यक्रम आयोजना गरेका हौ । धेरै पाहुनाहरुलाई निमन्त्रणा पठायौ.। त्यहाँ को आए आएनन् हाम्रो सरोकारको बिषय रहेन । वोलपत्रमा हाम्रो रीत पुगेको छ । हामीले पाउनु पर्दछ । ऐनको दफा ६२ मा आचरणको उलंघन गरेको बिषयमा कालो सुचीमा राख्ने व्यवस्था छैन । निमन्त्रणा स्वीकार गरी उपस्थित भएकै कारणले आचरणहीन काम गरेको हुन सक्तैन । सार्वजनिक निकायलाई कुनै प्रभाव पार्ने कार्य गरेको होइन । निवेदकले पेस गरेको भनिएको रु.३५ लाख Discount को पत्र वोलपत्र खोल्दा हामीले देखेनौ । उक्त रकम समेत मूल्यांकनमा समावेस भएछ । निवेदकको निवेदन खारेज हुनु पर्दछ ।

## ६. समितिको निर्णय

Contract ID no JESMT-28/075/076 बाट. बाट Supply Delivery, Installation, Commissioning and Testing of Four Colour Straight Sheet-fed Machine खरिद गर्न प्रकाशित सूचना बमोजिम वोलपत्र दाखिलागर्ने मध्येका निवेदक श्री. Tayal brothers/Map (जे.भीं) को तर्फबाट अख्तियारी प्राप्त Map इन्टरप्रेनियर्स प्रा.ली. का प्रबन्ध संचालक मनोज पुरीको वारेस श्री उत्तम अधिकारीले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोसंग संलग्न कागजात, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्वजनिक निकायबाट उक्त खरिदका लागि साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशन जापानको आर्थिक प्रस्ताब स्वीकृत गर्ने आशयको सूचनाका बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

६.१ बोलपत्र आह्वानको सूचनाको खण्ड ८ मा “The JEMC reserves every right to reject any or all bids or accept wholly or partially without assigning any reason thereof" भनी उल्लेख भएका व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) तथा ITB को ३९.१ सम्मत भएको देखिदैन ।

६.२ सार्वजनिक निकाय जनक शिक्षा सामग्री केन्द लि.ले बोलपत्र प्रक्रिया शुरु भई अन्तिम टुंगो लागि नसकेको अवस्थामा बोलपत्रदाता साकुराइ ग्राफिक सिस्टम कर्पोरेशनले आयोजना गरेको कार्यक्रममा बोलपत्र मूल्यांकन समितिका सदस्यहरु समेतको संलग्नतामा सहभागिता जनाएको कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६१ सम्मत देखिदैन ।

६.३ सार्वजनिक निकाय जनक शिक्षा सामग्री केन्द्र लि. ले खरिद गर्न लागेको मेसिनको लागत अनुमान तयार गर्दा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) को खण्ड (क) देखि (घ) सम्म उल्लेख भएको आधार नलिएको साथै Inltallation, Commissioning, Training, Inland Transportation, Custom लगायतको कार्यहरुको बिस्तृत लागत अनुमान तयार गरेको पनि देखिएन ।

उपर्युक्त बुदाहरु ६.१,६.२ र ६.३ मा उल्लेख भएका विषयहरुमा सुधार गर्न गराउन सार्बजनिक निकाय श्री जनक शिक्षा सामग्री केन्द्र लि.को ध्यानाकर्षण गरिन्छ ।

५.४ निवेदक श्री Tayal brothers/Map J.V. को माग दाबी पुग्ने हो होइन भन्ने सम्बन्धमा बिचार गर्दा (क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(८) मा भएको व्यवस्था अनुसार सार्वजनिक निकायबाट जारी बोलपत्र डकुमेण्टको Evaluation Criteria को ५ नं.मा Domestic Preference: Not applicable भन्ने उल्लेख गरेको र निबेदकबाट बोलपत्रमा उल्लेख भएको शर्तहरुलाई Reservation नभएको भनी स्वीकारेको, (ख) सार्वजनिक खरिद नियमावली, २०६४ (मिति २०७६।०१।३० मा भएको छैठौं संशोधन सहित) को नियम नियम ३१च. को सन्दर्भमा मिति २०७५।१२।२८ मा बोलपत्रको प्रक्रिया प्रारम्भ भैसकेको र “जुन कानून जहिले आउछ त्यसपछिको काम कुरामा मात्र प्रभाव पार्न सक्छ । ऐनको उत्पत्ति हुनु पूर्वको काम कुरामा असर पार्न सक्तैन” भनी नजिर स्थापित भएको, (ग) Bid submission form को (d) मा discounts and methodology Specify नगरी छुट्टै पत्रबाट रु. ३५,००,०००। Discount दिने उल्लेख गरेको पत्र संलग्न गरेको कुरा Bidding Document अनुरुप नभएकोले निजले कबोल गरेको रु. ६,४३,८०,०००।- साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनकोभन्दा बढी देखिएको तथा (घ) बोलपत्रदाता साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनले Bidding document को Bid submission form/Price schedule form मा Custom duty as per actual inland transportation included भनी ITB 16.1(B) अनुसार नेपली मुद्रामा उल्लेख नगरे पनि सो बोलपत्रदाताले समितिमा भएको

छलफलको क्रममा र कार्यालयलाई लेखेको पत्रमा समेत उल्लेख गरेको रकम बाहेक थप रकम माग दाबी नगर्ने प्रतिबद्धता जनाएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५(२) मा भएको व्यवस्था अनुकुल भएको र सो आधारमा निजले कबोल गरेको बोल अंक जापानी एन ५,७९,८०,०००। को बोलपत्र खोलेको दिनको नेपाल राष्ट्र बैंकले तोकेको बिक्री दरले हुने रु.५,८९,६५,६६०।- सबैभन्दा न्यूनतम भएको देखिदा सार्बजनिक निकायले मिति २०७६०२।२८ मा बोलपत्रदाता साकुराई ग्राफिक्स सिस्टम कर्पोरेशनको आर्थिक प्रस्ताब स्वीकृत गर्ने आशयको सुचना कानून सम्मत देखिदा निबेदक Tayal brothers/Map J/V को निबेदन सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५)(क) बमोजिम खारेज गरी दिएको छ। नेपालभित्र हुने भन्सार महशुल, आन्तरिक यातायत लगायतका अन्य खर्चहरुका सम्बन्धमा ITB 16.1(B) मा उल्लेख भएको व्यवस्था अनुसार भूक्तानी हुने गरी सम्झौत गर्नु । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी तिन वटै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैक ग्यारेन्टी नियमानुसार जफत गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | गुणराजश्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७६ साल श्रावण ०६ गते रोज ०२ शुभम्.........................................................।

**नेपाल सरकार**
**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १०९**

**आ.व. २०७६/७७ को निर्णय नं ०३**

का.जि., का.म.न.पा.वडा नं. १० सेन प्लाजा, बिजुलीबाजर, नयाँबानेश्वर स्थित मेड्ट्रोनिक्स नेपाल प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त कर्मचारी प्रकाश ज्ञवाली (मो.नं.९८५११९६५२०, फोन नं.०१-५२४४९५०, फयाक्स नं.०१-५२४४८१८, इमेल: sales.medtronix@gmail.com) ........................................................................................................................१ **निवेदक पक्ष**

**विरुद्ध**

श्री स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु.......................... ...............................१ **विपक्षी प्रत्यर्थी**

मुद्दा:- **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) बमोजिम वोलपत्र पुनरावलोकन गरी पाउँ ।**

**१. निवेदकको माग/दावीः**

सार्बजनिक निकाय श्री स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकुले .IFB NO. DOHS/G/ICB-75.4/LMD/2075-76 बाट High End Ultrasound with Real Time Shear Wave Elastography and Contrast Imaging खरिद गर्न मिति २०७६।०२।०१ मा प्रकाशित बोलपत्र आह्वानको सूचना मुताबिक मिति २०७६।०३।२० मा बोलपत्रदाता कमलेश ट्रेडर्स प्रा.लि. र मेडिको ईन्टरनेशनल प्रा.लि.जे.भी. को रु. ११,०८,८०,०००।- को बोलपत्र स्वीकृत गर्ने आशयको सुचनामा चित्त नबुझी बोलपत्र पेश गर्ने मध्येका मेड्ट्रोनिक्स नेपाल प्रा.लि..ले मिति २०७६।०३।३१ मा नेपाल बंगलादेश बैंक, कमलादी काठमाडौंको Guarantee No. NB:001:PB:50471119, मिति १५ जुलाई २०१९ को मिति १५।०७।२०१९ देखि १४।०१।२०२० सम्म म्याद भएको रु.१,००,०००।- को बैंक ग्यारेण्टी सहित सार्बजनिक खरिद ऐन, २०६३ दफा ४९(क) बमोजिम यस समितिमा पुनरावलोकनका लागि दिएको निबेदनमा मुख्य माग दाबी देहाय अनुसार रहेको देखिन्छ ।

१.१. स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा टेकु काठमाडौंले मिति २०७६/२/१ (15 May 2019) मा उक्त मेसिन खरिद गर्न आह्वान गरेको बोलपत्रमा निवेदक कम्पनीले पनि भाग लिएको, प्राविधिक तथा आर्थिक प्रस्ताव समेतका सम्पुर्ण कागजातहरु e-GP System मार्फत पेश गरेकोमा यस कम्पनीको प्रस्ताव सबैभन्दा कम मुल्यको भई अवार्ड गर्नु पर्नेमा नगरी कमलेश ट्रेडर्स प्रा.लि. र मेडिको इन्टरप्राइजेज प्रा.लि.जे/भी लाई अवार्ड गर्ने आशयको सुचना मिति २०७६/३/२० (5 July 2019) गते प्रकाशित भएकोले उक्त कम्पनीहरुको प्राविधिक तथा आर्थिक प्रस्ताव सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ ले गरेको कानुनी व्यवस्था विपरित भएकोले चित्त नवुझेको हुँदा पुनरावलोकन गरी पाउँन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम मिति २०७३/३/२५ गते निवेदन गरेको थियो । उक्त बोलपत्र तथ्यगत एवं कानूनीरुपमा मैले प्राप्त गर्नुपर्नेमा उक्त निवेदन उपर सुनुवाई नै नगरी मेरो आर्थिक प्रस्तावभन्दा दोब्बर बढी मुल्यको उक्त जेभीको टेण्डर स्विकृत गर्ने गरी गरेको निर्णय खारेज गरी पाउ ।

१.२ सार्वजनिक निकायहरुले जुनसुकै सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ का सबै कानूनी प्रकृयाहरु पुरा गर्दा निवेदकको बोलपत्र प्रस्ताब सबै दृष्टिकोणले उच्च मुल्याांकनमा रहेको छ । निवेदक कम्पनीको आर्थिक प्रस्तावमा उल्लेखित रकम त्यस दिनको नेपाली मुल्यमा रु.५,२९,३१,०००।- अवार्ड गरिएको कम्पनी कमलेश ट्रेडर्सप्रा. लि. र मेडिको इन्टरप्राइजेज प्रा. लि.जे/भी को रु. ११,०८,८०,०००।- भन्दा कम रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ बमोजिम न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृत गर्नु पर्ने व्यवस्था छ । प्राविधिक पक्षको मुल्याँकन गर्दा यस कम्पनीलाई अवार्ड नगर्ने बद्नियत राखी Technically not Compliant भनी गलत तरिकाले मुल्याँकन गरी प्राविधिक परीक्षणमा असफल रहेको देखाई यस कम्पनीको प्रस्ताब अस्वीकृत गरिएको छ । अतः उक्त Technical Evaluation Remarks को सि.नं. ५, १३, १४, १८, २४, २८, ३२, ३४, ३६, ३७, ३९ र ४७ मा उल्लेखित कुराहरु खण्डनीय छन् ।

१.३ सार्वजनिक खरिद नियमावलीको नियम ७६(५) ले मुल्याँकन समितिले प्राविधिक प्रस्तावको मुल्याांकन समाप्त नभएसम्म आर्थिक प्रस्ताव खोल्न नमिल्ने भनी स्पष्ट व्यवस्था गरेको प्रकृयालाई पुर्णरुपमा पालना गरिएको देखिदैन । बोलपत्र आह्वान गर्नुको मुख्य उद्देश्य भनेकै प्रतिष्पर्धाबाट गुणस्तरीय र कम लागतमा सेवा खरिद गर्न सकियोस भन्ने हो तर प्राविधिक प्रस्तावको मुल्याँकन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३२(३), ३३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७६ विपरित कार्य भएकोले सार्वजनिक निकायका पदाधिकारीहरुको बद्नियत रहेको पुष्टि गर्दछ ।

१.४ सार्वजनिक निकायबाट प्राविधिक प्रस्तावको मुल्याँकनको कसले के कसरी गरिएको रहेछ भनी निर्णयको प्रतिलिपि माग गर्दा उपलब्ध गराउन सकिदैन भनी मौखिकरुपमा ठाडो र रुखो जवाफ दिनुभएकोले सोसंग सम्वन्धित दावी प्रमाणित गर्ने कागजातहरुका प्रतिलिपीहरु पेश गर्न नसकिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०३(२) बमोजिम बोलपत्रसंग सम्वधित सक्कल कागजातहरु उक्त सार्बजनिक निकायबाट झिकाई हेरी सुनुवाई गरी पाउँ ।

अत: सार्वजनिक खरिद नियमावलीको नियम ७६ विपरित प्राविधिक प्रस्तावलाई मुल्याँकन नै नगराई बद्नियत चिताई उल्लिखित गैह्रकानूनी कार्यहरु गरी गराई कमलेश ट्रेडर्स प्रा.लि. र मेडिको इन्टरप्राइजेज प्रा.लि.जे/भी को प्राविधिक तथा आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको निर्णयको पुनरावलोकन गरी कानुन बमोजिम मेरो प्रस्ताव स्वीकृत गरी पाउँ ।

## २. सार्वजनिक निकायको प्रतिकियाः

यस समितिको मिति २०७६।०४।०१ को पत्रबाट सार्बजनिक निकाय श्री स्वास्थ्य सेवा बिभाग, व्यवस्थापन महाशाखा टेकु काठमाडौंसंग खरिद प्रक्रिया रोक्का राख्न र प्रतिकिया पठाउन लेखी पठाएकोमा उक्त बिभागको मिति २०७६।०४।०७ को मिति २०७६।०४।०९ मा प्राप्त प्रतिक्रियामा उल्लेख भएका बुँदाहरु देहाय अनुसार छन् ।

२.१ निवेदक वोलपत्रदाताले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम मिति २०७६/३/२५ मा यस महाशाखामा दर्ता भएको निवेदनउपर कुनै सुनुवाई नै नगरेको भन्ने कुरा सत्य होईन । निजको निवेदनउपर निवेदन दर्ता भएको मिति २०७६/३/२५ गते नै निवेदकसँग छलफल गरी यस महाशाखाको च.नं.२८४२ को पत्रबाट लिखित जानकारी गराई सकिएको हो ।

२.२ सार्वजनिक खरिद ऐन, २०६३ र नियामावली, २०६४ को सवै कानुनी प्रक्रिया पूरा गरी खरिद कारबाही गरिएको छ । निवेदकले वोलपत्र कागजातसाथ पेश गरेका कागजात तथा प्रमाणहरुको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ बमोजिम परीक्षण हुदाँ वोलपत्र सम्बन्धी कागजातमा उल्लिखित प्राविधिक विवरण अनुरुप वोलपत्र Technically Not Compliant रही सारभूतरुपमा प्रभावग्राही नरही सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ अनुसार कारवाही नहुने वोलपत्रमा पर्ने गएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ बमोजिम निवेदकको वोलपत्र आर्थिक पक्षको मुल्याकनमा समावेश नगरिएको हो । वोलपत्र कागजातको आधारमा कानुनी ग्राह्यताको मुल्याकनमा सक्षम, प्राविधिक पक्षको मुल्याकंनमा योग्य र पुर्णताको परीक्षणमा पुर्ण रही सारभूतरुपमा प्रभावग्राही देखिएको वोलपत्रहरुमध्ये न्युनत्तम मुल्यांकित वोलपत्र स्वीकृत गर्ने आसयको सूचना प्रकासन गरिएकोले सवै प्रक्रिया कानुन सम्मत नै रहेको छ । निवेदकले सार्वजनिक निकायले तोकेको स्पेसिफिकेशनलाई प्रमाणित गर्न वोलपत्र कागजातसाथ पेश गरेको Data Sheet, Catalogue र Specifications compliance sheet को आधारमा वोयोमेडिकल ईन्जिनियरहरुवाट प्राविधिक पक्षको मुल्याकंन प्रतिवेदन अनुसार सि नं. ५, १३, १४, १८, २४, २८, ३२, ३४, ३६, ३७, ३९, ४७ मा Yes comply उल्लेख गरेको तर प्राविधिक स्पेसिफिकेशनको रेफरेन्स नं. मा उल्लेख भएको Data sheet मा सो कुरा उल्लेख भएको देखिएन ।

२.३ सार्वजनिक खरिद नियमावलीको नियम ७६(५) ले मुल्याकन समितिले प्राविधिक प्रस्तावको मुल्याकन समाप्त नभएसम्म आर्थिक प्रस्ताव खोल्न नमिल्ने भनी गरेको व्यबस्था परामर्श सेवा खरिदमा आर्थिक र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खामवन्दी पेश भएको अवस्थामा मात्र लागू हुने तर यो खरिद प्रक्रिया बस्तु खरिदको लागि भएको हुदाँ निवेदकले उल्लेख गरेको सार्वजनिक खरिद नियमावलीको नियम ७६ यसमा आकर्षित हुने देखिदैन ।

२.४ निवेदकको वोलपत्र स्वीकृत स्पेसिफिकेशनको कुन कुन बुदाँमा असफल रहेको भन्ने विस्तृत व्यहोरा जानकारी लिखित रुपमा च.नं.२६४२, मिति २०७६/३/२५ मा नै उपलब्ध गराईएकोले जानकारी पाईएन भन्नु सत्य होइन ।

कानुनमा उल्लेख भएका सबै प्रक्रिया पूरा गरेर नै वोलपत्र कागजातको आधारमा कानुनी ग्राह्यताको मुल्याकनमा सक्षम, प्राविधिक पक्षको मुल्याकंनमा योग्य र पुर्णताको परीक्षणमा पुर्ण रही सारभूतरुपमा प्रभावग्राही न्युनत्तम मुल्यांकित वोलपत्र स्वीकृत गर्ने आसयको सूचना प्रकासन गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५० को उपदफा ५(क) अनुसार निवेदन खारेज हुन अनुरोध छ ।

## ३. अध्ययन अवलोकनः

स्वस्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा टेकुले सू.नं. IFB NO. DOHS/G/ICB-75.4/LMD/2075-76 High End Ultrasound with Real Time Shear Wave Elastography and Contrast Imaging खरिदको लागि मिति २०७६।०३।२० मा आर्थिक प्रस्ताब स्वीकृत गर्ने आशयको प्रकाशित सूचनामा चित्त नवुझी ऐनको दफा ४९(क) वमोजिम मेड्ट्रोनिक्स नेपाल प्रा.लि.ले पुनरावलोकनको लागि यस समितिमा दिएको निवेदन, सो साथ संलग्न कागजात, कार्यालयले उपलब्ध गराएको प्रतिक्रिया, बोलपत्र सम्बन्धी कागजात, एवं खरिद कारबाही सम्बन्धी फाईल र निर्णयहरु, बोलपत्रदाताले पेश गरेको बोलपत्र प्रस्ताब, प्रचलित खरिद ऐन, नियमहरु समेतको अध्ययनबाट देखिएका निबेदनसंग सम्बन्धित उल्लेख्य बुँदाहरु निम्नानुसार छन् ।

३.१ खरिद कार्यको लागि मति २०७६।०२।०१ मा The rising Nepal मा e-Gp मार्फत बोलपत्र आह्वानको सूचना प्रकासित भएकोमा (a) Medtronix Nepal Pvt.Ltd, (b) Global Meditech International Pvt.Ltd, (c) JV KamaleshTraders Pvt.Ltd and Medico Enterprises pvt.Ltd; (d) Biomed International pvt.Ltd बाट वोलपत्रहरु दर्ता भएका देखिन्छन् । वोपत्रदाता मध्ये Medtronix Nepal Pvt. Ltd ले USD 4,76,000 को बिनिमय (बिक्री) दर रु. ११०.७३ ले रु.५,२७,०७,४८०।- र Kamalesh Traders Pvt. Ltd and Medico Enterprises pvt.Ltd J/V ले रु.११,०८,८०,०००। को आर्थिक प्रस्ताव पेश गरेका छन् । स्वास्थ्य सेवा विभागको मिति २०७५।०४।२१ को निर्णयबाट निर्देशक रमेश प्रसाद अधिकारीको अध्यक्षतामा चार र आमन्त्रित तीन गरी सात जनाको वोलपत्र मूल्यांकन समिति गठन भएको र समितिले शैलेन्द्र यादव र शुजाता भट्टराई रहेको प्राविधिक मूल्यांकन उपसमिति गठन गरेको देखियो । प्राविधिक मुल्यांकन उपसमितिको सिफरिश समेतलाई आधार मानी स्वीकृत लागत अनुमान रु.१४,००,००,०००।- भन्दा २०.८० प्रतिसत् कम दर पेश गर्ने Kamalesh Traders Pvt. Ltd and Medico Enterprises pvt.Ltd J/V ले प्रस्ताव गरेको CIP मूल्य रु. ११,०८,८०,०००।- न्यूनतम सारभूतरुपमा प्रभावग्राही वोलपत्र स्वीकृत गर्न बोलपत्र मूल्यांकन सर्मितिको सिफारिसको आधारमा मिति २०७६।०३।१९ मा बोलपत्र स्वीकृत गर्ने र आशयको सूचना प्रकाशन गर्ने निर्णय भएको देखिन्छ ।

३.२ यो मेशिन वीर अस्पताल, पाटन अस्पताल, नारायणी अञ्चल अस्पताल, र वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानबाट १।१ थान गरी ४ थान माग भई आएको देखिन्छ । मेशिनको संशोधित लागत अनुमान रु.१४ करोडको बोलपत्र जमानत (संशोधन २ अनुसार) रु.३५ लाख माग गरिएको देखिन्छ ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५क.(२) मा दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिमको लागत अनुमान तोकिए बमोजिमको विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एकपटक स्वीकृत भएको डिजाइन वा लागत अनुमान संशोधन गर्नु पर्दा यस्तो संशोधन शुरु लागत अंकमा पच्चीस प्रतिशत भन्दा बढी फरक परेमा वा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानून बमोजिम कारबाहीको भागीदार हुने उल्लेख छ । High End Ultrasound with Real Time Shear Wave Elastoghraphy with contract Imaging खरिदको लागि पहिलो पटक प्रति थान रु. ५,००,००,०००।- को लागत अनुमान महानिर्देशकबाट मिति २०७६।०१।३१ मा स्वीकृत गरेको देखिन्छ । २०७६।०३।१० मा महानिर्देशकको अध्यक्षतामा वसेको बैठकबाट निर्णय भएअनुसार सोही मितिमा परिमाण ४ र प्रति इकाइ दर रु ३ करोड ५० लाखको संशोधित लागत अनुमान स्वीकृत गर्ने निर्णय भएको छ ।

पछिल्लो पटकको स्वीकृत लागत अनुमान पहिलेकोभन्दा ३० प्रतिशतले फरक (घटी) परेको देखिन्छ । यस कार्यमा ऐनको दफा ५ आकर्षित हुने देखिन्छ ।

३.४ सार्बजनिक खरिद ऐन, २०६३ को दफा १५(१) मा (क) सार्वजनिक निकायको माग अनुरुपको मालसामान वा निर्माण कार्य प्रतिस्पर्धात्मक मूल्यमा नेपाल राज्यभित्रका एकभन्दा बढी निर्माण व्यबसायी वा आपूर्तिकर्ताबाट प्राप्त नहुने भएमा, (ख) मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिदका लागि राष्ट्रियस्तरमा बोलपत्र आव्हान गर्दा कुनै बोलपत्र नपरी बिदेशबाट प्राप्त गर्नु पर्ने भएमा, (ग) दातृपक्षसंग भएको सम्झौता बमोजिम वैदेशिक सहायता श्रोतबाट विदेशी मालसामान वा निर्माण कार्य खरिद गर्नुपर्ने भएमा र (घ) विशेष तथा जटिल किसिमको मालसामान वा निर्माण कार्य भएकोले अन्तर्राष्ट्रिय स्तरको बोलपत्रबाट खरिद गर्नुपर्ने भनी सार्वजनिक निकायले प्रमाणित गरेकोमा यस ऐन बमोजिम बोलपत्र आव्हान गर्दा अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गर्नुपर्ने उल्लेख छ । सार्बजनिक निकायबाट अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गर्नुपर्नाको कारण स्पष्ट गरेको देखिदैन ।

३.५ खरिद गरिने मालसामानको लागत अनुमान सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ वमोजिम तोकिए वमोजिम लागत अनुमान तयार गर्नु पर्ने, लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) बमोजिम नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही नियम ११(२) को देहायका (क) देखि (घ) सम्म उल्लेख भएका कुरालाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । स्वास्थ्य सेवा बिभाग, व्यवस्थापन महाशाखाले मिति २०७६।०१।३१ मा पहिलो पटक NAMS Kathmandu, AIMS INDIA र KMSCL India बाट प्राप्त मूल्य सूचीको आधारमा प्रति मेसिन औषत रु. ४,८५,३६,५००।- भएकोमा रु.५,००,००,०००।- को लागत अनुमा स्वीकृत गरेको पाइन्छ । एभरेष्ट मेडिटेक काठमाडौं, एशियन ग्लोवल ट्रेडर्स काठमाडौं र सिद्धदा आर.आर. प्रा.लि. ललिपुरबाट प्राप्त मूल्य सूचीको आधारमा प्रति मेसिन औषत रु. ३,२६,८४,७००।- भएकोमा रु. ३,५०,००,०००।- मिति २०७६।३।१० मा पुनःसंशोधित लागत अनुमान स्वीकृत गरेको देखिन्छ । लागत अनुमान तयार गर्दा नियम ११(२) का सबै आधारहरु लिएको नदेखिदा संशोधन सहितको स्वीकृत लागत अनुमान कानून सम्मत एवं तथ्यमा आधारित छ भन्ने अवश्था देखिदैन ।

३.६ सार्वजनिक खरिद ऐनको दफा ३(१) मा सार्बजनिक निकायले खरिद गर्दा यस ऐनको कार्यविधि पुरा गर्नुपर्ने, उपदफा (१), (१क) प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुने व्यवस्था छ । यस खरिद प्रक्रियामा देहाय बमोजिम भएको देखिन्छ ।

३.६.१ बोलपत्र कागजातको ITB-16(a) मा All expenditure that are to be incurred in Nepal for (i) Inland transportation and related cost, (ii) All taxes and (iii) Local currency cost component of related services other than Inland transportation and other service should be expressed in the bid in Nepalese currency and will be payable in Nepalese currency उल्लेख भएकोमा निबेदक बोलपत्रदाताले Price schedule list मा उक्त खर्चहरु नेपाली मुद्रामा नखुलाएकोले आनिवार्यरुमा पालना गर्नु पर्ने शर्तको पालना गरेको देखिदैन ।

३.६.२ Bidding Document को Section II, Bid Data Sheet ITB-12.1(h) मा नेपाली बोलपत्रदाताहरुले अद्याबधिक व्यवसाय दर्ता प्रमाणपत्र (Up to date Business Registration Certificate) पेश गर्नुपर्ने बाध्यकारी व्यवस्था भएको देखिन्छ । निबेदक बोलपत्रदाता Medtronix Nepal Pvt.Ltd तथा J/V KamaleshTraders Pvt.Ltd and Medico Enterprises pvt.Ltd को दुबै Partner ले पेश गरेको कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी प्रमाणपत्रको शर्तमा कम्पनी संस्थापनलाई मात्र कम्पनीको उदेश्य कार्यान्वयन गर्ने इजाजत प्रदान गरिएको नमानिने हुनाले कानून अनुसार लिनुपर्ने अनुमति सम्बन्धित निकायबाट लिएर मात्र कम्पनीको उद्देश्य अनुसार कारोवार गर्नुपर्ने उल्लेख छ । बोलपत्र कागजात तथा कम्पनी दर्ता प्रमाणत्रको शर्तमा उल्लेख भए अनुसार अस्पताल उपकरण सम्बन्धी कारोवारको व्यवसाय गर्न यी बोलपत्रदातहरुले सम्बन्धित निकायबाट जारी व्यवसाय दर्ता प्रमाणपत्र पेश गरेको देखिएन ।

३.६.३ बोलपत्र आह्वानको सूचनाको खण्ड ९ मा “DOHS reserves The right to accept or reject wholly or partly or all bids without assigning any reason whatsoever.” भन्ने उल्लेख भएको देखिन्छ । बोलपत्र कागजातको ITB ३९.१ मा भने “The Purcharser reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract awards, without thereby incurring any liability to the Bidders.” भन्ने व्यवस्था भएको देखिन्छ । बोलपत्र आह्वानको सूचनामा उल्ख भएको उक्त व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) तथा बोलपत्र सम्बन्धी कागजातको ITB ३९.१ सम्मत देखिदैन ।

३.६.४ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद कारबाहीको तयारी गर्नु पर्ने र सोको तयारी गर्दा देहायको खण्ड (क) देखि (ञ) सम्म उल्लेख भएबमोजिम गर्नु पर्ने, नियम ५ मा मालसामान खरिद सम्बन्धी कारबाही शुरु गर्नु अघि सम्बन्धित सार्वजनिक निकायको खरिद एकाईले महाशाखा, शाखाबाट (क) मालसामानको प्रकार, गुणस्तर, परिमाण सम्बन्धी विवरण, (ख) मालसामान आवश्यक पर्ने समय, (ग) खरिदको अनुमानित मूल्य र (घ) मूल्य व्यहोरिने स्रोत उल्लेख भएको खरिद माग प्राप्त गरी सो माग अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ ।

३.६.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३२(३), ३३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७६ मा उल्लेखित प्राबधानहरु परामर्श सेवा खरिदसंग सम्बन्धित रहेको देखिन्छ । यो बोलपत्र बस्तु खरिदसंग सम्बन्धित रहेकोले निबेदकले निबेदनमा उठाएको यी दफा र नियमहरु यस खरिद प्रक्रियामा आकर्षित हुने देखिएन ।

३.६.६ वोलपत्रदाता Kamalesh Traders Pvt.Ltd./Medico Enterprises Pvt.Ltd.J/V र Medtronix Nepal Pvt. Ltd. ले पेश गरेको Technical Specification आंशिकरुपमा अध्ययन गर्दा Medtronix Nepal Pvt.Ltd को सार्बजनिक निकायबाट Not complaint उल्लेख भएको सि. नं. ५, १३, १४, १८, २४, २८, ३२, ३४, ३६, ३७, ३९, ४७ का अतिरिक्त सि. नं. ७, १०, ११, १२, ३३, को Catalogue सम्म समावेश गरेको तर Data sheet संलग्न नभएको र केहीको Technical Specification संग Catalogue र Data sheet भिडेको देखिदैन ।

त्यसैगरी Kamalesh Traders Pvt.Ltd./Medico Enterprises Pvt.Ltd.J/V ले Techhical Specification मा Supersonic Emagine कम्पनीले उत्पादन गरेको Aixplorer Brand, Aixplorer Ultimate Type/Model, २०१९, France को यन्त्र आपूर्ति गर्ने उल्लेख गरेको पाइन्छ । सार्बजनिक निकाय स्वास्थ्य सेवा बिभागबाट गठित मूल्यांकन समितिले Technical Specification को सि. नं. ९, १८, २४, २५, ३२ र ४७ मा वोलपत्र मूल्यांकन गर्दा सवैमा Comply भएको भनिएको र सि.नं. २७ को विषयमा केही उल्लेख गरेको देखिएन । निज बोलपत्रदाताले पेश गरेको Technical Specification संग सम्बन्धित Data Sheet एवं Catalogue भिडान गर्दा यी आईटमहरुमा कुनैमा आंशिक मात्र

Technically Comply भएको र कुनैमा पूर्णरुपमा Comply भएको पाईदैन । स्पेसिफिकेशनको सि.नं ९ को बिडर्स रिमार्क्समा Yes भनिएतापनि क्याटलग र Data Sheet को पेज नं नखुलाएको, सि.नं. १८ मा This feature should be available both the Linear and Convex Transducer उल्लेख भए अनुसारको फिचर Data Sheet को पेज नं. ११ मा उल्लेख भएको नदेखिएको, सि.नं.२४ मा The system should be able to review and attest 20 seconds of developer and M-Mode उल्लेख भएकोमा Data Sheet को पेज नं. १५ मा नभिडेको, सि.नं.२५ मा Hard Disk storage capacity one TB or More हुनु पर्ने उल्लेख भएकोमा Data Sheet को पेज नं. २४ मा सो नभिडेको, सि.नं. ३२ मा Box size with a display depth of ० देखि १२ सेन्टिमिटर हुनु पर्ने उल्लेख भएकोमा Data Sheet को पेज नं. १५ मा नभिडेको तथा सि.नं. ४७ मा Transducer should be offered with the system (a) Curved array (b) Micro convex probe 3-12MHZ हुनुपर्ने उल्लेख भएकोमा Data Sheet को पेज नं.१५ मा सो कुरा भिडान हुन सकेन ।

**४. छलफल तथा सुनवाईः**

सार्वजनिक खरिद पुनरावलोकन समितिमा उपरोक्त निवेदन उपर मिति २०७६।०४।१९ गतेका दिन छलफल तथा सुनवाइको कार्यक्रम राखिएको थियो ।

४.१ उक्त कार्यक्रममा निबेदक श्री मेड्ट्रोनिक्स प्रा.लि.का तर्फबाट बिद्वान अधिवक्ता श्री बाबु राम दाहालले वहस पैरबी गर्नु भयो । साथै निबेदकको तर्फबाट श्री धिरज थपलियाले समेत आफ्नो भनाई राख्नु भयो ।

४.१.१ उक्त सामान खरिद गर्न २०७६।०२।०१ मा बोलपत्र आह्वान गरेअनुरुप हामीले सबै कानूनी प्रक्रिया पुरागरी साम्सुङ्ग कम्पनीको सामान आपुर्ति गर्ने उल्लेख गरेको हो । बिपक्षी जे/भी.ले पेश गरेको Aixplorer Company को मेसिनले दिने काम हाम्रो कम्पनीको सामानले पनि दिन्छ । बिपक्षी सार्बजनिक निकायले बढी दर कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा चित्त नबुझी पुनरावलोकनका लागि सार्बजनिक निकायका प्रमुख समक्ष निबेदन गरेकोमा कार्यालयले बिभिन्न १२ आइटममा Fault भएकाले प्राविधिकरुपमा Not comply भएकाले स्वीकृत गर्न नसक्ने जवाफ प्राप्त भई यस समितिमा रितपूर्वक धरौटी राखी निबेदन दिएको हो ।

४.१.२ बोलपत्र आह्वानको सूचनामा बोलपत्र जमानत रु. २५,००,०००।- उल्लेख भएतापनि माग गरेको सामानको संख्या उल्लेख गरिएन । बिड डकुमेन्टमा भने दुई थान उल्लेख गरिएको छ । सार्बजनिक खरिद नियमावलीको नियम ५३ मा बोलपत्र जमानत २ देखि ३ प्रतिशत हुने व्यवस्था बमोजिम रु. १०,००,००,०००।- को दुई थान मेसिन माग भए जस्तो देखिन आउछ । २५ जुन २०१९ को सूचनामा २ थानको सट्टा ४ थान र बोलपत्र जमानत ३५,००,०००।- गरिएको छ । यसो गर्नाको कारण स्पष्ट पारिएको छैन । लागत अनुमानमा अन्यौल हुने अवश्था देखिन्छ । पछिल्लो बोलपत्र जमानतको हिसाबबाट प्रतिथान लागत रु. ३,५०,००,०००।- ले ४ थानको रु. १४,००,००,०००।- जति हुने देखिन्छ । दुइ थानलाई ४ थान र लागत अनुमान प्रति ईकाई रु.५,००,००,०००।- लाई रु. ३,५०,००,०००।- बनाउने कुरा कानून सम्मत हुदैन । यस समितिले समग्र कुराको अध्ययन गर्न सक्छ । संशोधन भएको कुरा सबैलाई जानकारी हूने गरी सुचना जारी पनि गरेको छैन । यस बिषयमा पनि हेरिनुपर्छ ।

४.१.३ सार्बजनिक खरिद नियमावली अनुसार परामर्श खरिद मात्र होईन अन्यको खरिदमा पनि Double envelope System लागु गरिनु पर्थ्यो त्यसो गरिएन । रु.५,२४,९९,९८०।२४ मा माग गरेको सबै सामान उपलब्ध गराउन सक्छौ भनी प्रतिबद्धता जनाएको तर बिपक्षी सार्बजनिक निकायले रु.५ करोड तलमाथि पर्ने गरी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरेको छ ।

४.१.४ कार्यालय प्रमुखले पुनरावलोकनका लागि निबेदन परी सकेपछि पुनरावलोकन गर्नु पर्ने थियो तर नगरी निबेदक र समितिलाई जवाफ दिएको छ । स्वास्थ्य उपकरण सम्बन्धी ज्ञान अन्यलाइ जानकारी हुदैन भनी यस्तो निर्णय गर्न मिल्दैन । Technical Specification अनुसारका जुन जुन कुरा छैन भनिएको छ डाटा सिट र क्याटलगमा ती सबै कुराहरु उल्लेख छन् । साम्सुंगको डाटा सिटमा पनि सबै कुरा गर्न सक्ने स्पष्ट छ । Aixplorer Company को मेसिनमा जे जे कुरा छन् भनिएको छ हाम्रो कम्पनीको मेसिनले पनि ती सबै कुरा पुरा गर्न सक्छ । डाटा सिट र क्याटलग हेर्दा यो कम्पनीले स्वास्थ्य सेवा बिभागले माग गरेको सबै आबश्यक्ता पुरा गर्न सक्दछ ।

४.१.५ बोलपत्र सूचनामा माग गरिएको संख्या खुलाउनु पर्थ्यो खुलाइएन । यसले गर्दा प्रतिस्पर्धा पनि सीमित हुन गएको छ । हामीले पेश गरेको बोलपत्रको आर्थिक प्रस्ताव न्यून हुदा हुदै बढीलाई दिने गरी प्रकाशित सूचना गलत छ ।

४.१.६ यो मेशीन नेपालमा कही पनि प्रयोगमा आएको छैन भनियो । तर यो मेसिन बीर अस्पताल, अल्का अस्पताल, बि.पि. कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरानमा प्रयोग भई रहेकाछन् र टिचिंग हस्पिटलमा समेत बोलपत्र हामीले पेश गरेका छौ । Specification मा लेखिएको कुरा हामी Demonstration गरेर देखाउन सक्छौ । तसर्थ उक्त सूचना खारेज गरी हाम्रो प्रस्ताव स्वीकृत गरियोस ।

४.२ बिपक्षी सार्वजनिक निकाय स्वास्थ्य सेवा बिभाग, व्यवस्थापन महाशाखाका तर्फबाट खरिद ईकाई प्रमुख शाखा अधिकृत श्री गगन सिंह बिष्ट, बायोमेड इन्जिनियर श्री शैलेन्द्र यादब र कानून अधिकृत श्री कृष्ण पौडेलले उक्त छलफलमा आफ्नो भनाई राख्नु भयो ।

४.२.१ पुनरावलोकनको लागि दिएको निबेदनको सुनुवाइ भएन भनिएको छ । हामीले निबेदन दर्ता गरेकै मितिमा टेक्निकल स्पेसिफिकेशमा उल्लेख गरिएको Criteria पुरा नगरेको बुदाँहरु उल्लेख गरी निबेदकलाइ जानकारी गराईएको छ ।

४.२.२ सामान खरिदका सम्बन्धमा दुई खाम प्रणालीको व्यबस्था छैन तथापि हामीले यस बोलपत्रको प्रक्रियामा सोही प्रणालीको अवलम्बन गरेका छौ । यस बोलपत्र पक्रियामा प्राविधिक प्रस्ताबमा असफल हुने बोलपत्रदाताको आर्थिक प्रस्ताब मूल्यांकनमा समाबेश नगरिएको र सफल हुने बोलपत्रदाताको मात्र आर्थिक प्रस्ताबको मूल्यांकन गर्दा आर्थिक प्रस्ताब बढी गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको कार्य सार्बजनिक खरिद ऐन तथा नियमावली सम्मत रहेको छ ।

४.२.३ प्रि बिड मिटिङ्गमा लागत अनुमान रुं. ५ करोड बजार मुल्यभन्दा बढी भएको भन्ने कुरा आएकोले समिति समेत यसमा सहमत भई लागत अनुमान घटाएको हो । उक्त मिटिङ्गमा भएको छलफलको माइन्युटको सर्कुलर पनि गरिएको छ । बजेटमा पहिले भएको रकममा थप भएकोले मेसिनको संख्या पनि २ बाट बढाई ४ पुर्‍याईएको हो । बोलपत्र आह्वानको सूचनामा खुलाउनुपर्ने सबै कुरा खुलाइएको छ । सूचनामा संख्या खुलाउनु पर्ने बाध्यकारी व्यवस्था नभएकाले संख्या नखुलाइएको हो । बिपक्षी निबेदक लगायत कसैले पनि यस बिषयमा प्रश्न पनि उठाएका छैनन् ।

४.२.४ निबेदकले पेश गरेको Supporting document Data sheet/Catalogue को आधारमा Technical specification Evaluation गरिएको छ । Bid data sheet/catalogue मा उल्लेख भएको कुरा मिलेको छैन । ४ वटै ट्रान्सड्युसरमा सियर वेभ चाहिने उल्लेख भएकोमा बिपक्षी निबदेकले दुइ वटामा मात्र समावेश भएको उल्लेख गरेको छ । यस सम्बन्धी पेश भएको Data sheet/catalogue Specification मा verify गर्दा स्पेसिफिकेशनको सि. नं ८, १३,१४, १८, ४७ लगायतका १२ आईटमहरुको बिभागको माग अनुरुप भिडान भएको छैन ।

अतः उपरोक्तानुसार खरिद प्रक्रिया कानून सम्मत सञ्चालन गरिएको हुदा निबेदन खारेज भागी छ, खारेज गरी पाउँ ।

## ५. समितिको निर्णय

IFB NO. DOHS/G/ICB-75.4/LMD/2075-76 बाट High End Ultrasound with Real Time Shear Wave Elastography and Contrast Imaging खरिद गर्न प्रकाशित सूचना बमोजिम वोलपत्र दाखिला गर्नेमध्येका निवेदक श्री मेड्ट्रोनिक्स नेपाल प्रा.लि.को तर्फबाट अख्तियारीप्राप्त श्री प्रकाश ज्ञवालीले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोसंग संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि कमलेश ट्रेडर्सप्रा. लि. र मेडिको इन्टरप्राइजेज प्रा. लि.जे/भी को आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचनाका बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ बोलपत्र आह्वानको सूचनाको खण्ड ९ मा "DHOS reserves The right to accept or reject wholly or partly or all bids without assigning any reason whatsoever." भनी उल्लेख भएको व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) तथा ITB को ३७.१ सम्मत देखिदैन ।

५.२ सार्बजनिक निकाय स्वास्थ्य सेवा बिभाग, व्यबस्थापन महाशाखा टेकुले खरिद गर्न लागेको High End Ultrasound with Real Time Shear Wave Elastography and Contrast Imaging को लागत अनुमान तयार गर्दा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) को खण्ड (क) देखि (घ) सम्म उल्लेख भएका सबै आधारहरु लिएको नदेखिदा स्वीकृत लागत अनुमान कानूनसम्मत एवं तथ्यमा आधारित छ भन्ने अवश्था देखिदैन । यसर्थ यी सबै आधारहरुको प्रयोग गरी लागत अनुमान तयार गर्न उपयुक्त हुने देखिन्छ ।

५.३ High End Ultrasound with Real Time Shear Wave Elastoghraphy with contract Imaging खरिदको लागि पहिलो पटक प्रति थान रु. ५,००,००,०००।- को लागत अनुमान महानिर्देशकले मिति २०७६।०१।३१ मा स्वीकृत गरेको देखिन्छ । २०७६।०३।१० मा महानिर्देशकको अध्यक्षतामा वसेको वैठकबाट सिफारिस भए बमोजिम सोही मितिमा सशोधित परिमाण ४ र प्रति इकाइ दर रु ३ करोड ५० लाख संशोधित लागत अनुमान स्वीकृत गर्ने निर्णय भएको छ । पछिल्लो पटकको स्वीकृत लागत अनुमान पहिलेकोभन्दा ३० प्रतिशतले फरक (घटी) परेको देखिन्छ । यस कार्यमा ऐनको दफा ५क. को उपदफा (२) आकर्षित हुने देखिन्छ ।

५.४ सार्बजनिक खरिद ऐन, २०६३ को दफा १५(१) को देहायको खण्ड (क) देखि (घ) को अवश्थामा अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गर्नुपर्ने उल्लेख छ । सार्बजनिक निकायबाट मिति २०७६।०१।३१ मा भएको निर्णयमा अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गर्नुपर्नाको कारण खुलाएको देखिदैन ।

उपर्युक्त बुदाहरु ५.१ देखि ५.४ सम्म उल्लेख भएका विषयहरुमा सुधार गर्न गराउन सार्बजनिक निकाय श्री स्वास्थ्य सेवा बिभाग, व्यवस्थापन महाशाखा, टेकु काठमाडौंको ध्यानाकर्षण गरिन्छ ।

५.५ निवेदक बोलपत्रदाता श्री Medtronix Nepal Pvt.Ltd को माग दाबी पुग्ने हो होइन भन्ने सम्बन्धमा बिचार गर्दा Bidding Document को Section II, Bid Data Sheet ITB-12.1(h) मा र कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी प्रमाणपत्रको शर्तमा उल्लेख भएअनुरुप अस्पताल उपकरण सम्बन्धी कारोवारको व्यवसाय गर्न सम्बन्धित निकायबाट जारी भएको व्यवसाय दर्ता प्रमाणपत्र पेश नभएको, सोही कागजातको ITB-16(a) मा उल्लेख भएबमोजिम नेपालमा हुने सबै खर्चहरु Price schedule list मा नेपाली मुद्रामा नखुलाएको, सार्बजनिक निकायबाट Not complaint उल्लेख भएको सि. नं. ५, १३, १४, १८, २४, २८, ३२, ३४, ३६, ३७, ३९, ४७ का अतिरिक्त सि. नं. ७, १०, ११, १२, ३३, को Catalogue सम्म समावेश गरेको तर Data sheet संलग्न नभएको र केहीको Technical Specification संग Catalogue र Data sheet भिडान हुन नसकेको हुँदा निबेदकको बोलपत्र सारभूतरुपमा प्रभावग्राही भएन ।

५.६ बोलपत्रदाता श्री J/V KamaleshTraders Pvt.Ltd and Medico Enterprises pvt.Ltd को पनि Bidding Document को Section II, Bid Data Sheet ITB-12.1(h) मा र कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी प्रमाणपत्रको शर्तमा उल्लेख भएअनुरुप अस्पताल उपकरण सम्बन्धी कारोवारको व्यवसाय गर्न सम्बन्धित निकायबाट जारी भएको व्यवसाय दर्ता प्रमाणपत्र पेश नभएको, सार्बजनिक निकाय स्वास्थ्य सेवा बिभागबाट गठित मूल्यांकन समितिले Technical Specification को सि. नं. ९, १८, २४, २५, ३२ र ४७ मा वोलपत्र मूल्यांकन गर्दा सवैमा Comply भएको भनिएको र सि.नं. २७ को विषयमा केही उल्लेख गरेको देखिएन । निज बोलपत्रदाताले पेश गरेको Technical Specification संग सम्बन्धित Data Sheet एवं Catalogue भिडान गर्दा सि.नं ९ को बिडर्स रिमार्क्समा Yes भनिएतापनि क्याटलग र Data Sheet को पेज नं नखुलाएको, सि.नं. १८ मा This feature should be available both the Linear and Convex Transducer उल्लेख भए अनुसारको फिचर Data Sheet को पेज नं. ११ मा उल्लेख भएको नदेखिएको, सि.नं.२४ मा The system should be able to review and attest 20 seconds of developer and M-Mode उल्लेख भएकोमा Data Sheet को पेज नं. १५ मा नभिडेको, सि.नं.२५ मा Hard Disk storage capacity one TB or More हुनु पर्ने उल्लेख भएकोमा Data Sheet को पेज नं. २४ मा सो नभिडेको, सि.नं. ३२ मा Box size with a display depth of ० देखि १२ सेन्टिमिटर हुनु पर्ने उल्लेख भएकोमा Data Sheet को पेज नं. १५ मा नभिडेको तथा सि.नं. ४७ मा Transducer should be offered with the system (a) Curved array (b) Micro convex probe 3-12MHZ हुनुपर्ने उल्लेख भएकोमा Data Sheet को पेज नं.१५ मा सो कुरा भिडान हुन नसकेकोले श्री J/V KamaleshTraders Pvt.Ltd and Medico Enterprises pvt.Ltd को बोलपत्र समेत सारभूतरुपमा प्रभावग्राही हुने देखिदैन ।

अतः उपर्युक्त बुदाँहरुमा उल्लेख भएको कुराहरुलाई दृष्टिगत गर्दा सार्बजनिक निकाय श्री स्वास्थ्य सेवा बिभाग, व्यवस्थापन महाशाखा टेकूबाट भएका काम कारबाही र सो बिभागबाट गठित बोलपत्र मूल्यांकन समितिबाट भएको बोलपत्र मुल्यांकन, सो मुल्यांकनको आधारमा J/V KamaleshTraders Pvt.Ltd and Medico Enterprises pvt.Ltd को बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशन गर्ने निर्णय, सो निर्णयको

आधारमा बोलपत्र स्वीकृत गर्ने आशयको सुचना सो हदसम्म सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (ख)(२) बमोजिम रद्द गरिदिएको छ। कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु।

**<u>तपशील</u>**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु।
(२) निवेदकले राखेको बैंक ग्यारेन्टी नियमानुसार फुकुवा गर्नु।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु।

| | |
|---|---|
| ………………… | …………………… |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७६ साल श्रावण २७ गते रोज ०२ शुभम्……………………………………………………।

**नेपाल सरकार**
**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. ११०**

**आ.व. २०७६/७७ को निर्णय नं ०४**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १०, बुद्धनगर स्थित स्वच्छन्द-श्यामुन्दर-क्रियशन संयुक्त उपक्रमको तर्फबाट अधिकार प्राप्त विजय बहादुर श्रेष्ठ (सम्पर्क नं. ९८५१०४६७३२)............................................................................ .........१ **निवेदक पक्ष**

**विरुद्ध**

श्री सडक विभाग, विकास सहयोग कार्यान्वयन महाशाखा, ज्वागल, ललितपुर................................ १ **विपक्षी प्रत्यर्थी**

**बिषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) अनुसार पुनरावलोकन गरी पाउँ ।**

**१. निवेदकको माग/दावीः**

सार्वजनिक निकाय श्री सडक विभाग, विकास सहयोग कार्यान्वयन महाशाखा ज्वागल, ललितपुरले Contract ID No.: NIRTTP-DOR-W-NCB-6 बाट Stabilization Works in Narayanghat-Mugling Road को खरिद कार्यको लागि मिति २०१९।०४।२२ मा प्रकाशित बोलपत्र आह्वानको सूचना मुताबिक मिति २०१९।०८।१२ को रिपब्लिका दैनिकमा बोलपत्रदाता बज्र गुरु/हिम सगरमाथा/न्यु टेक्निकल जे. भी.को बोलपत्र स्वीकृत गर्ने आशयको सुचनामा चित्त नबुझी बोलपत्र पेश गर्ने मध्येका स्वच्छन्द-श्यामुन्दर-क्रियशन संयुक्त उपक्रमले मिति २०७६।०५।११ मा राष्ट्रिय बाणिज्य बैंक टेकु शाखामा भौचर नं ५८५५३३७, मिति २०७६।०५।११ मा रु. २,३०,३७४।- को नगद धरौटी जम्मा गरेको सक्कल भौचर समेत संलग्न गरी सार्बजनिक खरिद ऐन, २०६३ दफा ४९(क) बमोजिम मिति २०७६।०५।११ मा यस समितिमा पुनरावलोकनका लागि दिएको निबेदनमा मुख्य माग दाबी देहाय अनुसार रहेको देखिन्छ ।

१.१ सडक विभाग, Development Co-operation Implementation Division, ज्वागल, ललितपुरबाट उपरोक्त निर्माण कार्यको लागि मिति २०१९।०४।२२ मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार निवेदक समेतको ३ वटा बोलपत्रहरू परेकोमा मिति २०१९।०८।१२ को रिपब्लिका दैनिकमा बज्र गुरु/हिम सगरमाथा/न्यु टेक्निकल जे. भी.को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको रहेछ । उक्त सुचनाले निवेदकलाई अन्याय पर्नुको अतिरिक्त सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ तथा बोलपत्रको शर्त समेत विपरित भएकोले दफा ४७ बमोजिम प्रत्यर्थी निकाय प्रमुख समक्ष मिति २०७६।०५।०१ मा निवेदन दिइएको थियो । प्रत्यर्थीको २०१९।०८।२१ को मिति २०७६।५।६ मा प्राप्त पत्रमा निवेदकले उठाएका प्रश्नहरूको सम्बोधन नगरी “We have reviewed the Evaluation Report of Contract No. NIRTTP-DOR-W-NCB-6 and found no discrepancies. We inform you that the bid evaluation committee has recommended for award as per clause 27 of Public Procurement Act of GoN and World Bank’s Guideline.” उल्लेख गरी दिएको पत्रबाट चित्त नबुझी पुनरावलोकनको लागि यो निवेदन दिएको छु ।

१.२ दफा ४७ बमोजिमको निवेदन सार्वजनिक निकायको प्रमुखलाई दिइने हो र उसैले एक्लै पुनरावलोकन गरी निर्णय लिने विषय हो । त्यस्तो निवेदनको मूल्याङ्कनमा अधिकार क्षेत्रात्मक त्रुटी र दूषित भएको प्रष्ट स्थापित भई दफा ४७(६) विपरित भएको छ । निवेदकलाई दिएको पत्रमा त्रुटीपूर्ण देखिए भन्ने आधार नभएकोले प्रत्यर्थीबाट ऐनको उद्देश्य अनुसार निर्णय नभएको प्रमाणित भएको छ ।

१.३ बोलपत्र स्वीकृतिको आशयको सूचनामा प्रकाशन गरिएको बज्र गुरु-हिम सगरमाथा र न्यु टेक्निकल जे. भी. को संयुक्त उपक्रम सम्झौता नै कानून विपरीत रहेको छ । सम्झौताको शीरमा संयुक्त उपक्रमका साझेदारहरूको नाम क्रमशः “Bajra Guru Construction Co. Pvt. Ltd., Kupandole, Lalitpur, Him Sagarmatha Construction Pvt. Ltd. Bharatpur, Chitawan र New Technical water proofing & infra rehabilitation Pvt. Ltd., Kupandole, Lalitpur” भनेर लेखिएको र संयुक्त उपक्रमलाई Bajra Guru/Him Sagarmatha/New Technical JOINT VENTURE भनेर सम्बोधन गरिने भनी सम्झौताको शर्त नं. २ मा उल्लेख गरिएको छ । सम्झौताको शर्त नं. ३ को (C) Secondary Partner- मा सहभागिता अनुपात (Ratio of participation) मा सम्झौता गर्ने संयुक्त उपक्रमका साझेदारबीच विभाजन नभई M/S New Technical Construction Pvt. Ltd- 33% of total Works. भनी अर्कै कम्पनीलाई समावेश गराइएको छ ।

ऐनको दफा २२ बमोजिम बोलपत्र खोलिसकेपछि मूल्याङ्कन समितिले दफा २३ को उपदफा (२) र (३) तथा नियमावलीको नियम २८, ३५ र ३६ तथा ITB अनुसार बोलपत्रहरू परीक्षण गरी ती बन्धनकारी व्यवस्थाहरू अनुसार भएको अवस्था देखिए मात्रै मूल्याङ्कनको चरणमा पुग्ने हुन् । संयुक्त उपक्रमको सम्झौता प्रचलित कानून विपरित र छली (Deceptive) छ, त्यस्तो बोलपत्र परीक्षणबाट मूल्याङ्कनको चरणमै पुग्न सक्दैन ।

१.४ संयुक्त उपक्रम सम्झौतामा सहभागी नभएको अर्को कम्पनी New Technical Construction Pvt. Ltd. लाई साझेदारी अनुपात (Ratio of participation) मा प्रवेश गराइ सही गर्ने New Technical Water Proofing and Infra Rehabilitation Pvt. Ltd. लाई दायित्वबाट

बाहेक गरिएको छ ।त्यसो गर्नु ऐनको दफा ६२(२) को खण्ड (ख) अन्तरगतको "तथ्य बङ्ग्याई वा झुक्याई पेश गर्न" नहुने निषिद्ध कार्य गर्नु हो ।

१.५ संयुक्त उपक्रमको साझेदारी अनुपात अर्कै कम्पनीको जिम्मा रहने गरी सम्झौता गर्नु बोलपत्रको Instruction to The Bidders (ITB) 3.1(ii) र World Bank द्वारा निर्मित Guidelines Procurement under IBRD Loans and IDA Credits को दफा 1.5 र 1.14 (a) (ii) द्वारा परिभाषित "fraudulent practice" भित्र पर्दछ र त्यस्तो कार्य स्वतः ऐनको दफा ६७(१)(ख) विपरित समेत हुन्छ । यस्तो बोलपत्र नियमावलीको नियम ७७(२) को खण्ड (ङ) बमोजिम जाँच भई बहिष्कृत हुनुपर्ने हो। सम्झौता अनुसार सो कम्पनीको जिम्मेवारी नै सिर्जना हुन सक्दैन र त्यो कम्पनी ऐन, २०६३ को दफा ७ विपरित हुन्छ ।

१.६ संयुक्त उपक्रमको ३३ प्रतिशत जिम्मेवारी वहन गर्ने कम्पनी नै संयुक्त उपक्रम सम्झौतामा संलग्न छैन भने "संयुक्त उपक्रमका साझेदारको व्यक्तिगत दायित्व समेत रहने" गरी भन्ने नियमावली, २०६४ को नियम २८(६) को व्यवस्था कसलाई व्यक्तिगत दायित्व वहन गराउने ? त्यस्तै सोही नियमावलीको उपनियम (७क) मा भएको व्यवस्था कसरी कार्यान्वयन हुन सक्छ ?

१.७ ऐनको दफा १०(६) को प्रतिबन्धात्मक व्यवस्थामा "सानातिना त्रुटि" भएको अवस्थामा बोलपत्रदाता वा प्रस्तावदाताबाट जानकारी मागी सच्याउन सक्ने व्यवस्था रहेको छ । संयुक्त उपक्रम सम्झौताको उक्त कुरा ऐन अनुसार सच्याउन सकिने "सानातिना त्रुटी" वा "सानातिना फरक" भित्र र मूल्याङ्कन समिति वा सार्वजनिक निकायको क्षेत्राधिकारभित्र पनि पर्दैन ।

१.८ संयुक्त उपक्रम सम्झौताको शर्त नं. ३ मा छुट्याइएको दायित्व निर्माण सम्झौतानुसार काम नभएको अवस्थामा सम्झौता गर्ने New Technical Water Proofing and Infra Rehabilitation Pvt. ले की New Technical Construction Pvt. Ltd. ले वहन गर्ने? ऐनको दफा ६३ तथा नियमावली १४१ बमोजिम कालो सूचीमा राख्नु पर्दा कसलाई राख्ने ?

अतः माथि उल्लिखित आधारहरूमा प्रत्यर्थीबाट Contract ID No.: NIRTTP-DOR-W-NCB-6 Landslide Stabilization Works in Narayanghat-Mugling Road को ठेक्का योग्यता नै नपुगेको बोलपत्रदातालाई दिने भनी गरिएको निर्णय, Notice for Intention of Approval of Bid को सूचना तथा निवेदकले दफा ४७ बमोजिम दिएको निवेदनमा पूर्व निर्णय नै सही रहेको भनी गरिएको निर्णय पूर्णरूपमा गैरकानूनी, अधिकारक्षेत्रात्मक त्रुटीयुक्त तथा स्वेच्छाचारी भएकोले ऐनको दफा ५०(५)(ख) बमोजिम बदर गरी मूल्याङ्कनको लागि योग्यता नपुगेको उल्लिखित बोलपत्रदाताको बोलपत्र बाहेक गरी बाँकी रहेका बोलपत्रदाताहरूमध्ये सारभूतरूपमा प्रभावग्राही र न्यूनतम मूल्याङ्कित निवेदकसँग खरिद सम्झौता गर्नू भनी आदेश जारी गरिपाऊँ ।

## २. सार्वजनिक निकायको प्रतिक्रियाः

यस समितिमा मिति २०७६।०५।११ मा पुनरावलोकनका लागि परेको निवेदनका सम्बन्धमा समितिको मिति २०७६।०५।१२ को पत्रबाट बिपक्षी सार्बजनिक निकायलाई खरिद प्रक्रिया रोक्का राख्न र प्रतिक्रिया पठाउन लेखी पठाएकोमा उक्त निकायबाट च.नं.९३ मिति २०७६।०५।१५को प्रतिक्रिया प्राप्त भएको र उक्त प्रतिक्रियामा उपरोक्त खरिद कार्य Landslide Stabilization Works in Narayanghat-Mungling Road, Nepal India Regional Trade and Transport Project अन्तरगत वोलपत्र आव्हान भएको हो ।

वोलपत्रदाता M/S Bajra Guru-Him Sagarmatha-New Technical JV को Joint Venture Agreement को आधिकारिकता तथा Joint Venture Partner M/S Bajra Guru Construction Company Pvt Ltd का अध्यक्षका बिरुध्दमा भ्रष्टाचार मुद्दा दर्ता गरिएको भनिएको जानकारी गराएको र सो बिषयमा वोलपत्र मूल्यांकन समितिमा छलफल भई Joint Venture Agreement को बिषयमा Clarification सोधी स्पष्ट गरेको, थप स्पष्ट हुन PPMO मा राय परामर्श माग गरेको थियो । सो बिषयमा PPMO बाट मिति २०७६।०३।२० को पत्र मार्फत सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(६) अनुसार प्रकिया अगाडि वढाउन सुझाव प्राप्त भएको छ ।

वोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको सबै योग्यता (All the Post Qualification Criteria) पुरा गरेको देखिएकोले M/S Bajra Guru - Him Sagarmatha-New Technical JV को वोलपत्र स्वीकृत गर्ने आशयको सूचना 2019/08/12 मा निकालिएको हो । सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली एवं World Bank को Guidelines को परिधिभित्र रही सम्पूर्ण खरिद प्रकिया कार्य सम्पन्न गरेको हो भनी प्रतिक्रिया प्राप्त भएको देखिन्छ ।

## ३. अध्ययन अवलोकनः

सार्वजनिक निकायले उक्त खरिद कार्यको लागि मिति २०७६।०३।२० मा आर्थिक प्रस्ताब स्वीकृत गर्ने आशयको प्रकाशित सूचनामा चित्त नवुझी ऐनको दफा ४९(क) वमोजिम स्वच्छन्द-श्यामुन्दर-क्रियशन संयुक्त उपक्रमले पुनरावलोकनको लागि यस समितिमा दिएको निवेदन, सो साथ संलग्न कागजात, कार्यालयले उपलब्ध गराएको प्रतिक्रिया, बोलपत्र सम्बन्धी कागजात, एवं खरिद कारबाही सम्बन्धी फाईल र निर्णयहरु, बोलपत्रदाताले पेश गरेको बोलपत्र प्रस्ताब, प्रचलित खरिद ऐन, नियमहरु समेतको अध्ययनबाट देखिएका निबेदनसंग सम्बन्धित बुँदाहरु निम्नानुसार छन् ।

३.१ यस निर्माण कार्यका लागि देहाय अनुसार तीन बटा वोलपत्रहरु पेस भएको मध्ये M/S Bajra Guru/Him Sagarmatha/New Technical JV Kupandol को बोलपत्र प्रस्ताब सारभूतरुपमा प्रभावग्राही भएको भनी मिति २०१९।०८।१२ मा Intention of Approval of Bid को सूचना सार्वजनिक निकायबाट प्रकासित भएको देखिन्छ ।

| S.no. | Bidders' name | Bid Amount (Excluding Vat) | %Higher/Lower Than Estimate |
|---|---|---|---|
| 1 | M/s Bajra Guru/Him Sagarmatha/New Technical JV | 12,39,23,496.16 | -9.33 |
| 2 | M/S Swachhanda/Shyam Sundar/creation JV | 13,58,63,583.94 | -0.59 |
| 3 | M/S Rautaha/Mountain Infra JV | 14,91,89,771.10 | +9.16 |

निवेदकको माग दावी पुग्ने हो होईन ? प्रकाशित सूचनामा उल्लेख भएको JV लाई सारभूतरुपमा प्रभावग्राही गरी सूचना प्रकाशित गरेको उचित छ छैन ? सो बिषयमा अध्ययन अवलोकन गर्नु पर्ने देखिन्छ ।

३.२ ऐनको दफा ४७(६) मा उपदफा (१) वमोजिम प्राप्त निवेदनमा सार्वजनिक निकायका प्रमुखले निवेदन प्राप्त भएको ५ दिन भित्र कारण खुलाई लिखित निर्णय गर्नु पर्ने ब्यवस्था भएको छ । निकाय प्रमुखबाट वोलपत्र मूल्यांकन समितिको Report पुनरावलोकन गरेको र त्यसमा कुनै discrepancies नपाएको जवाफ दिईएको छ । जवाफमा वोलपत्र प्रस्ताव सारभूतरुपमा प्रभावग्राही हुन नसकेको बस्तुगत आधारहरु खुलाएको देखिदैन ।

३.३ Joint Venture Agreement को प्रथम खण्डमा New Technical Water Proofing & Infra rehabilitation Pvt.ltd Kupandole, Lalitpur लाई संक्षेपमा New Technical नाम उल्लेख गर्ने निर्णय भएको तर सोही सम्झौताको खण्ड तीनको c मा M/S New Technical Construction Pvt.ltd उल्लेख गरिएको देखिन्छ । JV सम्झौताको देहायमा सम्झौताको प्रथम खण्डमा उल्लेख भएका निर्माण कम्पनीहरुबाटै दस्तखत भएको देखिन्छ । यसमा लेखाईमा त्रुटी भएको सम्म हुन सक्ने देखिन्छ ।

यस बिषयमा ITB 27.1 Clarification of Bid मा भएको व्यवस्था अनुरुप Bid Response Document साथ दाखिला भएको सूचनाको सत्यापन (Verification) गर्ने सिलसिलामा थप सूचना माग गर्न सक्ने ब्यवस्था भए अनुसार सार्वजनिक निकायबाट मिति २८ मे, २०१९( जेष्ठ १४, २०७६) मा M/s Bajra Guru/Him Sagarmatha/New Technical JV लाई JV सम्झौताको (c) मा New technical Water Proofing and Infra Rehabilitation pvt.ltd नाम फरक परेको बिषयमा स्पष्ट गर्न पत्रद्वारा सोधिएको देखिन्छ । उक्त ITB 27.1 मा भएको व्यवस्था अनुसार सूचना माग गरी वोलपत्रको सत्यापन गरिनु र वोलपत्रमा हुन सक्ने त्रुटीलाई वेलैमा सच्याउने कार्यलाई उपयुक्त मान्नु पर्ने देखिन्छ ।

यसै बिषयमा सार्वजनिक निकायले च.नं. ६२९, मिति २०७६।०३।१६ को पत्रबाट सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय माग गरेकोमा सो कार्यालयको च.नं.२६४८, मिति २०७६।०३।२० को पत्रबाट "सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(६) मा रहेको ब्यवस्था वमोजिम मूल्यांकन प्रक्रिया अगाडी बढाउन उपयुक्त हुने" भनी राय परामर्श प्राप्त भएको देखिन्छ । सार्वजनिक खरिद ऐनको दफा २५(२) सानातिना फरक पाइए पनि सोही दफाको उपदफा (३) वमोजिमको अवस्था नरहेको हुँदा M/s Bajra Guru/Him Sagarmatha/New Technical JV बोलपत्र मूल्यांकनमा समावेस गरिएको भन्ने उल्लेख गरेको देखिन्छ ।

३.४ सार्बजनिक खरिद ऐनको दफा १०(६) वमोजिम वोलपत्रदाता वा प्रस्तावदाताले पेस गरेको तथ्यगत रुपमा झुट्ठा वा सारभूतरुपमा अपूरो भएको पाइएमा सार्वजनिक निकायले कुनैपनि वेला अयोग्य ठहरयाउन सक्ने गरी अधिकार प्रदान गरेको छ । सोही उपदफाको प्रतिबन्धात्मक बाक्यांशमा "तर सानातिना त्रुटी भएको अवस्थामा सम्बन्धित् वोलपत्रदाता वा प्रस्तावदाताबाट सो सम्बन्धि जानकारी माग गरी सच्याउन सकिने छ " भनी ब्यवस्था भएकोले स्पष्ट गर्न सार्वजनिक निकायले वोलपत्रदाता M/s Bajra Guru/Him Sagarmatha/New Technical JV जानकारी माग गरेको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयसंग राय लिई सबैभन्दा घटी प्रस्ताव अंक कवोल गर्ने M/s Bajra Guru/Him Sagarmatha/New Technical JV लाई सारभूतरुपले प्रभावग्राही गरी आशयको सूचना प्रकासित गरेको सूचना उपयुक्त देखिन्छ ।

३.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(५) मा वोलपत्र मूल्यांकन गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्ने, प्रत्येक वोलपत्रको मूल्यांकित रकम अर्को मूल्याकिंत रकम संग तुलना गरी न्यूनतम बोल अंक कबुल गर्ने वोलपत्र निर्धारण गर्नु पर्ने उल्लेख छ । M/s Bajra Guru/Him Sagarmatha/New Technical JV को वोलपत्र कागजात (मुल्यांकन गरेको प्रतिवेदन) अध्ययन गर्दा Qualification Requirement पुगेको तथा कवोल अंक न्यूनतम भएकाले उक्त JV को वोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिन्छ ।

३.६ कार्यालयबाट जारी वोलपत्र सम्बन्धी कागजातमा कार्यालयको छाँप र सार्वजनिक निकाय प्रमुखबाट प्रमाणित नगरी e-GP मा Upload भएको देखिदा यस बिषयमा गम्भिरता अपनाएको देखिएन । सार्बजनिक निकायका प्रमुख समक्ष पुनरावलोकनका लागि परेको निवेदनका सम्बन्धमा सार्बजनिक निकायले निबेदकको माग दाबीलाई आधार बनाई निबेदकको बोलपत्र असफल हुनाका कारण उल्लेख गरी निर्णयको जानकारी दिनुपर्नेमा मिति अगष्ट २१, २०१९ मा निबेदकलाई दिएको को पत्रमा कारण खुलाएको देखिदैन ।

३.७ निबेदकले उठान गरेको सार्बजनिक खरिद ऐनको दफा ६२(२) बमोजिम बोलपत्र कागजात र बोलपदाता M/s Bajra Guru/Him Sagarmatha/New Technical JV ले बोलपत्रमा उल्लेख गरेको JV को नाममा भिन्नता भएको विषयमा सार्बजनिक निकायबाट प्रष्ट गरिसकेको देखिन्छ ।

३.८ निबेदकबाट उठान भएको सार्बजनिक खरिद नियमावलीको नियम २८(६) को विषयमा कुनै JV बोलपत्रदाता सम्झौताका लागि छनौट भएको अवश्थामा मात्र JV को संयुक्त दायित्व र ब्यक्तिगत दायित्व समेत रहने गरी Pan/Vat मा दर्ता गराउनु पर्ने हुन्छ । यो बोलपत्र सम्बन्धी कारबाही सम्झौता (अन्तिम) चरणमा पुगेको अवश्था होइन ।

## ४. छलफल तथा सुनवाईः

सार्वजनिक खरिद पुनरावलोकन समितिमा उपरोक्त निवेदनउपर मिति २०७६।०५।२३ गते बिहान ११:३० का दिन छलफल तथा सुनवाइको कार्यक्रम राखिएको थियो ।

४.१ उक्त कार्यक्रममा उपस्थितिको लागि निबेदक श्री स्वच्छन्द-श्यामुन्दर-क्रियशन संयुक्त उपक्रमलाई च.नं. १०५, मिति २०७६।०५।१७ मा लेखेको पत्र निज निबेदकले मिति २०७५।०५।१९ मा बुझेको साथै सो दिन समितिको ईजालस शुरु हुनुभन्दा अगाडी फोनबाट सूचना गर्दा समेत निबेदक JV को तर्फबाट कसैको पनि उपस्थिति रहेन ।

४.२ सार्बजनिक निकायका तर्फबाट बिद्वान अधिवक्ता श्री रेशम राज रेग्मीले उक्त छलफलमा बहस पैरवी गर्दै देहाय अनुसारको आफ्नो भनाई राख्नु भयो ।

४.२.१ बिपक्षी निबेदकले सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम मिति २०७६।०५।०१ मा पुनरावलोकनका लागि निकाय प्रमुखलाई निबेदन दिएकोमा मिति २०७६।०५।०४ को पत्रबाट मुल्यांकनमा कुनै त्रुटी नभएको जानकारी निबेदकलाई गराइएको

थियो। उक्त जवाफमा चित्त नबुझी सार्बजनिक खरिद पुनरावलोकन समितिमा पुनरावलोकनको लागि निबदेन परी प्रतिक्रिया माग भए अनुसार खरिद कारबाही समेत रोक्का राखी मिति २०७५।०५।१५ को पत्रबाट समितिलाई जवाफ उपलब्ध गराई सकिएको छ।

४.२.२ J/V को aggrement मा त्रुटी हुँदा हुदै M/S Bajra Guru/Him Sagarmatha/New Technical J/V को बोलपत्र मुल्यांकनमा समाबेश गरियो भन्ने भनाईको सन्दर्भमा J/V को aggrement को शुरुमा सामान्य त्रुटी देखिएको हो । उक्त J/V को Reference तीन ठाँउमा उल्लेख छ । सोमध्ये Introcuction Para र J/V को Aggrement गर्ने स्थानमा J/V Partner को नाम मिलेको छ । J/V को Ratio Determination गर्ने अथवा Control of amount कस्को कति हुने भन्ने स्थानमा मात्र सामान्य Mistake भएको पाइन्छ । यसैलाई आधार लिई निबेदकले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३(२) अनुसार प्राबिधिक मुल्यांकनमा समाबेश गर्न नमिल्ने दाबी लिएको पाईन्छ । तर उक्त दफामा J/V संग सम्बन्धित बिषय समाबेश भएको छैन । त्यसैगरी सोही ऐनको दफा २४ मा समेत यो विषय उल्लेख भएको छैन ।

४.२.३ यस बिषयमा बोलपत्र सम्बन्धी कागजातको ITB को Clause 27 मा भएको व्यवस्था अनुसार औपचारिकरुपमा बोलपत्रदाता M/S Bajra Guru/Him Sagarmatha/New Technical J/V लाई स्पष्ट गर्न लेखी पठाउदा यसमा निज बोलपत्रदाताले सुधार गरेको पत्र कार्यालयलाई उपलब्ध गराएको छ ।

४.२.४ यस बिषयमा सार्बजनिक खरिद अनुगमन कार्यालयसंग पनि राय माग गरी पत्र पठाएकोमा उक्त कार्यालयबाट सार्बजनिक खरिद ऐन, २०६३, को दफा १०(६) अनुसार गर्न सकिने राय प्राप्त भएको र सोही अनुसार M/S Bajra Guru/Him Sagarmatha/New Technical J/V को बोलपत्र प्रस्तावलाई मूल्यांकनमा समाबेश गरिएको हो । बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा उल्लेख भएको उक्त बोलपत्रदाता सबैभन्दा Lowest Bidder हो । बढी दर कबोल गर्ने बोलपत्रदाताको बोलपत्र प्रस्ताब स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएको अवश्थामा प्रश्न उठ्न सक्छ । तर यसमा त्यस्तो स्थिति होईन ।

४.२.५ बोलपत्र कागजातको ITB 27 मा भएको व्यवस्था तथा सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(६) को प्रतिबन्धात्मकमा भएको व्यवस्थाले पनि सानातिना कुरामा सुधार गर्न सक्ने व्यवस्था गरेको र सोही आधारमा बोलपत्र मूल्यांकन गरी घटी कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको हो । कानून सम्मत सबै प्रक्रिया पुरा गरिएको हुँदा निबेदकको माग पुग्ने देखिदैन । बिपक्षी निबेदकको समितिमा परेको पुनरावलोकनको निबदेन खारेज भागी छ खारेज गरी पाँउ ।

**५. सार्वजनिक खरिद पुनरावलोकन समितिको निर्णयः**

श्री सडक विभाग, विकास सहयोग कार्यान्वयन महाशाखा ज्वागल, ललितपुरले Contract ID No. NIRTTP-DOR-W-NCB-6 बाट Landslide Stabilization Works in Narayanghat-Mugling Road को खरिद कार्यको लागि मिति २०७६।०३।२० मा आर्थिक प्रस्ताब स्वीकृत गर्ने आशयको प्रकाशित सूचनामा चित्त नवुझी ऐनको दफा ४९(क) वमोजिम स्वच्छन्द-श्यामुन्दर-क्रियशन संयुक्त उपक्रमले पुनरावलोकनको लागि यस समितिमा दिएको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोसंग संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सुनुवाई एवं छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि M/S Bajra Guru/Him Sagarmatha/New Technical J/V को आर्थिक प्रस्ताब स्वीकृत गर्ने आशयको सूचनाका बिरुद्धमा परेको निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

सार्बजनिक निकाय श्री सडक विभाग, विकास सहयोग कार्यान्वयन महाशाखा, ज्वागल, ललितपुरबाट जारी भएको बोलपत्र सम्बन्धी कागजातको ITB 27.1 मा भएको व्यवस्था अनुसार सार्वजनिक निकायबाट मिति २८ मे, २०१९(जेष्ठ १४, २०७६) मा M/s Bajra Guru/Him Sagarmatha/New Technical JV लाई JV सम्झौताको (c) मा New technical Water Proofing and Infra Rehabilitation pvt.ltd नाम फरक परेको बिषयमा स्पष्ट गर्न पत्रद्वारा औपचारिकरुपमा लेखी पठाउदा यसमा निज बोलपत्रदाताले सुधार गरेको पत्र कार्यालयलाई उपलब्ध गराएको तथा यसै बिषयमा सार्वजनिक निकायले सार्बजनिक खरिद अनुगमन कार्यालयमा राय माग गरेकोमा सो कार्यालयबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(६) मा रहेको व्यवस्था वमोजिम मूल्यांकन प्रकिया अगाडी बढाउन राय परामर्श प्राप्त भएको तथा सार्बजनिक खरिद ऐनको उक्त दफामा भएको प्रतिबन्धात्मक वाक्यांशमा भएको व्यवस्थाले पनि सानातिना कुरामा सुधार गर्न सक्ने व्यवस्था गरेको र सोही आधारमा सार्बजनिक निकायबाट बोलपत्र मूल्यांकन गरी घटी कबोल गर्ने बोलपत्रदाता M/s Bajra Guru/Him Sagarmatha/New Technical JV को बोलपत्र स्वीकृत गर्ने गरी भएको निर्णय र बोलपत्र स्वीकृत गर्ने आशयको प्रकाशित सूचना कानून सम्मत देखिदा निबेदक M/S Swachhanda/Shyam Sundar/creation JV को माग दाबी पुग्न सक्दैन । अतः निबेदकले यस समितिमा पुनरावलोकनको लागि दिएको निबदेन सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (क) बमोजिम खारेज गरी निज निवेदकले राखेको नगद धरौटी सोही दफाको उपदफा (७) बमोजिम जफत गर्न आदेश गरी दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको नगद धरौटी नियमानुसार जफत गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७६ साल भाद्र २९ गते रोज ०१ शुभम्.....................................................।

**नेपाल सरकार**
**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १११**

**आ.व. २०७६/७७ को निर्णय नं ०५**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रहेको ओएसिस इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त रामचन्द्र तिमिल्सिना......................................................................१ — **निवेदक पक्ष**

**बिरुद्ध**

श्री यातायात पुर्वाधार बिकास निर्देशनालय, पुर्वाधार बिकास कार्यालय, कास्की गण्डकी प्रदेश नेपाल..........................१

श्री प्रमुख, यातायात पुर्वाधार बिकास निर्देशनालय, पुर्वाधार बिकास कार्यालय, कास्की गण्डकी प्रदेश नेपाल.................१

श्री भौतिक पुर्वाधार बिकास मन्त्रालय, गण्डकी प्रदेश नेपाल.....................................................................१ — **विपक्षी प्रत्यर्थी**

**बिषय: सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) बमोजिम खारिद कारबाही तथा निर्णयको पुनरावलोकन गरी निबदेनको अन्तिम टुङ्गो नलागेसम्म खरिद प्रक्रिया रोकी पाउँ ।**

**१. निवेदकको माग/दाबी:**

सार्बजनिक निकाय श्री यातायात पुर्वाधार बिकास निर्देशनालय, पुर्वाधार बिकास कार्यालय, कास्कीले Contract ID:IDOKASKI/W/R/35/075/76 बाट Arunodaya Chitre-Harinas Gaupalika Kendra Section of Mirdi Kyakmi Bhimad Road upgrading को खरिद कार्यको लागि मिति २०७६।०२।०१ मा प्रकाशित बोलपत्र मिति २०७६।०५।२८ को नयाँ पत्रिका दैनिकमा प्रकाशित रद्द गर्ने सुचनाका सम्बन्धमा चित्त नबुझी बोलपत्रदाता ओएसिस ईन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.ले प्रभु बैंक लि. बबरमहल काठमाडौंको रेफ नं. P10901P055767, मिति २९।०९।२०१९ को रु. ८,५०,०००।- को सक्कल बैंक (पर्फमेन्स) ग्यारेन्टी संलग्न गरी सार्बजनिक खरिद ऐन, २०६३ दफा ४९(क) बमोजिम मिति २०७६।०६।१२ मा यस समितिमा पुनरावलोकनका लागि दिएको निबेदनमा मुख्य माग दाबी देहाय अनुसार रहेको देखिन्छ ।

१.१ विपक्षीले मिति २०७६।०२।०१ मा आह्वान गरेको (Contract ID:IDOKASKI/W/R/35/075/76, The Procurement of Upgrading Arunodaya Chitre-Harinas Gaupalika Kendra Section of Mirdi Kyakmi Bhimad Road) को वोलपत्र पेश गर्ने कार्यमा जुटेको अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको छैठौ संशोधनलाई समेटी विपक्षीबाट संशोधित वोलपत्र (Bid Addendum) मिति २०७६।०२।१४ मा जारी भएको थियो । प्रकाशित सुचना अनुसार मिति २०७६।०२।३१ सम्म वोलपत्र पेश गर्ने समयसीमा रहेको थियो। छैठौं संशोधनलाई मात्र समेट्ने गरी Bid Document मा संशोधन गरिएको हुँनाले उक्त संशोधनले निर्धारण गरेको माग अनुसार e-bidding को माध्ययमबाट मिति २०७६।०२।३१ मा वोलपत्र दाखिल गरेका थियौ।

१.२ विपक्षी नं. १ ले मिति २०७६।०५।२८ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा बोलपत्र रद्द गर्ने सम्बन्धी सुचना प्रकाशित गरी मिति २०७६।०५।३१को पत्र मार्फत सोको जानकारी गराएको थियो । हामीले के कुन कारणले सो बोलपत्र रद्ध भएको हो भन्ने जानकारी मागेकोमा विपक्षी नं. १ को मिति २०७६।०५।३१ मा प्रेशित पत्रबाट "उपरोक्त बोलपत्र सार्वजनिक खरिद नियमावली २०६४ (छैठौं संशोधन) बमोजिम प्रकाशन गरिएको, सार्वजनिक खरिद नियमावली (सातौं संशोधन) अनुसार मुल्यांकन गर्दा द्विविधा भएको साथै बोलपत्रदाताको प्राविधिक पक्षको योग्यता नपुग्ने देखिएकोले खरिद प्रकृया रद्ध गरी पुनःबोलपत्र आह्वान गर्न मनासिब देखिएको भनी भौतिक पुर्वाधार विकास मन्त्रालयबाट मिति २०७६।०५।२५ मा निर्णय भई सो बोलपत्रहरु रद्ध गरिएको हो" भन्ने जानकारी हुन आयो। प्रथमदृष्टी (prima facie) मानै विपक्षी नं. १ ले कानूनको मुल्य र मान्यताभन्दा बाहिर गएर गरिएको निर्णयले हामी माथि ठुलो अन्याय हुन पुगेको छ।

१.३ सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४७ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०० बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको निर्णय गर्दा त्रुटी गरी पालना गर्नु पर्ने कर्तव्य पालना नगरेकोले आफुलाई क्षति पुग्न सक्ने कारण खुलाई विपक्षी नं. १ को कार्यालयको प्रमुख समक्ष दिएको निवेदनको केही जवाफ नआएकोले सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४७(६) को कानूनी ब्यवस्था समेत कार्यालय प्रमुखबाट कार्यान्वयन भएन।

१.४ विपक्षी नं. १ ले शुरुमा सार्वजनिक खरिद नियमावली, २०६४ (पाचौं संशोधन) बमोजिम प्रकाशित गरेको बोलपत्र सार्वजनिक खरिद नियमावली, २०६४ (छैठौं संशोधन) बमोजिम संसोधित भएको अवस्था थियो । हामीले माग अनुसार Original Bid Document र Bid Addendum मा केन्द्रिकृत रहेर बोलपत्र पेश गरेका थियौं। खरिद नियमावलीमा मिति २०७६।०२।२३ मा सातौ र मिति २०७६।०४।१६ मा आठौ संशोधन आएतापनी Original Bid मा कुनै संशोधन जारी गरिएन। बोलपत्रको मूल्यांकन छैठौं संशोधन बमोजिम नगरी सातौं संशोधन बमोजिम गरेकोले यो मूल्यांकन प्रकृया कानुनको मान्य सिद्धान्त बिपरित छ। नेपाल कानुन व्याख्या

सम्बन्धी ऐन, २०१० को  दफा ४ मा पछि बन्ने कानुनले अघि बन्ने कानुन अनुसार काम भइ पाएको अधिकार कुन्ठित गर्न नमिल्ने उल्लेख छ। मूल्यांकन गर्ने विधि पाश्चातदर्शी रहेकोले कानुनले कदापि स्वीकार गर्दैन। वोलपत्र पेश गर्ने समय समाप्त भै सकेपछि संशोधित नियमावलीलाई निवेदकले नसमेटी वोलपत्र पेश गरेको भन्ने विपक्षीको आधार कानूनको मान्य सिद्दान्तको बर्खिलाफ भै Retrospective रुपमा कानून लागु गर्न खोजेको देखिन्छ। वोलपत्र पेश गर्ने प्रकृया सारवान तथा कार्यविधिगतरुपमा समाप्त भै सकेको अवस्थामा बोलपत्रले समेट्दै नसमेटेको नियमालवलीको संशोधनलाई अगाडी सार्दै कानूनी जटिलता देखाई हामीले पेश गरेको वोलपत्रको प्राविधिक प्रस्तावको मुल्याङ्कन नै नगरी खरिद प्रकृया रद्द गर्ने विपक्षीको कार्य कानुनको मान्य सिद्धान्तको वर्खिलाफ छ।

१.५ विपक्षीबाट प्राप्त जानकारीमा सातौं संशोधन बमोजिम मूल्यांकन गर्दा द्विविधा भएको भनिएको छ। यस्तो द्विविधा सिर्जना हुनुको मुख्य कारण नै बोलपत्रहरु छैठौं संशोधन बमोजिम मूल्यांकन नहुनु हो। त्यसलाई पनि विपक्षीबाट  हाम्रो प्राविधिक पक्षको योग्यता नपुगेको भनिएको हुन सक्छ । हामीले सम्पुर्ण योग्यता पुरा गरेर मात्रै बोलपत्र पेश गरेका थियौं। हाम्रो योग्यता के कुन पक्ष र शीर्षकमा अपुग भएको हो भन्ने कुराको प्रमाण विपक्षीको पत्रमा नखुलेको र हामीलाई त्यसबारेमा केही जानकारी मागिएको समेत छैन। माग बमोजिमको सबै योग्यता पुरा गरी सोको प्रमाण समेत हामीले वोलपत्र आवेदनसँगै पेश गरेका छौं। यसमा हाम्रो कुनै त्रुटी कमी कमजोरी छैन। सार्वजनिक खरिद प्रकृया अन्तर्गत प्राविधिक तथा आर्थिक प्रस्तावको मुल्याङ्कन सम्बन्धमा निहित धारणा भनेको योग्य र क्षमतावानहरुकोबीचमा स्वच्छ प्रतिस्पर्धा भई सुपथ मुल्यमा गुणस्तरीय कार्य होस भन्ने हो। सार्वजनिक खरिद ऐनको दफा ६१(क) ले पनि यसैलाई इङ्गित गर्दछ। बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित योग्यता नपुगेको भनी योग्यता हासिल गरेको प्रतिस्पर्धी निवेदक कम्पनीलाई प्रतिस्पर्धाबाट बाहिर गरिएको कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६१ विपरित रहेको छ।

१.६ विपक्षी नं. १ ले खरिद प्रकृया रद्ध गरी पुनःबोलपत्र आह्वान गर्न मनासिब देखिएको भनी भौतिक पुर्वाधार विकास मन्त्रालयबाट मिति २०७६।०५।२५ मा निर्णय भई सो बोलपत्रहरु रद्ध गरिएको भन्ने जानकारी गराएकोले वोलपत्र रद्द गर्ने कार्य भौतिक पुर्वाधार विकास मन्त्रालयबाट भएको देखिन्छ। ऐनको दफा २६ को उपदफा (१)(क) मा कुनै पनि वोलपत्र दफा २३(२) को खण्ड (घ) बमोजिम सारभुतरुपमा प्रभावग्राही नभएमा वोलपत्र अस्वीकृत गर्न वा खरिद कार्वाही रद्द गर्न सक्ने उल्लेख छ। बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित प्राविधिक स्पेशिफिकेशन (Specification) र सोही कागजातमा संलग्न खरिदका शर्त अनुरुप भए नभएको नहेरी स्वेच्छाचारी तवरबाट विपक्षीले सारभूतरुपमा प्रभावग्राही नभएको भनी खरिद प्रकृया नै रद्द गरेको छ। ऐ.ऐनको दफा २३ बमोजिम सार्वजनिक निकायले खोलेको बोलपत्र मुल्याङ्कन समितिमा पेश गर्नु पर्ने उल्लेख गरे अनुसार मुल्याङ्कन समितिले प्राप्त वोलपत्रको मुल्याङ्कन गरी निर्णयमा पुग्नु पर्नेमा कानूनले दिदै नदिएको अधिकारको प्रयोग गरी मन्त्रालयको मिति २०७६।०५।२५ को निर्णय बमोजिम खरिद कार्वाहि रद्द गर्नु त्रुटीपुर्ण रहेको छ।

१.७ वोलपत्र आह्वान भएपछि वोलपत्र दाखिला गर्ने बोलपत्रदाता र वोलपत्र आह्वान गर्ने निकायवीच करारीय दायित्व सृजना हुनका साथै अन्तर प्रभावी सम्बन्ध समेत सृजना हुन जान्छ। यस्ता सम्बन्धलाई एक अर्काबाट हुने कार्य एवं निर्णयले असर पुग्ने हुनाले पेश भएको प्राविधिक तथा आर्थिक प्रस्ताव माग बमोजिम तथा आकर्षित कानून बमोजिम छ छैन भनी वोलपत्र आह्वानकर्ताले बिचार नगरी आफुखुसी निर्णय गर्नु हुदैन। Appropriate तथा Reprobate Principle लगाई एकै चोटी व्याख्या गरिनु हुदैन। विपक्षी स्वयंले नियमावलीमा भएको छैठौ संशोधनलाई समेट्ने गरी संशोधन गरे पश्चात हामीले दाखिला गरेको वोलपत्रलाई अवमुल्यन गरी वोलपत्रले संबोधननै नगरेको नियमावलीको सातौ संशोधन बमोजिम वोलपत्र नपरेको भनी खरिद प्रकृया नै रद्द गर्ने विपक्षीको निर्णय कानूनको बर्खिलाप छ।

१.८ विपक्षी मन्त्रालयबाट मिति २०७६।०५।२५ मा निर्णय गरी उक्त निर्णयको आधारमा विपक्षी पुर्वाधार कार्यालयबाट मिति २०७६।०५।३१ मा खरिद प्रकृया रद्द गर्ने भन्ने व्यहोराको पत्र प्राकृतिक न्यायको सिद्दान्त (Principle of natural Justice) बिरुद्द भएको हुँनाले उक्त निर्णय कानून संगत ठहर्दैन। हामी निवेदकलाई खरिद प्रकृया रद्द गर्नु पुर्व सुचना नदिएको तथा स्पष्टिकरण नसोधेको हुँनाले विपक्षीले गंभिररुपमा प्राकृतिक न्यायको सिद्दान्त हनन गरेको देखिन्छ। विपक्षीले निर्णय गर्दा आधार र कारणयुक्त निर्णय गर्दै प्राकृतिक न्यायको सिद्धान्त अन्तर्गत सुनुवाइको सिद्धान्त (Theory of Hearing) को पनि परिपालना गर्नु पर्ने हुन्छ। यसै सम्बन्धमा सम्मानित श्री सर्वोच्च अदालत बाट ने.का.प. २०७५, अंक ६, नि.नं १००२७ मल्टी डिसिप्लिनरी कन्सल्टेन्ट्स प्रा.लि. विरुद्द सार्वजनिक खरिद अनुगमन कार्यालय भएको मुद्दामा "प्रशासकीय र न्यायिक निकायबाट कुनै व्यक्तिको हकाधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ कारबाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ। निर्णयमा यस किसिमको निष्पक्षता र स्वच्छता कायम गर्नको लागि जसका विरूद्ध कानूनी दायित्व बहन गराउने गरी निर्णय गरिन्छ उसलाई आफ्नो दाबी वा भनाइ राख्ने र प्रमाण पेस गर्ने समुचित मौका प्रदान गरिनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तअन्तर्गतको सुनुवाइको सिद्धान्तसँग सम्बन्धित छ। यसले निर्णय प्रक्रियालाई स्वच्छ (Fair), न्यायिक (Just) र निश्पक्ष (Impartial) बनाउन मद्दत गर्ने हुन्छ। यसैलाई कानूनको उचित प्रक्रिया (Due Process of law) पनि भनिन्छ। कानूनको उचित प्रक्रिया (Due process of law or Procedure established by law) र प्राकृतिक न्याय सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगत रूपमा भएको मानिने", भनी सिद्दान्त प्रतिपादन भएको छ ।

अतः बोलपत्र सम्बन्धी कागजातमा तोकिएको शर्त बिपरित मुल्याङ्कन गरी निवेदक कम्पनीको प्राविधिक प्रस्ताव छनौट नगर्ने विपक्षीको मिति २०७६।०५।२५ को निर्णय र उक्त निर्णयको आधारमा जारी मिति २०७६।०५।३१ को पत्र, मिति २०७६।०५।२८ को सुचना समेत खारेज गरी हाम्रो प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताब मुल्याङ्कनमा सामेल गराउनुका साथै निवेदनको टुङ्गो

नलागेसम्म विपक्षीको उक्त मितिहरुको निर्णय र वोलपत्र रद्द गर्ने सम्बन्धी सुचना कार्यन्वयन र पुनः वोलपत्र आह्वान नगर्नु नगराउनु भनी विपक्षीहरुको नाममा आदेश जारी गरी पाऊँ ।

## २. सार्वजनिक निकायको प्रतिक्रियाः

यस समितिको मिति २०७६।०३।१२ को पत्रबाट सार्बजनिक निकाय श्री पुर्वाधार बिकास कार्यालय, कास्कीसंग प्रतिक्रिया माग गरेकोमा उक्त निर्देशनालयको मिति २०७६।०६।२९ को मिति २०७६।०७।०१ मा प्राप्त प्रतिक्रियामा उल्लेख भएका प्रमुख बुँदाहरु देहाय अनुसार रहेका छन् ।

२.१ मिर्दी-क्याक्मी-भिमाद सडकको अरुणोदय-चित्रे-हरिनास गाउँपालिका केन्द्र खण्ड (Contract Identification No: IDOKASKI/W/R35/075/76) स्तरोन्नती गर्ने कार्यको रु. ३७,०८,७६,६७२.६३ (मू. अ.कर समेत) को लागत अनुमान तथा बहुबर्षीय खरिद योजना मिति २०७६/०१/१६ मा स्वीकृत भएको, बोलपत्र आव्हान सम्बन्धी मिति २०७६/०२/०१ मा प्रकाशित सूचना बमोजिम बोलपत्र पेश गर्ने अन्तिम मिति २०७६/०२/३१ गते दिनको १२:०० बजेसम्म ओएशिस ईन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.लाजिमपाट काठमाण्डौको मात्र बोलपत्र दर्ता भएको छ ।

२.२ बोलपत्र आव्हान सम्बन्धी सूचना तथा बोलपत्र सम्बन्धी कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको Online template प्रयोग गरी सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम तयार गरिएको थियो।

२.३ मिति २०७६/०१/३० गते सार्वजनिक खरिद नियमावलीमा भएको छैठौ संशोधन अनुसारको बुंदाहरु समेत समाबेस गरी मिति २०७६/०२/१४ मा सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा जारी नयाँ Standard Bidding Document अनुसार वोलपत्र शंशोधन गरिएको।

२.४ बोलपत्र पेश गर्ने अन्तिम मिति अगावै मिति २०७६/०२/२३ गते सार्वजनिक खरिद नियमावलीको सातौं संशोधन समेत आएको । सँशोधित नियमावलीमा उल्लेखित बुंदाहरु समेत समाबेस गरी सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा नयाँ Standard Bidding Document जारी गर्न ढिलाई भएको तथा सोही समयमा सो कार्यालयको e-procurement website: www.bolpatra.gov.np/egp मा प्राबिधिक समस्या रही बोलपत्र सम्बन्धी कागजातमा नयाँ संसोधित नियमावली अनुसार संसोधन तथा म्याद थप समेत गर्न नसकिएको ।

२.५ मिति २०७६/०२/३१ गते १३:०० बजे पेश भएको एक मात्र बोलपत्र नियमानुसार खोलेको र सार्वजनिक खरिद नियमावलीमा भएको छैठौं तथा सातौं शंशोधन पछि वोलपत्रको प्राविधिक पक्षको मूल्याङकनको क्रममा व्दिबिधा उत्पन्न भइ सार्वजनिक खरिद अनुगमन कार्यालयसँग विवरण सहित राय परामर्श माग गरिएकोमा उक्त कार्यालयबाट "सार्बजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र यस कार्यालयबाट जारी भएको Standard Bidding Document मा भएका ब्यबस्थाहरु बमोजिम कानुन सम्मत निर्णय तहाँबाट हुनुपर्ने देखिदा यस कार्यालयबाट थप राय प्रदान गरिरहनु नपर्ने" भनी राय परामर्श प्राप्त भएको। उक्त कार्यालयबाट ठोस राय सुझाब प्राप्त नभए पछि बोलपत्र मुल्यांकन समितिद्वारा बोलपत्र मुल्यांकन प्रकृया अगाडी बढाईएको ।

२.६ सार्वजनिक खरिद अनुगमन कार्यालयबाट २०७३/०४/२७ मा सिंहदरबार सचिवालय पुनः निर्माण समिति, काठमाडौंबाट समान प्रकृतिको मुल्यांकन प्रकृयाको सम्बन्धमा संशोधित ऐन नियम लागु भई कार्यान्वनमा रहेको अवस्थामा संसोधन भएका बिषयहरुका हकमा संशोधित ऐन नियम बमोजिम हुने भनी राय परामर्श दिईएकोले बोलपत्र मुल्यांकन प्रकृया सोही राय सुझाबलाई आधार मानी सार्बजनिक खरिद नियमावलीको सातौ संसोधन तथा सो संसोधनको आधारमा सार्बजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको Standard Bidding Documents अनुसार अघि बढाईएको।

२.७ सार्वजनिक खरिद नियमावलीको सातौ संसोधन पछि मूल नियमावलीको नियम ६५ को उपनियम ५,६,७ र ८ झिकिएका छन र सो सातौ संसोधन पछि सार्बजनिक खरिद कार्यालयबाट जारी गरिएको Standard Bidding document को Evaluation and Qualification Criteria को 2.3.3 Financial Resources मा समेत "Using forms FIN-3 and FIN-4 in section IV ( Bidding forms) the Bidder must demonstrate to, or availability of, financial resources such as liquid assets, Unencumbered real assets, lines of credit and other financial means, other than any contractual advance Payments to meet its current contract commitments plus : The cash flow requirements" भनी व्यवस्था भए अनुसार बोलपत्रदातासंग उपलब्ध रहेको Financial Resources ले माग गरिए अनुसारको cash flow requirements का साथ साथै निजसंग हाल रहेको Current Contract Commitments को Outstanding Amount लाइ समेत पुग्नु पर्ने देखिन्छ। बोलपत्रदाताको बोलपत्रले प्राबिधिक मुल्याकनको क्रममा उक्त Criteria पुरा गर्ने नदेखिएकोले बोलपत्र मुल्यांकन समितिको मिति २०७६/०४/१० को निर्णय अनुसार निजको बोलपत्र सारभुतरुपमा प्रभावग्राही नरहेको ठहर गर्दै बोलपत्र रद्द गर्न सिफारिस गरिएको।

२.८ बोलपत्र मुल्यांकन समितिको निर्णय अनुसार नै "सार्वजनिक खरिद नियमावली २०६४ (छैठौं संशोधन)बमोजिम प्रकाशन गरिएको,सार्वजनिक खरिद नियमावली (सातौं संशोधन) अनुसार मुल्यांकन गर्दा व्दिबिधा भएको साथै बोलपत्रदाताको प्राबिधिक पक्षको योग्यता नपुग्ने देखिएकोले खरिद प्रक्रिया रद्द गरी पुनः बोलपत्र आब्हान गर्न मनासिब देखिएको" भनि मिति २०७६/०५/२५ मा गण्डकी प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट निर्णय भएको। मिति २०७६/०५/२८ मा बोलपत्र रद्द गरिएको सूचना प्रकाशन भएको तर पुनः बोलपत्र आब्हान सम्बन्धी सुचना प्रकाशित गरिएको छैन।

**३. अध्ययन अवलोकन:**

श्री यातायात पुर्वाधार बिकास कार्यालय, कास्कीले उपरोक्त खरिदको लागि मिति २०७६।०२।०१ मा बोलपत्र आह्वान गरेअनुसार पर्न आएको बोलपत्र रद्द गर्ने विषयको मिति २०७६।०५।२८ मा प्रकाशित सूचनामा चित्त नबुझी ओएसिस इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.ले पुनरावलोकनको लागि यस समितिमा दिएको निवेदन, सो साथ संलग्न कागजात, कार्यालयले उपलब्ध गराएको प्रतिक्रिया, बोलपत्र सम्बन्धी कागजात, एवं खरिद कारबाही सम्बन्धी फाईल र निर्णयहरु, बोलपत्रदाताले पेश गरेको बोलपत्र प्रस्ताब, प्रचलित खरिद ऐन, नियमहरु समेतको अध्ययनबाट देखिएका उल्लेख्य बुँदाहरु निम्नानुसार छन् ।

३.१. उपरोक्त निर्माण कार्यको वोलपत्र पेश गर्ने मिति २०७६।०१।२७ सम्म भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको छैठौं संशोधन पश्चात् बोलपत्र कागजात संशोधन गरी वोलपत्र पेस गर्ने मिति २०७६।०२।३० सम्म कायम गरेकोमा निबेदकले मिति २०७६।०२।२९ मा e-bidding मार्फत बोलपत्र पेश गरेको देखिन्छ ।

३.२ सार्वजनिक निकायबाट वोलपत्र रद्द गरी पुनः वोलपत्र आह्वान गर्ने निर्णय प्रति चित्त नबुझी निवेदक वोलपत्रदाताबाट सार्वजनिक निकायका प्रमुख समक्ष पुनरावलोकनको लागि दिएको निबेदनका सम्बन्धमा वोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही नभइ बोलपत्र रद्द गरेको बिषयमा सार्वजनिक निकायबाट बस्तुगत कारण दिएको देखिएन ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५(५) मा बोलपत्रको मूल्यांकन बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ र त्यसरी मूल्यांकन गर्दा प्रत्येक बोलपत्रको मूल्यांकित रकम अर्को बोलपत्रको मूल्यांकित रकमसंग तुलना गरी न्यूनतम बोल अंक कबुल गर्ने बोलपत्र निर्धारण गर्नु र उपदफा (६) मा उपदफा (४) बमोजिम न्यूनतम बोल अंक कबुल गर्ने बोलपत्रको बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यता मूल्यांकनका आधार अनुरुप भए नभएको जांच गर्नु पर्ने छ उल्लेख भएको पाइन्छ ।

सूचनामा उल्लेख भएका शर्त र कार्यालयबाट जारी भएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसार पेश भएको बोलपत्रको मूल्यांकन ऐनको यो दफा अनुसार गरिनु पर्ने हुन्छ । नियमावलीमा संशोधन भयो भनी सूचनामा नराखेको शर्तलाई आधार मानी वोलपत्र मूल्यांकन गर्न कानून विरुध्द हुन जान्छ । यस बिषयमा नेपाल कानून ब्यख्या सम्बन्धी ऐन, २०१० मा सामान्य शिध्दान्त वनेको छ । अवध किशोर प्रसाद बिरुध्द बन्सि, ने.का.प.०६०, नि.नं.७१८१,पृ १४१ मा " जुन कानून जहिले आउँछ त्यस पछिको काम कुरामा मात्र प्रभाव पार्न सक्छ । ऐनको उत्पत्ति हुनु पूर्वको काम कुरामा असर पार्न सकैन" भन्ने सिद्धान्त अदालतबाट स्थापति भएको छ ।

३.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) को खण्ड (क) मा कुनै पनि वोलपत्र दफा २३(२) को खण्ड (घ) वमोजिम सारभूत रुपमा प्रभावग्राही नभएमा, (क१) मा दफा २७ को (६) वमोजिमको प्रक्रिया अपनाउदा पनि सम्झौता हुन नसकेमा, (ख) मा न्यून मूल्यांकित सारभूतरुपमा प्रभावग्राही वोलपत्रको बोल अंक लागत अनुमानभन्दा सारभूतरुपमा बढी भएमा, वा (ग) मा माग गरिएको निर्माण कार्य आवश्यक नभएमा सार्वजनिक निकायले सम्पूर्ण वोलपत्रहरु अस्वीकत गर्न वा खरिद कार्यवाही रद्द गर्न सक्ने भन्ने व्यवस्था भएको छ । कानूनले व्यवस्था गरेको यो अवस्थामा वाहेक वोलपत्रहरु अस्वीकत गर्न वा खरिद कार्यवाही रद्द गर्न सकिदैन । सार्वजनिक निकायले सार्बजनिक खरिद ऐनमा भएको सातौं संशोधनले द्बिबिधा उत्पन्न गरेको भनी बोलपत्र रद्द गरेको कार्य यो कानुनी व्यवस्था अनुकुल देखिदैन ।

३.५ सार्बजनिक खरिद नियमावली, २०६४ को मिति २०७६।०१।३० मा भएको छैठौं संशोधनबाट थप भएको उपनियम (५) मा मुल्यांकन समितिले ऐनको दफा २५ बमोजिम बोलपत्र मूल्यांकन गर्दा बोलपत्र कागजातमा उल्लेख भए बमोजिम कुनै सार्बजनिक निकायमा प्रयोग रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता त्यस्तो निकायलाई आवश्यक पर्ने हदसम्म त्यस्तो बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता थप कार्यको लागि गणना नहुने, उपनियम (६) मा बोलपत्रदाताले आफुले गरेको बिगत पाँच आर्थिक वर्षको औषत वार्षिक कारोवार रकमको बढीमा चार गुणाले हुन आउने रकम सम्मको मात्र बोलपत्र लिन सक्ने कुरालाई बोलपत्रदाताको योग्यता र मुल्यांकनको आधारको रुपमा लिनु पर्ने, उपनियम (७) मा उपनियम (६) बमोजिम औषत बार्षिक कारोवार (टर्न ओभर) रकमको चार गुणाले हुन आउने रकम गणना गर्दा बोलपत्रदाताको चालु ठेक्काको लागि त्यस्तो रकम छुट्याएर मात्र एकीन गर्नु पर्ने र उपनियम (८) मा बोलपत्रदाताको पछिल्लो आर्थिक वर्षको वासलातमा निजको नगद प्रबाह सकारात्मबक रहेको, खुद दायित्व भन्दा सम्पति (नेटवर्थ) बढी भएको र सार्बजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा निशर्त केडिट लाईनको सुविधा उपलब्ध भएको हुनु पर्ने व्यवस्था भएको देखिन्छ । ऐं.नियमावलीमा मिति २०७६।०२।२३ मा भएको सातौं संशोधनले उक्त थप भएको सबै व्यवस्था हटाएको छ ।

३.६ वोलपत्र सूचना प्रकासन भए पश्चात् बोलपत्र माग गर्ने र पेस गर्नेबीच करारका दायित्व सिर्जना हुन्छन् । यस्ता शर्तहरु पक्षहरुबीच पालन गर्नु पर्ने बाध्यकारी हुन्छन् ।

३.७ सार्बजनिक निकाय श्री पुर्वाधार बिकास कार्यालयबाट गठित बोलपत्र मूल्यांकन समितिले मिति ०१।०८।२०१९ मा तयार गरेको प्राविधिक बोलपत्र मुल्यांकन प्रतिबेदनको Criteria: Test of Qualification को S.no. Sub-Criteria 7, Financial Resources को Result मा Not complied र Comments मा Contractor Fails to meet the requirement of Financial Resource as specified in Evaluation and qualification criteria, (2. qualification criteria, 2, 3 3 Financial resources) उल्लेख गरी निबेदक बोलपत्रदाताले Evaluation and qualification criteria मा तोकिएको Financial Resource देखाउन नसकेकोले निजको बोलपत्र सारभूतरुपमा अप्रभाबग्राही भएकोले बोलपत्र प्रक्रिया रद्द गरी पुनः बोलपत्र आह्वान गर्न सिफारिस गरेको देखिन्छ । सोही सिफारिस बमोजिम भौतिक पुर्वाधार विकास मन्त्रालय, गण्डकी प्रदेश सचिबबाट २०७६।०५।२५ मा बोलपत्र रद्द गरी पुनः बोलपत्र आह्वान गर्न निर्णय भएको र बोलपत्र रद्द गर्ने सूचना २०७६।०५।२८ को नया पत्रिका दैनिकमा प्रकाशन भएको देखिन्छ ।

३.८ सार्बजनिक निकायबाट सार्बजनिक खरिद नियमावलीमा भएको छैठौं संशोधन पश्चात जारी बोलपत्रको Section III: Evaluation and Qualification Criteria 2.3 Financial Situation, 2.3.3 Financial Resource मा Using forms FIN-3 In section IV(Bidding Forms) the Bidder must demonstrate access to, or availability of financial resource in the form of "lines of credit". The following Cash-flow requirement NRs. 56 Million हुनु पर्ने उल्लेख छ । सार्बजनिक खरिद नियमावलीमा भएको सातौं संशोधन अनुरुप संशोधित बोलपत्र सम्बन्धी कागजात जारी भएको देखिदैन । बोलपत्रदाताले बोलपत्रसाथ सानिमा बैक लि. नक्सालको जुन १३,२०१९ को केडिट कमिटमेन्ट नं. सानिमा/२०७५/७६/सिआरएम/११५६ को रु. ९,९०,००,०००।- केडिट लाईन पेश गरेको देखिदा उक्त रकम जारी बोलपत्र कागजातले माग गरे अनुसार पुग्ने देखिन्छ ।

४. **छलफल तथा सुनवाईः**

सार्वजनिक खरिद पुनरावलोकन समितिमा उपरोक्त निवेदन उपर मिति २०७६।०७।०५ गतेका दिन छलफल तथा सुनवाइको कार्यक्रम राखिएको थियो ।

४.१ उक्त कार्यक्रममा निबेदकका तर्फबाट बिद्वान अधिवक्ताहरु क्रमशः श्री नारायण प्रसाद कोईराला, श्री तुल बहादुर श्रेष्ठ र श्री अमर जिबी घिमिरेले वहस पैरबी गर्नु भयो ।

४.१.१ यस निर्माण कार्यको सूचना मिति २०७६।०२।०१ मा प्रकासन भयो । वोलपत्र पेस गर्ने अन्तिम मिति २०७६।०२।३० सम्म थियो । सूचनामा सार्वजनिक खरिद नियमावली, (छैठौं संशोधन) २०६४ अनुसार वोलपत्र कागजातहरु अनुसार पेस गर्ने निर्देशन भए अनुसार सबै आधारहरु पूरा गरी e-bidding मार्फत वोलपत्र पेस गऱ्यौं ।

४.१.२ यसै क्रममा सार्वजनिक निकाय पूर्वाधार विकास कार्यलय, कास्कीबाट मिति २०७६।०५।२८ मा यो वोलपत्र रद्द गर्ने सूचना नयाँ प्रत्रिका दैनिकमा प्रकासित भयो र सो को जानकारी २०७६।०५।३१ मा पत्र मार्फत प्राप्त भयो । पत्रमा "वोलपत्र सार्वजनिक खरिद नियमावली, (छैठौं संशोधन), २०६४ वमोजिम प्रकाशन गरिएको, सातौं संशोधन अनुसार मुल्यांकन गर्दा द्विविधा भएको साथै वोलपत्रदाताको प्राविधिक पक्षको योग्यता नपुग्ने देखिएकोले खरिद प्रकृया रद्द गरी पुनः वोलपत्र आव्हान गर्न मुनासिव देखिएको" भनी २०७६।०५।२५ मा निर्णय भएकोमा यस कार्यवाही प्रति हामीलाई चित्त नबुझी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) वमोजिम यस समितिमा आएका छौ । विपक्षी सार्वजनिक निकायलाई के कुरामा द्विविधा भयो स्पस्ट पार्नु भएको छैन ।

४.१.३ वोलपत्र आह्वानको सूचना नियमावलीको छैठौं संशोधन अनुसार प्रकासित गरियो, सातौं संशोधन अनुसार मूल्यांकन गर्नु पर्ने अवस्था नै नआउने हुदा सातौं संशोधन आकर्षित् हुदैन । यसबाट दुई कुराहरु स्पष्ट हुन्छन् । प्रथम वोलपत्र रद्द गर्ने कारणहरु स्पष्ट हुनु पर्छ । दोस्रो कुन योग्यता नपुगेर वोलपत्र रद्द गरियो । सार्वजनिक निकायले मागे वमोजिम वोलपत्र पेस गरेका छौ । Technically fail भएको कारण उल्लेख गरेको छैन । तसर्थ विपक्षीबाट भएको मिति २०७६।०५।२५ निर्णयबाट वोलपत्र रद्द गर्ने मिति २०७६।०५।२८ को सूचना र जनकारीको पत्र रद्द गरी हाम्रो पक्षले न्याय पाउन यस ईजलास समक्ष निवेदन गर्दछौं ।

४.१.४ सम्पूर्ण वोलपत्र अस्वीकृत गर्न वा खरिद कार्यवाही रद्द गर्न सक्ने व्यवस्थाका बारेमा सार्वजनिक ऐन, २०६३ को दफा २६(१) मा उल्लेख छ । तर बिपक्षी सार्बजनिक निकायले उक्त कानूनी व्यवस्थाका बिपरित हुने गरी कानूनको प्रयोगमा द्विविधाका कारणले बोलपत्र रद्द गरेको जानकारी दिएको छ । कानूनको प्रयोगमा द्विविधाको कारण देखाई निर्णय गर्ने छुट सार्बजनिक निकायलाइ दिएको छैन । अनुमानको भरमा निर्णय गर्न पाईन्न ।

४.१.५ मेरो पक्षले Technical Evaluation and qualificitaion Criteria बाट माग भए वमोजिमका सम्पूर्ण Criteria पुरा गरेको छ ।

४.१.६ यो खरिद कार्य शंघीय कानून अन्तरगत आएको हो । सार्वजनिक खरिद ऐन, २०६३ शंघीय कानून हो । यसै कानून अन्तरगत यो निर्माण कार्यको वोलपत्र प्रकृया पूरा गर्नु पर्छ । यो कानून देशभरी लागु हुन्छ । प्रदेशले निर्माण गरेको खरिद सम्बन्धी कानून प्रदेश क्षेत्र भित्र मात्र लागु हुन्छ । अधिकार विनाको प्रदेशले वोलपत्र रद्द गर्ने गरेको निर्णय वदरको भागी हुन्छ । नियमावलीको छैठौं संशोधन सम्म मेरो पक्ष Qualify छ । नियमावलीको सातौं संशोधन अनुसार मुल्यांकन गर्न मिल्दैन । वोलपत्र पेश गर्ने समय समाप्त भएपछि संशोधित नियमावलीलाई निवेदकले नसमेटी वोलपत्र पेश गरेको भन्ने विपक्षी सार्वजनिक निकायको आधार कानूनको मान्य शिध्दान्तको बर्खिलाप भै Restrospective रुपमा कानून लागु गर्न खोजेको देखिन्छ । कनूनलाई यसरी प्रयोग गर्न मिल्दैन ।जुन समयमा जुन कानून बिद्यमान हुन्छ, त्यही कानून लागु हुन्छ ।

४.१.७ हरेक निर्णयका पछाडी निश्चित दायरा र विवेक हुन्छन् । कानूनले तोकेका आधार निर्णयकर्ताबाट पूरा गरेको हुनु पर्छ । हामीले पेश गरेको वोलपत्रमा आकर्षित नै नहुने संशोधित नियमावलीलाई आकर्षित गरी खरिद कार्य रद्द गरेको Legitimate expectation को शिध्दान्तको दृष्टीकोणबाट उचित हुदैन । हाम्रो वोलपत्र नियमावलीको छैठौं संशोधन अनुसार मुल्यांकन गर्नु पर्छ, Technically असफल हुने हो भने पनि नियमावलीको छैठौं संशोधन अनुसार गर्नु पर्छ ।

४.१.८ सार्वजनिक निकायबाट नियमावलीको छैठौं वा सातौं संशोधन कुन अनुसार मुल्यांकन गर्ने द्विविधा परेकोले PPMO मा रायपरामर्श माग गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ र यस कार्यालयबाट जारी भएको SBD मा भएको व्यवस्था वमोजिम कानून सम्मत निर्णय त्यहाबाट हुनु पर्ने देखिदा यस कार्यालयबाट थप राय प्रदान गरी रहनु नपर्ने भनी राय दिएको छ । यसमा कानून र SBD अनुसार मुल्याकन गर्न भनिएको छ । निर्णय गर्दा पक्षको हकलाइ हानी पुऱ्याउनु हुदैन । एकपटक सिर्जना भएको कानूनलाई लागु नगर्न पाईन्न ।

अतः मेरो पक्षबाट Line of credit पुऱ्याएको, रितपूर्वकको वोलपत्र पेश गरेको हुँदा विपक्षीबाट भएको बोलपत्र रद्द गर्ने निर्णय र सो निर्णयको आधारमा प्रकाशित सूचना खरिद कानून बिपरित भएकोले खारेज गरी हाम्रो प्राविधिक प्रस्ताब सफल गरी आर्थिक प्रस्ताब खोल्न बिपक्षी सार्बजनिक निकायको नाममा आदेश हुन यस समिति समक्ष अनुराध गर्दछु ।

४.२ सार्वजनिक निकाय श्री पूर्वाधार बिकास कार्यालय, कास्कीका तर्फबाट सि.डि.ई. श्री सोभियत खड्का र श्री भौतिक पूर्वाधार बिकास मन्त्रालय गण्डकी प्रदेशका तर्फबाट कानुन अधिकृत श्री संगीता महर्जनले आ-आफ्नो भनाई राख्नु भयो ।

वँहाहरुले सार्बजनिक खरिद नियमावलीमा भएको छैठौ संशोधन अनुसार बोलपत्र सम्बन्धी कागजात संशोधन गरी जारी समेत गरियो र बोलपत्र दाखिला गर्ने म्याद समेत थपियो । वोलपत्र निर्धारित् समयमा खोल्यौं । वोलपत्रमा म्याद थप गर्नु पर्ने कारण नियमावलीमा संशोधन थियो । नियमावलीको पाँचौं संशोधन अनुसार वोलपत्र आव्हान भएको थियो । नियमावलीको छैठौं संशोधन २०७६।०१।३० मा जारी भयो । त्यसै अनुसार SBD तयार गरी सूचनामा संशोधन गरेको हो । यसको अर्को कारण पनि छ त्यो हो EGp System मा आएको समस्या । बोलपत्र मुल्यांकन प्रक्रियाको क्रममा २०७६।०२।२३ मा सार्बजनिक खरिद नियमावलीमा भएको संशोधको कारण बोलपत्र मूल्यांकन छैठौं संशोधनको आधारमा गर्ने हो वा सातौं संशोधनको आधारमा गर्ने हो द्विबिधा भई यस विषयमा सार्बजनिक खरिद अनुगमन कार्यालयमा राय परामर्श माग गरी पठाएकोमा सो कार्यालयबाट प्राप्त राय पनि स्पष्ट भइ आएन । यस्तै विषयमा यस अघि सोही कार्यालयबाट सिंहदरवार पुनः निर्माण बिकास समितिलाई उपलब्ध गराएको २०७३।०४।२७ को राय मिल्दो भएकोले सोको आधारमा सार्बजनिक खरिद नियमावलीमा भएको सातौं संशोधन अनुसार बोलपत्र मुल्यांकन गर्दा बोलपत्रदाताको Financial Resource बोलपत्रमा माग भए बमोजिम नपुग भएकोले निजको प्राविधिक प्रस्ताब सारभूतरुपमा प्रभाबग्राही हुन नसकी बोलपत्र रद्द गरी पुन बोलपत्र आह्वान गर्ने निर्णय गरेको हो । समितिको पत्र

प्राप्त भएपछि पुनः बोलपत्र आह्वान नगरी रोक्का राखिएको छ। अत कानून सम्मत बोलपत्र रद्द गर्ने निर्णय गरिएकोले निबेदन खारेज भागी छ खारेज गरी पाउँ।

**५. समितिको निर्णयः**

Contract ID:IDOKASKI/W/R/35/075/76 बाट Upgrading Arunodaya Chitre-Harinas Gaupalika Kendra Section of Mirdi Kyakmi Bhimad Road निर्माण कार्य खरिद गर्न प्रकाशित सूचना बमोजिम वोलपत्रदाता निवेदक ओएसिस इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त रामचन्द्र तिमिल्सिनाले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदन साथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोसंग संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि आह्वान भएको बोलपत्र रद्द गर्ने सूचनाको बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ।

५.१ सार्बजनिक निकाय पुर्वाधार बिकास कार्यालय, कास्की, गण्डकी प्रदेशबाट सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५(५) मा भएको व्यवस्था बमोजिम निबेदक बोलपत्रदाताले पेश गरेको बोलपत्रको मूल्यांकन बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गरेको देखिएन।

५.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) को खण्ड खण्डमा उल्लेख भएको अवस्थामा बाहेक सार्बजनिक निकायले बोलपत्र रद्द गर्न मिल्दैन। सार्बजनिक निकायले सार्बजनिक खरिद नियमावली, २०६४ मा भएको छैठौं र सातौं संशोधनले बोलपत्र मूल्यांकन प्रक्रियामा द्विविधा परेको जनाई ऐ. नियमावलीको सातौं संशोधन अनुसार बोलपत्र सम्बन्धी कागजातमा संशोधन समेत नगरी नियमावलीको छैठौ संशोधन बमोजिम जारी भएको बोलपत्र सम्बन्धी कागजात अनुरुप पेश भएको बोलपत्र रद्द गर्ने गरी गरेको निर्णय र सो निर्णयको आधारमा प्रकाशित सूचना समेत उपरोक्त ऐनको दफा २६(१) को व्यवस्था बिपरित भएको छ।

५.३ सार्बजनिक निकायबाट सार्बजनिक खरिद नियमावली, २०६४ मा भएको छैठौं संशोधन पश्चात जारी बोलपत्रको Section III: Evaluation and Qualification Criteria 2.3.3 मा ५,६०,००,०००।- lines of credit माग भएकोमा रु. ९,९०,००,०००।-को lines of credit बोलपत्रदाताले बोलपत्रसाथ पेश गरेको देखिदा उक्त रकम जारी बोलपत्र कागजातले माग गरे अनुसार पुग्छ।

उपर्युक्त बुदाँ नं. ५.१, ५.२ र ५.३ मा उल्लेख भएको व्यहोराहरुको आधारमा सार्बजनिक निकायबाट उक्त निर्माण कार्यको बोलपत्र मूल्यांकन प्रक्रिया त्रुटीपूर्ण रही बोलपत्र रद्द गरी पुनः बोलपत्र आह्वान गर्ने गरी मिति २०७६।०५।२५ मा भएको निर्णय र सो निर्णयको आधारमा मिति २०७६।०५।२८ मा प्रकाशित बोलपत्र रद्द गर्ने सम्बन्धी सूचना सार्बजनिक खरिद ऐन, २०६३ को दफा २६(१) मा उल्लेख भएको अवस्थाहरु बिपरित छ। अतः बोलपत्रको मूल्यांकनमा त्रुटी भएको र सार्बजनिक खरिद ऐनको दफा २६(१) को अवस्था विपरित बोलपत्र रद्द गरेकाले उल्लिखत कुराहरुलाई समेत ध्यान दिई सार्बजनिक खरिद ऐन,२०६३ को दफा ५० को उपदफा (५) (ख) (३) बमोजिम बोलपत्रको प्राविधिक प्रस्ताब पुनः मूल्यांकन गर्न आदेश गरी दिएको छ। कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु।
(२) निवेदकले राखेको बैक ग्यारेन्टी नियमानुसार फुकुवा गर्नु।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७६ साल कार्तिक ०७ गते रोज ०५ शुभम्..................................................।

**नेपाल सरकार**
**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. ११२**

**आ.व. २०७६/७७ को निर्णय नं ०६**

| | |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रहेको ओएसिस इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त रामचन्द्र तिमिल्सिना............१ | **निवेदक पक्ष** |
| **बिरुद्ध** | |
| श्री यातायात पुर्वाधार बिकास निर्देशनालय, पुर्वाधार बिकास कार्यालय, कास्की गण्डकी प्रदेश नेपाल............१ | |
| श्री प्रमुख, यातायात पुर्वाधार बिकास निर्देशनालय, पुर्वाधार बिकास कार्यालय, कास्की गण्डकी प्रदेश नेपाल............१ | **विपक्षी** |
| श्री भौतिक पुर्वाधार बिकास मन्त्रालय, गण्डकी प्रदेश न............१ | **प्रत्यर्थी** |

**विषयः सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) बमोजिम खारिद कारबाही तथा निर्णयको पुनरावलोकन गरी निबदेनको अन्तिम टुङ्गो नलागेसम्म खरिद प्रक्रिया रोकी पाउँ ।**

**१. निवेदकको माग/दाबीः**

सार्बजनिक निकाय श्री पुर्वाधार बिकास कार्यालय, कास्कीले Contract ID: IDOKASKI/W/R/34/075/76 बाट Upgrading of Kaseri Bhainse Yanjakot Road को खरिद कार्यको लागि मिति २०७६।०१।२७ मा प्रकाशित बोलपत्र मिति २०७६।०५।२८ को नयाँ पत्रिका दैनिकमा प्रकाशित रद्द गर्ने सुचनाका सम्बन्धमा चित्त नबुझी बोलपत्रदाता ओएसिस ईन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.ले प्रभु बैंक लि. बबरमहल काठमाडौंको रेफ नं. P10901P055667, मिति २९।०९।२०१९ को रु. ८,००,०००।- को सक्कल बैंक (पर्फमेन्स) ग्यारेन्टी संलग्न गरी सार्बजनिक खरिद ऐन, २०६३ दफा ४९(क) बमोजिम मिति २०७६।०६।१२ मा यस समितिमा पुनरावलोकनका लागि दिएको निबेदनमा मुख्य माग दाबी देहाय अनुसार रहेको देखिन्छ ।

१.१ मिति २०७६।०१।२७ मा आह्वान गरेको (Contract ID: IDOKASKI/W/R/34/075-76-The Procurement of Upgrading Kaseri Bhainse Yangkot Road) को वोलपत्र पेश गर्ने कार्यमा जुटेको अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको छैठौं संशोधनलाई समेटी विपक्षीबाट मिति २०७६।०२।१४ मा संशोधित वोलपत्र (Bid Addendum) जारी भएको थियो। सुचना अनुसार मिति २०७६।०२।२७ सम्म वोलपत्र पेश गर्ने समयसीमा रहेकोमा www.bolpatra.gov.np मा प्राविधिक समस्या आएको कारण वोलपत्र पेस गर्ने अन्तिम मिति २०७६।०२।३० निर्धारण गरिएको थियो। छैठौं संशोधनलाई मात्र समेट्ने गरी Bid Document मा संशोधनले निर्धारण गरेको माग अनुसार e-bidding को माध्ययमबाट मिति २०७६।०२।२९ मा वोलपत्र दाखिल गरेका थियौं।

१.२ विपक्षी नं. १ ले मिति २०७६।०५।२८ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा बोलपत्र रद्द गर्ने सम्बन्धी सुचना प्रकाशित गरी मिति २०७६।०५।३१को पत्र मार्फत सोको जानकारी गराएको थियो। हामीले के कुन कारणले सो बोलपत्र रद्ध भएको हो भन्ने जानकारी मागेकोमा विपक्षी नं. १ को मिति २०७६।०५।३१ मा प्रेशित पत्रबाट "उपरोक्त बोलपत्र सार्वजनिक खरिद नियमावली २०६४ (छैठौं संशोधन) बमोजिम प्रकाशन गरिएको, सार्वजनिक खरिद नियमावली (सातौं संशोधन) अनुसार मुल्यांकन गर्दा द्विविधा भएको साथै बोलपत्रदाताको प्राविधिक पक्षको योग्यता नपुग्ने देखिएकोले खरिद प्रकृया रद्ध गरी पुनःबोलपत्र आह्वान गर्न मनासिब देखिएको भनी भौतिक पुर्वाधार विकास मन्त्रालयबाट मिति २०७६।०५।२५ मा निर्णय भई सो बोलपत्रहरु रद्ध गरिएको हो" भन्ने जानकारी हुन आयो। प्रथमदृष्टी (*prima facie*) मानै विपक्षी नं. १ ले कानूनको मुल्य र मान्यताभन्दा बाहिर गएर गरिएको निर्णयले हामी माथि ठुलो अन्याय हुन पुगेको छ।

१.३ सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४७ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०० बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको निर्णय गर्दा त्रुटी गरी पालना गर्नु पर्ने कर्तव्य पालना नगरेकोले आफुलाई क्षति पुग्न सक्ने कारण खुलाई विपक्षी नं. १ को कार्यालयको प्रमुख समक्ष दिएको निवेदनको केही जवाफ नआएकोले सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४७(६) को कानूनी व्यवस्था समेत कार्यालय प्रमुखबाट कार्यान्वयन भएन।

१.४ विपक्षी नं. १ ले शुरुमा सार्वजनिक खरिद नियमावली, २०६४ (पाचौं संशोधन) बमोजिम प्रकाशित गरेको बोलपत्र सार्वजनिक खरिद नियमावली, २०६४ (छैठौं संशोधन) बमोजिम संसोधित भएको अवस्था थियो। हामीले माग अनुसार Original Bid Document र Bid Addendum मा केन्द्रिकृत रहेर बोलपत्र पेश गरेका थियौं। खरिद नियमावलीमा मिति २०७६।०२।२३ मा सातौ र मिति २०७६।०४।१६ मा आठौ संशोधन आएतापनी Original Bid मा कुनै संशोधन जारी गरिएन। बोलपत्रको मूल्यांकन छैठौं संशोधन बमोजिम नगरी सातौं संशोधन बमोजिम गरेकोले यो मूल्यांकन प्रकृया कानुनको मान्य सिद्धान्त बिपरित छ। नेपाल कानुन व्याख्या

सम्बन्धी ऐन, २०१० को दफा ४ मा पछि बन्ने कानुनले अघि बन्ने कानुन अनुसार काम भइ पाएको अधिकार कुन्ठित गर्न नमिल्ने उल्लेख छ। मूल्यांकन गर्ने विधि पाश्चातदर्शी रहेकोले कानुनले कदापि स्वीकार गर्दैन। वोलपत्र पेश गर्ने समय समाप्त भै सकेपछि संशोधित नियमावलीलाई निवेदकले नसमेटी वोलपत्र पेश गरेको भन्ने विपक्षीको आधार कानूनको मान्य सिद्दान्तको बर्खिलाफ भै Retrospective रुपमा कानून लागु गर्न खोजेको देखिन्छ। वोलपत्र पेश गर्ने प्रकृया सारवान तथा कार्यविधिगतरुपमा समाप्त भै सकेको अवस्थामा बोलपत्रले समेट्दै नसमेटेको नियमालवलीको संशोधनलाई अगाडी सार्दै कानूनी जटिलता देखाई हामीले पेश गरेको वोलपत्रको प्राविधिक प्रस्तावको मुल्याङ्कन नै नगरी खरिद प्रकृया रद्द गर्ने विपक्षीको कार्य कानुनको मान्य सिद्धान्तको वर्खिलाफ छ।

१.५ विपक्षीबाट प्राप्त जानकारीमा सातौं संशोधन बमोजिम मूल्यांकन गर्दा द्विविधा भएको भनिएको छ। यस्तो द्विविधा सिर्जना हुनुको मुख्य कारण नै बोलपत्रको छैठौं संशोधन बमोजिम मूल्यांकन नहुनु हो। त्यसलाई पनि विपक्षीबाट हाम्रो प्राविधिक पक्षको योग्यता नपुगेको भनिएको हुन सक्छ। हामीले सम्पुर्ण योग्यता पुरा गरेर मात्रै बोलपत्र पेश गरेका थियौं। हाम्रो योग्यता के कुन पक्ष र शीर्षकमा अपुग भएको हो भन्ने कुराको प्रमाण विपक्षीको पत्रमा नखुलेको र हामीलाई त्यसबारेमा केही जानकारी मागिएको समेत छैन। माग बमोजिमको सबै योग्यता पुरा गरी सोको प्रमाण समेत हामीले वोलपत्र आवेदनसँगै पेश गरेका छौं। यसमा हाम्रो कुनै त्रुटी कमी कमजोरी छैन। सार्वजनिक खरिद प्रकृया अन्तर्गत प्राविधिक तथा आर्थिक प्रस्तावको मुल्याङ्कन सम्बन्धमा निहित धारणा भनेको योग्य र क्षमतावानहरुको बीचमा स्वच्छ प्रतिस्पर्धा भई सुपथ मुल्यमा गुणस्तरीय कार्य होस भन्ने हो। सार्वजनिक खरिद ऐनको दफा ६१(क) ले पनि यसैलाई इङ्गित गर्दछ। बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित योग्यता नपुगेको भनी योग्यता हासिल गरेको निवेदक कम्पनीलाई प्रतिस्पर्धाबाट बाहिर गरिएको कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६१ विपरित रहेको छ।

१.६ विपक्षी नं. १ ले खरिद प्रकृया रद्ध गरी पुनःबोलपत्र आह्वान गर्न मनासिब देखिएको भनी भौतिक पुर्वाधार विकास मन्त्रालयबाट मिति २०७६।०५।२५ मा निर्णय भई सो बोलपत्रहरु रद्ध गरिएको भन्ने जानकारी गराएकोले वोलपत्र रद्द गर्ने कार्य भौतिक पुर्वाधार विकास मन्त्रालयबाट भएको देखिन्छ। ऐनको दफा २६ को उपदफा (१)(क) मा कुनै पनि वोलपत्र दफा २३(२) को खण्ड (घ) बमोजिम सारभुतरुपमा प्रभावग्राही नभएमा वोलपत्र अस्वीकृत गर्न वा खरिद कार्वाही रद्द गर्न सक्ने उल्लेख छ। बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित प्राविधिक स्पेशिफिकेशन (Specification) र सोही कागजातमा संलग्न खरिदका शर्त अनुरुप भए नभएको नहेरी स्वेच्छाचारी तवरबाट विपक्षीले सारभूतरुपमा प्रभाबग्राही नभएको भनी खरिद प्रकृया नै रद्द गरेको छ। ऐ.ऐनको दफा २३ बमोजिम सार्वजनिक निकायले खोलेको बोलपत्र मुल्याङ्कन समितिमा पेश गर्नु पर्ने उल्लेख गरे अनुसार मुल्याङ्कन समितिले प्राप्त वोलपत्रको मुल्याङ्कन गरी निर्णयमा पुग्नु पर्नेमा कानूनले दिदै नदिएको अधिकारको प्रयोग गरी मन्त्रालयको मिति २०७६।०५।२५ को निर्णय बमोजिम खरिद कार्वाही रद्द गर्नु त्रुटीपुर्ण रहेको छ।

१.७ वोलपत्र आह्वान भएपछि वोलपत्र दाखिला गर्ने बोलपत्रदाता र वोलपत्र आह्वान गर्ने निकायवीच करारीय दायित्व सृजना हुनका साथै अन्तर प्रभावी सम्बन्ध समेत सृजना हुन जान्छ। यस्ता सम्बन्धलाई एक अर्काबाट हुने कार्य एवं निर्णयले असर पुग्ने हुनाले पेश भएको प्राविधिक तथा आर्थिक प्रस्ताव माग बमोजिम तथा आकर्षित कानून बमोजिम छ छैन भनी वोलपत्र आह्वानकर्ताले बिचार नगरी आफुखुसी निर्णय गर्नु हुदैन। Appropriate तथा Reprobate Principle लगाई एकै चोटी व्याख्या गरिनु हुदैन। विपक्षी स्वयंले नियमावलीमा भएको छैठौ संशोधनलाई समेट्ने गरी संशोधन गरे पश्चात हामीले दाखिला गरेको वोलपत्रलाई अवमुल्यन गरी वोलपत्रले संबोधन नै नगरेको नियमावलीको सातौ संशोधन बमोजिम वोलपत्र नपरेको भनी खरिद प्रकृया नै रद्द गर्ने विपक्षीको निर्णय कानूनको बर्खिलाप छ।

१.८ विपक्षी मन्त्रालयबाट मिति २०७६।०५।२५ मा निर्णय गरी उक्त निर्णयको आधारमा विपक्षी पुर्वाधार कार्यालयबाट मिति २०७६।०५।३१ मा खरिद प्रकृया रद्द गर्ने भन्ने व्यहोराको पत्र प्राकृतिक न्यायको सिद्दान्त (Principle of natural Justice) बिरुद्द भएको हुँनाले उक्त निर्णय कानून संगत ठहर्दैन। हामी निवेदकलाई खरिद प्रकृया रद्द गर्नु पुर्व सुचना नदिएको तथा स्पष्टिकरण नसोधेको हुँनाले विपक्षीले गंभिररुपमा प्राकृतिक न्यायको सिद्दान्त हनन गरेको देखिन्छ। विपक्षीले निर्णय गर्दा आधार र कारणयुक्त निर्णय गर्दै प्राकृतिक न्यायको सिद्धान्त अन्तर्गत सुनुवाइको सिद्धान्त (Theory of Hearing) को पनि परिपालना गर्नु पर्ने हुन्छ। यसै सम्बन्धमा सम्मानित श्री सर्वोच्च अदालत बाट ने.का.प. २०७५, अंक ६, नि.नं १००२७ मल्टी डिसिप्लिनरी कन्सल्टेन्ट्स प्रा.लि. विरुद्द सार्वजनिक खरिद अनुगमन कार्यालय भएको मुद्दामा "प्रशासकीय र न्यायिक निकायबाट कुनै व्यक्तिको हकाधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ कारबाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ। निर्णयमा यस किसिमको निश्पक्षता र स्वच्छता कायम गर्नको लागि जसका विरूद्ध कानूनी दायित्व बहन गराउने गरी निर्णय गरिन्छ उसलाई आफ्नो दाबी वा भनाइ राख्ने र प्रमाण पेस गर्ने समुचित मौका प्रदान गरिनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तअन्तर्गतको सुनुवाइको सिद्धान्तसँग सम्बन्धित छ । यसले निर्णय प्रक्रियालाई स्वच्छ (Fair), न्यायिक (Just) र निश्पक्ष (Impartial) बनाउन मद्दत गर्ने हुन्छ। यसैलाई कानूनको उचित प्रक्रिया (Due Process of law) पनि भनिन्छ । कानूनको उचित प्रक्रिया (Due process of law or Procedure established by law) र प्राकृतिक न्याय सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगत रूपमा भएको मानिने", भनी सिद्दान्त प्रतिपादन भएको छ।

अतः बोलपत्र सम्बन्धी कागजातमा तोकिएको शर्त बिपरित मुल्याङ्कन गरी निवेदक कम्पनीको प्राविधिक प्रस्ताव छनौट नगर्ने विपक्षीको मिति २०७६।०५।२५ को निर्णय र उक्त निर्णयको आधारमा जारी मिति २०७६।०५।३१ को पत्र, मिति २०७६।०५।२८ को सुचना समेत खारेज गरी हाम्रो प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताब मुल्याङ्कनमा सामेल गराउनुका साथै निवेदनको टुङ्गो

नलागेसम्म उक्त मितिहरुको निर्णय र वोलपत्र रद्द गर्ने सम्बन्धी सुचना कार्यन्वयन र पुनः वोलपत्र आह्वान नगर्नु नगराउनु भनी विपक्षीहरुको नाममा आदेश जारी गरी पाऊँ।

**२. सार्वजनिक निकायको प्रतिक्रियाः**

यस समितिको मिति २०७६।०३।१२ को पत्रबाट सार्बजनिक निकाय श्री पुर्वाधार बिकास कार्यालय, कास्कीसंग प्रतिकिया माग गरेकोमा उक्त निर्देशनालयको मिति २०७६।०६।२९ को मिति २०७६।०७।०१ मा प्राप्त प्रतिक्रियामा उल्लेख भएका प्रमुख बुँदाहरु देहाय अनुसार रहेकाछन् ।

२.१ कसरी–भैसे-याँग्जाकोट सडकको (Contract Identification No: IDOKASKI/W/R34/075/76) स्तरोन्नती गर्ने कार्यको रु. ४२,४३,६५,३५१.९१ (मू. अ. कर समेत) को लागत अनुमान तथा बहुबर्षीय खरिद योजना मिति २०७६/०१/२५ मा स्वीकृत, बोलपत्र आव्हान सम्बन्धी मिति २०७६/०१/२७ मा प्रकाशित सूचना बमोजिम म्याद थप पछी बोलपत्र पेश गर्ने अन्तिम मिति २०७६/०२/३० गते दिनको १२:०० बजेसम्ममा ओएशिस ईन्जिनियर्स एण्ड विल्डर्स प्रा.लि.लाजिम्पाट काठमाण्डौको १ मात्र बोलपत्र दर्ता भएको छ।

२.२ बोलपत्र आव्हान सम्बन्धी सूचना तथा बोलपत्र सम्बन्धी कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको Online template प्रयोग गरी सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम तयार गरिएको थियो।

२.३ मिति २०७६/०१/३० गते सार्वजनिक खरिद नियमावलीमा भएको छैठौ संशोधन अनुसारको बुंदाहरु समेत समाबेस गरी मिति २०७६।०२/१४ मा सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा जारी नयाँ Standard Bidding Document अनुसार वोलपत्र शंशोधन गरिएको।

२.४ बोलपत्र पेश गर्ने अन्तिम मिति अगावै मिति २०७६/०२/२३ गते सार्वजनिक खरिद नियमावलीको सातौं संशोधन समेत आएको । सँशोधित नियमावलीमा उल्लेखित बुंदाहरु समेत समाबेस गरी सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा नयाँ Standard Bidding Document जारी गर्न ढिलाई भएको तथा सोही समयमा सो कार्यालयको e-procurement website: www.bolpatra.gov.np/egp मा प्राबिधिक समस्या रही बोलपत्र सम्बन्धी कागजातमा नयाँ संसोधित नियमावली अनुसार संसोधन तथा म्याद थप समेत गर्न नसकिएको ।

२.५ मिति २०७६/०२/३१ गते १३:०० बजे पेश भएको एक मात्र बोलपत्र नियमानुसार खोलेको र सार्वजनिक खरिद नियमावलीमा भएको छैठौं तथा सातौ शंशोधन पछि वोलपत्रको प्राविधिक पक्षको मूल्याङकनको क्रममा व्दिबिधा उत्पन्न भइ सार्वजनिक खरिद अनुगमन कार्यालयसँग विवरण सहित राय परामर्श माग गरिएकोमा उक्त कार्यालयबाट "सार्बजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र यस कार्यालयबाट जारी भएको Standard Bidding Document मा भएका ब्यबस्थाहरु बमोजिम कानुन सम्मत निर्णय तहाँबाट हुनुपर्ने देखिदा यस कार्यालयबाट थप राय प्रदान गरिरहनु नपर्ने" भनी राय परामर्श प्राप्त भएको । उक्त कार्यालयबाट ठोस राय सुझाब प्राप्त नभए पछि बोलपत्र मुल्यांकन समितिद्वारा बोलपत्र मुल्यांकन प्रकृया अगाडी बढाईएको ।

२.६ सार्वजनिक खरिद अनुगमन कार्यालयबाट २०७३/०४/२७ मा सिंहदरबार सचिवालय पुनः निर्माण समिति, काठमाडौंबाट समान प्रकृतिको मुल्यांकन प्रकृयाको सम्बन्धमा संशोधित ऐन नियम लागु भई कार्यान्विनमा रहेको अवस्थामा संसोधन भएका बिषयहरुका हकमा संशोधित ऐन नियम बमोजिम हुने भनी राय परामर्श दिईएकोले बोलपत्र मुल्यांकन प्रकृया सोही राय सुझाबलाई आधार मानी सार्बजनिक खरिद नियमावलीको सातौ संसोधन तथा सो संसोधनको आधारमा सार्बजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको Standard Bidding Documents अनुसार अघि बढाईएको ।

२.७ सार्वजनिक खरिद नियमावलीको सातौ संसोधन पछि मूल नियमावलीको नियम ६५ को उपनियम ५,६,७ र ८ झिकिएका छन र सो सातौ संसोधन पछि सार्बजनिक खरिद कार्यालयबाट जारी गरिएको Standard Bidding document को Evaluation and Qualification Criteria को 2.3.3 Financial Resources मा समेत "Using forms FIN-3 and FIN-4 in section IV ( Bidding forms) the Bidder must demonstrate to, or availability of, financial resources such as liquid assets, Unencumbered real assets, lines of credit and other financial means, other than any contractual advance Payments to meet its current contract commitments plus : The cash flow requirements" भनी व्यवस्था भए अनुसार बोलपत्रदातासंग उपलब्ध रहेको Financial Resources ले माग गरिए अनुसारको cash flow requirements का साथ साथै निजसंग हाल रहेको Current Contract Commitments को Outstanding Amount लाइ समेत पुग्नु पर्ने देखिन्छ। बोलपत्रदाताको बोलपत्रले प्राबिधिक मुल्याकनको क्रममा उक्त Criteria पुरा गर्ने नदेखिएकोले बोलपत्र मुल्यांकन समितिको मिति २०७६।०४।१० को निर्णय अनुसार निजको बोलपत्र सारभुतरुपमा प्रभाबग्राही नरहेको ठहर गर्दै बोलपत्र रद्द गर्न सिफारिस गरिएको।

२.८ बोलपत्र मुल्यांकन समितिको निर्णय अनुसार नै "सार्वजनिक खरिद नियमावली २०६४ ( छैठौं संशोधन) बमोजिम प्रकाशन गरिएको, सार्वजनिक खरिद नियमावली (सातौं संशोधन) अनुसार मुल्यांकन गर्दा व्दिबिधा भएको साथै बोलपत्रदाताको प्राबिधिक पक्षको योग्यता नपुग्ने देखिएकोले खरिद प्रक्रिया रद्द गरी पुनः बोलपत्र आब्हान गर्न मनासिब देखिएको" भनि मिति २०७६/०५/२५ मा गण्डकी प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट निर्णय भएको । मिति २०७६/०५/२८ मा बोलपत्र रद्द गरिएको सूचना प्रकाशन भएको तर पुनः बोलपत्र आब्हान सम्बन्धी सुचना प्रकाशित गरिएको छैन ।

**३. अध्ययन अवलोकनः**

श्री यातायात पुर्वाधार बिकास कार्यालय, कास्कीले उपरोक्त खरिदको लागि मिति २०७६।०२।०१ मा बोलपत्र आह्वान गरेअनुसार पर्न आएको बोलपत्र रद्द गर्ने विषयको मिति २०७६।०५।२८ मा प्रकाशित सूचनामा चित्त नबुझी ओएसिस इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.ले पुनरावलोकनको लागि यस समितिमा दिएको निवेदन, सो साथ संलग्न कागजात, कार्यालयले उपलब्ध गराएको प्रतिक्रिया, बोलपत्र सम्बन्धी कागजात, एवं खरिद कारबाही सम्बन्धी फाईल र निर्णयहरु, बोलपत्रदाताले पेश गरेको बोलपत्र प्रस्ताब, प्रचलित खरिद ऐन, नियमहरु समेतको अध्ययनबाट देखिएका उल्लेख्य बुँदाहरु निम्नानुसार छन् ।

३.१ उपरोक्त निर्माण कार्यको वोलपत्र पेश गर्ने मिति २०७६।०१।२७ सम्म भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको छैठौं संशोधन पश्चात् बोलपत्र कागजात संशोधन गरी वोलपत्र पेस गर्ने मिति २०७६।०२।३० सम्म कायम गरेकोमा निबेदकले मिति २०७६।०२।२९ मा e-bidding मार्फत बोलपत्र पेश गरेको देखिन्छ ।

३.२ सार्वजनिक निकायबाट वोलपत्र रद्द गरी पुनः वोलपत्र आह्वान गर्ने निर्णय प्रति चित्त नबुझी निवेदक वोलपत्रदाताबाट सार्वजनिक निकायका प्रमुख समक्ष पुनरावलोकनको लागि दिएको निबेदनका सम्बन्धमा वोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही नभइ बोलपत्र रद्द गरेको बिषयमा सार्वजनिक निकायबाट बस्तुगत कारण दिएको देखिएन ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५(५) मा बोलपत्रको मूल्यांकन बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ र त्यसरी मूल्यांकन गर्दा प्रत्येक बोलपत्रको मूल्यांकित रकम अर्को बोलपत्रको मूल्यांकित रकमसंग तुलना गरी न्यूनतम बोल अंक कबुल गर्ने बोलपत्र निर्धारण गर्नु र उपदफा (६) मा उपदफा (४) बमोजिम न्यूनतम बोल अंक कबुल गर्ने बोलपत्रको बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यता मूल्यांकनका आधार अनुरुप भए नभएको जांच गर्नु पर्ने छ उल्लेख भएको पाइन्छ ।

सूचनामा उल्लेख भएका शर्त र कार्यालयबाट जारी भएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसार पेश भएको बोलपत्रको मूल्यांकन ऐनको यो दफा अनुसार गरिनु पर्ने हुन्छ । नियमावलीमा संशोधन भयो भनी सूचनामा नराखेको शर्तलाई आधार मानी वोलपत्र मूल्यांकन गर्न कानून विरुध्द हुन जान्छ । यस बिषयमा नेपाल कानून ब्यख्या सम्बन्धी ऐन, २०१० मा सामान्य शिध्दान्त वनेको छ । अवध किशोर प्रसाद बिरुध्द बन्सि, ने.का.प.०६०, नि.नं.७१८१,पृ १४१ मा " जुन कानून जहिले आउँछ त्यस पछिको काम कुरामा मात्र प्रभाव पार्न सक्छ । ऐनको उत्पत्ति हुनु पूर्वको काम कुरामा असर पार्न सक्तैन" भन्ने सिद्धान्त अदालतबाट स्थापति भएको छ ।

३.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) को खण्ड (क) मा कुनै पनि वोलपत्र दफा २३(२) को खण्ड (घ) वमोजिम सारभूत रुपमा प्रभावग्राही नभएमा, (क१) मा दफा २७ को (६) वमोजिमको प्रक्रिया अपनाउदा पनि सम्झौता हुन नसकेमा, (ख) मा न्यून मूल्यांकित सारभूतरुपमा प्रभावग्राही वोलपत्रको बोल अंक लागत अनुमानभन्दा सारभूतरुपमा बढी भएमा, वा (ग) मा माग गरिएको निर्माण कार्य आवश्यक नभएमा सार्वजनिक निकायले सम्पूर्ण वोलपत्रहरु अस्वीकत गर्न वा खरिद कार्यवाही रद्द गर्न सक्ने  भन्ने व्यवस्था भएको छ । कानूनले व्यवस्था गरेको यो अवस्थामा वाहेक वोलपत्रहरु अस्वीकत गर्न वा खरिद कार्यवाही रद्द गर्न सकिदैन । सार्वजनिक निकायले सार्वजनिक खरिद ऐनमा भएको सातौं संशोधनले द्विबिधा उत्पन्न गरेको भनी बोलपत्र रद्द गरेको कार्य यो कानुनी व्यवस्था अनुकुल देखिदैन ।

३.५ सार्वजनिक खरिद नियमावली, २०६४ को मिति २०७६।०१।३० मा भएको छैठौं संशोधनबाट थप भएको उपनियम (५) मा मुल्यांकन समितिले ऐनको दफा २५ बमोजिम बोलपत्र मूल्यांकन गर्दा बोलपत्र कागजातमा उल्लेख भए बमोजिम कुनै सार्वजनिक निकायमा प्रयोग रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता त्यस्तो निकायलाई आवश्यक पर्ने हदसम्म त्यस्तो बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता थप कार्यको लागि गणना नहुने, उपनियम (६) मा बोलपत्रदाताले आफुले गरेको बिगत पाँच आर्थिक वर्षको औषत वार्षिक कारोवार रकमको बढीमा चार गुणाले हुन आउने रकम सम्मको मात्र बोलपत्र लिन सक्ने कुरालाई बोलपत्रदाताको योग्यता र मुल्यांकनको आधारको रुपमा लिनु पर्ने, उपनियम (७) मा उपनियम (६) बमोजिम औषत बार्षिक कारोवार (टर्न ओभर) रकमको चार गुणाले हुन आउने रकम गणना गर्दा बोलपत्रदाताको चालु ठेक्काको लागि त्यस्तो रकम छुट्याएर मात्र एकीन गर्नु पर्ने र उपनियम (८) मा बोलपत्रदाताको पछिल्लो आर्थिक वर्षको वासलातमा निजको नगद प्रबाह सकारात्मबक रहेको, खुद दायित्व भन्दा सम्पति (नेटवर्थ) बढी भएको र सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा निशर्त केडिट लाईनको सुविधा उपलब्ध भएको हुनु पर्ने व्यवस्था भएको देखिन्छ । ऐ. नियमावलीमा मिति २०७६।०२।२३ मा भएको सातौं संशोधनले उक्त थप भएको सबै व्यवस्था हटाएको छ ।

३.६ वोलपत्र सूचना प्रकासन भए पश्चात् बोलपत्र माग गर्ने र पेस गर्नेबीच करारका दायित्व सिर्जना हुन्छन् । यस्ता शर्तहरु पक्षहरुबीच पालन गर्नु पर्ने बाध्यकारी हुन्छन् ।

३.७ सार्वजनिक निकाय श्री पुर्वाधार बिकास कार्यालयबाट गठित बोलपत्र मूल्यांकन समितिले मिति ०१।०८।२०१९ मा तयार गरेको प्राविधिक बोलपत्र मुल्यांकन प्रतिबेदनको Criteria: Test of Qualification को S.no. Sub-Criteria 7, Financial Resources को Result मा Not complied र Comments मा Contractor Fails to meet the requirement of Financial Resource as specified in Evaluation and qualification criteria, (2. qualification criteria, 2, 3 3 Financial resources)  उल्लेख गरी निबेदक बोलपत्रदाताले Evaluation and qualification criteria मा तोकिएको Financial Resource देखाउन नसकेकोले निजको बोलपत्र सारभूतरुपमा अप्रभाबग्राही भएकोले बोलपत्र प्रक्रिया रद्द गरी पुनः बोलपत्र आह्वान गर्न सिफारिस गरेको देखिन्छ । सोही सिफारिस बमोजिम भौतिक पुर्वाधार विकास मन्त्रालय, गण्डकी प्रदेश सचिबबाट २०७६।०५।२५ मा बोलपत्र रद्द गरी पुनः बोलपत्र आह्वान गर्न निर्णय भएको र बोलपत्र रद्द गर्ने सूचना २०७६।०५।२८ को नया पत्रिका दैनिकमा प्रकाशन भएको देखिन्छ ।

३.८ सार्बजनिक निकायबाट सार्बजनिक खरिद नियमावलीमा भएको छैठौं संशोधन पश्चात जारी बोलपत्रको Section III: Evaluation and Qualification Criteria 2.3 Financial Situation, 2.3.3 Financial Resource मा Using forms FIN-3 In section IV(Bidding Forms) the Bidder must demonstrate access to, or availability of financial resource in the form of "lines of credit".  The following Cash-flow requirement  NRs.87 Million  हुनु पर्ने उल्लेख छ । सार्बजनिक खरिद नियमावलीमा भएको सातौं संशोधन अनुरुप संशोधित बोलपत्र सम्बन्धी कागजात जारी भएको देखिदैन । बोलपत्रदाताले बोलपत्रसाथ प्रभु बैक लि. बबरमहलको जुन १०,२०१९ को केडिट कमिटमेन्ट नं. पिबिएल१३५/सिआरएम/९२८/२०७५/०७६ को रु. १०,००,००,०००।- केडिट लाईन पेश गरेको देखिदा उक्त रकम जारी बोलपत्र कागजातले माग गरे अनुसार पुग्ने देखिन्छ ।

४. **छलफल तथा सुनवाईः**

सार्वजनिक खरिद पुनरावलोकन समितिमा उपरोक्त निवेदन उपर मिति २०७६।०७।०५ गतेका दिन छलफल तथा सुनवाइको कार्यक्रम राखिएको थियो ।

४.१ उक्त कार्यक्रममा निबेदकका तर्फबाट बिद्वान अधिवक्ताहरु क्रमशः श्री नारायण प्रसाद कोईराला, श्री तुल बहादुर श्रेष्ठ र श्री अमर जिबी घिमिरेले वहस पैरबी गर्नु भयो ।

४.१.१ यस निर्माण कार्यको सूचना मिति २०७६।०१।२७ मा प्रकासन भयो । वोलपत्र पेस गर्ने अन्तिम मिति २०७६।०२।२७ सम्म थियो । यसलाई म्याद थप गरी २०७६।०२।३० सम्म पारियो । सूचनामा सार्वजनिक खरिद नियमावली, (छैठौं संशोधन) २०६४ अनुसार वोलपत्र कागजातहरु अनुसार पेस गर्ने निर्देशन भए अनुसार सबै आधारहरु पूरा गरी e-bidding मार्फत वोलपत्र पेस गर्‍यौं ।

४.१.२ यसै क्रममा सार्वजनिक निकाय पूर्वाधार विकास कार्यलय, कास्कीबाट मिति २०७६।०५।२८ मा यो वोलपत्र रद्द गर्ने सूचना नयाँ प्रत्रिका दैनिकमा प्रकासित भयो र सो को जानकारी २०७६।०५।३१ मा पत्र मार्फत प्राप्त भयो । पत्रमा "वोलपत्र सार्वजनिक खरिद नियमावली, (छैठौ. संशोधन), २०६४ वमोजिम प्रकाशन गरिएको, सातौं संशोधन अनुसार मुल्यांकन गर्दा द्विविधा भएको साथै वोलपत्रदाताको प्राविधिक पक्षको योग्यता नपुग्ने देखिएकोले खरिद प्रकृया रद्द गरी पुनः वोलपत्र आव्हान गर्न मुनासिव देखिएको" भनी २०७६।०५।२५ मा निर्णय भएकोमा यस कार्यवाही प्रति हामीलाई चित्त नबुझी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) वमोजिम यस समितिमा आएका छौ । विपक्षी सार्वजनिक निकायलाई के कुरामा द्विविधा भयो स्पस्ट पार्नु भएको छैन ।

४.१.३ वोलपत्र आह्वानको सूचना नियमावलीको छैठौं संशोधन अनुसार प्रकासित गरियो, सातौं संशोधन अनुसार मूल्यांकन गर्नु पर्ने अवस्था नै नआउने हुदा सातौं संशोधन आकर्षित् हुदैन । यसबाट दुई कुराहरु स्पष्ट हुन्छन् । प्रथम वोलपत्र रद्द गर्ने कारणहरु स्पष्ट हुनु पर्छ। दोस्रो कुन योग्यता नपुगेर वोलपत्र रद्द गरियो । सार्वजनिक निकायले मागे वमोजिम वोलपत्र पेस गरेका छौ । Technically fail भएको कारण उल्लेख गरेको छैन । तसर्थ विपक्षीबाट भएको मिति २०७६।०५।२५ निर्णयबाट वोलपत्र रद्द गर्ने मिति २०७६।०५।२८ को सूचना र जनकारीको पत्र रद्द गरी हाम्रो पक्षले न्याय पाउन यस ईजलास समक्ष निवेदन गर्दछौं ।

४.१.४ सम्पूर्ण वोलपत्र अस्वीकृत गर्न वा खरिद कार्यवाही रद्द गर्न सक्ने ब्यवस्थाका बारेमा सार्वजनिक ऐन, २०६३ को दफा २६(१) मा उल्लेख छ । तर बिपक्षी सार्बजनिक निकायले उक्त कानूनी व्यवस्थाका बिपरित हुने गरी कानूनको प्रयोगमा द्विविधाका कारणले बोलपत्र रद्द गरेको जानकारी दिएको छ । कानूनको प्रयोगमा द्विविधाको कारण देखाई निर्णय गर्ने छुट सार्बजनिक निकायलाइ दिएको छैन । अनुमानको भरमा निर्णय गर्न पाईन्न ।

४.१.५ मेरो पक्षले Technical Evaluation and qualificitaion Criteria बाट माग भए वमोजिमका सम्पूर्ण Criteria पुरा गरेको छ ।

४.१.६ यो खरिद कार्य शंघीय कानून अन्तरगत आएको हो । सार्वजनिक खरिद ऐन, २०६३ शंघीय कानून हो । यसै कानून अन्तरगत यो निर्माण कार्यको वोलपत्र प्रकृया पूरा गर्नु पर्छ । यो कानून देशभरी लागु हुन्छ । प्रदेशले निर्माण गरेको खरिद सम्बन्धी कानून प्रदेश क्षेत्र भित्र मात्र लागु हुन्छ । अधिकार विनाको प्रदेशले वोलपत्र रद्द गर्ने गरेको निर्णय वदरको भागी हुन्छ । नियमावलीको छैठौं संशोधन सम्म मेरो पक्ष Qualify छ । नियमावलीको सातौं संशोधन अनुसार मुल्यांकन गर्न मिल्दैन । वोलपत्र पेश गर्ने समय समाप्त भएपछि संशोधित नियमावलीलाई निवेदकले नसमेटी वोलपत्र पेश गरेको भन्ने विपक्षी सार्वजनिक निकायको आधार कानूनको मान्य शिध्दान्तको बर्खिलाप भै Restrospective रुपमा कानून लागु गर्न खोजेको देखिन्छ । कनूनलाई यसरी प्रयोग गर्न मिल्दैन । जुन समयमा जुन कानून बिद्यमान हुन्छ, त्यही कानून लागु हुन्छ ।

४.१.७ हरेक निर्णयका पछाडी निश्चित दायरा र विवेक हुन्छन् । कानूनले तोकेका आधार निर्णयकर्ताबाट पूरा गरेको हुनु पर्छ । हामीले पेश गरेको वोलपत्रमा आकर्षित नै नहुने संशोधित नियमावलीलाई आकर्षित गरी खरिद कार्य रद्द गरेको Legitimate expectation को शिध्दान्तको दृष्टीकोणबाट उचित हुदैन । हाम्रो वोलपत्र नियमावलीको छैठौं संशोधन अनुसार मुल्यांकन गर्नु पर्छ, Technically असफल हुने हो भने पनि नियमावलीको छैठौं संशोधन अनुसार गर्नु पर्छ ।

४.१.८ सार्वजनिक निकायबाट नियमावलीको छैठौं वा सातौं संशोधन कुन अनुसार मुल्यांकन गर्ने द्विविधा परेकोले PPMO मा रायपरामर्श माग गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ र यस कार्यालयबाट जारी भएको SBD मा भएको व्यवस्था वमोजिम कानून सम्मत निर्णय त्यहाबाट हुनु पर्ने देखिदा यस कार्यालयबाट थप राय प्रदान गरी रहनु नपर्ने भनी राय दिएको छ । यसमा कानून र SBD अनुसार मुल्याकन गर्न भनिएको छ । निर्णय गर्दा पक्षको हकलाइ हानी पुर्‍याउनु हुदैन । एकपटक सिर्जना भएको कानूनलाई लागु नगर्न पाईन्न ।

अतः मेरो पक्षबाट Line of credit पुर्‍याएको, रितपूर्वकको वोलपत्र पेश गरेको हुँदा विपक्षीबाट भएको बोलपत्र रद्द गर्ने निर्णय र सो निर्णयको आधारमा प्रकाशित सूचना खरिद कानून बिपरित भएकोले खारेज गरी हाम्रो प्राबिधिक प्रस्ताब सफल गरी आर्थिक प्रस्ताब खोल्न बिपक्षी सार्बजनिक निकायको नाममा आदेश हुन यस समिति समक्ष अनुराध गर्दछु ।

५.२ सार्वजनिक निकाय श्री पूर्वाधार बिकास कार्यालय, कास्कीका तर्फबाट सि.डि.ई. श्री सोभियत खड्का र श्री भौतिक पूर्वाधार बिकास मन्त्रालय गण्डकी प्रदेशका तर्फबाट कानुन अधिकृत श्री संगीता महर्जनले आ-आफ्नो भनाई राख्नु भयो ।

वँहाहरुले सार्बजनिक खरिद नियमावलीमा भएको छैठौं संशोधन अनुसार बोलपत्र सम्बन्धी कागजात संशोधन गरी जारी गरियो र बोलपत्र दाखिला गर्ने म्याद समेत थपियो । वोलपत्र निर्धारित् समयमा खोल्यौं । वोलपत्रमा म्याद थप गर्नु पर्ने कारण नियमावलीमा संशोधन थियो । नियमावलीको पाँचौं संशोधन अनुसार वोलपत्र आव्हान भएको थियो । नियमावलीको छैठौं संशोधन २०७६।०१।३० मा जारी भयो । त्यसै अनुसार SBD तयार गरी सूचनामा संशोधन गरेको हो । यसको अर्को कारण पनि छ त्यो हो EGp System मा आएको समस्या । बोलपत्र मुल्यांकन प्रक्रियाको क्रममा २०७६।०२।२३ मा सार्बजनिक खरिद नियमावलीमा भएको संशोधनको कारण बोलपत्र मूल्यांकन छैठौं संशोधनको आधारमा गर्ने हो वा सातौं संशोधनको आधारमा गर्ने हो द्बिबिधा भई यस विषयमा सार्बजनिक खरिद अनुगमन कार्यालयमा राय परामर्श माग गरी पठाएकोमा सो कार्यालयबाट प्राप्त राय पनि स्पष्ट भइ आएन । यस्तै विषयमा यस अघि सोही कार्यालयबाट सिंहदरवार पुनः निर्माण बिकास समितिलाई उपलब्ध गराएको २०७३।०४।२७ को राय मिल्दो भएकोले सोको आधारमा सार्बजनिक खरिद नियमावलीमा भएको सातौं संशोधन अनुसार बोलपत्र मुल्यांकन गर्दा बोलपत्रदाताको Financial Resource बोलपत्रमा माग भए बमोजिम नपुग भएकोले निजको प्राविधिक प्रस्ताब सारभूतरुपमा प्रभावग्राही हुन नसकी बोलपत्र रद्द गरी पुन बोलपत्र आह्वान गर्ने निर्णय गरेको हो । समितिको पत्र प्राप्त

भएपछि पुनः बोलपत्र आह्वान नगरी रोक्का राखिएको छ। अत कानून सम्मत बोलपत्र रद्द गर्ने निर्णय गरिएकोले निबेदन खारेज भागी छ खारेज गरी पाउँ।

**५. समितिको निर्णयः**

Contract ID:IDOKASKI/W/R/34/075/76 बाट Upgrading of Kaseri Bhainse Yanjakot Road निर्माण कार्य खरिद गर्न प्रकाशित सूचना बमोजिम वोलपत्रदाता निवेदक ओएसिस इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त रामचन्द्र तिमिल्सिनाले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोसंग संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि आह्वान भएको बोलपत्र रद्द गर्ने सूचनाको बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ।

५.१ सार्बजनिक निकाय पुर्वाधार बिकास कार्यालय, कास्की, गण्डकी प्रदेशबाट सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५(५) मा भएको व्यवस्था बमोजिम निबेदक बोलपत्रदाताले पेश गरेको बोलपत्रको मूल्यांकन बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गरेको देखिएन।

५.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) को खण्ड खण्डमा उल्लेख भएको अवस्थामा बाहेक सार्बजनिक निकायले बोलपत्र रद्द गर्न मिल्दैन। सार्बजनिक निकायले सार्बजनिक खरिद नियमावली, २०६४ मा भएको छैठौं र सातौं संशोधनले बोलपत्र मूल्यांकन प्रक्रियामा द्विविधा परेको जनाई ऐ. नियमावलीको सातौं संशोधन अनुसार बोलपत्र सम्बन्धी कागजातमा संशोधन समेत नगरी नियमावलीको छैठौ संशोधन बमोजिम जारी भएको बोलपत्र सम्बन्धी कागजात अनुरुप पेश भएको बोलपत्र रद्द गर्ने गरी गरेको निर्णय र सो निर्णयको आधारमा प्रकाशित सूचना समेत उपरोक्त ऐनको दफा ६(१) को कानूनी व्यवस्था बिपरित भएको छ।

५.३ सार्बजनिक निकायबाट सार्बजनिक खरिद नियमावली, २०६४ मा भएको छैठौं संशोधन पश्चात जारी बोलपत्रको Section III: Evaluation and Qualification Criteria 2.3.3 मा ८,७०,००,०००।- lines of credit माग भएकोमा रु. १०,००,००,०००।-को lines of credit बोलपत्रदाताले बोलपत्रसाथ पेश गरेको देखिदा उक्त रकम जारी बोलपत्र कागजातले माग गरे अनुसार पुग्छ।

उपर्युक्त बुदाँ नं. ५.१, ५.२ र ५.३ मा उल्लेख भएको व्यहोराहरुको आधारमा सार्बजनिक निकायबाट उक्त निर्माण कार्यको बोलपत्र मूल्यांकन प्रक्रिया त्रुटीपूर्ण रही बोलपत्र रद्द गरी पुनः बोलपत्र आह्वान गर्ने गरी मिति २०७६।०५।२५ मा भएको निर्णय र सो निर्णयको आधारमा मिति २०७६।०५।२८ मा प्रकाशित बोलपत्र रद्द गर्ने सम्बन्धी सूचना सार्बजनिक खरिद ऐन, २०६३ को दफा २६(१) मा उल्लेख भएको अवस्थाहरु बिपरित छ। अतः बोलपत्रको मूल्यांकनमा त्रुटी भएको र सार्बजनिक खरिद ऐन, २०६३ को दफा २६(१) अवस्था विपरित बोलपत्र रद्द गरेकाले उल्लिखत कुराहरुलाई समेत ध्यान दिई सार्बजनिक खरिद ऐन,२०६३ को दफा ५० को उपदफा (५) (ख) (३) बमोजिम बोलपत्रको प्राविधिक प्रस्ताब पुनः मूल्यांकन गर्न आदेश गरी दिएको छ। कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु।
(२) निवेदकले राखेको बैंक ग्यारेन्टी नियमानुसार फुकुवा गर्नु।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु।

..................... ........................

कमलकुमार श्रेष्ठ गुणराज श्रेष्ठ

सदस्य अध्यक्ष

इति सम्वत् २०७६ साल कार्तिक ०७ गते रोज ०५ शुभम्.................................................।

**नेपाल सरकार**
**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. ११३**

**आ.व. २०७६/७७ को निर्णय नं ०८**

का.जि.का.म.न.पा.वडा नं ३ ठेगाना रहेको कँडेल निर्माण सेवाको संचालक/अख्यिार प्राप्त अर्जुन कंडेलका वा. का.जि.का.म.न.पा.वडा न.२८ बस्ने वर्ष ४० को लेखनाथ स्वर्णकार.............................................................१ **निवेदक पक्ष**

**विरुद्ध**

काठमाडौं महानगरपालिका बागदरबार ,काठमाण्डौ.........................................................१
ऐ.को कार्यकारी अधिकृत ऐ.ऐ...........................................................................१
ऐ.को खरिद कार्यालय ऐ.ऐ............................................................................१
**विपक्षी प्रत्यर्थी**

**विषयः-सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम पुनरावलोकन गरी ठेक्का सम्झौता गर्ने आवश्यक निर्णय गरी पाउँ भन्ने सम्बन्धमा ।**

**१. निवेदकको माग दावीः**

काठमाण्डौं महानगरपालिकाबाट प्रकासित् Notice No. 43/075/76 package no.157/2075/76,Road ExtentionWorks at Margadarsan Marg, Ranidevi निर्माण खरिद प्रक्रियाको निर्णय बिरुध्द निवेदक कम्पनी कँडेल निर्माण सेवाबाट मागदावी गरी यस समितिमा पेस गरेको निवेदनको मुख्य अंश निजकै शब्दमा देहाय वमोजिम छन् ।

निवेदक कम्पनीले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम विपक्षीबाट मिति २०७६।६।१३मा बोलपत्र रद्ध गर्ने निर्णय तथा पत्राचार पुनरावलोकन गरी पाउँ भनी मिति २०७६।६।१७ गते सार्वजनिक निकायको प्रमुख समक्ष निवेदन गरेकोमा विपक्षी सार्वजनिक निकायबाट कानुनले तोकेको समयावधिमा निर्णय नगरी कानुनलाई नै पराजित गर्ने आषय देखाएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ तथा ५०(१) बमोजिम म्यादै भित्र मिति २०७६।६।१३ को बोलपत्र रद्ध गरिएको निर्णय तथा पत्राचार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३, २४, २५, २६, ४९ र ५० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६, २८, १०३, १०४, १०५, १०७ र बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित योग्यता सम्बन्धी प्रावधान विपरित भएकोले बाध्य भई पुनरावलोकनको निवेदन गरेका छौ । विपक्षी सार्वजनिक निकायको उपरोक्त निर्णय पत्राचार पुनरावलोकन गरी प्राविधिक तथा आर्थिक प्रस्तावमा पास भएको यस कँडेल निर्माण सेवाको बोलपत्र अनुसार करार सम्झौता गरी पाउन आदेश होस भनी यो निवेदन गर्दछौं ।

१.१ विपक्षी का.म.न.पा.बाट Road Extension Worksat Margadarsan Marg, Ranidevi, IFB no, Notcice No.43/075/076 Package No.157/075/076, Contract Identification on, Notice no, 43/075/076 Package No.157/075/076, Date of Publication 08-05-2019, 17.00 बजे भनी गो.प.पा.समेत सूचना प्रकाशित भएको थियो ।

१.२ उक्त प्रकाशित भएको Bids अनुसार हामी निवेदकले बोलपत्र सूचना अनुसार प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गरेका थियौं । हामीबाट पेश भएको प्राविधिक प्रस्ताव पास भएको सूचना मिति २०७६।५।४ मा गो.प.मा सूचना प्रकाशित भएको थियो ।

१.३ यसरी प्रकाशित गरेको सूचनाको आधारमा हामीबाट पेश भएको आर्थिक प्रस्ताव खोलिन्छ र हामी सारभुतरुपमा प्रभावग्राही समेत भएको हुँदा हामीसँग ठेक्का सम्झौता हुन्छ भनी बैधानिक अपेक्षा (Legitimate Expectation) मा बसी आएको थियौं । उक्त मिति २०७६।५।४ को सूचना अनुसार बोलपत्रको आर्थिक प्रस्ताव खोली मिति २०७६।०६।०८ को प्रमुख प्रशासकीय अधिकृत स्तरीय निर्णय अनुसार बोलपत्र रद्ध गरिएको भनी का.म.न.पा.Procurement Department बाट मिति २०७६।६।१३ मा सूचना प्रकाशित गरिएको रहेछ ।

१.४ विपक्षी सार्वजनिक निकायबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ बमोजिम बोलपत्र आह्वान भएको, ऐ. दफा २३ बमोजिम परीक्षण गरिएको, ऐ.दफा २५ बमोजिम बोलपत्र मूल्यांकन गरिएको अवस्था रहेको छ । हामीबाट पेश भएको बोलपत्र प्राविधिक रुपमा पास भएको आर्थिक प्रस्ताव पनि हाम्रो खोली स्टिमेट रकमको सिलिङ्ग भित्र रही पास भई सारभुतरुपमा प्रभावग्राही रहेको अवस्थामा हामीसँग ठेक्का सम्झौता गर्नु विपक्षी सार्वजनिक निकायको कानूनी दायित्व हो । राज्यका हरेक निकायले कानुनले तोकेको प्रकृया पालना गर्नु गराउनु पर्दछ ।

१.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) को (क) देखि (ग) सम्मको अवस्थामा बाहेक अन्य अवस्थामा कुनै पनि बोलपत्र रद्ध गर्न गराउन पाउने अधिकार सार्वजनिक निकाय (स्थानिय सरकार) का.म.न.पा. लाई रहेको छैन । हामीबाट पेश भएको बोलपत्र ऐ.दफा २३(२)(घ) बमोजिम सारभुतरुपमा प्रभावग्राही भएको छ । ऐ.दफा २६(१) को (क) देखि (ग) मा रहेको कानूनी व्यवस्था बाहेक अन्य अवस्थामा बोलपत्र रद्ध गर्न पाईदैन । ऐ. दफा २६(२) को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि केही बोलपत्रहरु वा एउटा मात्र बोलपत्र सारभुतरुपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पूनः बोलपत्र आब्हान गर्न सकिने छैन भन्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको छ । ऐ. दफा २६(१) बमोजिम बोलपत्र रद्ध गरेको सूचना समेत हामी बोलपत्रदातालाई जानकारी गराएको छैन ।

१.६ हामीलाई नेपालको संविधान, २०७२ ले सूचना पाउने अधिकारको प्रत्याभुती गरेको छ । त्यसैगरी सार्वजनिक खरिद ऐनको दफा २६(३) ले पनि ग्यारेन्टी गरेको छ । राज्यका कुनै पनि निकाय वा अधिकारीले आफ्नो निर्णयमा आधार र कारणयुक्त निर्णय (Reasoned Decision) हुनुपर्ने भन्ने प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice) अन्तर्गतको सुनुवाईको सिद्धान्त (Theory of Hearing) सँग सम्बन्धित हुने । प्रशासकीय र न्यायिक निकायबाट कुनै व्यक्तिको हक अधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ कारवाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ । त्यसैले कानूनको उचित प्रकृया (Due Process of Law) पनि भनिन्छ ।

कानूनको उचित प्रकृया (Due Process of or Procedune established by law) र प्राकृतिक न्याय सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगत रुपमा भएको मानिने भनी ने.का.प. २०७५ अ. ६ नि.नं १००२७ पृष्ठ १०९२ र ने.का.प. २९७५ अं ९ पृ. १६७० नि.नं १००८९ मा सिद्धान्त प्रतिपादन भएको यस्तो प्रतिपादित सिद्धान्तको विरुद्ध गर्न अन्य उद्देश्य (ulterior motive) बाट उत्प्रेरित भई बिना कानूनी आधार बोलपत्र रद्ध गर्ने गरी भएको निर्णयले प्रचलित नेपाल कानूनलाई पराजित गरेको छ । सार्वजनिक निकाय (स्थानिय सरकार) जस्ले नेपाल सरकार/संसदबाट बनाएको कानूनी व्यवस्थाको नजर अन्दाज गरी आत्मनिष्ठ निर्णय गर्न गराउन सक्दैन गरेको भएपनि बदर हुन्छ ।

१.७ विपक्षी सार्वजनिक निकाय (स्थानिय सरकार) ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा भएको कानूनी व्यवस्थालाई इमान्दारीताका साथ परिपालना गर्नु पर्दछ । ऐ. २७(१) मा सार्वजनिक निकायले दफा २५ बमोजिम न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको छनौट गर्नुपर्ने छ । ऐ. २७ (२) अनुसार छनौट भएको बोलपत्रदातालाई निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिनु पर्ने छ भन्ने कानूनी व्यवस्था रहेकोमा सो कानूनी व्यवस्थालाई पराजित गरी मनोमानी रुपमा बोलपत्र रद्ध गर्ने सूचना प्रकाशित गर्नु भनेको कानूनको उल्लंघन गर्नु हो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ मा मालसामान आपूर्ति गर्ने बोलपत्रदाताको योग्यताको आधार र ऐ. २६ मा निर्माण व्यवसायीको योग्यताको आधार तोकिएको छ । हामीबाट बोलपत्रमा प्रकाशित सूचना अनुसार सम्पूर्ण योग्यताको आधार योग्यता अनुभव Similar Nature को कार्य अनुभव सहित बोलपत्र पेश गरेको र प्राविधिक प्रस्ताव पास गरी आर्थिक प्रस्ताव खोल्ने दिन समेत तोकी सूचना प्रकाशित गरेको र धेरै ढिला गरी आर्थिक प्रस्ताव खोली बोलपत्र रद्ध गर्ने अधिकार के कुन कानूनले सार्वजनिक निकाय विपक्षीलाई दियो सम्पूर्ण सक्कल फाइल विपक्षीबाट झिकाई हेरी पाऊँ ।

१.८ कसको योग्यता पुगेको, रित पुगेको वा नपुगेको भन्ने कुरा खास गरेर बोलपत्र आह्वानकर्ता Employer ले निर्णय गर्ने कुरा भएतापनि सो प्रकृया त्रुटिपूर्ण हुनु हुँदैन । टेण्डरमा लेखिएका शर्त र कानून बमोजिम सोको अधीनमा रही सोको अक्षर र भावना अनुरुप नै कार्य गर्नुपर्ने सार्वजनिक निकायको कर्तव्य हुन्छ । त्यसमा सारभुतरुपले नत परिवर्तन गर्न सकिन्छ, नत शर्तहरु थप गरी भइ रहेको प्रावधानलाई निस्तेज गर्न नै सकिन्छ । करार र कानूनको स्वच्छ र प्रभावकारी प्रशासनको सदैव अपेक्षा गरिन्छ । बैध अपेक्षालाई तुषारापात गर्ने काम विपक्षीबाट भएको छ । सरकारी निकायले पारदर्शी हिसावले जिम्मेवारी पूर्वक निर्णय गर्दछ भन्ने बैधानिक अपेक्षा (Legitimate Expectation) Contractor मा रहन्छ । बैध अपेक्षाको सिद्धान्तलाई सरकारको स्वच्छाचारीतालाई नियन्त्रण गर्ने सिद्धान्तकोरुपमा हेरिन्छ । लोकतन्त्रमा जनताप्रति स्वच्छ व्यवहार (Fair Treatment) गर्नु सरकारको कर्तव्य हुन्छ भने त्यस्तो व्यवहारको अपेक्षा गर्नु जनताको हक बन्दछ । सिद्धान्ततः सरकार वा सो अन्तर्गतको कुनै निकायले विगतमा स्पष्टरुपमा कुनै आश्वासन दिएको अवस्थामा बैध अपेक्षा उत्पन्न हुन्छ भनी ने.का.प. २०७४ अ. १ पृ.१७९ मा सिद्धान्त प्रतिपादन समेत भएको छ ।

१.९ हाम्रो बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५, २६, २७ तथा सार्वजनिक खरिद निमयावली, २०६४ को नियम २५ र २६ बमोजिम सारभुतरुपमा प्रभावग्राही भएको ऐ. २६(२) बमोजिम एक बोलपत्र पनि सारभुतरुपमा प्रभावग्राही भएको अवस्थामा रद्ध गर्न नसकिने भन्ने भएबाट विपक्षी सार्वजनिक निकाय का.म.न.पा (स्थानिय सरकार) बाट मिति २०७६।६।८ को प्रमुख प्रशासकिय अधिकृत स्तरको निर्णय तथा अन्य पत्राचार समेत पुनरावलोकन गरी बदर गरी हाम्रो बोलपत्र अनुसार ठेक्का सम्झौता गर्ने गरी आदेश /फैसला गरीपाऊँ ।

१.१० विपक्षीको उल्लेखित व्यहोराको कार्य पश्चात हामीले बोलपत्र रद्ध गर्नुको कारण के हो हाम्रो बोलपत्र अनुसार गरीपाऊँ, बोलपत्र रद्ध गर्ने निर्णय पुनरावलोकन गरी पाउँ भनी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) बमोजिम निवेदन मिति २०७६।०६।२७ मा सार्वजनिक निकाय प्रमूख समक्ष गर्दा आजको मिति सम्म निर्णय गरी हामीलाई जानकारी गराएको अवस्था छैन । विपक्षीहरुले प्रचलित नेपाल कानुनलाई पराजित गर्ने काम कारवाही भएको हुँदा विपक्षीबाट भएका सम्पुर्ण कामकारवाही पुनरावलोकन गरी हेरी निवेदक कम्पनीलाई ठेक्का सम्झौता गर्न आवश्यक निर्देशन समेत जारी गरी पाउँ ।

१.११ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०४(१) बमोजिम यस कम्पनीले कबोल गरेको कुल रकमको १% ले हुने रकम बराबरको बैंकबाट जारी भएको बैंक ग्यारेण्टी यसै साथ राखिएको छ ।

## २. सार्वजनिक निकायको प्रतिकियाः

सार्वजनिक खरिद पुनरावलोकन समितिको मिति २०७६/०७/४ प.सं ०७६/७७ च.नं २५ को पत्रबाट सार्वजनिक निकाय काठमाण्डौ म.न.पा.बाट प्रतिक्रिया माग गरेकोमा लिखित प्रतिकृया देहाय वमोजिम प्राप्त भएको छ ।

२.१ उल्लेखित आयोजना Road Extension Work at Margadarshan Marg, Ranibari Notice no 43/075/76, Package no 157/075/076कार्यको लागि काठमाडौ महानगरपालिका कार्यालयबाट मिति २०७६/०१/०५ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका र www.Bolpatra.gov.np/egp मार्फत सूचना प्रकाशन गरी वोलपत्र दर्ता गर्ने अन्तिम मिति २०७६/०२/०८ गते दिनको १२ बजेसम्म भएकोमा कँडेल निर्माण सेवाको एकमात्र वोलपत्र दर्ता हुन आएको देखिन्छ ।

२.२ उक्त वोलपत्र दर्ता गर्ने समयताका देशभरका निर्माण व्यवसायीहरु नेपाल सरकारद्धारा जारी भएको सार्वजनिक खरिद नियमावली २०७६, छैठौ संशोधनको विरोधमा भई सार्वजनिक निकायको विरुद्धमा खरिद प्रक्रियामै समेत भाग नलिने भनी हड्तालमा उत्रिएको अवस्थामा एक मात्र वोलपत्र दर्ता भएको अवस्था हुन सक्दछ ।

२.३ यस कार्यालयबाट मिति २०७६/०२/०८ गते दिनको १२ः०० बजे सम्म E-submission मार्फत दर्ता भएको १ (एक) थान वोलपत्र सोही दिन २ः०० बजे खोलिएको उक्त बोलपत्रको प्राविधिक परीक्षण पश्चात आर्थिक प्रस्ताव खोली तालिका वनाई मूल्यांकन गर्दा रु.२०,२६०,५५२।५० (अक्षरेपी रु दुई करोड दुई लाख साठी हजार दुई सय बाउन्न र पैसा पचास मात्र) (भ्याटबाहेक) कबोल गरेको देखियो । जून लागत अनूमान भन्दा ५.३२% मात्र घटी भएको देखियो । उक्त वोलपत्रमा एक मात्र प्रस्तावदर्ता भएको र लागत अनुमान भन्दा ५.३२%मात्र घटी भएको हूँदा आ.व. २०७५/७६ को यसै प्रकृतिको रु.२ करोड भन्दा बढी लागत अनूमान भई हाल कार्यादेश दिई कार्य भइरहेका योजनाहरुको खरिद प्रवृत्ति (Procurement Trend) हेर्दा औसत ३३.६५% देखिएकोले एकमात्र वोलपत्रदाताको प्रस्ताव पेश हुनु र खरिद प्रवृत्ति (Procurement Trend) भन्दा निकै कम अर्थात करिव २८% कम रहनुले पर्याप्त प्रतिषर्धा हुन नसकेको आधारमा प्रस्तुत वोलपत्र अस्वीकृत गरी पुनः सुचना गरी खरिद प्रक्रिया अघि बढाउदा संस्थाको बढी हित हुन सक्ने देखिएकोले Standard Bidding Documentको ITB Clause No ३७. र यस कार्यालयबाट मिति २०७६/०१/०५ मा प्रकाशित सूचनाको १२ नं बूँदामा उल्लेखित The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to Contract award, without thereby incurring any liability to Bidders. In case of annulment, all bids submitted and

specifically, bid securities, shall be promptly returned to the Bidders का आधारमा उक्त वोलपत्र अस्वीकृत गरी पून: सूचना गर्न सिफारिस गर्ने" भन्ने भएको र सोही अनुरुप निर्णयको लागि अधिकार प्राप्त अधिकारी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भएको हो ।

२.४ सार्वजनिक खरिद ऐन, २०६३ को मुल मर्म भनेकै सार्वजनिक खरिद प्रक्रियामा प्रतिष्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता वा सेवा प्रदायकलाई विना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर जुटाउनु पर्ने मर्म र भावनाको कदर गर्दै उक्त प्रस्तावनाको उद्देश्य हासिल गर्नको लागि नै प्रतिस्पर्धा नभएकोले निर्णयकर्ताको विवेक समेत प्रयोग गरी औचित्यता र उपयुक्तताको आधारमा उक्त वोलपत्र रद्द गरिएको हो । स्थानीय तहले प्रतिस्पर्धा र पारदर्शितालाई प्रवर्द्धन गर्ने नीति लिएको व्यहोरा समेत निवेदन गर्दछु ।

२.५ काठमाडौ महानगरपालिकाले कानून बमोजिम गठित अख्तियारप्राप्त वोलपत्र मूल्यांकन समितिले सिफारीस गरी अख्तियारप्राप्त अधिकारीले निर्णय गरेको र सोको जानकारी संवद्ध पक्षहरुलाई सहजरुपमा होस् भन्ने हेतुले राष्ट्रिय दैनिक पत्रिका गोरखापत्र मार्फत २०७६।०६।१३ मा सार्वजनिक सूचना प्रकाशित गरिएको हो । सम्बन्धित वोलपत्रदातालाई वोलपत्र रद्द गर्नु पर्ने कारणको जानकारी माग भएकोमा कार्यालयको तर्फबाट जानकारी दिन तयार गरिएको भएतापनि निज वोलपत्रदाता पुनः लिन नआएकाले उपलव्ध गराउन नसकिएको हो । जुनसुकै निर्णय समेत सरोकारवालाले लिन पाउने अधिकारको हमेसा प्रत्याभूति गरिएको छ ।

२.६ सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा उल्लेखित सिद्धान्तमा कतिपनि विचलित नभई उक्त सिद्धान्तको परिपालनार्थ, सार्वजनिक हित र सार्वजनिक सम्पत्तिको अधिकतम सदुपयोग हुने/गराउने उद्देश्यबाट अभिप्रेरित भई का.म.पा.ले उक्त निर्णय गरेको व्यहोरा अनुरोध गर्दछु । असल नियत र नगरवासीको करको अधिकतम सदुपयोग गर्ने उदेश्यबाट निर्णय गरिएको हो ।

२.७ सार्वजनिक खर्चको मितव्ययिताको लागि सोही प्रकृतिका अन्य आयोजनाको वैज्ञानिक प्रवृत्ति विश्लेषण गरी पूर्ण प्रतिष्पर्धा नभएको निश्कर्ष निकाली असल मनसायकासाथ वोलपत्र मूल्यांकन समितिले पुनः सूचना मार्फत खरिद प्रकृया अघि बढाइ प्रतिस्पर्धा बढी भई संस्थागत हित सुनिश्चित हुने गरी सिफारिश गरेको र सोही कुरालाई मनन गरी कार्यालय प्रमुखबाट निर्णय गरिएको हो । यसमा कुनै वदनियत र कानून उल्लंघन गरिएको छैन ।

२.८ काठमाडौ महानगरपालिकाबाट सूचना प्रकाशित गरी खरिद प्रकृयामा सीमित ठेकेदारहरुले भाग लिने र उनीहरुकावीचमा मात्र प्रतिष्पर्धा भई तिनै ठेकेदारहरुकावीचमा मात्र ठेक्का सम्झौता भई कार्यादेश दिने गरिएकोमा यी निवेदक समेतको कार्य सम्पादनस्तर (तीन वटा सम्झौता भएका योजना) सन्तोषजनक भएको देखिदैन । यसतर्फ आवश्यक अनुगमन/सुपरिवेक्षण गरी आवश्यक कार्वाही प्रकृया अघि बढ्ने नै छ । यी निवेदकको कार्यसम्पादनस्तर राम्रो नभएको, समयमै कार्य सम्पन्न नगर्ने, आलटाल गर्ने, ठेक्का कार्यमा अनेकन विवादहरु सृजना गर्ने, रानीपोखरी पुनः निर्माणको विषयमा सम्मानित श्री सर्वोच्च अदालतमा समेत मुद्दा विचाराधिन रहेको व्यहोरा सादर अनुरोध गर्दछु ।

२.९ माथि उल्लेखित विभिन्न प्रकरणहरुमा खुलाइए बमोजिमका आधार, कारण र असल उदेश्यले काठमाडौ महानगरपालिकाले Road Extension Work at Margadarshan Marg, Ranibari, Notice no 43/075/76 Package no: 157/075/076 को वोलपत्र रद्द गर्ने गरी गरिएको निर्णय अन्यथा हुनु पर्ने होइन । सार्वजनिक खरिद ऐन, २०६३, ऐ. नियमावली, २०६४ को उद्देश्य, व्यवस्था र भावना समेतलाई मध्यनजर गरी असल नियतका साथ प्रतिस्पर्धा र पारदर्शितालाई प्रवर्द्धन गर्ने उदेश्यले गरिएको कामकारवाहीलाई अन्यथा गरिरहनु पर्ने होइन, विपक्षीको पुनरावलोकनको निवेदन खारेज भागी छ, खारेज गरी पाउँ ।

**३. अध्ययन तथा अवलोकनः**

काठमाण्डौं महानगरपालिकाले Road Extention Works at Margadarsan Marg, Ranidevi -Chanege 0 +000 to 0.800 सम्मको बाटो निर्माणका लागि सूचना नं.43/075/76 ,Package 157/075/76 को निर्माण गर्न मिति २०७६।०१।०५ मा गो.प. दैनिकमा सूचना प्रकासित गरेको देखिन्छ । वोलपत्र दाखिल गर्ने अन्तिम मिति २०७६।०२।०८ रहेको थियो । यस सूचना अनुसार एकमात्र वोलपत्रदाता कडेल निर्माण सेवाको वोलपत्र दाखिला भएकोमा सो कम्पनी प्राविधिक प्रस्तावमा प्रभावग्राही भएकोले मिति २०७६।०५।११ मा आर्थिक प्रस्ताव खोल्ने सूचना मिति २०७६।०५।०४ मा प्रकासित् गरिएको थियो ।

३.१ सो वोलपत्र सार्वजनिक निकायले मिति २०७६।०६।१३ मा रद्द गरेको सूचना गरेको उपर मिति २०७६।०६।१५ र २०७६।०६।१७ मा सार्वजनिक निकाय समक्ष जानकारी मागको निवेदन दिएको देखिन्छ । पुनः मिति २०७६।०६।२३ मा सार्वजनिक निकायले सो वोलपत्र रद्द गरेको उपर चित्त नवुझी सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम पुनरावलोकनका लागि सार्वजनिक निकायका कार्यालय प्रमुख समक्ष निवेदन गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(३) वमोजिम कार्यालय प्रमुख समक्ष ७ दिन भित्र निवेदन दिनु पर्ने व्यवस्था र निवेदन दिएको ५ दिन भित्र कार्यालय प्रमुखबाट निर्णय गरी सक्नु पर्ने व्यवस्था ऐनको दफा ४७ को उपदफा (६) मा छ । मिति २०७६।०६।१८ गते पछि दशै विदा (सार्वजनिक विदा) परेको छ । सो दसै विदा मिति २०७६।०६।२२ गते सम्म रहेको अवस्था छ । नेपाल कानून ब्यख्या सम्बन्धि ऐन, २०१० को दफा ९ मा "कुनै नेपाल ऐनमा कुनै काम वा कारवाही कुनै अड्डा वा अदालतलाई यो मितिमा वा यति म्याद भित्र गर्नु भनी तोकिएको वा हेर्न वा गर्न इजाजत दिइएको रहेछ र त्यो मिति वा त्यस्तो म्यादको आखिरी दिनमा अड्डा वा अदालत तातेल भएमा त्यस्तो काम वा कारवाही तातेल पछि अड्डा वा अदालत खुलेको पहिलो दिन भएको रहेछ भने म्याद भित्रै ठहर्छ" भनी व्यवस्था भएको छ । यस व्यवस्था अनुसार २०७६।०६।२३ गते सार्वजनिक निकाय खुलेको मितिमा निवेदक कम्पनी कडेल निर्माण सेवा, रानीबारीले सार्वजनिक निकाय का.म.न.पा मा पेस गरेको निवेदन म्याद भित्रै भएको देखिन्छ । ऐ.ऐनको दफा ४७(६) वमोजिम महानगरपालिकाले मिति २०७६।०६।२३ अर्थात ५ दिन भित्र निर्णय गरी सक्नु पर्ने ब्यवस्था छ । सो म्याद भित्र निर्णय नगरेमा वा गरेको निर्णय उपर चित्त नबुझेमा ऐ. ऐनको दफा ४९(क) वमोजिम ऐ. ऐनको दफा ५०(१) वमोजिम ७ दिन भित्र यस समितिमा निवेदन दिन सक्ने ब्यवस्था ऐनले गरेको छ । ऐ ऐनको म्याद भित्र निवेदक कडेल निर्माण सेवा रानीवारीले मिति २०७६।०७।०४ मा यस समितिमा निवेदन दर्ता गराएको देखिन्छ ।

३.२ Online मा दर्ता भएको वोलपत्रको आर्थिक प्रस्ताव खोल्दा कडेल निर्माण सेवाले पेस गरेको Bid price including modification NPR. २,०२,६०,२५२।५० (VAT वाहेक) पैसा रहेको देखिन्छ, जवकी यस खरिद प्रकियाको लागत अनुमान रु २,१३,९८,९६९।८६ (VAT वाहेक) रहेको छ । साथै लागत अनुमान भन्दा वित्तीय प्रस्ताव रु ११,३८,७१७।३६ पैसा (५.३२ प्र.) घटी रहेको देखिन्छ । यस समितिमा निवेदन दर्ता गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०४ वमोजिम आवश्यक पर्ने बैक जमानत आफुले कवोल गरेको रकम (Price bid) को बैक जमानत रु.२,२९,०००। पर्याप्तमात्रामा पुग्ने देखिन्छ ।

३.३. सार्वजनिक निकाय काठमाण्डौ महानगरपालिकाबाट गो.प. दैनिक राष्ट्रिय पत्रिकामा सूचना प्रकासित गरी सवै योग्य निर्माण व्यवसायीहरुबाट वोलपत्र प्रस्ताव आव्हान भएको देखिन्छ । सार्वजनिक निकायबाट राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकासित् गरेकोले कसैलाइ भेदभाव

नगरेको, स्वच्छता प्रदर्शन गरेको, सवैको सूसुचित हुने अधिकारबाट वन्चित नगरेको तथा सार्वजनिक ऐनको प्रस्तावनामा व्यवस्था भए अनुसार "प्रतिस्पर्धामा" कमी हुन दिएको देखिदैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(२) मा "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केही वोलपत्रहरु वा एउटामात्र वोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको कारणले मात्र वोलपत्र अस्वीकृत गर्न वा पुःन वोलपत्र आव्हान गर्न सकिने छैन" भनी व्यवस्था हुनुले सारभूतरुपमा प्रभावग्राही एकमात्र वोलपत्र भए पनि त्यसलाई अस्वीकृत गर्न नसकिने बाध्यात्मक व्यवस्था ऐनको यस दफाले गरेकोछ ।

३.४ आर्थिक प्रस्ताव खोलिए पछि मिति २०७६।०६।१३ मा वोलपत्र रद्द गर्ने सूचना जारी गरियो । वोलपत्र रद्द गर्ने आधारहरुमा एकमात्र वोलपत्र पेश हुनु, खरिद प्रवृत्ती निकै कम हुनु, ITB 37.1 र सूचनामा उल्लेख भएको बुँदा १२ लाई लिईएको देखिन्छ । पर्याप्त सूचना प्रकासित् हुँदाहुदै पनि एउटा मात्र वोलपत्र दर्ता हुनु, कसैले वोलपत्र दर्ता गर्नमा बाधा अड्चन गरेको प्रमाण नदेखिनुको कारणले प्रतिस्पर्धा गर्न नसकेको देखिदैन । सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा व्यवस्था भएको सार्वजनिक निकायबाट स्वच्छताका साथ वोलपत्र प्रकासन गरेको देखिन्छ, तर एकमात्र वोलपत्र दाखिला हुनु सूचना प्रकासनमा त्रुटी भएको मान्न सकिने देखिदैन । यस वोलपत्रमा पेस भएका कूल दर पूर्व खरिद प्रवृत्तिमा भन्दा न्यून भएको भनिएको छ । विगतमा भएको दर भन्दा कम वा वढी संग तुलना गरेर वोलपत्र रद्द गर्नु ऐनले वैधानिकता दिएको देखिदैन । लागत अनुमान भन्दा वोलपत्रदाताबाट पेस भएको दर सारभुतरुपमा वढी भएमा वोलपत्र प्रभावग्राही हुदैन । लागत अनुमान भन्दा यति प्रतिसत् मात्र न्यून दर भएका वोलपत्रलाई ऐनले सारभूतरुपले प्रभावग्राही हुन्छ भन्न सकेको देखिदैन । ITB 37 को सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) को देहायको (क), (क१), (ख), (ग) को अवस्थामा मात्र सार्वजनिक निकायले सम्पूर्ण वोलपत्र अस्वीकृत गर्न वा खरिद कार्यवाही रद्द गर्न सक्ने व्यवस्था गरेको छ । प्रथम (क) दफा २३(२) को खण्ड (घ) वमोजिम सारभूतरुपमा प्रभावग्राही नभएमा, दोश्रो (क१) दफा २७(६) वमोजिमको प्रकिया अपनाउँदा पनि वोलपत्रदातासंग सम्झौता हुन नसकेमा, तेश्रो (ख) न्यूनतम सारभूतरुपमा प्रभावग्राही वोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभूतरुपमा वढी भएमा वा चौंथो (ग) माग गरिएको निर्माण कार्य आवश्यक नभएमा । साथै यसै दफाको उपदफा (२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केही वोलपत्रहरु वा एउटामात्र वोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको कारणले मात्र वोलपत्र अस्वीकृत गर्न वा पुनः वोलपत्र आह्वान गर्न सकिने छैन भनी व्यवस्था समेत भएको छ । यस दफामा व्यवस्था भए वमोजिमका कुनै अवस्था सिर्जना भएको देखिदैन । वोलपत्र सारभुतरुपमा प्रभावग्राही भएको समेत निर्णयबाट प्रष्ट पारेको छ ।

ITB 37.1 मा The employer reserves the right to accept or reject any bid , and to annul………… shall be promptly returned to the bidders उल्लेख छ । ऐन, नियममा भएका प्रावधानका आधारमा Bid Document निर्माण हुने भएकाले यो बुँदा पनि ऐन कै मक्सद अनुसार बनेको हुनु पर्ने देखिन्छ । ऐनको आधारमा निर्माण भएका नियमावली, निर्देशिका, Bid Documents, आदी ऐनमा भएका व्यवस्थासंग बाझिएका हदसम्म ऐनमा भएका व्यवस्था लागु हुनु पर्ने अर्थात ऐनको प्रावधानले पहिलो प्राथमिकता पाउने देखिन्छ । नेपाल कानून व्यख्या सम्बन्धी ऐन, २०१० को दफा २० मा ऐन वमोजिम निकालिएका आदेश ईत्यादीको ब्याख्यामा नेपालको कुनै ऐनले सूचना, आदेश, योजना, नियम, फाराम, वा उपनियम जारी गर्ने अख्तियारी दिएको भए बिषय वा प्रसंगबाट अर्को अर्थ नलागेमा यो ऐन लागु भए पछि पनि ती सूचना, आदेश, योजना, नियम, फाराम वा उपनियमको अर्थ सो अख्तियार दिने ऐन वा विनियममा लागे वमोजिम नै हुन्छ भनी व्यवस्था छ ।

३.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६३(१)मा नियम ६२ वमोजिम प्राविधिक पक्षको मूल्यांकन, वोलपत्रको ब्यापारिक पक्षको मूल्यांकन र त्यसपछि नियम ६४ वमोजिम आर्थिक पक्षको मूल्यांकन गर्नु पर्ने व्यवस्था भएकोछ ।

३.६ सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ६४(१) वमोजिम आर्थिक पक्षको मूल्यांकन समितिबाट आंशिक भएको देखियो । साथै ऐ नियम ६५ (१) वमोजिम निर्माण कार्यको वोलपत्र मूल्यांकन गर्दा मूल्यांकन समितिले नियम ६२, ६३, र ६४ मा उल्लिखित कुराको अतिरिक्त देहायका कुराको मूल्यांकन गर्नु पर्नेछ भनी व्यवस्था भएको छ ।

(क)निर्माण कार्यको कार्य योजना, कार्य सम्पादन तालिका र परिचालन समय वोलपत्र कागजातमा उल्लेख भए अनुसार भए वा नभएको,

(ख)वोलपत्रदाताले BOQ मा संलग्न आइटमको लागि उल्लेख गरेको प्रति एकाइ दर विश्वसनीय भए वा नभएको,

(ग) कवोल अंक देहायको कारणले असंन्तुलित भए वा नभएको

(१) खरिद सम्झौताका प्रारम्भिक चरणमा गर्नु पर्ने कामको आईटमको लागि अस्वाभाविक उच्चदर उल्लेख गरेको, वा

(२) BOQ मा कुनै आईटममा न्युन अनुमान भएको भनी विश्वास गरेको आइटमका लागि निजले अस्वभाविक उच्चदर उल्लेख गरेको,

(घ) ऐनको १३(२) को (ढ३) वमोजि काकार्यारम्भ गरेको भए त्यस्तो निकाय, कामको विवरण, सम्झौता रकम र कार्य प्रगतिको बिवरण अनुरुपको निर्माण कार्य सम्पन्न गर्न सक्ने निजको प्राविधिक क्षमता भए वा नभएको ।

निवेदक वोलपत्रदाताले पेस गरेको आर्थिक प्रस्तावमा शुरु देखि काम हुने आईटमहरु लगायतका देहाय वमोजिमका आईटमहरुमा (उदाहरणार्थ) लागत अनमान भन्दा घटी/वढी दर उल्लेख गरी रकमहरु पेस गरेको देखिन्छ । यी आईटमहरु सम्पन्न हुनसक्ने विश्वसनीयता प्रमाणित् गर्ने आधारहरु के के हुन सक्छन् ? प्रमाणित गर्ने आधारहरु देखिदैन ।

| आइटम नं. | लागत अनुमान रकम | पेस गरेको रकम | इ. भन्दा फरक रकम | प्रतिसत् घटी/वढी |
|---|---|---|---|---|
| ३ | १५,२९,९११।५४ | २९,२२,७५०।०० | +१३,९२,८३८।४६ | बढी |
| ४ | ५,५७,५१३।०४ | ९,३२,४००। | +३,७४,८८६।९६ | " |
| ७ | २०,६३,२५९।७४ | ३९,९३,६००। | +१९,३०,३४०।२६ | " |
| ८ | २,३५,१८७।४९ | २,६४,१८०। | +२८,९९२।५१ | " |
| १०<br>१८ | ६,४४,८९६।३२ | १,३५,४३५। | -५०९,४६१।३२ | घटी |
| ३१ | १,२२,९७१।०८ | १४०००।०० | -१०८,९७१।०८ | घटी |
| ३२ | ८८,६५०।०० | १५,००,०००। | +१४,११,३५०। | बढी |
| ३७ | २,००,००० | ५०,००० | -१,५०,०००। | घटी |

उपरोक्त उल्लेख भएका आईटमहरुमा निर्माण कामको लागत अनुमान भन्दा असामान्य घटी वा बढी देखिएका छन् । मूल्यांकन समितिबाट Price Bid का मुल्यांकन गर्दा पेश भएका दररेटको बिश्लेषण गरिएको देखिएन । वोलपत्र मूल्यांकन गर्ने सिलसिलामा ऐनको दफा २३(४) वमोजिम वोलपत्रदातासंग जानकारी मागिएको पनि देखिदैन । बोलपत्रको Section IX Special Condition of Contract को A General मा कार्य सम्पन्नको आशय (Intended) १२ महिना उल्लेख भएको तर त्यस अवधिमा कार्य कार्य सम्पन्न गर्ने कार्य तालिका (Work Shedule) मा उल्लेख नहुदा अनुगमन गर्न असहज हुने अवस्था त छदै छ, सो कार्य निर्धारित अवधिमा सम्पन्न गर्ने प्रतिबद्धता पुरा हुन्छ भनी यकीनसाथ भन्न सक्ने अवस्था देखिदैन । यसै Section को C मा Quality Control उल्लेख छ । यसमा निर्माण कार्यको गुणस्तर नियन्त्रण कसरी हुन्छ भन्ने उल्लेख गरिएको छैन । Letter of Bid को खण्ड C मा वोलपत्रदाताबाट रकम उल्लेख नगरी As per BOQ भनी उल्लेख भएको छ । वोलपत्र कागजातले निर्देशन गरेको स्थानमा रकम अनिवार्य भर्नु पर्छ । यसमा Discount को Offer गरेको दखिदैन । सार्वजनिक निकायले वोलपत्र सूचनामा Prebid-meeting को आयोजना गर्ने भनिए तापनि यो Meeting गरेको रेकर्ड देखिएन ।

**४. छलफल तथा सुनवाईः**

मिति २०७६।०७।२४ गते विहान ११.३० वजे देखि सार्वजनिक खरिद पुनरावलोकन समितिको कार्यालय स्थित इजलासमा यस मुद्दामा सम्बन्धित् निवेदक तथा विपक्षीबीच वहस तथा छलफल कार्यक्रम राखेको थियो ।

४.१ यस कार्यक्रममा निवेदकका तर्फबाट विद्वान अधिबक्ता राजन अधिकारीले वहस गर्नु भयो ।

४.१.१ हाम्रो वोलपत्रको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही भयो । मिति २०७६।०५।०४ मा आर्थिक प्रस्ताव खोल्ने सूचना जारी भयो। त्यस पछि मिति २०७६।०६।१३ मा हाम्रो वोलपत्र रद्द गर्ने सूचना जारी भयो । वोलपत्र रद्द भएको सूचना पाए पछि हामीले सूचनाको हक अन्तर्गत वोलपत्र रद्द हुनुका कारण मिति २०७६।०६।१४ र २०७६।०६।१७ मा माग गरयौं । तर जानकारी प्राप्त हुन सकेन । त्यस पछि मिति २०७६।०६।२३ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ वमोजिम निर्णयको पुनरावलोकन गरी पाउँ भनी सार्वजनिक निकाय प्रमुख समक्ष निवेदन पेस गरयौं । तर ऐ ऐनको दफा ४७(६) वमोजिम निर्णय गरेको जानकारी प्राप्त भएन । त्यस पछिको सात दिन भित्र कानून वमोजिमको निवेदन साथ हामी ऐ ऐनको दफा ४९ वमोजिम सार्वजनिक खरिद पुनरावलोकन समिति समक्ष मिति २०७६।०७।०४ गते निवेदन साथ आयौं ।

४.१.२ सार्वजनिक निकायले वोलपत्र रद्द गर्दा कानुनको आधारमा गरेको छैन । हामीमा Legitimate Expectation हुँदा हुँदै हाम्रो वोलपत्र रद्द गरिएको छ । हाम्रो वोलपत्र प्राविधिक प्रस्तावमा दफा २७ वमोजिम सारभुतरुपमा प्रभावग्राही भयो, आर्थिक प्रस्ताव खोलियो र त्यस पछि रद्द गरियो, यो गैरकानूनी छ । सार्वजनिक निकायले देहायका अवस्थामा सम्पूर्ण वोलपत्र अस्वीकृत गर्न वा खरिद कारवाही रद्द गर्न सक्ने ब्यवस्था ऐ ऐनको दफा २६(१) को (क), (क१), (ख), (ग) मा गरेको छ । प्रथम (क) दफा २३(२) को खण्ड (घ) वमोजिम सारभूतरुपमा प्रभावग्राही नभएमा, दोश्रो (क१) दफा २७(६) वमोजिमको प्रक्रिया अपनाउँदा पनि वोलपत्रदातासंग सम्झौता हुन नसकेमा, तेश्रो (ख) न्यूनतम सारभूतरुपमा प्रभावग्राही वोलपत्रको बोलअंक लागत अनुमान भन्दा सारभूतरुपमा वढी भएमा वा चौंथो (ग) माग गरिएको निर्माण कार्य आवश्यक नभएमा । साथै यसै दफाको उपदफा (२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि केही वोलपत्रहरु वा एउटामात्र वोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको कारणले मात्र वोलपत्र अस्वीकृत गर्न वा पुनः वोलपत्र आव्हान गर्न सकिने छैन भनी व्यवस्था भएको छ ।

४.१.३ वाँहाहरुले कानूनको अवधिमा निर्णय गर्नु भएको छैन । निर्णय गरेकोमा एकमात्र वोलपत्र पेस हुनु, बिगतको खरिद प्रबृत्ति भन्दा निकै कम घटी हुनु, पर्याप्त प्रतिस्पर्धा हुन नसकेको, संस्थाको हित र ITB को 37.1 का आधारमा वोलपत्र अस्वीकृत गरी पुनः वोलपत्र सूचना गर्ने उल्लेख भएको छ । वाँहाहरुमा प्राविधिक प्रस्ताव, आर्थिक प्रस्ताव खोल्दा सम्म पनि एउटा मात्र वोलपत्रदाता भएको हेक्का रहेन र ?

४.१.४ मेरो पक्षले अरु निर्माण कार्यहरुको सम्झौता गरी कार्य गरी रहेको छ । सम्पादन भैरहेका निर्माण कार्यहरु को कार्यसम्पादन सन्तोषजनक नभएको खण्डमा अन्य उपायहरु (Remedies) खोज्नु सकिन्छ । यसमा सार्वजनिक निकायको कारवाही, Arbitration, अदालत, आदि जान सक्ने वाटाहरु छन् । Evaluation committee बाट पहिलेको Trend संग तुलना गरी त्यो trend संग दाँजेर हालको वोलपत्र रद्द गर्न मिल्दैन । कानून भन्दा बाहिर गएर गरेको वोलपत्र रद्द गर्ने निर्णय अमान्य छ । साथै ऐन को दफा १३ मा भएका शर्तहरु वंग्याएर वोलपत्रको निर्णय गर्नु पाउने होईन । मेरो पक्षले पेस गरेको वोलपत्र सारभूतरुपमा प्रभावग्राही छ । वोलपत्रलाई मान्यता दिएर प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव खोली सकेको अवस्था छ । सम्झौता गर्न उचित थिएन भने वोलपत्रको म्याद थप्ने वाटो थियो । हामीले ऐनको ४७ वमोजिम माग गरेको निर्णय म्याद व्यतित भए पछि मिति २०७६।०७।०७ मा प्राप्त भयो । कानूनले यस निर्णयलाई चिन्दैन । वोलपत्र कानूनका आधारमा हुनू पर्छ । सनातनी (Practice) का आधारमा वोलपत्र अस्वीकृत गर्न कानूनले मान्यता दिदैन । साथै Passport को ठेक्का रद्द गरेको शन्दर्भ र यो वोलपत्र रद्दको कारण फरक छ । त्यसर्थ हाम्रो माग हो सम्झौता मेरो पक्षले पाउनु पर्छ ।

४.२ सार्वजनिक निकायका तर्फबाट विद्वान बरिष्ठ अधिवक्ता टिकाराम भट्टराई, बरिष्ठ अधिवक्ता राम प्रसाद भण्डारी तथा अधिवक्ता बसन्त आचार्यले वहस/छलफलमा भाग लिनु भयो ।

४.२.१ हामीले सूचना प्रकासित् गरी मागेको वोलपत्र E-bidding मार्फत Tender Submission गर्दा एकमात्र वोलपत्र परेकोछ । सार्वजनिक खरिद ऐनको मुल्य, उद्देश्य, प्रतिस्पर्धाको मक्सद अनुसार यो भएन । सार्वजनिक रकम जनताको सम्पत्ति हो । यसको सदुपयोग अधिकतम हुनू पर्छ । दुई करोड भन्दा बढीको करार गरी चालु रहेका Projects को खिलाफ छ । यो वोलपत्रमा पेस भएको दर र लागत अनुमान संगको दरको अन्तर कम छ ।

४.२.२ सार्वजनिक खरिद ऐन, २०६३ को मुल मर्म भनेकै सार्वजनिक खरिद प्रक्रियामा प्रतिष्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न हो । निर्माण व्यवसायी, आपूर्तिकर्ता वा सेवा प्रदायकलाई विना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने, समान अवसर जुटाउनु पर्ने मर्म र भावनाको कदर गर्दै उक्त प्रस्तावनाको उद्देश्य हासिल गर्नको लागि नै प्रतिस्पर्धा नभएकोले निर्णयकर्ताको विवेक समेत प्रयोग गरी औचित्यता र उपयुक्तताको आधारमा उक्त वोलपत्र रद्द गरिएको हो । स्थानीय तहले प्रतिस्पर्धा र पारदर्शितालाई प्रवर्द्धन गर्ने नीति लिएको व्यहोरा समेत निवेदन गर्दछु ।

४.२.३ बोलपत्र दाखिला गर्ने समयमा निर्माण व्यवसायीहरुको विरोध कार्यक्रम थियो, ऐनको प्रस्तावनमा सार्वजनिक सम्पत्तिको अधिकतम सदुपयोग गर्ने मनसाय लिएको, विज्ञहरुबाट सल्लाह लिईयो, असल मनसायले प्रतिस्पर्धा नभएकोले यो खरिद प्रक्रिया रद्द गरेको उचित छ र पुनः वोलपत्रको सूचना प्रकासन गर्नु उचित छ । पुनः सूचना गर्दा निवेदकले वोलपत्र दाखिल गर्न पाउने हकबाट वन्चित हुने अवस्था हुदैन, निजको Bid Security पनि फिर्ता हुने अवस्था छ, कुनै क्षति हुने अवस्था रहदैन । वँहाले रानी पोखरी जस्ता परियोजना निर्माण गरी रहनु भएको छ, तर त्यहाँ यस फर्मको performance सन्तोजनक छैन । यस बिषयमा जनप्रतिनिधिले जनतालाई जवाफ दिनु पर्दा के जवाफ दिने ? Performance गर्न सकिएन भनी जवाफ दिने ? जनताबाट यस्तो कुरा राम्रो मान्ने सवाल आउदैन ।

४.२.४ हाम्रो सार्वजनिक निकायको प्रमुख विरामी भएको कारणले निर्णय हुन सकेन फलस्वरुप मिति २०७६।०६।१४ गते लगायतका निवेदकबाट माग गरेको सूचना कानूनले तोकेको अवधि भित्र दिन नसकेको हो । कार्यालयमा हाजिर भए पछि मिति २०७६।०७।०७ मा निर्णय भयो । पत्र तयार भयो । निवेदक लिन आउनु भएन ।

४.२.५ हामीले वोलपत्र आव्हान गर्दा प्रकासन गरेको वुँदा १२ को शर्तले सार्वजनिक निकाय प्रमुखमा स्वविवेकीय अधिकार सुरक्षित गरेकोछ । यस वुँदालाई प्रयोग गर्न नपाउने हो भने SBD मा भएको यो Provisionको कुनै अर्थ रहदैन ।

४.२.६ विधायिकाले यस समितिलाई ऐनको दफा ५०(५) को अधिकार दिइ अधिकार सम्पन्न वनाएको छ । यस समितिले लिमिटेशन, आधार र कारण अनुसार निवेदन खारेज गर्न सक्ने हैसियत राख्दछ । यस मुद्दामा वोलपत्र रद्द गर्ने निर्णय गर्ने आधारहरु देहाय वमोजिम छन्:-

(क) एकमात्र वोलपत्र दर्ता भएको, (ख) आर्थिक प्रस्ताव खोल्दा विगतको वोलपत्र पर्ने Trend, (ग) स्वच्छ प्रतिस्पर्धा र पारदर्शिता, (घ) वोलपत्र सूचनामा प्रमुखको स्वविवेकीय अधिकार सुरक्षित गरेको छ ।

यसरी हामीले निर्णय गरेको कुराहरु गलत छ भनी देखाउने दायित्व निवेदकको हो तापनि यी कुराहरुलाई निवेदकले बस्तुगतरुपमा खण्डन गर्न सकेको छैन, खण्डन गर्न सक्नु पर्छ । साथै यसै J V का कारणले रानी पोखरी जस्तो महत्वपूर्ण निर्माण कार्यमा विलम्ब भैरहेको छ । ऐनको दफा ६१(ख) मा खरिद कारवाईको संचालन सार्वजनिक हित हुने गरी गर्ने व्यवस्था भएकोले यो ठेक्का गर्दा सार्वजनिक हित हुन्छ हुदैन भनी विचार विमर्श गरी हित नहुने भनी यस वोलपत्रलाई रद्द गर्ने निर्णय गरेको हो ।

४.२.७ सदनले यो ऐन वहुप्रतिस्पर्धा होस भन्ने मनसायले ल्याएको हो । यस ऐनको प्रस्तावनामा पनि यो भन्दा थप कुराहरु छन् । एकमात्र वोलपत्रलाई प्रतिस्पर्धा भएको मान्न सकिदैन ।

## ५. समितिबाट भएको निर्णयः

Notice no. 43/075/76, Package no.157/075/76 बाट Raod Extention Works at Margadarsan Marg, Ranibari निर्माणकार्य खरिद गर्न प्रकाशित सूचना बमोजिम वोलपत्रदाता निवेदक कडेल निर्माण सेवा प्रा.ली.ले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोसंग संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित् पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि आह्वान भएको बोलपत्र रद्द गर्ने सूचनाको बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) मा भएको अवस्थामा सम्पूर्ण वोलपत्र अस्वीकृत गर्न वा खरिद कारवाही रद्द गर्न सक्ने व्यवस्था गरेको छ । ताहाँ निकायबाट यस दफामा भएको व्यवस्थालाई पालना नगर्नु कानून सम्मत छैन ।

५.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(२) मा "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केही वोलपत्रहरु वा एउटामात्र वोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको कारणले मात्र वोलपत्र अस्वीकृत गर्न वा पुनः वोलपत्र आह्वान गर्न सकिने छैन" भनी व्यवस्था भएको छ । एउटामात्र वोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको कारणले मात्र वोलपत्र अस्वीकृत गर्न वा पुनः वोलपत्र आव्हान गर्न नसकिने स्पष्ट छ ।

५.३ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६५(१) वमोजिम निर्माण कार्यको वोलपत्र मूल्यांकन गर्दा मूल्यांकन समितिले नियम ६२, ६३, र ६४ मा उल्लिखित कुराको अतिरिक्त निर्माण कार्यको वोलपत्रको बिशेष मुल्यांकन गर्नु पर्ने व्यवस्था छ । यस नियममा व्यवस्था भएका बुदाँहरु अनुसार विशेष मुल्यांकन गरिएको छैन ।

माथि उल्लिखित् बुँदा नं. ५.१ र ५.२.अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (१) को (क) देखि (ग) सम्मका खण्डहरु वमोजिमको अवस्था नरहेको स्थितमा वोलपत्र रद्द गर्न गरेको निर्णय तथा ऐ.ऐनको सोही दफाको उपदफा (२) वमोजिम एउटा मात्र वोलपत्र सारभुतरुपमा प्रभावग्राही भएको कारणले मात्र वोलपत्र अस्वीकृत गर्न वा पुनः वोलपत्र आव्हान गर्न ऐन नियम विरुध्द हुन्छ । अतः सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) (ख) (२) वमोजिम सार्वजनिक निकायले गरेको अनधिकृत निर्णय सो हदसम्म रद्द गर्न आदेश दिएको छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६४ वमोजिम आर्थिक पक्षको मुल्यांकन पुरा नगरेको तथा माथि खण्ड ५.३.अनुसार ऐ नियमावलीको नियम ६५ बमोजिम निर्माण कार्यको वोलपत्रको विशेष मुल्यांकन समेत पूरा गरेको नदेखिएकोले सोही ऐनको दफा ५० को उपदफा (५) (ख) (३) वमोजिम पुनः आर्थिक प्रस्ताब समेतको मुल्यांकन गर्न आदेश दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील वमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैक ग्यारेन्टी नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७६ साल कार्तिक २९ गते रोज ०६ शुभम्.................................................।

**नेपाल सरकार**
**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. ११४**

**आ.व. २०७६/७७ को निर्णय नं ०९**

का.जि.का.म.न.पा.वडा नं. ३ ठेगाना रहेको कँडेल/के एण्ड के जि संयूक्त उपक्रमको तर्फबाट ऐ.जे.भि.को मुख्य प्रतिनिधि अशोक भक्त श्रेष्ठ.......................................................................................................................................१ **निवेदक पक्ष**

**बिरुद्ध**

काठमाडौं महानगरपालिका, बागदरबार काठमाडौं..............................................................................१

ऐ.को कार्यकारी अधिकृत ऐ.ऐ...............................................................................................................१

ऐ.को खरिद कार्यालय ऐ.ऐ....................................................................................................................१ **विपक्षी प्रत्यर्थी**

**बिषयः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम पुनरावलोकन गरी ठेक्का सम्झौता गर्ने आवश्यक निर्णय गरी पाउँ भन्ने सम्बन्धमा।**

**१. निवेदकको माग/दाबीः**

सार्बजनिक निकाय श्री काठमाडौं महानगरपालिका नगरपालिकाको कार्यालय, बागदरबार काठमाडौंले IFB no, Notcice No.43/075/076, Package No.158/075/076, Construction of ward Building at Ward No.12, Pachali, को खरिद कार्यको लागि मिति २०७६।०१।०५ मा प्रकाशित बोलपत्रको प्राविधिक प्रस्ताबमा सफल भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताब मिति २०७६।०५।११ मा खोलेकोमा उक्त कार्यालयबाट मिति २७६।०६।१३ मा प्रकाशित उक्त बोलपत्र रद्द गर्ने सुचनाका सम्बन्धमा चित्त नबुझी बोलपत्रदाता कँडेल/के एण्ड के जि संयूक्त उपक्रमले नेपाल बैंक लि. धर्मपथ काठमाडौंको रेफ नं. L/G No. GPF002820062, मिति २०१९।१०।१८ को रु. ६,२७,०००।- को सक्कल बैंक ग्यारेन्टी संलग्न गरी सार्बजनिक खरिद ऐन, २०६३ दफा ४९(क) बमोजिम मिति २०७६।०७।०४ मा यस समितिमा पुनरावलोकनका लागि दिएको निबेदनमा मुख्य माग दाबी देहाय अनुसार रहेको देखिन्छ।

१.१ उक्त सार्वजनिक निकायबाट प्रकाशित भएको Bids अनुसार हामीले का.म.न.पा.वडा नं.१२ को भवन निर्माण गर्ने सम्बन्धी बोलपत्र सूचना अनुसार प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गरेका थियौं। मिति २०७६।५।४ को गोरखापत्रमा Notice for opening of Financial Proposal, Notice No. 43/075/076, Package No, 158/075/076 भनी सूचना प्रकाशित भएको थियो।

१.२ सार्वजनिक निकायले प्रकाशित गरेको उक्त सूचनाको आधारमा हामीबाट पेश भएको आर्थिक प्रस्ताव खोलिन्छ र हामीसँग ठेक्का सम्झौता हुन्छ भनी बैधानिक अपेक्षा (Legitimate Expectation) मा थियौं। उक्त मिति २०७६।५।४ को सूचना अनुसार बोलपत्रको आर्थिक प्रस्ताव नखोली मिति २०७६।०६।०८ को प्रमुख प्रशासकीय अधिकृत स्तरीय निर्णय अनुसार बोलपत्र रद्ध गरिएको भनी मिति २०७६।६।१३ मा सूचना प्रकाशित गरिएकोले निवेदक कम्पनीले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम विपक्षीबाट बोलपत्र रद्ध गर्ने निर्णय तथा सूचनाको पुनरावलोकनको लागि मिति २०७६।६।१७ गते सार्वजनिक निकायको प्रमुख समक्ष निवेदन दायर गरेकोमा विपक्षीबाट कानुनले तोकेको समयावधिमा निर्णय गरिएन।

१.३ विपक्षी सार्वजनिक निकायबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा दफा २३ बमोजिम बोलपत्र परीक्षण तथा ऐ.दफा २५ बमोजिम बोलपत्र मूल्यांकन गरिएको र हामीबाट पेश भएको बोलपत्र प्राविधिकरुपमा पास भई हाम्रो आर्थिक प्रस्ताव पनि खोली स्टिमेट रकमको सिलिङ्ग भित्र रही हामी निवेदक सारभुतरुपमा प्रभावग्राही भएको अवस्थामा हामीसँग ठेक्का सम्झौता गर्नु विपक्षी सार्वजनिक निकायको कानूनी दायित्व हो।

१.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) को (क) देखि (ग) सम्मको अवस्थामा बाहेक अन्य अवस्थामा कुनै पनि बोलपत्र रद्ध गर्न गराउन पाउने अधिकार सार्वजनिक निकाय का.म.न.पा.लाई रहेको छैन। हामीबाट पेश भएको बोलपत्र ऐ.दफा २३(२)(घ) बमोजिम सारभुतरुपमा प्रभावग्राही भएको छ। ऐ. दफा २६(२) को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि केही बोलपत्रहरु वा एउटा मात्र बोलपत्र सारभुतरुपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पूनः बोलपत्र आव्हान गर्न सकिने छैन भन्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको छ। ऐ. दफा २६(१) बमोजिम बोलपत्र रद्ध गरेको सूचना समेत हामी बोलपत्रदाता जे.भी. लाई जानकारी गराएको छैन।

१.५ हामीलाई नेपालको संविधान, २०७२ ले सूचना पाउने अधिकारको प्रत्याभुती गरेको छ। त्यसैगरी सार्वजनिक खरिद ऐनको दफा २६(३) ले पनि ग्यारेन्टी गरेको छ। सुनुवाईको मौका पाउने हाम्रो संवैधानिक तथा कानूनी हक अधिकार रहेको छ। राज्यका कुनै पनि निकाय वा अधिकारीले आफ्नो निर्णयमा आधार र कारणयुक्त निर्णय (Reasoned Decision) हुनुपर्ने भन्ने प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice) अन्तर्गतको सुनुवाईको सिद्धान्त (Theory of Hearing) सँग सम्बन्धित हुने। प्रशासकीय र न्यायिक निकायबाट कुनै व्यक्तिको हक अधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ कारवाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ। त्यसैले कानूनको उचित प्रकृया (Due Process of Law) पनि भनिन्छ। कानूनको उचित प्रकृया (Due Process of or Procedune established by law) र प्राकृतिक न्याय सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगत रुपमा भएको मानिने (ने.का.प. २०७५ अ. ६ नि.नं १००२७ पृष्ठ १०९२ र ने.का.प. २९७५ अं ९ पृ. १६७० नि.नं १००८९) सिद्धान्त प्रतिपादन भएकोले यस्तो प्रतिपादित सिद्धान्तको विरुद्ध गर्न अन्य उद्देश्य (ulterior motive) बाट उत्प्रेरित भई बिना कानूनी आधार बोलपत्र रद्ध गर्ने निर्णयले प्रचलित नेपाल

कानूनलाई पराजित गरेको छ । सार्वजनिक निकायले संसदबाट बनाएको कानुनी व्यवस्थाको नजरअन्दाज गरी गरेको आत्मनिष्ठ निर्णय बदर हुन्छ ।

१.६ विपक्षी सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा भएको कानूनी व्यवस्थालाई इमान्दारीताका साथ पालना गर्नु पर्दछ । ऐ. २७(१) मा सार्वजनिक निकायले दफा २५ बमोजिम न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको छनौट गर्नुपर्ने र ऐ. २७(२) मा छनौट भएको बोलपत्रदातालाई निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिनु पर्ने व्यवस्था रहेकोमा सो व्यवस्थालाई पराजित गरी मनोमानीरुपमा बोलपत्र रद्ध गर्ने सूचना प्रकाशित गर्नु कानूनको उल्लंघन गर्नु हो । हामीबाट बोलपत्रमा प्रकाशित सूचना अनुसार सम्पूर्ण योग्यताको आधार सहित बोलपत्र पेश गरेको र प्राविधिक प्रस्ताव पास गरी आर्थिक प्रस्ताव खोल्ने दिन समेत तोकी सूचना प्रकाशित गरेको र धेरै ढिला गरी आर्थिक प्रस्ताव खोली बोलपत्र रद्ध गर्ने अधिकार के कुन कानूनले सार्वजनिक निकाय विपक्षीलाई दियो सम्पूर्ण सक्कल फाइल विपक्षीबाट झिकाई हेरी पाऊँ ।

१.७ सरकारी निकायले पारदर्शी हिसावले जिम्मेवारीपूर्वक निर्णय गर्दछ भन्ने बैधानिक अपेक्षा (Legitimate Expectation ) Contractor मा रहन्छ । यो सिद्धान्तलाई सरकारको स्वच्छाचारीतालाई नियन्त्रण गर्ने सिद्धान्तकोरुपमा हेरिन्छ । लोकतन्त्रमा जनताप्रति स्वच्छ व्यवहार (Fair Treatment) गर्नु सरकारको कर्तव्य हुन्छ भने त्यस्तो व्यवहारको अपेक्षा गर्नु जनताको हक बन्दछ । सिद्धान्ततः सरकार वा सो अन्तर्गतको कुनै निकायले विगतमा स्पष्टरुपमा कुनै आश्वासन दिएको अवस्थामा बैध अपेक्षा उत्पन्न हुन्छ भनी (ने.का.प. २०७४ अ. १ पृ.१७९) सिद्धान्त समेत प्रतिपादन भएको छ ।

१.८ हाम्रो बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५, २६, २७ तथा सार्वजनिक खरिद निमयावली, २०६४ को नियम २५ र २६ बमोजिम सारभुतरुपमा प्रभावग्राही भएको ऐ. २६(२) बमोजिम एक बोलपत्र पनि सारभुतरुपमा प्रभावग्राही भएको अवस्थामा रद्ध गर्न नसकिने भन्ने भएबाट विपक्षी सार्वजनिक निकाय का.म.न.पा.बाट मिति २०७६।६।८ को प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णय तथा अन्य पत्राचार समेत पुनरावलोकन गरी पाऊँ ।

१.९ हामीले बोलपत्र रद्ध गर्ने निर्णय पुनरावलोकन गरी पाउँ भनी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) बमोजिम मिति २०७६।०६।२३ मा सार्वजनिक निकाय प्रमूख समक्ष निवेदन गर्दा आजको मिति सम्म निर्णय गरी हामीलाई जानकारी गराएको अवस्था छैन । विपक्षीहरुले प्रचलित नेपाल कानुनलाई पराजित गर्ने, बोलपत्रदातालाई बिना कानुन आर्थिकरुपमा हानी नोक्सानी पार्ने, आफु अनुकुलको बोलपत्रदाता खोज्ने काम कारवाही भएको हुँदा विपक्षीबाट भएका सम्पुर्ण कामकारवाही पुनरावलोकन गरी निवेदक कम्पनीलाई ठेक्का सम्झौता गर्न आवश्यक निर्देशन साथै विपक्षीले नयाँ बोलपत्र सूचना प्रकाशित गर्ने सम्भावना समेत भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५१(१) बमोजिम खरिद कारवाही रोक्का गर्न आवश्यक निर्देशन समेत गरी पाऊँ ।

**२. सार्वजनिक निकायको प्रतिक्रियाः**

यस समितिको मिति २०७६।०७।०४ को पत्रबाट सार्बजनिक निकाय श्री काठमाडौं महानगरपालिका, नगरपालिकाको कार्यालय बागदरवार काठमाडौंसंग प्रतिकिया माग गरेकोमा उक्त कार्यालयको मिति २०७६।०७।०७ को प्राप्त प्रतिक्रियामा उल्लेख भएका प्रमुख बुँदाहरु देहाय अनुसार रहेकाछन् ।

२.१ उल्लेखित आयोजना "Construction of Building at Ward no.12,Pachali,Notice no 43/075/76 Package no 158/075/076 कार्यको लागि काठमाडौ महानगरपालिका कार्यालयबाट मिति २०७६/०१/०५ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका र www.Bolpatra.gov.np/egp मार्फत सूचना प्रकाशन गरी वोलपत्र दर्ता गर्ने अन्तिम मिति २०७६/०२/०८ गते दिनको १२ बजेसम्म भएकोमा E-submission मार्फत कँडेल/के एण्ड के जी जेभीको एकमात्र वोलपत्र दर्ता हुन आएको र सो वोलपत्र सोही दिन २:०० बजे खोलिएको थियो ।

२.२ उक्त बोलपत्रको प्राविधिक परीक्षण पश्चात आर्थिक प्रस्ताव खोली मूल्यांकन गर्दा भ्याट बाहेक कबोल गरेको रु.५,५४,६८,२२८।३६ (पाँच करोड चौवन्न लाख अठसठ्ठी हजार दुई सय अठ्ठाइस र पैसा छत्तीस) लागत अनूमान भन्दा १.३१% मात्र घटी भएको देखियो । आ.व. २०७५/७६ को यसै प्रकृतिको भवन निर्माणमा रु.२ करोड भन्दा बढी लागत अनूमान भई हाल कार्यादेश दिई कार्य भइरहेका योजनाहरुको खरिद प्रवृत्ति (Procurement Trend) औसत १९.३८% देखिएकोले एकमात्र वोलपत्रदाताको प्रस्ताव पेश हुनु र खरिद प्रवृत्ति (Procurement Trend) भन्दा निकै कम अर्थात करिव १८.७ % कम रहनुले पर्याप्त प्रतिष्पर्धा हुन नसकेको आधारमा प्रस्तूत वोलपत्र अस्विकृत गरी पुनः सुचना गरी खरिद प्रक्रिया अघि बढाउदा संस्थाको बढी हित हुन सक्ने देखिएकोले Standard Bidding Document को ITB Clause No ३७ र यस कार्यालयबाट मिति २०७६/०१/०५ मा प्रकाशित सूचनाका] 12 नं बूँदामा उल्लेखित आधारमा उक्त वोलपत्र अस्वीकृत गरी पुनः सूचना गर्न सिफारिस गर्ने" यस कार्यालयको वोलपत्र मूल्यांकन समितिले मिति २०७६/०६/०१ गते निर्णय गरेको र सोही अनुरुप निर्णयको लागि अधिकार प्राप्त अधिकारी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भएको हो ।

२.३ सार्वजनिक खरिद ऐन, २०६३ को मुल मर्म भनेकै सार्वजनिक खरिद प्रकियामा प्रतिष्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता वा सेवा प्रदायकलाई विना भेदभाव सार्वजनिक खरिद प्रकियामा सहभागी हुने समान अवसर जुटाउनु पर्ने मर्म र भावनाको कदर गर्दै उक्त प्रस्तावनाको उद्देश्य हासिल गर्नको लागि नै प्रतिस्पर्धा नभएकोले निर्णयकर्ताको विवेक समेत प्रयोग गरी औचित्य र उपयुक्तताका आधारमा उक्त वोलपत्र रद्द गरिएको हो । स्थानीय तहले प्रतिस्पर्धा र पारदर्शितालाई प्रवर्द्धन गर्ने नीति लिएको व्यहोरा समेत निवेदन गर्दछु ।

२.४ काठमाडौ महानगरपालिकाले कानून बमोजिम गठित वोलपत्र मूल्यांकन समितिले सिफारीस गरी अख्तियार प्राप्त अधिकारीले निर्णय गरेको र सोको जानकारी सवद्ध पक्षहरुलाई सहज रुपमा होस् भन्ने हेतुले राष्ट्रिय दैनिक पत्रिका गोरखापत्र मार्फत २०७६।०६।१३ मा सार्वजनिक सूचना प्रकाशित गरिएको हो । वोलपत्र रद्द गर्नु पर्ने कारणको जानकारी माग भएकोमा कार्यालयको तर्फबाट जानकारी दिन तयार गरिएको भएतापनि निज वोलपत्रदाता पुनः लिन नआएकाले उपलव्ध गराउन नसकिएको हो ।

२.५ एकमात्र वोलपत्र दर्ता भएको र सम्पूर्ण निर्माण व्यवसायीहरु समेत तत्कालको समयमा सार्वजनिक खरिद नियमावलीको संशोधनको विरोधमा रहेको अवस्थामा एक मात्र वोलपत्रदाताको वोलपत्र पर्नु, कवोल अंक समेत चालू आ.व. का सोही प्रकृतिको आयोजनाहरुको प्रवृत्ति विश्लेषणबाट समेत अर्थपूर्ण न्युन देखिनुले स्वभाविक रुपमा विभिन्न आशंका उत्पन्न भई विज्ञहरु सँग छलफल, र परामर्श गर्दा समय केही ढिलो हुन गएको हो ।

२.६ सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा उल्लेखित सिद्धान्तमा कतिपनि विचलित नभई उक्त सिद्धान्तको परिपालनार्थ, सार्वजनिक हित र सार्वजनिक सम्पत्तिको अधिकतम सदुपयोग हुने/गराउने उदेश्यबाट अभिप्रेरित भई का.म.पा.ले असल नियत र नगरवासीको करको अधिकतम सदुपयोग गर्ने उदेश्यबाट उक्त निर्णय गरिएको हो ।

२.७ सार्वजनिक खर्चको मितव्ययिताको लागि सोही प्रकृतिका अन्य आयोजनाको वैज्ञानिक प्रवृत्ति विश्लेषण गरी पूर्ण प्रतिष्पर्धा नभएको निष्कर्श निकाली असल मनसायका साथ बोलपत्र मूल्यांकन समितिले पुनः सूचना मार्फत खरिद प्रकृया अघि बढाइए प्रतिस्पर्धा बढी भई संस्थागत हित सुनिश्चित हुने गरी सिफारिश गरेको र सोही कुरालाई मनन गरी कार्यालय प्रमुखबाट निर्णय गरिएको हो । यसमा कुनै बदनियत र कानून उल्लंघन गरिएको छैन ।

२.८ काठमाडौ महानगरपालिकाबाट सूचना प्रकाशित गरी खरिद प्रकृयामा सीमित ठेकेदारहरुले भाग लिने र उनीहरुकाबीचमा मात्र प्रतिष्पर्धा भई तिनै ठेकेदारहरुकाबीचमा मात्र ठेक्का सम्झौता भई कार्यादेश दिने गरिएकोमा यी निवेदक समेतको कार्यसम्पादन स्तर (चार वटा सम्झौता भएका योजना) सन्तोषजनक भएको देखिदैन । यसतर्फ आवश्यक अनुगमन/सुपरिवेक्षण गरी आवश्यक कार्वाही प्रकृया अघि बढ्ने नै छ । यी निवेदकको कार्यसम्पादन स्तर राम्रो नभएको, समयमै कार्य सम्पन्न नगर्ने, आलटाल गर्ने, ठेक्का कार्यमा अनेकन विवादहरु सृजना गर्ने, रानीपोखरी पुनःनिर्माणको विषयमा सम्मानित श्री सर्वोच्च अदालतमा समेत मुद्दा विचाराधिन रहेको अवस्था छ ।

२.९ माथि उल्लेखित विभिन्न प्रकरणहरुमा खुलाइए बमोजिमका आधार, कारण र असल उदेश्यले काठमाडौ महानगरपालिकाले यस खरिद कार्यको बोलपत्र रद्द गर्ने गरी गरिएको निर्णय अन्यथा हुनु पर्ने होइन । सार्वजनिक खरिद ऐन, २०६३, ऐ. नियमावली, २०६४ को उद्देश्य, व्यवस्था र भावना समेतलाई मध्यनजर गरी असल नियतका साथ प्रतिस्पर्धा र पारदर्शितालाई प्रवर्द्धन गर्ने उदेश्यले गरिएको काम कारवाहीलाई अन्यथा गरी रहनुपर्ने होइन, विपक्षीको पुनरावलोकनको निवेदन खारेज भागी छ, खारेज गरि पाउँ ।

**३. अध्ययन तथा अवलोकनः**

श्री काठमाडौं महानगरपालिका, नगरपालिकाको कार्यालय, बागदरवार काठमाडौंले उपरोक्त खरिदको लागि मिति २०७६।०१।०५ मा बोलपत्र आह्वान गरे अनुसार पर्न आएको बोलपत्र रद्द गर्ने विषयको मिति २०७६।०६।१३ मा प्रकाशित सूचनामा चित्त नबुझी कँडेल/के एण्ड के जि संयुक्त उपक्रमले पुनरावलोकनको लागि यस समितिमा दिएको निवेदन, सो साथ संलग्न कागजात, कार्यालयले उपलब्ध गराएको प्रतिक्रिया, बोलपत्र सम्बन्धी कागजात, एवं खरिद कारबाही सम्बन्धी फाईल र निर्णयहरु, बोलपत्रदाताले पेश गरेको बोलपत्र प्रस्ताब, प्रचलित खरिद ऐन, नियमहरु समेतको अध्ययनबाट देखिएका उल्लेख्य बुँदाहरु निम्नानुसार छन् ।

३.१ उल्लेखित आयोजना "Construction of Building at Ward no.12,Pachali,Notice no: 43/075/76 Package no:158/075/076 कार्यको लागि काठमाडौ महानगरपालिका, महानगरपालिकाको कार्यालयबाट मिति २०७६/०१/०५ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका र www.Bolpatra.gov.np/egp मार्फत सूचना प्रकाशन गरी बोलपत्र दर्ता गर्ने अन्तिम मिति २०७६/०२/०८ गते दिनको १२ बजेसम्म कँडेल/के एण्ड के जी जेभीको एकमात्र बोलपत्र दर्ता हुन आएको, बोलपत्रको प्राविधिक प्रस्ताब सोही दिनको २ बजे खोलेको, बोलपत्र मूल्यांकन समितिको मिति २०१७०७०१ को प्राविधिक मूल्यांकन प्रतिवेदन अनुसार निबदेक बोलपत्रदाताको प्राविधिक प्रस्ताब सारभूतरुपमा प्रभावग्राही भएको जनाई ७ दिनको अवधि दिई आर्थिक प्रस्ताब खोल्न सिफारिश गर्ने निर्णय भएको, सोही सिफारिशको आधारमा मिति २०७६।०५।०२ मा निबेदकको बोलपत्रको प्राविधिक प्रस्ताब स्वीकृत गरी सात दिने सूचना दिने निर्णय गरी मिति २०७६।०५।०४ को गारखापत्र दैनिकमा मिति २०७५।०५।११ गते ११.०० मा आर्थिक प्रस्ताब खोल्ने सूचना प्रकाशित गरेको देखिन्छ ।

३.२ उक्त आयोजनाको लागि मिति २०७५।११।२७ मा मूल्य अभिबृद्धि कर बाहेक रु.५,६२,०७,३३६।२१ र मूल्य अभिवृद्धि कर समेत रु.६,३५,१४,२८९।९२ को लागत अनुमान स्वीकृत भएकोमा बोलपत्रदाता उक्त जे.भी.ले मूल्य अभिबृद्धि कर बाहेक रु.५,५४,६८,२२८।३६ र मूल्य अभिबृद्धि कर समेत रु.६,२६,७९,०९८।०५ (मूल्यांकन तालिका अनुसार) आर्थिक प्रस्ताब पेश गरेको देखिन्छ ।

३.३ बोलपत्र मूल्यांकन समितिको मिति २०७६।०६।०२ गते बसेको बैठक नं.२१ बाट एकमात्र बोलपत्र पेश गर्ने बोलपत्रदाता कडेल के एण्ड के जी जे भी ले रु. ५,५४,६८,२२८।३६ (मूल्य अभिबृद्धि कर बाहेक) लागत अनुमानको तुलनामा १.३१ प्रतिशत मात्र घटी कबोल गरको, आ.ब. २०७५।७६ मा यस्तै प्रकृतिको रु.२ करोड भन्दा बढी लागत अनुमान भएको हाल कार्य भईरहेको योजनाहरुको खरिद प्रबृत्ति लागत अनुमान भन्दा १९.३८ प्रतिशत घटी भएकोमा सोको तुलनामा १८ प्रतिशत कम रहनुले पर्याप्त प्रतिस्पर्धा हुन नसकेको र कबोल अंक समेत बढी देखिएकोले प्रशतुत बोलपत्र अस्वीकृत गरी पुनः सूचना गरी खरिद प्रक्रिया अघि बढाउन संस्थाको हितमा हुने र बोलपत्र कागजातको बुदा ३७ तथा बोलपत्र आह्वानको सूचनाको बुदा १२ का आधारमा उक्त बोलपत्र अस्वीकृत गरी पुनः सूचना गर्न सिफारिश गर्ने निर्णय गरेको र सोही आधारमा मिति २०७६।०६।०८ मा बोलपत्र रद्द गरी पुनः बोलपत्र आह्वानको सुचना प्रकाशित गर्ने निर्णय गरी मिति २०७६५।०६।१३ मा बोलपत्र रद्द गरिएको सूचना प्रकाशित गरेको देखिन्छ ।

३.४ सार्बजनिक निकाय काठमाडौं महानगरपालिका, नगरपालिकाको कार्यालयले जारी गरेको बोलपत्र सम्बन्धी कागजातको आई.टि.बि. ३७ मा "The Employer reserves the right to accept or to reject any bid, and annul the bidding process and reject all Bids at any time prior to contract award, without thereby incurring any liability to Bidders, in case of annulment, all Bids submitted and specifically, bid securities, shall be promptly returned to the Bidders" तथा मिति २०७६।०१।०५ मा प्रकाशित बोलपत्र आह्वानको सूचना नं.१२ मा "The Employer reserves the right to accept or to reject wholly or partly any or all Bids without assigning reason, whatsoever" भनी उल्लेख गरेको देखिन्छ ।

सार्बजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम (क) कुनै पनि बोलपत्र दफा २३ को उपदफा (२) को खण्ड (घ) बमोजिम सारभूतरुपमा प्रभावग्राही नभएमा, (क१) दफा २७ को उपदफा (६) बमोजिमको प्रक्रिया अपनाउदा पनि बोलपत्रदातासंग सम्झौता हुन नसकेमा, (ख) न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभूत रुपमा बढी भएमा, वा (ग) मांग गरिएको मालसामान, निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवा आवश्यक नभएमा सार्वजनिक निकायले यो अबस्थामा मात्र सम्पूर्ण बोलपत्र अस्विकृत गर्न वा खरिद कारबाही रद्द गर्न सक्ने देखिन्छ । ऐ.दफाको उपदफा (२) मा केही बोलपत्रहरु वा एउटा मात्र बोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पुनः बोलपत्र आव्हान गर्न नसकिने व्यवस्था छ ।

सार्बजनिक निकाय नगरपालिकाको कार्यालय, काठमाडौंबाट जारी बोलपत्र सम्बन्धी कागजातको आई.टि.बि. ३७ र बोलपत्र आह्वानको सूचनाको बुदा नं. १२ मा उल्लेख भएको व्यवस्था सार्बजनिक खरिद ऐन, २०६३ को दफा २६(१) मा भएको व्यवस्था अनुकुल नदेखिदा

बोलपत्र सम्बन्धी कागजात र बोलपत्र आह्वानको सूचनाको आधारमा बोलपत्र मूल्यांकन समितिबाट मिति २०७७।०६।०२ मा भएको निर्णय, सो निर्णयको आधारमा बोलपत्र रद्द गरी पुनः बोलपत्र आह्वान गर्न सूचना प्रकाशित गर्ने गरी सार्वजनिक निकाय महानगरपालिकाको कार्यालय काठमाडौंबाट मिति २०७६।०६।०८ मा भएको निर्णय र बोलपत्र रद्द गरिएको भनी मिति २०७६।०६।१३ मा प्रकाशित सूचना कानून सम्मत देखिदैन ।

३.४ आर्थिक प्रस्ताव खोलिए पछि मिति २०७६।०६।१३ मा वोलपत्र रद्द गर्ने सूचना जारी गरियो । वोलपत्र रद्द गर्ने आधारहरुमा एकमात्र वोलपत्र पेश हुनु, खरिद प्रवृत्ती निकै कम हुनु, ITB 37.1 र सूचनामा उल्लेख भएको वुँदा १२ लाई लिईएको देखिन्छ । पर्याप्त सूचना प्रकासित् हुँदाहुदै पनि एउटा मात्र वोलपत्र दर्ता हुनु, कसैले वोलपत्र दर्ता गर्नमा वाधा अड्चन गरेको प्रमाण नदेखिनुको कारणले प्रतिस्पर्धा गर्न नसकेको देखिदैन । सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा व्यवस्था भएको सार्वजनिक निकायबाट स्वच्छताका साथ वोलपत्र प्रकासन गरेको देखिन्छ, तर एकमात्र वोलपत्र दाखिला हुनु सूचना प्रकासनमा त्रुटी भएको मान्न सकिने देखिदैन । यस वोलपत्रमा पेस भएका कूल दर पूर्व खरिद प्रवृत्तिमा भन्दा न्यून भएको भनिएको छ । विगतमा भएको दर भन्दा कम वा वढी संग तुलना गरेर वोलपत्र रद्द गर्नु ऐनले वैधानिकता दिएको देखिदैन । लागत अनुमान भन्दा वोलपत्रदाताबाट पेस भएको दर सारभुतरुपमा वढी भएमा वोलपत्र प्रभावग्राही हुदैन । लागत अनुमान भन्दा यति प्रतिसत् मात्र न्यून दर भएका वोलपत्रलाई ऐनले सारभूतरुपले प्रभावग्राही हुन्छ भन्न सकेको देखिदैन । ITB 37 को सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) को देहायको (क), (क१), (ख), (ग) को अवस्थामा मात्र सार्वजनिक निकायले सम्पूर्ण वोलपत्र अस्वीकृत गर्न वा खरिद कार्यवाही रद्द गर्न सक्ने व्यवस्था गरेको छ यसै दफाको उपदफा (२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केही वोलपत्रहरु वा एउटामात्र वोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको कारणले मात्र वोलपत्र अस्वीकृत गर्न वा पुनः वोलपत्र आह्वान गर्न सकिने छैन भनी व्यवस्था समेत भएको छ । यस दफामा व्यवस्था भए वमोजिमका कुनै अवस्था सिर्जना भएको देखिदैन । वोलपत्र सारभुतरुपमा प्रभावग्राही भएको समेत निर्णयबाट प्रष्ट पारेको छ ।

ऐन, नियममा भएका प्रावधानका आधारमा Bid Document निर्माण हुने भएकाले ITB 37.1 मा उल्लेख भएको यो वुँदा पनि ऐन कै मक्सद अनुसार बनेको हुनु पर्ने देखिन्छ । ऐनको आधारमा निर्माण भएका नियमावली, निर्देशिका, Bid Documents, आदी ऐनमा भएका व्यवस्थासंग बाझिएका हदसम्म ऐनमा भएका व्यवस्था लागु हुनु पर्ने अर्थात ऐनको प्रावधानले पहिलो प्राथमिकता पाउने देखिन्छ । नेपाल कानून व्यख्या सम्बन्धी ऐन, २०१० को दफा २० मा ऐन वमोजिम निकालिएका आदेश ईत्यादीको व्याख्यामा नेपालको कुनै ऐनले सूचना, आदेश, योजना, नियम, फाराम, वा उपनियम जारी गर्ने अख्तियारी दिएको भए बिषय वा प्रसंगबाट अर्को अर्थ नलागेमा यो ऐन लागु भए पछि पनि ती सूचना, आदेश, योजना, नियम, फाराम वा उपनियमको अर्थ सो अख्तियार दिने ऐन वा विनियममा लागे वमोजिम नै हुन्छ भनी व्यवस्था छ ।

३.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६३(१) मा नियम ६२ वमोजिम प्राविधिक पक्षको मूल्यांकन भएपछि वोलपत्रको व्यापारिक पक्षको मूल्यांकन र सोको समेत मूल्यांकन भएपछि नियम ६४ वमोजिम आर्थिक पक्षको मूल्यांकन गर्नु पर्ने व्यवस्था भएको छ ।

३.६ सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ६४(१) वमोजिम आर्थिक पक्षको मूल्यांकन समितिबाट आंशिक भएको देखियो । साथै ऐ नियम ६५(१) वमोजिम निर्माण कार्यको वोलपत्र मूल्यांकन गर्दा मूल्यांकन समितिले नियम ६२, ६३, र ६४ मा उल्लिखित कुराको अतिरिक्त देहायका कुराको मूल्यांकन गर्नु पर्नेछ भनी व्यवस्था भएको छ ।

(क) निर्माण कार्यको कार्य योजना, कार्य सम्पादन तालिका र परिचालन समय वोलपत्र कागजातमा उल्लेख भए अनुसार भए वा नभएको,

(ख) वोलपत्रदाताले BOQ मा संलग्न आइटमको लागि उल्लेख गरेको प्रति एकाइ दर विश्वसनीय भए वा नभएको,

(ग) कवोल अंक देहायको कारणले असंन्तुलित भए वा नभएको

(१) खरिद सम्झौताका प्रारम्भिक चरणमा गर्नु पर्ने कामको आईटमको लागि अस्वभाविक उच्चदर उल्लेख गरेको, वा

(२) BOQ मा कुनै आईटममा न्युन अनुमान भएको भनी विश्वाश गरेको आइटमका लागि निजले अस्वभाविक उच्चदर उल्लेख गरेको,

(घ) ऐनको १३(२) को (ढ३) (कार्य आरम्भ गरेको भए त्यस्तो निकाय, कामको विवरण, सम्झौता रकम र कार्य प्रगतीको बिवरण) वमोजिको बिवरण अनुरुपको निर्माण कार्य सम्पन्न गर्न सक्ने निजको प्रविधिक क्षमता भए वा नभएको ।

निवेदक वोलपत्रदाताले पेस गरेको आर्थिक प्रस्ताबमा शुरु देखि काम हुने आईटमहरु लगायतका देहाय वमोजिमका आईटमहरुमा ( उदाहरणर्थ) लागत अुनमान भन्दा घटी/वढी दर उल्लेख गरी रकमहरु पेस गरेको देखिन्छ । यी आईटमहरु सम्पन्न हुनसक्ने विश्वसनीयता प्रमाणित् गर्ने आधारहरु के के हुन सक्छन् ? प्रमाणित गर्ने आधारहरु देखिदैन ।

| आइटम नं. | लागत अनुमान रकम | पेस गरेको रकम | इ. भन्दा फरक रकम | प्रतिसत् घटी/वढी |
|---|---|---|---|---|
| १ | २४५४४।५४ | १९६५६५।९९ | (-) १७२०२१।४५ | बढी |
| २ | १७७५११।३१ | ६८७९६।५० | (+) ̇१०८७१३।८१) | घटी |
| ३ | १९५०२८।४७ | ६५३०७।०० | (-) १२९७२१।४७ | ” |
| ७ | ९८१११८५।४१ | ११२९७३९९।५४ | (+) १४८६२१४।१३ | बढी |
| ११ | ४९०७५३२।७४ | ७७९५०४०।०४ | (+) २१८७५०७।३० | बढी |
| १६ | २९१५३८४।८६ | ४८१६००।०१ | (-) २४३३७८४।८५ | घटी |

उपरोक्त उल्लेख भएका आईटमहरुमा निर्माण कामको लागत अनुमान भन्दा असामान्य घटी वा बढी देखिएका छन् । मूल्यांकन समितिबाट Price Bid का मुल्यांकन गर्दा पेश भएका दररेटको बिश्लेषण गरिएको देखिएन । वोलपत्र मूल्यांकन गर्ने सिलसिलामा यस ऐनको दफा २३( ४) वमोजिम वोलपत्रदातासंग जानकारी मागिएको पनि देखिदैन । बोलपत्रको Section IX Special Condition of Contract को A General मा कार्य सम्पन्नको आशय (Intended) १२ महिना उल्लेख भएको तर त्यस अवधिमा कार्य कार्य सम्मपन्न गर्ने कार्य तालिका (Work Shedule) मा उल्लेख नहुदा अनुगमन गर्नमा असहज हुने अवस्था त छदै छ, सो कार्य निर्धारित अवधिमा सम्पन्न गर्ने प्रतिबद्धता पुरा हुन्छ भनी यकीनसाथ भन्न सक्ने अवस्था देखिदैन । यसै Section को C मा Quality Control को उल्लेख छ । यसमा निर्माण कार्यको गुणस्तर नियन्त्रण कसरी हुन्छ भन्ने उल्लेख गरिएको छैन । Letter of Bid को खण्ड C मा वोलपत्रदाताबाट रकम उल्लेख नगरी As per BOQ भनी उल्लेख भएको छ । वोलपत्र कागजातले निर्देशन गरेको स्थानमा रकम अनिवार्य भर्नु पर्छ । यसमा Discount को Offer गरेको दखिदैन । सार्वजनिक निकायले वोलपत्र सूचनामा Prebid-meeting को आयोजना गर्ने भनिए तापनि यो Meeting गरेको रेकर्ड देखिएन ।

३.७ वोलपत्रको Section ix special condition Contract को A General मा कार्यसम्पन्न गर्ने समय १२ महीना उल्लेख भएको तर त्यस अवधिमा गरिने कार्यको कार्य सम्पादन schedule उल्लेख नहुँदा अनुगमन गर्नमा असहज हुने त छदैछ तथा सो कार्य निर्धारित अवधिमा सम्पन्न गर्ने प्रतिबध्दता पुरा हुने कुरामा यकीन साथ भन्न सकिन्न । यसै section को C मा Quality control उल्लेख छ । यसमा निर्माण कार्यको गुणस्तर कसरी नियन्त्रण हुन्छ भन्ने उल्लेख छैन ।

३.८ Letter of Bid को खण्ड C मा वोलपत्रदाताबाट रकम उल्लेख नगरी As per BOQ भनी उल्लेख भएको छ । वोलपत्र कागजातले निर्देशन गरेको स्थानमा रकम अनिवार्य भर्नु पर्छ । यसमा Discount को Offer गरेको दखिदैन ।

३.८ नियमावलीको नियम ४७ मा वोलपत्र कागजातहरु वोलपत्र आव्हान अगावै प्रमुखबाट स्वीकृत हुनु पर्नेमा प्राप्त वोलपत्र कागजातमा कार्यालयको छाप र कार्यालय प्रमुखको दस्तखत भएको  देखिएन ।

## ४. छलफल तथा सुनवाईः

सार्वजनिक खरिद पुनरावलोकन समितिमा उपरोक्त निवेदनउपर मिति २०७६।०७।२ गतेका दिन छलफल तथा सुनवाइको कार्यक्रम राखिएको थियो ।

४.१ उक्त कार्यक्रममा निबेदककातर्फबाट विद्वान अधिवक्ता श्री राजन अधिकारीले वहस पैरबी गर्नु भयो ।

४.१.१ मिति ०८।०५।२०१९ मा उक्त निर्माण कार्यको खरिदको लागि बोलपत्र आह्वानको सुचना प्रकाशित भएको र सो बोलपत्रमा हामी कँडेल/के एण्ड के जि संयूक्त उपक्रमले बोलपत्र दाखिला गरेका थियौं ।  मिति २०७६।०५।०४ मा प्रकाशित सूचनामा हाम्रो प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही भई प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव मिति २०७६।०५।११ मा खोल्ने समेत उल्लेख गरिएको थियो । सार्बजनिक निकायबाट मिति २०७६।०६।१३ को गोरखापत्र दैनिकमा उक्त बोलपत्र रद्द गरिएको सूचना प्रकाशित गरेकोले उक्त बोलपत्र रद्द गर्नु पर्नाको कारण खुलाई दिन मिति २०७६।०६।१५ र मिति २०७६।०६।१७ मा पत्र दर्ता गरेकोमा सार्बजनिक निकायबाट कुनै जानकारी दिईएन ।

४.१.२ उक्त बोलपत्र रद्द गर्ने कार्य सार्बजनिक खरिद ऐन, २०६३ को दफा २६(२) बिपरित भएकाले मिति २०७६।०६।२३ मा सार्बजनिक निकाय प्रमुख समक्ष पुनरावलोकनका लागि निबेदन दिएकोमा सोको कारबाहीको जानकारी समेत दिईएन । उक्त ऐनमा भएको व्यवस्था अनुसार सार्बजनिक निकायका प्रमुख समक्ष पुनरावलोकनका लागि निबेदन परेको ५ दिनभित्र निर्णय दिनुपर्छ । सार्बजनिक खरिद ऐनमा भएको व्यवस्था सार्बजनिक निकाय, बोलपत्रदाता र सरकार सबैले पालना गर्नु पर्ने भएकोले निबेदनको जवाफ सार्बजनिक निकायबाट दिइनुपर्छ । मिति २०७६।०६।२३ को निबेदनको २०७६।०७।०७ मा निर्णय गरेको प्रतिक्रिया दिएको छ । हाम्रो Legitimate expectation लाई तुषारापात गर्ने कार्य गरिएको छ । ऐनको प्रस्तावनामा भएको कुनै भेदभाव नगरिने व्यवस्थाको पनि पालना भएको छैन ।

४.१.३ सार्बजनिक खरिद ऐन, २०६३ दफ २६(१) को अवस्थामा मात्र बोलपत्र रद्द गर्न सकिन्छ । बिगतको खरिद प्रबत्ति, एउटा मात्र बोलपत्र पेश भएको आदिलाइ आधार मानी बोलपत्र रद्द गर्न मिल्दैन । वहाहरुले ऐ. ऐनको दफा २६(२) मा भएको व्यवस्थाको समेत पालना गर्नु भएको छैन । सार्बजनिक खरिद ऐनमा भएको कानूनी व्यवस्थालाई वहाहरुले पराजित गर्नु भएको छ ।

४.१.४ बोलपत्र आह्वानको सुचनाको बुदा नं. १२ मा उल्लेख भएको व्यवस्था सार्बजनिक खरिद कानुन अनुरुप छैन । यो ऐनले सार्बजनिक निकायलाई कुनै कारण नजनाई बोलपत्र रद्द गर्न सक्ने असिमित अधिकार प्रदान गरेको छैन । ऐनको दफा २६(१) मा भएको अवस्थामा बाहेक बोलपत्र रद्द सक्ने अवस्था छैन  ।

४.१.५ मेरो पक्षले अरु निर्माण कार्यहरुको सम्झौता गरी कार्य गरी रहेको छ । सम्पादन भैरहेका निर्माण कार्यहरुको कार्यसम्पादन सन्तोषजनक नभएको खण्डमा अन्य उपायहरु (Remedies) खोज्नु सकिन्छ । यसमा सार्वजनिक निकायको कारवाही, Arbitration, अदालत, आदि जान सक्ने वाटाहरु छन् । Evaluation committee बाट पहिलेको Trend संग तुलना गरी त्यो trend संग दाँजेर हालको वोलपत्र रद्द गर्न मिल्दैन । कानून भन्दा बाहिर गएर गरेको वोलपत्र रद्द गर्ने निर्णय अमान्य छ । साथै ऐन को दफा १३ मा भएका शर्तहरु वंग्याएर वोलपत्रको निर्णय गर्नु पाउने होईन । मेरो पक्षले पेस गरेको वोलपत्र सारभूतरुपमा प्रभावग्राही छ । वोलपत्रलाई मान्यता दिएर प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव खोलीसकेको अवस्था छ । सम्झौता गर्न उचित थिएन भने वोलपत्रको म्याद थप्ने वाटो थियो । हामीले ऐनको दफा ४७ वमोजिम माग गरेको निर्णय म्याद ब्यतित भए पछि मिति २०७६।०७।०७ मा प्राप्त भयो । कानूनले यस निर्णयलाई चिन्दैन । वोलपत्र कानूनका आधारमा हुनू पर्छ । सनातनी (Practice) आधारमा वोलपत्र स्वीकृत गर्न कानूनले मान्यता दिदैन । साथै Passport को ठेक्का रद्द गरेको शन्दर्भ र यो वोलपत्र रद्दको कारण फरक छ । त्यसर्थ हाम्रो माग हो सम्झौता मेरो पक्षले पाउन पर्छ ।

उपर्युक्त तथ्यहरुको आधारमा सार्बजनिक निकाय काठमाडौं महानगरपालिका, नगरपालिकाको कार्यालयबाट भएको बोलपत्र रद्द गर्ने निर्णय र सो निर्णयको आधारमा प्रकाशित बोलपत्र रद्द गरिएको सूचना खारेज गरी हामी निबेदकको बोलपत्र स्वीकृत गर्न आदेश जारी पाउ ।

४.२ सार्बजनिक निकाय श्री काठमाडौं महानगरपालिका, नगरपालिकाको कार्यालयका तर्फबाट वरिष्ठ अधिवक्ताहरु श्री टिका राम भट्टराई र श्री राम प्रसाद भण्डारी तथा बिद्वान अधिवक्ता श्री बसन्त आचार्य ले वहस पैरबी गर्दै आ-आफ्नो भनाई राख्नु भयो ।

४.२.१ भवन निर्माण, सडक निर्माण र टेवा पर्खाल निर्माणको खरिदका लागि आह्वान भएको तीन वटा सार्बजनिक निर्माण कार्यहरुको बोलपत्र रद्द गरिएको हो । यी रद्द गरिएका बोलपत्रहरुमा एक एक वटा मात्र बोलपत्र दर्ता हुन आयो । यस अघि नगरपालिकाको कार्यालयले आह्वान गरेको बोलपत्रहरुमा कम्तिमा ३ र बढीमा १९/२० वटा बोलपत्र पर्ने गरेको थियो । सार्बजनिक खरिद ऐनको मुख्य उद्देश्य भनेकै सार्बजनिक खरिदमा अधिकतम प्रतिस्पर्धा गराई सार्बजनिक निकायले अधिकतम फाईदा लिने हो । बोलपत्रको मूल्यांकन नगरी बोलपत्र रद्द गर्न नमिल्ने भई प्राविधिक प्रस्तावलाई मूल्यांकनमा लगिएको हो । उक्त बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताब कार्यालयबाट स्वीकृत लागत अनुमानको तुलनामा १.३१ प्रतिशत मात्र कम भएको तर विगतको यस्तै प्रकृतिको खरिदमा स्वीकृत लागत अनुमानको तुलनामा आर्थिक प्रस्ताब १९.३८ प्रतिशतसम्म घटी हुने गरेको थियो । बोलपत्रदाताहरुबीच पूर्ण प्रतिस्पर्धा भएमा उक्त कार्य कम लागतमा सम्पन्न भई बचत हुने रकम अन्यत्र प्रयोग हुन सक्ने हुंदा असल मनसाय राखी यो खरिद प्रक्रिया रद्द गरिएको हो । सार्बजनिक रकमको अधिकतम सदुपयोग गर्ने उद्देश्य राखिएको हो । निबेदकको हकमा कुनै प्रतिकुल असर

परेको छैन । बिड सेक्युरिटी फिर्ता पाउछ । पुनः बोलपत्रमा भाग लिन पाउछ । निबेदक बोलपत्रदाताले यस कार्यालयको तीन चारवटा निर्माणको काम गरिरहेको छ । निजले निर्माण गरिरहेको रानी पोखरी र कमल पोखरीको कार्यसम्पादन सन्तोषजनक रहको छैन ।

४.२.२ बोलपदाता निबेदकले माग गरे अनुसार लिखित जवाफ तयार गरिएको थियो । वहाँहरु उक्त पत्र बुझ्न आउनु भएन । जवाफ नदिने भन्ने कार्यालयको कुनै मनसाय रहेको छैन ।

४.२.३ यस कार्यालयबाट तयार गरिएको बोलपत्र सम्बन्धी कागजातको Instruction to Bidders को ITB-37 तथा बोलपत्र आह्वानको सूचना नं. १२ मा उल्लेख भएको व्यबस्था अनुसार बोलपत्र रद्द गरिएको हो । बोलपत्रदाताले यी शर्तहरुलाई मानी बोलपत्रमा सहभागी भएको स्थिति हो । बोलपत्र आह्वानको सुचनामा उल्लेख भएको व्यवस्थालाई मानेर बोलपत्र दाखिला गरि सकेपछि यसलाई मान्दिन भन्न मिल्दैन । एउटा मात्र बोलपत्र पर्छ र त्यसलाई कार्यान्वयन गर्नुपर्छ भन्ने मनसायले सार्बजनिक खरिद ऐन, २०६३ बिधायिकाले ल्याएको होईन । पूर्ण प्रतिस्पर्धा हुन्छ, बास्तविक मूल्यमा खरिद हुन्छ भन्ने मनसाय राखेर यो ऐन आएको हो । एकल प्रतिस्पर्धा मात्र भएकोले हाम्रो बिश्वास रहेन ।

४.२.४ यो निबेदन सोझै खारेज हुनुपर्छ । २०७६।०६।०८ मा प्रमुख प्रशासकीय अधिकृत र २०७६।०७।०७ मा महानगरपालिका प्रमुखबाट भएको निर्णयमा एउटामात्र बोलपत्र परेको, लागत अनुमानको तुलनामा खरिद प्रबृत्ति प्रतिशत कम भएकोले स्वच्छ प्रतिस्पर्धालाई प्रश्रय दिन निर्णय भएको हो । स्वच्छ प्रतिस्पर्धा भएन भने स्वच्छ प्रतिस्पर्धा र बजार प्रबर्धन ऐन, २०६३ अनुसार सार्बजनिक निकायले यस्तो निर्णय गर्न सक्छ । प्रतिस्पर्धा नभएको कारणमा त्यस समयमा सम्पूर्ण निर्माण व्यवसायीहरु आन्दोलनमा थियो ।

४.२.५ विधायिकाले यस समितिलाई ऐनको दफा ५०(५) को अधिकार दिइ अधिकार सम्पन्न वनाएको छ । यस समितिले लिमिटेशन, आधार र कारण अनुसार निवेदन खारेज गर्न सक्ने हैसियत राख्दछ । यस मुद्दामा वोलपत्र रद्द गर्ने निर्णय गर्ने आधारहरुमा (क) एकमात्र वोलपत्र दर्ता भएको, (ख) आर्थिक प्रस्ताव खोल्दा विगतको वोलपत्र पर्ने Trend, (ग) स्वच्छ प्रतिस्पर्धा र पारदर्शिता, (घ) वोलपत्र सूचनामा प्रमुखको स्वविवेकीय अधिकार सुरक्षित गरेको विषय रहेका छन् ।

४.२.६ कार्यालयबाट रद्द गरिएका ३ वटा बोलपत्रमध्ये एउटाको हकमा न्यायिक परीक्षण हुंदा सम्मानित अदालतबाट अन्तरिम आदेश जारी गनु नपर्ने आदेश दिइ सकेको छ । कुनै Malafied Intention रहेको छैन । क्षेत्राधिकार, हदम्याद, हकदैया लगायतका सबै अधिकार पुगेको व्यक्तिले बोलपत्र रद्द गर्ने निर्णय गरेको हो । कार्यालयबाट भएको निर्णय ठिक रहेको छ ।

अतः उपर्युक्त तथ्यहरुको आधारमा उक्त निबेदन खारेज भागी छ । खारेज गरी पांउ ।

**५. समितिबाट भएको निर्णयः**

IFB no, Notcice No.43/075/076, Package No.158/075/076, Construction of ward Building at Ward No.12, Pachali, को निर्माण कार्य खरिद गर्न प्रकाशित सूचना बमोजिम वोलपत्रदाता निवेदक कँडेल/के एण्ड के जि संयूक्त उपक्रमको तर्फबाट ऐ.जे.भि.को मुख्य प्रतिनिधि अशोक भक्त श्रेष्ठले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोसंग संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि आह्वान भएको बोलपत्र रद्द गर्ने सूचनाको बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) मा भएको अवस्थामा सम्पूर्ण वोलपत्र अस्वीकृत गर्न वा खरिद कारवाही रद्द गर्न सक्ने व्यवस्था गरेको छ । ताहाँ निकायबाट यस दफामा भएको व्यवस्थालाई पालना नगर्नु कानून सम्मत छैन ।

५.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(२) मा "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केही वोलपत्रहरु वा एउटामात्र वोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको कारणले मात्र वोलपत्र अस्वीकृत गर्न वा पुनः वोलपत्र आह्वान गर्न सकिने छैन" भनी व्यवस्था भएको छ । एउटा मात्र वोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको कारणले मात्र वोलपत्र अस्वीकृत गर्न वा पुनः वोलपत्र आह्वान गर्न नसकिने स्पष्ट छ ।

५.३ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६५(१) वमोजिम निर्माण कार्यको वोलपत्र मूल्यांकन गर्दा मूल्यांकन समितिले नियम ६२, ६३, र ६४ मा उल्लिखित कुराको अतिरिक्त निर्माण कार्यको वोलपत्रको बिशेष मुल्यांकन गर्नु पर्ने व्यवस्था छ । यस नियममा व्यवस्था भएका बुदाँहरु अनुसार विशेष मुल्यांकन गरिएको छैन ।

माथि उल्लिखित् बुँदा नं.५.१ र ५.२.अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (१) को (क) देखि (ग) सम्मका खण्डहरु वमोजिमको अवस्था नरहेको स्थितमा वोलपत्र रद्द गर्न गरेको निर्णय तथा ऐ.ऐनको सोही दफाको उपदफा (२) वमोजिम एउटामात्र वोलपत्र सारभुतरुपमा प्रभावग्राही भएको कारणले मात्र वोलपत्र अस्वीकृत गर्न वा पुनः वोलपत्र आव्हान गर्न ऐन नियम विरुध्द हुन्छ । अतः सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५)(ख)(२) वमोजिम सार्वजनिक निकायले गरेको अनधिकृत निर्णय सो हदसम्म रद्द गर्न आदेश दिएको छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६४ वमोजिम आर्थिक पक्षको मुल्यांकन पुरा नगरेको तथा माथि खण्ड ५.३.अनुसार ऐ नियमावलीको नियम ६५ बमोजिम निर्माण कार्यको वोलपत्रको विशेष मुल्यांकन समेत पूरा गरेको नदेखिएकोले सोही ऐनको दफा ५० को उपदफा (५) (ख) (३) वमोजिम पुनः आर्थिक प्रस्ताब समेतको मुल्यांकन गर्न आदेश दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील वमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैक ग्यारेन्टी नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

.....................
कमलकुमार श्रेष्ठ
सदस्य

........................
गुणराज श्रेष्ठ
अध्यक्ष

इति सम्वत् २०७६ साल कार्तिक २९ गते रोज ०६ शुभम्..................................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. ११६**

**आ.व. २०७६/७७ को निर्णय नं ०९**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रहेको ओएसिस इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त रामचन्द्र तिमिल्सिना सम्पर्क नं.९८५१०९९६५३.................................................१ **निवेदक पक्ष**

**बिरुद्ध**

श्री यातायात पुर्वाधार बिकास निर्देशनालय, पुर्वाधार बिकास कार्यालय, गाईघाट, उदयपुर प्रदेश न..१ सम्पर्क नं.०३५४२०१३७/ ०३५४२०७७६/९८५२८३५६००.................................................१ **विपक्षी प्रत्यर्थी**

**बिषयः सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) बमोजिम पुनरावलोकन गरी पाउँ साथै प्रस्तुत पुनरावलोकन निवेदनको अन्तिम टुंङ्गो नलागेसम्म ठेक्का नं. Contract ID :02/IDO/UDA/MYP/075/76 को ठेक्का प्रक्रिया यथास्थितिमा रोकी पाउँ।**

**१. निवेदकको माग/दाबीः**

उपरोक्त निवेदकले सार्वजनिक निकाय श्री यातायात पुर्वाधार बिकास निर्देशनालय, पुर्वाधार बिकास कार्यालय, गाईघाट, उदयपुर प्रदेश न.१ सम्पर्क नं.०३५४२०७७६ ले Contract ID :02/IDO/UDA/MYP/075/76, The procurement of Upgrading of Damauli-Burjakalna-Lalpatta-Ghamachakre Road को खरिद प्रकियामा चित्त नबुझी बोलपत्रदाता ओएसिस ईन्जिनियर्स एण्ड विल्डर्स प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त रामचन्द्र तिमिल्सिनाले प्रभु बैंक लि.बबरमहल काठमार्डाको रेफ न. P10901P070767 मिति ०६।११।२०१९ को रु. ८,८७,०००।- को सक्कल बैंक ग्यारेन्टी संलग्न गरी यस समितिमा मिति २०७६।०७।२१ मा निवेदन दर्ता गराउनु भएको छ। त्यसको सार देहाय वमोजिम छ।

१.१ विपक्षी सार्वजनिक निकायबाट मिति २०७६।०२।०३ मा सूचना प्रकासित् गरी मिति २०७६।०३।०२ सम्म वोलपत्र पेश गर्ने समयसिमा रहेकोमा सोही मितिमा e-bidding मार्फत SBD को Format अनुसार Line of credit को बिवरण समेत दाखिल गरेका थियौं।

१.२ मिति २०७६।०३।०२ मा दाखिल भएका सम्पुर्ण बोलपत्रहरू खोलिने क्रममा हामी निवेदक कम्पनी र अन्य वोलपत्रदाताहरु (M/S Apex-Joshi-Pabitra JV, M/S Rautaha Construction / M/S Lama Construction) ले पेश गरेको Line of Credit सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको Standard Bidding Document (SBD) को Format अनुसार नभएको देखिएको थियो। तत् पश्चात हाम्रो बिरोध रहदा रहदै पनी विपक्षी कार्यलयबाट SBD को Format अनुसार Line of Credit नबुझाउने वोलपत्रदाताहरुलाई समेत प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताको रुपमा समावेश गरी आर्थिक प्रस्ताव मिति २०७६।०५।३१ मा खोल्ने सम्बन्धी सुचना मिति २०७६।०५।२४ मा प्रकाशित गरिएको थियो। हामीले मिति २०७६।०५।२५ मा विपक्षी कार्यालय समक्ष निवेदन दिई योग्यता नै नपुग्ने वोलपत्रदाताहरुलाई प्राविधिक प्रस्तावमा सफल भएको भनी आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा जारी सुचना कानूनसंगत नभएको भनी जानकारी गराएका थियौ। विपक्षी कार्यालयले मिति २०७६।०५।२४ को सुचना स्थगन गर्दै मिति २०७६।०५।२९ मा हामीलाई सुचना रद्द गरिएको भनी जानकारी गराएको र मिति २०७६।०५।३० मा सुचना प्रकाशिन गरी माथिल्लो निकायसंग राय परामर्श माग गरी प्राप्त हुने राय परामर्शको आधारमा गरिने भनेको थियो।

१.३ विपक्षी कार्यालयबाट मिति २०७६।०५।३१ मा सार्वजनिक खरिद अनुगमन कार्यालयसंग राय परामर्श माग भएको र त्यहाँबाट मिति २०७६।०६।१५ मा SBD मा संलग्न फरमेट अनुसारको Line of Credit मात्र मान्य हुने" भनी राय परामर्श दिएकोमा उक्त राय परामर्शलाई अनादर गर्दै पुनः विपक्षी कार्यालयबाट मिति २०७६।०७।१४ मा सुचना प्रकाशित गरी SBD को Format अनुसार Line of Credit को विवरण नबुझाउने वोलपत्रदाताहरुको वोलपत्रलाई समेत प्राविधिक रुपमा सारभुत मानी मिति २०७६।०७।१५ गते सफल बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव खोलिने जनाएको थियो। हामी निवेदक कम्पनीले पुनः मिति २०७६।०७।१५ मा विपक्षी कार्यालय समक्ष सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम पुनरावोलोकन गरी पाऊँ भनी निवेदन पेश गरेका थियौ। विपक्षी कार्यालयले मिति २०७६।०७।१८ मा पठाएको पत्रमा "सार्वजनिक खरिद नियमावली २०६४ को सातौं संशोधन मिति २०७६।०२।२३ मा Line of Credit को ढाँचा अनुरुप हुनुपर्ने व्यवस्था झिकिएकोले बोलपत्र मूल्यांकन समितिबाट Line of Credit लाई minor मानी मुल्याङ्कन प्रकृया अगाडी बढाएको तथा ……..Standard Bidding Document Procurementof Works (NCB) for above 6 million rupees 2010 मा उल्लेख भए अनुसार वोलपत्रदाताको योग्यताको आधारहरु मध्ये वित्तीय श्रोत र अवस्था एउटा आधार हो, बोलपत्रदाताले वित्तीय श्रोत र अवस्था खुल्ने प्रर्याप्त अन्य आधार पेश गरेको अवस्थामा Credit Line Certificate मात्र पेश नगरेको कारण अयोग्य ठहर गर्न नमिल्ने" भनी उल्लेख भएको पाईयो। उक्त पत्रमा विपक्षी कार्यालय स्वयंले नै Line of Credit नवुझाउने वोलपत्रदाताहरुबाट त्रुटी भएको भनी स्वीकार गरेको अवस्थामा त्यसलाई सामान्य त्रुटी भएको भनी उम्कन प्रयास गरेको स्पष्ट देखिन्छ।

१.४ सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४७(६) बमोजिम विपक्षी कार्यालयले लेखेको पत्रमा उल्लेख गरेका आधारहरु गैरसान्दर्भिक एवं गैरकानूनी भई विपक्षी कार्यालयबाट उल्लेखित ठेक्का प्रकृयामा सारभुत एवं कार्यविधिगत त्रुटी गरेकोले यसबाट हामीलाई ठुलो हानी नोक्सानी पर्ने भएको हुँनाले विपक्षीले मिती २०७६।०७।१४ मा जारी गरेको सुचना र मिति २०७६।०७।१५ मा जारी गरेको संशोधित सुचना खारेज गरी e-bidding को माध्ययमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको SBD को Format अनुसार Line of

Credit को विवरण नराखी वोलपत्र दाखिल गरेका अयोग्य वोलपत्रदातालाई प्राविधिक प्रस्तावको तहमा नै गैर सारभुत Non-responsive ठहर गरी आर्थिक प्रस्ताव मुल्याङ्कनको प्रकृयामा समावेश नगर्नु भनी विपक्षी कार्यालयको नाममा आदेश जारी गरी पाऊँ ।

१.५ मा उल्लिखित वोलपत्रदाताहरुको बोलपत्रमा Line of Credit सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको e-bidding को माध्यमबाट उक्त कार्यालयले निर्धारण गरेको SBD को Format अनुसार नभएको र विपक्षी कार्यालयले मिति २०७६।०७।१८ को पत्र मार्फत स्वीकार गरेको ।

१.६ ऐनको दफा २५(५) मा "बोलपत्रको मुल्याङ्कन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ" भनी उल्लेख भएको पाईन्छ । वोलपत्रमा भएको संशोधन समेत समावेश भएको वोलपत्रको Section 2.3.3 Financial Resources अन्तर्गत Letter of Commitment for Bank's Undertaking for Line of Credit को Format तोकिएको र Form FIN-3 Financial Resources अन्तर्गत Note खण्डमा The Letter from the Bank must be unconditional in the format and stated details/terms and conditions as per the Bid Forms "Letter of Commitment for Bank's Undertaking for Line of Credit" उल्लेख छ जसले Line of Credit तोकिएको Format मा नै हुनु पर्ने भनेको हो ।

१.७ विपक्षी कार्यालयले हामीलाई लेखेको मिति २०७६।०७।१८ गतेको पत्रमा "सार्वजनिक खरिद नियमावली, २०६४ को सातौं संशोधन मिति २०७६।०२।२३ मा Line of Credit को ढाँचा अनुरुप हुनुपर्ने व्यवस्था झिकिएकोले बोलपत्र मूल्यांकन समितिबाट Line of Credit लाई minor मानी मुल्याङ्कन प्रकृया अगाडी बढाईएको" भनी पहिलो आधार उल्लेख गरेको छ, जुन आधार कानूनी रुपमा त्रुटीपुर्ण रहेको छ । नियमावलीको छैठौं संशोधन मिति २०७६।०१।३० मा आएको हो भने नियमावलीमा सातौ संशोधन मिति २०७६।०२।२३ मा मात्रै भएको हो । तर विपक्षी कार्यालयबाट उल्लेखित ठेक्काको वोलपत्रको मिति २०७६।०२।०३ मा खुलाएको हो । मिति २०७६।०२।०३ मा जारी भएको वोलपत्र सातौ संशोधन मुताबिक नभई छैठौं संशोधन अनुसार कार्यान्वयन गरिनु पर्ने हुन्छ । नेपाल कानुन व्याख्या सम्बन्धि ऐन, २०१० को दफा ४ मा पछि बन्ने कानुनले अघि बन्ने कानुन अनुसार काम भइ पाएको अधिकार कुन्ठित गर्न मिल्दैन भन्ने छ । विपक्षी कार्यालयको आधार कानूनको मान्य सिद्दान्तको बर्खिलाफ Retrospective रुपमा लागु गर्न खोजेकोले मिति २०७६।०७।१४ मा जारी भएको सुचना र मिति २०७६।०७।१५ मा जारी भएको संशोधित सुचना र सो अनुसार गर्न लागिएको कार्य खारेज भागी छ ।

१.८ दोस्रो आधार "SBD Procurement of Works (NCB) for above 6 million rupees 2010 मा उल्लेख भए अनुसार वित्तीय श्रोत र अवस्था एउटा आधार हो, बोलपत्रदाताले वित्तीय श्रोत र अवस्था खुल्ने प्रर्याप्त अन्य आधार पेश गरेको अवस्थामा Credit Line Certificate मात्र पेश नगरेको कारण अयोग्य ठहर गर्न नमिल्ने" यसमा पनि कानूनी आधार देखिदैन । २०७० सालमा PPMO ले कुनै ठेक्काको हकमा दिएको सुझावलाई उल्लेख गरेर ६ बर्ष पछाडी खोलिएको ठेक्कालाई कुण्ठित गर्ने गरी व्याख्या गरिनु कानुनसंगत हुन सक्दैन । मिति २०७६।०६।१५ को "SBD मा संलग्न फरमेट अनुसारको Line of Credit मात्र मान्य हुने" भनी दिइएको राय परामर्शको समेत विपक्षी कार्यालयले लत्याएको अवस्था छ । यसबाट के स्पष्ट हुन्छ भने SBD को Format अनुसार Line of Credit को विवरण नराखी वोलपत्र दाखिल गर्ने अयोग्य वोलपत्रदातालाई प्राविधिक प्रस्तावमा सारभुतरुपमा प्रमावग्राही भएको भनी व्याख्या गरिएको निर्णय गैर कानूनी हुन्छ ।

१.९ नियमावलीमा भएको छैठौ संशोधन बमोजिम थप भएको नियम ६५(८) मा "बोलपत्रदाताको पछिल्लो आर्थिक बर्षको वासलातमा निजको नगद प्रवाह सकारात्मक रहेको, खुद दायित्व भन्दा सम्पत्ति (नेटवर्थ) बढी भएको र सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा निशर्त क्रेडिट लाईनको सुबिधा उपलब्ध भएको हुनु पर्नेछ" भनी प्रष्टरुपमा कानूनले नै सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा निशर्त क्रेडिट लाईनको सुबिधा उपलब्ध भएको हुनु पर्नेछ भनी तोकेको ।

१.१० हरेक निर्णयको पछाडी निश्चित दायरा (basis) र विवेक (rational) हुनुपर्दछ । कार्यालयमा हुने काम कारवाही एउटा पद्दति र प्रचलनमा आधारित Doctrine of Resonableness अनुरुप गरिनु पर्दछ । वोलपत्र प्रस्तावको यथार्थ मुल्याङ्कन नै नगरी SBD को Format अनुसार Line of Credit नबुझाउने वोलपत्रदाताहरुलाई मुल्याङ्कन प्रकृयामा समावेश गर्ने गरी विपक्षी कार्यालयबाट भएको Biased decision ले हामी निवेदकलाई समेत प्रत्यक्ष असर पर्दछ । सम्मानित श्री सर्वोच्च अदालतबाट पप्पु कन्स्ट्रक्शन विरुद्द मध्यमान्चल क्षेत्रीय सिंचाई निर्देशनालय ललितपुर (ने.का.प. २०६३ अंक ३ नि.नं. ७६६५) समेतको मुद्दामा प्रतिपादन भएको नजिर विरुद्द रहेको छ । अयोग्य बोलपत्रदातालाई मुल्यांकनमा समावेश गर्ने विपक्षी कार्यालयको कार्य Biased Decision को उपज हो ।

१.११ वोलपत्रको आधारमा प्रारम्भिक मुल्याङ्कन गरी योग्य र अयोग्य वोलपत्र नछुट्याई एकै ठाउँमा राख्ने विपक्षीको कार्य कानूनी त्रुटीको रुपमा देखिन्छ । यस्तो कुरा बैधानीक अपेक्षा (Legitimate Expatiation) को सिद्धान्तको दृष्टिकोणमा उचित ठहर्न सक्दैन । बैध अपेक्षाको सिद्धान्तको सम्बन्धमा Halsbury's Laws of England मा उल्लेखित भनाईलाई नेपालको सर्वोच्च अदालतले समेत अंगिकार गरी अनेकन मुद्दाहरुमा प्रयोग गरेको पाईन्छ । सरकारी निकायले पेश भएका वोलपत्र कानूनी रुपमा मुल्याङ्कन गर्नु पर्दछ र गरिन्छ भन्ने बोलपत्रदाताको वैध अपेक्षा रहेको हुन्छ । अयोग्य वोलपत्रदातालाई समेत सक्षम छ भनी आर्थिक प्रस्तावको मुल्याङ्कनमा समावेश गर्ने गरी भएको निर्णय योग्य र क्षमतावान वोलपत्रदाताको बैधानिक अपेक्षा भन्दा बाहिर हुन जान्छ । विपक्षीद्वारा भएको उल्लेखित काम कारवाइ सार्वभौम उन्मुक्ति (Sovereign Immunity) दावि गरि पन्छन मिल्दैन ।

अत: उल्लेखित तथ्य, कानून र विवेचनाको आधारमा विपक्षी कार्यालयले बोलपत्र सम्बन्धि कागजातमा तोकिएको शर्त तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको SBD को Format अनुसार Line of Credit समेत नबुझाउने वोलपत्रदाताहरुलाई (खण्ड १.२ मा उल्लेखित) प्राविधिक प्रस्तावमा सफल रहेको भनी मिति २०७६।०७।१४ मा जारी भएको सुचना र मिति २०७६।०७।१५ मा जारी भएको संशोधित सुचना त्रुटी पुर्ण रहेको छ ।

## २. सार्वजनिक निकायको प्रतिक्रिया:

यस समितिबाट मिति २०७६।०७।२२, च.नं. ३३ बाट खरिद कारवाई रोक्का राख्न र प्रतिक्रिया पेस गर्न पत्र पठाएकोमा सार्वजनिक निकाय, पूर्वाधार विकास कार्यालय, उदयपुर गाइघाटबाट तीन दिन भित्र पेस गर्नु पर्नेमा ढिलो गरी प्रथम पटक मिति २०७६।०८।०१ मा र दोस्रो पटक मिति २०७६।०८।११ मा प्रतिक्रिया र केही कागजातहरु यस समितिमा पेस गर्नु भएको देखिन्छ । त्यसको सार देहायमा उल्लेख छ ।

२.१ राय परामर्शमा द्विविधा भएकोले तालुक कार्यालय भौतिक पूर्वाधार विकास मन्त्रालयमा राय परामर्श माग गरिएकोमा कार्यालयलेनै निर्णय गर्ने राय प्राप्त भएकोले आर्थिक प्रस्ताव खोल्ने सूचना प्रकासित् गरेको ।

२.२ दोस्रो पत्रको प्रतिक्रियामा ठे.नं.02/IDO/UDA/MYP/075-76, Upgrading of Damauti- Burjakanla-lalpatta-Ghanachakre Road खरिद कार्यका सम्वन्धमा यस कार्यालयबाट मिति २०७६।०२।०३ मा आव्हान गरिएको बोलपत्र सूचना सार्वजनिक खरिद नियमावली, २०६४ ( छैठौं संसोधन सहित) बमोजिम भएकोमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०७६।०३।०२ अगावै मिति २०७६।०२।२३ मा सावर्जनिक खरिद नियमावली, २०६४ मा सातौं संसोधन भएको तथा सातौं संसोधनमा छैठौं संसोधनले गरेको Line of Credit Format मा हुनुपर्ने प्रावधानलाई झिकिएकोले Format मा नभएको Credit line certificate लाई मुल्यांकन समितिले मान्यता दिने गरी Bid Evaluation गरेको र २०७६ साल श्रावण महिनामा उक्त नियमावलीको आठौं संसोधन हुँदा मूल्याँकन प्रकृयामा रहेका बोलपत्रहरुका लागि आठौं संसोधन हुनु पूर्वकै प्रावधान बमोजिम मूल्यांकन गर्ने व्यवस्था रहेको हुँदा सारभूतरुपमा कानुनको बर्खिलाप भएको छैन ।

२.३ सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइटमा राखिएको पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं.३, पाल्पाले Credit line certificate सम्वन्धमा च.नं.२१६, मिति ०७०।८।२५ को पत्रद्वारा राय परामर्श माग गर्दा "Standard Bidding Document Procument of Works(NCB) For Above 6 million rupees 2010" मा उल्लेख भए अनुसार बोलपत्रदाताको योग्यताको आधारहरु मध्ये वित्तीय श्रोत र अवस्था एउटा आधार हो, बोलपत्रदाताले वित्तीय श्रोत र अवस्था खुल्ने पर्याप्त अन्य आधार पेश गरेको अवस्थामा Credit line Certificate मात्र पेश नगरेको कारण अयोग्य ठहर गर्न नमिल्ने" आशयको राय परामर्श उक्त कार्यालयले उपलब्ध गराइएको समेतलाई दृष्टिगत गर्दा ढाँचामा Credit line Certificate पेश नै नगरेको भएपनि अन्य योग्यताका आधारहरु पुरा गरेको तथा वित्तीय श्रोत र अवस्था खुल्ने पर्याप्त आधार पेश गरेकोले अयोग्य ठहर नगरिएको हो ।

२.४ आवश्यक भए जति रकमको Credit line Certificate पेश भएको अवस्थामा पर्याप्त प्रतिस्पर्धा गराई मितव्ययी ढंगले कम बजेट खर्च गरेर भौतिक लक्ष्य अनुसारको उपलब्धि तथा प्रगति हासिल हुने सुनिश्चितताालाई मध्यनजर राखी अयोग्य ठहर नगरिएको व्यहोरा सादर अनुरोध छ ।

**३. अध्ययन तथा अवलोकनः**

Contract ID :02/IDO/UDA/MYP/075/76, The procurement of Upgrading of Damauli-Burjakalna-Lalpatta-Ghamachakre Road को खरिद गर्ने उद्देश्यले सार्वजनिक निकाय श्री यातायात पुर्वाधार बिकास निर्देशनालय, पुर्वाधार बिकास कार्यालय, गाईघाट, उदयपुर प्रदेश न.१ ले Single Stage, Two envelope को खरिद प्रक्रियाका लागि मिति २०७६।०२।०३ मा सूचना प्रकासित् गरेको र वोलपत्र दाखिला गर्ने अन्तिम मिति २०७६।०३।०२ सम्म रहेको देखिन्छ । यस खरिद प्रक्रियाका लागि आठ निर्माणब्यवसायीहरु बाट e-bidding मार्फत वोलपत्रहरु दाखिल गरेको देखिन्छ ।

३.१. वोलपत्रदाताहरु मध्ये तीन वोलपत्रदाताहरुले प्राविधिक प्रस्तावका शर्तहरु पुरा गर्न सफल भएको ले मिति २०७६।०५।३१ मा आर्थिक प्रस्ताव खोल्ने गरी मिति २०७६।०५।२४ मा आर्थिक प्रस्ताव खोल्ने सूचना सार्वजनिक निकायबाट प्रकासित् गरियो । यस सूचनालाई मिति २०७६।०५।३० मा स्थगन गरियो । दोस्रो आर्थिक प्रस्ताव खोल्न सूचना मिति २०७६।०७।१४ मा प्रकासन् भयो । यस खरिद प्रक्रियाका लागि वोलपत्र दाखिल गरेका मध्ये प्रथम सूचना अनुसार देहायका तालिकामा उल्लिखित् सि.नं. १ देखि ३ सम्मका निर्माण ब्यवसायीहरु प्राविधिक प्रस्तावमा योग्य रहेको उल्लेख गरेको र दोस्रो सूचना अनुसार सि.नं. ४ र ५ का निर्माण ब्यवसायी वोलपत्रदाताहरु थप गरेको देखिन्छ ।

| सि.नं. | Contract ID | Bidders | Remarks |
|---|---|---|---|
| १ | 02/IDO/UDA/MYP/075-76 | M/S Apex-Joshi-Pabitra JV | |
| २ | 02/IDO/UDA/MYP/075-76 | M/S Rautaha Construction | |
| ३ | 02/IDO/UDA/MYP/075-76 | M/S Lama Construction | |
| ४ | 02/IDO/UDA/MYP/075-76 | SCF-BNS JV | |
| ५ | 02/IDO/UDA/MYP/075-76 | Oasis Engineers and Builders | |

३.२ निवेदक कम्पनीले यस समितिमा निवेदन पेस गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०४ को उपनियम (१क) वमोजिम वोलपत्र जमानत रु.८८,८७,०००। को १० प्रतिशत्ले हुने रु. ८,८७,०००। बैक जमानत पुगेको देखिन्छ ।

३.३. आर्थिक प्रस्ताव खोल्ने पहिलो सूचना मिति २०७६।०५।२४ मा प्रकासित् भएको र सो प्रस्ताव मिति २०७६।०५।३१ मा खोल्ने सूचनामा निवेदक कम्पनीले मिति २०७६।०५।२५गते योग्यता नपुग्ने वोलपत्रदाताहरुको प्राविधिक प्रस्तावमा सफल भएको भनी जानकारी माग गरी निवेदन दिएको देखियो । त्यसपछि सार्वजनिक निकायबाट आर्थिक प्रस्ताव खोल्ने सूचना मिति २०७६।०५।३० गतेको सूचना अनुसार स्थगन गरियो र सोको जानकारी मिति २०७६।०५।२९ मा निवेदकलाई गराईयो । सो सूचनामा माथिल्लो निकायसंग राय परामर्श गरी त्यसको आधारमा छानविन गरी ठहरे वमोजिम हुने भनिएको देखिन्छ । मिति २०७६।०७।१४ मा पहिलेको सूचना अनुसारका सारभुतरुपमा प्रभावग्राही वोलपत्रदाताहरु मा SCF-BANS JV, Oasis Engineers and Builders लाई थप गरी आर्थिक प्रस्ताव खोल्ने सूचना निकालियो । त्यस पछि निवेदकबाट मिति २०७६।०७।१५ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ वमोजिम पुनरावलोकन गरी पाउन निवेदन गरेको र सोको जवाफ मिति २०७६।०६।१८ को पत्रबाट दिएको देखिन्छ । पुनरावलोकन जवाफमा दुई वुँदाहरु उल्लेख गरिएका देखिन्छन् । (क) सार्वजनिक खरिद नियमावली, २०६४ को सातौं संशोधनमा Line of Credit को ढाँचा अनुरुप हुनु पर्ने व्यवस्था झिकिएकोले Line of credit लाई Minor मानी मुल्यांकन प्रक्रिया अगाडी वढाएको, (ख) PPMO को Website मा राखे अनुसार वोलपत्रदाताले वित्तीय स्रोत र अवस्था खुल्ने पर्याप्त अन्य आधार पेस गरेको अवस्थामा Credit line certificate मात्र पेस नगरेको कारण अयोग्य ठहर गर्न नमिल्ने आशयको राय परामर्श दिएकोले सो पेस नगर्ने तर अन्य योग्यताका आधारहरु पुरा गरेको तथा वित्तीय स्रोत र अवस्था खुल्ने पर्याप्त आधार पेस गरेको कारणले अयोग्य ठहर गर्न नमिल्ने देखिएको ।

३.४ सार्वजनिक निकायबाट च.नं.६२, मिति २०७६।०५।३१ को पत्र मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय परामर्श माग गरेकोमा सो कार्यालयबाट मिति २०७६।०६।१५, च.न.४३७ बाट "सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको Standard Bidding Document

मा संलग्न फरमेट अनुसारको line of credit मात्र मान्य हुने" भनी राय प्राप्त भएको देखिन्छ । त्यस पछि सार्वजनिक निकायबाट भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं १ मा मिति २०७६।०७।०१ मा राय परामर्श माग गरेकोमा सो मन्त्रालयबाट त्यहाँ कार्यालयबाट नै सो सम्बन्धमा निर्णय गर्नु हुन भनी मिति २०७६।०७।०६ को पत्र मार्फत जानकारी प्राप्त गरेको देखियो ।

३.५ ऐन र नियमावलीका आधारमा SBD तयार भएकोले यो कानूनी कागजात हो । यसमा भएका सबै बुदा, खण्ड र अनुशुचीहरु कानून हुन् । यिनीहरुको अक्षरश प्रयोग हुनु पर्दछ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (५) मा "वोलपत्रको मुल्यांकन वोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुशार गर्नु पर्नेछ र ...........।" भनी व्यवस्था भएको छ । यसले प्रष्ट गरेको छ की वोलपत्र कागजातमा व्यवस्था (अध्यावधिक) भएका हरेक बुँदाहरु, खण्ड र अनुशुचीहरु को अक्षरश प्रयोग हुनु पर्दछ ।

३.६ निवेदकले मुख्यतया यी कुराहरुलाई जोड दिएको पाईन्छ । प्रथम दाखिल भएका बोलपत्रदाताहरूमध्ये अन्य वोलपत्रदाताहरु (M/S Apex-Joshi-Pabitra JV, M/S Rautaha Construction / M/S Lama Construction) ले पेश गरेको Line of Credit सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको Standard Bidding Document (SBD) को Format अनुसार नभएको । यस कुरालाई नियमावलीको छैठौं संशोधन ६५(८) ले निर्धारण गरेको ढाँचामा र सर्तरहीत Credit Line को सुविधा उपलब्ध भएको हुनु पर्ने भनी स्पष्ट गरेको छ । दोस्रो मिति २०७६।०२।०३ मा जारी भएको वोलपत्र सातौ संशोधन मुताबिक नभई छैठौं संशोधन अनुसार कार्यान्वयन गरिनु पर्ने हुन्छ । SBD एउटा कानून नै भएको हुँदा त्यसलाई तोडमोड गर्ने, अन्य फरमेटमा उल्लेख गर्ने, निर्देशित स्थानमा उल्लेख नगर्नु कानूनलाई वंग्याई प्रयोग गर्नु कानून सम्मत् हुदैन । यसमा उल्लेख भएका खण्डहरु, Formats को अक्षरश पालना गर्नु पर्छ । वोलपत्रको सूचना मिति २०७६।०२।०३ मा गरिएको हुँदा यस अवधिमा सार्वजनिक खरिद नियमावली (छैठौं संशोधन), २०६४ मात्र सकृय थियो । करारको शुरुवात भैसकेको अवस्था र नियमावलीको छैठौं संशोधन सकृय अवस्थामा सातौं संशोधन लागु गर्नु सकिने होईन । यस बिषयमा नेपाल कानून ब्यख्या सम्वन्धि ऐन, २०१० को दफा ४ अनुसार नजिर स्थापति भएको छ । जुन कानून जहीले आउँछ त्यस पछिको काम कुरामा मात्र प्रभाव पार्न सक्छ । ऐनको उत्पत्ति हुनु पूर्वको काम कुरामा असर पार्न सक्दैन (ने.का.प.०६० नि.नं.७१८१, पृ.१४१) । साथै यस सम्झौतामा सार्वजनिक निकायले वोलपत्र सूचनाबाट राखेको प्रस्ताव वोलपत्रदाताहरुले मान्छौं भनी दस्तखत गरी स्वीकार गरिसकेको अवस्था छ ।

३.७ Line of credit (LOC) निर्माण कार्य वा अन्य खरिदका लागि आवश्यकतानुसार वित्तीय संस्थासंग सम्झौता गरी आवश्यकतानुसार गरिने सम्झौता हो । यो सर्त रहित हुन आवश्यक हुन्छ । ३.८ वोलपत्र मुल्यांकन खरिद प्रक्रिया सम्झौतालाइ पुर्णता दिने प्रतिवेदन र कार्यालय प्रमुखलाई निर्णय गर्नका लागि सहज पार्ने माध्यम भएकोले मूल्यांकन पूरा गर्न अगावै राय लिन कार्य सम्पन्न गर्नु पर्ने थियो । यस खरिद प्रक्रियामा मिति २०७६।०६।२४ मा प्रथम पटक आर्थिक प्रस्ताव खोल्ने सूचना प्रकासन् गर्नु, त्यसलाई मिति २०७६।०५।२५ मा स्थगित गर्नु, मिति २०७६।०५।३१ मा राय परामर्श माग गर्ने निर्णय गर्ने काममा कम्जोरी देखिन्छ । PPMO बाट राय परामर्श मिति २०७६।०६।१५ मा प्राप्त भएको तर राय आउन अगावै मिति २०७६।०६।१४ मा सुचना गर्नुले रायलाई पर्खेको पनि देखिदैन ।

३.९ वोलपत्र प्रस्ताव मुल्यांकनमा नियमावलीको छैठौं संशोधनबाट थप भएको नियम ६५(६) र (७) को प्रयोग भएको हुनु पर्छ । वोलपत्रदाताले विगत पाँच बर्षको औसत बार्षिक कारोवार रकमको बढीमा चार गुणाले हुन आउने रकम सम्मको बोलपत्र लिन सक्ने बोलपत्रदाताको योग्यता र मूल्यांकनको आधारको रुपमा लिनु पर्ने तथा त्यस्तो रकम गणना गर्दा वोलपत्रदाताको चालु रहेका ठेक्काको लागि छुटयाएर मात्र एकीन गर्नु पर्नेछ भनी व्यवस्था भएको छ । मुल्यांकनमा यस नियमको प्रयोग गरिनु पर्छ ।

३.१० वोलपत्र मूल्यांकनमा सानातिना फरक भन्नाले वोलपत्र कागजातमा उल्लिखित् प्राविधिक स्पेसिफिकेसन, विवरण, आदि जस्ता कुराहरुसंग तात्विक रुपमा भिन्न नहुने फरक भन्ने बुझिन्छ, Line of credit को बिषय तात्विक अशर पार्ने साधन हो । यसलाइ निर्देशित फरमेटमा सही तवरबाट प्रस्तुत गर्नु अनिवार्य हुन्छ ।

३.११ ऐनको दफा २३(४)(५) मा सार्वजनिक निकायले बोलपत्रको परिक्षण गर्ने शिलसिलामा स्पष्ट गर्न आवश्यक जानकारी माग गर्न सक्ने व्यवस्था छ । तर त्यसरी मागको जानकारी बोलपत्रदाता ले बोलपत्रको मुल्य, वा अन्य सारभूत कुरामा परिवर्तन, वा हेरफर नहुने गरी दिनु पर्नेछ भनी प्रष्ट गरेको छ ।

३.१२ यस समितिबाट माग गरेको जानकारी, प्रतिक्रिया र कागजातहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५०(३) अनुसार पेस गर्नु पर्नेमा दुई पटक क्रमशः मिति २०७६।०८।०५ र मिति २०७६।०८।११ मा पेस गरी कानूनको पालना नभएकोले सार्वजनिक निकायले कानूनको पालनामा गम्भिरता देखाएको देखिदैन ।

**४. छलफल तथा सुनवाईः**

मिति २०७६।०८।११ गते बुधबारका दिन ११.३० वजे समितिको कार्यालयको इजलासमा छलफल तथा वहस कार्यक्रम राखिएको थियो । सो कार्यक्रममा निवेदकका तर्फबाट अधिबक्ता श्री तुल बहादुर श्रेष्ठले वहस गर्नु भयो ।

४.१ सार्वजनिक खरिद नियमावली, (छैठौं संशोधन) २०६४ को नियम ६५(८) मा "बोलपत्रदाताको पछिल्लो आर्थिक बर्षको वासलातमा निजको नगद प्रवाह सकारात्मक रहेको, खुद दायित्व भन्दा सम्पत्ति (नेटवर्थ) बढी भएको र सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा निसर्त केडिट लाइनको सुविधा उपलब्ध भएको हुनु पर्नेछ" भनी व्यवस्था भएको छ । विपक्षी सार्वजनिक निकायबाट Line of credit पेस नगरेको भनी स्वीकार गरेकाले अन्य वोलपत्रदाताहरुको वोलपत्रहरु खारेज हुनु पर्छ । वोलपत्र कागजात अनुसार Line of credit Optional होइन, Mandatory हो । यसलाई Ignore गर्न मिल्दैन । मेरो पक्ष एकल वोलपत्रदाता हो, जसको Line of credit वैध छ, मेरा पक्ष ओएसिस ईन्जिनियर्स एण्ड विल्डर्स प्रा.ली. को मात्र प्राविधिक प्रस्ताव Qualify गरी आर्थिक प्रस्ताव खोल्ने आदेश होस् ।

त्यसैगरी निवेदक कम्पनीका प्रबन्ध संचालक श्री अच्युतराज पाण्डेले आफनो कम्पनीका तर्फबाट वोल्नु भयो । हामीले वोलपत्र e-bidding बाट पेस गरेको हो । सम्पुर्ण कागजातहरु यस वेन्च समक्ष पेस गरेका छौं । यस वेन्चबाट भएका निर्णय हामीलाइ शिरोधार्य छ । हाम्रो कम्पनीले ब्यवसाय गर्ने मौका पाओस् । हामी यस आयोजनालाई निर्धारित् अवधीमा सम्पन्न गर्ने प्रण गर्दछौ ।

४.२ सार्वजनिक निकायका तर्फबाट योजना तथा प्रशासन अधिकृत मानवहादुर वन र ई. रमेश कुमार कार्कीले सार्वजनिक निकायका तर्फबाट कुराहरु राख्नु भयो । वोलपत्रदाताहरुबाट पेस भएका कागजातहरुका आधारमा वोलपत्रहरुका मुल्यांकन नियमावलीको सातौं संशोधन अनुसार मुल्यांकन समितिबाट भएको हो । निजहरुले पेस गरेका वोलपत्र कागजातहरुको e-bidding बाट Download गरी समिति समक्ष पेस गरेका

छौ । कार्यालय प्रमुखको अस्वस्थ्यका कारण ऐनको म्याद भित्र कागजातहरु र जवाफ/प्रतिकिया कानूनका अवधि भित्र पेश गर्न नसकिएको हो। वहुबर्षीय योजना भएकाले Master Plan तालुक कार्यालयबाट स्वीकृत गराई अभिलेख गरेका छौं । यस समितिबाट भएको ठहर हामीहरुलाइ मन्जुर हुने छ । आगामी दिनहरुमा हामी ऐन नियमको पालना र वोलपत्रको मुल्यांकन अझ वढी ध्यान दिएर गर्ने प्रण गर्दछौं ।

**५. समितिबाट भएको निर्णयः**

सार्वजनिक निकाय श्री यातायात पुर्वाधार बिकास निर्देशनालय, पुर्वाधार बिकास कार्यालय, गाईघाट, उदयपुर प्रदेश न.१ ले Contract ID :02/IDO/UDA/MYP/075/76, The procurement of Upgrading of Damauli-Burjakalna-Lalpatta-Ghamachakre Road Single Stage, Two envelope को प्रक्रियाबाट खरिद गर्न प्रकाशित सूचनाका सम्बन्धमा वोलपत्रदाता निवेदक ओएसिस इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त रामचन्द्र तिमिल्सिनाले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोसंग संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित् पक्षहरुबीच भएका छलफलका क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि मुल्यांकन समितिबाट भएको प्रविधिक मुल्यांकन बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४९(३) मा सूचना प्राप्त गरेको तीन दिन भित्र सार्वजनिक निकायले सो सम्बन्धी जानकारी र प्रतिक्रिया पुनराबलोकन समितिलाई दिनु पर्ने व्यवस्था भएकोमा बिपक्षी सार्बजनिक निकायले यस समितिलाई मिति २०७६।०७।०५ मा र मिति २०७५।०८।११ थप जानकारी र प्रतिक्रिया उपलब्ध गराएको छ । सार्बजनिक निकायबाट उक्त कानूनी व्यवस्थाको पालनामा गम्भिरता नदेखाएकाले ध्यानाकर्षण गरिन्छ ।

५.२ बोलपत्र आह्वानको सूचनाको बुँदा नं. ६ मा Infrastructure Development office, Udaypur reserves the right to accept or reject fully or partly any or all procurement of works without assigning any reason whatsoever भन्ने उल्लेख भएको व्यहोरा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २६ प्रतिकुल छ ।

५.३ निबेदक बोलपत्रदाताले पेश गरेको Line of Credit Certificate शर्तसहितको भएको, अन्य बोलपत्रदाताहरुले पेश गरेको Line of Credit Certificate तोकिएको ढाँचामा नभएको, सार्बजनिक निकाय पूर्वाधार बिकास कार्यालय, उदयपुरले सार्बजनिक खरिद नियमावली, २०६४ मा भएको छैठौं संशोधन अनुरुप जारी बोलपत्र कागजातमा संशोधन नगरी सातौं संशोधन बमोजिम प्राविधिक प्रस्तावको मुल्याकन गरेको कार्य सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५(५) तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६१(४) र सार्बजनिक खरिद अनुगमन कार्यालयको मिति २०७६।०६।१५ को राय बिपरित भएको साथै सार्बजनिक निकायबाट सार्बजनिक खरिद नियमावली, २०६४ मा मिति २०७६।०१।३० मा भएको छैठौ संशोधनबाट नियम ६५को उपनियम (५), (६), (७), (८) र नियम ६५क.मा थप भएको व्यवस्था अनुसार बिश्लेषण गरी बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावको मुल्यांकन नभएकोले प्राविधिक प्रस्तावको मूल्यांकन कानूनसम्मत भएन ।

अतः उपर्युक्त कुराहरुलाई मध्यनजर राखी सार्बजनिक निकाय पूर्वाधार बिकास कार्यालय, उदयपुरले गरेको अनधिकृत कार्य वा निर्णयलाई सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) (ख) (२) बमोजिम पूर्णरुपमा रद्द गर्न आदेश दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैक ग्यारेन्टी नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

..........................
कमलकुमार श्रेष्ठ
सदस्य

........................
गुणराज श्रेष्ठ
अध्यक्ष

इति सम्वत् २०७६ साल मार्ग १७ गते रोज ०३ शुभम्..................................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्धा नं. ११७**

**आ.व. २०७६/७७ को निर्णय नं १०**

काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं.२ स्थित रजिष्टर्ड कार्यालय रहेको ओएसिस ईन्जिनियर्स एण्ड विल्डर्स प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त रामचन्द्र तिमिल्सिना..सम्पर्क नं.९८५१०९९६५३..................................................१ **निवेदक पक्ष**

**बिरुद्ध**

श्री यातायात पुर्वाधार विकास निर्देशनालय, पुर्वाधार विकास कार्यालय गाईघाट उदयपुर, प्रदेश नं. १ नेपाल सम्पर्क नं.०३५४२०१३७/०३५४२०७७६/९८५२८३५६००...............१ **विपक्षी प्रत्यर्थी**

**बिषयः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ (क) बमोजिम पुनरावलोकन गरी प्रस्तुत पुनरावलोकन निवेदनको अन्तिम टुङ्गो नलागेसम्म ठेक्का नं. Contract ID: 06/IDO/UDA/MYP/075-76 को ठेक्का प्रकृया यथास्थितिमा रोकी पाऊँ ।**

## १. निवेदकको माग/दाबीः

सार्बजनिक निकाय श्री पुर्वाधार विकास कार्यालय, उदयपुरले Contract ID: 06/IDO/UDA/MYP/075-76-The Procurement of Upgrading of Diktel-Jalapa- Yenselukharka Road निर्माण कार्यको लागि मिति २०७६।०७।१४ र मिति २०७६।०७।१५ मा प्रकाशित प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताब मिति २०७६।०७।२४ मा खोल्ने सुचनाका सम्बन्धमा चित्त नबुझी बोलपत्रदाता ओएसिस ईन्जिनियर्स एण्ड विल्डर्स प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त रामचन्द्र तिमिल्सिनाले प्रभु बैंक लि.बबरमहल काठमाडांको रेफ न. P10901P070667 मिति ०६।११।२०१९ को रु. ६,१०,०००।- को सक्कल बैंक ग्यारेन्टी संलग्न गरी सार्बजनिक खरिद ऐन, २०६३ दफा ४९(क) बमोजिम मिति २०७६।०७।२१ मा यस समितिमा पुनरावलोकनका लागि दिएको निबेदनमा मुख्य माग दाबी देहाय अनुसार रहेको देखिन्छ ।

१.१ हामी पुनरावलोकन प्रस्तुतकर्ताले विपक्षीले मिति २०७६।०२।०३ मा प्रकाशित गरेको वोलपत्रको सूचनामा तोकिएको बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०७६।०३।०२ मा e-bidding को माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको Standard Bidding Document को Format मा Line of Credit को विवरण सहित वोलपत्र दाखिल गरेका थियौ ।

१.२ मिति २०७६।०३।०२ मा उक्त ठेक्काको वोलपत्रहरु खोली प्राविधिक प्रस्ताब मुल्याङ्कन गर्ने क्रममा अर्का वोलपत्रदाता M/S Geetanjali-Ajad JV ले पेश गरेको Line of Credit सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको Standard Bidding Document को Format अनुसार नभएकोले हाम्रो बिरोध रहे पनि विपक्षी कार्यलयबाट तोकिएको Format मा Line of Credit नबुझाउने वोलपत्रदाताको प्राविधिक प्रस्ताव समेत सफल भनी मिति २०७६।०५।३१ मा आर्थिक प्रस्ताव खोल्ने सुचना मिति २०७६।०५।२४ को पत्रिकामा प्रकाशित गरियो । उक्त सुचना कानूनसंगत नभएको भनी विपक्षी कार्यालय समक्ष मिति २०७६।०५।२५ मा निवेदन दिएका थियौ । विपक्षी कार्यालयले मिति २०७६।०५।२४ को सुचना स्थगन गर्दै मिति २०७६।०५।२९ को पत्रबाट हामीलाई सुचना रद्द गरिएको जानकारी गराएको तथा मिति २०७६।०५।३० मा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकासित सुचनामा माथिल्लो निकायसंग राय परामर्श माग गरी प्राप्त हुने राय परामर्शको आधारमा गरिने उल्लेख भएको थियो ।

१.३ विपक्षी कार्यालयबाट मिति २०७६।०५।३१ मा सार्वजनिक खरिद अनुगमन कार्यालयसंग राय परामर्श माग हुंदा सो कार्यालयबाट मिति २०७६।०६।१५ मा “Standard Bidding Document मा संलग्न फरमेट अनुसारको Line of Credit मात्र मान्य हुने” भनी राय परामर्श दिएकोमा उक्त निकायले प्रदान गरेको राय परामर्शलाई अनादर गर्दै मिति २०७६।०७।१४ मा वोलपत्रदाता M/S Geetanjali-Ajad JV को वोलपत्रलाई समेत प्राविधिक रुपमा सारभुत मानी मिति २०७६।०७।१५ गते आर्थिक प्रस्ताब खोलिने सुचना प्रकाशित गरियो । हामीले पुनः मिति २०७६।०७।१५ मा विपक्षी कार्यालय समक्ष सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम पुनरावोलोकन गरी पाऊँ भनी पेश गरेको निवेदनको विपक्षी कार्यालयले मिति २०७६।०७।१८ मा पठाएको पत्रमा “सार्वजनिक खरिद नियमावली २०६४ को सातौं संशोधन मिति २०७६।०२।२३ मा Line of Credit को ढाँचा अनुरुप हुनुपर्ने व्यवस्था झिकिएकोले बोलपत्र मूल्यांकन समितिबाट Line of Credit लाई minor मानी मुल्याङ्कन प्रकृया अगाडी बढाएको तथा Standard Bidding Document Procurement of Works (NCB) for above 6 million rupees 2010 मा उल्लेख भए अनुसार वोलपत्रदाताको योग्यताको आधारहरु मध्ये वित्तीय श्रोत र अवस्था एउटा आधार हो, बोलपत्रदाताले वित्तयी श्रोत र अवस्था खुल्ने पर्याप्त अन्य आधार पेश गरेको अवस्थामा Credit Line Certificate मात्र पेश नगरेको कारण अयोग्य ठहर गर्न नमिल्ने” उल्लेख भएको पाईयो । विपक्षी कार्यालय स्वयंले नै M/S Geetanjali-Ajad JV को Line of Credit मा त्रुटी भएको भनी स्वीकार गरेको अवस्थामा त्यसलाई सामान्य त्रुटी भएको भनी उम्कन प्रयास गरेको स्पष्ट देखिन्छ ।

१.४ विपक्षी कार्यालयले मिति २०७६।०७।१८ मा हामीलाई लेखेको पत्रमा उल्लेख गरेका आधारहरु गैर सान्दर्भिक एवं गैर कानूनी भएको, कानूनी त्रुटीलाई ढाँक छोप गर्ने गरी जारी भएको र यसबाट हामीलाई अन्याय भएको हुँनाले विपक्षीले मिति २०७६।०७।१४ र मिति २०७६।०७।१५ मा जारी गरेको संशोधित सुचना समेत खारेज गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको Standard Bidding Document को Format अनुसार Line of Credit को विवरण नराखी वोलपत्र दाखिल गरेका अयोग्य वोलपत्रदातालाई प्राविधिक प्रस्ताबको तहमा नै गैर

सारभुत (Non-responsive) ठहर गरी आर्थिक प्रस्ताव मुल्याङ्कनको प्रकृयामा समावेश नगर्नु भनी विपक्षी कार्यालयको नाममा आदेश जारी गरी पाऊँन निम्न लिखित जिकिर प्रस्तुत गर्दछु ।

१.५ सार्बजनिक खरिद ऐनको दफा २५(५) मा "बोलपत्रको मुल्याङ्कन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ" भनी उल्लेख छ । संशोधित वोलपत्रको Section 2.3.3 Financial Resources अन्तर्गत Letter of Commitment for Bank's Undertaking for Line of Credit को Format तोकिएको र Form FIN-3 Financial Resources को Note मा The Letter from the Bank must be unconditional in the format and stated details/terms and conditions as per the Bid Forms "Letter of Commitment for Bank's Undertaking for Line of Credit" उल्लेख भएकोले Format अनुसार Line of Credit नबुझाउने वोलपत्रदाताको समेत प्राविधिक प्रस्ताव सफल भएको भनी जारी सुचनाहरु त्रुटीपुर्ण छ ।

१.६ विपक्षी कार्यालयबाट मिति २०७६।०२।०३ मा खुलाएको वोलपत्रको सातौं संशोधन बमोजिम मूल्यांकन गरी तोकिएको ढाँचामा Line of Credit नबुझाउने वोलपत्रदातालाई सफल एवं योग्य ठहऱ्याई आर्थिक प्रस्ताव खोल्न खोज्नु कानूनको गलत व्याख्या एवं कानुनको मान्य सिद्धान्त बिपरित छ । नेपाल कानुन व्याख्या सम्बन्धि ऐन, २०१० को दफा ४ मा पछि बन्ने कानुनले अघि बन्ने कानुन अनुसार काम भइ पाएको अधिकार कुन्ठित गर्न मिल्दैन भन्ने छ । विपक्षी कार्यालयले कानूनको मान्य सिद्दान्तको बर्खिलाफ Retrospective रुपमा कानून लागु गर्न खोजेको देखिन्छ ।

१.७ विपक्षी कार्यालयले मिति २०७६।०७।१८ को पत्रमा लिएको दोस्रो आधार ("Standard Bidding Document Procurement of Works (NCB) for above 6 million rupees 2010 मा उल्लेख भए अनुसार वोलपत्रदाताको योग्यताको आधारहरु मध्ये वित्तीय श्रोत र अवस्था एउटा आधार हो, बोलपत्रदाताले वित्तीय श्रोत र अवस्था खुल्ने पर्याप्त अन्य आधार पेश गरेको अवस्थामा Credit Line Certificate मात्र पेश नगरेको कारण अयोग्य ठहर गर्न नमिल्ने") मा पनि कानूनी आधार देखिदैन । २०७० मा PPMO ले कुनै ठेक्काको हकमा दिएको सुझावलाई ६ बर्ष पछिको ठेक्कामा व्याख्या गरिनु कानुनसंगत हुन सक्दैन । उक्त कार्यालयले प्रस्तुत वोलपत्रसंग मेल नखाने करिब ६ बर्ष अगाडी प्रदान गरेको राय सुझाव मान्ने तर यसै ठेक्कामा विपक्षी कार्यालयबाट राय परामर्श माग गरे पश्चात सो कार्यालयबाट प्राप्त राय परामर्श नमान्ने बिडम्बनापुर्ण छ ।

१.८ नियमावलीमा भएको छैठौ संशोधन बमोजिम नियम ६५(८) मा "बोलपत्रदाताको पछिल्लो आर्थिक बर्षको वासलातमा निजको नगद प्रवाह सकारात्मक रहेको, खुद दायित्व भन्दा सम्पत्ति (नेटवर्थ) बढी भएको र सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा निशर्त क्रेडिट लाईनको सुविधा उपलब्ध भएको हुनु पर्नेछ" भनी उल्लेख छ । नियमावलीको यस व्यवस्थालाई वोलपत्रले हुबहु स्वीकारेको र कानूनले नै सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा निशर्त क्रेडिट लाईनको सुविधा उपलब्ध भएको हुनु पर्ने भनी तोकेको अवस्थामा विपक्षीले सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी राय परामर्श र कानूनी प्रावधान अनुसारको Line of Credit नबुझाउने बोलपत्रदाताको आर्थिक प्रस्ताव समेट्ने गरी उक्त मितिहरुमा जारी सुचना र सो अन्तर्गत हुन लागेको कार्य त्रुटी पुर्ण रहेको छ ।

१.९ Format अनुसार Line of Credit नबुझाउने वोलपत्रदाताहरुलाई मुल्याङ्कन प्रकृयामा समावेश गर्ने गरी विपक्षी कार्यालयबाट भएको कार्य Biased decision को उपज हो । निर्णय गर्ने अधिकारीले आफुमा निहित अधिकारलाई कानूनसम्मत ढंगले आधार र कारण खुलाई आफ्नो विवेक प्रयोग गरी निर्णय गर्नुपर्नेमा विपक्षी कार्यालयले कानूनी प्रावधान प्रतिकुल निर्णय गरेको देखिन्छ, जुन कुरा सम्मानित श्री सर्वोच्च अदालतबाट प्रतिपादन भएको नजिर पप्पु कन्स्ट्रक्सन विरुद्द मध्यमाञ्चल क्षेत्रीय सिंचाई निर्देशनालय, ललितपुर (ने.का.प.२०६३ अंक ३ नि.नं. ७६६५) समेत को विरुद्दमा रहेको छ ।

१.१० विपक्षी कार्यालयले प्राप्त वोलपत्रको प्रारम्भिक मुल्याङ्कन प्रकृयामा समावेश हुन योग्य र अयोग्य वोलपत्र नछुट्याई योग्य र अयोग्य वोलपत्रदातालाई एकै ठाउमा राख्ने कार्य बैधानिक अपेक्षा (Legitimate Expatiation) को सिद्धान्तको दृष्टिले उचित ठहर्दैन । यस सिद्धान्तको सम्बन्धमा Halsbury's Laws of England मा उल्लेखित भनाई "A person may have a legitimate expectation of being treated in a certain way by an administrative authority even though he has no legal rights in private law to receive such treatment. The expectation may arise either from a representation or a promise made by the authority, including an implied representation or from consistent past practice" लाई नेपालको सर्वोच्च अदालतले समेत प्रयोग गरेको पाईन्छ । सरकारी निकायले पेश भएका वोलपत्र कानूनी रुपमा मुल्याङ्कन गर्नु पर्दछ र गरिन्छ भन्ने बोलपत्रदाताको वैध अपेक्षा रहेको हुन्छ । उन्मुक्ति (Sovereign Immunity) दावी गरी पन्छन मिल्दैन ।

अतः उल्लेखित तथ्य, कानून र विवेचनाको आधारमा विपक्षी कार्यालयले बोलपत्र सम्बन्धि कागजातमा तोकिएको शर्त तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको Standard Bidding Document को Format अनुसार Line of Credit समेत नबुझाउने वोलपत्रदाता M/S Geetanjali-Ajad JV को प्राविधिक प्रस्ताव सफल रहेको भनी मिति २०७६।०७।१४ र मिति २०७६।०७।१५ मा जारी त्रुटीपुर्ण सुचनाहरु खारेज गरी अयोग्य वोलपत्रदातालाई मुल्याङ्कनबाट हटाई नयाँ सुचना जारी गर्नु गराउनुका साथै यस निवेदनको टुङ्गो नलागेसम्म उक्त मितिहरुको सुचना यथास्थितिमा राख्नु कार्यन्वयन नगर्नु नगराउनु भनी विपक्षीहरुको नाममा आदेश जारी गरी पाऊँ ।

## २. सार्वजनिक निकायको प्रतिक्रियाः

यस समितिको मिति २०७६।०७।२२ को पत्रबाट सार्बजनिक निकाय श्री पुर्वाधार विकास कार्यालय उदयपुरसंग प्रतिक्रिया माग गरेकोमा उक्त कार्यालयको मिति २०७६।०८।०१ को प्रतिक्रिया यस समितिमा मिति २०७५।०८।०५ मा प्राप्त भएको छ । साथै मिति २०७६।०८।०९ को थप प्रतिक्रिया समेत मिति २०७६।०८।११ मा प्राप्त भएको छ ।

२.१ उल्लेखित सडक निर्माणको लागि मिति २०७६।०२।०३ मा बहुबर्षीय बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित भएको, प्राविधिक प्रस्ताब मूल्यांकनका सन्दर्भमो बोलपत्र मूल्यांकन समितिबाट माग भए बमोजिमको रकमको Credit line certificate लाई मान्यता दिन सिफारिस भए पश्चात प्राविधिक प्रस्ताब स्वीकृत गरी थप कार्य अघि बढाई मिति २०७६।०५।२४ मा आर्थिक प्रस्ताब खोल्ने सूचना प्रकाशन भएको, मिति २०७६।०५।२५ गते निर्माण व्यवसायी M/S Oasis Engineers & Builders काठमाडौंले Credit line certificate का सन्दर्भमा पुनरावलोकनको निबेदन दर्ता गराएकाले पछि ठहरे बमोजिम हुने गरी आर्थिक प्रस्ताब खोल्ने कार्य स्थगन गरिएको, मिति २०७६।०५।३१ मा सार्बजनिक खरिद अनुगमन कार्यालयमा राय परामर्श माग गरिएकोमा उक्त कार्यालयको मिति २०७६।०६।१५ को पत्रबाट प्राप्त राय द्विविधा

उत्पन्न भई तालुक निकाय श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १ मा मिति २०७६।०७।०१ मा राय परामर्श माग गरिएकोमा उक्त मन्त्रालयबाट मिति २०७६।०७।०६ मा यस कार्यालयले नै निर्णय गर्ने गरी राय प्राप्त भएको, मिति २०७६।०७।१४ को निर्णय अनुसार मिति २०७६।०७।२४ मा आर्थिक प्रस्ताब खोल्ने गरी सूचना प्रकाशित गरिएकोमा सोही निर्माण कम्पनीले पुन: पुनरावलोकन गरी पाउं भनी निबेदन पेश गरेकोमा यस कार्यालयको मिति २०७६।०७।१८ मा उक्त निर्माण कम्पनीलाई लिखित जानकारी गराएको, सार्बजनिक खरिद पुनरावलोकन समितिको खरिद कारबाही रोक्का तथा प्रतिकिया पेश गर्ने मिति २०७६।०७।२२ को पत्र प्राप्त भएकोले मिति २०७६।०७।२४ को पत्रबाट सम्बन्धित निर्माण कम्पनी लाई आर्थिक प्रस्ताब खोल्ने कार्य अर्को सूचना प्रकाशन नभए सम्मको लागि स्थगन गरिएको छ ।

२.२ बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०७६।०३।०२ अगावै मिति २०७६।०२।२३ सार्बजनिक खरिद नियमावली, २०७४ मा सातौं सशोधन भएको तथा सातौं संशोधनमा छैठौं संशोधनले गरेको लाईन अफ केडिट फर्म्याटमा हुनुपर्ने प्रावधानलाई झिकिएकोले फर्म्याटमा नभएको केडिट लाईन सर्टिफिकेटलाई मूल्यांकन समितिले मान्यता दिने गरी बिड ईभ्यालुयसन गरेको र २०७६ श्रावणमा उक्त नियमावलीको आठौं संशोधन हुँदा मल्यांकन प्रक्रियामा रहेका बोलपत्रहरुका लागि आठौं संशोधन पूर्वकै प्रावधान बमोजिम मूल्यांकन गर्ने व्यवस्था रहेको हुँदा सारभूतरुपमा कानूनको बर्खिलाप भएको छैन ।

२.३ सार्बजनिक खरिद अनुगमन कार्यालयले पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं. ३ पाल्पालाई उपलब्ध गराएको राय परामर्श (उक्त कार्यालयको बेसाईटमा राखिएको) राय परामर्शमा "Standard Bidding Document Procurement of works (NCB) for above 6 million rupees 2010 मा उल्लेख भए अनुसार बोलपत्रदाताको योग्यताको आधारहरुमध्ये बित्तीय श्रोत र अवस्था एउटा आधार हो, बोलपत्रदाताले बित्तीय श्रोत र अवस्था खुल्ने पर्याप्त अन्य आधार पेश गरेको अवस्थामा Credit line certificate मात्र पेश नगरेको कारण अयोग्य ठहर गर्न नमिल्ने" उल्लेख भएको समेतलाई दृष्टिगत गर्दा ढाँचामा Credit line certificate पेश नगरे पनि अन्य योग्यताको आधारहरु पुरा गरेको तथा बित्तीय श्रोत र अवस्था खुल्ने पर्याप्त आधार पेश गरेकोले पर्याप्त प्रतिस्पर्धा गराई मितव्ययि ढंगले कम बजेट खर्च गरी भौतिक लक्ष्य अनुसारको उपलव्धि तथा प्रगति हाँसिल हुने सुनिश्चिततालाई मध्यनजर राखी अयोग्य ठहर नगरिएको हो ।

## ३. अध्ययन तथा अवलोकनः

श्री पुर्वाधार विकास कार्यालय, उदयपुरले उपरोक्त खरिदको लागि मिति २०७६।०२।०३.मा आह्वान गरे अनुसार पर्न आएको बोलपत्रको प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताब खोल्ने विषयको मिति २०७६।०७।१४ र मिति २०७६।०७।१५ मा प्रकाशित सूचनामा चित्त नबुझी ओएसिस ईन्जिनियर्स एण्ड विल्डर्स प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त रामचन्द्र तिमिल्सिनाले पुनरावलोकनको लागि यस समितिमा दिएको निवेदनको व्यहोरा, सो साथ संलग्न कागजात, कार्यालयले उपलब्ध गराएको प्रतिक्रिया, बोलपत्र सम्बन्धी कागजात, एवं खरिद कारबाही सम्बन्धी फाईल र निर्णयहरु, बोलपत्रदाताले पेश गरेको बोलपत्र प्रस्ताब, प्रचलित खरिद ऐन, नियमहरु समेतको अध्ययनबाट देखिएका उल्लेख्य बुँदाहरु निम्नानुसार छन् ।

३.१ उक्त बोलपत्रमा Gitanjali-Ajad J.V., Kirateshwor Construction & Drilling Company Pvt. Ltd, Lama Construction Company pvt.Ltd., Nagarjun-J.J.-Sarba Shakti J.V., Oasis Engineers & Builders Pvt. Ltd., र Rautaha-Swaminarayan J.V. को ६ वटा बोलपत्रहरु दर्ता भएको देखिन्छ । बोलपत्र दाखिला गर्नेमध्येका Gitanjali-Ajad J.V., र Oasis Engineers & Builders Pvt. Ltd. प्राविधिक प्रस्ताबमा सफल भएको भनी निजहरुको आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी उक्त मितिहरुमा प्रकाशित सूचनामा चित्त नबुझी Oasis Engineers & Builders Pvt. Ltd.ले यस समितिमा पुनरावलोकनको लागि निबेदन दिएको पाईन्छ ।

३.२ सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५(५) तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६१(४) मा बोलपत्रको मूल्यांकन बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्ने व्यवस्था भएकोले बोलपत्रदाताहरुबाट पेश भएको बोलपत्रहरुको मूल्यांकन सोही आधार र तरिका अनुसार गरिनु पर्दछ । बिपक्षी सार्बजनिक निकायले मिति २०७६।०७।१८ को पत्रमा "सार्वजनिक खरिद नियमावली २०६४ को सातौं संशोधन मिति २०७६।०२।२३ मा Line of Credit को ढाँचा अनुरुप हुनुपर्ने व्यवस्था झिकिएकोले बोलपत्र मूल्यांकन समितिबाट Line of Credit लाई minor मानी मुल्याङ्कन प्रकृया अगाडी बढाएको भन्ने उल्लेख गरेको देखिन्छ । तर कार्यालयबाट नियमावलीमा भएको सातौं संशोधन अनुरुप बोलपत्र कागजातमा संशोधन जारी गरेको नदेखिदा बोलपत्र कागजातमा उल्लेख भएको व्यवस्था भन्दा भिन्न तरिकाले गरेको प्राविधिक प्रस्ताबको मुल्याकन कानुनसम्मत देखिदैन ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४९(३) मा सूचना प्राप्त गरेको तीन दिन भित्र सार्वजनिक निकायले सो सम्बन्धी जानकारी र प्रतिकिया पुनराबलोकन समितिलाई दिनु पर्ने व्यवस्था भएकोमा बिपक्षी सार्बजनिक निकायले यस समितिलाई मिति २०७६।०७।०५ मा र मिति २०७५।०८।११ थप जानकारी र प्रतिक्रिया उपलब्ध गराएको छ । सार्बजनिक निकायबाट उक्त कानूनी व्यवस्थाको पालनामा गम्भिरता देखाएको देखिदैन ।

३.४ बोलपत्र आह्वानको सूचनाको बुँदा नं. ६ मा Infrastructure Development office, Udaypur reserves the right to accept or reject fully or partly any or all procurement of works without assigning any reason whatsoever भन्ने उल्लेख गरेको देखिन्छ । सूचनामा उल्लेख भएको यो व्यहोरा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २६ अनुकुल देखिदैन ।

३.५ सार्बजनिक खरिद नियमावली, २०६४ मा मिति २०७६।०१।३० मा भएको छैठौ संशोधनबाट थप भएको नियम ६५(८) मा अन्य बिषयहरुका अतिरिक्त सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा निशर्त क्रेडिट लाईनको सुबिधा उपलब्ध भएको हुनु पर्ने व्यवस्था छ । सार्बजनिक खरिद अनुगमन कार्यालयले Standard Bidding Document को Section IV: Bidding Forms अन्तर्गत Line of Credit ढाँचा तोकेको र बिपक्षी सार्बजनिक निकायले जारी गरेको Bidding Document को Addendun No.2 को Section IV: Bidding Forms अन्तर्गत Letter of Commitment for Bank's Undertaking for Line of Credit को ढाँचाको तेश्रो हरफमा "At the request of, and arrangement with, ………………………until issuance of taking over certificate by procuring Entity" भन्ने उल्लेख छ । यो व्यबस्था मुताविक बोलपत्रदाताहरुले तोकिएकै ढांचमा उक्त Form पेश गर्नु पर्दछ । तर निबेदकले पेश गरेको प्रभु बैंक लि. बबरमहलको मिति जुन २, २०१९ को Credit Commitment No: 1 को सोही हरफको "Taking over certificate by procuring Entity" पछि "Subject to the fulfillment of terms and conditions of bank" भनी शर्त थप गरेको देखिदा निबेदकले पेश गरेको Line of Credit पनि शर्तरहित तोकिएको ढाचा रहेको देखिदैन ।

३.६ पुर्वाधार बिकास कार्यालय, उदयपुरबाट मिति २०७६।०५।३१ मा सार्वजनिक खरिद अनुगमन कार्यालयसंग राय परामर्श माग हुंदा सो कार्यालयको मिति २०७६।०६।१५ को पत्रबाट “Standard Bidding Document मा संलग्न फरमेट अनुसारको Line of Credit मात्र मान्य हुने” भनी राय परामर्श दिएको पाईन्छ ।

३.७ सार्बजनिक खरिद नियमावली, २०६४ मा मिति २०७६।०१।३० मा भएको छैठौं संशोधनबाट थप भएको नियम ६५(५) मा बोलपत्र मूल्यांकन गर्दा कुनै सार्बजनिक निकायमा प्रयोगमा रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता त्यस्तो निकायलाई आवश्यक पर्ने हदसम्म थप कार्यको लागि गणना नहुने, नियम (६( मा बिगत पाँच आर्थिक वर्षको औषत वार्षिक कारोवार रकमको बढीमा चार गुणाले हुन आउने रकमसम्मको मात्र बोलपत्र योग्यतार र मूल्यांकनको आधारमा लिनुपर्ने, नियम (७) मा औषत बार्षिक रकम गणना गर्दा चालु ठेक्काको लागि यस्तो रकम छुट्याार मात्र यकीन गर्नुपर्ने र नियम (८) मा पछिल्लो आर्थिक बर्षको वासलातमा नगद प्रवाह सकारात्म रहेको, खुद दायित्व भन्दा सम्पत्ति बढी भएको र सार्बजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा निशर्त केडिट लाइनको सुविधा उपलब्ध भएको हुनु पर्ने व्यवस्था भएकोमा कार्यालयबाट गठित बोलपत्र मूल्यांकन समितबाट बोलपत्रको प्राविधिक प्रस्तावको मूल्यांकन गर्दा केडिट लाईनको मात्र मूल्यांकन गरी अन्य पक्षको मूल्यांकन एवं बिश्लेषण गरेको नदेखिदा कानूनले तोको प्रक्रिया पुरा गरेको देखिदैन ।

३.८ सार्बजनिक खरिद नियमावली, २०६४ मा मिति २०७६।०१।३० मा भएको छैठौं संशोधनबाट थप भएको नियम ६५क.मा कुनै बोलपत्रदाता, दरभाउपत्रदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकउपर प्रचलित कानून बमोजिम भ्रष्टाचारको कसूरमा मुद्दा दायर भएमा त्यस्तो मुद्दाको सफाई नपाएसम्म त्यस्ताले पेश गरेको प्रस्तावलाई मूल्यांकन प्रक्रियाबाट हटाईने व्यवस्था भएकोमा पेश भएको बोलपत्रहरुको मूल्यांकनको क्रममा यस पक्षमा ध्यान दिएको देखिएन ।

**४. छलफल तथा सुनवाईः**

सार्वजनिक खरिद पुनरावलोकन समितिमा उपरोक्त निवेदन उपर मिति २०७६।०८।२१ गतेका दिन छलफल तथा सुनवाइको कार्यक्रम राखिएको थियो ।

४.१ उक्त कार्यक्रममा निबेदक कम्पनी ओएसिस ईन्जिनियर्स एण्ड विल्डर्स प्रा.ली.का तर्फबाट बिद्वान अधिवक्ता श्री तुल बहादुर श्रेष्ठले संछिप्त रुपमा वहस पैरबी गर्दै सार्बजनिक खरिद नियमावली २०६४ मा भएको छैठौं सशोधनबाट नियम ६५ मा थप भएको ६५(८) मा सार्बजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा निशर्त केडिट लाइनको सुविधा उपलब्ध भएको हुनु पर्ने व्यवस्था भई सोही अनुरुप तोकिएको ढांचामा हामी निबेदकको तर्फबाट प्रभु बिकास बैंकको केडिक लाइन सुबिधाको पत्र पेश गरेका छौं । यो व्यवस्थालाई नदर अन्दाज गर्न मिल्दैन । यो व्यवस्था बाध्यात्मक व्यवस्था हो । यसमा कमा, पूर्णबिराम, अक्षर, शव्द, वाक्य केही पनि थप घट गर्न सकिदैन । यसको पूर्ण पालना गरिनु पर्दछ । अर्का बोलपत्रदाता M/S Geetanjali-Ajad ले केडिट लाईनको सुविधाको पत्र तोकिएको ढाँचामा पेश गरेको छैन । अतः उक्त बोलपत्रदाताको समेत प्राविधिक प्रस्ताब स्वीकृत गर्ने गरी बिपक्षी कार्यालयबाट भएको निर्णय अमान्य गरी निबेदक कम्पनीको मात्र आर्थिक प्रस्ताब खोली उक्त JV लाई आर्थिक प्रस्ताबको मूल्यांकन प्रक्रियाबाट हटाउन उक्त सार्बजनिक निकायको नाउमा आदेश जारी गरी पाउ भन्नु भयो ।

सोही कम्पनीको प्रबन्ध निर्देशक श्री अच्युत राज पाण्डेले सम्पुर्ण कागजात बेञ्चमा आईसकेको छ । मेरो पक्षमा निर्णय गरी पाउ । यहाबाट हुने निर्णयमा हाम्रो मन्जुरी रहेको छ भनी आफ्नो भनाई राख्नु भयो ।

४.२ सार्बजनिक निकाय श्री पुर्वाधार बिकास कार्यालय, उदयपुर तर्फबाट अधिकृत मान बहादुर बनले सार्बजनिक खरिद पुनरावलोकन समितिबाट निर्देशन भए अनुसार प्रतिक्रिया एवं कागजातहरु समितिमा पेश गरेकाछौं । सातौं संशोधन पश्चात बोलपत्र कागजातमा संशोधन गरिएको छैन । उक्त कागजात एवं प्रतिक्रियाको आधारमा समितिबाट हुने निर्णय हामीलाई मान्य हुने भनी आफ्नो भनाई राख्नु भयो ।

**५. समितिबाट भएको निर्णयः**

Contract ID: 06/IDO/UDA/MYP/075-76-The Procurement of Upgrading of Diktel-Jalapa-Yensulukharka Road को निर्माण कार्य खरिद गर्न प्रकाशित सूचना बमोजिम वोलपत्रदाता निवेदक ओएसिस ईन्जिनियर्स एण्ड विल्डर्स प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त रामचन्द्र तिमिल्सिनाले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोसंग संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि आह्वान भएको बोलपत्र रद्द गर्ने सूचनाको बिरुद्धमा निबेदकको माग दाबी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४९(३) मा सूचना प्राप्त गरेको तीन दिन भित्र सार्वजनिक निकायले सो सम्बन्धी जानकारी र प्रतिकिया पुनराबलोकन समितिलाई दिनु पर्ने व्यवस्था भएकोमा बिपक्षी सार्बजनिक निकायले यस समितिलाई मिति २०७६।०७।०५ मा र मिति २०७५।०८।११ थप जानकारी र प्रतिक्रिया उपलब्ध गराएको छ । सार्बजनिक निकायबाट उक्त कानूनी व्यवस्थाको पालनामा गम्भिरता नदेखाएकाले ध्यानाकर्षण गरिन्छ ।

५.२ बोलपत्र आह्वानको सूचनाको बुँदा नं. ६ मा Infrastructure Development office, Udaypur reserves the right to accept or reject fully or partly any or all procurement of works without assigning any reason whatsoever भन्ने उल्लेख भएको व्यहोरा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २६ प्रतिकुल छ ।

५.३ निबेदक बोलपत्रदाताले पेश गरेको Line of Credit Certificate शर्तसहितको भएको, अर्का बोलपत्रदाताले पेश गरेको Line of Credit Certificate तोकिएको ढाँचामा नभएको, सार्बजनिक निकाय पूर्वाधार बिकास कार्यालय, उदयपुरले सार्बजनिक खरिद नियमावली, २०६४ मा भएको छैठौं संशोधन अनुरुप जारी बोलपत्र कागजातमा संशोधन नगरी सातौं संशोधन बमोजिम प्राविधिक प्रस्तावको मुल्याकन गरेको कार्य सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५(५) तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६१(४) र सार्बजनिक खरिद अनुगमन कार्यालयको मिति २०७६।०६।१५ को राय बिपरित भएको साथै सार्बजनिक निकायबाट सार्बजनिक खरिद नियमावली, २०६४ मा मिति

२०७६।०१।३० मा भएको छैठौं संशोधनबाट नियम ६५ को उपनियम (५), (६), (७), (८) र नियम ६५क.मा थप भएको व्यवस्था अनुसार विश्लेषण गरी बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावको मुल्यांकन नभएकोले प्राविधिक प्रस्तावको मूल्यांकन कानूनसम्मत भएन ।

अतः उपर्युक्त कुराहरुलाई मध्यनजर राखी सार्वजनिक निकाय पूर्वाधार बिकास कार्यालय, उदयपुरले गरेको अनधिकृत कार्य वा निर्णयलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) (ख) (२) बमोजिम पूर्णरुपमा रद्द गर्न आदेश दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक ग्यारेन्टी नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

.......................... ........................
कमलकुमार श्रेष्ठ गुणराज श्रेष्ठ
सदस्य अध्यक्ष

इति सम्वत् २०७६ साल मार्ग १७ गते रोज ०३ शुभम्.................................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. ११८**

**आ.व. २०७६/७७ को निर्णय नं ११**

| | |
|---|---|
| काठमाडौ जिल्ला काठमाडौ महानगरपालिका वडा नं.७ चावहिल स्थित रहेको याकथुम्हाङ्ग/खम्पाचे जे.भि को तर्फबाट अख्तियार प्राप्त तेजकुमार कुरुम्वाङ्ग. (मोवाईल नं.९८५२६७२२७४/Email: yhns2046@gmail.com………………१ | पुनरावलोकन प्रस्तुतकर्ता **निवेदक** |
| **बिरुद्ध** | |
| भौतिक पुर्वाधार बिकास मन्त्रालय, बिराटनगर, प्रदेश नं.१. ऐ. मन्त्रालयका सचिव, प्रदेश नं. १…………………… ….१ | **विपक्षी** |
| यातायात पुर्वाधार निर्देशनालय, पुर्वाधार बिकास कार्यालय, सँखुवासभा, खादबारी, प्रदेश नं.१. ऐ. कार्यालयका कार्यालय प्रमुख ई.गंगा सागर यादव Email: idosankhu@gmail.com/ मोवाईल न ९८५२०६०७१२…………………………१ | |

**बिषयः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) बमोजिम Contract ID:IDO–SANK–W–S–ROAD–31–075/76 (Construction of Manebhanjyang–Chandanpur–HelwabesiRoad, Gufa Pokhari–Chainpur–Barhabise Sankhuwasabha) खरिद कारवाही तथा निर्णयको पुनरावलोकन गरी पाँउ ।**

**१. निवेदकको माग दावीः**

यातायात पुर्वाधार निर्देशनालय, पुर्वाधार बिकास कार्यालय, सँखुवासभा, खाँदबारीले मिति २०७६।०२।१३ को राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनामा E-bidding मार्फत Single stage-Two invelope प्रक्रियाबाट IDO/SANK–W–S–ROAD–31–075/76 (Construction Of Mane bhanjyang–Chandanpur–Helwabesi Road, Gufa Pokhari–Chainpur–Barhabise Sankhuwasabha) को कार्य गर्ने गरी बोलपत्र आव्हान गरेको र सो बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सूचना मिति ०७६।०६।०५ मा प्रकाशन् पश्चात् मिति २०७६।०८।१९ मा सो बोलपत्र रद्द भएको सूचना प्रकाशन भएकोले सो उपर चित नवुझी कार्यालय प्रमुख समक्ष निवेदक याकथुम्हाङ्ग/खम्पाचे जे.भि.ले मिति २०७६।०८।२२ मा पुनरावलोकनका लागि निवेदन दिएकोमा मिति २०७६।०८।२९ मा e-mail मार्फत प्राप्त जवाफमा चित नवुझी मिति २०७६।०९।०२ मा ग्लोबल आईएमई बैकको नं.PBGA119NPR00188, मिति १७ डिसेम्बर, २०१९ को मिति १६ मार्च २०१९ सम्म म्याद भएको रु.४४,०८,०००।-बैंक ग्यारेन्टी (कानूनले तोकेभन्दा बढीको) सहित पुनरावलोकनका लागि यस समितिमा निवेदन दर्ता गराएकोमा उक्त निबेदनमा निम्न प्रमुख माग दावी गरेको देखिन्छ ।

१.१ हामी पुनरावलोकनकर्ता/निवेदकले सँयुक्त उपकमको तर्फबाट बिपक्षी कार्यालयले उक्त पत्रिकामा प्रकाशित गरेको सुचना अनसार बोलपत्र ठेक्का नं. IDO/SANK–W–S–ROAD–31–075/76 को कार्य गर्नेगरी SBD को आधारमा सम्पूर्ण आबश्यक बिवरण सहितको बोलपत्र पेश गरेका थियौ । बिपक्षीको कार्यालयबाट बोलपत्र मुल्याङ्कन गर्ने सिलसिलामा प्राप्त भएका तीनवटा बोलपत्रहरुमध्ये हाम्रो मात्र बोलपत्र सारभुतरुपमा प्रभावग्राही गरिएको थियो । मिति २०७६।०६।०५ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा आर्थिक प्रस्ताव खोल्ने सुचना प्रकाशित गरियो । अनौपचारिक रुपमा जानकारी पाए अनुसार बिपक्षीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयमा उक्त सँयुक्त उपकमको बोलपत्रको प्राबिधिक प्रस्तावको मुल्याङ्कन गरी Minute Upload गरी मिति २०७६।०६।१२ मा आर्थिक प्रस्ताव खोल्ने मिति, समय तय गरी Approved भएकोमा सम्बन्धित् सडकको Published Bid and Procurement Execution को Opening मा समेत नदेखिएको हुँदा सो सम्बन्धी समस्या समाधान गरी दिन मिति २०७६।०६।१२ मा पत्राचार गरेको रहेछ । फेरी मिति २०७६।६।१४ मा हाम्रो सँयुक्त उपकमको आर्थिक प्रस्ताव नखुले पछि गरिएको परिपत्र अनसार contract ID (File) Infrastructure Development office, sankhuwasabha को user ID बाटै cancel भएको हो भनी श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौबाट थाहा हुन आएको हो । हामीले उक्त Contract ID (File) cancel गर्न खोजेको होईन । यस कार्यालयले उक्त फर्मको Technical Eveluation गरी आर्थिक प्रस्ताव खोल्नका लागि राजधानी राष्ट्रिय दैनिकमा सुचना समेत प्रकासित गरेको थियो । तसर्थ उक्त फर्मलाई पुनः यस system मा लोड गरी दिन अनुरोध गरिएको रहेछ । सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७६।०६।१५ गते बिपक्षी कार्यालयलाई लेखिएको पत्रमा तँहाबाट बिभिन्न मितिमा लेखिएको पत्रहरुको सम्बन्धमा यस कार्यालयद्वारा सँचालनमा रहेको बिद्युतीय खरिद प्रणालीको बार्षिक मर्मत सँभार गरिरहेको परार्मशदाता कम्पनीबाट सत्य तथ्य जानकारी माग गरिएकोमा उक्त परामर्शदाताबाट उक्त contract ID—IDO-SANK-W-S-ROAD-31-075/076 मिति सन २०१९।०९।२० गते उक्त e-GP system को रमेशकुमार श्रेष्ठबाट cancel भएको भन्ने जानकारी प्राप्त भएको हुँदा सो सम्बन्धमा के कति कारणबाट उक्त कार्य हुन गएको हो थप स्पष्ट पारी पठाई दिन पत्राचार गरेको रहेछ । उक्त पत्रको जवाफमा कम्प्युटर चलाउन वा नेटबाट डाउनलोड गर्न नजानेर भुलबश उक्त फर्मको Financial को लक cancel हुन गएकोले सुधार गरी दिन लेखेको रहेछ । सो पश्चात यस सँयुक्त उपकमका तर्फबाट मिति २०७६।०६।२८ मा उक्त ठेक्का सार्वजनिक खरिद अनुगमन कार्यालयको E–Bid system मार्फत टेण्डर हालिएकोमा सोही अनुसार त्यस कार्यालयले मुल्याङ्कन गरी मिति २०७६।०६।०५गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा आर्थिक प्रस्ताव खोल्ने बारेको सुचना प्रकाशित गरिएको थियो । आर्थिक प्रस्ताव खोल्ने समय बुझ्दा PPMO को E–bid system मा हाम्रो upload भएको कागजातहरु नभएका कारण आर्थिक प्रस्ताव खोल्न कठिनाई भएको भन्ने जानकारी पाएपछि यस्ता समस्या अन्य ठाँउमा भएको खण्डमा PPMO लाई कार्यालयले उपलब्ध गराई पाँउ भनी लेखी पठाएको खण्डमा PPMO ले उपलब्ध गराएको कागजातको आधारमा मुल्याङ्कन गरी कार्यान्वयन भएको घटना अन्य कार्यालयमा समेत भएको अबगत गराउँछु । सो प्याकेजमा हामीले PPMO को E–Bid system अनसार त्यसवेला E–bid system मार्फत पेश गरेको आर्थिक प्रस्तावको Document Download गरी यसै पत्रसाथ पृष्टपोषणका लागि पेश गरेका थियौ । त्यस कार्यालयलाई आबश्यक परेको खण्डमा PPMO बाट उपलब्ध हुने हुँदा सोही अनुसार मुल्याङ्कन गरी हाम्रो सँयुक्त उपकमको बोलपत्र स्वीकृत गरी सम्फौता समेत गराई पाँउ भनी निवेदन गरेका थियौ । बिपक्षीको कार्यालयले मिति २०७६।७।०३ मा सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौलाई Financial Proposal उपलब्ध गराई पाँउ भनी पत्राचार गरेकोमा सोको के जवाफ आयो हामीलाई जानकारी हुन सकेन । एक्कासी मिति २०७६।८।१९ गतेको अन्नपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र रद्ध

गरिएको सुचना प्रकासित गरेको हुँदा आश्चर्य चकित भएका छौ । प्राबिधिक कारणले रद्ध गर्दा Bid Document को section 1: Instruction to Bidder को clause 37 अनुशार रद्ध गरिएको जानकारी गराएको हुँदा अन्यायमा परी सम्मानित कार्यालय समक्ष सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४९ (क) बमोजिम यो निवेदन लिई उपस्थित भएका छौ ।

१.२ Clause no.37 अनुसार बोलपत्र रद्ध गर्नका लागि बिपक्षीहरु स्वतन्त्र हुनु हुन्न । Bid Document को Section 1: Instruction to Bidders को clause no.37 सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को अधिनस्त नै हुन्छ । किनभने सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ अनुसार हाम्रो बोलपत्र कारवाही नै नहुने अबस्था भन्दा माथि रहेको छ । सो सुचना पाएका मितिले ७ दिनभित्र मिति २०७६।०८।२२ गतेका दिन मिति २०७६।८।१९ को ठेक्का रद्ध गरेको निर्णय पुनरावलोकन गरी पाँउन बिपक्षीको कार्यालयका कार्यालय प्रमुख समक्ष पुनरावलोकनको निवेदन नं. ३०५ मा दर्ता गराएका थियौ । निवेदन प्राप्त भए पछि बिपक्षीका तर्फबाट ५ दिनभित्र लिखित निर्णय गरी जानकारी दिनु पर्नेमा हालसम्म कुनै जानकारी प्राप्त हुन आएको छैन ।

१.३ अमुर्त प्राबिधिक कारण देखाई बोलपत्र रद्ध गर्ने अधिकार बिपक्षीहरुलाई सार्वजनिक खरिद ऐन, २०६३, ऐ. नियमावली, २०६४ तथा अन्य प्रचलित कानुनले समेत प्रदान गरेको पाईदैन । बिपक्षीहरुले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ अनुसार मुल्याङ्कन गरी सारभुतरुपमा प्रभावग्राही घोषित गरी हाम्रो सँयुक्त उपकमको मात्र नाम उल्लेख गरी आर्थिक प्रस्ताव खोल्ने सुचना समेत जारी गरी सकेको अबस्थामा ऐ. ऐनको दफा २५ तिर फर्कने अबस्था नै छैन । बिपक्षीहरुलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ अनुसारको रित पुऱ्याएर मात्र हाम्रो बोलपत्र रद्ध गर्न सक्ने अवशर दिएको छ । बिपक्षीले हाम्रो बोलपत्र के कुन प्राबिधिक कारणलाई आधार मानी रद्ध गर्ने निर्णय गरिएको हो सो स्पष्ट रुपमा उल्लेख गर्नसक्नु पर्दछ ।

१.४ बोलपत्रदाता र बोलपत्र आह्वान गर्ने निकायकाबीच करारीय दायित्व सृजना हुनका साथै अन्तर प्रभावी सम्बन्ध समेत सृजना हुन जान्छ । यस्ता सम्बन्धलाई एक अर्काबाट हुने कार्य एवँ निर्णयले असर पुग्ने हुनाले पेश भएको प्राबिधिक तथा आर्थिक प्रस्ताव माग बमोजिम तथा आकर्षित हुने कानून बमोजिम छ छैन भनी बोलपत्र आह्वानकर्ताले बिचार नगरी आफु खुसी निर्णय गर्नु हुदैन । बिपक्षीका तर्फबाट खरिद प्रकृया नै रद्ध गर्दाका अबस्थामा उक्त निर्णय गर्नु अघि सुचना नदिएको तथा स्पष्टीकरण नसोधेको हुनाले बिपक्षीहरुले गम्भिररुपमा प्राकृतिक न्यायको सिद्धान्तको हनन हुने गरी निर्णय गरेको छ । निर्णय गर्दा आधार र कारण समेत उल्लेख गरी निर्णय गर्न सक्नु पर्दछ । साथै सुनुवाईको अबसर समेत दिएको हुनु पर्दछ । यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट मल्टी डिसिप्लिनरी कन्सल्टेण्टस प्रा.लि. बिरुद्ध सार्वजनिक खरिद अनुगमन कार्यालय भएको मुद्धामा "प्रशासकीय र न्यायिक निकायबाट कुनै व्यक्तिको हक अधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ कारवाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ । कानुनको उचित प्रकृया र प्राकृतिक न्यायको सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभइ मनोगत रुपमा भएको मानिने" ( ने.का.प २०७५, अँक ६ नि.नं. १००२७) सिद्धान्त प्रतिपादित भएको छ ।

१.५ बिपक्षीहरुले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३, २४, २५ तथा ऐ नियमावली, २०६४ को नियम ६०, ६१, ६२ को अबस्था पार गरी एक मात्र प्रभावग्राही बोलपत्र हाम्रो हो भनी किटान गरी आर्थिक प्रस्ताव खोल्नका लागि आह्वान गर्ने कार्य भै सके पछि बीचैमा बोलपत्र नै रद्ध गर्ने निर्णय सार्वजनिक खरिद ऐन, २०६३ तथा ऐ .नियमावली, २०६४ को के कुन दफा तथा नियमको सहारा लिई भएको हो सो खुलाउन सकेको देखिदैन । बिपक्षीहरुले बोलपत्र नै रद्ध गर्नका लागि ऐ. ऐन, २०६३ को दफा २६ को सहारा लिनै पर्दछ । यस मुद्धामा बिपक्षीहरुले आफुले गरेको निर्णयका आधार स्पष्टरुपमा दिन नसकेको हुँदा बिपक्षीहरुले गरेको गैरकानुनी निर्णय बदर गरी हामी निवेदकको आर्थिक प्रस्ताव खोली हाम्रो बोलपत्र स्विकृत गर्ने निर्णय गरी सम्फौता समेत गर्नु गराउनु भनी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(ख) बमोजिमको निर्णय गरी दिन हुन सादर अनुरोध गर्दछौ ।

१.६ बिपक्षीले मिति २०७६।८।२९ गतेका दिन हाम्रो सँयुक्त उपकमको ईमेल ठेगानामा जारी मिति २०७६।८।२३ गतेको पत्रमा IDO sankhuwasabha को e–bid portal को Published Bid मा उक्त contract ID-IDO/SANK–W–S–ROAD–31–075/76 नदेखिएको सम्बन्धमा मिति २०७६।६।०८ गतेको पत्रबाट आबश्यक सहयोग सम्बन्धमा श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौलाई पत्र लेख्ने काम भएको हो । मिति २०७६।६।१२ गते समय १.०० बजे उक्त Contract को e–bid portal मा Published Bid and Procurement Execution को opening मा नदेखेपछि पुनः २०७६।६।१२ गतेको पत्रबाट आबश्यक सहयोग सम्बन्धमा श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौलाई पत्र लेख्ने काम भएको हो । तर मिति २०७६।०६।१४ गते श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौबाट उक्त contract ID cancel भएको मौखिक जानकारी प्राप्त भएको हो । त्यसपछि फेरी २०७६।०६।१४ गतेको पत्रबाट आबश्यक सहयोग सम्बन्धमा पत्र लेख्ने काम भएको हो । सार्वजनिक खरिद अनुगमन कार्यालय, (सुचना प्रबिधि शाखा) को मिति २०७६।०६।१५ को पत्रबाट उक्त ठेक्काको बारेमा थप स्पष्ट गरी पठाई दिने सम्बन्धमा यस कार्यालयले २०७६।०६।१५ गतेको पत्रबाट थप स्पष्ट गरी पठाएको हो । तर सार्वजनिक खरिद अनुगमन कार्यालय (सुचना प्रबिधि शाखा) काठमाडौबाट cancel भएको ठेक्का पुनः सुचारु गर्न नसक्ने मिति २०७६।०६।२८ गतेको पत्र प्राप्त भयो । सो पत्रानुसार यस कार्यालयले मिति २०७६।०७।०३ गते उक्त contract ID को Financial Proposal उपलब्ध गराई पाँउ बारे भन्ने बारेको श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौलाई पत्र लेख्ने काम भएको हो तर त्यस्को हालसम्म कुनै प्रतिकृया नआएको हो । तसर्थ उक्त सडक खण्ड (cho+000 to Ch14+420) contract ID-IDO/SANK–W–S–ROAD–31–075/76 को BOQ नखुलेको कारणले मुल्याङ्कन गर्न नसकिने भएको हुँदा Approved Bid Document को section: 1 Instruction to Bidder को Clause no 37 Employer's Right to accept any bid and to reject any or all bids अनुसार उक्त bid रद्ध गरी पुनः बोलपत्र आह्वान गर्न प्रदेश सरकार श्री भौतिक पुर्वाधार बिकास मन्त्रालय, बिराटनगर प्रदेश नं.१ नेपालको मिति २०७६।०८।०२ गतेको प्रदेश सचिव स्तर निर्णय अनुसार उक्त ठेक्का रद्ध भई सोही अनुसार २०७६।८।१९ गतेको अन्नपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकाशित गरेको हो भनी उल्लेख भएको रहेछ । बिपक्षी नं. १ लाई सँघीय कानुनकोरुपमा रहेको सार्वजनिक खरिद ऐन, २०६३ तथा ऐ.नियमावली, २०६४ ले चिन्दै नचिनेको अधिकार नै नभएको व्यक्तिबाट बोलपत्र बदर गर्ने निर्णय भएकोले सो गैरकानुनी निर्णय स्वभाबिक रुपमा बदर भागी छ ।

१.७ बिपक्षीहरु कानुनी व्यक्ति (Legal Person) भएकाले हरेक निर्णय गर्दा निर्णयको पछाडि निश्चित दायरा (Basis) र बिवेक (Rational) अनिवार्य रुपमा भएको हुनु पर्दछ ।

१.८ अतः माथि उल्लेखित तथ्य एवँ आधारहरुका कारण बिपक्षीहरुले हामी उपर अन्याय गर्नु भएको स्पष्ट रुपमा देखिएको हुँदा हाम्रो प्रमाणहरु समेतको अध्ययन गरी बिपक्षीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको Standard Bidding Document को Format मा हामीले माग अनसारको कागजात रितपुर्वक पेश गरेको भएतापनि त्यस्को कुनै वास्ता नै नगरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३, २४, २५ तथा ऐ. नियमावली, २०६४ को नियम ६०, ६१, ६२ तथा अन्य सम्बन्धित प्रचलित कानुन समेतको उलँघन गर्ने गरी गरिएको

मुल्याङ्कनका साथै बिपक्षीहरुले मिति २०७६।८।१९ मा हाम्रो बोलपत्र नै रद्ध गर्ने गरी गरेको निर्णय गैर कानुनी एवँ त्रुटीपुर्ण भएकाले बदर भागी छ।

१.९ यस निवेदनको टुङ्गो लाग्नु अगावै बिपक्षीहरुले अर्को बोलपत्र माग गरेमा वा बोलपत्र सम्बन्धी अन्य कार्य गरेमा पछि हाम्रो हक अधिकार कार्यान्वयन गराउन कठिनाई हुन सक्ने हुँदा बिपक्षीहरुको मिति २०७६।०८।१९ को निर्णय र उक्त निर्णयका आधारमा मिति २०७६।०८।१९ गतेका दिन बोलपत्र रद्ध गर्ने गरी गरेको सुचना यथास्थितिमा राख्नु, कार्यान्वयन नगर्नु नगराउनु, खरिद कारवाही स्थगन गर्नु गराउनु भनी बिपक्षीहरुका नाममा अन्तरिम आदेश समेत जारी गरी पाँउ।

## २. सार्वजनिक निकायको प्रतिकियाः

यस समितिको मिति २०७६।०९।०२ पत्रबाट सार्वजनिक निकाय यातायात पुर्वाधार निर्देशनालय, पुर्वाधार विकास कार्यालय संखुवासभा र भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १ संग प्रतिकिया माग गरेकोमा पुर्वाधार बिकास कार्यालयबाट मिति २०७६।०९।०८ को पत्रसाथ केही फायलहरु र बोलपत्र कागजातहरु प्राप्त भए। निबेदनका बिषयमा प्रतिकिया आएन। भौतिक पुर्वाधार विकास मन्त्रालय, विराटनगर प्रदेश नं.१ बाट पनि कुनै प्रतिकिया आएन।

## ३. अध्ययन/अवलोकनः

उपरोक्त निर्माण खरिद कार्य contract ID-IDO/SANK–W–S–ROAD–31–075/76 (cho+000 to Ch14+420 ) को सम्बन्धमा निवेदकले यस समितिमा दिएको निवेदनको व्यहोरा, सोसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त बोलपत्र सम्बन्धी कागजातहरु, बोलपत्रदाताले पेश गरेको बोलपत्र प्रस्ताब, प्रचलित खरिद ऐन, नियमहरु समेतको आधारमा अध्ययन अवलोकन गरिएको छ।

३.१ यो खरिद कार्यका लागि मिति २०७६।०२।१३ मा बोलपत्र अव्हान गरिएकोमा (a) Bajraguru Construction Company pvt ltd, (b) Yakthumhang/Khampache JV (c) Raman-Safal-Joshi JV बाट बोलपत्रहरु पेस भएको, मिति २०७६।०६।०५ को राजधानी दैनिकमा आर्थिक प्रस्ताव खोल्ने र मिति २०७६।०८।१९ मा सो बोलपत्र प्रस्ताव रद्द गरेको सूचना प्रकाशित् गरेको देखिन्छ।

३.२ यस खरिद कार्यका बिषयमा मिति २०७६।०२।२७ मा Prebid meeting वसेकोमा कार्यालयका कर्मचारीहरु बाहेक कुनै पनि बोलपत्रदाताहरुको उपस्थिति नभएकाले कुनै जिज्ञासाहरु नउठेको भन्ने निर्णयको प्रतिलिपिबाट उल्लेख भएको देखिन्छ।

३.३ बोलपत्र रद्द भएको सूचना मिति २०७६।०८।१९ मा प्रकाशन् भएकोमा सो उपर चित नवुझी सार्वजनिक निकायका प्रमुख समक्ष मिति २०७६।०८।२२ मा निवेदन दिएकोमा सो निकायबाट मिति २०७६।०८।२९ मा दिइएको जवाफमा "Construction Of Manebhanjyang–Chandanpur–Helwabesi Road, Gufa Pokhari–Chainpur–Barhabise Sankhuwasabha contract ID-IDO/SANK–W–S–ROAD–31–075/76 को BOQ नखुलेकोले मुल्यांकन गर्न नसकिने भएको हुँदा Approved Bid Document को Section I: Instruction to bidders को ३७ मा Employer's right to accept any bid and to reject any or all bids उल्लेख भएअनुसार रद्द गरिएको उल्लेख छ। यस समितिबाट पत्रद्वारा प्रतिक्रिया माग गरेकोमा सार्वजनिक निकायबाट प्रतिकिया केही आएको देखिदैन।

३.४ मूल्यांकन समितिको वैठकको माइन्यूट अध्ययन गर्दा Bajara Guru Construction company pvt ltd लाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट बिषेश अदालतमा मुद्दा दायर गरेको र भौतिक पुर्वाधार विकास मन्त्रालय विराटनगर, प्रदेश नं.१ बाट उक्त कम्पनीलाई मुल्यांकनमा समावेश नगराउनु भन्ने मिति २०७६।०५।११ को पत्र अनुसार बोलपत्रको प्राविधिक मुल्याकनबाट हटाएको देखिन्छ।

३.५ निवेदक कम्पनी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६०, ६१ र ६२ बमोजिम बोलपत्रको परीक्षण एवं मुल्यांकन गरी सोही नियमावलीको ३१ङ.(४) अनुसार सारभुतरुपमा प्रभावग्राही भएकोले आर्थिक प्रस्ताव खोल्न वाधा नपुग्ने भनी २०७६।०६।०५ मा सूचना समेत प्रकासित् भएको अवस्था छ।

३.६ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (१) को देहायका चार अवस्थाहरुमा सम्पूर्ण बोलपत्र अस्वीकृत गर्न वा खरिद कारवाइ रद्द गर्न सक्ने ब्यवस्था छः (क) कुनै पनि बोलपत्र दफा २३ को उपदफा (२) को खण्ड (घ) वमोजिम सारभुतरुपमा प्रभावग्राही नभएमा, (क१) दफा २७ को उपदफा (६) बमोजिम प्रक्रिया अपनाउदा पनि बोलपत्रदातासंग सम्झौता हुन नसकेमा, (ख) न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभुतरुपमा बढी भएमा, वा (ग) माग गरिएको खरिद कार्य आवश्यक नभएमा। साथै सोही दफाको उपदफा (२) मा केही बोलपत्रहरु वा एउटा मात्र बोलपत्र सारभुतरुपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत वा पुनः बोलपत्र आव्हान गर्न सकिने छैन, साथै उपदफा (६) मा कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित् भएमा बोलपत्र रद्द हुनेछ भनी ब्यवस्था भएको छ। यो बोलपत्र यी दफा उपदफामा भएका ब्यवस्थाहरुलाइ अवलम्बन गरी रद्द गरिएको देखिदैन।

३.७ बोलपत्र आह्वानको सूचनाको clause no.6 मा The purchaser reserves the right to accept or reject, wholly or partly any or all the procurement of works without assigning any reason whatsoever. Other procurement process remains as per rule of PPA, 2063 and PPR, 2064(Revised). उल्लेख छ। बोलपत्र आह्वानको सूचनाको बुँदा ६ र बोलपत्र कागजातको खण्ड ३७ अनुसार बोलपत्र रद्द गरिएको उल्लेख छ। बोलपत्र कागजातहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार तयार भएका हुन्। बोलपत्र कागजातहरुमा भएका व्यवस्था यी कानूनी व्यवस्थासंग बाझिएमा बाझिएको हदसम्म कानूनमा भएको ब्यवस्था लागु भइ सोको पालना गर्नु पर्ने हुन्छ। तसर्थ सूचनाको बुदाँ र बोलपत्र कागजातहरुको खण्ड ३७ लाई प्रयोग गरी बोलपत्र रद्द गर्नु कानून सम्मत् देखिदैन।

३.८ सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०७६।०६।१५ को पत्रबाट परामर्शदाता कम्पनीबाट सत्य तथ्य माग गरिएकोमा उक्त contract ID (IDO/SANK–W–S–ROAD–31–075/76, मिति २०१९।०९।२० गते e-gp system को रमेश कुमार श्रेष्ठबाट Cancel भएको भन्ने जानकारी प्राप्त भएको हुँदा सो सम्बन्धमा के कति कारणबाट उक्त कार्य हुन गएको ? थप स्पष्ट गरी पठाउन माग गरिएको देखियो। पूर्वाधार विकास कार्यालय, संखुवासभाको मिति २०७६।०६।१५ को पत्रबाट "Contract ID :IDO-sank-W-S-Road-31-2075-76 यस कार्यालयबाट नियत वस cancel गरेको नभई भुलवस cancel हुन गएको हो "भनी थप स्पष्ट गरी पठाएको देखियो। उक्त पत्र मार्फत एकपटक Upload गरेको बोलपत्र कागजातको Price Bid Cancel भुलवस गरेको वा नियतवस गरेको बिषयमा सम्बन्धित् कर्मचारीहरुलाई जवाफदेही बनाई कुनै कारवाई गरेको प्रमाण पेश भएका छैनन्। कुन कर्मचारीबाट कति कारणबाट Price Bid Cancel भयो सो बिषयमा स्पष्ट गरी बिभागीय कारवाई हुनु पर्छ। बोलपत्र कागजातहरु महत्वपुर्ण सरकारी दस्ताबेज तथा सम्पत्ति हो। यसको क्षतिले सरकार,

सार्वजनिक निकाय प्रतिको विश्वनियता घट्ने त छदैछ, वदानम हुने तथा आर्थिक हानी नोक्सानी पनि हुन सक्छ । साथै यसबाट बोलपत्रदातालाई पनि आर्थिक नोक्सानी पुग्न सक्छ । भविष्यमा यस किसिमको गल्ति नदोहोरीने गरी आवश्यक कारवाई हुन पर्ने देखिन्छ ।

बोलपत्र कागजातहरु Upload भैसकेको अवस्थामा सर्वरमा गएर सुरक्षित रहने गरी Software तयार गरिएको हुन्छ । कसैको गल्तिले Data delete भएको अवस्थामा Sever मा सुरक्षित बसेको हुन्छ । सुरक्षित् हुने Provision नहुने हो भने कुनै पनि दुर्घटनामा Data delete हुन्छ र सरकारी कार्यमा बाधा पर्छ तथा ठूलो क्षति व्यहोर्नु पर्छ । साथै कसरी सुरक्षित राख्ने सकिन्छ ? यो गम्भिर बिषय हुन आउँछ ।

३.९ यस खरिद कार्यमा सार्वजनिक निकायले राखेको सबै शर्त मानी बोलपत्र पेश गरी सकेको अवस्था छ । दुई वा दुईभन्दा बढी व्यक्तिहरुबीच कुनै वैधानिक काम गर्ने वा नगर्ने सम्बन्धमा भएको कबुल वा सम्झौता लाई करार भनिन्छ । सार्वजनिक निकाय एउटा legal person हो र बोलपत्रदाताहरु पनि Legal person भएकोले सार्बजनिक निकायले गरेको प्रस्ताव सबै मानी बोलपत्र दर्ता गरेको अवस्था छ । यदि प्रस्तावकले गरेको प्रस्ताव प्रस्ताव पेस गर्नेले पूरा नगरेमा प्रस्ताव अस्वीकृत हुन्छ, करार हुन वैध मानिदैन । यस खरिद कार्यमा बोलपत्रदाताबाट पेस भएको प्राविधिक प्रस्ताव सारभुतरुपमा प्रभावग्राही भइ सेकको अवस्था छ ।

३.११ सार्बजनिक खरिद अनुगमन कार्यालय सूचना प्रविधि शाखाबाट यस समितिलाई प्राप्त मिति २०७६।०९।२० को पत्रमा रद्द भईसकेको बोलपत्रमा बोलपत्रदाताबाट पेश भएका बोलपत्रहरु प्रणालीमा Encrypted अवस्थामा रहने भएकाले Application level हेर्न मिल्ने गरी प्रणालीमा पुनर्स्थापनन गर्न नसकिने जानकारी प्राप्त भए पनि अन्य विबल्पहरुका लागि भने द्वार बन्द गरेको देखिदैन ।

**४. छलफल तथा सुनुवाइः**

यस समितिको मिति २०७६।०९।०९ को पत्रबाट मिति २०७६।०९।१६ गते बुधवारका दिन राखेको छलफल कार्यक्रममा उपस्थितिका लागि निवेदक र निवेदनमा बिपक्षी बनाएका पक्षहरुलाई आमन्त्रण गरेकामा थियो । आमन्त्रण गरेकामध्ये भौतिक पूर्वाधार विकास मन्त्रालय, बिराटनगर, प्रदेश नं.१ को सो कार्यक्रममा उपस्थिति रहेन ।

४.१ सो वहस कार्यक्रममा निवेदकका तर्फबाट विद्वान अधिबक्ताहरु श्री तुलबहादुर श्रेष्ठ,श्री नारायण प्रसाद कोईराला र श्री शरला मुक्तानले वहस तथा छलफलमा भाग लिदै निम्न भनाइ राख्नु भयो ।

४.१.१ “Contract ID :IDO-sank-W-S-Road-31-2075-76 रोड निर्माण गर्ने कार्यको मिति २०७६।०२।१३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको सातौं संशोधन पछि मिति २०७६।०३।०६ को Addendum to bid Document समेत आधारमा हाम्रो कम्पनी योग्य भएकोले PPMO बाट जारी भएको SBD अनुसार e-GP को माध्यमबाट हामीले बोलपत्र दाखिला गरेका हौ । मेरो कम्पनी प्राविधिक प्रस्तावमा सारभूतरुपमा प्रभावग्राही भई मिति २०७६।०६।१२ मा आर्थिक प्रस्ताव खोल्ने गरी मिति २०७६।०६।०५ मा सूचना समेत जारी भैसकेकोमा सो मितिमा आर्थिक प्रस्ताव खोलिएन । त्यसपछि सारभूतरुपमा प्रभावग्राही भएको हाम्रो बोलपत्र Bid Document को Section I: Instruction to Bidders को clause 37 अनुसार रद्द भएको भन्ने मिति २०७६।०८।१९ को सूचनाबाट जानकारी भयो, यो गैरकानूनी छ । हाम्रो बोलपत्र रद्द गरेको कारण उल्लेख गरेको छैन । हाम्रो बोलपत्र गैर जिम्मेवारी किसिमले रद्द गरिएको छ । तत्पश्चात् हामीले चित नबुझी सार्वजनिक निकायका प्रमुख समक्ष मिति २०७६।०८।२० मा पुनरावलोकनका लागि निवेदन गर्‍यौं । बिपक्षी कार्यालयको मिति २०७६।०८।२३ को प्राप्त जवाफ पत्रबाट BOQ नखुलेको कारणले मुल्यांकन गर्न नसकिने भएको हुँदा Approved Bid Document को Section I: Instruction to bidders को 37 अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालय, विराटनगरको सचिवस्तरीय निर्णयानुसार ठेक्का रद्द भएको भनी जानकारी पायौं । उक्त बोलपत्र रद्द गरेको सूचनालाई रद्द गरी हाम्रो आर्थिक प्रस्ताव खोल्ने आदेश गरी पाउँ ।

४.१.२ यो बोलपत्र single stage, Two envelope System को हो । बोलपत्र पेस गर्ने Last date २०७६।०३।१२ भन्दा अगावै हामीले निर्धारित E-bid बाट Bid submission गरेका थियौं । करार अनुसार प्रस्तावक पूर्वाधार विकास कार्यालयले जस्तो प्रस्ताव राख्यो, त्यस्तै बोलपत्रदाताबाट प्रस्ताव पेश गर्नु पर्छ र हामलि प्रस्ताव राखे अनुसार बोलपत्र दर्ता गरायौं । Bid Document को ITB 21.1 (b) मा Bidders लाई गरिएको Instruction मा Technical bids तर्फ ११ र Price bids तर्फ ४ प्रकारका Documents पेश गर्ने निर्देशन भएको छ । यी मध्ये Mandatory भएका सबै कागजात पेश गरेका हौं । अन्यका हकमा आवश्यकतानुसार पेश गर्‍यौं । Mandatory भनिएको सबै कागजात अनिवार्यरुपमा पेश गर्नै पर्छ । पेश गरिएन भने त्यो बोलपत्र Non-responssive हुन्छ भनिएको छ । आर्थिक प्रस्ताब खोल्ने सूचनामा हाम्रो बोलपत्र Responssive भैसकेको अवस्था छ । त्यसलाई विना आधार रद्द गर्नु गैर कानूनी हो ।

४.१.३ Bid Document को ITB Section I को २६ देखि ३७ मा Evaluation and comparision of bid पर्छ । बोलपत्र Submission and Opening को काम सकिए पश्चात् Evaluation का लागि कानून वमोजिम गठन भएको बोलपत्र Evaluation committee लाई जिम्मा दिईन्छ । यहाँ Evaluation comittee बाट मूल्यांकन गरी प्राबिधिक प्रस्तावमा सारभूतरुपमा प्रभावग्राही भनी सूचना समेत प्रकासन गरी सकेको अवस्था छ । एकातर्फ प्राबिधिक प्रस्तावमा सारभूतरुपमा प्रभावग्राही छ भनी सूचना जारी गर्ने अर्को तर्फ बोलपत्र रद्द गर्नु अन्तरबिरोधी कुराहरु हुन् । Bid document को खण्ड ३७ स्वछन्द छैन । यस वेञ्चबाट हेरिनु पर्छ । सार्वजनिक निकायले पनि खण्ड ३७ को जायज र तर्कपूर्ण बिश्लेशण गर्नु पर्छ ।

४.१.४ हामी सार्वजनिक निकायको जवाफ प्रति सन्तुष्ट हुन सकेनौं । Price Bid किन खुल्न नसकेको हो ? नखुल्ने हो भने IT प्रविधिमा कुनै server मा गएर बस्ने प्रावधान गरिएको हुन्छ कि हुदैन? Data cancel गर्ने कर्मचारीलाई यस्तो Sensitive काममा के कारवाई गरियो ? खुल्न सकेको छैन ।

४.१.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ मा सार्वजनिक निकायले खरिद कार्यमा विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सक्नेछ भन्ने व्यवस्था छ । साथै नियमावलीको नियम १४६ मा विद्युत् संचार माध्यमको प्रयोग बिषयमा ब्यबस्था भएको छ । यी व्यवस्थाहरुको जवाफदेही र विश्वसनियता पालन गरेको खोइ ?

४.१.६ सार्वजनिक खरिदका लागि Bid Source सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ हो । यिनै कानूनका आधारमा फरक नपर्ने गरी Bid Document तयार गरिन्छ । यो document कानूनको अभिन्न अंगहो । यसरी बनेको document को परिधिभित्र रहेर खरिद गर्नुपर्छ । यदि कानून र Bid document बाझिएमा बाझिएको हदसम्म कानूनी ब्यवस्था लागु हुन्छ ।

४.१.७ हामीले सार्वजनिक निकाय प्रमुख समक्ष दिएको निवेदनमा Price bid Cancel भएकोले BOQ नखुलेको, प्रदेश सरकारको निर्णयानुसार रद्द गरेको भनी दिएको जवाफप्रति हाम्रो आपत्ति छ । संसदबाट निर्माण भएको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ भन्दा भिन्न रहेर बोलपत्र रद्द गर्ने अधिकार सार्वजनिक निकायलाई छैन । कानून भन्दा माथि प्रदेश मन्त्रालय र सार्वजनिक निकाय हुन सक्तैन ।

४.१.८ बिद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ को खण्ड १३ को ६ मा बोलपत्र कागजात तयारी र स्वीकृति सम्बन्धमा Creater, Reviewer र Approver हुने व्यवस्था गरेको छ । यो Data सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकारको अभिन्न निकाय PPMO बाट गरिएको व्यवस्था हो । यी व्यक्तिहरुले Password नराखेसम्म file, Folder खुल्दैन । मेरो पक्ष Technical प्रस्तावमा qualify भएको छ । तर मेरै पक्षको price bid खुल्दैन । तीनै वटा प्रस्तावहरु खुल्ने भएको भए मेरो पक्षको पनि प्रस्ताव अवश्य खुल्ने थियो । त्यसैले विपक्षीको हात सफा छैन । विपक्षी सार्वजनिक निकाय कानूनले गठन गरेको संस्था हो । यस संस्थाले Rule of law मान्नु पर्छ । यदि यस निकायले कानूनको पालना नगर्ने हो भने कस्ले मान्ने ? नियमावलीमा नियम ६२ देखि ६५ सम्म विभिन्न मुल्यांकनबाट गुज्रे पछि अन्त्यमा आर्थिक प्रस्ताव खोल्ने व्यवस्था छ ।

४.१.९ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ मा बोलपत्र अस्वीकृत वा रद्द गर्न सक्ने अवस्था हरु छन् । कानूनमा भएका कुनै पनि व्यवस्था लागु गरी मेरो पक्षको बोलपत्र रद्द गरेको अवस्था छैन भने मेरो पक्ष ऐनको दफा २६ को (क) वमोजिम पार भैसकेको हुँदा विपक्षीलाई बोलपत्र रद्द गर्ने अधिकार छैन । बोलपत्र कागजातको आई.टी.बी.खण्ड ३७ को हकमा यो कानूनको आधारमा वनेको हुँदा ऐनको दफा अकर्षित् हुन्छ । सार्वजनिक निकाय Legal Person भएकोले कानूनले गरेको व्यवस्था पालना गर्नै पर्ने बाध्यता त्यसलाई हुन्छ ।

४.१.१० बिद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ पनि कानून हो । सम्पूर्ण कम्प्युटर प्रणालीको जिम्मा सार्वजनिक निकाय प्रमुखलाई दिएको छ । मेरो पक्षले पनि कानून मान्नु पर्छ । Civil right Protection पनि हुन्छ । सार्वजनिक निकायबाट कानून नपुगेको भनी मेरो पक्षलाई भन्न सकेको छैन । मेरो पक्षलाइ Contract Award हुने अवस्थामा रद्द गर्नु अन्याय भएको छ ।

४.१.११ विद्युतीय कारोवार, ऐन २०६३ को दफा ४४ मा कम्पुटर प्रणालीमा हुने सोर्स कोड वदनियत समेत गरी नष्ट समेत गरेमा तीन बर्ष सम्म वा दुइलाख जरिवाना वा दुवै हुने व्यवस्था गरेको छ । सोही ऐनको दफा ५४ मा यस ऐन अनुसार कसूर गर्न सघाउनेलाई पनि सजायको व्यवस्था गरेको छ । यदि आर्थिक प्रस्ताव नखुलेको हो भने सम्वन्धितलाई काबही गरेको खोई ? समितिमा म्यादभित्र प्रतिक्रिया आएको छैन । म्याद नाघी आएको प्रतिक्रियालाई यस वेञ्चबाट Entertain गर्न मिल्दैन । यसबाट प्रमाणित हुन्छ की हाम्रो JV लाई कुनै पनि हालतमा बोलपत्र Award नगर्ने आशय रहेको बुझिन आउँछ । विपक्षीको काम गैरकानुनी छ । विपक्षीबाट हाम्रो निवेदनबाट माग गरेको दाबीलाई स्वीकार गरिएको छ । अव सार्वजनिक निकाय पूर्वाधार विकास कार्यालयले PPMO बाट Price Bid Data लिएर र निवेदकबाट पनि सो Data लिई Verify गरी Price bid मूल्यांकन गरी हाम्रो पक्षलाई ठेक्का Award होस् ।

निवेदक तेज कुमार कुरुम्वाङ्गले यस्तो नजिर कायम भएमा e-bidding प्रति विश्वास नरहने हुंदा यो प्रक्रिया मार्फत Bid नगरे हुन्छ । व्यवसायीको हकहितका लागि सही न्याय होस् भन्नुभयो ।

४.२ सार्वजनिक निकाय पुर्वाधार विकास कार्यालय, संखुवासभाका तर्फबाट नि. कार्यालय प्रमुख गंगासागर यादवले छलफलमा भाग लिनु भयो । वहाँका अनुसार मिति २०७६।०२।१३ गते बोलपत्र प्रकाशन भएकोमा मिति २०७६।०२।२३ मा सार्वजनिक खरिद नियमावली, २०६४ को सातौं संशोधन भएअनुसार बोलपत्र कागजातमा पनि संशोधन गरिएको हो । यसमा Qualification, Credit line, र Key Activities Experience संशोधन गरेको छ ।

यस कामका लागि तीन प्रस्तावहरु परेका छन् । मिति २०७६।०३।१२ मा बोलपत्र खोल्यौं । बज्रगुरुलाई मुद्दा लागेकोले मुल्यांकनबाट हटायौं । अरु दुई बोलपत्रहरु मुल्यांकन गर्दा Yakthumhang/Khampache JV प्राविधिक प्रस्तावमा सारभूतरुपमा प्रभावग्राही भएकोले मिति २०७६।०६।१२ मा आर्थिक प्रस्ताव खोल्ने भनी मिति २०७६।०६।०५ मा सूचना प्रकासन गरेको हो । ठेक्का नं. ३२ को आर्थिक प्रस्ताव खोलियो तर ठेक्का नं. ३१ को Folder देखिएन । Upload मा Technical प्रस्ताव देखियो, Price bid देखिएन । त्यसपछि PPMO मा पत्राचार गर्‍यौं, पुर्व कार्यालय प्रमुख रमेश कुमार श्रेष्ठ संग सल्लाह गर्‍यौ । थप स्पष्ट गर्न पत्राचार भयो । पत्रहरु हामीले पेश गरेका छौ । हामीबाट नियतवस नभई भलुवस भएको हो ।

हामीले PPMO संग BOQ को प्रस्ताव उपलब्ध गराई दिन माग गरेका थियौं । तर उपलब्ध हुन सकेन । त्यसपछि फायल उठाई भौतिक पुर्वाधार मन्त्रलय, विराटनगर, प्रदेश नं १ मा पेश गर्‍यौं । त्यहाबाट विड कागजातको आई.टी.बी. ३७.१ अनुसार बोलपत्र रद्द गर्ने निर्णय भएकोले हामीले सो निर्णयानुसार बोलपत्र रद्द गर्ने सूचना जारी गरेका हौं । बोलपत्र नदिने नियत गरेको भए प्राविधिक प्रस्ताव सारभुतरुपमा प्रभावग्राही हुने नै थिएन ।

## ५. समितिबाट भएको निर्णयः

Contract ID:IDO–SANK–W–S–ROAD–31–075/76(Construction of Manebhanjyang–Chandanpur–Helwabesi Road, Gufa Pokhari–Chainpur–Barhabise Sankhuwasabha) को निर्माण कार्य खरिद गर्न प्रकाशित सूचना बमोजिम वोलपत्रदाता निवेदक याकथुम्हाङ्ग/खम्पाचे जे.भि को तर्फबाट अख्तियार प्राप्त तेजकुमार कुरुम्वाङ्गले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि आह्वान भएको बोलपत्र रद्द गर्ने सूचनाको बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७२ र नियमावलीको नियम १४९ वमोजिम खरिद कारवाही सम्बन्धी अभिलेख सुरक्षित राख्नु पर्ने जिम्मेवारी सम्बन्धित सार्बजनिक निकायको हो । प्राविधिक प्रस्तावमा सारभूतरुपमा प्रभावग्राही भएको एकमात्र बोलपत्रदाता Yakthumhang/Khampache JV को आर्थिक प्रस्ताव खोल्ने सूचना प्रकासित् भैसकेपछि कुन पदाधिकारीबाट के कारणले Contract ID: IDO-sank-W-S-Road-31-2075-76 बोलपत्र e-GP System बाट Cancel गरिएको हो यस सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (२क) मा भएको व्यवस्था वमोजिम उक्त खरिद कारवाहीको आर्थिक प्रस्ताब Cancel गर्ने पदाधिकारी उपर प्रचलित कानून वमोजिम कारवाहीका लागि लेखी पठाउने क्षेत्राधिकार सार्वजनिक खरिद अनुगमन कार्यालयको भएको हुँदा सो अनुसार अख्तियारवालालाई लेखी पठाउन उक्त कार्यालयलाई अनुरोध गरी पठाउने ।

५.२ सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (१) को देहायको खण्ड (क), (क१), (ख), (ग) र उपदफा (६) मा भएको अवस्थामा वाहेक Bid Document को Section I: Instruction to bidders को clause 37.1 अनुसार Contract ID :IDO-sank-W-S-Road-31-2075-76 को प्राविधिक कारण उल्लेख गरी मिति २०७६।०८।०२ को सम्पूर्ण बोलपत्र अस्वीकृत गर्न वा खरिद कारवाई रद्द गर्न गरेको निर्णय र सो निर्णयको आधारमा जारी गरिएको मिति २०७६।०८।१९ को सूचना कानून सम्मत छैन । अतः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा ५ (ख) (२) बमोजिम सार्वजनिक निकाय पूर्वाधार विकास कार्यालय, सखुवासभा प्रदेश नं.१ ले गरेको अनधिकृत कार्य वा निर्णयलाई सो हद सम्म रद्द गर्न आदेश दिएको छ । e-GP System को नियामक निकाय सार्बजनिक खरिद अनुगमन कार्यालय भएकोले सो कार्यालयसंग सार्बजनिक निकाय पूर्वाधार बिकास कार्यालय, संखुवासभा प्रदेश नं.१ ले समन्वय राखेर सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५ र ऐ. नियमावली, २०६४ को नियम ६४ र ६५ बमोजिम निबेदकको आर्थिक प्रस्ताब मूल्यांकन गर्ने । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**<u>तपशील</u>**

(१) यो निर्णयको जानकारी तिनै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैक ग्यारेन्टी नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

..........................
कमलकुमार श्रेष्ठ
सदस्य

........................
गुणराज श्रेष्ठ
अध्यक्ष

इति सम्वत् २०७६ साल पौष २७ गते रोज ०१ शुभम्..................................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. ११९**

**आ.व. २०७६/७७ को निर्णय नं १२**

जिल्ला धादिङ्ग बेनीघाट गाँउपलिका वडा नं. ७ हाल परिवर्तित बेनीघाट रोराङ्ग गा.पा. स्थित सदाज्योती सप्लार्यसका प्रो. ऐ.ऐ. बस्ने बर्ष ४६ को उज्वल कुमार थपालिया ९८५१०७१७०६..........................................................१ पुनरावलोकनकर्ता

**बिरुद्ध**

श्री आपुर्ति तथा परिवहन निर्देशनालय, जँगी अड्डा, काठमाडौ ....................................................................१ विपक्षी

श्री नं. २८ बाहिनी अड्डा, जितपुर ब्यारेक, बारा सम्पर्क नं. ०५१५८०१४४ फयाक्स नं. ०५१५८०४०७.... ...........१

**बिषय : सुचना नं. NA/DTE/MT/२०७६।०७७।१७ राशनको ठेक्का उत्तम स्टोरलाई दिने गरी जारी भएको आशयपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ (मिति २०७६।०९।२९ को पत्रबाट दफा ४९(क) भनी संशोधन) बमोजिम पुनरावलोकन गरी बदर गरी पाँउ ।**

**१. निवेदकको माग दावी:**

बोलपत्रदाता सदाज्योती सप्लार्यसका प्रो. श्री उज्वल कुमार थपलियाले श्री आपुर्ति तथा परिवहन निर्देशनालय जँगी अड्डा, काठमाडौको सुचना नं. NA/DTE/MT/२०७६।०७७।१७ तथा श्री नं. २८ बाहिनी अड्डा जितपुर ब्यारेक बाराको बोलपत्र नं. NA/BDE28/076/77/2 अनुसार आह्वान गरेको राशनको ठेक्का उत्तम स्टोरलाई दिने गरी मिति २०७६।०८।३० मा जारी आशयपत्र उपर चित्त नबुझी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ (मिति २०७६।०९।२९ को पत्रबाट दफा ४९(क) भनी संशोधन) बमोजिम पुनरावलोकन गरी सो आशयपत्र बदर गरी निवेदक फर्मको नाममा आशयपत्र जारी गरी सम्फौता समेत गर्नु गराउनु भनी आदेश गरी पाँउ भनी यस समितिमा मिति २०७६।०९।१५ मा पेश गरेको निवेदनमा प्रमुख माग दावी देहाय बमोजिम देखिन्छ ।

१.१ बिपक्षी कार्यालयबाट मिति २०७६।०७।५ गते साधारण राशन/बिरामी डाईट/दाँना घाँस/डग राशन आपुर्ति सम्बन्धी सुचना नं. NA/DTE/MT/२०७६।०७७।१७ बाट बिद्युतीय बोलपत्र आह्वानको सुचनामा राशनको अतिरिक्त खाना पकाउने ईन्धन ग्याँस, चुल्हो, ग्याँस बैंक, एसेसरिज तथा सोको जडान खर्च र स्केल अनुशारको ग्याँस सहित आपुर्ति गर्नु पर्ने गरी प्रस्ताव आह्वान गरिएकोमा सो अनुसार मेरो फर्म योग्य रहेकाले माग बमोजिमको कागजात सहित आफनो दर रेट उल्लेख गरी बिद्युतीय बोलपत्र दाखिला गरेको थिए ।

१.२ बोलपत्रको Bill of Quantity को क्र.सं.२२ मा उल्लेखित ग्याँस चुल्हो, ग्याँस बैंक, एसेसरिज र सोको जडान खर्च सहित LP ग्याँस आपुर्ति गर्ने ब्यवसाय दर्ता मेरो फर्मको बाहेक अन्य बोलपत्रदाताहरुको ब्यवसाय दर्तामा राशन बाहेक यी समानहरु आपुर्ति गर्ने उद्धेश्य रहेको थिएन। सो जानकारी गराउँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २५ बमोजिम बोलपत्रको परीक्षण एवं मुल्याङ्कन हुंदा बिचार हुने ब्यहोरा जानकारी गराईएको थियो ।

१.३ बिपक्षी कार्यालयबाट मिति २०७६।०८।३० गतेको पत्रद्धारा श्री उत्तम स्टोर धनगढीको बोलपत्र न्युनतम मुल्याङ्कित भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम स्विकृतिका लागि छनोट भएको भनी आशयपत्र जारी गरेकाले अन्यायमा परी बिपक्षी मध्येको श्री नं. २८ बाहिनी अड्डा जितपुर ब्यारेक, बाराका कार्यालय प्रमुख समक्ष पुनरावलोकनका लागि निवेदन गरेकोमा मिति २०७६।९।०६ गते जारी मिति २०७६।०९।०९ गते प्राप्त जवाफमा "आ.व. २०७६ माघ १ गते देखि २०७७ पौष मसान्तसम्मका लागि e-GP मार्फत आह्वान गरिएको साधारण/बिरामी डाईट तर्फको राशन ठेक्कामा बोलपत्रमा उल्लेख भएअनुसार साधारण शर्त बमोजिम सवैभन्दा घटी कवोल गर्ने र सारभुतरुपमा प्रभावग्राही आपुर्तिकर्ता श्री उत्तम स्टोर, धनगढी, २ कैलालीलाई आशयको सुचना दिएको साथै त्यस सप्लार्यसले कवुल गरेको रकम सवै भन्दा बढी रहेको भनी उल्लेख गरेको रहेछ । हाम्रो फर्मले पुनरावलोकनका लागि निवेदन गर्दा लिईएको जिकिरका सम्बन्धमा केही नबोली केवल हाम्रो फर्मको सवैभन्दा बढी कवोल भएको उल्लेख गरी जवाफ दिनु मात्र पर्याप्त हुदैन । हामीले निवेदनको प्रकरण २ मा स्पष्टरुपमा बोलपत्र खोल्दाका अबस्थामा राशनको परिमाण सहितको मुल्य सुचीको सि.नं. २२ मा उल्लेखित खाना पकाउने ईन्धन (LP Gas) ग्याँस चुल्हो, ग्याँस बैंक र एसेसरीज तथा सोको जडान खर्च स्केल अनुसार ग्याँस सहित माग गरेकोमा अन्य कुनै फर्म तथा सँस्थाको उद्धेश्यमा सो कुरा उल्लेख नभएको र हाम्रो फर्मको कवोल अंक, सवै शर्तहरु, ग्राह्यता मापदण्ड पुरा गरी सवैभन्दा न्युनतम रहेको थियो । प्रस्तुत रासन ठेक्काको Bill of Quantity मा उल्लेखित ग्याँस चुल्हो आपुर्ति गर्ने उद्धेश्य नभएका बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न आशयपत्र दिईएको देखिदा उक्त फर्मको बोलपत्र स्वीकृत गर्न लागिएको स्पष्ट हुन्छ । बोलपत्र आह्वानको सूचनामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(३)(ख) बमोजिम खरिद कार्यको प्रकृति र समय सीमा, मालसामान आपुर्ति गर्नु पर्ने, सेवा प्रदान गर्नु पर्ने वा निर्माण गर्नु पर्ने स्थान उल्लेख गरिएको थिएन । प्राईभेट फर्म सम्बन्धी मापदण्ड, २०७१ को प्रकरण १२ बमोजिम प्राईभेट फर्मको बर्गीकरण तथा न्युनतम पुँजीको सीमा तोकिएकोमा हरेक प्रोप्राराईटरले फर्म दर्तामा नै ब्यबसायको उद्धेश्य खुलाउनु पर्ने यसरी खुलाईएको उद्धेश्यहरुलाई मुलत ३ भागमा सिमित गरी दर्ता तथा पुँजीको मापदण्ड तयार गरिएको छ । उक्त मापदण्डको १२.२ मा स्थानीय खुद्रा ब्यापारको उद्धेश्य राखी दर्ता हुने फर्मको हकमा न्युनतम पुँजी शीर्षकको बर्गीकरण (५) मा खाद्यान्न, तरकारी तथा फलफुल, प्लास्टिकका सामान, .... एल पी ग्याँस , खाद्य किराना आदी उल्लेख गरेको आधारमा मेरो फर्मको उद्धेश्य थप गरी बोलपत्र पेश गरेकोमा अन्य बोलपत्रदाता कसैले पनि सो उद्धेश्य राखी फर्म दर्ता गरेको देखिदैन । साफेदारी फर्म ऐन, २०२० तथा प्राईभेट फर्म रष्ट्रिेशन ऐन, २०१४, ऐ. नियमावली २०३४ र प्राईभेट फर्म सम्बन्धी मापदण्ड, २०७१ बमोजिम बिविध कारोवार भनी छुट्टै महल नरहेको तसर्थ कारोवारमा ग्याँस तथा चुल्हो एवँ अन्य उपकरणको खरिद बिक्री सम्बन्धमा फर्म दर्ताको प्रमाणपत्रको उद्धेश्यमा स्पष्ट लेखिएको हुनु पर्दछ । अन्यथा बिबिध कारोवारमा कुनै कारोवार नपरेको बुझ्नु पर्दछ । यो बैकल्पिक ब्यवस्था नभई अनिवार्य ब्यवस्था हो । प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा ऐ. नियमावली २०३४

(नवौं सँशोधन) को नियम ४(३) ले दिएको अधिकार प्रयोग गरी तयार गरेको मापदण्ड, २०७१ ले व्यबस्था गरेको हुँदा यसलाई ईन्कार गर्ने वा नमान्ने अधिकार कसैलाई हुदैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ बमोजिम बोलपत्रको परीक्षण हुँदा ठिक दुरुस्त भएको खण्डमा मात्र मुल्याङ्कन समितिमा पेश गर्न योग्य हुन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ बमोजिम मुल्याङ्कन गर्दा सारभुतरुपमा प्रभावग्राही भएमा मात्र स्वीकृत गर्न सकिने भएकोले सो अबस्थाको बिद्यमानता छ की छैन भन्ने पनि हेर्नु पर्दछ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(६) मा भएको व्यवस्था बमोजिम सार्वजनिक निकायका प्रमुखले गरेको निर्णयमा कारण उल्लेख गरेको देखिदैन । साथै उपदफा (६) बमोजिम निर्णयमा सो खरिद कारवाही कसरी अगाडि बढाउने भन्ने कुरा पनि उल्लेख नहुनुले पनि बिपक्षीहरुको निर्णय कानुन सम्मत छैन भन्ने प्रमाणित भएको छ ।

१.४ नेपाली सेना नं. २८ बाहिनी अड्डा जितपुर ब्यारेक, बाराबाट बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा भएको निर्णय, पत्राचार एवँ कारवाई प्रचलित कानुनको प्रतिकुल भई बदर हुनु पर्ने र निवेदकको बोलपत्र स्विकृत हुनु पर्ने गरी निर्णय हुन निम्नानुसार स्पष्ट गर्न चाहान्छु ।

१.४.१ मिति २०७६।७।१५ गतेको बोलपत्र आह्वानको सुचनामा राशनको अतिरिक्त ग्याँस, ग्याँस चुल्हो र अनुषाङ्गिक मालसामान समेत आपुर्ति गर्नु पर्ने शर्त रहेको, सुचनाको बुंदा (२) मा बोलपत्रदाताले फर्म दर्ता प्रमाणपत्र, व्यबशाय दर्ताको ईजाजत प्रमाणपत्रको प्रमाणित कागजात पेश गर्नुपर्ने उल्लेख छ । बोलपत्र सुचना र कागजातको खण्ड ४ मा e-GP Bidder ले आफ्नो ग्राह्यता र योग्यता पुष्टी गर्न अनिवार्यरुपमा पेश गर्नु पर्ने कागजातको महलको खण्ड (ग) मा ब्यबसाय दर्ताको ईजाजतपत्र समेत तोकिएको छ ।

१.४.२ प्राईभेट फर्महरुले गर्ने कारोवारको प्रकृतिको आधारमा यस्ता फर्म वा सँस्थाहरुलाई बिभिन्न बर्गमा बर्गीकरण गर्ने व्यबस्था अनुसार खाद्यान्न र एल पी. ग्याँस छुट्टा छुट्टै बर्गीकरणमा उल्लेख भएको छ । यसैगरी कर लगायतको अन्य कार्यका लागि ब्यबसायको किसिम र ब्याबसायिक कोडमा समेत बिबिध खाद्य सामाग्रीको कारोवार (Business category) मा २१ र Business code मा १३ अर्न्तगतमा पर्ने ब्यबस्था छ । ग्याँस आपुर्ति तथा बितरण क्रमशः १९ र १०, किचन सामाग्री आपुर्ति क्रमशः १९ र २० अर्न्तगत पर्दछ । तसर्थ बिबिध खाद्य सामाग्री आपुर्तिको ईजाजत प्राप्त ब्यक्तिले अन्य बर्गमा पर्ने मालसामान आपुर्ति गर्ने ईजाजत प्राप्त गरेको मान्न सकिदैन ।

१.४.३ बोलपत्र सम्बन्धी कागजातमा ब्यबसाय दर्ता प्रमाणपत्र पेश गर्नु पर्ने प्रावधानले जुन मालसामान वा सेवा आपुर्ति गर्न बोलपत्र माग भएको हो सोहीसँग सम्बन्धित ईजाजतपत्र प्राप्त गरेको हुनु पर्दछ । मालसामान र रासन फरक भएको ब्यहोरा सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२)(ग) र (२)(न) को परिभाषाले प्रष्ट गर्दछ । रासन अर्न्तगत मालसामान नपर्ने भएकाले यी बिषयलाई ऐनमा बेग्ला बेग्लै परिभाषा गरिएको छ । यसर्थ बिबिध खाद्य सामाग्री आपुर्ति गर्ने ईजाजतले ग्याँस चुल्हो लगायतका मालसामानको आपुर्ति गर्ने ईजाजत प्राप्त गरेको अर्थ गरी खरिद कार्य गर्न मिल्ने अबस्था हुन सक्दैन ।

१.४.४ नेपालको संबिधानको धारा १७(२)(च) मा ब्यक्तिलाई पेशा ब्यबसाय गर्न पाउने दिएको अधिकार अधिकार राज्यको प्रचलित कानुनले तोकेको शर्त बमोजिम मात्रै उपयोग गर्न पाउने ब्यहोरा ऐ. को प्रतिबन्धात्मक वाक्याँश (६) ले प्रष्ट गरेको छ । यस बोलपत्रमा उत्तम स्टोर, धनगढी सम्पुर्ण मालसामान आपुर्ति गर्न पाउने ईजाजतपत्र, ब्यबसाय दर्ता प्रमाणपत्र प्राप्त फर्म नभएको निजको ब्याबसायिक प्रमाणपत्रबाट नै स्पष्ट भएकाले निजको बोलपत्रलाई स्वीकृत गर्ने गरी बिपक्षीहरुबाट भएको निर्णय कानुनसम्मत नभएको स्पस्ट हुन्छ ।

१.४.५ बाणिज्य,आपुर्ति तथा उपभोक्ता सँरक्षण बिभागको मिति २०७६।९।१४ गतेको पत्रमा " साझेदारी फर्म, २०२०, प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ , नियमावली, २०३४ , प्राईभेट फर्म सम्बन्धी मापदण्ड, २०७१ ब्मोजिम बिबिध सामाग्री भन्ने छुट्टै महल नरहेकाले यस बिभाग तथा अर्न्तगत कार्यालयमा दर्ता हुने बाणिज्य सम्बन्धी फर्मको कारोवार प्रमाणपत्रमा उल्लेख हुने सामान र बस्तुको नाम स्पष्ट खुल्ने गरी छुट्टै पत्रमा कारोवार उल्लेख गर्ने गरिन्छ र बिबिध सामाग्री भनी कारोवार उल्लेख गर्ने ब्यबस्था छैन । ग्याँस तथा ग्याँस चुल्हो खाद्य सामाग्रीको बर्गीकरण भित्र पर्दैन । जुन कारोवार गर्ने हो सो स्पस्ट खोल्नु पर्ने हुन्छ । कारोवारमा खाद्यान्न तथा बिबिध बस्तु कारोवार गर्ने उद्धेश्य राखी दर्ता भएका र ईजाजत लिएका फर्मले ग्याँस तथा ग्याँस चुल्हो खरिद बिक्री तथा आपुर्ति गर्नका लागि ग्याँस तथा चुल्होको कारोवार उल्लेख गराएर मात्र सोको कारोवार गर्न पाउने भनी खुलाईएकोले पनि बिपक्षीहरुले गरेको निर्णय गैरकानुनी हो भन्ने स्पस्ट गरेको छ ।

१.४.६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ बमोजिम लागत अनुमानको २ देखि ३ प्रतिशत रकमको सीमा भित्र रही निश्चित रकम तोकी बोलपत्र आह्वान गरेकोमा बिपक्षीहरुले मागेको बिडबन्डको आधारमा हाम्रो फर्मले लागत अनुमान भन्दा १५ प्रतिशत कममा पेश गरेकोमा कसरी सो रकम बढी भएको भनी भन्न सकिन्छ । दर रेट कम वा बढी भन्ने कुरा त्यतिबेला मात्र बिश्लेषण गरिन्छ जती वेला बोलपत्र अन्य सवै आबश्यक तत्वले परिपुर्ण भएको हुन्छ ।

१.४.७ सार्वजनिक खरिदमा कबोल गरिएको अंक मात्रै निर्णायक आधार हुन सक्दैन । सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाताहरु बीचको कवोल अँकलाई आधार नलिने भएमा ब्यबसाय दर्ता लगायत बोलपत्रदाताको योग्यता जाँच गर्न आबश्यक हुदैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३, २५ २६ र २७ तथा ऐ. नियम ६०, ६१, ६२, ६३, ६४ बमोजिम बोलपत्रको मुल्याङ्कन गरी सारभुतरुपमा प्रभावग्राही बोलपत्रलाई मात्र न्युनतम कवोल गरेको भए स्विकृत गर्न सकिन्छ ।

**२. सार्वजनिक निकायको प्रतिक्रियाः**

यस समितिको मिति २०७६।०९।१६ को पत्रबाट बोलपत्र सूचना न+= NA/DTE/MT/076/77/17 को सम्बन्धमा श्री आपूर्ति परिवहन निर्देशनालय, जंगी अड्डा काठमाडौं र श्री नं २८ बाहिनी अड्डा, जितपुर ब्यारेक बारासंग प्रतिक्रिया माग गरेकोमा ती सार्बजनिक निकायहरुबाट क्रमशः मिति २०७६।०९।२० र मिति २०७६।०९।२१ मा निम्न प्रतिक्रियाहरु प्राप्त भएकाछन् ।

२.१ श्री आपुर्ति पारवहन निर्देशनालय जँगी अड्डा, काठमाण्डौबाट देहाय वमोजिम प्रतिक्रिया पेश भएको दखिन्छ :-

२.१.१ नेपाली सेनाको राशन आईटमहरु त्यसको स्केल नेपाल सरकारको निर्णयद्वारा निर्धारण हुने र हाल नेपाली सेनाको लागि साधारण रासन अर्न्तगत मात्रै २२ आईटमहरु रहेको छ । यस अर्न्तगत मूख्यरुपमा खाद्यान्न, तरकारी, मासु, फलफुल, दुग्ध सम्बन्धी उत्पादन,

खाना पकाउने इन्धन (एल.पि ग्यांस गरी ६ बर्ग हुने देखिन्छ । उल्लेखित सबै राशन आइटमहरु खाद्यान्नको रुपमा रहेको र सोही बमोजिम बजेट शीर्षक २११२२ मा बजेट बिनियोजन भई भुक्तानी गर्ने गरिएको छ । बिगतमा रासन आईटममा खाना पकाउने ईन्धन दाउरा पनि एउटै बोलपत्रमा खाद्यान्न आपूर्तिकर्ताबाट नै आपूर्ति गर्ने गरी बोलपत्र आह्वान गर्ने गरिएको हो ।

२.१.२ श्री नं. २८ बाहिनी अड्डाको रासन आपूर्तिको बोलपत्र आह्वानको खण्ड-३, बोलपत्र तथ्यांक सम्बन्धी विवरणको दफा ४.१ (ख) मा "व्यवसाय दर्ताको ईजाजतपत्र राशन आपूर्तिको उदेश्य राखी दर्ता भएका व्यक्ति/फर्म/कम्पनी/संस्था भए सोको दर्ता (ईजाजत) प्रमाणपत्र र अन्य व्यवसायमा दर्ता भएको भए रासन आपूर्तिको अनुमति थप भएको प्रमाणको प्रतिलिपि (नवीकरण गर्नुपर्ने स्थिति र अवस्थाको भए नवीकरण भएको) पेश गर्नुपन" भनी प्रष्टरुपमा राशन (खाद्यान्न) आपूर्तिको व्यवसाय दर्ताको ईजाजतपत्र माग गरिएको ।

२.१.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५(५) मा "बोलपत्रको मूल्यांकन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नुपर्नेछ" भन्ने उल्लेख भए बमोजिम बोलपत्र सम्बन्धी कागाजातमा उल्लेख भएको आधारमा मूल्यांकन गर्दा सबै बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र उक्त ऐनको उक्त दफा बमोजिम योग्य भएकोले सबैभन्दा घटी कबोल गर्ने उत्तम स्टोर्सलाई सारभुतरुपमा प्रभावग्राही ठहऱ्याई आशयपत्र दिन श्री नं. २८ बाहिनी अड्डाद्वारा गठित बोलपत्र मूल्यांकन समितिले निर्णय गरेकोले निबेदकले लिएको जिकिर आधारहिन रहेको ।

२.१.४ बिपक्षी निबेदकले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २(न) को राशनको परिभाषमा एल.पी. ग्यास नपर्ने भनी दावी लिएको रहेछ । सो दफामा "राशन भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वा नेपाल सरकारले तोकी दिएका सरकारी कर्मचारी, अस्पतालका बिरामी, कारागारका थुनुवा र पशुपंक्षी आदिको खानाका सम्बन्धमा नेपाल सरकारले तोकिदिएको जिन्सी सम्झनु पर्छ" भनी परिभाषा गरिएको छ । तसर्थ खाना पकाउनका लागि नेपाल सरकारले तोकिदिएको जुनसुकै प्रकारको ईन्धन समेत सोही परिभाषाभित्र पर्ने स्पष्ट देखिन्छ । ईन्धन बिना खाना पाक्ने र खाने भन्ने संभाबनै हुदैन । उक्त परिभाषाले सोको परिकल्पना समेत गरेको देखिदैन । बोलपत्रमा उल्लेख भएका सबै रासन आईटमहरु नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत भई लागु भएको र आ.ब.२०७६।७७ बाट लागु हुने गरी केही रासनका आईटमहरु नेपाल सरकार मन्त्रीपरिषको मिति २०७६।०७।१८ को निर्णयबाट थप तथा परिमार्जन भई आएको छ । उक्त निर्णय अनुसार २०७६।१०।०१ देखि खाना पकाउने एल.पि.ग्यास प्रयोग गर्ने भन्ने स्पष्ट उल्लेख भएको छ । त्यसैले एल.पी.ग्यास रासन आईटमको अभिन्न अंगको रुपमा रहेको स्वत: स्पष्ट हुन्छ ।

२.१.५ बिपक्षीको दाबी बमोजिम सबै प्रकारका रासन आईटमका सामग्री आपूर्तिगर्ने व्यवसाय ईजाजतपत्र माग गर्ने हो भने एल.पि.ग्यासको अतिरिक्त फलफूल, दुग्ध उत्पादन, मासु र तरकारी आदि जस्ता आइटमहरुको समेत व्यबसाय ईजाजतपत्र माग गर्नु पर्ने हुन्छ । जुन ऐनको दफा २(न) को रासनको परिभाषा र नेपाल सरकारको निर्णयको आधारमा आबश्यक पर्दैन ।

२.१.६ सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५(५) बमोजिम मूल्यांकन गर्दा परेका ४ वटै बोलपत्रहरु सबै पक्षबाट योग्य भएको र सो मध्ये सबैभन्दा घटी कबोल गर्ने बोलपत्रदातालाई छनौट गरी आशयपत्र दिएको देखिन्छ । बिपक्षी निबदेकले पेश गरेको बोलपत्र अन्य कारणबाट छनौट नभएको नभई बोलपत्रहरुमध्ये सबै भन्दा बढी अंक कबोल गरेको कारण छनौट नभएको हो । बढी कबोल गर्ने निज बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्नु पर्ने भन्ने निजको दाबी कपोलकल्पित र दुरासययुक्त भावनाबाट अभिप्रेरित भएको देखिन्छ। श्री नं. २८ बाहिनी अड्डाले स्वीकृत गरेको बोलपत्रदाताको कबोल रु. ९,४७,९४,७५३।७५ (मु.अ.कर बाहेक) रहेको र निज निबेदकले पेश गरेको कबोल रु. ११,९०,६६,५४४। (मु.अ.कर बाहेक) रहेको जुन २,४२,७१,७९०।२५ ले बढी रहेको छ ।

२.१.७ बिपक्षी बोलपत्रदाताले मिति २०७६।०९।०६ गते श्री नं. २८ बाहिनी अड्डा प्रमुख समक्ष पेश गरेको निबेदनका सम्बन्धमा उक्त अड्डाले कानूनले तोकेको अवधि भित्रै मिति २०७६।०९।०९ मा सबैभन्दा घटी कबोल गर्ने र सारभुतरुपमा प्रभावग्राही आपूर्तिकर्ता उत्तम स्टोर्सलाई आशयको सूचना दिएको र बिपक्षी निबेदकले कवोल गरेको रकम सबैभन्दा बढी रहेको कारण छनौट नभएको भन्ने व्यहोराको स्पष्ट जवाफ निज बिपक्षीलाई दिएको देखिन्छ ।

२.१.८ निज बिपक्षीले साझेदारी फर्म ऐन, २०२० तथा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, ऐ. नियमावली, २०३४ र प्राईभेट फर्म सम्बन्धी मापदण्ड, २०७१ बमोजिम बिविध कारोवार भनी छुट्टै महल नरहेको भन्ने जिकिरका सम्बन्धमा श्री नं. २८ बाहिनी अड्डाले सारभूतरुपमा प्रभावग्राही ठहऱ्याई बोलपत्र स्वीकृतिको लागि कारबाही अघि बढाएको बोलपत्रदाता उत्तम स्टोरले पेश गरेको प्राइभेट फर्म दर्ताको प्रमाणपत्र र फर्मको पुंजी र कारोबार थप गरेको श्री बाणिज्य कार्यालय धनगढी, कैलालीको पत्रहरुबाट खाद्यान्न बिक्री तथा अर्डर सप्लाईको कारोवार गर्ने स्वीकृति दिएको प्रष्टरुपमा देखिएकोले उक्त बोलपात्रदातालाई खाद्यान्न खरिद बिक्री गर्ने इजाजत नभएको भन्न मिल्ने कुनै आधार देखिदैन ।

२.१.९ बिपक्षीले बोलपत्रमा उल्लेख भएको आधारहरु अन्तर्गत व्यवसाय दर्ता ईजाजतपत्रको सम्बन्धमा स्पष्टरुपमा रासन आपूर्तिको उदेश्य उल्लेख भएको हुनुपर्ने भनी व्यवस्था भएको सम्बन्धमा कुनै द्विविधा भए उक्त बाहिनी अड्डामा सम्पर्क राख्न सकिने प्रावधान भएकोमा सोको उपयोग गरेको देखिदैन । बोलपत्र पेश गर्नु पूर्व हुने बैठकमा समेत सो बिषयमा कुनै प्रशन उठाएको पाईदैन ।

२.१.१० बिपक्षीले दाबी गरे जस्तो श्री नं. २८ बाहिनी अड्डाले छुट्टै एल.पि ग्यांस चुल्हो र एसेसरिज खरिद गर्न लागेको नभई सार्बजनिक खरिद ऐन, २०६३ को २(न) को राशनको परिभाषा अन्तर्गत नेपाली सेनाको खानाका सम्बन्धमा नेपाल सरकारले तोकिदिएको जिन्सी भित्र पर्ने रासन सामाग्रीको सूचि भित्रनै पर्ने हुंदा उक्त बाहिनीको निर्णय कानून अनुरुप रहेको ।

श्री नं. २८ बाहिनी अड्डाले बोलपत्र मूल्यांकनमा सारभूतरुपमा प्रभाबग्राही ठहऱ्याई बोलपत्र स्वीकृत गर्न गरेको निर्णय पूर्णरुपमा सार्बजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली, २०६४ लगायत प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया बमोजिम भएको देखिन्छ । तसर्थ बिपक्षीको निबेदन सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(क) अनुसार खारेज गर्नुका साथै ऐ. ऐनको दफा ५१(२)(क) बमोजिम खरिद कारबाही अघि बढाउने निर्देशनको लागि अनुरोध गरिन्छ ।

२.२ श्री नं. २८ बाहिनी अड्डा जिबपुर ब्यारेक बाराबाट देहाय वमोजिम प्रतिकिया पेश भएको दखिन्छ :-

२.२.१ श्री नं २८ बाहिनी अड्डा, श्री चन्दननाथ गण, श्री सिद्धिबक्स गण, श्री प्रतिबिद्रोह तथा जंगल वारफेयर शिक्षालय र श्री नं. २८ फि.ए. गुल्ममा कार्यरत सेनाका जवानहरु तथा बिरामीहरुको लागि २०७६ सालको लागि आवश्यक पर्ने साधारण रासन, बिरामी डाईटको ठेक्का बन्दोबस्त गर्न श्री आपूर्ति तथा परिवहन निर्देशनालयबाट मिति २०७६।०७।१५ मा आह्वान भएको बिद्युतीय बोलपत्र मिति २०७६।०८।१६ गते जितपुर ब्यारेक बारामा खोलुवा भएको ।

२.२.२ दर्ता हुन आएको श्री उत्तम स्टोर, धनगढी, कैलाली लगायत ४ वटैको बोलपत्र आह्वान गर्दाका सामान्य शर्तहरु र सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(क) अनुसार योग्य भएको पुष्टी हुने कागजातहरु पेश भएको, ऐ. दफाको उपदफा (२)(ख) र उपदफा (३) अनुसार बोलपत्रदातालाई दिइएको निर्देशन अनुसार बोलपत्र पूर्ण भएको, ऐ. दफाको उपदफा (२)(ग) मा उल्लेख भए बमोजिमको किसिम, अवधि र रकमको बोलपत्र जमानत र ऐ. उपदफाको (घ) तथा बोलपत्रको शर्त बमोजिम भएको साथै बोलपत्रको सूचना, बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित पेश गर्नु पर्ने सम्पूर्ण कागजातहरु पेश गरी सबै शर्तहरु पुरा गरेकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(३) बमोजिम परीक्षण गर्दा रितपूर्वक पाइएकोले सबैको बोलपत्र उक्त ऐनको दफा २५(१) बमोजिम समाबेश गरी मूल्यांकन गरिएको ।

२.२.३ रासन सामानको ठेक्का बन्दोबस्त गर्ने क्रममा साधारण रासन तर्फ रु. ९,५९,१६,२७०।६३, राष्ट्रिय निकुञ्ज तर्फ रु. ५,६२,२०,४८२।४० तथा बिरामी डाइट तर्फ रु. ८,७०,२९०।६९ समेत,कुल लागत अनुमान रु. १५३००७०४३।७२ (मूल्य अभिबृद्धि कर बाहेक) कायम गरिएको ।

२.२.४ साधारण, रा.नि. तथा बिरामी डाईट रासन सामानहरुको मूल्य अभिबृद्धि कर बाहेकको रकम तुलना गर्दा श्री उत्तम स्टोर, धनगढीले रु. ९,४७,९४,७५३।७५, श्री दि क्यापिटल मार्केटिंग, काठमाडौंले रु. ९,९७,५८,१८४।८३, गुरुंग सप्लायर्स भरतपुरले रु. ११,६४,२८,७९४।३० र श्री सदाज्योति सप्लायर्स, धादिंगले ११,९०,६६,५४४। कवोल गरेकोले श्री उत्तम स्टोर, धनगढीले कबोल गरेको रकम न्यूनतम मूल्यांकित ठहर भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम उक्त स्टोरको बोलपत्र स्वीकृतिको लागि छनौट गरी ऐ. ऐनको दफ २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको ।

२.२.५ श्री सदाज्योति सप्लायर्सले मिति २०७६।०९।०६ गते यस बाहिनी अड्डा प्रमुख समक्ष पेश गरेको निबेदनमा बोलपत्र र सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५(५)(७)(८) अनुसार साधारण शर्त बमोजिम मु.अ.कर बाहेक सबै भन्दा घटी रु. ९,४७,९४,७५३।१५ कवोल गर्ने र सारभूतरुपमा प्रभावग्राही आपूर्तिकर्ता श्री उत्तम स्टोरलाई आशयको सूचना दिएको तथा सदाज्योति सप्लायर्सले कबोल गरेको मु.अ.कर बाहेकको रुं ११,९०,६६,५४४। तुलनात्मकरुपमा सबैभन्दा बढी रहेको । २.२.६ निबेदक श्री सदाज्योति सप्लायर्सले उठाएका दाबीहरु र पुनरावलोकन समिति समक्ष खुल्न आएको तथ्यहरु अध्ययन गर्दा निबेदनमा उल्लेखित बिक्रम खाद्य स्टोरले यस बाहिनी अड्डामा कुनै बोलपत्र पेश नगरेकोले उक्त स्टोरलाई आशयको सूचना दिएको व्यहोरा आधारहिन र प्रमाण बिहिन भएकोले सार्बजनिक खरिद पूनरावलोकन समितिमा निबेदन दायर गर्नु समेत नियम बिपरित देखिएको छ ।

माथि उल्लेखित तथ्यहरुको आधारमा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५(५) बमोजिम मूल्यांकन गर्दा सबै पक्षबाट योग्य बोलपत्रमध्ये सबैभन्दा घटी कबोल गर्ने बोलपत्रदातालाई छनौट गरी आशयपत्र दिइएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५१(२)(क) बमोजिम खरिद कारबाही अघि बढाउने निर्देशनको लागि अनुरोध गरिन्छ ।

**३. अध्ययन/अवलोकनः**

श्री आपुर्ति तथा परिवहन निर्देशनालय जँगी अड्डा, काठमाडौको सुचना नं. NA/DTE/MT/2076/077/17 तथा श्री नं. २८ बाहिनी अड्डा जितपुर ब्यारेक बाराको सूचना नं.NA/BDE28/076/77/2 अनुसार राशन खरिद गर्न आह्वन गरेको बोलपत्रका सम्बन्धमा निवेदक सदाज्योती सप्लार्यसका प्रो. उज्वल कुमार थपालियाले यस समितिमा दिएको निवेदनको व्यहोरा, सोसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त बोलपत्र सम्बन्धी कागजातहरु, बोलपत्रदाताले पेश गरेको बोलपत्र प्रस्ताब, प्रचलित खरिद ऐन, नियमहरु समेतको आधारमा अध्ययन अवलोकन गरिएको छ ।

३.१ आपुर्ति तथा परिवहन निर्देशनालय जँगी अड्डा, काठमाडौबाट सुचना नं. NA/DTE/MT/२०७६।०७७।१७ बाट ८१ वटा ब्यारेकहरु समेतका लागि मिति २०७६।०७।१५ मा साधारण राशन/बिरामी डाईट/दाँना घाँस/डग राशन आपुर्तिको लागि बिद्युीय बोलपत्र आह्वान गरिएको सूचनामा श्री नं.२८ बाहीनी अड्डा, जितपुर ब्यारेक, बारा समेत समावेस छ । उक्त ब्यारेकको लागि यस सूचनानुसार निम्न चार वटा बोलपत्रहरु e-GP मार्फत पेश भएको देखिन्छन्:-

| सि.नं. | बोलपत्रदाताको नाम | कवोल रु. (मू.अ.कर बाहेक) |
|---|---|---|
| १ | श्री उत्तम स्टोर्स, धनगढी ४ कैलाली | ९,४७,९४,७५३।१५ |
| २ | श्री दि क्यापिटल मार्केङ्गि, काठमाडौं | ९,९७,५८,१८४।८३ |
| २ | श्री गुरुङ्ग सप्लायर्स, भरतपुर २ चितवन | ११,६४,२८,७९४।३० |
| ४ | श्री सदाज्योति, सप्लायर्स बेनीघाट रोराङ्ग ७ धादिङ्ग | ११,९०,६६,५४४। |

उल्लेखित बोलपत्रदाताहरुले बोलपत्र साथ पेश गरेको फर्म तथा ब्यवसाय दर्ता ईजाजतपत्रमा यमा देहाय वमोजिम उल्लेख भएको देखिन्छ :-

| सि.नं. | फर्म को नाम | नवीकरण अवधि | फर्म दर्ता अनुमतिको उदेश्य | ब्यवसाय दर्ता अनुमतिको उदेश्य |
|---|---|---|---|---|
| १ | सदाज्योती सप्लायर्स | २०७७।०६।२५ | साधारण राशन, दाना, घाँस, विरामीको डाईट आपुर्ति साथै विविध सामान | खना पकाउने शिलिण्डर ग्यास, र ग्यास चुल्होको समेतको कारेबार |
| २ | उत्तम स्टोर | २०७७।०६।२८ | दैनिक उपभोग्य बस्तुको थोक ब्यापार समेत, थप खाद्यान्न खरिद बिकी तथा अर्डर सप्लाई | समुद्रपार आयात |
| ३ | गुरुङ सप्लायर्स | २०७७।०४।२२ | दाना घाँस आदी | खाद्यान्न सम्बन्धी |

| | | | | |
|---|---|---|---|---|
| ४ | दि क्यापिटल मार्केटिंग | २०७७।०३।मसान्त | आयात निर्यात | नखुलेको |

३.२ नेपाली शेना, नं. २८ वाहिनी अड्डा जितपुर ब्यारेक, बाराले प.सं. १५६९६/लेखा/३ /खाद्य/०७६/७७/१५, मिति २०७६।०८।३० को पत्रबाट श्री उत्तम स्टोर, धनगढी ४, कैलालीको नाममा रु ९,४७,९४,७५३।१५ (मु.अ.कर वाहेक) को बोलपत्र स्वीकृत गर्ने आशयको पत्र जारी गरेको देखिन्छ ।

३.३ निबेदकले पुनरावलोकनको लागि यस समितिमा निवेदन साथ पेश गरेको नेपाल बंगलादेश बैंकको नं. 007:PB:582/2019, मिति ३१ डिसेम्बर, २०१९ को र मिति २९ अप्रिल २०२० सम्म म्याद भएको रु.११,९०,८००।- बैंक ग्यारेण्टी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०४ बमोजिम पुग्ने देखिन्छ ।

३.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २(न) मा "राशन भन्नाले नेपाली शेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वा नेपाल सरकारले तोकिदिएका सरकारी कर्मचारी, अस्पतालका विरामी, कारागारका थुनुवा र पशुपंक्षी आदीको खानाका सम्बन्धमा नेपाल सरकारले तोकिदिएको जिन्सी सम्झनु पर्छ" भनी परिभाषा गरिएको छ । यस परिभाषामा नेपाल सरकारले तोकिदिएको जिन्सी हुनु पर्ने र त्यस्तो जिन्सी सेना, प्रहरी जवान, विरामी, पशुपक्षी, थुनुवा समेतको खानाको लागि नेपाल सरकारबाट निर्धारण भएको खाना सेट भन्ने बुझनु पर्ने देखिन्छ । यस प्रति बिचार गर्दा राष्ट्रका कर्मठ रक्षक जवानहरुलाई Hygenic (पौष्टीक) खाना आवश्यक पर्छ । बिरामीहरुलाई रोग अनुसार पचाउन सक्ने खानाको जरुरत पर्छ । पशुपंक्षीलाई त्यही किसिमको पशुपक्षीले रुचाउने खाना आबश्यक पर्ने देखिन्छ ।

३.५ एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र ब्यख्या, २०७४ ले खर्च संकेत तथा वर्गीकरण र ब्याख्याको २११२२ खाद्यान्न शीर्षकमा "यसमा कर्मचारीहरुलाई नियमानुसार उपलब्ध गराइने खाद्य पदार्थ रशद वा सो वापत दिईने नगद रकम समावेश गरिन्छ" भनी उल्लेख गरिएको छ । वजेट खर्च गर्दा पनि कर्मचारीहरुलाई दिईने खाद्य पदार्थ वा त्यस वापत दिईने नगद रकमलाई खाद्य मानेर खर्च गर्ने भनी ब्यख्या गरेकोछ ।

३.६ निबेदक सदाज्योति सप्लायर्सले सार्बजनिक निकायका प्रमुख समक्ष सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४७ (पछि ४९(क) संशोधन) बमोजिम पुनरावलोकनको लागि दिएको निबेदनमा बोलपत्रमा सहभागीनै नभएका बिक्रम खाद्य स्टोर्सको नाम उल्लेख गरेको देखिन्छ ।

३.८ बोलपत्र सम्बन्धी कागजातको खण्ड ३, ITB को ४.१ मा "बोलपत्रको सूचना र बोलपत्रदातालाई निर्देशन एव बोलपत्रको शर्त र प्रचलित् सार्बजनिक खरिद ऐन र नियम वमोजिम बोलपत्र पेश गर्न बोलपत्र तथ्यांक सम्बन्धी विवरण तथा यसै बोलपत्रको खण्ड ४(क) मा उल्लेखित प्रमाण कागजातहरु पेश गर्ने सबै आपूर्तिकर्ताहरु कानून वमोजिम ग्राह्य भएको मानिनेछ" भन्ने उल्लेख छ । खण्ड ४ नमुना फारमहरुको ( क) मा e-GP Bidder हरुले आफनो ग्राह्यता र योग्यता पुष्टीका लागि अनिवार्यरुपमा Scan गरी Upload गर्नुपर्ने कागजात तथा प्रमाणहरुमा (क) देखि (ढ) सम्म उल्लेख भएको र सो मध्ये (ख) मा फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र र (ग)मा ब्यवसाय दर्ताको ईजाजतपत्र ̇ पेश गर्न निर्देशन गरिएको देखिन्छ ।

ITB को खण्ड ३ को ४.१.मा बोलपत्रले कानून वमोजिम योग्य भएको पुष्टयाई गर्ने कागजपत्र राख्नु पर्ने भनिएको र (क) मा फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, (ख) मा ब्यवसाय दर्ताको ईजाजत( राशन आपुर्तिको उद्देश्य राखी दर्ता भएको र अन्य ब्यवसाय दर्ता भए राशन आपुर्तिको थप भएको प्रमाणपत्र पेश गर्नु पर्ने साथै उक्त प्रमाणहरु जारी गर्ने स्रोत सम्बन्धी जानकारी समेत दिएको देखिन्छ । यसरी सूचना र बोलपत्र कागजातमा समेत स्पष्ट निर्देशन भएकोमा उत्तम स्टोरले पेश गरेको बोलपत्र कागजातहरुले उपरोक्त निर्देशन अनुसारका राशन आपूर्तिका प्रमाणपत्र राखेको देखिदैन । यसरी सूचना, बोलपत्र कागजात र सम्बन्धित् कानूनमा फर्म दर्ता तथा ब्यवसाय ईजाजत लिनु पर्ने ब्यवस्था हुनु तर बोलपत्र मुल्यांकन गर्दा सो पक्षमा ध्यान पुऱ्याएको पाईएन ।

३.९ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(५) मा "बोलपत्रको मूल्यांकन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ र त्यसरी मूल्यांकन गर्दा प्रत्येक बोलपत्रको मूल्यांकित रकम अर्को बोलपत्रको मूल्यांकित रकमसंग तुलना गरी न्यूनतम बोल अंक कबुल गर्ने बोलपत्र निर्धारण गर्नु पर्नेछ" भनी व्यवस्था भएको छ । सार्बजनिक निकाय श्री नं. २८ बाहिनी अड्डा जितपुर, बाराले बोलपत्र मुल्यांकन ऐनको कानूनी व्यवस्था अनुसार बोलपत्र कागजातमा भएको व्यवस्था अनुसार गर्नुपर्ने देखिन्छ ।

३.१० बोलपत्र सूचनाको (क) मा फर्म दर्ता प्रमाणपत्र, ब्यवसाय दर्ताको इजाजतपत्र आदि पेश गर्न स्वैच्छिक नगरी अनिवार्य गरिएको छ । बोलपत्रदाता उत्तम स्टोरको वाणिज्य विभागबाट जारी फर्म दर्ता प्रमाणपत्रमा समुद्रपार आयातको उद्देश्य थप गरिएको तथा PAN दर्ता प्रमाणपत्रमा दैनिक उपभोग्य बस्तुको थोक ब्यापार समेत, वाणिज्य विभागको २०६५।७।१७ को पत्रबाट थप खाद्यान्न खरिद बिकी समेत तथा अर्डर बमोजिम सप्लाईको उद्देश्य उल्लेख छ । उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय प्रदेश ३ प्रा.फ.र.नं.६०६६८।०५९।६० मा दर्ता भएको सदाज्योती सप्लायर्सको नाममा जारी प्रमाणपत्रको खण्ड २ मा कारोवारका मुख्य चिज बस्तुको बिवरण अलग पत्रमा उल्लेख छ भनिएकोछ । खण्ड ३ मा प्रमाणपत्र कार्यान्वयनका लागि अनुमति प्राप्त गरेपछि मात्र कार्य गर्नु पर्नेछ, वाणिज्य दर्तालाई नै उद्देश्य कार्यान्वयन गर्ने इजाजत मानिने छैन भन्ने उल्लेख छ । खण्ड ४ मा अन्य निकायबाट अनुमति लिनु पर्नेमा अनुमति लिएर मात्र ब्यवशाय संचालन गर्नु पर्नेछ भनी उल्लेख भएकोछ । प्रमाणपत्रको बिवरण खण्डको वाँया पट्टी मिति २०६७।१२।१३ को निर्णयानुसार साविकको कारोवारलाई साधारण राशन( राशन सामान) दाना, घाँस, विरामीको डायटको आपूर्तिको साथै विविध सामान सप्लाई समेत गर्ने उद्देश्य थप गरेको र दायाँ तर्फ मिति २०७३।१२।१३को निर्णयानुसार फर्मको साविकको कारोवारलाई यथावत राखी खाना पकाउने शिलिण्डर ग्यास, ग्यास चुल्होको कारोवार गर्न पाउने गरी कारोवार थप गरिएकोछ भनी उल्लेख छ ।

३.११ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(१) मा खरिद गर्दा यस ऐनको कार्यविधि पूरा गर्नु पर्ने (२) मा प्रतिकूल हुने गरी गरीएको खरिद वदर र अमान्य हुने ब्यवस्था भएको ले सार्वजनिक निकायले खरिद गर्दा यो ऐनको कार्यविधि पूरा गर्नु पर्ने बाध्यात्मक ब्यवस्था हो ।

३.१२ ऐ. ऐन को दफा ६ र नियमावलीको नियम ७ र ८ वमोजिम खरिद गर्नु पर्ने भएमा गुरु योजना र बार्षिक खरिद योजना स्वीकृत गराउनु पर्ने व्यवस्था बिद्यमान छ, तरस्वीकृत खरिद योजना पेश हुन आएन ।

३.१३ ऐनको दफा १० मा बोलपत्रदाताले खरिद सम्झौता पूरा गर्न (क) बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित योग्यताका आधार पूरा गर्नु पर्छ तर सबैको पुगेको देखिदैन । सोही दफाको उपदफा (२) मा बोलपत्र कागजातमा योग्यताको आधार उल्लेख गर्दा पेशागत र प्राविधिक योग्यता, बिगतको कार्य सम्पादन, बिक्री पछिको सेवाको ब्यवस्था, ......उल्लेख गर्न सकिनेछ भनिएकोमा यी आधारहरु उल्लेख भएको देखिएन ।

३.१४ सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ८८(१) बमोजिम राशन व्यवस्था गर्न लागत अनुमान तयार गर्दा लिनुपर्ने आधारहरु तोकिएको छ । जिल्ला प्रशासन कार्यालय, बाराका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा नियम ८८(२) बमोजिम व्यवस्था भएको समितिको मिति २०७६।०७।०६ मा बसेको बैठकले लागत अनुमान (ईकाई दर रेट) स्वीकृत गरेको ढाँचाको क्रमसंख्या ४९ को Wheat flour, Gluten, Dry yeast, Improver तथा LP Gas, Kitchen Stove and Gas assesseries लगायत सोसंग सम्बन्धित क्रम संख्या १ देखि १९ सम्मका आईटमहरुको नियम ८८(१) मा उल्लेख भए अनुसार मूल्य सूचि बिना स्वीकृत भएको लागत अनुमान नियम सम्मत देखिएन ।

**४. छलफल तथा सुनुवाइः**

यस समितिको मिति २०७६।०९।१६ को पत्रबाट मिति २०७६।१०।०२ गतेका दिन राखेको छलफल कार्यक्रममा उपस्थितिका लागि निवेदक र निवेदनमा बिपक्षी बनाएका पक्षहरुलाई आमन्त्रण गरेको थियो ।

४.१ उक्त कार्यक्रममा निवेदकका तर्फबाट विद्वान अधिबक्ताहरु सरला तामाङ्ग, शरद प्रसाद कोईराला, तुलबहादुर श्रेष्ठ र निवेदक उज्वल कुमार थपलियाले भाग लिनु भयो ।

४.१.१ आपुर्ति तथा पारवहन निर्देशनालय, जंगी अड्डा, काठमाण्डौंले ८१ स्थानका लागि साधारण राशन/बिरामी डायट/दाना घाँस/डग राशन आपूर्ति सम्बन्धी मिति २०७६।०७।१५ मा प्रकासित बोलपत्र आह्वानको सु.नं.NA/DTE/MT/076/77/17 को लागि मेरो पक्ष निवेदकले सूचना, बोलपत्रकागजातहरु र कानून अनुसार e-GP मार्फत् बोलपत्र पेस गरेको हो बोलपत्र आव्हानको सूचनामा राशनका अतिरिक्त ग्यास शिलेण्डर, ग्यास चुल्हो समेत माग भएकाछन् । हामीले पेश गरेको बोलपत्रमा फर्म रजिष्ट्रेसनका अतिरिक्त उल्लिखित सामानको व्यवसायिक दर्ता पमाणपत्र पनि समावेश गरिएको साथै हाम्रो बोलपत्र सारभूतरुपमा प्रभावग्राही पनि छ । अब हाम्रा सामु प्रश्नहरु खडा भएका छन् । कानून् वमोजिम फर्म दर्ता हुनु आवश्यक पर्छ कि पर्दैन ? सूचनामा जुन वस्तु तथा सेवा मालसामान माग भएका छन् सोको ब्यावसायिक अनुमती लिनु पर्छ कि पर्दैन ? बोलपत्रदाताहरु सारभूतरुपमा प्रभावग्राही छन् वा छैन् ? यी सबै प्रश्नहरको जवाफमा फर्म दर्ता हुनु पर्छ, ब्यावसायिक अनुमति लिनु पर्छ र बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुनु पर्छ । त्यस पछि मात्र बोलपत्र कानून सम्मत हुन्छ अन्यथा हुदैन ।

४.१.२ मिति २०७६।०७।१५को बोलपत्र आव्हानका सुचनाको प्रकरण २ मा फर्म दर्ता प्रमाण पत्र, ब्यवसाय दर्ताको ईजाजतपत्र आदि अनिवार्य रुपमा पेस गर्न भनी शर्त राखियो । फर्म दर्ता र ब्यवसाय दर्ता अलग अलग निकायहरुबाट हुन्छन् । साथै यी अलग अलग बिषयहरु हुन् । माथी प्रकरण १ मा उल्लेख भएका प्रमाण कागजातहरु पेश गरी शर्तहरु सबै पालना भएकी भएनन् यो प्रश्न हो । मेरो पक्षबाट सबै कागजातहरु पेस गरेके र सबै शर्तहरुको पालना भएकोले सारभुतरुपमा प्रभावग्राही छ । बोलपत्र कागजातको खण्ड ७ को प्राविधिक बिवरणको २२ मा विरामी डाईट पकाउने ईन्धन ग्यास (LP Gas), २२.६ मा LPG gas kitchen Stove, अन्य एकसेसरिजहरु स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ भनिएकोछ । बोलपत्र खोल्दाको समयमा यी सामानहरुको कारोवार गर्न ब्यवसाय अनुमती मेरो पक्ष निवेदकले बाहेक अरु बोलपत्रदाताहरुले पेश गरेको देखिएन । बोलपत्र स्वीकृत गर्दा बोलपत्रदाताको कवोल अंक मात्र हेरियो । सूचनाको प्रकरण २ लाई ध्यान दिइएन ।

४.१.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) को खण्डहरुमा भएको बोलपत्रहरुको Legal Audit को ब्यवस्था विधायकी मनसाय हो । यो Legal Audit मा पास नहुने बोलपत्रदाताको वोलपत्र उपर ऐनको दफा २४(घ) ले कारवाई नहुने ब्यवस्था गरी कानून्ले Reject गरेको छ । तर त्यस्ता बोलपत्रहरुलाई पनि मुल्यांकनमा लगियो । यो विधायकी मनसाय बिरुध्दमा छ । ऐनको दफा २३(२) लाई पार गरे पछि उपदफा (३) को खण्डहरुमा बोलपत्रहरु पूर्ण छन् की छैनन् भनी पूर्णताको परीक्षण गर्ने विधायकि मनसायले ब्यवस्था भएको हो । लागत अनुमान र प्रत्येक बोलपत्रहरुको मुल्यांकित रकमसंग तुलना गरी न्युनतम वोल अंक कवोल गर्ने बोलपत्र निर्धारण गर्ने ब्यवस्था ऐन को २५ (५) मा ब्यवस्था गरेको छ । ऐनको दफा २३ पार नगरी दफा २५ बमोजिम गरेको मुल्यांकन कसरी सारभुतरुपमा प्रभावग्राही हुन सक्छ ? सक्तैन । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० को (ख)(ग) को ब्यवस्था अनुसार पूर्णताको परीक्षण गर्नु पर्दछ । मेरो निवेदन गराई उतम स्टोर्स धनगढीको ब्यवसाय दर्ता छैन भन्ने हो । कुनै फर्म दर्ता भएर मात्र ब्यवसाय दर्ता हुने होईन । यस्तो ब्यवसायको Regulation का सम्बन्धमा private form सम्बन्धी मापदण्डको ब्यवस्था भएको छ । यो कानून् सरह लागु हुन्छ । यसको नजिर सम्मानित सर्बोच्च अदालतबाट स्थापित भएकोछ । यस किसिमको Statutory Law बनाईन्छ भने कानून कै शंज्ञा दिनु पर्नेछ । यो ने.क.पा.२६२, नि.नं. ७६२ मा उल्लेख छ ।

४.१.४ नेपाल कानून ब्याख्या सम्बन्धी ऐन, २०१० को दफा २१ अनुसार कुनै नेपाल ऐनले सूचना, आदेश, नियम वा उपनियम जारी गर्ने अख्तियारी दिएको छ भने सो अख्तियारीले त्यस्तै किसिमको अवस्थामा त्यही निकासा मुताविक त्यही किसिमले सो जारी गरिएका सूचना, आदेश, नियम वा उपनियमहरुलाई थप, संशोधन गर्न, बदल्न वा खारेज गर्न हुन्छ" भनी ब्यवस्था भएको छ । जुन विभागलाई जुन अधिकार दिएका हुन्छ उसले प्रयोग र संशोधन पनि गर्न सक्छ ।

४.१.५ नेपालको संविधानको धारा १७(च) मा वैक्तिक स्वतन्त्रताबाट ....ब्यवशायको स्थापना र संचालन गर्न स्वतन्त्रताको ब्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ वमोजिम बोलपत्र सम्बन्धी कागजातहरु तयार भएका छन् । बोलपत्र पेश गर्दा राज्यबाट लिएका अधिकार पत्र राख्नु पर्ने, इजाजत नलिई वा एक प्रकारको ईजाजत लिएर अर्को काम गर्न पाईन्न । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को (ग) मा मालसामान र (न) मा राशनको परिभाषा गरेको छ । यी दुई फरक बिषय भएकाले फरक किसिमले ब्याख्या भएका छन् । सो ऐनको दफा ४२ मा राशन खरिद सम्बन्धी बिशेष ब्यवस्था भएकोमा राशन खरिदमा उपदफा (१) बमोजिमको ब्यवस्थामा लागु हुन्छ र अन्य कार्यविधिहरु ऐनमा ब्यवस्था भए वमोजिम हुनेछ भनिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८८ र ८९ मा राशन खरिद सम्वनी ब्यवस्था भएको छ । यदि सबै भन्दा न्यून कवोल गर्ने बोलपत्रदातालाई बोलपत्र दिईने हो भने ऐनको दफा २३(२) वमोजिम Legal Audit को जरुरत नै पर्दैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन वमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने र उपदफा (२) मा उपदफा (१) र (१क) प्रतिकूल हुने गरी गरिएको खरिद वदर तथा अमान्य हुनेछ उल्लेख छ । साथै ऐनका यी प्रक्रियाहरु पूरा गरी खरिद गरिए पनि Right Decision गर्नु पर्ने र कानून वमोजिम नगरेमा अमान्य हुने छ ।

४.१.६ ब्यवसाय दर्ता तीन प्रकृतिका छन् । एकल, साझेदारी र कम्पनी । यिनीहरु कानून वमोजिम दर्ता हुनु पर्छ र भएको हुन्छ । मेरो पक्षको प्रा.ली. फर्म अन्तरगत दर्ता भयो । त्यसमा उद्देश्य थप भयो । यो आवश्यक नपर्ने हो भने विपक्षीबाट सूचना र बोलपत्र

कागजातहरुमा यो Clause किन राखियो ? विपक्षीबाट बुझेर नै फर्म दर्ता र व्यवशाय अनुमतिका बिषयमा सूचनामा उल्लेख गरिएको हुनु पर्छ । फर्म दर्ता गर्दा नै व्यवसायको अनुमति अन्य निकायबाट लिनु पर्ने लेखिएको हुन्छ ।

४.१.७ BOQ को २२ न ंमा Gas Stove Special clause भनी राखिएको छ । यसैबाट नै अलग भन्ने खुल्छ । यसबाट स्पष्ट हुन्छ यसमा लेखिएको बाहेक बाहीर जाने अनुमती दिएको छैन । साथै एकलौटी व्यवशायलाई विपक्षीबाट स्वीकार गरी सकिएको छ । ग्यास चुल्होको अनुमतिका बिषयमा मापदण्डले पुजीको शिलिंग पनि अलग राखेको छ ।

४.१.८ सूचनामा माग गरेका शर्तहरु अन्य फर्महरुबाट पालना नभएकोले यस्ता बोलपत्रहरु मुल्यांकन गर्न नपर्ने हो । खाद्यान्यमा ग्यास चुल्हो पर्छ भन्न मिल्दैन । माग गरी सके पछि बोलपत्रदाताहरुल ती कागजातहरु समावेस गरी बोलपत्र पेश गर्नु पर्छ । हामीबाट कानूनको अवधि भित्र Claim गरेका हौ तर विपक्षीबाट दिईएको जवाफ पर्याप्त छैन ।

४.१.९ निवेदक उज्वल कुमार थपलियाले कुन कुरामा आफूलाई Confuse छ, Clear छैन त्यो बिषय मात्र हामीले Pre-bid meeting मा प्रश्न उठाउने हो । सबै Clear भएको हुँदा Pre-bid Meeting मा कुरा उठाउन आवश्यक नभएर नउठाएको हो । विपक्षीबाट कानूनले निर्धारण गरेको अवधी बाँकी छदै सम्झौता गर्न आउँने पत्र जारी गरेको छ ।

४.२ आपुर्ति तथा परिवहन निर्देशनालय, जँगी अड्डाको तर्फबाट महाशेनानी हिम्मत बहादुर बिष्ट र सार्वजनिक निकाय श्री नं. २८ जितपुर ब्यारेकका तर्फबाट प्राड सेनानी अधिबक्ता राजकुमार रंजितले उक्त छलफल कार्यक्रममा भाग लिनु भई वहस, पैरवी गर्नु भयो ।

४.२.१ यहाँ फर्म दर्ता र व्यवसाय स्वीकृत भएका बोलपत्रदाता फर्मलाइ Award गरिनु पर्ने थियो, त्यो नभएकालाई आशयको सूचना दिइयो भन्ने प्रश्न प्रमुख रहेको छ । सूचना, Bid Document र कानून अनुसार भएर नै यस खरिद कामका लागि चारजना बोलपत्रदाताहरु सबै सारभुतरुपमा प्रभावग्राही भए । सबै बोलपत्रहरुको योग्यता, ग्राह्यता जाँच गरेर नै सारभुतरुपमा प्रभावग्राही भएका हुन् । त्यस मध्ये सवै भन्दा न्यून रकम कवोल गर्ने बोलपत्रदातालाई Award गर्ने आशयको सूचना गरेका हौं ।

४.२.२ बोलपत्रको खण्ड ३ को ४ Bid Data Sheet मा बोलपत्रदाताको ग्राह्यता उल्लेख भएको छ । प्रमाणपत्रमा खाद्य सामाग्री भनी लेखिएको छ । करचुक्ता प्रमाणपत्रमा विबिध भनी लेखियो । सो प्रमाणपत्र जाँच गर्दा हुन्छ । प्रमाणपत्रको तल उल्लेख भएको फर्मको उद्देश्य हो, अनुमति होईन ।

४.२.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २(न) मा गरेका परिभाषामा जिन्सी सामान पनि पर्छ । त्यसैले Bid Document मा ग्यास, ग्यास स्टोभ र Accessaries राखियो । यदि यस कुरामा चित्त नवुझेको भए Prebid Meeting मा प्रश्न उठ्ने थियो तर उठेन । लुगा खरिद गर्ने धाँगो र टाँक नदिने ? नेपाल सरकार मन्त्रीपरिषको मिति २०७६।०७।२२ को निर्णयले रासन आइटमहरुलाई परिमार्जन गरी Gas Item लाई राखेको छ । कानूनमा न्यूनतम कवोल गर्नेलाई Award गर्दा Malafied Intention हुदैन भन्ने विधायकको मनसाय हो । हामीले ऐनको प्रस्तावनालाई पालन र मनन गरी न्युन कवोल गर्ने बोलपत्र लाई Award गरेका हौं ।

४.२.४ हामी सार्वजनिक निकायलाई सुविधा र सन्तुलनको हिसावले मर्का परेको छ । यसमा प्रा.ली. दर्ता ऐन र नजिर लागु हुने होईन । हामीले गरेको बोलपत्र मुल्यांकनमा ऐनको दफाहरु २३, २४, २५ वमोजिम त्रुटी छैन । हामीले Award गरिएको फर्मले राशन सप्लाईको अनुमति प्राप्त गरेको छ । हामीले Gas उत्पादक संग Supply को माग गरेको होईन, राशन supply को माग गरेको हो । हामी यस बिषयमा More responsive छौ । कानून् बमोजिम काम गरेका हौं । Malafied Intention छैन । Discrimination पनि गरेको छैन, निवेदकको निवेदन खारेज होस् ।

४.२.५ बोलपत्रका बिस्तृत शर्त Website मा राखेकोले सूचनामा सबै समेट्ने गरी प्रकासित गरेको थिएन । त्यसै सूचनालाई मानेर बोलपत्रदाताहरुले बोलपत्र पेस गर्नु भएको हो । यी Item खाद्यान्नमा पर्छन् । यसमा २२ items छन् । Bid Data Sheet को ४.१ (ख) मा व्यवसायको दर्ताको ईजाजतपत्र (राशन आपूर्तिका उद्देश्य राखी दर्ता भएका व्यक्ति, फर्म ,संस्था, भए सो को दर्ता (इजाजत) प्रमाणपत्र र अन्य व्यवसायमा दर्ता भएको भए राशन आपूर्तिको अनुमति थप भएको प्रमाण पेश गर्नु पर्ने र उक्त कागजातहरु निम्न कार्यालयहरुबाट जारी हुनु पर्ने (क) वाणिज्य विभाग, कम्पनी रजिष्टारको कार्यालय, उद्योग विभाग वा घरेलु तथा साना उद्योग कार्यालयहरुबाट जारी हुनु पर्ने शर्त राखेकोछ । उनीहरुले हेर्नु पर्ने हो । निवेदकले सूचनालाई मात्र समातेर निवेदन दिएको छ । ऐनको दफा २५(५) मा स्पष्टसंग बोलपत्र कागजातका आधारमा मुल्यांकन गर्न निर्देशन भएका छ । सार्वजनिक निकायबाट राखेका शर्तहरु सबै पूरा गरेकाले सबैको बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही भएका हुन् ।

४.२.६ उत्तम स्टोरको Certificate मा खाद्यान्न खरिद बिक्रीको कारोवार गर्ने भनी Clearly उल्लेख छ । PAN बाट विबिध कारोवार गर्ने भन्ने देखिन्छ । यस फर्मको अरु बोलपत्रदाताहरुको भन्दा कवोल रकम न्यून भएकोले सो फर्मलाई आशयको सूचना जारी गरेको हो । हामी सबै भन्दा कम कवोल अंक भएकालाई न्यून भन्छौं । तर लागत अनमानका आधारमा न्युन भनियो । हामीले गरेको सही कुरालाई चुनौती भएर आएको छ जुन सत्य छैन । त्यसर्थ निवेदकको निवेदन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(क) अनुसार निवेदन खारेज होस् ।

**५. समितिबाट भएको निर्णयः**

निबेदनमा उल्लिखित राशन खरिद गर्न श्री उत्तम स्टोर धनगढीको बोलपत्र स्वीकृत गर्ने गरी जारी आशयको सूचनाका सम्बन्धमा वोलपत्रदाता निवेदक श्री सदाज्योति सप्लायर्सका प्रो. श्री उज्वल कुमार थपलियाले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि जारी आशयको सूचनाका बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ श्री उत्तम स्टोर धनगढीले बोलपत्रसाथ पेश गरेको फर्म दर्ताको अनुमतिपत्रमा दैनिक उपभोग्य बस्तुको थोक ब्यापार समेत, थप खाद्यान्न खरिद बिक्री तथा अर्डर सप्लाई र व्यवसाय दर्ताको अनुमतिपत्रमा समुद्रपार आयातको कारोवार गर्ने उल्लेख भएकोले उक्त ईजाजतपत्रबाट

बोलपत्र आह्वानको सूचनाको खण्ड (क) को अनिवार्य शर्त र बोलपत्र कागजातको खण्ड (३) को ४.१ (ख) बमोजिम व्यवसाय दर्ताको इजाजतपत्र पेश भएको मान्न सकिएन ।

५.२ जिल्ला प्रशासन कार्यालय, बाराका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मिति २०७६।०७।०६ मा बसेको समितिको बैठकले लागत अनुमान (ईकाई दर रेट) स्वीकृत गरेको ढाँचाको क्रमसंख्या ४९ को Wheat flour, Gluten, Dry yeast, Improver तथा LP Gas, Kitchen Stove and Gas accessories तथा सोसंग सम्बन्धित क्रम संख्या १ देखि १९ सम्मका आईटमहरुको नियम ८८(१) मा उल्लेख भएका स्रोतहरुबाट मूल्य सूचि प्राप्त नगरी तयार गरेको लागत अनुमान कानून सम्मत भएन । यस अवस्थामा नियमावलीको नियम ८९(६) मा भएको व्यवस्था समेत कार्यान्वयन हुन सक्ने अवस्था रहदैन ।

अतः उपरोक्त तथ्यहरुको आधारमा श्री उत्तम स्टोर, धनगढीले पेश गरेको ईजाजपत्रबाट राशन आपुर्ति गर्न मिल्ने व्यवसाय इजाजत प्राप्त गरेको नदेखिएकोले सार्बजनिक निकाय श्री नं. २८ बाहिनी अड्डा जितपुर ब्यारेक, बाराले निजको बोलपत्र स्वीकृत गर्ने गरी जारी आशयको सूचना सो हदसम्म सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(ख)(२) बमोजिम रद्द गर्न आदेश दिएको छ । साथै लागत अनुमान स्वीकृतिको क्रमसंख्या ४९ को Wheat flour, Gluten, Dry yeast, Improver तथा LP Gas, Kitchen Stove and Gas accessories तथा सोसंग सम्बन्धित सामानको क्रम संख्या १ देखि १९ सम्मका आईटमहरुको सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८८(१) मा उल्लेख भएका स्रोतहरुबाट मूल्य सूचि प्राप्त गरी नियमानुसार लागत अनुमान स्वीकृत भएको मान्न सक्ने अवस्था रहेन । तसर्थ उल्लेखित नियमानुसार यी आईटमहरुको समेत रितपूर्वक लागत अनुमान स्वीकृत गरी सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(ख)(३) बमोजिम पेश भएका बोलपत्रहरु पुनः मूल्यांकन गर्न आदेश दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी तिनै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैक ग्यारेन्टी नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

..........................
कमलकुमार श्रेष्ठ
सदस्य

........................
गुणराज श्रेष्ठ
अध्यक्ष

इति सम्वत् २०७६ साल माघ १३ गते रोज ०२ शुभम्.................................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १२०**

**आ.व. २०७६/७७ को निर्णय नं १३**

| | |
|---|---|
| काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ९ बत्तिसपुतली काठमाण्डौमा कार्यालय रहेको ग्रन्थ-इन्ग्राम जेभिको तर्फबाट अख्तियार प्राप्त ऐ.का संचालक सुरज ढुंगेल (फोन. ९८५१०१४७२०, ०१४४३५४१३ इमेल gnpl@ grantha. com.np)........................................१ | पुनरावलोकन प्रस्तुतकर्ता |
| **बिरुध्द** | **निवेदक** |
| नेपाल सरकार, संचार तथा सूचना प्रविधि मन्त्रालय, प्रमाणिकरण नियन्त्रकको कार्यालय, अनामनगर काठमाण्डौं, फोनं.०१५७०५५८५, Email:info@occ.gov.np ........................................१ | विपक्षी |

**बिषयः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ (क) अनुसार ठेक्का नं. OCC/358050114/Re-03-076-77, IFB No: IFB/RE-03/2076-77 Procurement of System and Network Hardware खरिद कार्यको सम्बन्धमा दिएको आशयपत्र बदर गरी पाउँ ।**

**१. निवेदकको माग दावीः**

सार्बजनिक निकाय, प्रमाणिकरण नियन्त्रकको कार्यालय, अनामनगर काठमाण्डौंको, उपरोक्त खरिद कार्यको मिति २०७६।१०।१७ को Intent the Accept the Bid सूचनाका सम्बन्धमा चित्त नबुझी बोलपत्रदाता ग्रन्थ-ईन्ग्राम जे.भी. को तर्फबाट अख्तियार प्राप्त शुरज ढुंगेलले रा.वा.बैक ...शाखाको. भौचर नं. ०५८५५९२७, मिति २०७६।१०।२९ बाट रु. २,४६,०५३।- को नगद धरौटी जम्मा गरेको सक्कल भौचर संलग्न गरी सार्बजनिक खरिद ऐन, २०६३ दफा ४९(क) बमोजिम मिति २०७६।१०।२९ मा यस समितिमा पुनरावलोकनका लागि दिएको निबेदनमा मुख्य दाबी देहाय अनुसार रहेको देखिन्छ ।

१.१ नेपाल सरकार, संचार तथा सूचना प्रविधि मन्त्रालय, प्रमाणिकरण नियन्त्रकको कार्यालय अनामनगर काठमाण्डौबाट सर्भिस र नेटवर्क हार्डवेयर खरिद सम्बन्धी विद्युतीय खरिद प्रस्ताव मिति २०७६ मंसीर १७ गतेको राष्ट्रिय नागरिक दैनिकमा प्रकाशित भई म निवेदक कम्पनीले रितपूर्वको शिलवन्दी बोलपत्र निर्धारित समयमै बुझाएको थिएँ । रित नपुऱ्याई पेश गरेको श्री म्याक्स इन्टरनेशनल काठमाण्डौको बोलपत्रलाई सारभूतरुपमा प्रभावग्राही रहेको भनी अनधिकृत रुपमा खरिद सम्झौता गर्न आउनु भन्ने आशयपत्र मिति २०७६ माघ १७ गते राष्ट्रिय नागरिक दैनिकमा सूचना प्रकाशित भएपछि म निवेदकले उक्त ठेक्का बोलपत्र कागजातमा निर्धारित ढाँचाको शर्त विपरित Line of Credit पेश गरेको, बैंकले आफ्नो शर्त राखी सशर्त जारि गरेको Line of Credit तथा बोलपत्र कागजातमा दिएको निर्देशन बमोजिम बोलपत्र कागजातमा विवरण उल्लेख नगरेको प्रस्तावक म्याक्स इन्टरनेशनलले आशय पत्र प्राप्त गर्ने होइन भनी उक्त त्रुटीपूर्ण निर्णय पुनरावलोकन गरिपाउँ भनी मिति २०७६।१०।१९ गते उक्त सार्वजनिक निकायमा दिएको निवेदन मिति २०७६।१०।२० मा दर्ता गरी मिति २०७६।१०।२४ गते आशय पत्र दिएकै म्याक्स इन्टरनेशनलले नै उक्त खरिद प्राप्त गर्ने गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(ख) बमोजिम रित नपुऱ्याई पेश गरेको बोलपत्रलाई सारभूतरुपमा प्रभावग्राही रहेको भनी सार्वजनिक निकायबाट निर्णय भयो । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) को (ख) बमोजिम बोलपत्र परीक्षण गर्दा ऐ.ऐनको दफा २४(घ) अनुसार दफा २३(२) बमोजिम रित नपुगेको मानी बोलपत्र उपर कारवाही नहुने व्यवस्था गर्नु पर्नेमा उक्त ऐनको मर्म भावना तथा सार्वजनिक निकाय आफैले प्रकाशित गरेको बोलपत्र कागजातमा निर्धारित बिषयहरुमा कुनै विवेचना नै नगरी दफा २३(४) र दफा २४ तथा दफा २७ को हवाला दिई कानूनी एवं तथ्यगत आधारहरुको मूल्याङ्कन नै नगरी बोलपत्र स्वीकृत गर्ने मिति २०७६।१०।१७ मा प्रकाशित आशयको सुचनालाई सदर गर्ने गरी सार्वजनिक निकायले गरेको निर्णय उपर चित्त नबुझेकाले यो निवेदन गर्न आएको छु ।

१.२ निवेदक कम्पनी योग्य हुँदा हुँदै सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(ख) को व्यवस्था विपरित दूषित मनसाय राखी रितपूर्वकको बोलपत्र नभरेको म्याक्स इन्टरनेशनललाई खरिद कारवाही दिने गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(४) को गलत प्रयोग गरी गरेको निर्णय सार्वजनिक खरिद ऐनको मर्म र भावना विपरित छ । निवेदकले ऐनको दफा २३(२) (ख) को बोलपत्र पूर्ण नभएको भन्ने प्रश्न उठाएपछि उक्त कानूनी प्रावधानको अक्षरशः पालना गरी रित नपुगेको म्याक्स इन्टरनेशनलको बोलपत्र उपर ऐ.ऐनको दफा २४(घ) बमोजिम कारवाही नगर्नु पर्नेमा ऐ.ऐनको दफा २३(४) को हवाला दिई आवश्यक जानकारी मागेको भन्ने बिषय बोलपत्र कागजातमा बोलपत्रदातालाई दिएको निर्देशन अनुरुप नभएकोमा स्वतः बोलपत्र उपर कारवाही नगर्नु पर्नेमा कलुषित मनसाय राखी स्वच्छ प्रतिस्पर्धालाई ग्रहण लगाई गरेको मिति २०७६।१०।२४ को निर्णय कानून विपरित छ । बोलपत्रको Financial Resources Form को Special Note को बुँदा नं.३ मा सार्वजनिक निकायले तोकेकै ढाँचामा Line of Credit पेश गर्नुपर्ने शर्त रहेकोमा सार्वजनिक खरिद नियमावलीको नियम ११०(क) विपरित समेत भएकाले उक्त निर्णय त्रुटीपूर्ण छ ।

१.३ कार्यालयले प्रकाशित गरेको बोलपत्र सम्बन्धी कागजातमा निर्देशन भए बमोजिमको ढाँचामा लाइन अफ क्रेडिट नरहेको, बैंकले आफ्नो शर्त राखी ढाँचा विपरित लाइन अफ क्रेडिट पेश गरेको, बोलपत्र कागजातमा दिएको निर्देशन बमोजिम बोलपत्रमा जानकारी उल्लेख नगरेको, OEM Support Methodology बारे जानकारी दिने कागजात पेश नगरेको, बोलपत्र सारभूतरुपमा प्रभावग्राही नभएको (Non Responsive) कम्पनी म्याक्स इन्टरनेशनललाई मूल्याङ्कनका क्रममा उसलाई प्रतिस्पर्धाबाटै हटाउनु पर्नेमा उक्त कम्पनीलाई खरिद सम्झौताको आशय पत्र दिने कार्यालयको निर्णय सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा सार्वजनिक खरिद

पुनरावलोकन समितिको मुद्दा नं.२७ आ.ब.२०७१।७२ को निर्णय नं.१०-०७१।७२ को निर्णय बिपरित साथै बोलपत्र सम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त, प्रचलन र व्यवहार समेतको आधारमा निजले उक्त खरिद सम्झौता पत्र प्राप्त गर्न नसक्ने स्पष्ट छ ।

**२. सार्वजनिक निकायको प्रतिक्रियाः**

यस समितिबाट मिति २०७६।१०।२९ को पत्रबाट प्रमाणिकरण नियन्त्रकको कार्यालयबाट प्रतिक्रिया माग गरेकोमा सो कार्यालयको मिति २०७६।११।०५ को पत्रबाट सोही मितिमा प्रतिक्रिया प्राप्त भएको छ । उक्त प्रतिक्रियामा देहाय वमोजिमका व्यहोराहरु उल्लेख गरी विपक्षीले पेश गरेको निवेदन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० (५) (क) बमोजिम खारेज गरी पाउन अनुरोध गरेको छ ।

२.१ मिति २०७६।०६।१६ मा Procurement of System & Network Hardware विषयक वोलपत्र आह्वान गरिएको सूचना बमोजिम मिति २०७६।०७।१६ मा खोल्दा ४ थान बोलपत्र दर्ता हुन आएको । मुल्यांकन गर्दा सबै भन्दा कम मूल्य कबोल गर्ने श्री Grantha Networks Pvt.Ltd. को औसत बार्षिक कारोबार तीन बर्षको यस कर्यालयले तोकेको औषत बार्षिक कारोबार भन्दा कम रहेको र अन्य बोलपत्रदाताहरु पनि सारभूतरुपमा प्रभावग्राही नभएको हुँदा सो वोलपत्र रद्द गरी मिति २०७६।०८।१७ मा पुनःवोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको थियो । उक्त सूचना बमोजिम मिति २०७६।०९।२० (PPMO बाट ३ दिन म्याद थप पछी ३ थान बोलपत्र श्री MAX International Pvt.Ltd., श्री Sastra Network Solution Inc. Pvt. Ltd. र श्री Grantha Ingram JV को दर्ता हुन आएको थियो ।

२.२ पेश भएका तीनवटा बोलपत्रहरु मध्ये बोलपत्रदाता श्री म्याक्स इन्टरनेसनलको बोलपत्रमा तोकिएको ढाँचा बमोजिम line of credit पेश नगरेको र OEM Support Methodology बारे जानकारी दिने कुनै पनि कागजात संलग्न नगरेकोले उक्त बोलपत्र रित नपुगेको हुँदा श्री म्याक्स इन्टरनेसनलले पेश गरेको बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सात दिने सूचना निकाल्ने समेतका निर्णय पुनरावलोकन गरि पाउँ भनी श्री Grantha-Ingram JV ले मिति २०७६।१०।२० गते निवेदन दर्ता गराएकोमा उक्त उपर यस कार्यालयबाट निर्णय गरी निम्नानुसार आधारहरु राखी विपक्षी निवेदकलाई जानकारी समेत दिईएको ।

२.२.१ Line of credit भनेको an agreement providing credit up to a certain amount हो, जुन खरिद प्रकृयामा सार्वजनिकनिकायले लिने एक प्रकारको economic assurance पनि हो । Line of credit denotes a limit of credit extended by a bank to a customer भनी यसको कानूनी परिभाषाले समेटेको समेत देखिन्छ । अत: बोलपत्रदातालाई बैकले दिने credit limit को सामान्य ढाँचा भन्दा पनि त्यस ढाँचामा पर्नु पर्ने सारभुत तथ्य महत्वपुर्ण हुन जान्छ । श्री म्याक्स इन्टरनेसनलको बोलपत्रमा Line of credit पेश गरेको र सारभुतरुपमा उल्लेख हुनुपर्ने सबै तथ्य उल्लिखित छ । Line of Credit, Goods को हकमा हाल आनिवार्य नरहेको । निर्माण कार्यमा मात्र आवश्यक र आनिवार्य रहेको छ ।

२.२.२ OEM Support Methodology को सम्बन्धमा श्री म्याक्स इन्टरनेसनलको बोलपत्रमा OEM Support Methodology नराखेको भन्ने सम्बन्धमा OEM Support Methodology मा उक्त म्याक्स इन्टरनेसनलले सहि छाप गरेको र सो उपर मुल्याकंन समिति थप विश्वस्त हुन मिति २०७६।०९।१० मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(४) बमोजिम म्याक्स इन्टरनेसनलसंग जानकारी माग गरिएको र माग बमोजिम methodology details सहितको जानकारी तोकिएकै समयमा उपलब्ध भएको ।

२.३ निवेदनमा भनिएजस्तो विपक्षी निवेदक सारभूतरुपमा प्रभावग्राही भए नभएको भन्दा पनि बोलपत्र मुल्याकंनबाट बोलपत्रदाता म्याक्स इन्टरनेसनल सारभूतरुपमा प्रभावग्राही देखिएको र उक्त बोलपत्रदाता न्युनतम मुल्यांकित समेत रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा न्यूनतम मूल्याकिंत सारभूतरुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृति गर्नुपर्ने, बोलपत्र स्वीकृति गर्ने आशयको सूचना दिनुपर्ने भन्ने व्यवस्था रहेको हुँदा सो बमोजिम सूचना प्रकाशन गर्ने गरिएको निर्णय तथा विपक्षीले यस कार्यालय समक्ष पेश गरेको निवेदन उपर यस कार्यालयबाट मिति २०७६।१०।२४ मा भएको निर्णय कानून सम्मतनै रहेकोले विपक्षीको पुनरावलोकन निवेदन पत्र खारेज गरीपाउँ ।

२.४ Line of credit भनेको supplier's को current asset पनि demonstrate गर्ने गर्छ । अत: बोलपत्रदातालाई बैकले दिने credit limit को सामान्य ढाँचा भन्दा पनि त्यस ढाँचामा पर्नुपर्ने सारभुत तथ्य महत्वपुर्ण हुन जान्छ । श्री म्याक्स इन्टरनेसनलको बोलपत्रमा Line of credit पेश गरेको र सारभुतरुपमा उल्लेख हुनुपर्ने सबै तथ्य उल्लिखित भएको देखिन्छ । त्यस्तै OEM Support Methodology को सम्बन्धमा श्री म्याक्स इन्टरनेसनलको बोलपत्रमा OEM Support Methodology नराखेको भन्ने सम्बन्धमा OEM Support Methodology मा उक्त म्याक्स इन्टरनेसनलले उक्त बुंदामा सही छाप गरेकोछ र सो उपर मुल्याकंन समिति थप विश्वस्त हुन समितिले मिति २०७६।१०।०९ मा बैठक राखी सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(४) बमोजिम जानकारी माग गरेको र

माग बमोजिम methodology details सहितको जानकारी तोकिएकै समयमा उपलब्ध गराएकोले उक्त OEM Support Methodology नभएको भन्ने आधारमा म्याक्स इन्टरनेसनल सारभूतरुपमा प्रभावग्राही नभएको भन्न मनासिब हुन्न ।

२.५ विपक्षी निवेदकले सार्वजनिक खरिद ऐनको दफा ४७ बमोजिम यस कार्यालयले कुन-कुन काम गरेको वा नगरेको कारण के त्रुटी भएको वा यस कार्यालयबाट भएको उक्त निर्णय ऐन वा ऐन अन्तर्गतको बनेको नियम वा निर्देशिकाको कुन प्रावधान विपरित छ सो स्पष्ट खुलाउन सक्नुभएको छैन र यस कार्यालयको सार्वजनिक खरिद ऐन २०६३ को मर्म, भावना तथा सारभुत प्रावधान विपरित कुनै कार्य भए गरेको नभएकोले प्रस्तुत पुनरावलोकन निवेदन खारेज गरीपाउँ ।

**३. अध्ययन/अवलोकन:**

श्री संचार तथा सूचना प्रविधि मन्त्रालय, प्रमाणिकरण नियन्त्रकको कार्यालय, अनामनगरबाट NCB Single envelope, Electronic bidding को माध्यमबाट System & Network Hardware खरिदका लागि आह्वान गरेको बोलपत्रका सम्बन्धमा ग्रन्थ-इन्ग्राम जेभिको तर्फबाट अख्तियार प्राप्त ऐ.का संचालक सुरज ढुंगेलले यस समितिमा दिएको निवेदनको व्यहोरा, सोसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त बोलपत्र सम्बन्धी कागजातहरु, बोलपत्रदाताले पेश गरेको बोलपत्र प्रस्ताब, प्रचलित खरिद ऐन, नियमहरु समेतको आधारमा अध्ययन अवलोकन गरिएको छ।

३.१ मिति २०७६।०८।१७ मा सूचना प्रकासन् भएको देखियो । यस कामका लागि लागत अनुमान VAT र Contingency वाहेक रु.२,२०,८८,१५०।०० भएको, कम्प्युटर ईन्जिनियर सतिश सुवेदीबाट पेस भएको टिप्पणी रायमा ल.ई. रु.२,२९,७१,६७६। (मु.अ.कर वाहेक) र २३.८१ प्रतिसत घटी कवोल गर्ने Max International को रु.१,७४,९९,८४०। ऐनको २७(२) वमोजिम स्वीकृतका लागि पेस गरेको देखिन्छ। बोलपत्रमा सहभागी तीन बोलपत्रदाताहरुले निम्न बमोजिम रकम प्रस्ताब गरेको देखिन्छ।

| सि.नं. | बोलपत्र दाताहरु | प्रस्ताव रकम रु. | कैफियत ( ल.ई. भन्दा घटी बढी ) |
|---|---|---|---|
| १ | Max International | १,९७,७४,८१९।२० | २३.८१ प्रतिसत घटी |
| २ | Sastra Network Solution | २,००,९०,९९६।५९ | २२.६ ,, ,, |
| ३ | Granth- Ingram JV | २,४६,०५,२९८।०० | ५.२१ ,, ,, |

उपर्युक्त बोलपत्रदाताहरु मध्ये सार्वजनिक निकायबाट मिति २०७६।१०।१७ मा Qualification Criteria पूरा गरेको र सबै भन्दा कम दर पेस गर्ने बोलपत्रदाता भनी Max Internatioal KTM को सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरेको देखिन्छ।

३.२ ऐनको दफा ३(१) वमोजिम सार्वजनिक निकायले खरिद गर्दा यस ऐन वमोजिमको कार्यविधि पूरा गर्नु पर्नेछ भन्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) को खण्ड (क), (ख) ,(ग) र (घ) को आधार लिनु पर्ने व्यवस्था गरेकोमा खण्ड (ख) मा उल्लेख भएका आधारमा मात्र अन्य आधार नलिई रु. २,५९,५७,९९३।८८ (मूल्य अभिबृद्धि कर र कन्टिन्जेन्सी समेत) लागत अनुमान तयार गरेको देखिदा लागत अनुमान तयार गर्दा कानूनको पूर्ण पालना भएको देखिएन । साथै युनिट दर निकालेको बिस्तृत बिवरण समेत तयार गरेको नपाइदा उक्त लागत अनुमानमा बिश्वस्त हुने आधार देखिदैन ।

३.३ बोलपत्र स्वीकृत गर्ने आसयको सूचना मिति २०७६।१०।१७ मा प्रकासन भएको, सो उपर मिति २०७६।१०।२० मा सार्बजनिक निकायका प्रमुख समक्ष पुनरावलोकनका लागि निवेदन दर्ता गरेको, सो निबेदनका सम्बन्धमा निर्णय गरी मिति २०७६।१०।२४ मा जवाफ दिएको र उक्त जवाफमा चित्त नबुझी म्याद भित्रै मिति २०७६।१०।२९ मा निबेदकले सार्बजनिक खरिद नियमावलीले तोके अनुसार कबोल अंकको १ प्रतिशत्ले हुने नगद जमानत रु २,४६,०५३। को बैंक भौचर संलग्न गरी यस समितिमा निवेदन दर्ता गराएको छ।

३.४ निबेदक जे.भी.का पार्टनर M/S Ingram International मिति २०७३।०२।०९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा द.नं.१४९६४९/०७२/७३ मा दर्ता भएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(ख) वमोजिम लिनु पर्ने ईजाजतपत्र संलग्न नभएको, PAN दर्तामा बिद्युतीय कम्पुटर लगायतको कारोवार गर्ने उल्लेख छ । अर्का पार्टनर M/S Grantha Networks pvt.ltd सोही कार्यालयमा ११२६८५/०६९/७० मा दर्ता भएको मिति २०७५।०५।१० को कम्पनी दर्ताको प्रमाणपत्र पेश गरेको छ । निजको पनि उपर्युक्त नियम वमोजिम ब्यवशाय दर्ताको ईजाजतपत्र संलग्न भएको देखिदैन। निजको PAN दर्तामा पनि कम्पुटरको थोक ब्यपार गर्ने उल्लेख छ।

३.५ बोलपत्रदाता M/S Max International ले २०६३।०४।२२ वाणिज्य मन्त्रालय, बाणिज्य बिभागबाट प्रा.फ.र नं. ७५७२८/०७२/७३ को प्राइभेट फर्म दर्ताको प्रमाणपत्र लिएको देखिन्छ। सो प्रमाणपत्रको खण्ड ३ मा "फर्मको उद्देश्य कार्यान्वयनका लागि अनुमति लिनु पर्ने बिषयमा सम्बन्धित् निकायबाट अनुमति प्राप्त गरे पछि मात्र कार्य गर्नु पर्ने छ। यसै दर्तालाई उद्देश्य कार्यान्वयन गर्ने इजाजत प्रदान गरेको मानिने छैन" भनी उल्लेख भएको हुँदा व्यवसाय दर्ताको छुट्टै ईजाजत लिनु पर्ने निष्चित् छ। यस प्रा.ली.ले काठमाण्डौ म.न.पा बाट मिति २०७४।०५।०७ मा प्राप्त गरेको ब्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपिमा ब्यवसायको प्रकृतिमा नाफामूलक मात्र उल्लेख गरिएको छ । ब्यवसायलाई Specific गरिएको देखिएन। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(ख) वमोजिम फर्म दर्ताको प्रमाणपत्र र ब्यवसाय दर्ताको ईजाजतपत्र लिनु पर्ने ब्यवस्था अनिवार्य गरेको छ। SBD को Section II ITB 17(c), ITB23.1 को vii मा Copy of Business business registration certificate (If required Mandatory) उल्लेख गरे पनि कानून्ले ब्यवसाय दर्ताको ईजाजत आवश्यक पर्ने ब्यवस्था गरेकोले यस बिषयमा द्विविधा देखिदैन। PAN दर्तामा कम्पुटरको थोक ब्यापार गर्ने आदि उल्लेख छ।

३.६ उपर्युक्त खरिद कार्यका लागि चित्त नबुझी सार्वजनिक निकायमा मिति २०७६।१०।२० मा पुनरावलोकनका लागि दर्ता निवेदनमा Max International ले निर्देशित ढाँचामा Line of Credit पेश नगरेको, सशर्त line of Credit पेश गरेको, OEM Support Methodology वारे जानकारी दिने कागजात पेश नगरेको, बोलपत्रमा निर्देशन गरेको बिवरण उल्लेख नगरेका व्यहोरा उल्लेख गरेको देखिन्छ ।

३.७ निवेदकलाई सार्वजनिक निकायबाट मिति २०७६।१०।२४ मा दिएको जवाफमा Max International ले पेश गरेको LOC मा सारभुतरुपमा उल्लेख गर्नु पर्ने तथ्य उल्लेख नगरेको, OME comply देखिएको, Manufacturer Letter मा ऐनको दफा २३(४) वमोजिम जानकारी माग गर्दा Methodology details सहितको जानकारी गराएको । नियमावलीमा नवौं संशोधन र SBD मा भएको संशोधनका कारण ३ दिनको म्याद थप गरेको, Max International को बोलपत्र कानून सम्मत रहेको, ऐनको दफा २७ वमोजिम न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्नु पर्ने भएकाले आवश्यक सूचना दिएको उल्लेख छ । तर Max Inernational बाट पेश भएको LOC को Format Bid document मा तोकिएको भन्दा फरक छ । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६५(४च) (मिति २०७६।०४,१६ मा भएको आठौं संशोधन) मा सार्बजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा केडिट लाईनको सुबिधा उपलब्ध भएको हुनु पर्ने उल्लेख छ । यो व्यवस्था अनसार बोलपत्रदाताले Bid Document मा निर्धाण भएको ढाँचा अनुसारनै केडिट लाईनको सुबिधा पेश हुनु पर्छ भन्ने हो । तर Max International ले केडिट लाईनको सुबिधा तोकिएको ढाँचामा पेश गरेको देखिदैन ।

३.८ सार्वजनिक निकायको मिति २०७६।१०।०९ को पत्रबाट Qualification Criteria अन्तरगत Bidder Offers उल्लेख गरिएको कागजातहरु संलग्न नरहेकोले (१) The bidder should provide OEM support Methodology, (२) Documentation of Key migration from existing HSM should be attached उल्लेख गरी ती कागजातहरु माग गरेको देखिन्छ । Original Equipment Manufacturer समेतका महत्वपूर्ण कागजातहरु Bid दाखिला गर्दा संगै पेश हुनु पर्छ । अलग पेश भएको कागजातलाई मान्यता दिनु मिल्ने देखिदैन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१(४) मा बोलपत्रको मूल्यांकन गर्दा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्ने, नियम ६१(५) मा बोलपत्र मूल्यांकन गर्दा बोलपत्रको प्राविधिक, ब्यापारिक र आर्थिक पक्षको मूल्यांकन गर्नु पर्ने ब्यवस्था गरेको मा OEM Methodology मा प्राविधिक पक्ष रहेकोले यस कागजातलाई Minor मान्न उचित हुने दखिदैन ।

३.९ Warranty एउटा लिखित प्रमाण हो । यदि आपूर्तिकर्ताले बिक्री गरेको मालसामान वा बस्तु तोकिएका निश्चित अवधिमा बिग्रिएमा वा त्रुटी देखिएमा त्यसलाई निःशुल्क मर्मत गरिदिन्छ वा निःशुल्क Replace गरी दिन्छ । Support मा Hardware, Software वा System मा कुनै समस्या परेमा सहयोग उपलब्ध गराउनु हो । यसमा System Upgrade को कार्य समेत पर्न आउछ । यसबाट स्पष्ट हुन्छ कि आपूर्ति भएको मालसामान तथा Software संचालन गर्न मौजुदा प्रविधिकहरुबाट संचालन गर्न कठिनाई भएको अवस्थामा Committed सहयोग गर्नु नै हो । Bid Document को पाना ५५ मा Hyper coveraged Infrastructure(HCI) को १० मा Warranty years OEM (Original Equipement Manufacturer) Warranty को ब्यवस्था भएको देखिन्छ । यो warranty लागु हुने प्रक्रिया के हुने हो ? बिश्वस्त हुने आधार देखिदैन ।

३.९ बोलपत्र मूल्यांकन समितिले मिति २०७६।१०।१६ मा तयार गरेको बोलपत्र मूल्यांकन प्रतिबेदन अनुसार Max International ले Qualifcation Criteria तर्फको मूल्यांकनको सि..नं. १, १२, १४, १५ र १८ मा उल्लेख भएको विषय तथा Granth-Ingram JV ले बुदा नं. १ को बिषय Comply नगरेको देखिन्छ ।

### ४. छलफल तथा सुनुवाइः

यस समितिको मिति च.नं. ५७, २०७६।११।०६ को पत्रबाट मिति २०७६।११।११ गते विहान १२.१५ बजे समितिमा छलफलको कार्यक्रम राखेकोमा सोही समयमा सो कार्यक्रम सम्पन्न भयो ।

४.१ सो कार्यक्रममा निवेदकका तर्फबाट बिद्वान अधिवक्ता केदार प्रसाद कोईराला र संस्थापक सदस्य सुरज ढुंगेलले वहस तथा छलफलमा भाग लिनु भयो ।

४.१.१ प्रथम पटकको बोलपत्र रद्द भए पछि यो दोस्रो पटक बोलपत्र आह्वान गरिएको हो । यस बोलपत्र आव्हान अनुसार बिपक्षी सार्वजनिक निकायबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (२)(ख) र २४(घ) को खिलाफ सारभूतरुपमा प्रभावग्राही नभएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी भएकोले ऐ ऐनको दफा ४७(१) वमोजिम मिति २०७६।१०।२० गते कार्यालय प्रमुख समक्ष पुनरावलोकनका लागि निवेदन दर्ता गरेको र पुरानै कुरालाई निरन्तरता दिइ निर्णय गरेको जवाफ मिति २०७६।१०।२४ मा प्राप्त भयो । सो जवाफमा चित्त नबुझी यस सम्मानित समितिमा निवेदन पेश गर्न आएका हौ ।

४.१.२ बोलपत्र प्रस्तावकले जुन रुपमा प्रस्ताव गरेको हुन्छ सोही अनुसार बोलपत्रदाताले भरी प्रस्ताव गर्नु पर्ने छ र त्यसलाई सोही रुपमा स्वीकृत गरिनु पर्दछ । Standard Bidding Document मा उल्लेख भएका कुनै पनि शर्तहरु (Elements) पुरा नभएको अवस्थामा त्यसलाई मान्न मिल्दैन । बोलपत्र कागजातमा कुनै कुरा साना देखिए पनि त्यसको भुमिका महत्वपूर्ण (Major) हुन सक्छन् । सानो छ भनेर त्यसलाई कम आकलन गर्न सकिदैन ।

४.१.३ सार्वजनिक निकायले Line of credit का बिषयमा हामीलाई दिएको जवाफ Assurence मात्र हो भनी उल्लेख गरेको छ । Standard Bidding Document मा उल्लेख भएको Line of credit को Format लाई Alter गर्ने अधिकार सार्बजनिक निकायलाई हुदैन । तोकिएको ढाँचामा पेश नभएको कुरा सार्बजनिक निकायले समेत स्वीकारेको छ । सार्वजनिक निकाय आफैले जारी गरेको नमुना ढाॅचा अनुसार Line of credit बोलपत्रसाथ पेश भएको हुनु पर्छ । तोकिएको ढाँचामा पेश नभएको Max international को बोलपत्र कागजात अपुर्ण हुन्छ । त्यसलाई कानूनी मान्यता दिन मिल्दैन । फरक गरेर पेस भएको Line of credit लाई मान्यता दिएर मुल्यांकन समितिबाट मूल्यांकन गरिएको छ त्यसैलाई स्वीकार गर्नु हुदैन । पछि कालान्तरमा विवाद उठेको अवस्थामा बैकबाट LOC मा उल्लेख गरेको मात्र लागु हुन्छ अरु लागु हुन सक्तैन भनिएको अवस्थामा के गर्ने ? कानूनी विवाद उठ्छ । SBD को शन्दर्भमा बैकको शर्त मान्न सकिदैन । त्यस्तो बोलपत्र कागजातलाई सारभुतरुपमा प्रभावग्राही मान्न सकिदैन । यसमा शर्त राख्न मिल्दैन ।

४.१.४ बोलपत्रदाता Max International ले बोलपत्रमा पेश गरेको LOC Conditional र हामीबाट पेस भएको बोलपत्र Unconditional छ । यसलाई सार्वजनिक निकायले Minor रुपमा लिएकोछ । Data sheet मा भएका कुराहरु लाई Minor मान्न मिल्दैन । यस्ता LOC बाट सार्बजनिक निकायलाई सहयोग पुग्दैन ।

४.१.५ यस शन्दर्भमा यसै बेञ्चबाट भएको निर्णय पेस गर्न मुनासिव ठान्दछु । मुद्दा नं. २७ , निर्णय नं. १० को पाना ८९ मा "बोलपत्र जमानत बोलपत्र कागजातमा दिइएको ढाँचा बमोजिम नभएको ले निजको बोलपत्र पूर्णताको परीक्षणमा सफल हुन नसकेको कारण देखाई बोलपत्र मूल्यांकनमा समावेश नगर्ने गरी गरेको निर्णय कानून सम्मत भएको" उल्लेख छ । यो निर्णयमा SBD मा भएको ढाँचामा पेश नभएको बोलपत्र जमानतलाई मूल्यांकनमा समावेस नगर्ने गरी भएको निर्णयलाई सदर गरेको छ । Max International ले पेश गरेको बोलपत्र कागजातहरु Primafacy रुपमा नै ऐनको दफा २३ को बिरुध्दमा छ । त्यसर्थ सोही ५०(५) को ख( ३ ) वमोजिम बोलपत्रको पुनः मुल्यांकन गराउन आदेश जारी गरी पाउन माग गर्दछु ।

४.१.६ Qualification and criteria को ३३ मा Warrenty र Support को व्यवस्था गरी यसलाई महत्व दिइएको छ । वारेण्टी भनेको आपूर्ति र जडान भएका सामान (Hardware and Software) लाई निश्चित अवधि सम्ममा निःशुल्क मर्मत गर्ने, मर्मत हुन नसकेमा Replace गर्ने बुझ्न पर्छ । Support मा Day to day आई पर्ने समस्या समाधान गर्न support गर्नु भन्ने हो । यसमा प्रस्तावदाताले System upgrade को काम गर्नु पर्ने भएमा सो समेत गरिन्छ । बोलपत्रमा Day to day support का बिषयमा दुई किसिमका support माग गरेको छ । प्रथम Local Support हो भने दोश्रो OEM (Original Equipment Manufacturer) support । SBD मा Ram र Hard discks मा support दिनु पर्ने उल्लेख छ तर Max International ले यी दुवैका वारेमा बोलपत्र कागजातमा जानकारी दिएको छैन । त्यसैले Bid Price मा कम उल्लेख गरेको छ । यी कुराहरु हाम्रो बोलपत्रमा उल्लेख गरेको छ । त्यसैले Bid Price मा बढी रकम देखिएको हो । यदि त्यसै किसिमले बोलपत्र पेश गर्ने हो भने हामी पनि त्यही रकममा सामान आपूर्ति गर्न सक्षम छौ ।

४.१.७ Bidding Document मा Ram को Offer भएको र Ram कति हो स्पष्ट गर्नु पर्ने उल्लेख छ । त्यसमा Max International ले Complience मात्र उल्लेख गरेको छ । त्यतीले मात्र Bidding Document ले माग गरेको विषय पूरा भएको मान्न सकिन्न ।

४.१.८ Software को बिषयमा Pirecy आपूर्ति हुने सम्भावना छ । Genuine software को बिषयमा उत्पादक कम्पनीबाट Pass word प्राप्त गरेर लिदा बैधानिक मानिन्छ । त्यस्तो software दिगो हुन्छ । तर यस बिषयमा मूल्यांकनको समयमा ध्यान पुगेको छैन ।

४.१.९ Bidding Document पाना ३३ को कुरालाई सानातिना मान्ने की महत्वपूण मान्ने ? यसलाई Link गर्दा पाना ५९ Training संग पनि सम्बन्धित हुन्छ । Complience र Supporting Document आवश्यक पर्छ । यी साना तीना कुराहरु होइनन् । महत्वपूर्ण कुराहरु हुन् । सार्वजनिक निकायले OEM support विना नै बोलपत्र आव्हान गरेको छ । बोलपत्रको पाना ५५ मा भएको Technical specification को व्यवस्था र पाना नं. ५९ को व्यवस्था पनि Max International ले पालना गरेको छैन ।

४.२ सार्वजनिक निकायका तर्फबाट निमित्त नियन्त्रक अनिल कुमार दत्त, कानून अधिकृत सन्तोष तिमल्सिना, कम्पुटर अधिकृत सतिस सुवेदीले छलफलमा भाग लिनु भयो ।

४.२.१ यसै कामको प्रथम पटकको बोलपत्र रद्द भई यो दोश्रो पटक बोलपत्र आह्वान भएको हो । बोलपत्र परीक्षण र मूल्यांकन गर्दा सारभुतरुपमा प्रभावग्राही भएको र न्युनतम अंक कबोल गर्ने bidder भएकोले Max International को बोलपत्र स्वीकृत आशयको सूचना जारी गरेको हो । हामीले ऐनको दफा २३(२) अनुसार परिक्षण गरेको हो । OEM को वारेमा बोलपत्रमा Comply उल्लेख गरेको तर Detail बिबरण पेश नगरेकोले मूल्यांकन कमिटीको निर्णयबाट ऐनको दफा २४(४) अनुसार पेश गर्न अनुरोध गरेकोमा सबै Document पेश गरेको र सो अनुसार मूल्यांकन गर्दा सो कम्पनीले सबैभन्दा घटीको बोलपत्र पेश गरेकोले निजको बोलपत्र नियमानुसार स्वीकृत गरेको हो । साथै नियमावलीको नवौं संशोधनमा भएको सम्बोधन गर्न म्याद थप हुँदा हाम्रो बोलपत्र सूचनाको समेत तीन दिनको म्याद थप भएको हो ।

४.२.२ OEM support को बिषयमा Max International ले supporting कागजातहरु पेस नगरेको सानातिना बिषय मानियो । OEM आधिकारिक कर्मचारीहरुबाट जाँच हुने बिषय हो । software को परीक्षण पछि गर्ने बिषय हो । बोलपत्रमा मोडेल उल्लेख गरेको छ । त्यस मोडेलको site मा गै Click गरेमा कम्पनी थाहा पाउन सकिने छ । हरेक संचारका सामानहरुका अलग अलग मोडेल हुन्छन् । सामान र Software प्राप्त पछि IT Audit हुन्छ । तव सामान प्राप्त गरिने छ ।

४.२.३ Max International ले पेश गरेको Line of credit को Format नमिलेको बिषयमा Bid document मा समावेश भएको Format अनुरुप दुरुस्त नभए पनि राख्नु पर्ने बिषय छुट्यो की भनी परीक्षण गर्दा सारभूत कुराहरु उल्लेख गरेकोले फरक नदेखिएकोले त्यसलाई स्वीकार गर्ने निर्णय गरिएको हो । त्यसैले मूल्यांकनमा Max International ले पेश गरेको बोलपत्रलाई समावेस गरी स्वीकार गर्ने निर्णय गरिएको हो । तसर्थ ऐनको दफा ५०(५)(क) बमोजिम निवेदकको निवेदन खारेज होस् ।

## ५. समितिबाट भएको निर्णयः

निबेदनमा उल्लिखित System & Network Hardware खरिद गर्न Max International को बोलपत्र स्वीकृत गर्ने गरी जारी आशयको सूचनाका सम्बन्धमा वोलपत्रदाता निवेदक श्री ग्रन्थ इन्ग्राम जे.भी. का अख्तियार प्राप्त ऐ. का सञ्चालक श्री सुरज ढुंगेलले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजातहरु, सार्वजनिक निकायबाट प्राप्त कागजात, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्वजनिक निकायबाट उक्त खरिदका लागि जारी आशयको सूचनाका बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ लागत अनुमान तयार गर्दा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) को खण्ड (क), (ख) ,(ग) र (घ) को आधार लिनु पर्ने व्यवस्था गरेकोमा सार्बजनिक निकायले लागत अनुमान तयार गर्दा खण्ड (ख) मा उल्लेख भएका आधार बाहेक अन्य आधार लिएको देखिएन। कानूनमा तोकिएको सबै आधारहरु लिई बिस्तृत बिवरण समेत तयार पारी लागत अनुमान तयार गर्न सार्बजनिक निकायको ध्यानाकर्षण गरिन्छ ।

५.२ बोलपत्रदाता M/S Max International ले काठमाण्डौ म.न.पा बाट मिति २०७४।०५।०७ मा प्राप्त गरेको व्यवसाय दर्ता प्रमाणपत्रमा व्यवसायको प्रकृतिमा नाफामूलक मात्र उल्लेख गरेको तर के कस्ता कारोवार गर्ने भनी व्यवसायको प्रकृति Specific नगरेकोले उक्त प्रमाणपत्रबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(ख) र SBD को Section II ITB 17(c), ITB23.1 को vii मा भएको व्यवस्थाको संबोधन हुन सक्ने देखिएन; सो बोलपत्रदाताले सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६५(४च) (मिति २०७६।०४।१६ मा भएको आठौं संशोधन) मा भएको व्यवस्था अनुसार सार्बजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा Line of Credit पेश नगरेको, बोलपत्र मूल्यांकन प्रतिबदेनको Qualification Criteria को सि.नं. १, १२, १४, १५ र १८ मा उल्लेखित बिषय Comply भएको नपाईएकोले निजको बोलपत्र सारभुतरुमा प्रभावग्राही हुने देखिदैन ।

५.३ निबेदक जे.भी.का पार्टनर M/S Ingram International र M/S Grantha Networks pvt.ltd ले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(ख) बमोजिम व्यवशाय दर्ताको ईजाजतपत्र बोलपत्रसाथ पेश नगरेको तथा बोलपत्र मूल्यांकन प्रतिबदेनको Qualification Criteria को सि.नं. १, मा उल्लेखित बिषय Comply गरेको नदेखिदा निज निबेदक Grantha-Ingram JV को बोलपत्र पनि सारभूतरुपमा प्रभावग्राही भएको देखिएन ।

५.४ सार्बजनिक निकायले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३(४) बमोजिम बोलपत्र परीक्षण गर्ने सिलसिलामा बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सक्ने र दफा २३(५) बमोजिम बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन र हेरफेर नगरी जानकारी दिनुपर्ने व्यवस्था भएकोमा अध्ययन अवलोकनको बुँदा नं. ३.८ मा उल्लिखित हरफ (२) र (३) मा उल्लेख भएको (१) र (२) को कागजातहरु माग गरेको कानून सम्मत देखिदैन ।

५.५ उपर्युक्त बुँदा नं. ५.२, ५.३ र ५.४ मा उल्लेख भएको आधारमा System & Network Hardware खरिदको लागि M/S Max International को बोलपत्र स्वीकृत गर्ने गरी गरेको निर्णय तथा सो निर्णयको आधारमा बोलपत्र स्वीकृत गर्ने सम्बन्धी मिति २०७६।१०।१७ मा प्रकाशित सूचना सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(ख)(२) बमोजिम सार्बजनिक निकाय प्रमाणिकरण नियन्त्रकको कार्यालयले गरेको निर्णयलाई पूर्णरुपमा रद्द गर्न आदेश गरी दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुबै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।

(२) निवेदकले राखेको नगद धरौटी नियमानुसार फुकुवा गर्नु ।

(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।

(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

.......................... ........................

कमलकुमार श्रेष्ठ — सदस्य

गुणराज श्रेष्ठ — अध्यक्ष

इति सम्वत् २०७६ साल फाल्गुन १४ गते रोज ०४ शुभम्.................................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

## मुद्दा नं. १२१

## आ.व. २०७६/७७ को निर्णय नं १४

चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं.१ स्थित टेकमाईण्ड नेटवर्क प्रा.ली. को तर्फबाट अख्तियार प्राप्त मनोज थापा........................................................................................................................१ **पुनरावलोकन प्रस्तुतकर्ता_निवेदक**

**बिरुध्द**

नेपाल दूर सञ्चार प्राधिकरण, का.जि.का.म.न.पा.वडा न..१ कमलादी ......................................................१ **विपक्षी**

ऐ.ऐ. को कार्यकारी अध्यक्ष श्रीपुरुषोत्तम खनाल.........................................................................................१

**बिषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) वमोजिम सबै बोलपत्र तथा खरिद प्रकिया रद्द गर्ने निर्णय बदर गरी हाम्रो कम्पनीको बोलपत्रलाई सम्झौता गरी पाउँ ।**

### १. निवेदकको माग दावीः

IFA No. o1/NTA.2076/77, To build Broadband Network and provide internet Access Connectivity in Dang, Banke, Bardia, Kailali and Kanchanpur खरिद प्रक्रियाको बोलपत्र रद्द गरेको बिषयमा चित्त नबुझी टेकमाईण्ड नेटवर्क प्रा.ली.का तर्फबाट मनोज थापाले रा.वा. बैक भौचर नं. ०५८५५९३३, मिति २०७६।११।०१ बाट रु. ९१,००,०००।- को भौचर संलग्न गरी सार्बजनिक खरिद ऐन, २०६३ दफा ४९(क) बमोजिम मिति २०७६।११।०१ मा बोलपत्र तथा खरिद प्रक्रिया रद्द गर्ने निर्णय वदर गरी पाउँ भनी यस समितिमा पुनरावलोकनका लागि दिएको निबेदनको मुख्य माग दाबी देहाय वमोजिम छ ।

१.१ विपक्षी प्राधिकरणले २३ जुलाई, २०१९ मा (To build Broadband Network and provide internet Access connectivity in 5 district Dang, Banke, Bardiya, Kailali and Kanchanpur) under IFA No.01/NTA.2076/77 को काम गराउन प्रस्ताव माग गरेकोमा यस प्रा.लि.ले पनि २१ अगष्ट, २०१९ मा प्रस्ताव दर्ता गराएको थियो । उक्त कार्यको लागि तीनवटा बोलपत्र परेकोमा हाम्रो बोलपत्र सवै किसिमले सारभुतरुपमा प्रभावग्राही हुँदा हुँदै २८ जनवरी, २०२० मा “Your Quoted subsidy amount of application is substantially high (90% of estimated subsidy) So Nepal Telecommunication Authority (NTA) decided to cancel the all applications and bidding process. भनी जानकारी पाएकोले हामीले बिपक्षी कार्यालयका प्रमुख समक्ष मिति २०७६।१०।२० गतेका दिन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) बमोजिम निर्णय पुनरावलोकनका लागि निवेदन दिएकोमा बिपक्षी कार्यालयबाट २०७६।१०।२४ गतेको पत्रद्धारा उक्त जिल्लाहरुको लागि प्राप्त भएको आवेदन अध्ययन मुल्याङ्कन गर्दा प्रस्तावित परियोजना यस अघि प्रदान गरिएको परियोजना भन्दा तुलनात्मक रुपमा सुगम स्थान रहेतापनि यस अघि सँम्हौता गरिएका आवेदनहरुको तुलनात्मक अध्ययन गर्दा सेवाप्रदायकहरुले माग गरेको अनुदान अस्वाभाबिक रुपमा बढी देखिएको साथै तँहाले समेत अन्य परियोजनामा यति बढी अनुदान माग नगरेको तर यस परियोजनामा ९० प्रतिशत भन्दा बढी अनुदान अस्वाभाबिक रुपमा माग गरेको हुनाले तँहाको प्रस्ताव समेत स्वीकार गर्न नसकी खरिद प्रकृया रद्ध गरिएको भन्ने जानकारी गराएको रहेछ । विपक्षीबाट भएको गैरकानूनी निर्णय वदर गरी निवेदकलाई बोलपत्रमा छनौट गर्ने आदेश गरी सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद सम्झौता गर्नका लागि समेत विपक्षीहरुको नाममा आदेश जारी गरी पाँउ ।

१.२ दूरसंचार ऐन, २०५३ को दफा ३०(४) मा ग्रामीण क्षेत्रमा एक कोष खडा गर्नेछ र अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको बार्षिक आयको २ प्रतिशत रकम सो कोषमा जम्मा गर्नुपर्ने भन्ने व्यवस्था गरेको, दफा ३०(५) मा उपदफा (४) बमोजिमको कोषमा जम्मा भएको रकम प्राधिकरणले ग्रामीण क्षेत्रमा दूरसंचार सेवाको विकास, विस्तार र संचालनका लागि प्रयोग गर्नुपर्ने प्रावधान रहेको तथा दफा ३०(६) मा उपदफा (५) बमोजिम दूरसंचार सेवाको विकास, विस्तार र संचालन गर्न प्राधिकरणले कुनै अनुमतिपत्र प्राप्त व्यक्तिलाई मात्र तोक्न सक्ने र त्यस्तो व्यक्तिले प्राधिकरणले तोके बमोजिमको ग्रामीण क्षेत्रमा दूरसंचारको विकास, विस्तार र संचालन गर्नु पर्ने व्यवस्था गरेको छ ।

१.३ दूरसंचार ऐन, २०५३ को दफा ३०(४),(५) र (६) को कानूनी व्यवस्थालाई कार्यन्वयन गर्न विपक्षी प्राधिकरणले जारी गरेको नेपाल दूरसंचार प्राधिकरण (ग्रामीण दूरसंचार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले प्रतिबर्ष कोषमा बार्षिक आयको २ प्रतिशत रकम जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ भने विनियम ६ मा उक्त कोषको रकमको प्रयोग गर्ने व्यवस्था रहेको तथा ऐनको प्रावधान बमोजिम कोषको रकमबाट ग्रामीण दूरसंचार विकासका लागि विनियम १३ बमोजिम अनुमतिपत्र प्राप्त सेवा प्रदायक छनौट गरी कार्य गर्न पाउने व्यवस्था रहेको छ । यसरी उपरोक्त कानूनी व्यवस्था अनुरुप विपक्षी प्राधिकरणले नेपाल सरकारको राष्ट्रिय नीतिलाई कार्यान्वयन गर्न दाङ, बाँके, बर्दिया, कैलाली तथा कंचनपुर क्षेत्रमा ब्रोडव्याण्ड सेवा उपलब्ध गराउनका लागि मिति २०७६।४।७ मा बोलपत्र प्रस्ताव माग गरेको थियो । उक्त बोलपत्र प्रस्ताबमा निवेदक सहित तीन सेवा प्रदायकले आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गरेका थिए ।

१.४ विपक्षी प्राधिकरणबाट पर्न आएको बोलपत्रहरु मध्येबाट कानून बमोजिम छनौट गर्ने प्रयोजनका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१ तथा नेपाल दूरसंचार प्राधिकरण (ग्रामीण दूरसंचार विकास कोष) विनियमावली, २०६८ को विनियम १३ मा रहेको व्यवस्था बमोजिम मुल्याङ्कन समिति गठन भई उक्त समितिबाट प्रस्तावक कम्पनीहरु मध्ये एकको प्रस्ताव प्रारम्भिक चरण मै अस्वीकृत भएको तथा बाँकी रहेको २ कम्पनीहरु मध्ये निवेदक कम्पनीको बोलपत्र अनुसारको सम्पूर्ण योग्यता पुगी सम्झौताका लागि जानकारी प्राप्त हुने आशामा रहेकोमा मिति २०७६।१०।१४ (२८,जनवरी २०२०) मा प्रस्तावमा लागत (Estimate) रकमको ९० प्रतिशत भन्दा बढी Subsidy माग गरेको कारण प्रस्ताव रद्द गरिएको भनी लिखित जानकारी गराएकोमा निवेदक कम्पनीले सार्वजनीक खरिद ऐन, २०६३ को दफा ४७(१)(३) बमोजिम बोलपत्र नपाउनु पर्ने कुनै कानूनी आधार नभएको अवस्थामा बोलपत्र रद्द गर्ने निर्णय मिलेको देखिदैन । विपक्षी प्राधिकरण नेपाल सरकार

अन्तर्गतको कार्यालय भएको हुँदा विपक्षीले समेत अनिवार्य रुपमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको अधिनमा रही मात्र कुनै पनि खरिदको कार्य गर्नुपर्ने हुन्छ । बोलपत्र तथा खरिद कारवाही रद्ध गर्नका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ बमोजिमको अवस्था बिद्यमान भएमा मात्र गर्न सकिने हुन्छ । बोलपत्र रद्द गरेको कारणमा उक्त ऐनको दफा २६ को अवस्था देखाउन सकेको अवस्था छैन ।

१.६ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ को (क) देखी (च) सम्मको अवस्थामा मात्र बोलपत्र उपर कारवाही नहुने हो । नेपाल दुर सँचार प्राधिकरण खरिद बिनियमावली, २०७३ को बिनियम ७९ मा बोलपत्र उपर कारवाही नहुने अवस्था उल्लेख छ । सोही बिनियमावलीको बिनियम ८६ मा बोलपत्र अस्विकृत गर्ने वा खरिद कारवाही रद्ध गर्ने गरी कानुनी व्यबस्था गरेकोमा सोको समेत उल्लेख नगरी कुनै पनि कानुनी आधार बिना बोलपत्र तथा खरिद प्रकृया नै रद्द गर्ने गरी गरेको निर्णय गैरकानूनी छ ।

१.७ विपक्षीबाट जारी नेपाल दूरसंचार प्राधिकरण (ग्रामीण दूरसंचार विकास कोष) विनियमावली, २०६८ को विनियम १२ तथा १३ मा समेत प्रतिस्पर्धाका आधारमा सेवा प्रदायक छनौट गर्नु पर्ने र आवेदन गरेको सेवा प्रदायक मध्येबाट सारभुतरुपमा प्रभावग्राही कायम रहेको अवस्थामा अनुदान रकम कम भएको अवस्थामा कुनै पनि कानूनले यति प्रतिशत भन्दा बढि अनुदान रकम माग गर्नेको बोलपत्र रद्द गर्न पर्ने भन्ने व्यवस्था नै नरहेको भएपनि केवल निवेदकले ९० प्रतिशत भन्दा बढी अनुदान रकम माग गरेको भन्ने गलत तर्कको आधारमा बोलपत्र तथा खरिद प्रकृया नै रद्द गर्ने कुरा गैरकानूनी तथा अवैधानिक छ ।

१.८ बोलपत्रका लागि जारी गरेको RFA को पाना नं.५३ मा उल्लेख गरिएको Estimate Subsidy Cost Rs 1,000,000,000.00 को केवल यति प्रतिशत भित्र रहेर मात्र बोलपत्रमा Subsidy माग गर्ने गरी भाग लिनु पर्ने भनी कुनै पनि शर्तमा उल्लेख नगरिएको तथा प्रि–विड मिटिङ्गमा समेत यस्तो प्रकारको कुनै कुरा पनि जानकारी नगराई यस भन्दा पहिला यति धेरै अनुदान रकम माग नगरेको भन्ने आधार लिई अन्य कानूनी प्रकृयामा कुनै खोट नदेखाई कानूनबाट बन्देज नगरिएको कुराको हवाला दिई निवेदकलाई बोलपत्रमा छनौट हुनबाट रोक लगाउने गरी बोलपत्र तथा खरिद प्रकृया नै रद्द गर्ने गरी गरिएको निर्णय गैरकानूनी रहेको छ ।

१.९ अतः माथि उल्लेखित तथ्यका आधारमा विपक्षी प्राधिकरणबाट सार्वजनीक खरिद ऐन २०६३, नियमावली, २०६४ तथा नेपाल दूरसंचार प्राधिकरण (ग्रामीण दूरसंचार विकास कोष) विनियमावली, २०६८ , नेपाल दुर साचार प्राधिकरण खरिद बिनियमावली, २०७३ समेतमा रहेको कानूनी व्यवस्थाको गम्भिर उलंघन हुने गरी बोलपत्रको मर्म विपरित कानूनको परिभाषा भित्र नपर्ने तर्क ९० प्रतिशत भन्दा बढि अस्वाभाबिक अनुदान माग गरेको भन्ने तथ्य देखाई बोलपत्र तथा खरिद प्रकृया नै रद्द गर्ने गरी गरेको निर्णय वदर गरी न्याय पाउँ ।

## २. सार्वजनिक निकायको प्रतिकिया

यस समितिको मिति २०७६।११।०२ को पत्रद्वारा उक्त निबेदनको सम्बन्धमा सार्वजनिक निकाय नेपाल दूर सञ्चार प्रधिकरणबाट जानकारी तथा प्रतिक्रिया माग गरेकोमा सो प्राधिकरणबाट मिति २०७६।११।०५ मा विपक्षीको निवेदन खारेजको माग गर्दै देहाय वमोजिम जानकारी तथा प्रतिक्रिया प्राप्त भएको छ ।

२.१ दूरसञ्चार ऐनं, २०५३ को दफा ३०(४) मा एक कोष खडा गरिने, दफा ३०(५) मा कोषमा जम्मा भएको रकम ग्रामीण क्षेत्रमा दूर संञ्चार सेवाको विकास, विस्तार र संचालनका लागि प्रयोग गर्नु पर्ने तथा दफा ३०(६) मा यस कामका लागि कुनै अनुमति प्राप्त व्यक्तिलाई मात्र तोक्न सक्ने र त्यस्ता व्यक्तिले ग्रामीण क्षेत्रमा उपर्युक्त कार्य गर्ने व्यवस्था भएको छ । उक्त कानूनी व्यवस्था कार्यान्वयन गर्न प्राधिकरणले नेपाल दूर संचार प्रधिकरण (ग्रामीण दूरसंञ्चार बिकास कोष) बिनियमावली, २०६८ जारी गरेको र सो बिनियमावलीको बिनियम ५ मा अनुमति प्राप्त व्यक्तिले आयको २ प्रतिशत रकम जम्मा गर्नुपर्ने र बिनियम ६ मा कोषको रकम प्रयोग गर्ने व्यवस्था गरेको तथा बिनियम १३ मा अनुमतिपत्र प्राप्त व्यक्ति छनौट गरी कार्य गराउने व्यवस्था रहेको छ ।

२.२ उपर्युक्त खरिद कार्य गर्नका लागि पहिलो पटक मिति २०७५।०९।०६ मा आबेदन माग गरिएकोमा चार कम्पनीहरुले बोलपत्रमा भाग लिएकोमा कुनै पनि बोलपत्रदाता सारभूतरुपमा प्रभावग्राही नभएकोले बोलपत्रहरु रद्द गरिएको थियो ।

२.३ बोलपत्रकागजातहरुमा आबश्यक परिमार्जन गरी मिति २०७६।४।७ मा उक्त कार्यका लागि पुनः बोलपत्र प्रस्ताव माग गरेकोमा अन्तिम म्याद मिति २०७६।०५।०४ सम्म श्री वर्ल्डलिंक कम्युनिकेशन लि., श्री भायनेट कम्युनिकेशन प्रा.लि. र श्री टेकमाईन्ड नेटवर्क प्रा.लि. ले बोलपत्रमा भाग लिएको थियो । श्री वर्ल्डलिंक कम्युनिकेसन ली.ले लागत अनुदान रकममा १० प्रतिशत् छुट दिई लागत अनुदान रकमको ९० प्रतिशत अनुदान रकम माग गरेता पनि Request for Application (RFA)ITA 13.1 H अनुसार निजको ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्नु पर्ने रकम र रोयल्टी वापतको रकम चुक्ता नहुनुको साथै RFA को Clause 5.2 अनुसार Ineligible भएको र RFA को ITA 29 अनुसार Non-responsive भएको थियो । त्यसैगरी भायनेट कम्युनीकेसन प्रा.ली. पनि RFA को Clause 5.2 अनुसार Ineligible भएको र RFA को ITA 29 अनुसार Non-responsive भएको हो । विपक्षी श्री टेकमाईण्ड नेटवर्क प्रा.ली.को बोलपत्र Elibigity Requirements, Preliminary Examination, Technical Examaination, Financial Examination मा बोलपत्रअनुसार Compiled भई Substantially Responsive भएको हो । तर कार्य क्षेत्रस्थल तुलनात्मक रुपमा सुगम स्थान भएतापनि प्रधिकरणबाट यस्तै प्रकारको कुनै पनि परियोजना यति वढी अनुदान (लागत अनुदानको ९० प्रतिसत् भन्दा वढी) माग नगरेको आधारमा खरिद प्रक्रिया रद्द गर्न मूल्यांकन समितिबाट सिफारिश गरेकोले बोलपत्र रद्द गरेको र सार्वजनिक खरिद ऐन, २०६३ को २६(३) अनुसार सबैलाई जानकारी गराई website मा पनि राखिएको थियो ।

## ३. अध्ययन अवलोकनः

श्री नेपाल दूरसंचार प्राधिकरण, कमलादी काठमाडौंले IFA No. o1/NTA.2076/77 बाट Dang, Banke, Bardia, Kailali and Kanchanpur जिल्लामा To build Broadband Network and provide internet Access Connectivity खरिदका लागि आह्वान गरेको बोलपत्रका सम्बन्धमा श्री टेकमाईन्ड नेटवर्क प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त श्री मनोज थापाले यस समितिमा दिएको निवेदनको व्यहोरा, सोसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त बोलपत्र सम्बन्धी कागजातहरु, बोलपत्रदाताले पेश गरेको बोलपत्र प्रस्ताव, प्रचलित खरिद ऐन, नियमहरु समेतको आधारमा अध्ययन अवलोकन गरिएको छ ।

३.१ यो खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ वमोजिम NCB, Single Stage, Double Envelope अन्तरगत मिति २०७६।०४।०७ को बोलपत्र आव्हानको सूचनापछि खरिद प्रकृया आरम्भ भएको देखिन्छ । यस कार्यका लागि लागत अनुमान रु.१,००,००,००,०००।- भएको भनिएकोमा बोलपत्रदाताहरुबाट देहाय वमोजिमका अनुदान रकम प्रस्ताव गरेका देखिन्छन् ।

| क्र.सं | बेलपत्रदाताहरु | कवोल रकम रु | Discount |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | World Link Communication Pvt.Ltd | 99,99,80,000.00 | 10% |
| २ | Techminds Network Pvt.ltd | 99,99,64,000.00 | 9% |
| ३ | Vionet Communication Pvt.ltd | 92,09,95,783.00 | No disc. |

३.२ दूरसंचार ऐन, २०५३ को दफा ३०(४) मा ग्रामीण क्षेत्रमा एक कोष खडा गर्ने र सो कोषमा अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको बार्षिक आयको २ प्रतिसत् रकम जम्मा गर्नुपर्ने, दफा ३०(५) मा उपदफा (४) बमोजिमको कोषमा जम्मा भएको रकम प्राधिकरणले ग्रामीण क्षेत्रमा दूरसंचार सेवाको विकास, विस्तार र संचालनका लागि प्रयोग गर्नुपर्ने तथा दफा ३०(६) मा उपदफा (५) बमोजिम दूरसंचार सेवाको विकास, विस्तार र संचालन गर्नको लागि प्राधिकरणले कुनै अनुमतिपत्र प्राप्त व्यक्तिलाई मात्र तोक्न सक्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ । यो व्यवस्था बमोजिम उपर्युक्त कार्य गर्न अनुमति प्राप्त ब्यक्तिलाई तोक्न सक्ने भएतापनि सार्वजनिक खरिद गर्दा सार्वजनिक खरिद ऐन, नियमावली र विनियमावलीमा व्यवस्था भएको खरिद प्रक्रियाको पालना गर्नै पर्ने हुन्छ । यी कानून वमोजिम भएका व्यवस्थाहरु बाझिएमा सार्बजनिक खरिद ऐनमा भएको प्रावधान सो हद सम्म लागु हुन्छ ।

३.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २(घ) तथा नेपाल दूरसञ्चार प्राधिकरण खरिद बिनियमावली, २०७३ को बिनियम २(ण) मा निर्माण कार्य भन्नाले कुनै संरचना वा कुनै कुराको निर्माण गर्ने ………… उपकरण वा मालसामान जडान गर्ने जस्ता कार्य सम्झनु पर्छ आदि उल्लेख गरी परिभाषा गरेको छ । To build Broadband Network and provide internet Access Connectivity को यो खरिद प्रकिया निर्माण कार्य अन्तरगत पर्ने देखिन्छ । मिति २०७६।०४।०६ मा लागत अनुमान स्वीकृत गरेको निर्णयमा समेत नेटवर्क निर्माण कार्य उल्लेख गरेको देखिन्छ । यो खरिद कार्यमा निर्माण कार्य गरी मालसामान समेत जडान गर्ने उल्लेख भएको देखिन्छ । तसर्थ यस खरिद कार्यको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) र सार्वजनिक नियमावली, २०६४ को नियम १० तथा नेपाल दूरसञ्चार प्राधिकरण खरिद बिनियमावली, २०७३ को बिनियम १४ वमोजिम निर्माण कार्यको लागत अनुमान तयार गरी कानूनमा ब्यवस्था भए वमोजिम स्वीकृत गर्नु गराउनु पर्ने हुन्छ । सार्वजनिक रकमको लागत अनुमान विना खर्च गर्न कुनै प्रावधान विना खर्च गर्नु उचित हुदैन । यस खरिद कार्यको उक्त कानूनी व्यवस्था अनुसार लागत अनुमान तयार गरी स्वीकृत गरेको देखिदैन ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३(१) सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने तथा ३(२) मा उपदफा (१) को प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुने व्यवस्था छ । नेपाल दूरसञ्चार प्राधिकरण खरिद बिनियमावली, २०७३ को बिनियम ३(१) र ३(२) मा पनि सोही व्यवस्थाहरु भएको पाईन्छ । यी व्यवस्था अनुसार सार्वजनिक खरिद ऐन, तथा नेपाल दूरसञ्चार प्राधिकरण खरिद बिनियमावलीको कार्यविधि पुरा नगरी गरेको खरिद स्वत: बदर तथा अमान्य हुने देखिन्छ ।

३.४ मिति २०७३।०२।३२ मा नेपाल दूरसञ्चार प्राधिकरणको ग्रामीण दूरसञ्चार बिकास कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी आधारपत्र सम्म स्वीकृत गरेको देखिन्छ ।तर सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ७ वमोजिम खरिदको गुरु योजना तयार गरी स्वीकृत गरे गराएको देखिएन ।

३.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४९ तथा नेपाल दूर सञ्चार प्राधिकरण खरिद बिनियमावली, २०७३ को बिनियम ६७ मा “दुई करोड रुपया सम्मको लागत अनुमान भएको निर्माण कार्यको बोलपत्र आह्वानको सूचनामा लागत अनुमान खुलाउनु पर्ने छ” भनी उल्लेख भएको छ । यो ब्यवस्था अनुसार दुई करोड भन्दा बढी लागत अनुमान भएको खरिद कार्यमा लागत अनुमान प्रकाशन गर्न मिल्दैन भन्ने आशय हो । तर Bid Document को पाना ५३ मा Estimated subsidy Cost Rs.100,00,00,000.(NPR one billion only) उल्लेख गरी कानूनको भावना विपरित लागत Estimated Subsidy Cost सार्वजनिक गरेको देखिन्छ ।

३.६ यस खरिद प्रक्रियामा NTA बाट अनुमति प्राप्त र कामसंग अनुभव प्राप्त कम्पनीहरुबाट खरिद कार्य गराउने प्रावधान रहेको हुँदा अनुमति प्राप्त ब्यक्तिहरु बाहेकलाई बोलपत्र पेश गर्ने अनुमति छैन । यस्ता ब्यक्तिहरुबाट खरिद गर्दा सार्वजनिक खरिद ऐनलाई पालना गर्न नपर्ने भन्ने देखिदैन ।

३.७ सार्वजनिक निकायबाट सेवा प्रदायकले माग गरेको अनुदान अस्वाभाविक रुपमा बढी (लागत अनुदानको ९० प्रतिसत्) देखिएकोले मिति जनवरी २८, २०२० को पत्रबाट निबेदकलाई निजको बोलपत्र प्रस्ताव रद्द गरेको जनाकारी दिईएको तथा यस समितिमा समेत सोही ब्यहोराको प्रतिक्रिया प्राप्त भएको छ । नेपाल दूरसंचार प्राधिकरण खरिद विनियमावली, २०७३ को विनियम २८ मा PPMO बाट जारी भएको बोलपत्र कागजातमा उल्लेख भएको ब्यवस्थामा सारभूतरुपमा फरक नपर्ने गरी शर्त राख्न सकिने उल्लेख छ । लागत अनुमान भन्दा कम कवोल गर्ने बोलपत्रदाताको कवोल अंकलाई बन्देज लगाएको देखिदैन । साथै यस्तो व्यवस्था PPMO बाट जारी भएको बोलपत्र सम्बन्धी कागजातमा समेत उल्लेख भएको देखिदैन ।

३.८ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (१) को देहायका चार अवस्थाहरुमा सम्पूर्ण बोलपत्र अस्वीकृत गर्न वा खरिद कारवाही रद्द गर्न सक्ने ब्यवस्था छ: (क) कुनै पनि बोलपत्र दफा २३ को उपदफा (२) को खण्ड (घ) वमोजिम सारभुतरुपमा प्रभावग्राही नभएमा, (क१) दफा २७ को उपदफा (६) बमोजिम प्रक्रिया अपनाउदा पनि बोलपत्रदातासंग सम्झौता हुन नसकेमा, (ख) न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमानभन्दा सारभुतरुपमा बढी भएमा वा (ग) माग गरिएको खरिद कार्य आवश्यक नभएमा । साथै उपदफा (६) मा कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित् भएमा बोलपत्र रद्द हुनेछ भनी ब्यवस्था भएको छ । त्यसैगरी नेपाल दूर सञ्चार प्राधिकरण खरिद बिनियमावली, २०७३ को बिनियम ८६(१) को (क), (ख), (ग), (घ), तथा ८६(६) को अवस्थामा मात्र बोलपत्र रद्द गर्न सक्ने व्यवस्था छ । यो बोलपत्र उपर्युक्त कानूनमा भएका ब्यवस्थाहरुलाई अवलम्वन गरी रद्द गरिएको देखिदैन ।

३.९ बोलपत्र सम्बन्धी कागजातको ITA 34.1 मा उल्लेख भएको “NTA Reserves the right to accept or reject any application, and to anul the Application process and reject all Application at any time prior to contract awward, and/or decide not to select any Licensee for award of the subsidy without thereby incurring any liability to the applicants” तथा बोलपत्र आह्वानको सूचनाको सि.नं १४ मा उल्लेख भएको “NTA Reserves the right to accept or reject, wholly or partly any or all the applications.” भन्ने व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) तथा नेपाल दूर सञ्चार प्राधिकरण खरिद बिनियमावली, २०७३ को बिनियम ८६(१) सम्मत देखिदैन ।

३.१० RFA को Section III, Application form अन्तर्गतको 1. Application Submission form को (c) मा The discounts offered and the methodology for their application are ………. उल्लेख गरी सोही स्थानमा Discounts को रकम उल्लेख गर्नु पर्ने बाध्यकारी व्यवस्था गरेको देखिन्छ । RFA को Section I, Instruction to Applicants, 15.4 मा "Attached Letter or separate Letter for Discount is not accepted. But if separate discount letter is registerd and submitted before deadline for submission of Application, it shall be considered." भन्ने उल्लेख छ । यो व्यवस्था सार्बजनिक खरिद अनुगमन कार्यालयबाट जारी निर्माण कार्यको बोलपत्र सम्बन्धी कागजात (SBD) संग मेल खाने देखिदैन । निबेदक सहित २ प्रस्तावदाताले प्रस्तावसाथ पेश गरेको Application Submission form मा Attached discount letter Separately भनी उल्लेख गरेको छ । महत्वपूर्ण बोलपत्र कागजातहरु SBD कागजातमा समाबेस भएको Format मा भरी बेलपत्र दर्ता गरेकै समयमा पेश गर्नु पर्ने हुन्छ । त्यस भन्दा पछाडि पेश गर्न कानूनले मान्यता दिदैन । बोलपत्र पेश गर्ने अन्तिम मिति २०७६।०५।०४ (२१ अगष्ट २०१९) गते १२:०० बजे सम्म र बोलपत्र खोल्ने सोही दिन १२.३० बजे भनी उल्लेख गरिएको र Discount letter उही मितिमा छुट्टै पेश गरेको भनिएपनि उक्त पत्र दर्ता भएको समय उल्लेख गरेको छैन ।

३.११ यो बोलपत्र प्रक्रिया शुरु भएको मिति २०७६।०४।०७ मा सार्वजनिक खरिद नियमावली, २०६४ मा सातौं संशोधन कार्यान्वयनमा रहेको देखिन्छ । सो नियमावलीको नियम ६५(क) मा भएको संशोधन अनुसारको प्रक्रिया अवलम्बन भए नभएको जानकरी दिने कागजात पेश भएको देखिएन ।

## ४. छलफल तथा सुनुवाईः

उक्त निबेदनका सम्बन्धमा यस समितिमा मिति २०७६।११।१५ गते १२.३० मा छलफल तथा सुनुवाईको कार्यक्रम राखिएको ।

४.१ यस कार्यक्रममा निवेदकका तर्फबाट बिद्वान अधिबक्ताहरु श्री तुलबहादुर श्रेष्ठ, श्री सरला मोक्तान र श्री करुणाकर मल्लिकले वहस पैरवी गर्नु भयो ।

४.१.१ दूरसंचार ऐन, २०५३ को दफा ३०(४) मा ग्रामीण क्षेत्रमा एक कोष खडा गर्ने र अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको बार्षिक आयको २ प्रतिसत् सो कोषमा जम्मा गर्नुपर्ने, दफा ३०(५) मा उपदफा (४) बमाजिमको कोषमा जम्मा भएको रकम प्राधिकरणले ग्रामीण क्षेत्रमा दूरसंचार सेवाको विकास, विस्तार र संचालनका लागि प्रयोग गर्नुपर्ने तथा दफा ३०(६) मा उपदफा (५) बमोजिम दूरसंचार सेवाको विकास, विस्तार र संचालन गर्नको लागि प्राधिकरणले कुनै अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाललाई मात्र खरिद गर्न तोक्न सक्नेछ र त्यस्तो व्यक्ति वा संस्थाले प्राधिकरणले तोके बमोजिमको ग्रामीण क्षेत्रमा दूरसंचारको विकास, विस्तार र संचालन गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । मेरो पक्ष टेकमाईण्ड नेटवर्क प्रा.ली.अनुमति प्राप्त कम्पनी हो । यस कम्पनीले आफनो उद्देश्य अनुसार काम गर्दै अनुभव हासिल गर्दै आएको छ । यस खरिद प्रकियाका लागि पनि रितपूर्वकको बोलपत्र बिपक्षी सार्वजनिक निकायमा दाखिला गरेको हो । हाम्रो पक्षले पेश गरेको बोलपत्र नेपाल दूर सञ्चार प्राधिकरण खरिद विनियमावली को ७९ को (घ) र (च) विरुध्द पनि देखिदैन ।

४.१.२ सार्बजनिक निकाय नेपाल दूर सञ्चार प्राधिकरणले मिति २८ जनवरी, २०२० को पत्रबाट बोलपत्र प्रस्ताव रद्द गरेको बिषयमा मेरो पक्षले सार्वजनिक निकायका प्रमुख समक्ष मिति २०७६।१०।२० मा पुनरावलोकनका लागि निवेदन पेश गरेको थियो । सार्वजनिक निकायबाट मिति २०७६।१०।२४ मा यस अघि प्रदान गरिएको परियोजना भन्दा यो परियोजना तुलनात्मक रुपमा सुगम स्थान रहेतापनि यस अघि सम्झौता गरिएको आवेदनहरुको तुलनात्मक अध्ययन गर्दा सेवा प्रदायकहरुले माग गरेको अनुदान अस्वभाविक रुपमा वढी देखिएको तथा अन्य परियोजनामा यति वढी अनुदान माग नगरेको तर यस परियोजनामा ९० प्रतिसत् भन्दा बढी अनुदान अस्वाभाविक रुपमा माग गरेको हुनाले तहाँको प्रस्ताव समेत स्वीकार गर्न नसकी खरिद प्रक्रिया रद्द गरिएको भन्ने जवाफ प्राप्त भयो । मेरो पक्षले रितपूर्वकको बोलपत्र पेश गरे तापनि बोलपत्र रद्द गरेको छ । कानूनी आधार विना बोलपत्र रद्द गर्न मिल्दैन, यो जवाफ गैरकानूनी छ । यसले मेरो पक्षलाई अपुरणीय क्षति भएको छ ।

४.१.३ सार्वजनिक खरिद ऐन, २०६३ ले पहिले गरेको खरिद सम्झौता रकमसंग हालको बोलपत्र खरिद प्रक्रियाको रकम तुलना गर्न सकिने व्यवस्था गरेको छैन । लागत अनुमान भन्दा कम छ, तर ९० प्रतिसत् भन्दा बढी अनुदान अस्वभाविक रुपमा माग गरेको भन्ने कुनै कानूनी आधार लिएको देखिन्न ।

४.१.४ बोलपत्र अस्वीकृत गर्दा सार्बजनिक खरिद ऐनको दफा २६ मा व्यवस्था भएको आधार लिएको छैन । यस दफाको उपदफा १ को खण्डहरुको आधारमा मात्र बोलपत्र अस्वीकृत वा रद्द गर्न सकिन्छ । यस निकायमा Budget Source को पनि अभाव छैन । Source को वारेमा SBD को Section 4(3) (पाना ५१) मा १७ Billion रकम रहेको उल्लेख छ । मेरो पक्षले लागत अनुमानको एक अर्व मध्ये करिब ९० अर्बमा काम गर्छु भनी प्रस्ताब गरेको छ, त्यसैले हाम्रो प्रस्ताव सारभूतरुपमा प्रभावग्राही छ । पत्रको जवाफमा Substantially High भनिएको छ तर लागत अनुमान भन्दा तल छ । यो कसरी बढी हुन्छ ? विपक्षी संस्था कानून्ले स्थापना गरेको संस्था हो । यसले कानूनको अक्षरसः पालना गर्नु पर्छ । यस ब्यवस्थालाई वास्ता नगरी मेरो पक्षको बोलपत्र रद्द गर्नु कानून्को खिलाफ हो ।

४.१.५ यो टेण्डर अरु भन्दा फरक छ । यसमा अनुमति प्राप्त कम्पनीले मात्र भाग लिन पाउछन् । त्यही अनुमति पाएका तीन कम्पनीहरुले बोलपत्र दाखिल गरे । Pre-bid meeting सम्म पनि केही संकेत दिईएन । एक्कासी बोलपत्र रद्द गरियो ।

अतः सार्बजनिक निकायबाट बोलपत्र प्रस्ताब रद्द गर्ने गरी गरिएको निर्णय एवं प्रकाशित सूचनाका सम्बन्धमा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(ख)(३) पूनः मूल्यांकन गर्न आदेश जारी गरी पाउँ ।

४.२ सार्वजनिक निकाय नेपाल दूर सञ्चार प्राधिकरणका तर्फबाट उपनिर्देशक कानून श्री रेवती रमण पन्थले छलफलमा भाग लिनु भयो ।

४.२.१ यो बोलपत्रबाट Network Service Provider (NSP) र Internet Service Provider (ISP) को काम गर्ने गरी प्रस्ताब माग गरिएको हो । यो काम निर्माण सम्पन्न भएपछि हस्तान्तरण गर्ने प्रकृतिको काम होईन । यो बोलपत्रमा यी सेवा प्रदान गर्न अनुमति प्राप्त सेवा प्रदायकले मात्र सहभागी हुन पाउछ । Techmind Network Pvt.Ltd. पनि सोही अनुसार अनुमति प्राप्त कम्पनी हो ।

४.२.२ दुर सञ्चार ऐन अनुसार ग्रामीण दूर सञ्चार कोषको व्यवस्था भएको हो । यो कोषमा अनुमति प्राप्त सेवा प्रदायकबाट बार्षिक आयको २ प्रतिशत रकम दाखिला गर्नुपर्ने व्यवस्था भएको छ । सोही रकमबाट खर्च गर्ने गरी यो बोलपत्र आह्वान गरिएको हो ।

४.२.३ देशभरी यो कार्य गर्नका लागि १८ वटा आयोजना तयार गरिएको र ती सबै आयोजनाका काम एउटै सेवा प्रदायकबाट सम्पन्न गर्न नसकिने हुँदा दांग, बाँके, बर्दिया, कैलाली, र कञ्चनपुर जिल्लाका लागि यो आयोजना तयार गरिएको हो ।

४.२.४ उक्त आयोजनाका लागि यो दोश्रो पटक बोलपत्र आह्वान गरिएको हो । पहिलो पटक आह्वान भएको बोलपत्रमा प्रस्ताब पेश गर्ने ४ वटै बोलपत्रदाताको प्रस्ताब सारभूतरुपमा प्रभावग्राही हुन नसकेकोले उक्त बोलपत्र रद्द भयो । दोश्रो पटक आह्वान भएको बोलपत्रमा श्री टेकमाईण्ड नेटवर्क प्रा.ली., श्री वर्ल्डलिंक कम्युनिकेसन लि. र श्री भायनेट कम्युनिकेशन प्रा.लि.समेतको ३ वटा बोलपत्र प्रस्ताब पेश हुन आयो । बोलपत्र कागजातको योग्यताको आधारमा ग्रामीण दूर सञ्चार शुल्क सबै बुझाएको हुनुपर्ने उल्लेख भएकोमा श्री वर्ल्डलिंक कम्युनिकेसन लि. र श्री भायनेट कम्युनिकेशन प्रा.लि.ले उक्त शुल्क बुझाउन बाँकी राखेकोले ती २ सेवा प्रदायकहरु मूल्यांकनमा असफल हुन पुग्यो । Techmind Network Pvt.Ltd. ले सबै योग्यताको आधार पुरा गरे पनि पहिलो पटक आह्वान भएको बोलपत्रमा प्रस्ताब पेश गर्ने बोलपत्रदाताहरुबाट ७० प्रतिशत सम्म Discount Offer गरेकोमा निजले ९ प्रतिशत मात्र Discount Offer गरेको, निज बोलपत्रदाताले यस अघि संझौता गरी कार्य गरिरहेको आयोजनामा लागत अनुमानको ५५ देखि ६६ प्रतिशत सम्ममा काम गरेकोमा उक्त माग गरेको अनुदान रकम बढी भएकोले बोलपत्र आह्वानको सूचना नं. १४ मा उल्लेख भएको व्यवस्था "NTA Reserves the right to accept or reject, wholly or partly any or all the applications." अनुसार निजको समेत बोलपत्र रद्द गरिएको हो ।

उल्लेखित तथ्यहरुको आधारमा निबेदकले समितिमा पेश गरेको निबेदन खारेज गरी पाउँ ।

**५. समितिको निर्णयः**

Dang, Banke, Bardia, Kailali and Kanchanpur जिल्लामा Broadband Network and provide internet Access Connectivity खरिद गर्न आह्वान भएको बोलपत्र रद्द गर्ने गरिएको पत्रका सम्बन्धमा वोलपत्रदाता निवेदक श्री टेकमाईण्ड नेटवर्क प्रा.ली. को तर्फबाट अख्तियार प्राप्त श्री मनोज थापाले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निवेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजातहरु, सार्वजनिक निकायबाट प्राप्त कागजातहरु, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्थाहरु, नेपाल दूरसञ्चार प्राधिकरण खरिद बिनियमावली, २०७३ मा भएको ब्यवस्थाहरु, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ यो खरिद प्रक्रिया निर्माण कार्य अन्तरगत पर्ने देखिदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० तथा नेपाल दूरसञ्चार प्राधिकरण खरिद बिनियमावली, २०७३ को बिनियम १४ वमोजिम लागत अनुमान तयारी एवं स्वीकृत भएको गरेको देखिदैन ।

५.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४९ तथा नेपाल दूर सञ्चार प्राधिकरण खरिद बिनियमावली, २०७३ को बिनियम ६७ मा भएको कानूनी व्यवस्था प्रतिकूल हुनेगरी दुई करोड भन्दा बढी लागत अनुमान भएको खरिद कार्यको लागत अनुमान RFA मा प्रकाशन गरेको कानून सम्मत छैन ।

५.३ RFA को Section I.15.4 मा "But if separate discount letter is registerd and submitted before deadline for submission of Application, it shall be considered." भन्ने व्यवस्था PPMO बाट जारी निर्माण कार्यको SBD अनुकुल छैन ।

माथि उल्लेखित बुदाँ नं. ५.१, ५.२ र ५.३ मा उल्लेख भएका ब्यहोराहरुका सम्बन्धमा सार्बजनिक निकाय नेपाल दूर सञ्चार प्राधिकरणको ध्यानाकर्षण गरिन्छ ।

५.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (१) को (क), (क१),(ख) (ग) र उपदफा (६) तथा नेपाल दूर सञ्चार प्राधिकरण खरिद बिनियमावली, २०७३ को बिनियम ८६(१) को (क), (ख), (ग), (घ) र उप बिनियम (६) को अवस्थामा मात्र सार्बजनिक निकायले बोलपत्र अस्वीकृत गर्न वा खरीद कारबाही रद्द गर्न सक्ने व्यवस्था भएकोमा सार्बजनिक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले यो खरिद कारबाही रद्द गर्दा ९० प्रतिशत भन्दा बढी अस्वाभाबिक रुपमा अनुदान माग गरेको आधारमा खरिद प्रक्रिया रद्द गर्न निर्णय गरी मिति २०७६।१०।१४ (२८ जनवरी २०२०) को पत्रद्वारा जारी गरेको सूचना सो हदसम्म सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(ख)(२) बमोजिम पूर्णरुपमा रद्द गर्न आदेश दिएको छ । अरु कानून बमोजिम गर्नु; तपशील बमोजिम गर्नु ।

**<u>तपशील</u>**

(१) यो निर्णयको जानकारी दुबै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको नगद धरौटी नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

.......................... ........................
कमलकुमार श्रेष्ठ — सदस्य
गुणराज श्रेष्ठ — अध्यक्ष

इति सम्वत् २०७६ साल फाल्गुन ३० गते रोज ०६ शुभम्.................................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १२२**

**आ.व. २०७६/७७ को निर्णय नं १६**

चितवन जिल्ला भरतपुर महानगरपालिका व.नं. २ स्थित रजिष्टर्ड कार्यालय रहेको ओएसिस इन्जिनियर्स एण्ड विल्डर्स प्रा.लि का तर्फबाट अख्तियार प्राप्त रामाचन्द्र तिमिल्सिना सम्पर्क नं. ९८५१०९९६५३.......................................१ **पुनरावलोकनकर्ता पक्ष**

बिरुद्ध

सडक पुर्वाधार विकास कार्यालय, रोल्पा प्रदेश नं.५ नेपाल सम्पर्क नं. ९८५७०६६७१२....१ **विपक्षी**

**बिषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) वमोजिम पुनरावलोकन गरी पाऊँ साथै प्रस्तुत ठेक्का प्रकिया यथास्थितिमा रोकी पाऊँ।**

**१. निवेदकको माग/दावीः**

Contract ID: IDO/PYU/ROL/W/RO/NCB/30/076/77, Upgrading of Rampur-Kapurkot Road (Nigalepani-Dahawan Section road 11.5Km. Rolpa) को प्राविधिक प्रस्तावको मूल्यांकनमा चित्त नबुझी ओएसिस इन्जिनियर्स एण्ड विल्डर्स प्रा.लि.का तर्फबाट अख्तियारप्राप्त रामाचन्द्र तिमिल्सिनाले प्रभु बैंक लि.बबरमहल काठमाडौंको रेफ नं. पि१०९०आइपी१८७२६७, मिति २०२०।०३।२३ को २०२०।०७।०१ सम्म म्याद भएको रु.६,४०,०००।-को बैक ग्यारेन्टी सहित यस समितिमा मिति २०७६।१२।१० मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) वमोजिम पुनरावलोकनको लागि दर्ता गराएको निवेदनमा प्रमुख माग दावीहरु देहाय वमोजिम देखिन्छन्:-

१.१ Line of Credit नबुझाउने बोलपत्रदाताहरु समेत योग्य भनी मिति २०७६।१२।०५ मा प्रकासित सूचनाले प्रकियामा सारभूत एवं कार्यविधिगत त्रुटी गरेकोले हानी नोक्सानी पर्ने भएकोले सूचना खारेज गरी E-bidding को माध्यमबाट PPMO ले निर्धारण गरे वमोजिम सार्वजनिक निकायबाट जारी भएको SBD मा समावेस Format अनुसार Line of credit समावेश नगरी बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावको तहमा नै Non-responsive ठहर गरी आर्थिक प्रस्तावको मुल्यांकनमा समावेस नगर्नु भनी विपक्षी कार्यालयका नाउँमा आदेश गरी पाउँ भनी निवेदन पेस गरेको देखिन्छ।

१.२ बोलपत्र प्राप्त भएपछि ऐनको दफा २३(२) वमोजिम बोलपत्रहरुको परीक्षण गरी योग्य र अयोग्य बोलपत्रदाताहरु अलग गरी प्रारम्भिक मूल्यांकन गरेको पाइदैन, विपक्षीको सबैलाई एकै ठाउँमा राख्ने कार्य कानूनीरुपमा त्रुटीपुर्ण देखिन्छ। सार्वजनिक निकायले बोलपत्रहरुको मूल्यांकनका बैधताको अपेक्षा गरेको हुन्छ। यस्तो कुरा Legimate Expectation को शिध्दान्तको दृष्टीकोणमा उचित ठहर्दैन।

१.३. आर्थिक प्रस्तावमा समावेस गर्ने गरी गरिएको निर्णय प्रथम दृष्टीमा नै कानूनको मुल्य र मान्यता भन्दा बाहिर गएर गरिएको कार्य वदर योग्य छ।

**२. सार्वजनिक निकायको प्रतिकिया**

यस समितिबाट मिति २०७६।१२।१०, च.नं.६१ को पत्रबाट सडक पूर्वाधार विकास कार्यालय, रोल्पा, प्रदेश नं.५ लाई निवेदक M/S Oasis engineer & Builders pvt.Ltd.ले पेश गरेको निवेदनका बिषयमा जानकारी तथा प्रतिकिया माग गरी पठाएकोमा सो कार्यालयबाट कागजातहरु सलग्न गरी पठाएको भनी प.सं.०७६।७७, च.नं. ८७९, मिति २०७६।१२।१२ को पत्र E-mail मार्फत प्राप्त भएकोमा पुनः सोही कार्यालयको च.नं. १०१९, मिति २०७७।०२।०६ को E-mail मार्फत प्राप्त पत्रमा COVID-19 को महामारीको कारणले देशमा बिद्यमान Lockdown ले गर्दा छलफल कार्यक्रमा उपस्थित हुन नसक्ने उल्लेख गर्दै देहायको प्रतिक्रिया प्राप्त भएको देखिन्छ।

२.१ बोलपत्रदाताहरुले तोकिएको काम गर्न सक्ने हैसियत राख्ने नराख्ने कुरा बोलपत्रदाताहरुको Average Annual Construction Turn over, Work Experience, Networth, Bidding Capacity, Equipment Capabilities र Man power हो। यो सबै Criteria पुर्ण देखिएमा बोलपत्रदाताहरु तोकिएको काम गर्न सक्षम छ भन्ने बुझिन्छ।

२.२ सार्बजनिक खरिद नियमावली, (आठौं संशोधन) २०७६ अनुसारको Standard Bidding Document (SBD) Upload हुन गएको र समयमा त्रुटी सच्याउन नसकिएको। उक्त संशोधित नियमावली अनुसार (SBD) Upload भएतापनि सार्बजनिक खरिद नियमावली, (नवौं संशोधन) २०७६ आईसकेको अवस्थामा नवौं संशोधन अनुसार टेण्डर मूल्यांकन नगरिदा पुनः त्रुटी दोहोरिने हुँदा नवौं संशोधन अनुसारनै मूल्यांकन गरिएको। यो बोलपत्रमा कुनै बोलपत्रदाताहरुले सार्बजनिक खरिद नियमावली, (आठौं संशोधन) २०७६ अनुसार LOC पेश गरेकाछन् भने कुनै बोलपत्रदाताहरुले सार्बजनिक खरिद नियमावली, (नवौं संशोधन) २०७६ अनुसार। निजहरुले यदि बोलपत्र सफल भएमा सम्झौता बखत पेश गर्छु भनी Commitment गरेको छन्। यी दुवै अवस्थामा जुन उद्देश्यको लागि नियमावलीमा आठौं र नवौं संशोधनमा LOC को व्यवस्था गरिएको हो त्यो उद्देश्यबाट यो बोलपत्र बञ्चित नहुने व्यहोरा बोलपत्र मूल्यांकन समितिको ठहर छ।

२.३ सार्बजनिक खरिद नियमावली, (नवौं संशोधन) २०७६ आइसकेको अवस्थामा AACT, Work Experience, Networth, Bidding Capacity, Equipment Capabilities र Man power मा पूर्णता देखिएका बोलपत्रदातालाई प्रतिश्पर्धामा नल्याउनु प्रतिश्पर्धा संकुचित हुने देखिन्छ, जो बोलपत्र आह्वानको मूल मान्यता बिपरित छ।

२.४ सार्बजनिक खरिद नियमावली, (आठौं संशोधन) २०७६ वा सार्बजनिक खरिद नियमावली (नवौं संशोधन), २०७६ मा व्यवस्था गरिएका LOC को मूख्य उद्देश्य निर्माण व्यवसायीलाई कार्यालयले समयमा भुक्तानी दिन नसकेको अवस्थामा समेत रकमको अभावमा काम रोक्नुपर्ने अवस्था सिर्जना नहोस, सार्बजनिक निर्माणको काम समयमा सम्पन्न नहुने जोखिम नहोस र सर्बसाधारणले त्यो योजनाको उपयोग समयमै गर्नुपर्ने अधिकारबाट बञ्चित हुन नपरोस भनी बैंकबाट उक्त कार्यको लीग Credit Facilities लिने सुनिश्चिता हो। नियमावली (आठौं संशोधन)

२०७६ मा बोलपत्रदाताहरुले पहिले पेश गर्नुपर्ने हुन्छ भने नवौं संशोधन २०७६ मा सम्झौताको बखत पेश गर्नुपर्ने प्रावधान राखिएको छ । यी दुवै स्थितिमा सफल बोलपत्रदाताले LOC पेश गर्नु पर्ने हुन्छ ।

**३. अध्ययन अवलोकन:**

३.१ Contract ID NO: IDO/PYU/ROL/W/RO/NCB/30/076/77, Upgrading of Rampur-Kapurkot Road (Nigalepani-Dahawan Section road 11.5Km. Rolpa) संग सम्बन्धि खरिद प्रक्रियाको बिषयमा सार्वजनिक निकायलाइ प्रतिक्रिया र कागजातहरु पेश गर्न यस समितिको मिति २०७६।१२।१० मा पत्र पठाएको थियो । सार्वजनिक निकाय सडक पूर्वाधार विकास कार्यालय, रोल्पा, प्रदेश नं.५ बाट मिति २०७६।१२।११ गते देखि नेपाल सरकारले नेपालभरी Lockdown को घोषणा भएको कारणले उपस्थित् हुन नसक्ने भइ प्रतिक्रिया र कागजातहरु च.नं. ८७९, मिति २०७६।१२।१२ र च.नं. १०१९, मिति २०७७।०२।०६ साथ E-mail मार्फत पत्र पठाएको पत्र प्राप्त भएको देखिन्छ ।

३.१ यस निर्माण कार्य खरिद गर्न सार्बजनिक निकाय सडक पूर्वाधार बिकास कार्यालय, रोल्पाले मिति २०७६।१०।०५ (१९ जनवरी, २०२०) मा Bid Security रु.६४ लाख माग गरी बोलपत्र आह्वानको सूचना प्रकासित् गरेको देखिन्छ ।

३.२ नेपाल कानून् ब्याख्या सम्बन्धी ऐन, २०१० को दफा ९ मा हदम्याद, म्याद तारिखमा हाजिर हुनु पर्ने दिन अड्डा वा अदालत विदा वा तातिल भएमा जुन दिन अड्डा वा अदालत खुल्ने हो सो दिन हाजिर हुनेको हदम्याद तारिख गुज्रन सक्तैन । म्याद भित्रै हाजिर भएको मानिन्छ । यो निबेदन मिति २०७६।१२।१० गते दर्ता भएको छ । सो मिति पछि नेपाल सरकारको विभिन्न निर्णयानुसार देश Lock Down भयो । तस् पश्चात् प्रबेश आदेश विना घर परिसरबाट बाहिर निस्कने अवस्था रहेन । पछि कार्यालय आवत्जावत गर्न अनुमति प्राप्त भयो । त्यस पछि यस खरिद कार्यका कारवाइ प्रकृया अगाडी बढाइयो ।

३.३. उपर्युक्त खरिद कार्यका लागि मिति २०७६।१२।०५ मा प्रकाशित Openning of Financial Bids को सूचनामा, जसमा निवेदक कम्पनीको समेत नाम छ, देहायका बोलपत्रदाताहरुको नाम प्रकासित् भएको देखिन्छ :

| क.सं. | बोलपत्रदाताहरुको नाम | वतन |
|---|---|---|
| १ | M/S Kankai International Builders Pvt.Ltd. | Sifal-07, KTM |
| २ | M/S Dev & Sayer/Sunil Sameer JV | Nayagaun-7 Gulmi |
| ३ | M/S Dhulikhel/Jaljala /Siddartha Darsan JV | Buddhanagar-KTM |
| ४ | M/S Rautaha/PK JV | Ghorahi-Dang |
| ५ | M/S Gajurmukhi/Shiva Shakti/Tirupate JV | Nayabaneshwor-10 |
| ६ | M/S Oasis engineer & Builders pvt.ltd | भरतपुर, २ चितवन |

३.४ सार्वजनिक निकायले “Opening of Financial Bids को प्रकाशित सूचनामा चित्त नबुझी बोलपत्रदातामध्येका क.म. संख्या ६ का M/S Oasis engineer & Builders pvt.ltd ले मिति २०७६।१२।०६ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम कार्यालय प्रमुखलाई सम्बोधन गरी पुनरावलोकनको लागि निवेदन दिएको र सो निवेदनमा PPMO बाट निर्धारण गरेको SBD मा संलग्न Format मा Line of Credit पेश नगर्ने उपर्युक्त खण्ड ३.३ मा उल्लिखित् बोलपत्रदाताहरु समेतको आर्थिक प्रस्ताव खोल्ने आशयको सूचनामा नाम प्रकासित् गरिएकोले ऐनको दफा २३ र २४ वमोजिम मूल्यांकनमा समावेस गर्न नमिल्ने उल्लेख गरी ती नामहरु हटाई संशोधित सूचना जारी गर्न माग गरेको देखिन्छ ।

३.५ सार्वजनिक निकायको मिति २०७६।१२।०९ को पत्रबाट “Contract ID: IDO/PYU/ROL/W/RO/NCB/30/076/77 को बोलपत्रहरुको सार्वजनिक खरिद नियमावली, २०७६ (नवौं संशोधन) को दफा ११० अनुसार मूल्यांकन गरिएको, Line of Credit, सफल बोलपत्रदाताहरुले सम्झौताको बखत पेश गर्नुपर्ने व्यवस्था रहेकोले जुन उद्देश्यको लागि Line of Credit को व्यवस्था ऐनमा गरिएको हो, त्यो उद्देश्यबाट यो बोलपत्र बन्चित नहुने हुँदा नवौं संशोधन अनुसार Line of Credit पेश गरेको बोलपत्रहरुलाई समेत आर्थिक प्रस्तावमा समावेश गर्ने निर्णय गरिएको, यसो गर्दा बढी भन्दा बढी प्रतिस्पर्धा रहने र मुल मर्म नियमावलीको नवौं संशोधन आइ सकेको अवस्थामा आठौं संशोधनमा भएको Line of Credit लाई आधार मानी बोलपत्रहरु आर्थिक प्रस्तावमा समावेस नगर्न उपयुक्त नहुने” ब्यहोराको जवाफ दिएको देखिन्छ ।

३.६ निज निवेदकको प्रमुख माग दावीहरुमा (क) SBDबाट तोकिएको Line of Credit नबुझाउने बोलपत्रदाताहरु समेत प्राविधिक प्रस्तावमा सफल भएको भनी मिति २०७६।१२।०५ मा Opening of Financial Bids मा प्रकासित् सूचनाले प्रक्रियामा सारभूत एवं कार्यविधिगत त्रुटी गरेकोले हानी नोक्सानी पर्ने र (ख) बोलपत्रहरु प्राविधिक तहमा नै Non-responsive भएकोले सूचना खारेजीको माग रहेको देखिन्छ ।

३.७ प्रकाशित सूचना र bidding document को Section III: Evaluation and Qualification Criteria पाना ४० र ४२ को २.३.२, २.४.२( a) र (b) मा उपर्युक्त खरिद कार्यमा भाग लिन चाहनेहरुको मुख्य योग्यताहरु उल्लेख गरिएका छन् । 2.3.2 (a) मा Minimum Average Annual Construction Turn over of the best 3 years within the last ten years (IN SBD-Out of last ten years) NPRs one hundred eighty two million five hundred Thousand, (b) मा Minimum Work Experience of similar size and nature:- At least one Bituminous surface road construction contracts within the last 5 years, each with a value of at least NPRs one hundred Ninety five million……as descrided in section vi र (c) मा Key activities:-bituminous surface works:-= 84000.00 sqm in single contract हुनुपर्ने व्यवस्था गरिएका छन्।

यस खरिद प्रक्रियाको Bid Addendum No-1 बाट Qualification 2-4-2 मा र Addendum no.2 बाट Place of opening of bids संशोधन गरिएको देखिन्छ ।

३.८ माथी बुँदा नं.३.३ मा उल्लिखित् बोलपत्रदाताहरुको Bid Response Documents को Section III : Evaluation and Qualification Criteria अध्ययन गर्दा देहाय वमोजिम कैफियत देखिन्छ:- नं. १ मा उल्लेख भएको Responsive गरिएका बोलपत्रमा कुनै कैफियत पाइएन । नं. २ को Responsive गरिएका बोलपत्रमा Power of Attorny संलग्न देखिएन र Key personnel को Form मा Position खाली राखेको छ । Specific Construction Experience को 2.4.2 (a) र (b) माग गरिएको परिमाण कम देखिन्छ तथा Equipment र Manpower को संख्या पुग्ने देखिदैन । नं. ३ को २.३.२ मा Average Annual Turnover अष्पस्ट छ । २.४.२(a) र (b) Key activities माग भन्दा कमछ । २.६.मा Equipments कम छ । Proposed Personnel को Format मा Position उल्लेख छैन । उक्त JV द्वारा पेश गरेको बोलपत्रमा

SBD को २.३.२ बमोजिम Last ten yearsvको रु.१८,२५,००,०००। को निर्माण कार्यको अनुभव आवश्यक पर्नेमा रु ११,३४,५५,६८५। (Fin २ अनुसार) देखिन्छ । Equipment को Detail नभरेको, Form PER-1 मा कर्मचारीको Position खुलाएको देखिदैन । सि.नं ४ को बोलपत्रदाताले बोलपत्रमा पेश गरेको बोलपत्र response मा 2.3.2 को AATA मा रु ११३५ लाख उल्लेखछ, २.४.२(a) Contract similar size and nature check गर्नु पर्ने , equipment detailed form खाली देखिन्छ, Form PER-1 मा कर्मचारीको Position पनि उल्लेख गरेको देखिदैन । सि.नं ५ को बोलपत्रदाताले बोलपत्रसाथ पेश गरेको २.४.२(b) Specific construction experience in Key activites Meet गरेको देखिएन, Equipment Detailed/proposed Personnel position रिक्त छ । सि.नं. ६ को बोलपत्रदाताले बोलपत्रसाथ पेश गरेको २.४.२(b) Specific construction experience in Key activites को निर्धारित Format अनुसार DBST Pavement को 64763 Sqm. मात्र कार्य गरेको देखाएकोले तोकिएको परिमाण पुग्ने देखिदैन । बोलपत्र मूल्यांकनको गार्भिर्यतालाई ध्यान दिएर उपर्युक्त बोलपत्र Response Ducuments पुनः मूल्यांकन गर्नु पर्ने देखिन्छ ।

३.९ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(.४) र दफा २५(५) बामोजिम बोलपत्रको मूल्यांकन बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्ने छ र.........उल्लेख छ । ऐनमा यो व्यवस्था भए पनि बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका नियमावलीको (नवौं संशोधन) र SBD बाट संशोधन भैसकेको अवस्थामा सार्वजनिक निकायबाट त्यस अनुरुप बोलपात्र कागजात तयार नगरी सूचना गरी बोलपत्र आव्हान गरिएको छ ।

यस अनुसार सार्बजनिक खरिद नियमावली, २०६४ को (नवौं संशोधन) अनुसार जारी SBD अनुसार बोलपत्र कागजात तयार गरी सूचना जारी हुनु पर्ने थियो तर यसमा ध्यान दिएको देखिदैन । साथै सार्बजनिक खरिद ऐन, २०६३ को दफा १६(१) बमोजिम बोलपत्र सम्बन्धी कागजातमा द्विविधा भई सो बिषयमा स्पष्ट गर्न बोलपत्रदाताहरुबाट अनुरोध पनि भएको देखिदैन । संशोधित SBD अनुसार सार्वजनिक निकायबाट बोलपत्र आह्वानको सूचना जारी हुँदा प्रकासन् नगरे पनि बोलपत्र स्वीकृत भए पछि नियमावलीको (नवौं संशोधन) अनुसार Line of Credit पेश गर्नु पर्ने बाध्यता छ । पेश गर्न नपर्ने भनिएको छैन । सार्बजनिक खरिद नियमावली, २०६४ मा मिति २०७६।०९।१४ मा (नवौं संशोधन) भई थप भएको नियम ११०(क) मा दुई करोड रुपैयाभन्दा बढीको निर्माण कार्यसंग सम्बन्धी खरिद सम्झौता गर्दा स्वीकृत भएको बोलपत्रदाताले सार्बजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा केडिट लाईनको सुविधा प्राप्त भएको विवरण पेश गर्नु पर्ने छ भनी व्यवस्था भएको देखिन्छ । सोही मुताबिक सार्बजनिक खरिद अनुगमन कार्यालयले मिति डिसेम्बर, **२०१९** मा SBD मा पाँचौ संशोधन गरी Evaluation and Qualification Criteria बाट 2.3.3 Financial Resources सम्बन्धी व्यवस्था हटाई सकेको देखिन्छ । निर्माण कार्यमा बिलम्ब नहोस् भन्नाका लागि र बिलम्बका कारण निर्माण लागतमा बृद्धि रोक्ने कर्तब्य हुने देखिन्छ । बोलपत्रदाताहरुलाई Line of Credit बनाउने Documentation खर्चमा थोरै बृद्धि मात्र हुने हो । यस खरिद प्रकृयामा सबै बोलपत्रदाताहरुबाट उक्त कागज तयार गरेको देखिदैन ।

३.१०. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र नियमावलीको नियम २०६४ को नियम ७ वमोजिम खरिद गुरु योजना र नियम ८ वमोजिम बार्षिक खरिद योजना स्वीकृत गराएको कागजात सार्वजनिक निकायबाट पेस हुन आएन । यस तर्फ सार्बजनिक निकायको ध्यानाकर्षण गरिन्छ ।

## ४. छलफल तथा सुनुवाईः

यस समितिको प.सं.१२२।२०७६।७७, च.नं.६६, मिति २०७७।०२।०२ को पत्रबाट यस समिति कै भवनमा मिति २०७७।०२।०८ मा छलफल तथा वहस् कार्यक्रम राखेकोमा तोकिएकै दिनमा सम्पन्न भयो । यस कार्यक्रममा निवेदकका तर्फबाट बिद्वान अधिबक्ता द्वय श्रीतुलबहादुर श्रेष्ठ र श्रीअमरजीवि घिमिरेले भाग लिनु भयो । सो कार्यक्रममा सार्वजनिक निकाय सडक पूर्वाधार बिकास कार्यालय, रोल्पालाई पनि यस छलफल कार्यक्रममा आमन्त्रण गरेको थियो । COVID-19 को महामारीको कारणले देशमा बिद्यमान Lockdown ले गर्दा छलफल कार्यक्रममा उपस्थित हुन नसकेको भनी मिति २०७७।०२।०६ मा अनुरोध गरी पत्र पठाएको छ ।

सार्बजनिक निकाय सडक पूर्वाधार बिकास कार्यालय, रोल्पाको तर्फबाट सहभागिता जनाउन नसक्ने समितिलाई पत्रद्वारा जानकारी गराईयो ।

४.१ MIDO/PYU/ROL:/W/RO/NCB/30/076/77,Upgrading of Rampur-Kapurkot Road (Nigalepani-Dahawan Section road 11.5KP Rolpa ) खरिद कार्यका लागि मेरो पक्षले सूचना र बोलपत्र कागजातहरु अनुसार बोलपत्र दर्ता गरेको हो । सो कामका लागि पर्न आएका बोलपत्रहरु खोली मूल्यांकन गरी मिति २०७६।१२।०५ मा प्रकासित् आशयको सूचनामा मेरो पक्ष लगायत ६ जनाको नाम प्रकाशन् भएको छ ।

४.२ प्रकाशित सूचनाका सन्दर्भमा चित्त नबुझी निवेदक कम्पनीले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ वमोजिम पुनरावलोकनका लागि सार्वजनिक निकायका प्रमुख समक्ष मिति २०७६।१२।०५ मा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट निर्धारित् गरेको SBD को Format मा Line of Credit पेश नगर्ने बोलपत्रदाताहरुको समेत आशयको सूचनामा समावेश गरी आर्थिक प्रस्ताव खोल्ने नाम प्रकासन् गरिएकोले गहन त्रुटी भएको हुँदा रीत नपुगेका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताब मूल्यांकन प्रकृयाबाट हटाई संशोधन गरी पाउँ भनी निवेदन पेश गरेको थियो । सार्वजनिक निकायबाट बोलपत्र सार्वजनिक खरिद नियमावली (नवौं संशोधन), २०६४ को नियम ११० अनुसार मूल्यांकन गरिएको, साथै Lineof credit सफल वोलपत्रदाताहरुले सम्झौताको बखत पेश गर्नु पर्ने व्यवस्था भएकोले जुन उद्देश्यका लागि LOC पेश गरेको बोलपत्रहरुलाइ समेत आर्थिक प्रस्तावमा समावेश गर्ने निर्णय गरिएको भनी जवाफ दिएको छ ।

४.३ यस जवाफ अनुसार हेर्ने बिषयहरु- प्रथम SBD सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकतानुसार हेरफेर गरी बोलपत्र प्रकाशन् गरिन्छ । दोश्रो कुन प्रकारको कामहो निर्धारण गरी प्रकाशन् गरिन्छ । यसै SBD लाई आधारमानी बोलपत्रदाताहरुले बोलपत्र पेश गर्नु अनिवार्य हुन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८ ले बोलपत्र पेश गर्ने तरिकाको बाध्यात्मक ब्यवस्था गरेको छ । यसै SBD मा Line of credit को नमुना समावेश छ । सो नमुना भन्दा फरक गरी तथा अलग्गै पछि पेश गरेको LOC लाई मान्यता दिन मिल्दैन । Line of credit SBD मा उल्लेख भएको नमुना अनुसार पेश हुनु पर्छ र e-bidding साथै पेश हुन पनि अनिवार्य छ साथै यो Unconditional हुनुपर्छ ।

४.४ निर्माण गर्ने ठेक्का कम्पनीलाइ जिम्मा दिनुको तात्पर्य तोाकएको अवधिमा सो काम प्रभावकारी रुपमा सम्पन्न होस भन्ने धारणा सार्वजाीक निकायले राखेको हुन्छ र सम्झौतामा पनि उल्लेख हुन्छ । ठेक्का प्राप्त गर्ने कम्पनीले काम गर्न नसकी वा गर्न नचाहेर बीचैमा छोडेमा वा ठेक्का बीचैमा तोडेमा बाँकी काम सम्पादन गर्न सुरक्षणका लागि राखिने जमानत Line of credit हो । ठेकेदारबाट ठेक्का तोडेमा त्यसै Line of credit को रकमबाट बैकबाट भराई लिन सक्ने भएको ले सुरक्षित् हुन्छ । त्यसैले यो Line of credit Unconditional हुनु पर्छ । मेरो पक्षले पेश गरेको Line of credit SBD को Format अनुसार र शर्तरहित छ । सार्वजनिक निकायले दिएको जवाफ पत्रमा पनि Line

of credit को बारेमा स्वीकार गरेको छ तथा अन्य बोलपत्रदाताहरुले SBD को Format अनुसार LOC पेश नगरेकोले तथा Commitment गरेको कुरा निशर्त हुन सक्दैन ।

४.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(५) मा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार बोलपत्रको मूल्यांकन गर्नु पर्नेछ र...... व्यवस्था भएको छ । SBD प्रचलित खरिद कानून कै आधारमा बनेको हो । कानून अनुसार तयार भएको बोलपत्र कागजातहरुका आधारमा बोलपत्रको मूल्यांकन हुनु पर्दछ वा अर्थात मूल्यांकन कानून अनुसार हुनु पर्दछ भन्ने नै हो । बोलपत्र कागजातहरु र सूचना Responsive भए मात्र मूल्यांकनमा प्रक्रियाम लान मिल्छ, अन्यथा बोलपत्र मूल्यांकनबाट बाहीरिन्छ । यस खरिद प्रकृयामा SBD को Upload नियमावलीको आठौं संशोधन अनुसार गरिएकोछ, सो SBD मा चार पटक संशोधन गरिएको छ, तर नियमावलीको नवौं संशोधनले सम्बोधन गरे अनुसार SBD मा संशोधन गरिएको छैन । संशोधन नभए पछि SBD लाई स्वीकार गरेको बुझ्नु पर्ने हुन्छ । ऐनमा भएको उल्लेखित व्यवस्था अनुसार SBD मा संशोधन नभएको अवस्थामा बोलपत्रको मूल्यांकन बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गरिनु पर्छ ।

४.६ Contract Obligation मा बोलपत्र प्रस्तावकले जे प्रस्ताव राखेको त्यही अनुसार प्रस्तावितले बोलपत्र पेश गरे पछि त्यसैलाई स्वीकार गर्नु पर्छ अर्थात Meeting of Mind हुनु पर्छ । सो अनुसार बोलपत्र जस्ताको तस्तै वा Unconditional पेश भएको हुनु पर्छ ।

४.७ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६१ मा पदाधिकारीको आचरणको व्यवस्था भएको छ । (क) मा स्वच्छ प्रतिस्पर्धा हुने गरी आफनो कर्तब्य निष्पक्ष ढंगले पालन गर्नु पर्ने, (छ) मा खरिद सम्बन्धि काम कारवाइ गर्दा प्रचलित् कानून विपरित हुने काम नगर्ने भनी व्यवस्था भएको छ । कानून वमोजिम गर्न पाउने भन्दा भन्दै विपरित गरी गर्नु गैर कानून भयो ।

४.८ सार्वजनिक खरिदमा रायपरामर्श दिन पाउने अधिकार PPMO लाई मात्र छ । अन्य निकायबाट दिईएको राय परामर्श मान्य हुदैन । तसर्थ अन्य निकायबाट परामर्श लिइ गरेको निर्णय गैर कानूनी अर्थात अबैध हुन्छ । जसरी बोलपत्र माग गरिएको छ त्यसरी नै स्वीकृत जनाउनु पर्छ तथा एउटा मात्र बोलपत्र Responsive भएको कारणले Non-responsivie मान्न पनि मिल्दैन ।

४.९ ऐन संशदबाट बन्छ, नियमावली मन्त्रिपरिषदबाट, र Customery Law न्यायिक निर्णयबाट हुन्छ । खरिद प्रकृयाको मल्यांकन यी तीनै कानूनहरुका आधारमा हुन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(५) अनुसार SBD मा उल्लेख भएका आधारहरु बाहिर गएर बोलपत्रको मूल्यांकन गर्न मिल्दैन र यो Absolute निर्णय हुन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१(४) मा पनि बोलपत्रको मूल्यांकन बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्ने ब्यवस्था भएको छ । साथै यस समितिबाट निर्णय नं.०६।२०७६।७७, मिति.२०७६।०७।०६५ मुद्दा नं. ११२ बाट पनि ऐनको दफा २५(५) ऐन बमोजिम बोलपत्र मूल्यांकन हुनु पर्ने आदेश भएको छ । र नियमावली बिरुध्द वा विभेद नभएको खण्डमा SBD ले Higher Priority पाउँछ ।

४.१० बोलपत्रको सन्दर्भमा Financial Ability ज्यँादै महत्वपूर्ण कागजात हो । प्रस्तावक कम्पनी Balance Sheet का आधारमा सक्षम हुन सक्छ । तथापि बोलपत्रदातासंग Cash Flow भएन भने आफुले सम्झौता गरेको काम त्यस्ताले कसरी पुरा गर्न सक्तछ ? त्यसैले नियमावली र SBD मा तोकिएको ढाँचामा Line of Credit पेश गर्न भनियो । सम्झौता कार्यान्वयनको भरपर्दो आधार मान्न सकिने भयो । यदि बोलपत्रदाताबाट सम्झौताबाट अलग भएमा त्यसै Line of credit बाट काम गराउन सकिन्छ, Recovery गर्न सकिन्छ । यो Document बोलपत्रदाताको वित्तीय क्षमताको मापन गर्ने प्रमाण (Proof) हो । यसको रकम बैकबाट तुरुन्त लिन वा भराउन सकिन्छ । त्यसैलले SBD मा Line of credit Unconditional हुनु पर्छ भनिएको हो ।

४.११ SBD ले Line of credit को Format specified गरेको छ । ऐनको दफा २५(५) र नियमावलीको ६१(४) ले समेत त्यसको Additional format को ब्यवस्था गरेको छैन । यसबाट स्पष्ट हुन्छ SBD मा उल्लेख भएको वाहेक अन्य Format वा तरिका बाट Line of Credit पेश गर्न पाइन्न । यस फर्मको स्थान र महत्व छ तथा Restrictive पनि वनाएको छ । पूर्वाधार बिकास कार्यालय पोखराको मुद्दा नं. ११२ र पूर्वाधार बिकास कार्यालय उदयपुरको मु. नं.११६ मा Line of credit तोकिएको ढाँचा वाहेक अन्यथा Format पेश गर्न नपाइने र Format unconditional हुनु पर्छ भन्ने Juriceprudence भैसकेको छ ।

४.१२ सार्बजनिक निकायले जारी गरेको Bidding Document को Section-III को Qualification and Evaluation Criteria को ITB ३२.१ मा तोकिएको Qualification and Evaluation Criteria बोलपत्रदातबाट पूरा गर्नु पर्ने, ३२.२ मा बोलपत्र कागजातहरुको प्रमाणका बोलपत्रदाताले पेश गरेको योग्यताका आधारमा निर्णय हुने आदि व्यवस्था छ । कानूनलाई मोड्न मिल्दैन । मेरो पक्षको बोलपत्र Responsive छ, सदर हुन अनुरोध छ ।

## ५. समितिको निर्णयः

Contract ID: बाट Contract ID NO: IDO/PYU/ROL/W/RO/NCB/30/076/77, Upgrading of Rampur-Kapurkot Road (Nigalepani-Dahawan Section road 11.5KP Rolpa) निर्माण कार्य खरिद गर्न प्रकाशित सूचना बमोजिम वोलपत्रदाता निवेदक ओएसिस इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त रामचन्द्र तिमिल्सिनाले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोसंग संलग्न कागजात, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि आह्वान भएको बोलपत्रको प्राबिधिक प्रस्ताब स्वीकत गरी आर्थिक प्रस्ताब खोल्ने सूचनाको बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

(क) यो खरिद प्रकृया सुरु हुनु अगावै सार्वजनिक खरिद नियमावली, २०६४ (नवौं संशोधन) भैसकेको र PPMO बाट Standard Bidding Document समेत सोही अनुरुप संशोधन भैसकेको अवस्थामा पुरानै SBD का आधारमा बोलपत्र सूचना प्रकाशन् गरियो । यस बिषयमा सार्वजनिक ऐन, २०६३ को दफा १६(१) वमोजिम बोलपत्रदाताहरुले अनुरोध गरेर जानकारी माग गरेको पनि छैन । सार्वजनिक खरिद नियमावली, २०६४ (नवौं संशोधन ) को नियम ११०(क) ले खरिद सम्झौता गर्दा स्वीकृत भएको बोपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा Line of Credit को सुविधा प्राप्त भएको बिवरण पेश गर्नु पर्नेछ भनी ब्यबस्था भएकोले सूचनासाथ प्रकाशन् भएको SBD र नियमावलीको (नवौं संशोधन) बीच मेल खाएको छैन । त्यसर्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (ख)(२) वमोजिम सार्वजनिक निकाय सडक पूर्वाधार विकास कार्यालय, रोल्पा प्रदेश ५ ले गरेको अनधिकृत निर्णयलाई सो हदसम्म आंशिकरुपमा रद्द गर्न आदेश गरी दिएको छ ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा (१०) को उपदफा (४) तथा दफा २५ को उपदफा (५) वमोजिम बोलपत्र मूल्यांकन गर्दा बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित् आधार वमोजिम मात्र मूल्यांकन गर्नु पर्नेछ .भनी व्यवस्था भएकोले सो अनुसार SBD को Section III Evaluation and Qualification Criteria अनुसार बोलपत्रको प्राबिधिक मूल्यांकनमा त्रुटी भएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (ख)(३) वमोजिम बोलपत्रदाताहरुबाट पेश भएका बोलपत्र पुनः मूल्यांकन गर्न आदेश समेत गरी दिएको छ। कानून वमोजिम गर्नु। अरु तपशील बमोजिम गर्नु।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु।
(२) निवेदकले राखेको बैंक ग्यारेन्टी नियमानुसार फुकुवा गर्नु।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु।

.....................
कमलकुमार श्रेष्ठ
सदस्य

........................
गुणराज श्रेष्ठ
अध्यक्ष

इति सम्वत् २०७७ साल जेष्ठ १६ गते रोज ०६ शुभम्.....................................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १२३**

**आ.व. २०७६/७७ को निर्णय नं १५**

| | |
|---|---|
| SMEC इन्टरनेशनल प्रा.लि. अष्ट्रेलिया, Dongsung Engineering Co. Ltd., Korea र Korea Engineering Consultants Corp., Korea (SMEC-Dongsung-KECC) Joint Venture समेतका तर्फबाट अधिकार प्राप्त कन्ट्री डाइरेक्टर रेशम राज ढकाल.. ..........................................................................................................१ | **पुनरावलोकन कर्ता पक्ष** |
| **बिरुद्ध** | |
| श्री काठमाण्डौं तराई मधेश फास्ट ट्रेक (एक्सप्रेस वे) रोड प्रोजेक्ट ........................................................................१ | **विपक्षी** |

**बिषयः- निर्णयको पुनरावलोकन गरी प्रक्रियामा सम्मिलित गरी पाउँ ।**

**१. निवेदकको माग/दावीः**

उपरोक्त निवेदकले मिति २०७७।०१।१२ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) बमोजिम खरिद प्रक्रियाका बिषयमा पुनरावलोकन गरी प्रक्रियामा सम्मिलित गराइ पाउँ भनी पेश गरेको निवेदनमा माग दावी गरेका मुख्य बुँदाहरु देहाय वमोजिम देखिन्छन् ।

१.१ उपर्युक्त खरिद कार्यका लागि मिति 04-10-2019 मा सार्वजनिक सुचना गरी Request for Expression of Interest को माग गरेकोमा तोकिएको पुर्व योग्यताको विवरण, कागजात समेत राखी निवेदकले आफ्नो आशयपत्र (Expression of Interest) दर्ता गराइ परियोजनामा आफनो इच्छा जाहेर गरेको हो ।

१.२ निवेदक समेतका प्रोजेक्ट समक्ष परेका Expression of Interest हरुको मुल्यांकन गरी निवदेक समेत ६ वटा प्रस्तावकको संक्षिप्त सुची तयार गरी सुचिकृत प्रस्तावकहरुबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरिएको र सो बमोजिम प्रोजेक्टबाट तोकिएको ढाँचा तथा माग भएको कागजात, विवरण सहित प्राविधिक तथा आर्थिक प्रस्ताव निवेदकले पेश गरेकोमा 16th March, 2020 मा Opening of Financial Proposal विषयक पत्रको बोधार्थ प्रति यस निवेदकलाई प्रेषित गरी Please collect your financial proposal as per rule 78(3) of Public Procurement Regulation, 2064 since you have been declared as non compliance in the evaluation because of SMEC Kalikasthan, Kathmandu, Nepal non-submission of mandatory documents mentioned in clause 10.1 Section 2(B) of RFP भन्ने व्यहोरा अवगत गराउने कार्य प्रोजेक्टवाट भयो ।

१.३ तत् पश्चात ऐ. Clause मा उल्लेखित् कागजात, दस्तावेज सहित आफ्नो प्राविधिक र आर्थिक प्रस्ताव पेश गरेको भनी प्रोजेक्ट प्रमुख समक्ष ऐनको दफा ४७ बमोजिम आवेदन गरेकोमा "You are kindly informed that under proof of legal status and eligibility of international national forms of clause 10.1 of section 2(B) of the RFP, Tax clearance certificate up to the date of opening of proposal, which is one of the mandatory documents for Nepalese associates company, must included in proposal. The Branch\Liaison office registered in Nepal with Rg.No 210488\075\076 of SMEC International Pvt, Limited, Australia and associate companies Silt Consultants Pvt. Ltd. and CEMAT Consultants ( P) Ltd. have not submitted the tax certificates up to date of opening the proposal (17th January, 2020)" उल्लेख गरी जानकारी गराइएको ।

१.४ प्रोजेक्टको मिति 16th March, 2020 र 20th March, 2020 मा उल्लेखित कारण र आधार त्रुटिपुर्ण रहेको सम्बन्धमा निम्नानुसार निवेदन गर्दछौं ।

१.४.१ प्रोजेक्टबाट 03\12\2019 मा जारी भएको RFP Part 1 Section 1, Letter of Invitation को क्रम संख्या ६ मा The RFP Includes the following documents भनी विभिन्न ८ वटा कागजात बारेमा उल्लेख गरेको छ । सोको Section 3 मा Technical Proposal Standard Forms तोकिए बमोजिम यस निवेदकले आफ्नो प्राविधिक प्रस्ताव पेश गरेको अवस्था छ ।

१.४.२ ऐ. RFP को Section 2. Instruction to consultants and data sheet को क्र.सं. ६.२ मा Furthermore, it is the consultant's responsibility to ensure that experts, joint venture members, sub-consultants, agents (declared or not), sub-contractors, service providers, supplies and\or the employees meet the eligibility requirements as established by the GON\DP भनी उल्लेख भएको छ । उक्त बमोजिम चाहिएको Eligibility मा कुनै त्रुटी नभएको तथ्य प्रत्यर्थीको मिति 16th March, 2020/20th March, 2020 को पत्रबाट स्थापित छ । प्रत्यर्थीबाट जारी ऐ. पत्रहरुमा कहीकतै पनि ऐ. क्र.सं. ६ मा उल्लेख भए बमोजिम GON\DP बाट तोकिएको योग्यता नभएको भनी उल्लेख गरिएको छैन ।

१.४.३ ऐ. पत्रमा उल्लेखित् Data Sheet को B. Preparation of Proposals को 10.1 मा The proposal shall comprise the following भनी 10.1(2) मा Proof of legal status and eligibility of international and national firms भनी उल्लेख गर्दै Proof of legal status establish consultant's legal capacity to enter into binding and enforceable contracts and shall be supported by Certificate of Incorporation भनी उल्लेख गरिएको छ र निवेदकले आफ्नो प्राविधिक प्रस्ताव साथ Certificate of Incorporation पेश गरेको छ ।

१.४.४ प्रोजेक्टको मिति 16th March, 2020 को पत्रमा Non submission of mandatory documents mentioned in clause 10.1 of section 2 (B) of the RFP भनी उल्लेख गरिए तापनि Legal Status का लागि Certificate of Incorporation का अतिरिक्त अरु कुनै कागजात प्राविधिक र आर्थिक प्रस्तावसंगै प्रस्तुत गर्नुपर्ने तथ्य कहीकतै उल्लेख भएको छैन । प्रोजेक्टले 20th March, 2020 मा लेखेको Clarification मा नेपाली Associate कम्पनीको Tax Clearance Certificate up to the date of opening लाई

mandatory भनी उल्लेख गरिए तापनि ऐ. Clause 10.1 को 2(B) मा Tax Clearance Certificate सम्बन्धमा केही उल्लेख गरिएको छैन । उल्लेख नै नभएको, माग नै नगरिएको कागजात Tax Clearance Certificate RFP को लागि mandatory हो भनी के कुन आधारमा भनिएको हो Clarification मौन छ । निवेदकले पेश गरेको आशयपत्र साथ Tax Clearance Certificate पेश गरेको र सो समेतको मुल्यांकन गरेर निवेदक संक्षिप्त सुचीमा परेको तथ्यमा विवाद गर्न सक्ने अवस्थाको विद्यमानता छैन ।

१.४.५ ऐ. RFP को Section 2. Instructions to consultants and data sheet को Clause 21.1 मा The clients evaluation committee shall evaluate the technical proposal on the basis of their responsiveness to the terms of reference and the RFP, applying the evaluation criteria, Sub criteria and point system specified in the data sheet भने A Proposal shall be rejected at this stage if it does not respond to important aspects of the RFP or if it fails to achieve the minimum technical score indicated in the data sheet भनी स्पष्ट उल्लेख भएको हुनाले सो बाहेकका अन्य उल्लेख नभएको, माग नभएको कागजातलाई आधार बनाएर प्राविधिक प्रस्तावलाई रद्ध गर्न सकिदैन । Non-Compliance हुनाका लागि Compliance का लागि आवश्यक शर्त, कागजात, योग्यता आदि बारेमा उल्लेख भएकै हुनुपर्दछ ।

१.५ निवेदकको प्राविधिक प्रस्ताव रद्ध गर्ने सम्बन्धमा प्रोजेक्टबाट भएको निर्णयमा भएको कानुनी त्रुटि सम्बन्धमा निम्नानुसार निवेदन गर्दछु ।

१.५.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(४) मा बोलपत्र, पुर्व योग्यताको प्रस्ताव र परामर्श सेवाको प्रस्ताव मुल्यांकन गर्दा क्रमश: बोलपत्र सम्बन्धी कागजात, पुर्व योग्यता सम्बन्धी कागजात र प्रस्ताव माग सम्बन्धी कागजातमा उल्लेखित आधार बमोजिम मात्र मुल्यांकन गर्नुपर्नेछ र त्यस्ता आधारहरु कुनै भेदभाव विना सबै बोलपत्रदाता वा प्रस्तावदाताहरुलाई समानरुपले लागु हुने छन् भनी उल्लेख भएकोले प्रोजेक्टले प्राविधिक प्रस्ताव माग सम्बन्धी कागजातमा Tax Clearance Certificate उल्लेख गरेको भए सो पेश नगर्दा Non Compliance को आधारमा प्रस्ताव अस्वीकृत गर्न सकिन्थ्यो । सो कागजातमा Tax Clearance Certificate पेश गर्नुपर्ने अनिवार्यता सम्बन्धमा केही उल्लेख नगरिएकोले प्रोजेक्टको निर्णय ऐ. दफा १०(४) प्रतिकुल रहेको स्पष्ट स्थापित हुन्छ ।

१.५.२ ऐ. ऐनको दफा १२ ले पुर्व योग्यता निर्धारण गर्नुपर्ने व्यवस्था गर्दै पुर्व योग्यता निर्धारणका लागि प्रस्ताव पेश गर्नु सार्वजनिक रुपमा आह्वान गर्नुपर्ने र दफा १२(५) मा उपदफा (३) मा उल्लेखित् योग्यताको आधारमा गर्नुपर्ने र छनौट भएका आवेदकको सुची प्रकाशन गरी आवेदकलाई पठाउनु पर्ने भनी उल्लेख गरिएको अवस्थामा एकपटक पुर्व योग्यता परीक्षण भई सुचिकृत भइसकेको यस आवेदकलाई प्राविधिक प्रस्तावको मुल्यांकनको बखतमा पेश गर्नु नपर्ने Tax Clearance Certificate पेश नगरेको भन्ने आधारमा Non-Compliance भनी प्रस्ताव अस्विकृत गर्न मिल्दैन । पुर्व योग्यताको चरण पार गरी प्राविधिक र आर्थिक प्रस्ताव प्रस्तुत गर्न योग्यता (Eligibility) रहेको भनी आफैले प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्न आह्वान गरी सके पश्चात निवेदक कम्पनीलाई योग्य नरहेको भनी भन्न कानुनतः मिल्दैन ।

१.५.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(१) मा सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताको ग्राहयताको आधार तथा त्यस्तो आधार प्रमाणित् गर्न बोलपत्रदाताले पेश गर्नुपर्ने कागजातको प्रतिलिपि समेत उल्लेख गर्नुपर्ने भनी ४०(१)(घ) मा सार्वजनिक निकायले तोकेको अवधिसम्मको सम्बन्धित् निकायबाट प्राप्त कर चुक्ता गरेको प्रमाण पत्र वा आय विवरण पेश गरेको प्रमाणित् कागजात माग गर्नुपर्ने उल्लेख भएको छ । उक्त कानुनी व्यवस्था अनुसार प्रोजेक्टले माग गर्नुपर्ने हुन्छ । प्रोजेक्टले आशयपत्र साथ मात्र Tax Clearance Certificate माग गरेको र प्राविधिक प्रस्ताव साथ माग नगरेको अवस्थामा आशयपत्र EOI साथ पेश गरेको Tax Clearance Certificate लगायतका कागजातबाट योग्य भई सुचिकृत भएको निवेदकलाई माग नगरिएको कागजात पेश नगरेको भनी Non-Compliance भनी प्रस्ताव अस्वीकृत गर्न नमिल्ने भएकोले प्रोजेक्टको निर्णय नियमावलीको नियम ४० प्रतिकुल रहेको छ ।

१.५.४ ऐनको दफा २५(७) मा उपदफा (४) बमोजिम न्युनतम बोलअंक कबुल गर्ने बोलपत्रको योग्यता उपदफा (५) बमोजिम जाँच गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित् योग्यता मुल्यांकनका आधार अनुरुप भएको पाइएमा त्यस्तो बोलपत्र न्युनतम मुल्यांकित साभुतरुपमा प्रभावग्राही बोलपत्र मानिनेछ भनी स्पष्ट उल्लेख भएकोले योग्यता परीक्षण भई प्राविधिक प्रस्ताव पेश गरेको यस निवेदकको प्राविधिक प्रस्तावको मुल्यांकनको क्रममा बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित् योग्यता मुल्यांकनलाई मात्र आधार लिनु पर्नेमा उल्लेख नै नभएको Tax Clearance Certificate प्राविधिक प्रस्ताव साथ पेश नगरेको भनी Non-Compliance भनी प्रस्ताव अस्वीकृत गर्नु ऐ. कानुनी व्यवस्था विपरित गएर निर्णय गर्नु बुझिन्छ ।

१.५.५ नियमावलीको दफा ७३ मा प्रस्ताव तयार गर्न दिईने निर्देशनमा उल्लेख गर्नु पर्ने कुरामा प्रस्ताव तयार गर्न प्रस्तावदातालाई दिइने निर्देशनमा Tax Clearance certificate समावेश गर्नुपर्ने केही उल्लेख छैन ।

१.५.६ ऐ. नियमावलीको नियम ४०(२क) मा स्पष्ट रुपमा उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि गैर वासिन्दा बोलपत्रदाताले सो उपनियमको खण्ड (ग) र (घ) बमोजिमको कागजात पेश गर्नुपर्ने छैन भनिएको छ भने नियम ४०(३) मा बोलपत्र सम्बन्धी कागजातमा उपनियम (२) बमोजिमको कागजात उल्लेख गर्न छुटेमा वा स्पष्टरुपमा उल्लेख नभएमा वा अन्य कुनै कुरा संशोधन गर्नु परेमा संशोधन गर्न सक्नेछ भनी उल्लेख भएको भएतापनि प्राविधिक प्रस्तावसाथ पनि Tax Clearance Certificate पेश गर्नुपर्ने भनी शुरु प्रस्ताव वा सुचनालाई संशोधन गरी त्यसलाई अनिवार्य नगरेकोले प्राविधिक प्रस्तावसाथ Tax Clearance Certificate पेश गर्नुपर्ने प्रावधान स्वयं प्रोजेक्टको नै भएकोले आफ्नै प्रस्ताव माग सम्बन्धी सुचना प्रतिकुल Non- Compliance भनी रद्ध गर्ने निर्णय कानुनी रुपमा त्रुटिपुर्ण रहेको ।

१.५.७ निवेदकले 22nd March 2020 मा प्रेषित पत्रको सम्बन्धमा 25th March 2020 मा प्रोजेक्टबाट प्राप्त जवाफमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७७(२) को व्यवस्था उल्लेख गर्दै उक्त व्यवस्थामा कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने उल्लेख गरिएको भनी पत्रमा लेखेको भएतापनि ऐ. नियममा कर चुक्ता प्रमाणपत्र सम्बन्धमा केही उल्लेख नभएकोले यस निवेदकको प्रस्ताव अस्वीकृत गर्ने प्रोजेक्ट निर्णय पुर्वाग्राही भएको तथ्य स्वतः स्थापित हुन्छ । ऐ. नियमावलीको नियम २४ मा शर्त राख्न सकिने व्यवस्था गर्दै कुनै थप शर्त राख्नु परेमा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजातको खरिद सम्झौताका शर्तहरुमा सारभुतरुपमा फरक नपर्ने गरी थप शर्त राख्न सकिने अधिकार प्रदान गरिएको भएतापनि उक्त शर्त अर्थात आशयपत्र (E0I) को क्रममा पेश गरी योग्य भई संक्षिप्त सुचिकृतमा सम्मिलित भएकाले पनि प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्दाको बखत पुनः कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने छ भनी शर्त राख्न सकिने भएतापनि प्रोजेक्टले RFP मा त्यस किसिमको कुनै शर्त नराखेको तथ्य प्रोजेक्टको RFP बाट नै स्थापित रहेकोले त्यसलाई तर्कले पुष्टियाई गरी रहनु पर्दैन ।

१.५.८. ऐनको दफा ३१(१) मा भएको व्यवस्थानुसार दफा ३० बमोजिम संक्षिप्त सुची तयार भएपछि सार्वजनिक निकायले सो संक्षिप्त सुचीमा परेका आशयपत्रहरुलाई प्रस्ताव सम्बन्धी कागजात तोकिए बमोजिम प्रस्ताव माग गर्नुपर्ने र उपदफा (१) बमोजिमको प्रस्ताव सम्बन्धी कागजातमा ऐ.दफा ३१(२) मा तोकिएका कुराहरु उल्लेख गर्नुपर्ने व्यवस्था गरी ऐ. ऐनको दफा ३३ मा प्राविधिक प्रस्तावको मुल्यांकन प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भएको मुल्यांकनको आधार बमोजिम गर्नुपर्ने छ भनी स्पष्ट उल्लेख भएकोले RFP मा उल्लेख नै नभएको आधार Non Submission Of Tax Clearance Certificate भन्ने कारण देखाई प्रस्ताव रद्ध गर्ने कार्य ऐ. कानुनी व्यवस्था प्रतिकुल भएकोमा द्विविधा हुन सक्दैन । अत: यस निवेदकको प्राविधिक प्रस्ताव अस्वीकृत गर्न सम्वन्धमा भएको निर्णय आदि सबै बदर गरी बोलपत्र (प्राविधिक प्रस्ताव) प्रक्रियामा सम्मिलित गराइ पाउने सम्वन्धमा आवश्यक निर्णय गरी पाउँ ।

## २. सार्वजनिक निकायको प्रतिकिया:

यस खरिद प्रक्रियाको मूल्यांकनका बिषयमा चित्त नबुझी पुनरावलोकनका लागि निवेदन परेपछि यस समितिको प.स.०७६।७७, च.न. ६२, मिति २०७७।०१।१२ मा प्रतिक्रिया माग गरेकोमा सार्वजनिक निकाय काठमाडौं तराई फास्ट ट्र्याक आयोजनाबाट मिति २०७७।०१।१६ मा प्रतिक्रिया प्राप्त भएको छ । प्राप्त प्रतिक्रियामा उल्लेख भएका मुख्य बुँदाहरु देहाय वमोजिम छन्:-

२.१ मिति २०७६।०६।१७ (०४।१०।२०१९) को Rising Nepal र गोरखापत्रमा Expression Interest को माग गरिएको, मिति २०७६।०८।११ मा आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांकन गरी ६ वटा आशयपत्र छनौंट गरेको र मिति २०७६।०८।१७ मा Request of Proposal माग गरेको । मिति २०७६।०९।०७ मा Prebid Meeting गरिएको ।

२.२ प्राविधिक प्रस्तावको मूल्यांकनमा सारभूतरुपमा प्रभावग्राही र योग्य ठहर भएका प्रस्तावदाताहरु Yooshin Engineering Corporation (Korea) JV र Meinhardt pty Ltd (Singapore) JV को मिति २०७६।१२।१८ मा आर्थिक प्रस्ताव खेल्ने सूचना गरेको र प्राविधिक प्रस्तावमा असफल भएका प्रस्तावदाताहरुलाई आर्थिक प्रस्ताव लैजान सूचना दिईएको ।

२.३ Yooshin Engineering Corporation Korea-Korea Expressway Corporation, Korea-Pyunghwa EngineeringConsultants Ltd, Korea, JV लाइ यस आयोजनाबाट Letter of Invitation for Negotiation जारी गरेको । सो अनुसार मिति २०७७।०१।११ गते अन्तिम चरणको वार्ताबाट Letter Of Intent जारी गरी सो को सूचना अन्य परामर्शदाताहरुलाई समेत दिइएको ।

२.४ विपक्षी निवेदकले उठाएको मुख्य बिषय Tax Clearence up to date of opening the proposal (१७ जनवरी, २०२०) mandatory Documents को सम्बन्धमा अयोजनाबाट जारी गरिएको प्रस्ताव (RFP) को section 2(B) को बुँदा १०.१(२) मा उल्लिखित् Elibigity को बिषयमा भएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२) (घ) मा सार्वजनिक निकायले तोकेको अवधिसम्मको सम्बन्धित् निकायबाट प्राप्त कर चुक्ता प्रमाणपत्र वा आय बिवरण पेस गरेको प्रमाणित् कागजात वा आय बिवरण पेस गर्न म्याद थप भएको निस्सा वा प्रमाण भनी प्रष्ट व्यवस्था भएको । सार्वजनिक खरिद ऐनको दफा २३ वमोजिम मूल्यांकन गर्दा दफा २३ को (२)(क) र (घ) तथा सोही दफाको (३), (घ) र (च) मा परामर्शदाताको कानुनी योग्यता सम्बन्धी कागजातहरु पेस गर्नु पर्ने व्यवस्था भएको । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२)(घ) मा कर चुक्ता प्रमाणपत्र पेस गर्नु पर्ने भनी स्पष्ट व्यवस्था गरेको र यस छनौंट प्रकियामा अन्तर्राष्ट्रिय परामर्शदातासंग स्वदेशी परामर्शदाताहरु समेत संलग्न रहेकोले प्रचलित् कानून वमोजिम कर चुक्ताको प्रमाणपत्र पेस नगर्ने कम्पनीलाई कानूनी योग्यता प्राप्त गरेको मान्न नसकिएको । सार्वजनिक खरिद ऐन नियम वमोजिम प्राविधिक प्रस्ताव खोली परामर्शदाता मध्येका निवेदक कम्पनी नेपालमा दर्ता नं. २१०४८८/२०७५।७६ मा दर्ता भएको SEMC International Pvt. Ltd, Australia को शाखा कार्यालयले नेपालको प्रचिलित कानून् अनुशार आ.व. २०७५।७६ को करचुक्ता प्रमाणपत्र पेस गर्नु पर्ने मा आ.व. २०७४।७५ को मात्र पेस गरेको र तीनवटा Associate Consultant हरु समेतको आ.व. २०७५।७६ करचुक्ता प्रमाणपत्र पेस गर्नु पर्नेमा CEMAT Consultants (P) Ltd ले मिति २०७६।०९।२५ गते सम्म म्याद थप भएको कर चुक्ता प्रमाणपत्र पेस गरेको र Silt Consultants (P) Ltd र Jade Consultant (P) Ltd ले मिति २०७६।०९।२९ गते सम्म म्याद थप भएको करचुक्ता प्रमाणपत्र पेस गरेकोले समेत सो कम्पनीलाई अर्को चरणमा (प्राविधिक प्रस्तावको मूल्यांकनमा असफल भएको ) नलगिएको ।

२.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(४) उल्लेख गरी प्रोजेक्टको निर्णय सम्बनधमा प्रतिकूल रहेको भनी उल्लेख गरेको भए तापनि ऐ. दफाको (६) अनुसार प्रस्तावदाताले पेस गरेको योग्यता सम्बन्धि बिवरण सारभूतरुपमा अपुरो भएको पाइएमा सार्वजनिक निकायले कुनै पनि समयमा त्यस्तो प्रस्तावलाई अयोग्य ठहऱ्याउन सक्नेछ भनी प्रस्ट व्यवस्था भएको ।

२.६ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२(५) मा उपदफा (३) मा उल्लिखित् आधारमा गर्नु पर्ने पुर्व योग्यता परीक्षण भइ सकेकोले प्राविधिक प्रस्तावको मूल्याकनको वखतमा करचुक्ता प्रमाणपत्र पेस गर्न नपर्ने उल्लेख गरेतापनि ऐ ऐनको दफा २३(७) मा योग्यता परीक्षण गर्दा पूर्वयोग्यता अनुरुपको योग्यता सारभूतरुपमा घटी पाइएमा त्यस्तो बोलपत्रदाताको बोलपत्र रद्द गर्नु पर्नेछ भनी प्रष्ट व्यवस्था भएको ।

२.७ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(७) मा बोलपत्र सम्बन्धि योग्यता, दफा २३ (२)(क) मा कानून वमोजिम योग्य पुष्टयाइ गर्ने कागजातहरु सम्बन्धमा परीक्षण गर्ने व्यवस्था । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७३ र ३१(२)(ग) वमोजिम प्रस्ताव तयार गर्न निर्देसन दिइएको, साथै मिति २०७६।०९।०७ मा Pre-bid Meeting गरिएको । नियमावलीको नियम (४) को उपनियम (१) (२) अनुसारका कागजात पेस नगर्ने बोलपत्र उपर कारवाइ नहुने व्यवस्था । सार्वजनिक खरिद पुनरावलोकन समितिमा निवेदन गर्दा १ प्रतिसत् नगद वा बैक जमानत राख्नु पर्ने र नियमावलीको नियम १०४(२) उपनियम (१) वमोजिम नगद वा जमानत नराखे उक्त समितिमा कार्बाही नहुने व्यवस्था।

२.८ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५०(१) विपरित भएको र हदम्यादभित्र जानकारी नआएकोले आर्थिक प्रस्ताव खोलिएको तथा राष्ट्रिय गौरवको आयोजनालाइ अघि वढाउन बाधा परेकोछ । निवेदकको निवेदन कानूनले तोकेको हद म्यादभित्र दर्ता नभएकोले खारेज हुनु पर्ने अनुरोध ।

## ३. अध्ययन अवलोकन:

Kathmandu /Terai/Madhesh Fast Track (Expressway) Road Project बाट Design & Construction Supervision 0f Kathmandu Terai/Madhesh Fast Track (Expressway) QCBS (Selection base–Quality and Cost Based Selection ) आधारमा खरिद गर्ने प्रकृया मिति २०७६।०६।१७ (०४ अक्टोवर, २०१९) सूचना प्रकाशित भए पश्चात् सुरु भएको देखिन्छ । यस कामका लागि परेका २२ प्रस्तावहरु मध्ये Shortlisted भएका ६ कम्पनीहरुको नाम मिति २०७६।०८।११ (२७ नोभेम्बर, २०१९) को गो.प. र Rising Nepal मा प्रकासन भएको, ती कम्पनीहरुको नाममा मिति २०१९।१२।०३ (२०७६।०८।०३) मा Request for Proposal पेश गर्न पत्राचार गरेको, सोमध्ये ५ कम्पनीहरु Request for Proposal मा सहभागी भएको देखिन्छ । ५ कम्पनीहरुमध्ये ३ कम्पनीहरुको प्रस्ताव अस्वीकृत भएको र प्रस्ताब अस्वीकृत भएका मध्येका

SMEC इन्टरनेशनल प्रा.लि. अष्ट्रेलिया, Dongsung Engineering Co. Ltd., Korea र Korea Engineering Consultants Corp., Korea को Joint Venture का तर्फबाट अख्तियार प्राप्त SMEC इन्टरनेशनल प्रा.लि. अष्ट्रेलियाका कन्ट्री डाईरेक्टर रेशम राज ढकालले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) अनुसार यस समिति समक्ष मिति २०७६।१२।१३ मा व्यक्तिगत e-mail मार्फत रीत नपुऱ्याई पुनरावलोकनका लागि यस समितिमा निवेदन गरेको देखिन्छ । साथै मिति २०७७।०१।१२ मा बैंक जमानत सहित निबेदन दर्ता गरेको छ ।

३.१ नेपाल कानून् ब्याख्या सम्बन्धी ऐन, २०१० को दफा ९ मा हदम्याद, म्याद तारिखमा हाजिर हुनु पर्ने दिन अड्डा वा अदालत विदा वा तातिल भएमा जुन दिन अड्डा वा अदालत खुल्ने हो सो दिन हाजिर हुनेको हदम्याद तारिख गुज्रन सक्तैन । म्याद भित्रै हाजिर भएको मानिन्छ । यो मुद्दा दर्ता गर्ने जानकारी मिति २०७६।१२।१३ गते दिएको देखिन्छ । सो मिति भन्दा अगाडी देखिनै नेपाल सरकारको निर्णयानुसार Lock Down भए पश्चात् प्रबेश आदेश विना घर परिसरबाट बाहिर निस्कने अवस्था रहेन । पछि कार्यालय आवत् जावत गर्न अनुमति प्राप्त भए पछि मिति २०७७।०१।१२ मा कार्यालय उपस्थित हुँदा उपर्युक्त निवेदकबाट कानून वमोजिमको निवेदन र बैंक जमानत समितमा पेस हुन आयो । सो निवेदन माथि उल्लिखित् कानूनको दफाका अधारमा दर्ता गरेको हो ।

३.२ काठमाण्डौ तराई मधेश द्रुतमार्ग राट्रिय प्राथमिकता प्राप्त आयोजना हो । प्रस्तावदाताहरुले सो आयोजनाको खरिद प्रक्रियामा चित्त नबुझेको बिषयमा कानून वमोजिम उपचार लिने अधिकार सुरक्षित् रहने देखिन्छ ।

३.३ प्रोजेक्टले माग गरेको Expression of Interest मध्ये ६ वटा प्रस्तावकहरुको संक्षिप्त सुची तयार गरी सुचिकृत प्रस्तावकहरुबाट मिति २०७६।०८।१७ मा RFP (प्राविधिक र आर्थिक प्रस्ताव ) माग गरिएको देखिन्छ । मिति २०७६।०८।३० मा RFP पेस गर्ने म्याद दुई हप्ता थप भई RFP मिति २०७६।१०।०३ मा खोलियो ।

३.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५०(६) को निर्णय बिरुद्ध यस समितिमा निवेदन गर्दा सो निवेदनसाथ राख्नु पर्ने बैक जमानत वा सो वरावरको नगद जमानत ईमेल मार्फत पठाएको निबेदनसाथ जम्मा नगरेकोले सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १०४(२) वमोजिम रीत नपुगेको निवेदकको निवेदनले कानूनी मान्यता पाउने देखिदैन ।

३.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३३ मा “प्राविधिक प्रस्तावको मूल्यांकन प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भएको मूल्यांकनको आधार वमोजिम गर्नु पर्नेछ” भन्ने ब्यवस्था भएकोले परामर्शदाताले PPMO बाट तयार भएको प्रस्तुत RFP मा उल्लेख भएका ब्यवस्था तथा प्रावधान अनुसार मूल्यांकन गर्नु पर्नेमा विवाद छैन । RFP को section-2 को 7.1 अनुसार Consultants ले यो RFP बिस्तृतरुपमा अध्ययन गरी, जाँची, दस्तखत गरी प्रस्ताव दर्ता गरेको बिश्वास गरिएको हुन्छ । Request for Proposal मा संलग्न Letter of Invitation को खण्ड ६ को Section 2 मा RFP मा Instructions to consultants and Data sheet Include भएको उल्लेख छ । त्यसैगरी Section 2 को 17.1 ले The consultant shall submit a signed and complete proposal comprising the documents……भनी उल्लेख भएको छ ।

३.६ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ७७(२)(ग) मा प्रस्तावदाताले प्रस्ताव पेश गर्न कानून वमोजिम योग्य भएको पुष्टयाई गर्ने कागजातहरु पेश भए वा नभएको प्रतिवेदनमा उल्लेख गर्नु पर्ने व्यवस्था भए बमोजिम मूल्यांकन प्रतिबेदनमा उल्लेख गरेको देखिन्छ । RFP को Section 2 को 6 Eligibility को 6.2 मा "It is Consultant responsibility……………. meet the eligibility requirements as established by GON" उल्लेख छ । यस खरिद प्रकृयामा निबेदकका तर्फबाट JV मा तीन Partners क्रमशः 1. SMEC International pty ltd, Australia, 2.DONSUNG Engineering Coltd, Korea र 3.Korea Engineering Consultants Corp, Korea छन् :

SRFP मा "Sub-consultants means an entity to whom the consultant intend to sub-contract any part of th services ….." उल्लेख छ । निबेदक कम्पनीहरुका Association मा नेपालका (1) SILT Consultant (p) ltd, (2) JADE consultant pvt ltd, (3) CEMAT consultants (p) Ldt , Nepal तीन Sub-consultants रहेका छन् ।

३.७ RFP को परिभाषा खण्डमा Proposal means the Technical proposal and Financeal proposal of the consultant भनी परिभाषित गरिएको छ । यस अनुसार RFP भनेको TP र FP दुवै भन्ने बुझिन्छ । Consultants हरुको Tax Clearence बिषयमा यी Nationlal associates कम्पनीहरु Entity भएकाले यीनीहरुले SRFP खोल्ने मिति (Opening Date) सम्म तोकिएको अवधिको Tax Clearence वा कर बिवरण पेस भएको वा म्याद थप भएको प्रमाण e-bidding गर्दा कै अवस्थामा पेश गरेको हुनु पर्छ । ऐनको दफा ३१(२)(ग) मा प्रस्ताब सम्बन्धी कागजातमा प्रस्ताव तयार गर्न प्रस्तावदाताहरुलाइ निर्देशन दिनुपर्ने भनिएको छ । RFP को 10.1 को (२) मा Proof of legal status and eligibity of International and National firms उल्लेख छ । यसबाट पनि स्पष्ट हुन्छ Legal Status प्रमाणित् गर्ने प्रमाण कर चुक्ता प्रमाणपत्र समेत हो ।

३.८ निवेदकले सार्वजनिक निकाय KTFT Road Project बाट पाएको जानकारी/निर्णय उपर चित्त नबुझेको अवस्थामा प्रथम कानूनी उपचारका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) वमोजिम खरिद कारबाही वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नु पर्ने कर्तव्य पालना नगरेकोले आफुलाइ क्षति वा पुग्ने सक्ने कारण खुलाई सार्वजनिक निकाय प्रमुख समक्ष निवेदन दिन सक्ने व्यवस्था छ साथै सोही दफाको उपदफा (६) वमोजिम निकाय प्रमुख बाट निर्णय गरिन्छ । सो उपर चित्त नवुझेको अवस्थामा यस समिति समक्ष निवेदन लिएर आउनु पर्ने हुन्छ । निवेदकबाट ऐन नियमको कुन ब्यवस्थानुसार चित्त नवुझेको हो खुलाई सार्बजनि निकाय प्रमुख समक्ष निवेदन गर्न सकेको छैन, केवल स्पष्ट (Clarify) गर्न मात्र माग गरेको देखिन्छ । कानूनी उपचार पाउन पुनरावलोकन माग गर्दा कानूनी व्यवस्थालाई इगित गर्नु पर्ने हुन्छ । त्यस निर्णय उपर चित्त नवुझेको अवस्थामा सेही ऐनको दफा ४९(क) वमोजिम यस समिति समक्ष रीतपूर्वक निवेदन लिएर आउनु पर्ने हुन्छ ।

३.९ करार ऐन अन्तरगत एक पक्षले कानून वमोजिम राखेको प्रस्ताव अर्को पक्षले मान्नु पर्छ । त्यो नमान्दासम्म करारले वैधता पाउन सक्तैन । यस खरिद प्रकृयामा सार्वजनिक निकायले राखेको प्रस्ताव प्रस्तावदाताले स्वीकार गर्छु भनी RFP तथा Proposal submission form मा दस्तखत गरी सकेको अवस्था छ । पछि मलाइ चित्त बुझ्न भन्नु आफुले गरेको प्रस्तावको स्वीकारलाइ खण्डन गरेको मान्नु पर्ने हुन्छ ।

३.१० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०४(१क) मा पूर्व प्रस्ताव वा प्राविधिक प्रस्ताव जस्ता मूल्य नखुल्ने प्रकृतिका प्रस्तावको मूल्यांकन उपर पुनरावलोकन समिति समक्ष निवेदन दिनु पर्दा प्राविधिक प्रस्तावको हकमा बोलपत्र जमानतको १० प्रतिसत्ले हुने रकम बराबर जमानत राख्नु पर्नेछ व्यवस्था छ । SRFP मा Bank Guarantee वा नगद जमानत वारेमा उल्लेख गरेको देखिदैन । त्यसैले यस पुनरावलोकन समितिमा निवेदन गर्दा के कति Bank Guarantee राख्नु पर्ने यकीन गर्न असहज भएको छ । तापनि निवेदनबाट रु.६० लाख Bank Guarantee राखेको छ । सोही नियमावलीको नियम १०४(२) मा नगद रकम वा बैंक जमानत् पेश नभएमा पुनरावलोकन समितिले आफू समक्ष परेको निवेदन उपर कारवाई गर्ने छैन भनी व्यवस्था भएको छ । मिति २०७६।०६।१७ र २०७६।०८।१५ मा प्रकासित सूचनामा बैक जमानत राख्नु पर्ने उल्लेख छैन । साथै SRFP अनुसार बैक जमानत् रकमको यकीन नहुनु र अर्को तर्फ बैक जमानत् विना पेस भएको निवेदन उपर कारवाइ गर्न वैधानिकता नपाउनु तथा निवेदकबाट अनुमानका आधारमा Bank Guarantee राखी पेस भएको निवेदन उपर नै वैधानिक प्रश्न खडा भएको देखिन्छ । कुनैपनि परामर्श सेवा खरिद गर्दा बोलपत्र जमानत राख्ने नगरेको तर ऐन वमोजिम चित्त नबुझी यस समितिमा मुद्दा लिएर निवेदकहरु आउदा जमानत्को अभावमा मुद्दा दर्ता गर्न नमिल्ने भएकोले भविश्यमा कानूनी उपचार खोज्ने व्यक्ति संस्थाहरुलाई कानूनी उपचारमा वाधा पर्न सक्छ । तसर्थ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०४ मा परामर्श सेवा खरिदमा बैक जमानत के कति राख्ने सो रकम तोकिनु वा नियमावलीमा थप व्यवस्था हुन आवश्यक देखिएको छ ।

३.११ सार्बजनिक निकायले जारी गरेको RFP को Section 2.A को 31.1 को पहिलो हरफको छैठौं लाइनमा "If the applicant is not satisfied with the decision given by the procuring entity and/or the decision is not given by the procuring entity within 5 days, then the applicants file a complaint to the review committee within 7 days. The applicants filing application for review shall have to furnish a cash amount or bank guarantee from commercial Bank or Financial Institution eligible to issue Bank guarantee as prevailing Law equivalent to the amount specified in the Bata sheet with the validity period of at least 90 days from the date of filing of application ." उल्लेख छ ।

Data sheet को 10.1 मा "1st inner envelope with technical proposals shall comprise: Power of attorney to sign the proposal, Proof of legal status and eligibility of International and National firm, उल्लेख भएको तथा सोही बुँदाको अन्तिम हरफमा "Proof of legal status establish consultants legal capacity to enter into binding and enforceable and shall be supported by: certificate of incorporation." उल्लेख छ ।

३.१२ मिति २०१९ डिसेम्बर, २३ (बि.स.२०७६।०९।०७) मा Pre-submission Meeting बसेको देखिन्छ । यसमा SMEC-KECC-Dongsung का प्रतिनिधिले समेत भाग लिएको देखिन्छ । त्यस बैठकमा यस विषयमा कुनै सुझाव तथा बिमतीको बारेमा निर्णय भएको देखिदैन ।

३.१३ RFP को Section (2)(B) को १०.१ मा The proposal shall comprise the documents and forms listed in the Data sheet उल्लेख भएको, Request for Prposal को Data Sheet मा Documents तथा Forms आदिको व्यवस्था भएको देखिन्छ ।

३.१४ बोलपत्रको परिभाषा ऐन को दफा २(६) मा भएको छ । RFP को Section-2, Instructions to consultants and Data Sheet को खण्ड A.6.2 मा उल्लेख भए बमोजिम Eligibity requirements meet गर्नका लागि Tax clearance Certifacate समेत आबश्यक पर्छ । Data sheet को B को 10.1 मा The proposal shall comprise the following, 10.1(2) मा The proof of legal status and eligibility of Intenational and national firms उल्लेख छ । साथै certificate of incorporation (लायसेन्स) समेत समावेस (comprise) गर्नु पर्ने छ भनिएको छ । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२)(घ) मा सार्वजनिक निकायले तोकेको अवधिसम्मको करचुक्ताको प्रमाणपत्र पेश गर्नु पर्ने व्यवस्था छ । Associate Local Sub-Consultants ले Tax Clearence Certificate RFP पेश गर्दा संलग्न गरेका देखिदैन । यी प्रमाणहरु e-biddibg गर्दाकै अवस्थामा पेश हुन अनिवार्य, हुन्छ पछि पेशगर्न मिल्दैन । यी कागजातहरु Mandatory हुन् । यो प्रमाण Elibigity स्थापित गर्ने प्रमाण हो । RFP तथा Proposal Submission form मा समेत यी कागजातहरु Comprise गरी पेश गरेको छु भनी दस्तखत एवं छाँप लगाई पेश गरे पछि समावेस हुनु अनिवार्य देखिन्छ । यस्तो प्रश्न बोलपत्र खोल्दा र Pre-submission meeting मा पनि जिज्ञाशा राखेको देखिदैन ।

३.१५ सार्बजनिक खरिद ऐनको दफा ३९ मा परामर्श सेवा प्राप्त गर्ने अन्य विधि तथा सोको मूल्यांकन प्रकृया सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ भन्ने व्यवस्था भएको छ । सोही ऐनको दफा १०(१)(ख) मा प्रस्ताव सम्बन्धी कागजातमा उल्लिखित् योग्यताका आधार प्रस्तावदाताले पूरा गरेको हुनु पर्नेछ भन्ने व्यवस्था छ । यसबाट पनि RFP मा माग भएका कागजातहरु समावेश गर्न अनिवार्य छ ।

३.१६ RFP को Section 2.A को 5.3 मा Fraud and corruptions का बिषयमा GCC Clause 10.1 मा उल्लेख भए वमोजिम Consultants aware हुनु पर्ने, GCC को 10.1 मा The GON requires compliance with its policy in regard to Corrupt and fraudulent practices भनी उल्लेख भएको देखिन्छ । सार्बजनिक खारिद नियमावली, २०६४ मा भएको (छैठौं संशोधन ) नियम १४५ख अनुसार अभियोग लागेको छ छैन पुष्ट्याई गर्ने कागजात संलग्न हुनु पर्ने हो तर सो संलग्न गरेको देखिदैन ।

३.१७ Data sheet को 21.1 ,Note 2 मा "CV of the proposed shall be duly signed by the concerned person (CV Holder) and authorized representative of the firm with seal" उल्लेख भए बमोजिम CV Holder ले आफ्नो CV को प्रत्येक पानाहरुमा दस्तखत गरेको हुनुपर्दछ । निबेदकले प्रस्तावसाथ पेश गरेको आधिकांश CV मा CV Holder ले सबै पानाहरुमा दस्तखत गरेको छैन । उदाहरणस्वरुप यस्ता केही CV Holder हरुको नाम उल्लेख गरिएको छ । यसमा Resident Engineer Asha Man Tandukar (National), Deputy Team leader(National) Shyam Bikram Khana, Resident Engineer Tunnel(National) Sudan Basnet, Contract Specialist(National) Hariom Prasad Srivastav, Contract Specialist Ajaya Kumar Nepal, Highway Design

Engineer Yagya Bahadur Malla, Bridge Sructure Engineer Dharma Ratna Maharjan, Bridge Structure Design Engineer Dr. Rajan Suwal, Geo-Technical Engineer Bridge Sanjaya Kumar Karna, Geo-Technical Engineer Tunnel Raj Narayan Yadav, Health and Safety Engineer (National) Sita Ram Kadel रहेकाछन् । यी मध्ये Resident Engineer Asha Man Tandukar, Deputy Team leader Shyam Bikram Khana, Health and Safety Engineer (National) Sita Ram Kadel Availability of confirmation संलग्न गरेको देखिदैन । यस स्थितिमा RFP साथ पेश भएका यी CV हरुले बैधता प्राप्त गर्न सक्दैन ।

३.१८ Technical Submission Form को दोस्रो हरफमा संयुक्त उपक्रमका परामर्शदाताले प्रत्येक सदस्यको पुरा नाम र बैधानिक ठेगाना बिबरण खुलाई लिड मेम्बर तोक्नु पर्ने र संयुक्त उपक्रम गठन भएको पत्र खुलाउनु पर्ने उल्लेख भएकोमा निबेदक परामर्शदाताले संयुक्त उपक्रमका दुई सदस्यको मात्र नाम र ठेगाना उल्लेख गरेको साथै संयुक्त उपक्रम गठन भएको पत्र समेत सो फर्ममा खुलाएको छैन । Technical Submission Form तोकिएको ढाँचामा पेश गरेको नपाइदा उक्त फर्म सार्बजनिक निकायले RFP मा तोकेको शर्त अनूरुप पेश गरेको देखिदैन ।

## ४. छलफल तथा सुनुवाईः

उपर्युक्त परामर्श खरिद प्रकृयाको बिषयमा परेको निबेदनका बिषयमा मिति २०७७।०१।२६ गते शुक्रवार दिउसो १२.३० बजे छलफल/वहस कार्यक्रम राखेको थियो ।

४.१ उक्त छलफलमा निवेदकका तर्फबाट बिद्वान बरिष्ठ अधिवक्ता सतिश कृष्ण खरेल र बिद्वान अधिवक्ता रमन कुमार कर्णले भाग लिनु भयो । छलफलमा उठाएको बिषयहरुको पेश भएको बहस नोट समेतमा उल्लेखित मुख्य बिषयहरु निम्नानुसार रहेको छ ।

४.१.१ विपक्षी KTFT Road Project प्रमुख समक्ष सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ अनुसार हाम्रो पक्षको प्राविधिक प्रस्ताव समेत अन्तिम मुल्यांकनमा समावेश गरिपाउनका लागि निवेदन दिएकोमा सो जवाफ नआए पश्चात सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) बमोजिम तहा समिति समक्ष पुनरावलोकनको निवेदन परेको हो ।

४.१.२ RFP को Clause १०.१ मा केवल The Proposal shall comprise the documens and forms listed in the Data Sheet भन्ने वाक्यांश मात्र प्रयोग भएको देखिन्छ । Data Sheet को १०.१ को अन्तिम वाक्यांशमा पनि Proof of legal status establish Consultant's legal capacity to enter into binding an enforceable contracts and shall be supported by certificate of incorporation भन्ने शव्दमात्र प्रयोग भएको छ । जसको तात्पर्य RFP ले Consultant's को हकमा Data Sheet को १०.१ मा उल्लेख गरिएको Inner Envelope with the technical proposal मा उल्लेख गरिएको सम्पुर्ण दस्तावेजको अतिरिक्त केवल दर्ता प्रमाणपत्र (Certificate of Incorporation) मात्र मांग गरिएको र सो लिखत पेश भएको कुरा निर्विवाद छ ।

RFP को अतिरिक्त सार्वजनिक खरिद नियमावलीको नियम ४०(२)(ग) मा बोलपत्र दाताले मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नं. समेत पेश गर्नु पर्ने व्यवस्था रहेको भएतापनि जे भि का तिनै वटा सहभागीहरु क्रमशः अष्ट्रेलिया र दक्षिण कोरिया स्थित विदेशी कम्पनीहरु अर्थात "गैर वासिन्दा" रहेको हुनाले जे.भी. का सबै पक्षहरुले सोही नियम ४० को उपनियम (२क) मा भएको व्यवस्था " उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि गैर वासिन्दा बोलपत्रदाताले सो उपनियमको खण्ड (ग) र (घ) बमोजिमको कागजात पेश गर्नु पर्ने छैन" भन्ने व्यवस्था अनुसार कर चुक्ताको प्रमाणपत्र पेश गर्नु पर्ने उपनियम (२) को दायित्वबाट उन्मुक्ति प्राप्त पक्ष हुन भन्ने कुरामा विवाद छैन । अतः न त कुनै प्रचलित नेपाल कानूनले न त RFP को कुनै Clause ले संयुक्त उपक्रमका सबै विदेशी पक्षहरुलाई कर चुक्ता प्रमाणपत्र पेश गर्ने दायित्व निर्धारण गरेको छ ।

कानून व्याख्याको सामान्य सिद्धान्तले समान पक्षले समान काम कारवाहीको चरणमा पहिले उल्लेख भएको कुनै लिखतमा आवश्यक देखाइएको कुनै लिखत मांग गर्ने व्यवस्था पछिल्लो चरणमा तयार गरिएको लिखतबाट हटाएको अवस्थामा दोश्रो चरणमा त्यस्तो लिखतको आवश्यकता नरहेको कुराको पुष्टी हुन्छ । विपक्षी परियोजनाको तर्फबाट EOI Application माग गरेको समयमा "Eligibility and Completeness Test" खण्डमा क्रमशः १ मा Copy of registration of the company/firm २ नं. मा "VAT/PAN registration (for national consultant/firm only) र ३ नं. मा "Tax Clearance/Tax return submission for F/Y 2075/76 भन्ने उल्लेख गरिएको थियो । तर सो चरण पुरा भै प्रस्ताव आह्वान गर्दा भने RFP को ITC को १०.१ मा भने " The proposal shall comprise the documents and firms listed in the data sheet" भन्ने उल्लेख गरेको र Data Sheet को 10.1 मा Proof of legal statusestablish Consultant's legal capacity to enter binding and enforceable contracts and shall be supported by Certificate of Incorporation भन्ने शव्दावली प्रयोग भएको छ । यदि विपक्षी परियोजनाको आशय भित्र कर चुक्ताको प्रमाणपत्र चाहिने भन्ने भएको भए सो कुरा EOI Application को जस्तै गरी स्पष्ट रुपमा खुल्ने थियो । सो बाहेक उक्त १०.१ को प्रावधान केवल प्रस्तावकको हकमामात्र लागु हुने प्रावधान रहेको र Sub-consultant को हकमा आकर्षित नहुने स्पष्ट छ ।

४.१.३ आयोजनाको तर्फबाट जे भि लाइ आर्थिक प्रस्तावको मूल्यांकनबाट बाहिर निकाल्ने निर्णयको आधारमा RFP को Clause 10.1 मा मांग भए बमोजिमको आवश्यक कागजात पेश गर्न नसकेको भन्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी प्राविधिक प्रस्तावको मूल्यांकन मुचुल्कामा हाम्रो पक्ष SMEC समेतको संयुक्त उपक्रमलाई सबैभन्दा बढि अंक अर्थात ९४.२० प्रदान गरिएकोमा कैफियत खण्डमा "स्मेक नेपाल (जो कुनै प्रकारले प्रस्ताव प्रकृयामा संलग्न नै छैन) को आ.ब. २०७५।७६ को कर चुक्ता प्रमाणपत्र पेश नगरेको । Associated Consultant-Silt Consultant Pvt. Ltd., Cmet Consultant Pvt. Ltd.र Jade Consultant (P) Ltd को आ.ब. २०७५।७६ को करचुक्ता प्रमाणपत्र पेश नगरेको " भन्ने सम्म उल्लेख गरिएको छ । उल्लेखित् सब कन्सल्टयाण्टहरु प्रस्तावकहरु होइनन । निजहरु प्रस्तावकहरुले आफनो प्रस्ताव स्वीकृत भएको अवस्थामा सहयोग लिन मन्जुर भएका पक्षहरु सम्म हुन भन्ने कुरा RFP कै "Part 1, Section 1, Letter of Invitation मा उल्लेख भएको क्रमशंख्या ३ मा प्रस्ताव पेश गर्न आह्वान गरिएको पक्षहरुको नाममा हाम्रा पक्ष जे भि मा संलग्न ३ वटा कम्पनीको नाम मात्र भएको तथ्यले प्रारम्भिक रुपमा पुष्टी गर्छ । त्यसै गरी RFP कै Section 2 मा भएको परिभाषा खण्डको (e) मा Consultant को परिभाषा गर्दा "परियोजनाले सेवा प्राप्तीको लागि सम्झौता गर्न सक्ने वा गरेको पक्ष" (an entity that may provide or provides services to the client under the contract ) भनी उल्लेख गरेको र सोही परिभाषा खण्ड कै (u) मा Sub-consultant को बेग्लै परिभाषा गर्दा " an entity to whom the consultant intends to subcontract any part of the services while remaining responsible to the client

during the performance of the contract " भन्ने व्यवस्था गरेको छ । अतः परियोजनाले प्रस्ताव पेश गर्न आह्वान नगरेको, भविष्यमा आफुले कुनै सम्झौता नगर्ने, परियोजनासंग कुनै प्रत्यक्ष सम्बन्ध नभएका Sub-consultant हरु प्रस्तावक होइनन भन्ने कुरा स्पष्ट छ । त्यतिमात्र होइन, संयुक्त उपक्रम सम्बन्धि व्यवस्था कानूनी व्यवस्था हो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ ले संयुक्त उपक्रम सम्बन्धि स्पष्ट व्यवस्था गरेको छ । हाम्रो पक्षले प्रस्तुत गरेको प्रस्तावमा नियम २८ बमोजिम, RFP को Data Sheet को Clause 6 बमोजिम जम्मा ३ जना संयुक्त उपक्रमको साझेदार रहेको अभिलेखले पुष्टी भइ राखेको छ ।

४.१.४ RFP ले वा कुनै प्रचलित कानूनले कुनै प्रस्तावदाताले आफनो प्रस्ताव पेश गर्दा Sub Consultant को करचुक्ताको प्रमाणपत्र पेश गर्नु पर्ने भन्ने व्यवस्था गरेको छैन । तथापि त्यस्को आवश्यकता देखेको अवस्थाले कानूनमा नभएतापनि आफुले सेवा प्रकृयामा सहभागी गराउने Sub Consultant हरुको करचुक्ताको प्रमाणपत्र पेश गर्नु पर्ने व्यवस्था RFP मा गर्न सक्ने थियो, जुन गरिएको छैन । सो को अतिरिक्त हाम्रो पक्षलाई आफना प्रस्तावित Sub Consultant हरुको कर चुक्ताको प्रमाण पेश गर्न नसकेको भनि हाम्रो पक्ष जे भि को प्रस्तावलाई बाहेक गर्नका लागि मुल्यांकन समतिले कुनै कानूनी आधार उल्लेख गर्न नसकेको भएतापनि लिखित प्रतिवाद र बहस प्रस्तुतिकरणको क्रममा विपक्षिको तर्फबाट सार्वजनिक खरिद नियमावलीको नियम ४० को उपनियम २ को (घ) लाई इंगित गरिएको छ । सो नियम ४० बमोजिमको कागजातहरु प्रस्तावक (बोलपत्रदाता) को हकमा मात्र लागु हुने हो वा बोलपत्रदाताले प्रस्ताव गरेको Sub Consultant हरुको हकमा समेत लागु हुने हो भन्ने सम्बन्धमा हेर्दा नियम ४० को शिर्षकमा नै "बोलपत्रताको ग्राह्यता सम्बन्धि आधार" भन्ने उल्लेख गरेको र त्यस्मा अन्तरनिहित सम्पुर्ण प्रावधानहरु बोलपत्रदाताको हकमा मात्र लागु हुने व्यवस्था गरिएको हुनाले बोलपत्र प्रस्ताव पेश नै नगर्ने उनाउ पक्षहरुको हकमा उक्त प्रावधान स्वतः लागु हुन्छ भनि अर्थ गर्न मिल्ने नै होइन । ग्राह्यता सम्बन्धमा नियम ४०(२)(ग) को व्यवस्था आर्कषित नहने प्रस्तावदाताको हकमा नियम ४०(२)(घ) लाग्नै सक्दैन ।

RFP मा उल्लेखित Eligibility सम्बन्धी शर्त Consultants (प्रस्तावक) को हकमा मात्र लागु हुने अर्थात प्रस्तावकको लागि मात्र ग्राह्यता तोकिएको छ भन्ने Sub consultants हरुको ग्राह्यता नेपाल सरकारले तोके बमोजिमको हुनु पर्ने उल्लेख छ । RFP मा Sub Consultants को सम्बन्धमा नेपाल सरकारबाट ग्राहयता तोकिएको तथ्य कहि उल्लेख नभएको Sub Consultants को हकमा कुनै ग्राहयता तोकिएको तथ्य विपक्षीको निर्णय, लिखित प्रतिवाद कहि उल्लेख भएको पाइदैन । बहसको क्रममा Sub Consultants को प्राविधिक क्षमताको अंक भार जोडिएको भनी तर्क गरिएको भएतापनि मुल्यांकनमा अंक प्रदान गरेको भन्ने मात्र कारणले प्रस्तावकको हकमा मात्र लागु हुने कानूनी व्यवस्था स्वतः Sub Consultants हरुको हकमा समेत लागु हुने भन्ने आत्मगत अर्थ गर्न मिल्ने होइन । नेपाल सरकारबाट Sub Consultants को हकमा आकर्षित हुने ग्राह्यता नतोकिएको अवस्थामा कानुनले माग नगरेको, RFP बाट पनि माग नभएको र नियम ४०(३) बमोजिम RFP संशोधन पनि नगरिएको हुनाले Sub Consultants र नेपाल अवस्थित शाखा कार्यालयले प्रस्ताव खोलिने अवधि सम्मको कर चुक्ता प्रमाणपत्र पेश नगरेको भन्ने आधारमा बास्तविक प्रस्तावदाताको प्रस्ताव अस्विकृत गर्न कानुनतः मिल्दैन । नियम ४०(२)(ग) र (घ) को व्यवस्था गैर वासिन्दा बोलपत्रदाताको हकमा लागु नहुने स्पष्ट उल्लेख भएकोले निवेदक बोलपत्रदाता गैर वासिन्दा व्यक्ति भएको र Sub Consultants को हकमा छुटै ग्राहयता नतोकिएको हुनाले आत्मनिष्ठ आधार कारण देखाई मुल्यांकनमा उच्चतम अंक प्राप्त गर्ने निवेदक प्रस्तावकको प्रस्ताव अस्विकृत गर्ने निर्णय सवर्था अनुचित अन्यायिक र कानुन एंव RFP प्रतिकुल रहेको छ । अतः बदर हुनु पर्दछ ।

उल्लेखित तर्क र तथ्यलाइ कुनै प्रतिुकल असर नपर्ने गरि प्रस्तावकको परिभाषा भित्र त्यसका "Sub-consultant" पर्छन भनी कल्पना गर्दा पनि उक्त नियम ४० को दायित्व कुनै प्रस्तावकर्ता वा बोलपत्रदाता उपर कानूनले व्यवस्था गरेको दायित्व होइन । बोलपत्र आह्वान गर्ने सार्वजनिक निकायले बोलपत्र जारी गर्दा बोलपत्रदाताको ग्राह्यताको सम्बन्धमा के के दस्तावेज मांग गरी बोलपत्र आह्वान गर्नु पर्छ भनी बोलपत्र जारी गर्ने सार्वजनिक नियकाको मार्गदर्शन सो नियमले गरेको हो । यस्तो अवस्थामा परियोजनाले उक्त नियम ४० बमोजिम अमुक अमुक शर्त आफुले RFP को अमुक बुंदामा राखेको छु भनी देखाउन सक्नु पर्ने हुन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (२)(घ) मा" सार्वजनिक निकायले तोकेका अवधि सम्मको सम्बन्धित निकायबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा आय विवरण पेश गरेको प्रमाणित कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको निस्सा वा प्रमाण" लाई मांग गर्नु पर्ने दस्तावेजको रुपमा उल्लेख गरिएको छ । ऐ. व्यवस्थानुसार सम्बन्धित प्रस्तावदाता प्रस्तावकले Sub consultants को ४०(२)(घ) मा उल्लेखित कागजात प्राविधिक प्रस्तावसाथ के कुन अवधि सम्मको र ग्राह्यता के कस्तो कागजात पेश गर्नु पर्ने हो सो सम्बन्धमा RFP मा स्पष्ट उल्लेख गरी तोकि माग गरिएको हुनु पर्थ्यो । तर विपक्षीले RFP मा ऐ. कागजात माग नै नगरेको हुनाले प्रस्तावदाताले स्वयं प्रस्तावक नै नरहेको Sub consultants को ग्राह्यता अनुमान गरी आफ्नो प्राविधिक प्रस्ताव साथ त्यस्तो कागजात पेश गर्नु पर्ने भन्ने प्रश्न नै उठ्दैन ।

४.१.५ नियम ४०(१) मा सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताको ग्राह्यता (इलिजिविलिटि) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले पेश गर्नुपर्ने कागजातपत्रको प्रतिलिपि समेत उल्लेख गर्नु पर्नेछ भनी व्यवस्था गरिएको हुनाले ऐ. के कुन कागजात, विवरण के कुन अवधि सम्मको चाहिने हो वा पेश गर्नुपर्ने आवश्यक हो त्यो RFP मा नै स्पष्ट उल्लेख गरी माग गर्नुपर्ने कानुनी कर्तब्य सम्बन्धित निकायको भएको स्पष्ट छ । ऐ. कानुनी व्यवस्थानुसार EOI मा माग गरे जस्तै स्पष्ट रुपमा अवधि किटान गरी ४०(२)(घ) मा उल्लेखित कागजात माग गर्नुपर्नेमा विपक्षीले ऐ. नियम ४०(२)(घ) मा उल्लेखित कागजात RFP संग प्रस्तावकले पेश गर्नुपर्ने भनी उल्लेख नै नगरेको हुनाले उक्तानुसारको कागजात प्राविधिक प्रस्तावसाथ पेश नगरेको भन्ने जिकिर आधार लिई निवेदकको प्रस्ताव अस्वीकृत गर्ने अधिकार विपक्षी परियोजना लाई नभएको स्पष्ट छ ।

४.१.६ नियमावलीको नियम ४०(२) (घ) बमोजिम माग गर्नुपर्नेमा सो माग नै नगरेको सम्बन्धमा निवेदकले समिति समक्ष पेश गरेको आफ्नो निवेदनको प्रकरण २(ग) मा स्पष्ट उल्लेख गरेको भएतापनि सो को खण्डन विपक्षीको लिखित प्रतिवादमा नभएको, लिखित प्रतिवादमा RFP मा प्राविधिक प्रस्ताव साथ २०७५।७६ को कर चुक्ता प्रमाणपत्र पेश गर्न माग गरीएको भनी कही कतै उल्लेख गर्न नसकेकोबाट पनि प्राविधिक प्रस्ताव साथ कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने आवश्यक्ता वाध्यता अनिवार्यता वा कानुनी कर्तब्य प्रस्तावकको नभएको तथ्य सुस्पष्ट हुन्छ । प्रस्ताव आह्वान गर्ने निकायले आ.व. २०७५।७६ को कर चुक्ता प्रमाणपत्र प्राविधिक प्रस्ताव साथ पेश गर्नुपर्ने भनी RFP मा उल्लेख गरेको भए सो पेश नगरिएको प्रस्तावलाई अस्विकृत गर्ने अधिकार विपक्षीलाई कानुनतः नै हुन्थ्यो । तर माग नै नगरेको अवस्थामा पनि पेश गर्नुपर्ने र सो पेश नगरेको भनी मुल्यांकनमा उच्चतम अंक प्राप्त गर्ने प्रस्तावकको प्राविधिक प्रस्ताव अस्विकृत गर्ने विपक्षीको कार्य पुर्णतया पुर्वाग्राही रहेको स्पष्ट रुपमा स्थापित हुन्छ ।

४.१.७ विपक्षीका तर्फबाट पेश भएको लिखित प्रतिवादमा कानुनका विभिन्न दफाहरु उल्लेख गरिएको भएतापनि उल्लेखित कुनै पनि कानुनी व्यवस्थाले प्राविधिक प्रस्ताव साथ Sub-consultant को करचुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने अनिवार्यता सम्बन्धमा केही उल्लेख

भएको पाइदैन । यस अवस्थामा प्राविधिक प्रस्ताव साथ कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने कर्तव्य प्रस्तावकको रहेको तथ्य के बाट पुष्टि हुन्छ भन्ने सम्बन्धमा स्पष्ट गर्नुपर्ने कानुनी दायित्व विपक्षीको भएकोमा विवाद हुन सक्दैन । विपक्षीद्धारा गरिएको पत्राचार भएको निर्णय र पेश भएको लिखित प्रतिवादमा कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने सम्बन्धमा फरक फरक कुरा उल्लेख भएको पाइन्छ र उल्लेखित तथ्य, स्पष्टीकरण तथा लिखित प्रतिवादमा उल्लेखित व्यहोरा एक आपसमा बाझिनुका अतिरिक्त RFP र सार्वजनिक खरिद ऐन, नियमावली प्रतिकुल रहेका छन् ।

प्रस्ताव खोलुवा मुचुल्का निवेदक प्रस्तावदाताको Certificate of Business Registration (Corporate Tax Payer) संगसंगै नेपाली Sub Consultants हरुको नियम ४० (२) (घ) मा उल्लेखित (यद्यपी RFP मा माग गरिएको छैन) कर विवरण पेश गर्ने म्याद थप सम्बन्धि कागाजत पेश भएको भनी उल्लेख भएको स्पष्ट छ । छनौट भएका प्रस्ताव परामर्शदाताले पनि प्राविधिक प्रस्ताव साथ Certificate Of Business Registration (Corportae Tax Payer) मात्र पेश गरेको तथ्य खोलुवा मुचुल्काबाट स्थापित रहेको छ ।

ऐ. 10.1 (2) मा Proof Of Legal Status and Eligibility of International and National Firms भन्नाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शदाताले आफ्नो प्राविधिक प्रस्ताव साथ आफ्नो दर्ताको प्रमाणपत्र पेश गर्नुपर्ने र सो पेश गर्नुपर्ने प्रयोजन तर्फ हेर्दा करार सम्झौता गर्न कानुनी हैसियत भए नभएको तथ्य पुष्टियाईको निमित्त उक्त दर्ता प्रमाण पत्र पेश गर्नुपर्ने स्पष्ट बुझिन्छ । मुचुल्का व्यहोराबाट निवेदक प्रस्तवदाता जे भि ले पनि 10.1 (2) को प्रयोजनार्थ आफ्नो दफाको प्रमाणपत्र पेश गरेकोमा विवाद नभए पनि प्राविधिक प्रस्तावको मुल्यांकनमा उच्चतम अंक ९४.२० प्राप्त गरे पश्चात उनाउ पक्ष SMEC Nepal र Associates Consultant (Sub Consultant) हरुको आ.व. २०७५।७६ को कर चुक्ता प्रमाणपत्र पेश नगरेको भन्ने आधारमा प्रस्ताव अस्विकृत गरिएको कुरा स्पष्टत कानूनको प्रतिकुल छ ।

४.१.८ प्रस्तावदाता SMEC Nepal नभई SMEC Ineternational Pty. Ltd. Australia हो । नियम ४० को उपननियम (२क) को व्यवस्थानुसार अन्तर्राष्टिय प्रस्तवकले कर चुक्ताको प्रमाण पेश गरी रहनु पर्दैन र नियमावलीको नियम ४०(२) (घ) को व्यवस्थाबाट कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको प्रमाणित कागजात वा आय विवरण पेश गर्ने म्याद थप भएको निस्सा वा प्रमाण मध्ये कुनै एउटा विवरण बुझाउनु पर्ने त्यो पनि सम्बन्धित निकायले प्रस्ताव साथ पेश गर्न माग गरेको अवस्थामा मात्र हो ।

RFP ले माग नगरेको भएतापनि आफुले भविष्यमा सेवा लिन प्रस्तावित गरेको Associates Consultants हरुको बैधानिक स्थितिको पुष्टी गर्न प्रस्तावका साथमा आय विवरण पेश गर्ने म्याद थपको बैधानिक कागजात पेश गरेको तथ्य प्रस्ताव खोलुवा मुचुल्काले स्थापित गरि नै रहेको छ । यद्यपि Associates Consultants हरु प्रस्तावक नभएको RFP Data Sheet को १०.१ को व्यवस्थाबाट जो सम्झौता गर्ने हो त्यसले मात्र आफ्नो दर्ताको प्रमाणपत्र पेश गर्नुपर्ने उल्लेख भएको हुनाले प्रस्तावक निवेदकले प्रस्ताव साथ आफ्नो दर्ता प्रमाणपत्र पेश गरेकोमा केही कुनै कैफियत नभएकोले RFP ले माग नै नगरेको कागजात पेश नभएको भनी उच्चतम अंक प्रस्तावकर्ता निवेदकको प्रस्तावलाई अस्विकृत गर्न कानुन प्रतिकुल छ ।

४.१.९ RFP को ITC को Clause १०.१ मा The Proposal Shall Comprise the documents and forms listed in the data sheet भनि उल्लेख भएको र प्रस्तावदाताको लागि RFP मा उल्लेखित शर्तलाई अक्षरशः अनुसरण गनुपर्ने, त्यसमा उल्लेखित कागजात प्रस्ताव साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने हुन्छ । RFP र प्राविधिक प्रस्ताव खोलुवा मुचुल्का समेतबाट निवेदक SMEC International, Australia समेतको संयुक्त उपक्रमले पेश गरेको प्रस्तावमा कुनै कैफियत नरहेको तथ्य प्रमाणित भएको छ । निवेदकले आफनो वा आफना " Sub-consultant हरुको कर चुक्ताको प्रमाण प्रस्ताव साथ पेश गर्नु पर्ने बाध्यता नभएको तथ्यमा विवाद छैन ।

४.१.१० नेपालमा अदालती काम कारवाहीको हकमा हालसालै निश्चित अवस्थामा विद्युतिय माध्यमबाट सुनवाईको अभ्यास गर्न सक्ने व्यवस्था गरिएको भएतापनि हालसम्म विद्युतिय माध्यमबाट कुनै फिरादपत्र, पुनरावेदन पत्र आदि लिखत ग्रहण गर्ने प्रावधान राखिएको छैन तर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०५ (१) मा सार्वजनिक खरिद पुनरावलोकन समिति समक्ष विद्युतिय माध्यमव्दारा पुनरालोकनको निवेदन दर्ता गर्न सकिने स्पष्ट व्यवस्था छ । त्यसै गरी कसैले विद्युतिय माध्यमव्दारा पठाएको लिखत प्राप्तकर्ताले कहिले प्राप्त गरेको मानिने छ भन्ने सम्बन्धमा विद्युतिय कारोबार ऐन, २०६३ को दफा १२ को उपदफा (२) मा" उत्पतिकर्ता र प्रापक बिचमा अन्यथा सम्झौता भएको अवस्थामा बाहेक कुनै विद्युतिय अभिलेखको प्राप्तिको समय तोकिए बमोजिम निर्धारण गरिनेछ" भन्ने व्यवस्था रहेको छ । सो तोकिए बमोजिम निर्धारण गर्ने उदेश्यले जारि गरिएको विद्युतिय कारोबार नियमावली, २०६४ को नियम ८ मा (क) प्रापकको आफ्नै हक वा सञ्चालनमा रहेको कुनै कम्प्युटर प्रणाली र सो प्रणालीको ठेगानामा प्रेषित गरिएको अभिलेख त्यस्तो कम्प्युटर प्रणालीमा प्राप्त भएको समयलाई विद्युतिय अभिलेखको प्राप्तीको समय मानिने व्यवस्था गरेको छ । सो प्रावधान अनुसार हाम्रो पक्षले सार्वजनिक खरिद पुनरावलोकन समिति समक्ष विद्युतिय माध्यमले प्रेषित गरेको मिति २०७६।१२।१३ का दिन नै पुनरावलोकन समिति समक्ष उक्त निवेदन प्राप्त भएको मानिने भएको हुनाले तोक आदेश जे जहिले लागेपनि प्राप्त र दर्ताको मिति २०७६।१२।१३ नै कायम हुने र बैधानिक तरिकाले प्राप्त भएको मानिने कुरामा कुनै विवाद हुन सक्दैन ।

विपक्षी परियोजनाका निकाय प्रमूखलाई दिएको निवेदनका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (१) को म्यादभित्रै निवेदन दर्ता भएको कुरा निर्विवाद रुपमा पुष्टी हुन्छ । हाम्रो पक्षको पुनरावलोकनको निवेदन परेको समयमा कोरोना जिवाणुको संक्रमण फैलिन नदिन सम्पुर्ण मुलुक औपचारीक रुपमा लकडाउनको अवस्थामा रहेको छ । सम्मानिनय प्रधानमन्त्रीबाट देशको नाममा गरिएको संबोधनमा देशैभर संघ, प्रदेश र स्थानिय तहा सार्वजनिक, सामुदायिक तथा निजी सेवा प्रदायक संस्थाहरुबाट प्राप्त गरिने नेपाल राजपत्रमा प्रकाशन गरिए अनुसारका अत्यावश्यक सेवा वाहेकका अन्य सबै सेवाहरु बन्द गरिएको भनी उल्लेख भएको छ । नेपाल सरकारबाट आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम जारी आदेशमा सार्वजनिक खरिद पुनरावलोकन कार्यालय, समितिलाई अत्यावश्यक सेवाको रुपमा नराखिएको हुनाले उक्त अवधिमा ऐ. समिति बन्द रहेको र बैशाख १५ गते २०७७ मा प्रकाशित राजपत्रले लकडाउनको अवधिमा बन्द रहेका अवधिलाई सार्वजनिक विदा भनी घोषित गरेको हुनाले सम्बन्धित कार्यालय प्रमुखले कार्यालय खोले पश्चात मिति २०७७।१।१२ मा दर्ता गरी कारवाही प्रारम्भ भएको अवस्थामा हदम्याद समाप्त भई निवेदन दर्ता भएको तर्क गर्न कानुनतः नमिल्ने व्यहोरा स्पष्ट छं । सार्वजनिक खरिद पुनरावलोकन समितिले विद्युतिय माध्यमव्दारा प्राप्त गरेको पुनरावलोकनको निवेदनले मान्यता पाउदैन भनी तर्क गर्ने आयोजनाले आफना प्रस्तावकहरु संगका

सम्पुर्ण संचारहरु विद्युतिय माध्यमाबाट नै गरि आएको छ । त्यस्तो हो भने विपक्षी परियोजनाले विद्युतिय माध्यमबाट गरेको ठेक्का सम्बन्धि सम्पुर्ण काम कारवाही अमान्य र बदर हुने तर्क जो सुकैले गर्न सक्छन ।

४.१.११ हाम्रो पक्षले कानूनको निर्धारीत म्याद भित्र विद्युतिय माध्यमबाट निवेदन पेश गरेको अवस्थामा नेपाल सरकार मन्त्रि परिषदको निर्णय बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालय लकडाउनको कारणले बन्द रहेको समयमा दफा ५० को उपदफा (४) मा उल्लेख गरिएको म्याद अर्थात निवेदन परेको ३० दिनभित्र निर्णय हुन नसकेको कारणले हाम्रो पक्षको निवेदन खारेज गर्नु पर्ने विपक्षिको तर्क उचित र स्विकार्य छैन ।

कुनै निश्चित अवधि कार्यालय बन्द रहेको अवस्थामा एकातर्फ त्यस्तो बन्द अवधिको गणना स्वतः गर्न नमिल्ने कुरा स्पष्ट छ । सो बाहेक उक्त दफा ५० को उपदफा (४) लाइ परिपुरण गर्ने कुनै कानूनी व्यवस्थाले निर्धारीत ३० दिनको अवधिभित्र निर्णय हुन नसेकेको अवस्थामा त्यस्तो परेको निवेदनलाइ अमान्य वा खारीज गर्न मिल्ने व्यवस्था गरेको छैन । अतः हाम्रो पक्षको कुनै त्रुटी नभएको, सार्वजनिक खरिद पुनरावलोकन समितिले भोग्नु परेको बाध्यात्मक परिस्थीतीको कारणले ३० दिनभित्र निर्णय हुन नसकेको कारणले हाम्रो पक्षको उपचार पाउने बैधानिक हकमा असर पुग्न सक्ने होइन ।

४.१.१२ सार्वजनिक खरिद नियमावलीको नियम १०४ को उपनियम (१क) मा भएको व्यवस्थाको अक्षरस पालना गर्दा कुनै धरौटी राख्नु पर्ने कुनै अवस्था नै नदेखीएको भएतापनि पक्षले आफनो निवेदनमा न्याय प्राप्तीको लागि गम्भीर भएको कुराको पुष्टी गर्न ६० लाख रुपैया धरौटी समेत राखेको अवस्थाको विद्यमानतामा पक्ष धरौटी राख्ने कुरामा तत्पर रहेको अवस्थामा धरौटीको आधारमा खारेज गर्न सक्ने हो वा होइन ?

विपक्षी परियोजनाको तर्फबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ को उपनिय १ बमोजिम कुनै बोलपत्र जमानत मांग भएको छैन । प्रस्तुत बोलपत्र साथ जमानत रकम नतोकिएको र यो निवेदन प्राविधिक प्रस्तावसंग सम्बन्धित भएकोले नियम १०४(१) बमोजिमको रकम पनि राख्नु नपर्ने भएकोले बोलपत्र जमानत रकम नै शुन्य भए पछि त्यसको दश प्रतिशत पनि शुन्य नै भएकोले निवेदन वापत वा निवेदन साथ केही कुनै जमानत राख्नु नपर्ने स्पष्ट छ ।

४.१.१३ नियम १०४(२) मा निवेदन गर्नु पर्दा उपनियम (१) बमोजिमको रकम वा बैंक जमानत पेश नभएसम्म पुनरावलोकन समितिले त्यसता निवेदन उपर कारवाही गर्ने छैन भनी उल्लेख गरिएको भएतापनि उपनियम (१) बमोजिमको बोलपत्र जमानत शुन्य राखी प्रस्ताव माग गरिएको हुनाले प्रस्तुत निवेदन वापत कानुनतः जमानत नै राख्नु पर्ने बोलपत्र जमानत रकम नतोकी शुन्य राखी बोलपत्र लिने निकायले प्राविधिक प्रस्ताव जसको मुल्य खुल्दैन सो निवेदन वापत जमानत नराखेको भनी जिकिर लिन मिल्दैन । आर्थिक प्रस्ताव र प्राविधिक प्रस्तावको कानुनी स्वरुप, प्रकृति फरक भएको हुनाले आर्थिक प्रस्ताव वापत नियमावलीमा तोकिएको रकम नै प्राविधिक प्रस्ताव उपरको निवेदन साथ राख्नु पर्ने वा बोलपत्र जमानत नतोकिएको अवस्थामा आर्थिक प्रस्ताव सम्बन्धमा भएको १०४(१) बमोजिमकै रकम राख्नु पर्ने कानुनी अनिवार्यता नभएकोले प्रस्तुत निवेदनको हकमा नियम १०४(२) को व्यवस्था आकर्षित हुन सक्दैन । जमानतको अंकको सम्बन्धमा डाटा सिटमा खालि राखिएको प्रस्तावकर्ताहरु संगको बैठकमा समेत सो सम्बन्धमा सोद्धा असंगत जवाफ दिएको कुरा अभिलेखले पुष्टी गर्छ । यसरी जमानत दिनु नै नपर्ने विषयमा समेत सार्वजनिक खरिद अनुगमन कार्यालयव्दारा सार्वजनिक गरिएको नमुना RFP मा उल्लेख भएको अंकको आधारमा न्याय पाउने आफनो प्रतिबद्धताको पुष्टी गर्नमात्र रु. ६० लाख जस्तो ठुलो रकम जमानतको रुपमा राखेको स्पष्ट छ ।

४.१.१४ विपक्षी कार्यालयले निवेदकको प्राविधिक प्रस्ताव अस्विकृत गर्ने निर्णय उपर कानुन बमोजिम म्याद भित्रै ऐनको दफा ४९ बमोजिम ऐ. समितिमा विद्युतिय माध्यमबाट निवेदन दिई सकेको र सोको जानकारी विद्युतिय माध्यम बाटै विपक्षी कार्यालयलाई समेत गराई सकेको अवस्थामा ऐ. ऐनको दफा ५१(१) बमोजिम निवेदनको सुचना प्राप्त भएपछि सो निवेदका सम्बन्धमा पुनरावलोकन समितिबाट निर्णय नभएसम्म सार्वजनिक निकायले खरिद कारवाही रोक्का गर्नुपर्ने र नियम १०५ मा समेत सोही व्यवस्था भएकोले निवेदनको जानकारी प्राप्त गरी सकेको विपक्षीले समितिको निर्णय भएसम्मको अवधि सम्म खरिद कारवाही यथास्थितिमा राख्नु पर्नेमा ऐ. दफा ५१(१) र नियमावलीको नियम १०५ को स्पष्ट व्यवस्था विपरित खरिद कारवाही प्रक्रिया अगाडी बढाई आर्थिक प्रस्ताव खोली प्रक्रिया अगाडी बढाउने कार्य गरेकोले त्यसलाई वैध र विधि सम्मत मान्न सकिदैन ।

४.१.१५ उपरोक्त उल्ल्लेखित बहस बुदा जिकिरलाई अन्या नहुने गरी विपक्षीका तर्फबाट पेश भएको लिखित प्रतिवाद उठाइएका विविध बुदाका सम्बन्धमा निम्नानुसार खण्डन गर्दछौं ।

(क) प्रस्ताव खोलिएको मिति सम्मको कर चुक्ता प्रमाणपत्र प्राविधिक प्रस्ताव संग पेश नगरेको कारण ऐनको दफा २३(७) मा योग्यता परिक्षण गर्दा पुर्व योग्यता अनुसारको योग्यता सारभुत रुपमा घटी भएको पाइएमा त्यस्तो बोनस रद्ध गर्नुपर्ने भन्ने व्यवस्था सम्बन्धमा निवेदन गर्नु पर्दा ऐनको दफा २३(६) मा पुर्व योग्यता निर्धारण छ वा छैन सो परिक्षण गर्नुपर्नेछ भनी उल्लेख भएको छ । प्रस्तावक परामर्शदाता (बोलपत्रदाता) विदेशी कम्पनी भएकोले निवेदकको हकमा कर चुक्ता प्रमाणपत्र सम्बन्धी व्यवस्था आकर्षित नहुने भएकोले निवेदकको योग्यता सारभुत रुपमा घटी भएको भन्ने प्रश्न नै उठ्दैन ।

Sub Consultants को कर चुक्ता प्रमाण पत्रको विषय तर्फ निवेदन गर्नुपर्दा EO1 को चरणमा र विवरण पेश गर्ने सम्बन्धमा साधिकार निकायबाट जारी म्याद थप सम्बन्धी प्रमाणित कागजात पेश गरिएको थियो भन्ने प्राविधिक प्रस्ताव खोलिदाको बखत स्थानिय Sub Consultants हरुले आ आफ्नो आय विवरण सम्बन्धित निकायमा पेश गरेर स्वयं कर निर्धारण अनुरुपको कर दायित्व समेत बहन गरी सकेको यर्थाथ अवस्थामा पुर्व योग्यता अनुरुप सारभुत रुपमा घटी भएको नभई सारभुत रुपमा बृद्धि भएको स्थापित हुन्छ । यद्यपी प्रस्तुत RFP बमोजिम प्राविधिक प्रस्ताव पेश गर्दाको बखत Sub Consultants र SMEC Nepal को कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्ने शर्त नरहेको भएतापनि जे जति कागजात सहित प्राविधिक प्रस्ताव पेश गरिएको हो त्यसमा EO1को क्रममा पेश भएको आय विवरण म्याद थप सम्बन्धी प्रमाणित समेत रहेको अवस्थामा ऐ. दफा २३(६) बमोजिम मुल्यांकन गर्दा पनि तत्कालिन अवस्थामा कानुन बमोजिम लिइएको म्यादथप सम्बन्धी कागजातको वैधानिकता यथावत रहेको वा त्यसता कुनै कैफियत नभएको हुनाले त्यसलाई सारभुत रुपमा घटी भएको भन्न मिल्दैन ।

प्राविधिक प्रस्ताव खोलिदाको बखत Sub Consultants हरुको आय विवरण पेश भई सकेको हुनाले बास्तविक रुपमा प्रस्तावको मुल्यांकन नभई पुर्वाग्रही भई कानुनको विभिन्न दफामा उल्लेखित व्यवस्थाको उल्लेख मात्र गरी प्रस्ताव अस्विकृत गर्न कानुनतः मिल्दैन । कानुनको दफा प्रतिवादमा उल्लेख गरीदैमा उक्त दफाको आशय मनसाय र उक्त दफाको उदेश्य

परिपुर्ति हुदैन । काननुतः प्रस्ताव खोलिने अवधि सम्मको कर चुक्ता प्रमाणपत्र (आ.व. २०७६।७७) आ.व. परिवर्तन भएको हुनाले आ.व. को मध्यमा केही कुनै करदाताले प्राप्त नै गर्न नसक्ने र छनौट भएकोले पनि सो पेश गर्न नसकेको र गर्न नसक्ने व्यहोरा निवेदन गर्दै बहसको क्रममा नेपाली सेनाको तर्फबाट पेश भएको अपुष्ट कागजातमा हातले rooshin को आ.व. ७५।७६ को कर विवरण पेश भएको भनी उल्लेख गरिएको भएतापनि प्रस्ताव खोलुवा मुचुल्कामा उक्त विवरण पेश भएको तथ्य उल्लेख नभएकोले खोलुवा मुचुल्का भै सकेपछि हालिएका झुठा कागजात समितिमा पेश गर्ने कार्य विपक्षीबाट भएको थप पुष्टि हुन्छ ।

(ख) विपक्षिहरुको तर्फबाट बहसको क्रममा उजुरी म्याद नाघि परेको, उजुरी अपरिपक्व भएको र LoI जारी नहुदा सम्म दफा ५० बमोजिम पुनरावलोकनको निवेदन गर्न नसकिने कुराको उल्लेख गर्नु भएको थियो । जुन तर्क आधारहिन छ । सार्वजनिक खरिद ऐनको दफा ४७ ले खरिद प्रकृयाको जुन सुकै चरणमा भएको त्रुटिको हकमा समेत निकाय प्रमूख समक्ष र निकाय प्रमूखको निर्णयमा चित्त नबुझेको अवस्थामा सार्वजनिक खरिद पुनरावलोकन समिति समक्ष पुनरावलोकनको निवेदन दिन सक्ने खुला अधिकारक्षेत्र प्रदान गरेको छ । अतः निवेदन अपरिपक्व रहेको भन्ने कथन आफैमा अनुचित छ ।

अतः माथि उल्लेख गरिएका आधारमा हाम्रो पक्षले कानून सम्मत दिएको पुनरावलोकनको निवेदन माथि उल्लेख गरिए बमोजिमको उपचार प्रदान गरि पाऔ भनी निवेदन गर्दछौं ।

४.२ सार्वजनिक निकाय (काठमाण्डौ तराई मधेश फास्ट ट्र्याक रोड प्रोजेक्ट) का तर्फबाट बरिष्ठ अधिबक्ताहरु श्री शुशिल कुमार पन्त, श्री शम्भु थापा, श्री रमन श्रेष्ठ, अधिबक्ताहरु श्री बाबुराम दाहाल, श्री ललित बस्नेत, श्री बल बहादुर राई, श्री नेत्र आचार्य, प्राड म.से.श्री महेन्द्रजंग शाह, प्र.से.श्री सुनिल सिंह राठौर, प्रा.प्र.से.श्री बिश्ववन्धु पहाडी, प्रा.प.से.बिष्णु प्रसाद उपाध्याय, प्राड प्र.से.श्री अमित प्याकुरेल, प्राड से.श्रीराज कुमार रन्जितले वहस गर्नु भयो । सार्बजनिक निकायबाट बहस नोट समेत प्रश्तुत भएकोले सो समेत अध्ययन गरियो ।

४.२.१ निवेदकले E-mail मार्फत् निवेदन पठाउनु हुँदा बैक जमानत वा नगद धरौटी नराखेकोले जीवित रहदैन । मिति २०७६।०६।१७ गते माग गरिएको अन्तर्राष्ट्रिय परामर्शदाता छनौंट गर्न Expression of Interest का लागि सूचना प्रकासित् गरिए अनुसार २२ मरामर्शदाताहरुबाट प्रस्तावहरु पेस भए । मिति २०७६।०८।११ गते आशयपत्रदाताहरु मध्येबाट मूल्यांकन गरी ६ वटा आशयपत्र छनौट गरी ती आशयपत्रदाताहरुसंग मिति २०७६।८।१७ मा Request for Proposal माग गरियो । सूचिकृत भएका प्रस्तावदाताहरु मध्ये ५ ले प्रस्तावहरु दर्ता गरे । मेरो पक्षबाट प्राविधिक प्रस्ताव मिति २०७६।१०।०३ मा खोलियो , आर्थिक प्रस्ताव सुरक्षित् राखियो ।

४.२.२ मूल्यांकन समितिले प्रभावग्राही र योग्य प्रस्तावदाता Yooshin Engineering Corporation (Korea) JV र Meinhardt pty Ltd (Songapore) JV को मिति २०७६।१२।१८ मा आर्थिक प्रस्ताव खोल्ने सूचना दियौं । प्राविधिक प्रस्तावमा छनौंट हुन नसकेका परामर्शदाताहरुलाई आर्थिक प्रस्ताव फिर्ता लैजाने पत्र पठायौं ।

४.२.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०५ (२) मा यस समितिमा निवेदन म्याद भित्र दर्ता नभएमा त्यस्तो निवेदन उपर कुनै कारवाइ हुने छैन भनि व्यवस्था भएको छ । यहा विपक्षीबाट पेस भएको निवेदन मिति २०७६।१२।१३ मा आएको छ, निवेदन कार्यालयमा मिति २०७७।०१।१२ मा दर्ता भएको छ । कानूनमा स्पष्टसंग लेखेको बिषयमा सोही वमोजिम हुनु पर्छ । कानूनमा सार्वजनिक निकायले निवेदकले ऐनको ४७(१) वमोजिम मागेको जवाफ सोही दफाको उपदफा (६) बमोजिम निर्णय गर्नु पर्ने व्यवस्था छ । त्यो निर्णय भएको ७ दिन भित्र सार्बजनिक पुनरावलोकन समिति समक्ष निवेदन दर्ता भएको हुनु आवश्यक छ । विपक्षीबाट निवेदन पेस गर्दा सार्वजनिक खरिद ऐनको दफा ५३ को (१) अनुसार तोकिएको जमानत नियमावलीको नियम १०४(१क) वमोजिम तोकिएको जमानत बैंक जमानत वा नगद जमानत राख्नु पर्ने हुन्छ । तर Data Sheet मा खाली छ । E-mail मा प्राप्त निवेदनसाथ नियमावलीको १०४(१क) वमोजिम राख्नु पर्ने जमानत राखेर निवेदन गरेको छैन । पुर्व योग्यता र प्राविधिक प्रस्तावमा मूल्य खुल्दैन तथा प्रविधिक प्रस्तावको निवेदनमा मूल्यको Bid Security को १० प्रतिसत् राख्नु पर्छ । Double Envelope प्रस्ताव भएकोले वहाले कति कवोल गर्नु भएको छ त्यो वहालाई ने थाहा हुने भएकोले सोही वमोजिम १० प्रतिसत् जमानत राख्नु पर्छ । यो जमानत निवेदन गरेको मितिमा बनेको हुनु पर्छ । यस्तो प्रस्तावमा अंक थाहा छैन भन्न मिल्दैन । यो व्यवस्था Mandatory हो । यसमा कुनै कमी वा अन्यथा भएमा निवेदन यस समितिमा दर्ता गर्न सकिदैन । Bank Guaratee राख्न भनिएकोले यो बाध्यात्मक व्यवस्था भएकोले यो राख्नै पर्छ । Bank Guaratee वा नगद जमानत जे भए पनि कुन दिन राखियो त्यो यहा महत्वको छ, राख्नु पर्ने दिनमा राखिएन । प्रस्ताव Eligible हुन बैक जमानत निवेदन साथ हुनु आवश्यक पर्छ । RFP को Section 2 Instructions to consultants and Data Sheet को खण्ड 6.2 मा ….employees meet the eligibityrequirements as established GON/DP maximum number of partners in Jv shall be as specified the data sheet उल्लेख छ । Eligibility हुन बैक जमानत हुनु पर्छ । यस बिषयमा यस समितिबाट मिति २०६६।०३।१८ को निर्णयबाट शर्मा पप्पुको निबेदनमा नजिर कायम भएको छ ।

४.२.४ यहा निवेदन खारेज हुने प्रर्याप्त प्रमाणहरु छन् । ऐन को दफा २(६) मा बोलपत्रको परिभाषा भएको छ । Local consultant ले पेस गरेको Tax Clearence Certificate RFP मा संलग्न छैन । Section 2 Instructions to consultants and Data Sheet को खण्ड 6.2 मा व्यवस्था भए अनुसार Eligibity requirements मा Tax clearance Certificate समेत पर्छ । Data sheet को B को 10.1The proposal shall comprise the following :-2 मा The proof of legal status and eligibility of Intenational and nationalfirms उल्लेख छ । साथै certificate of incorporation (लायसेन्स ) समेत समावेस (comprise) गर्नु पर्ने उल्लेख छ । यी कागजातहरु Mandatory हुन् । नियमावलीको ४०(२घ) मा सार्वजनिक निकायले तोकेको अवधिसम्मको करचुक्ताको प्रमाण पेस गर्ने व्यवस्था छ । यो प्रमाण पनि Elibigity स्थापित गर्ने कागज हो । RFP मा यी कागजातहरु Comprise गरी पेस गरेको छु भनि दस्तखत गरी कम्पनीको छाप लगाई पेस गरे पछि समावेस हुनु अनिवार्य छ । EOI मा पेस गरे पछि RFP मा समावेस गर्न आवश्यक छैन भन्ने कुरा आउदैन । प्रस्ताव मूल्यांकनमा भेदभाव भयो भनियो भने अरु प्रस्तावदाता उपर अन्याय पर्न जान्छ र यस्तो प्रश्न बोलपत्र खोल्दा र Pre-submission meeting मा पनि जिज्ञाशा उठाइएन । म्याद थप १५ दिन भएको छ, ३ दिन होइन ।

४.२.५ ऐनको दफा ३९ मा परामर्श सेवा प्राप्त गर्ने अन्य विधि तथा सोको मूल्यांकन प्रकृया सम्बन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ व्यवस्था भएको छ । ऐन को दफा १० (१ख) मा प्रस्ताव सम्बन्धि कागजातमा उल्लिखित् योग्यताका आधार प्रस्तावदाताले पूरा गरेको हुनु पर्नेछ भन्ने व्यवस्था छ । यसबाट पनि RFP मा माग भएका कागजातहरु समावेश गर्न अनिवार्य छ ।

४.२.६ यो खरिद प्रकृया पूर्वयोग्यता वा Double Invelope हो भन्ने प्रश्न छ । सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ४ को दफा २९ देखि ३९ सम्म अलग व्यवस्था छ । यसले नपुगेमा तोकिए वमोजिम हुने व्यवस्था छ । दफा ३० मा संक्षिप्त सूचि तयार गर्ने र ३१ मा प्रस्ताव माग गर्ने व्यवस्था छन् ।

४.२.७ Consultant Bidder होइन । Consultant legally established छैनन् । GCC को १ (e) मा Consultant means a legally–established profeessoional consulting firm or entity………….भनी उल्लेख छ । Contract document मा सही गर्नु भएको छ । वहाँ Consultant होइन र ? आयकर ऐन, २०५८ को दफा ९६ मा तीन महीनामा आय बिवरण पेस गर्ने, दफा ९८ मा आय बिवरण दाखिला गर्नु पर्ने म्याद भित्र विभाग समक्ष म्याद थपको निवेदन दिनु पर्ने व्यवस्था गरेको छ । पौष मसान्त पछि म्याद थप गर्ने प्रावधान छैन । म्याद थपको अवधि समाप्त भएको पेस गरेको करको प्रमाण अमान्य हुन्छ ।

४.२.८ मिति २०७६।१२।१३ मा E-mail मार्फत बिपक्षी निवेदकले निवेदन पठाउनु भयो । त्यो COVOD-19 को बाध्यात्मक अवस्था थियो तर यस Tribunal ले कानूनले निर्धारण गरेको म्याद अवधिलाई तन्काउन लम्ब्याउन सक्तैन । यस Tribunal ले पद्दति र प्रकृया पनि बसाउनु पर्छ ।

४.२.९ मूल्यांकनमा चित्त नबुझ्दा सार्वजनि निकायका प्रमुख समक्ष दफा ४७(१) बमोजिम पुनरावलोकनका लागि७ दिनभित्र निवेदन गर्ने, त्यसको निर्णय ५ दिन भित्र तरी सक्नु पर्ने र बाँकी ७ दिनभित्र यस समितिमा निवेदन दिई सक्नु पर्दछ । अर्थात ७+५+७ को सुत्र अनुसार हुन्छ । समितिमा परेको निवेदनको निर्णय ३० दिनमा गर्नु पर्छ ।

४.२.१० मिति २०७६।१०।०३ सम्म Technical Proposal पेश गर्ने म्याद भएको र सोही दिन सो प्रस्ता खोलिएको छ । RFP का अनुसार सोही दिन सम्म Tax Clearence Certificate पेश गरी सक्नु आवश्यक पर्छ । ब्यक्तिगत e-mail मार्फत पठाएको निवेदनको Entertain गर्न मिल्छ की मिल्दैन ? यो legal मानिदैन । यो समितिको गठन यही जिल्लामा भएको छ । कानूनले ब्यवस्था गरे वमाजिमको निर्णय यहीबाट मात्र गर्न मिल्छ, अन्यत्रबाट गरेको निर्णय Invalid हुन्छ । ब्यक्तिगत पत्र, घर, अन्य संस्थामा बसेर गरेको निर्णय पनि मान्य हुदैन । १६ मार्च २०२० मा दुइ consultant लाई प्राविधिक प्रस्ताबमा सफल भएको पत्र लेखियो । अरुलाइ सो प्रस्ताब फिर्ता लैजान पत्र दिइयो । त्यसैमा चित्त नबुझी मिति १७ मार्च, २०२० मा SMEC consultant ले पुनरावलोकनका लागि निवेदन गरेको छ ।

४.२.११ मार्च २०, २०२० मा निवेदकले ऐनमा भएको दफाको व्यवस्थालाई उल्लेख नगरी Clearification माग गरेको छ,। सार्वजनिक निकाय आयोजना कार्यालयले ऐनको दफा उल्लेख नगरी जवाफ दिएको छ । निवेदकबाट ऐनको दफा ४९(क) वमोजिम यस समितिमा कानूनी उपचारका लागि निवेदन दिनु पर्छ । यस खरिद प्रक्रियामा विपक्षी निवेदकले ४ गते देखि १० गते भित्रमा यस समिति समक्ष कानून वमोजिम निवेदन दिनु पर्ने हुन्छ । यो म्यादमा थप गर्ने कानूनले ब्यवस्था गरेको छैन । अदालतले पनि कानूनमा जे ब्यवस्था छ त्यही गर्नु पर्छ । कार्यविधि कानूनमा पनि त्यही लागु हुन्छ । विपक्षीबाट भएको निवेदन हद म्याद भित्र दर्ता भएन, e-mail मा पठाएको निदेदनमा पनि जमानत राखेको छैन, कानून वमोजिम दर्ता भएन ।

४.२.१२ यस खरिद प्रकृयामा मुख्य मुद्दा भनेको Tax Clearence Certificate Specific भएको छ भन्ने नै हो । ऐनको १०(६) मा प्रस्तावदाताले पेस गरेको योग्यता सम्बन्धि बिवरण तथ्यगतरुपमा झुट्ठा वा सारभुत अपुरो भएको पाइएमा सार्वजनिक निकायले कुनै पनि समयमा अयोग्य ठहऱ्याउन सक्ने ब्यवस्था गरेको छ । ऐ. ऐनको दफा २३(२क) बमोजिम बोलपत्रदाता बोलपत्र पेस गर्न कानून वमोजिम योग्य भएको पुष्ट्याई गर्ने कागजातहरु पेश हुनु पर्छ । नियमावलीको ४०(२घ) मा सार्वजनिक निकायले तोकेको अवधि सम्मको कर चुक्ता प्रमाणपत्र वा आयबिवरण पेस गरेको वा म्याद थपको प्रमाण राख्नु पर्छ भन्ने ब्यवस्था छ । यसै बिषयमा नियमालीको नियम ७७(२ग) पनि यो ब्यस्था छ । यसबाट प्रमाणित हुन्छ कि प्रस्तावका लागि कानूनी आधार Tax learence प्रमाण हो । यो विना प्रस्तावदाताले पेस गरेको प्रस्तावले बैधानिकता पाउन सक्तैन । ITC मा उल्लेख भएका बुदाहरु मुख्य Guidelne हो । यसमा भएका कुराहरु बाहेक तलमाथि गर्न सकिन्न । यसको Legal Status proof बिषयमा RFP को १०.१ र १०.२ मा उल्लेख छ । ऐनको दफा ५०(४) मा भएको बाध्यात्मक ब्यवस्था हो । सर्वजनिक हीतको आयोजना, जुन रास्ट्रिय प्रथमिकतामा परेको आयोजना हो, नरोकी जारी राख्न सकिन्छ ।

४.२.१३ विपक्षी निवेदकले दिएको निवेदन मृत्युपत्र भने हुन्छ । यस निवेदनमा संलग्न बैक जमानत बाध्यात्मक हो । ऐनको ब्यवस्था संसदले मात्र गर्न सक्छ । सर्बोच्च अदालतको नियमावलीमा बिद्युतीय निवेदन साथ लिखित प्रती पेस गर्नु पर्छ । मुलुकी देवानी (संहीत) मा भएको प्राबधान अनुसार प्रवेश गरी गल्ती गर्नेले क्षति ब्यहोर्नु पर्छ ।

## ५. समितिको निर्णयः

Kathmandu Terai/Madhesh Fast Track (Expressway) Road Project बाट परामर्श सेवा Design and construction Supervision खरिद प्रकृयाका बिषयमा निवेदक SMEC International Pty. Limited, Australia; Dongsung Engineering Co.ltd, Korea; Korea Engineering Consultants Corp.Korea JV समेतका तर्फबाट अधिकार प्राप्त कन्ट्रि डाइरेक्टर रेशमराज ढकालले पुनरावलोकनका लागि यस समितिमा पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजातहरु, सार्वजनिक निकायबाट प्राप्त कागजातहरु, सार्बजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदको Request for Proposal (Technical) का लागि जारी निर्णय सूचनाका बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ निवेदक Consultants Company JV ले खरिद यो प्रकृयाको बिषयमा सार्वजनिक निकायसमक्ष सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) वमोजिम सोही सार्वजनिक निकाय प्रमुख समक्ष निवेदन दिनु पर्नेमा ऐनको दफा नखोली ठाँडो निवेदन दिएको तथा सार्वजनिक निकायबाट पनि ऐनको दफा ४७(६) वमोजिम निर्णय गरी जानकारी नदिएकोले निबेदकको पत्रले कानूनी प्रकृयामा नै प्रवेश गरेको मान्न सकिएन ।

५.२ RFP को Data Sheet को B-Preparation of Proposal को १०.१ को पहिलो भित्री खाम Technical Proposal मा देहायको (२) समाबेश (Comprise) हुनु पर्ने उल्लेख छ । देहाय (२) मा Proof of legal status and eligibility of international and national firms उल्लेख छ । Legal status र Eligibility हुनका लागि सार्वजनिक निकायले तोकेको अवधि सम्मको करचुक्ता प्रमाणपत्र वा करको बिवरण पेश गरेको प्रमाण RFP साथै समावेस हुँदा कानून सम्मत हुन्छ, पछि पेश गरेको मान्य हुदैन । साथै परमर्शदाता JV बाट RFP मा

We meet the eligibility requirement as stated in ITC-6 उल्लेख गरी दस्तखत गरी Proposal submission form पेस गरेको अवस्थामा छ ।

५.३ प्रस्तावदाता निवेदक कम्पनीले Proposal submission form को दास्रो हरफमा तोकिए बमोजिम बिस्तृत बिवरण उल्लेख गरेको नदेखिदा सार्वजनिक निकायबाट RFP मा तोकेको निर्धारित ढाँचामा खाली राखी प्रस्ताव पेश गरेकोले कानूनी मान्यता पाउन सक्तैन ।

५.४ Data sheet को ITC reference २1.१ को Reference Note मा उल्लेख भए अनुसार CV Holder हरुले पनि निजहरुले दिएको CV मा दस्तखत गर्नु पर्ने उल्लेख भएको तर अधिकांशले प्रेषित CV को पाना पानामा दस्तखत गरेको छैन । साथै केही CVHolder बाट Confirmation of availability पेश नगरेकोले पेश भएको RFP पूर्ण छैन ।

५.५ RFP को Section 2 को 5.3 मा Consultants Fraud and corruptions का बिषयमा Clause GCC 10.1 मा उल्लेख भए वमोजिम Aware हुनु पर्ने, GCC को 10.1 मा The GOV requires compliance with its policy in regard to Corrupt and fraudulent practices भनी उल्लेख भएको देखिन्छ । नियमावलीको (छैठणैं संशोधन ) नियम १४५ख अनुसार अभियोग लागेको छ छैन प्रमाणित कागजात प्रस्ताव साथ हुनु पर्ने हो तर प्रस्तावदाताले सो प्रमा(ा संलग्न गरेको देखिदैन ।

५.६ प्रस्तावकले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३३ वमोजिम प्राविधिक प्रस्तावको मूल्यांकन प्रस्ताव सम्बन्धि कागजातमा उल्लेख भएको मूल्यांकनको आधार वमोजिम गर्नु पर्ने ब्यवस्था भएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२)(घ) वमोजिम सार्वजनिक निकायले तोकेको अवधि सम्मको सम्बन्धित् निकायबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा आय बिवरण पेस गरेको प्रमाणित कागजात वा आय बिवरण पेस गर्न म्याद थप भएको निस्सा वा प्रमाण उपर्युक्त निवेदक बाट Request for Proposal (Technical) प्रस्ताव खोल्दाको म्याद सम्मको प्रस्तावसाथ पेश नगरेको, प्रस्ताव कागजातको Proposal submission form मा तोएिको बिवरण पूर्णरुपमा नखुलाएको, CV Holders (Key experts) ले CV को प्रत्येक पानामा दस्तखत नगरेका र केही CV holders बाट Confirmation of availability समेत पेश नगरी कानूनी ब्यवस्था र प्रस्तावको अनुपालन (Complince) नभएकोले RFP ले Eligibility को मान्यता गुमाएको छ । साथै प्रस्तावदाता निवेदकले RFP का सबै clauses पढी, जाँची Confirm भई दस्तखत गरी पेश गरेकोले आफैबाट Commit भएका RFP लाई मान्दिन भन्नु मिल्दैन । यी तथ्यहरुका आधारमा निवेदकको माग दावी पुग्दैन । अतः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) (क) वमोजिम निज निवेदकको निवेदन खारेज गर्ने निर्णय गरिदिएको छ । अरु कानून बमोजिम गर्नु; तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैक ग्यारेन्टी नियमानुसार जफत गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

..........................
कमलकुमार श्रेष्ठ
सदस्य

........................
गुणराज श्रेष्ठ
अध्यक्ष

इति सम्वत् २०७७ साल जेष्ठ ०१ गते रोज ०५ शुभम्..................................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १२४**

**आ.व. २०७६/७७ को निर्णय नं १७**

ल.पु.जि. ल.पु.म.न.पा. वडा नं.१५ ताल्छिखेलमा कार्यालय रहेको A.Not/Paragon/DEC JV को तर्फबाट अख्तियार प्राप्त श्री दामोदर आचार्य......................................................................................................................१ **निवेदक**

बिरुध्द

श्री स्थपति निर्देशनालय, जङ्गी अड्डा, भद्रकाली, काठमाडौं.......................................................................१

निकाय प्रमूख, श्री स्थपति निर्देशनालय, जङ्गी अड्डा, भद्रकाली, काठमाडौं................................................१

**विपक्षी/ प्रत्यर्थी**

**बिषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम पुनरावलोकन गरी पाउँ ।**

**१. निवेदकको माग/दावीः**

उपर्युक्त निवेदकले Preparation of Detailed Project Report (DPR) खरिद प्रकृयाका सम्बन्धमा सार्वजनिक निकाय श्री स्थपति निर्देशनालय, जंङ्गीअड्डा भद्रकालीबाट गरिएको निर्णय उपर चित्त नबुझी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) वमोजिम पुनरावलोकनको लागि मिति २०७७।०२।०८ गते सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०४(२) बमोजिम कबोल अंक रु. ३,०४,७९,०००।०० (भ्याट बाहेक) को १ प्रतिशतले हुने जमानत बापतको बैंक ग्यारेन्टी रु. ३,०४,७९०।०० मात्र जमानत कायम हुने गरी सो भन्दा बढी रु. ३४५,०००।०० को ग्लोबल आईएमई बैंकको PG No. PBG3720NPR00486, १८ मे २०२० को १४ सेप्टेम्बर, २०२० सम्म अवधि भएको बैंक ग्यारेन्टी सहित पेश गरेको निवेदनमा निवेदकको प्रमुख माग दावीहरु निम्न वमोजिम देखिन्छन् ।

१.१. विपक्षी श्री स्थपति निर्देशनालय, जङ्गी अड्डा, भद्रकाली, काठमाडौंले मिति २०७६/११/०४ मा उपर्युक्त खरिद प्रकृयाका लागि सुचिकृत परामर्शदाताहरुबाट Request For Proposal(RFP) माग गरेको थियो । २०७६/११/२० गतेको बोलपत्र पूर्वको बैठकमा निर्देशनालयबाट "RFP मा तोकिएको समय DPR तयार गर्नका लाग पर्याप्त नभएको भन्ने प्रश्नमा यसै आर्थिक बर्षमा कार्य सम्पादन गर्नु पर्ने कुरा जानकारी गराईएको" थियो । सो पश्चात यस जे.भी. लगायत अन्य प्रस्तावदाताले RFP बमोजिमको प्रस्ताव उक्त निर्देशनालय समक्ष पेश गरेका थिए । DPR खरिद मूल्याङ्कनको क्रममा यस जे.भी.को आर्थिक प्रस्तावका विषयमा विपक्षीबाट केही प्रश्नहरु ईमेल मार्फत प्राप्त भए पश्चात मिति २०७६/१२/२७ को पत्रबाट यस जे.भी.ले "सार्वजनिक खरिद ऐन दफा ३७, सार्वजनिक खरिद नियमावली दफा ८१(५) र RFP को ITC clause 28.1 अनुसार Negotiation meeting" का लागि अनुरोध गऱ्यो ।

विपक्षी निर्देशनालयले यस जे.भी.को आधिकारिक ईमेल मार्फत वार्ताको अनुरोध पत्र पठाएको भन्दा २५ दिन पछि मिति २०७७/०१/२२ मा "प्रस्ताव स्वीकृतिको आशय पत्र सम्बन्धमा" भन्ने बिषयको पत्र प्रेषित गरेको रहेछ । नेपाल सरकारद्वारा घोषणा गरिएको लकडाउनका कारणले यस जे.भी.को कार्यालय बन्द रहेको कारणले मिति २०७७/०१/२५ गते मात्र उक्त पत्र ईमेल मार्फत प्राप्त भई सोही मितिमा यस जे.भी.ले "Email received. We will come to receive the letter personally at office tomorrow." भनी जवाफ पठायो ।

मिति २०७७/०१/३० मा यस जे.भी.ले सार्वजनिक खरिद ऐनको दफा ४७ बमोजिम पुनरावलोकनका लागि उक्त निकाय समक्ष निवेदन दिएकोमा सोही दिन विपक्षीले १५ दिनभित्र करार गर्न उपस्थित हुनु भन्ने स्वीकृत पत्र (Letter of Acceptance) जारी गऱ्यो । विपक्षीले कर्तव्य पालना नगरेको, त्रुटिपूर्ण ढंगले कारवाही अगाडी बढाएको तथा त्रुटिपूर्ण निर्णय गरेको बिषयमा यस जे.भी.लाई क्रमश मिति २०७७/०१/२५, २०७७/०१/२९ र २०७७/०१/३० मा जानकारी जानकारी प्राप्त भए पश्चात सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(३) बमोजिम पुनरावलोकनको निवेदन पत्रहरु यस जे.भी.ले ईमेल मार्फत दर्ता गरी सकेको छ।

१.२ विपक्षी निर्देशनालयको मूल्याङ्कन समितिले गरेको प्रस्तावको मूल्याङ्कन, विपक्षीले २०७७/०१/२२ मा जारी गरेको आशयको सूचना, मिति २०७७/०१/२९ को निर्देशनालयको जवाफ, तथा मिति २०७७/०१/३० गते निर्देशनालयले जारी गरेको स्वीकृति पत्र त्रुटिपुर्ण रहेको हुनाले पुनरावलोकनको माध्यमबाट बदर हुनु पर्ने आधार र कारण देहाय बमोजिम रहेका छन :

१.२.१ यस जे.भी.ले २०७६/१२/२७ मा सार्वजनिक खरिद ऐन दफा ३७, सार्वजनिक खरिद नियमावली को नियम ८१(५) र RFP को ITC clause 28.1अनुसार Negotiation meeting को लागि अनुरोध गरी पत्र प्रेषित गरेको २५ दिन पश्चात कानून प्रतिकुल हुने गरी वार्ताको अनिवार्य प्रक्रिया अवलम्बन नगरी विपक्षी निर्देशनालयले एकतर्फीरुपले आशयपत्र (Letter of Intent) जारी गरेको बिषयमा मिति २०७७/०१/२६ मा यस जे.भी.ले पत्राचार गर्दा विपक्षीको मिति २०७७/०१/२२ गते आशयको सूचना जारी भई सकेको अवस्थामा Negotiation Meeting गर्न नसकिने व्यहोराको पत्र यस जे.भी.लाई प्राप्त भयो ।

RFP मा संलग्न ToR को बुँदा नं. ९.Contract Duration of Service अनुसार ३ महिनाभित्र कार्य सम्पन्न गरिसक्नु पर्ने र मिति २०७६/११/२० गते भएको Pre-Proposal Conference को Minute मा उल्लेख भए अनुसार यसै आर्थिक बर्षमा कार्य सम्पन्न गरिसक्नु पर्ने शर्तमा यस जे.भी.ले प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गरेको थियो छ ।

हाल आर्थिक बर्ष सकिन २ महिना भन्दा पनि कम मात्रै समय बाँकी रहेको र Contract Duration of Service भने ३ महिना भएकोमा वार्ता वेगर हुन असम्भव रहेको अवस्था छ भने परामर्श सेवा खरिदको प्रक्रियामा नै रहेको साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८(३) तथा Instructions to Consultants and Data Sheet को Clause No. 30.1 र3 0.2 को ब्यबस्था अनुसार Negotiation Meeting मा सफल भएको प्रस्तावदातालाई ७ दिनको समय दिएर Letter of Intent जारी गर्ने र कुनै उजुरबाजुर

नपरेको अवस्थामा सम्झौता गर्न १५ दिनको पूर्व सूचना दिएर बोलाउनु पर्ने कानुनी ब्यबस्था भएकोमा निर्दिष्ट समयभित्र काम सम्पन्न गर्ने, ToR अनुसार ३ महिनामा ३ चरणमा पेश गर्नुपर्ने प्रगति प्रतिवेदन बुझाउने लगायतका बिषयहरुमा छलफल गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१(५) अनुसार विपक्षी निर्देशनालयबाट Negotiation Meeting को लागि यस जे.भी.ले बारम्बार लिखित अनुरोध गर्दा पनि विपक्षीबाट सो Meeting गर्न नसकिने त्रुटिगत निर्णय गरेको छ । ToR मा भएको Deliverables अनुसार काम सम्पन्न गर्न र प्रतिवेदन पेश गर्न सम्भव नहुने देखिंदा देखिँदै वार्ताका लागि नबोलाई Letter of Intent जारी गर्ने र गलत भएको तथ्यलाई अस्वीकार गर्ने मिति २०७७/०१/२२ र २०७७/०१/२९ को निर्णय त्रुटीपुर्ण छ ।

जे.भी.ले प्रस्ताव गरेका ६९ जना Key Expert तथा Non-Key Expert हरुको उपलब्धता हुन सक्ने वा नसक्ने बिषयमा RFP-ITC-28 अनुसार Expert हरुसँग परामर्श गर्ने मौका नदिएको तथा ToR अनुसार Geotechnical Investigation को लागि 1080 meter soil drilling का अधिकांश जनशक्ति काठमाडौंमा उपलब्ध नहुन सक्ने अवस्थालाई आशय पत्र जारी गर्नु अगावै Negotiation Meeting अपरिहार्य हुँदा हुँदै ऐन, नियम र RFP document बिपरित वार्ता नगरी प्रक्रिया अघि बढाउने कार्य त्रुटीपूर्ण छ ।

१.२.२ मिति २०७७/०१/३० को Letter of Acceptance मार्फत विपक्षीले यस जे.भी.लाई त्यस जे.भी.ले पेश गरेको (प्राविधिक तथा आर्थिक) प्रस्ताब बमोजिम म मु.अ.क. सहित रु. ७८,५२,९३५।०० को प्रस्ताब स्वीकृत भएको व्यहोराको पत्र पठायो । यस जे.भी.ले मु.अ.क. सहित रु. ३,४४,४१,२७०।०० मा कार्य गर्ने भनी प्रस्ताव गरेकोले कानून तथा सार्वजनिक खरिद ऐन तथा नियमावली बिपरित भई त्रुटिपूर्ण छ ।

कानूनी रुपले स्वीकृति हुनका लागि प्रस्तावका कुराहरू प्रस्तावकले जुन अर्थमा प्रस्ताव गरेको छ सो सम्बन्धमा प्रस्तावित व्यक्तिले सोही अर्थमा सहमति दिएको हुनु पर्छ । यसलाई मुलुकी देवानी संहिता, २०७४ को दफा ५०४(३) मा करारको सन्दर्भमा भएको स्वीकृतिको स्पष्टिकरणले प्रष्ट पारेको छ । यस जे.भी.को प्रस्तावमा शर्त सहित कुनै कुरा परिवर्तन गरी स्वीकृति पत्र पठाएको हुँदा उक्त निर्देशनालयले मुलुकी देवानी संहिता, २०७४ को दफा ५०९(५) बमोजिम प्रति प्रस्ताव गरेको मानिनेछ । प्रस्तावित व्यक्ति ( निर्देशनालय) ले प्रति प्रस्ताव गरेको अवस्थामा मूल प्रस्ताव रद्द भएको मानिने व्यवस्था मुलुकी देवानी संहिता, २०७४ को दफा ५१०(च) ले गरेकोले प्रचलित करार कानून बमोजिम करार गर्ने कानूनी आधार नै विपक्षीले भंग गरी सकेको छ ।

सार्वजनिक खरिद प्रक्रियामा आफुले कबोल गरेको रकमभन्दा फरक रकममा कसैलाई बाध्य बनाउन मिल्दैन भन्ने सम्बन्धमा जेड.टि.ई. कर्पोरेशन लि. विरुद्ध दुरसंचार कम्पनी लि., ०६९-WO-०१७१, मुद्दा नं. १११७३८, मिति २०७२-१०-२४ को फैसलाबाट नजिर समेत स्थापित भएको छ ।

१.२.३ विपक्षीले RFP document बनाउँदा सो दस्तावेज Time Based रहेको उल्लेख गरेको छ । Time Based (समयवद्ध) सम्झौताको हकमा सार्वजनिक खरिद नियमावलीको अनुसूची ५ ले "निर्माण कार्यको सुपरिवेक्षण गर्ने, ठूला व्यावसायिक संस्थाको व्यवस्थापन गर्ने वा वाँध, सुरुङ्ग जस्ता जटील संरचनाको डिजाइन गर्ने जस्ता परामर्श सेवाको अवधि अनुमान गर्न नसकिने भएमा त्यस्तो कामको लागि समयवद्ध सम्झौता गर्न सकिनेछ" भन्ने व्यवस्था गरेको छ । यो अवधि यकिन भएको खरिद प्रक्रिया हो । निर्देशनालयले Standard Document को Financial Proposal-Standard Forms समेत परिवर्तन गरेर सार्वजनिक खरिद नियमावलीको अनुसूची ४ ले निर्माण कार्यको खरिद सम्झौताका लागी तोकेका Bill of quantities Form RFPमा समावेश गऱ्यो ।

सोही कार्यालयले तयार पारेको विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ को दफा १३(१) ले सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार पारेको "नमुना कागजातहरुको प्रयोग गरी बोलपत्र सम्बन्धि कागजात तयार पार्नु पर्नेछ" भन्ने व्यवस्था गरेको छ भने उपदफा (२) ले नमुना कागजातका केही भागमा मात्र फेर बदल गर्न मिल्ने व्यवस्था गरेको छ । उक्त उपदफाले Financial Proposal सम्बन्धि Form हरुमा फेरबदल गर्ने अधिकार सार्वजनिक निकायलाई दिएको छैन । मूल्याङ्कन समितिले नमुना दस्तावेज र कानून भन्दा बाहिर गई बनाएको FIN-2 Form मूल्याङ्कन प्रक्रियामा सामेल गरिन नहुने कागजातको आधारमा यस जे.भी.ले प्रस्तुत गरेको प्रस्तावको गलत ब्याख्या गरिएको ।

मिति २०७७/०१/०३ को निर्देशनालयको पत्रको जवाफमा यस जे.भी.ले मिति २०७७/०१/०५ मा आर्थिक प्रस्ताव FIN-1 मा अङ्क र अक्षरमा उल्लेख गरेको मु.अ.कर बाहेकको रु. ३,०४,७९,०००/- नै हाम्रो कबोल रकम रहेको व्यहोराको पत्र प्रेषित गऱ्यौं ।

अत: आफुले प्रस्ताव गरेको रकमभन्दा कम मूल्यमा काम गर्न मन्जुर नभएको जानकारी प्रदान गरी बार्ताको अनुरोध गरिएकोमा नेगोसिएसन समेत नगरी यस जे.भी.ले कबोल नगरेको रकम आफुखुसी मूल्याङ्कन गरी सो रकममा प्रस्ताव बमोजिमको कार्य गर्ने प्रयोजनले गरिएको सम्पूर्ण निर्णय, मूल्याङ्कन, मिति २०७७/०१/२२ को आशय पत्र, मिति २०७७/०१/२९ को वार्ता गर्न नसकिने भन्ने निर्णय भएको पत्र, मिति २०७७/०१/३० को स्वीकृति पत्र र सो पश्चात भए गरेका र हुने सबै त्रुटिपूर्ण निर्णय तथा खरिद कारबाही बदर गरी FIN-1 को आधारमा पुनमूल्याङ्कन गरी वार्ताको प्रक्रिया मार्फत सार्वजनिक खरिदको कारवाही अघि बढाउनु भन्ने आदेश विपक्षीका नाममा जारी गरी पाँउ ।

**२. सार्वजनिक निकायको प्रतिकृयाः**

यस समितिको प.सं.मु.१२४।०७६।७७, च.नं.६८ मिति २०७७।०२।०८ को पत्रबाट Preparation of Detailed Report(DPR) for National University, Perunge Daanda, Sanga का परामर्श खरिद कार्य प्रकृयाको बिषयको यस समितिमा पुनरावलोकनका लागि पेश गरेको निवेदन सम्बन्धमा जानकारी तथा प्रतिकृया माग भएकोमा सार्वजनिक निकाय स्थपति निर्देशनालय, जंगी अड्डाबाट प.सं.२४३२/लेखा/बोलपत्र/०७६।७७।१७३, मिति २०७७।०२।१३ को पत्रसाथ प्राप्त जानकारी तथा प्रतिकृयाको प्रमुख कुराहरु निम्नानुसार देखिन्छन्:-

२.१ उपर्युक्त खरिद कार्यको लागि मिति २०७६।०९।१८ मा माग गरेको EOI मा ७ परामर्शदाताहरुले प्रस्ताव दर्ता गरेकोमा संक्षिप्त शूचीमा परेका ४ परामर्शदाताहरुबाट मिति २०७६।११।०४ मा प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरेको ।

२.२ प्राविधिक प्रस्ताब मूल्यांकन गर्दा A Not/Paragon/Dec JV ले पेश गरेको प्रस्तावले सबैभन्दा बढी अंक पाएको, आर्थिक प्रस्तावमा रु ३,०४,७९,०००। भए पनि नियमावलकिो ८०(२) वमोजिम अंक गणितीय त्रुटी सच्याई कवोल अंक रु.६९,४९,५००। कायम गरी मिति २०७६।१२।२६ मा जानकारी गराएको र LOI जारी गरेको ।

२.३ सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३७(१) वमोजिम वार्ता अनिवार्यता नदेखिएको र नियमावली को नियम ८१ (५) ले समेत वार्ता अनिवार्य नदेखिएकोले परामर्दातासंग वार्ता गर्न उपयुक्त नठानेको ।

२.४ LOI जारी भएको ७ दिनभित्र कुनै पनि प्रस्तावदातहरुबाट उजुर नपरेको तर स्वीकृत प्रस्तावदाताबाट नै आफूले गरेको गल्ति स्वीकार नगरी यस निर्देशनालयबाट पहिले आर्थिक प्रस्तावका सम्बन्धमा Negotiation Meeting माग गरेकोमा LOI जारी भए पश्चात् Availability of Key Experts Technical Negotiations सम्बन्धमा वार्ता गर्नु पर्ने भन्ने भाव सहितको पत्र प्रेशित गरेको । Financial Negotiation को बिषयमा नियमले नै वार्ता गर्न नसक्ने भनी उल्लेख भएको परिप्रेक्षमा अन्य कुराहरुको सम्बन्धमा प्रस्ताव स्वीकृत भए पश्चात् सम्झौताका वखत पनि गर्न सकिने भएको कारणले पनि मिति २०७७।०१।३० गते उक्त JV लाई स्वीकृत पत्र प्रदान गरिएको ।

२.५ RFP Document मा द्विविधा परेका कुराहरु हटाउन Pre-Proposal Conference गरिएकोमा प्रस्तावदाताबाट यस्ता कुराहरु उठान नभएको RFP SBD अनुसार नै तयार गरेको, निवेदकले उठान गरेको Fin-2 को Document को महलमा रहेको Quantity र Total Input in Manmonth ( Field & Office) लाई Rate in figure लाइ गुणन गरी निज निवेदकले पनि प्रति इकाइको जम्मा रकम उल्लेख गरेको हुँदा मु.अ.कर वाहेक रु.३०४७९०००। हुन आएको । उक्त मुल्य प्रस्तावमा भएको Man month को महलमा उल्लेख भएको Total Input in Man month (Field & Office ) ले स्पष्टरुपमा जम्मा लाग्ने जनशक्तिलाइ देखाउछ ।

**३. अध्ययन/अवलोकनः**

३.१ Preparation of Detailed project report (DPR) for National defense University को खरिद गर्न मिति ०३ जनवरी, २०२०( २०७६।०९।१८) को गोरखापत्रमा Expression of Interest को सूचना प्रकाशन गरिएको देखिन्छ । यसमा सात प्रस्तावदाताहरुबाट प्रस्तावहरु दर्ता भएका मध्ये मिति २०७६।११।०४ गते संक्षिप्त सूचीमा परेका चार प्रस्तावदाताहरुका आशयपत्रहरु सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७०(१०) वमोजिम छनौट भएको भनी निवेदकलाई मिति २०७६।१०।२४ को पत्रबाट जानकारी दिएको ।

३.२ नेपाल सरकारले संक्रमण रोग ऐन, २०२० को दफा २ वमोजिम मिति २०७६।१२।०९ र तत्पश्चात् विभिन्न मितिमा जारी गरेको आदेश वमोजिम सम्पूर्ण सरकारी कार्यालय, निकाय वा उद्योगले विदा दिएका कर्मचारी वा श्रमिकको हकमा खाईपाइ आएको तलव, भत्ता पाउने गरी त्यसरी विदा दिएको अवधिलाई सम्वन्धित् कार्यालय प्रमुखले सार्वजनिक विदा कायम गर्ने निर्णय गरेको भनी २०७७ बैशाख १५ गतेको नेपाल राज पत्र भाग ५ मा सूचना प्रकाशन् भएको ।

३.३ मिति २०७६।११।२० मा भएको, Pre-Proposal Conference मा समय अवधि अप्रर्याप्तता र आ.व.०७६।७७ मा सम्पन्न गर्नु पर्ने र Key Expertsका CV र योग्यताका वारेमा छलफलहरु भई बैठकको माईन्युट समेत भई समस्या समाधान भएको देखिन्छ ।

३.४ EOI मा सफल भएका प्रस्तावदाताहरुबाट मिति २०७६।१२।०४ मा Request for Proposal माग गरेको, सबैबाट प्रस्ताव दर्ता गरेको, प्रस्ताव मूल्यांकन गर्दा तीन प्रस्तावहरु सफल भइ मिति २०७६।१२।२१ मा आर्थिक प्रस्ताव खोल्न सूचना जारी गरेको । निवेदकले प्रस्तावमा कवोल गरेको रु ३,०४,७९,०००। देखिए तापनि समितिबाट मूल्यांकन गर्दा रु ६९,४९,५००। आएकोले सो रकममा काम गर्न सक्ने नसक्ने भनी सार्वजनिक निकायबाट मिति २०७६।१२।२६ जानकारी गराएको । यसको जवाफ मिति २०७६।१२।२७ मा दिइएको छ । पत्रमा उल्लिखित् कैफियत्का बिषयमा ऐनको दफा ३७ नियमावलीको ८१(५) र RFP को ITC Clause २८.१ अनुसार Negotiation Meeting का लागि निवेदकबाट मिति २०७६१२।२७ को पत्रबाट अनुरोध गरेको । सार्वजनिक निकायबाट मिति २०७७।०१।०३ बाट पुनः खुलाइ पठाउन पत्र लेखेको, निवेदकले मिति २०७७।०१।०५ मा पुनः खुलाइ पठाइ दिने पत्रमा प्राविधिकरुपमा उत्कृष्ट भएको भनी पत्रको जवाफ दिएको । सार्वजनिक निकायबाट मिति २०७७।०१।२२ मा ऐनको दफा ३८(२) वमोजिम प्रस्ताव स्वीकृतिको आशयको सूचना गोरखापत्र दैनिकमा प्रकाशन गरी सोको जानकारी सोही दिन दिएको देखिन्छ । यो मिति देखि ऐनको दफा ४७(३) वमोजिम सात दिन भित्र सार्वजनिक निकाय समक्ष खरिद कारबाहीका सम्बन्धमा पुनरावलोकनका लागि निवेदन गर्नु पर्नेमा निवेदकले मिति २०७७।०१।३० गते मात्र निबेदन दिएको र सो निबेदनमा कार्यालय प्रमुखबाट २०७७।०२।०१ मा तोक आदेश भएको देखिन्छ । परामर्श सेवा स्वीकृत गर्ने आशयपत्रको सूचना जारी भएको मिति २०७७।०१।२२ (सार्बजनिक निकाय प्रमुख समक्ष निबेदन दिनु पर्ने ७ दिनभित्र, सार्बजनिक निकायका प्रमुखले निर्णय गरी सक्नु पर्ने ५ दिन भित्र र सार्बजनिक निकायले निर्णय गरेको ७ दिनभित्र) को हिसावले ऐनको दफा ५०(१) वमोजिम १७ दिन अर्थात २०७७।०२।०७ भित्र सार्बजनिक खरिद पुनरावलोकन समितिमा पुनराबलोकनका लागि निवेदन दिनु पर्ने हुन्छ । निबेदकले हद म्याद नघाई मिति २०७७।०२।०८ मा मात्र समितिमा निबेदन दिएको छ । नेपाल कानून् व्यख्या सम्बन्धि ऐन, २०१० को दफा ९ मा हदम्याद तारेख हाजिर हुनु पर्ने दिन अड्डा वा अदालत विदा वा तातेल भएमा जुन दिन अड्डा वा अदालत खुल्ने हो सो दिन हाजिर हुनेको हदम्याद तारिख गुज्रन नसक्ने हुन्छ तर यस अवधिमा सरकारी कार्यालयहरुमा सार्बजनिक विदा छैन । ऐनको म्यादभित्र पेश हुन नआएको निवेदन खारेज हुन्छ ।

३.५ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १०१ मा दुई करोड रुपैयाभन्दा कमको खरिद कारबाहीको सम्बन्धमा पुनरावलोकन समिति समक्ष निबेदन दिन सकिने छैन भन्ने व्यवस्था भएकोमा यो खरिद कारबाहीको लागि सार्बजनिक निकायले कायम गरेको रकम (मु.अ.कर बाहेक) रु.६९,४९,५००।०० मात्र भएकोले यो रकम ऐनले निर्धारण गरेको रकमको सीमाभित्र पर्ने देखिदैन ।

३.६ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३७(१) मा दफा ३५ बमोजिम छनौट भएको प्रस्तावदातासँग कार्य क्षेत्रगत र प्रस्तावित सेवाको कार्यक्षेत्र, प्रगति प्रतिबेदन, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने सुविधाका विषयमा वार्ता गर्न सकिने छ, उपदफा (२) मा दफा ३५ को उपदफा (१) को खण्ड (ख) को अबस्थामा बाहेक आर्थिक प्रस्तावका सम्बन्धमा पेशाविदहरुको पारिश्रमिक सम्बन्धमा वार्ता हुन सक्ने छैन, तर सोधभर्ना हुने प्रकृतिका खर्च सम्बन्धमा वार्ता गर्न सकिने छ भनी उल्लेख छ ।

त्यसैगरी सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८१(५) मा यस नियम बमोजिम छनौट भएको प्रस्तावदातासंग वार्ता गर्नु पर्ने भएमा सार्वजनिक निकायले प्रस्ताब छनौट भएको ७ दिनभित्र त्यस्तो प्रस्तावदातालाई मिति, समय र स्थान खोली वार्ता गर्न आउन सूचना दिनु पर्ने व्यवस्था छ ।,उपयुर्क्त कानूनी व्यवस्था अनुसार बार्ताको बिषयमा सार्बजनिक निकायलाई बाध्यकारी गराएको देखिदैन ।

३.७ सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३(८) मा यस दफा बमोजिम बोलपत्र परीक्षण गर्दा बोलपत्रमा कुनै अंक गणितीय त्रुटी पाइएमा सार्वजनिक निकायले त्यस्तो त्रुटि सच्याउन सक्नेछ र त्यसरी त्रुटी सच्याउंदा इकाइ दर र कूल रकममा भिन्नता भएमा इकाइ दर मान्य हुनेछ र सोही दर बमोजिम कूल रकम सच्याउनु पर्ने व्यवस्था छ । सार्बजनिक खरिद नियमावली, २०६४ नियम ८०(२०) ले पनि सोही व्यवस्था कायम गरेको देखिन्छ । सार्बजनिक निकायले निबेदकले पेश गरे आर्थिक प्रस्ताबको BOQ मा अंक गणितीय त्रुटी गरेको उल्लेख गरी मूल्य अभिबृद्धि कर बाहेकको कवोल अंक रु.६९,४९,५००। कायम गरेको देखिन्छ । सार्बजनिक निकायले कायम गरेको यो कबुल अंक सार्बजनिक खरिद कानूनमा भएको व्यवस्था अनुसार ठिक देखिन्छ ।

RFP पेश गर्ने मध्ये प्राविधिक प्रस्ताबमा सफल अन्य प्रस्ताबदाताहरुले भने BOQ मा सार्बजनिक निकायले गणना गरेकै तरिकाले अंक गणना गरेको देखिन्छ ।

## ४. छलफल तथा सुनुवाईः

उपर्युक्त खरिद प्रकृयाका लागि मिति २०७७।०२।१९ गते शोमवारका विहान ११.३० वजे सार्वजनिक निकाय र निवेदकहरुको समेतको उपस्थितिमा यस समितिले छलफल तथा सुनुवाईका कार्यक्रमको आयोजना गरेको थियो ।

४.१ सो कार्यक्रममा निवेदकका तर्फबाट बिद्वान अधिबक्ता श्री हिमेश कृष्ण खरेलले भागलिनु भयो ।

४.१.१ बिपक्षी सार्बजनिक निकायले आशय पत्र RFP document सार्वजनिक खरिद ऐन, तथा नियमावलीले तोकेको न्युनतम प्रक्रिया समेत पुरा नगरी एकतर्फी ढंगले जारी गरेको हुँदा सो पत्रको बिषयमा मिति २०७६/०१/२६ मा यस जे.भी.ले विपक्षीलाई आफ्नो धारणा सहितको पत्र प्रेषित गर्‍यो ।

४.१.२ मूल्याङ्कन समितिले नमुना कागजातभन्दा बाहिर गई बनाईएको FIN-2 Form लाई मूल्याङ्कन प्रक्रियामा सामेल नै गर्न नहुनेमा उक्त फारममा यस जे.भी.ले भरेका कुराको अपब्याख्या गरी मिति २०७६/१२/२६ र २०७७/०१/०३ मा यस जे.भी.ले कबोल गरेको "कुल रकम (मु.अ.कर बाहेक) रु. ३,०४,७९,०००।०० भएतापनि मूल्याङ्कन समितिले अङ्कगणितीय त्रुटी सच्याई मूल्याङ्कन गर्दा कुल रकम (मु.अ.कर बाहेक) रु. ६९,४९,५००।०० मात्र कायम हुन आएकोले सोमा काम गर्न सकिने नसकिने मिति २०७७/०१/०५ गते भित्र खुलाई पठाईदिनु भन्ने पत्र प्राप्त भयो ।

४.१.३ सरकारले Lock Down (बन्दाबन्दी) को घोषणा गरेको र उक्त अवधि थप हुने वा नहुने कुनै निश्चितता समेत नभएको सन्दर्भमा जे.भी.ले प्रस्ताव गरेका ६९ जना Key Expert तथा Non-Key Expert हरुको उपलब्धता हुन सक्ने वा नसक्ने बिषयमा RFP-ITC-28 अनुसार Expert हरुसँग परामर्श छलफल गर्ने मौका नै नदिई जे.भी.को Negotiation को मागलाई ध्यान दिइएन । सो विपरित एकतर्फी रुपमा प्रस्ताव स्वीकृतिको आशय पत्र जारी गर्ने कार्य त्रुटी पूर्ण छ, । जब कि SBD को ITC को २८.१ मा भएको Negotiatiom को व्यवस्था Mandatory छ । नियमावललि व्यवस्था गरेको अनुशुची ४ अनुसार परामर्श सेवामा BOQ को व्यवस्था गरेको छैन । विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ को १३(२) को प्रावधानमा तात्विक फरक नपर्ने गरी आवश्यकतानुसार हेरफेर गर्न सक्ने ब्यवस्था गरेकोछ । Fin Form लाई परिवर्तन गर्न सक्ने ब्यवस्था छैन । BOQ Follow गर्ने शुत्र उल्लेख छैन । Payment schedule, sub-section Report/ Key experts का वारेमा Negotiation हुनु पर्दछ तर भएन । यस खरिद कार्यलाई अघि बढाउने हो होइन प्रश्न खडा भएको छ ।

४.१.४ यस जे.भी.ले २०७६/१२/२७ मा "सार्वजनिक खरिद ऐन दफा ३७, सार्वजनिक खरिद नियमावलीको नियम ८१(५) र RFPको ITC clause 28.1 अनुसार Negotiation meeting को लागि अनुरोध गरी पत्र प्रेषित गरेको २५ दिन पश्चात् कानून प्रतिकूल हुने गरी वार्ताको अनिवार्य प्रक्रिया अबलम्बन नगरी विपक्षीई RFP को Form of Contract 1(c)ले Appendix G: Minutes of Negotiation Meetings लाई करारको अभिन्न भाग हुने भन्ने व्यवस्था गरेको हुँदा Negotiation बिना करार गर्ने नमिल्ने र सो बिना करारले पूर्णता नपाउने हुँदा वार्ता बिना करार गर्न नमिल्ने भन्ने प्रष्ट छ र बिना Negotiation करार गर्न खोज्नु शर्त र कानूनको प्रतिकूल भै सिधै एकतर्फी रुपले जारी आशयपत्र (Letter of Intent) त्रुटिपूर्ण हुन जान्छ ।

४.१.५ उक्त अनुगमन कार्यालयले तयार पारेको विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ को दफा १३(१) ले बोलपत्र सम्बन्धि कागजात तयार पार्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार पारेको "नमुना कागजातहरुको प्रयोग गरी बोलपत्र सम्बन्धि कागजात तयार पार्नु पर्नेछ" भन्ने व्यवस्था गरेको छ भने उपदफा (२) ले नमुना कागजातका केही भागमा मात्र फेर बदल गर्न मिल्ने व्यवस्था गरेको छ । उक्त उपदफाले Financial Proposal सम्बन्धि Form हरुमा फेरबदल गर्ने अधिकार सार्वजनिक निकायलाई दिएको छैन ।

४.१.६ विपक्षी निर्देशनालयको मूल्याङ्कन समितिले गरेको प्रस्तावको मूल्याङ्कन, २०७७/०१/२२ मा जारी गरेको आशयको सूचना, मिति २०७७/०१/२९ को निर्देशनालयको जवाफ, तथा मिति २०७७/०१/३० गते निर्देशनालयले जारी गरेको स्वीकृति पत्र त्रुटिपुर्ण रहेको हुनाले बदरको भागी छ ।

४.२ सार्वजनिक निकायका तर्फबाट प्राड प्र.से.अधिबक्ता श्री अमित प्याकुरेल र प्राड प्र.से.अधिबक्ता श्रीराज कुमार रञ्जितले छलफल/वहस् कार्यक्मममा भाग लिनु भयो ।

४.२.१ उपर्युक्त खरिद कार्यको लागि मिति २०७६।०९।१८ मा EOI माग गरेकोमा ७ परामर्शदाताहरुबाट प्रस्ताव दर्ता गरेकोमध्ये ४ संक्षिप्त शूचीमा परेका र तिनीहरुबाट मिति २०७६।११।०४ मा प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरेको । प्राविधिक प्रस्ताब मूल्यांकन गर्दा संक्षिप्त शूचीमा परेका मध्ये A Not/Paragon/Dec JV ले पेश गरेको प्रस्तावले सबैभन्दा बढी अंक पाएको, आर्थिक प्रस्ताव खोल्दा रु ३,०४,७९,०००। भए पनि नियमावलीको ८०(२) बमोजिम अंक गणितीय त्रुटी सच्याई कवोल अंक रु.६९,४९,५००। कायम गरी मिति २०७६।१२।२६ मा जानकारी गराएको र LOI जारी गरिएको थियो ।

४.२.२ मिति २०७६।११।२० मा आयोजना गरिएको Pre-porposal Meeting मा SBD मा भएको उक्त व्यवस्थामा निवेदकलाई चित्त नजचेको कुरा उठाउनु पर्ने थियो तर उठेन । तीन महीनामा काम सम्पन्न गर्न पर्ने भनी सूचनामा उल्लेख छ, यसैलाई स्वीकार गरी निवेदकबाट प्रस्ताव पेश गरी सकेको अवस्था छ ।

४.२.३ हामीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८०(२) ले अधिकार दिएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३७(१) र नियमावली को नियम ८१ (५) ले समेत वार्ता अनिवार्य गरेको छैन ।

४.२.४ वहसमा तीन कुराहरु उठे (क) प्रस्तावित रकम, (२) वार्ता हुनु पर्ने हो होइन (३) Proposal PPMO को तोके अनुसार छ छैन । LOI जारी भएको ७ दिनभित्र कुनै पनि प्रस्तावदाताहरुबाट उजुर परेन । तर स्वीकृत प्रस्तावदाताहरुबाट नै आफूले गरेको गल्ति स्वीकार नगरी आर्थिक प्रस्तावका सम्बन्धमा Negotiation Meeting माग गरेको । LOI जारी भए पश्चात् Availability of Key Experts सम्बन्धमा Technical Negotiations गर्नु पर्ने भनी पत्राचार गर्नु भयो । Financial Negotiation को बिषयमा नियमले नै वार्ता गर्न नसक्ने भनी उल्लेख भएकोमा प्रस्ताव स्वीकृत भए पश्चात् सम्झौताका वखत पनि गर्न सकिने हुन्छ । त्यसैले मिति २०७७।०१।३० गते उक्त JVलाई स्वीकृत पत्र प्रदान गरिएको । यो खरिद कारवाहीमा ITC को 28.6 मा भएको ब्यवस्थाले पनि Negotiation गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छैन ।

४.२.५ RFP Document Fin-2 को महलमा रहेको Quantity र Total Input in Manmonth (Field & Office) लाई पनि Rate in figure ले गुणन गरी निज निवेदकले प्रति इकाइको जम्मा रकम उल्लेख गरेकोले मु.अ.कर वाहेक रु. ३,०४,७९,०००। हुन आएको छ । उक्त मुल्य प्रस्तावमा भएको Manmonth को महलमा उल्लेख भएको Total Input in Manmonth (Field & Office) ले स्पष्टरुपमा जनशक्तिलाइ देखाउछ । सार्वजनिक खरिद ऐन,२०६३ को दफा २३(८) र ऐ नियमावली २०६४ को नियम ८०(२) वमोजिम निज प्रस्तावदाताले कवोल गरेको अंकगणितीय त्रुटी सच्याई निजलाइ जानकारी दिएको छ । ऐ. ऐनको ४७(८) र नियमावलीको नियम १०१(१) वमोजिम दुई करोड भन्दा कम खरिद कारवाइको सार्वजनिक पुनरावलोकन समितिमा निवेदन नलाग्ने हुँदा निजको निवेदन खारेज गरी पाउँ ।

**५. समितिको निर्णयः**

Contract ID NO:NA/DOS/076/77/11 (Preparation of Detailed Project Report (DPR) for Defence University) को परामर्श सेवा खरिद गर्न प्रकाशित सूचना बमोजिम वोलपत्रदाता निवेदक A.Not/Paragon/DEC JV को तर्फबाट अख्तियारप्राप्त श्री दामोदर आचार्यले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनसाथ संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोसंग संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि आह्वान भएको बोलपत्रको प्राबिधिक प्रस्ताब स्वीकत गरी आर्थिक प्रस्ताब स्वीकृतिको आशयपत्र तथा स्वीकृति पत्र जारीका बिरुद्धमा निबेदकको मागदावीपुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

यो खरिद कारबाहीको लागि सार्बजनिक निकाय श्री स्थपति निर्देशनालय, जंगी अड्डाबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(८) र ऐ. नियमावली, २०६४ को नियम ८०(२) वमोजिम गणितीय त्रुटी सच्याई कायम भएको रु. ६९,४९,५००।०० सदर ठहर्छ । कायम हुन आएको अंक रु. ६९,४९,५००।०० मात्र हुन आएकोले सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १०१ मा भएको व्यवस्था बमोजिम पुनरावलोकन समिति समक्ष निबेदन लाग्न सक्दैन । साथै परामर्श सेवाको आर्थिक प्रस्ताब स्वीकृत गर्ने आशयको सूचना मिति २०७७।०१।२२ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन गरेकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५०(१) बमोजिम निबेदकले पुनरावलोकनका लागि यस समिति समक्ष मिति २०७७।०२।०७ गते भित्र निवेदन दिनु पर्नेमा मिति २०७७।०२।०८ गते स्याद गुजारी दिएको छ । अतः रकमको हद नपुगेको र हदम्याद गुजारी निबेदन दिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० (५)(क) बमोजिम निबेदकको निबेदन खारेज गर्ने निर्णय गरी दिएको छ । कानून वमोजिम गर्नु । अरु तपशील बमोजिम गर्नु ।

<u>तपशील</u>

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैक ग्यारेन्टी नियमानुसार जफत गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

.....................                                                    ........................
कमलकुमार श्रेष्ठ                                                    गुणराजश्रेष्ठ
सदस्य                                                                अध्यक्ष

इति सम्वत् २०७७ साल जेष्ठ २२ गते रोज ०५ शुभम्.........................................१

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १२५**

**आ.व. २०७७/७८ को निर्णय नं १**

चितवन जिल्ला भरतपुर महानगरपालिका व.नं. २ मा रजिष्टर्ड कार्यालय रहेको ओएसिस इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि का तर्फबाट अख्तियार प्राप्त रामाचन्द्र तिमिल्सिना (सम्पर्क नं.९८५१०९९६५३, ईमेलः oasisnep@gmai.com) ............१ **पुनरावलोकनकर्ता पक्ष**

**बिरुद्ध**

सडक पुर्वाधार विकास कार्यालय, रोल्पा प्रदेश नं. ५ नेपाल (सम्पर्क फोन नं.९८५७०६६७१२, ईमेलः ridorolpa@gmail.com) नं..........................................................................................................१ **विपक्षी**

**बिषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) वमोजिम पुनरावलोकन गरी पाऊँ साथै प्रस्तुत ठेक्का प्रकिया यथास्थितिमा रोकी पाऊँ ।**

**१. निवेदकको माग/दावीः**

सार्वजनिक निकाय सडक पुर्वाधार विकास कार्यालय, रोल्पा प्रदेश नं.५ नेपाल मिति २०७६।१०।०५ मा सूचना गरी माग गरिएको Contract ID: IDO/PYU/ROL/W/RO/NCB/30/076/77, Upgrading of Rampur-Kapurkot Road (Nigalepani-Dahawan Section road 11.5Km. Rolpa) को ठेक्का सो निकायबाट मिति २०७७।०३।०३ को निर्णय र मिति २०७७।०३।०५ को सूचनाबाट रद्द गरिएकोमा चित्त नबुझी ओएसिस इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.का तर्फबाट अख्तियारप्राप्त रामचन्द्र तिमिल्सिनाले प्रभु बैंक लि.बबरमहल काठमाडौंको रेफ नं. P11101p329967, मिति २०२०।०७।०२, को २०२०।१०।०४ सम्म म्याद भएको रु. ६,४०,०००।- को बैक ग्यारेन्टी सहित यस समितिमा मिति २०७७।०३।१८ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) वमोजिम पुनरावलोकनको लागि दर्ता गराएको निवेदनमा निजको प्रमुख माग दावीहरु देहाय वमोजिम देखिन्छन्:

१.१ पुनरावलोकन समितिबाट भएको निर्णयलाई सहीरुपमा कार्यान्वयन गर्नुको सट्टासम्पुर्ण रुपमा नै ठेक्का सम्बन्धी कारवाही बदर भएको सुचना मिति २०७७।०३।०५ मा पत्रिकामा प्रकाशित भएकोले विपक्षी कार्यालय समक्ष सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम मिति २०७७।३।०८ मा निवेदन दिएकोमा सो कार्यालयबाट मिति २०७७।३।१२ मा गैर कानुनीरुपमा बिरोधाभास हुने गरी निर्णय गरेको जानकारी प्राप्त भएकोले सम्पुर्ण ठेक्का खरिद प्रकृया खारेज गर्ने गरी मिति २०७७।०३।०२ र २०७७।०३।०३ मा गरिएको निर्णयहरु तथा मिति २०७७।०३।०५ मा प्रकाशित सुचना खारेज भागी छ ।

१.२ ऐन तथा नियमावलीको व्यवस्था अनुसार आदेश जारी हुनुपर्ने आधारहरुः

१.२.१ विपक्षी कार्यलयबाट Standard Bidding Document लाई लत्याउँदै प्राविधिक प्रस्ताव मुल्याङ्कन गरी निर्णय गरी मिति २०७६।१२।०५ मा सुचना प्रकाशित गर्ने कार्य सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ले गरेको व्यवस्थाको बर्खिलाप थियो । ऐनको दफा २५(५) ले बोलपत्रको मुल्याङ्कन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नुपर्ने छ भन्ने प्रष्ट कानूनी प्रावधान रहेको छ भने नियमावलीको दफा ६१ को उपदफा ४ ले मूल्याङ्कन समितिले ऐनको दफा २५(१) बमोजिम मूल्याङ्कनको लागि समावेश भएका बोलपत्रको मूल्याङ्कन गर्दा त्यस्तो बोलपत्रको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नुपर्ने छ भन्ने उल्लेख भएको छ । पुनरावलोकन समितिको यथोचित निर्णय विरुद्ध गई हामी ITB को Clause 29 लगायत Standard Bidding Document ले तोकेका सबै आधारमा एक पटक सक्षम बोलपत्रदाता भइसकेको अवस्थामा विपक्षी कार्यालयले सम्पुर्णमा नै पुनः मुल्याकंनको नाटक गरी सबै बोलपत्रदातालाई असक्षम घोषित गऱ्यो । हामीलाई एकपटक ऐनको दफा २३(२) को खण्ड (ख) र (घ) तथा ITB को Clause 29 अनुसार सारभुत प्रभावग्राही ठहर गरी सक्षम बोलपत्रदाता घोषित गरी सुचना समेत प्रकाशित भइसकेको अवस्थामा पुनरावलोकन समितिको निर्णय अनुसार विपक्षी कार्यालयले सबै कुराको पुनर्मुल्यांकन गर्ने होईन । Standard Bidding Document ले निर्धारण गरेको Line of Credit समावेश गरी बोलपत्र दिएको छ कि छैन भन्ने मात्र हेर्ने हो ।

१.२.२ विपक्षीले मुल्याङ्कन समितिको मिति २०७३।३।३ को निर्णय नं. २ र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१)(क) तथा Bidding Document को Clause ITB 37.1 अनुसार ठेक्का रद्द गरेको उल्लेख गरेको छ । ऐनको दफा २६(१)(क) मा कुनै पनि बोलपत्र दफा २३(२) को खण्ड (घ) बमोजिम सारभुतरुपमा प्रभावग्राही नभएमा भन्ने तथा दफा २३(२) को खण्ड (घ) मा बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र सोही कागजातमा संलग्न खरिद संझौताका शर्त अनुरुप बोलपत्र सारभुतरुपमा प्रभावग्राही नभएको भन्ने उल्लेख छ । यदि सो खण्ड अनुसार कागजात अभाव भएको भए के कुन आधारमा प्रथम पटकको मुल्याङ्कनमा सोही समितिले सारभुतरुपमा प्रभावग्राही मानी आर्थिक प्रस्ताव खोल्नका लागि मिति र समय किटान गरी सुचना प्रकाशित गरेको थियो ? प्राविधिक स्पेसिफकेसन र सोही कागजातमा संलग्न खरिद सम्झौताका शर्त अनुरुपका बोलपत्रलाई सारभुतरुपमा अमुर्त तरिकाले अप्रभावग्राही भनी ठेक्का रद्द गर्न गरेको निर्णय कदापि कानुन सम्मत छैन । विपक्षीबाट ठेक्का रद्द गर्नका लागि लिएको कानुनी आधार भरपर्दो र विश्वासनीय नभएकाले विपक्षीको उक्त निर्णय कानुनतः बदर भागी छ ।

१.२.३. सामान्यतः यो अधिकार सुरक्षित राख्नका लागि पनि सार्वजनिक खरिद ऐन, २०६४ को दफा २६ लाई नै आधार मानेर मात्र गर्न सकिन्छ । किनभने यो clause भनेको ऐनको दफा २६ लाई निस्तेज गर्ने गरी राखिएको होइन । यो clause भनेको ऐनको दफा २६ को अथिनस्थ नै हुने हुँदा सो clause ले ठेक्का रद्द गर्नका लागि पनि ऐनको दफा २६ अनुसारका सबै शर्त पुरा गर्नु पर्दछ ।

१.३ बिबन्धनको सिद्धान्त (Principle of Estoppel)को आधारमा हाम्रो माग बमोजिम हुनु पर्ने आधारहरुः

१.३.१ एउटै समितिले एक पटक मुल्याङ्कन गर्दा एउटा परिणाम र अर्को पटक मुल्याङ्कन गर्दा अर्को परिणाम आउने हुनै सक्दैन । अन्यथा विपक्षी कार्यालयका उक्त समितिमा संलग्न अधिकारीहरुलाई पनि बिबन्धनको सिद्धान्त (Principle of Estoppel) लागु हुन्छ । प्रमाण ऐन, २०३१ को दफा ३४ मा भएको व्यवस्थातर्फ विपक्षीको ध्यान गएको पाइएन ।

१.३.२ कानुनको ब्याख्या सम्बन्धि नियम (Rules of Interpretation of Statutes) को आधारमाः

SBD जब जारी भएपछि त्यसले तत्काल कानुनी मान्यता प्राप्त गर्छ ।सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ दुबैले बोलपत्रको मुल्याङ्कन बोलपत्रमा लेखिएको आधारमा हुनुपर्ने कुरा स्पष्ट उल्लेख गरेकोले वोलपत्रमा भएको प्रावधान हेर्ने हो भने वित्तीय क्षमता प्रस्तुत गर्ने Line of Credit तोकिएको Format मा नै हुनु पर्ने भनेको हो ।

१.३.३ बैध अपेक्षाको सिद्धान्त (Doctrine of Legitimate Expectation) को आधारमाः वैधानिक अपेक्षाको सिद्धान्त नेपालको सर्वोच्च अदालतले अनेकन मुद्दामा अंगिकार गरेको छ । **नेपाल आर्थिक सांस्कृतिक तथा व्यापारिक केन्द्र प्रा.लि. (नेक्ट) र हिम कन्सल्टको ज्वाइन्ट बिरुद्ध नेपाल सरकार, ऊर्जा मन्त्रालयसमेत** (ने. का. प. २०७४ अंक १, नि. नं. ९७५३० को मुद्धाको प्रकरण १५ मा सर्वोच्च अलालतले ज्वदिगचथ' कीबध या भ्लनबिलम को सिद्धान्तलाई अवलम्बन गरेको छ ।

१.३.४ विवेकपरकताको सिद्धान्त (Doctrine of Reasonableness)आधारमाः

Doctrine of Reasonableness ले कसैद्वारा गरिने काम कारवाहीको विवेकता (Rationality) निर्धारण गर्दछ । कार्यालयमा हुने काम कारवाही एउटा पद्दति र प्रचलनमा आधारित हुन्छ जसलाई Doctrine of Reasonableness ले मार्ग प्रसस्त गर्ने गर्छ । एक चोटि प्रविधिकरुपमा योग्य ठहरिएको हामीलाई बिना कुनै आधार र कारण अयोग्य वोलपत्रदाता भन्न मिल्दैन । यस सम्बन्धमा श्री सम्मानित सर्वोच्च अदालतबाट पप्पु कन्सटक्सन समेत विरुद्ध मध्यमान्चल क्षेत्रीय सिंचाई निर्देशनालय ललितपुर समेत (ने. का. प २०६३, अंक ३, निर्णय नम्बर ७६६५) मुद्धामा नजिर समेत स्थापित भएको छ ।

१.३.५ प्राकृतिक न्यायको सिद्धान्त (Doctrine of Natural Justice) को आधारमाः

विपक्षी कार्यालयबाट खरिद प्रकृया रद्द गर्ने भन्ने व्यहोराको मिति २०७७।०३।०२ र २०७७।०३।०३ निर्णयहरु र २०७६।०३।०५ मा जारी सुचना प्राकृतिक न्यायको सिद्दान्त बिरुद्ध भएको हुँनाले उक्त निर्णय कानूनतः उचित ठहर्न सक्दैन । यस सम्बन्धमा सम्मानित श्री सर्वोच्च अदालतबाट ने.का.प. २०७५, अंक ६, नि.नं १००२७, मल्टी डिसिप्लिनरी कन्सल्टेन्ट्स प्रा.लि.विरुद्ध सार्वजनिक खरिद अनुगमन कार्यालय भएको मुद्दामा कानूनको उचित प्रक्रिया (Due process of law or Procedure established by law) र प्राकृतिक न्याय सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगत रूपमा भएको मानिने भन्ने सिद्दान्त प्रतिपादन भएको पाइन्छ ।

१.४. अतः माथिका प्रकरणहरुमा उल्लेखित तथ्य र कानुनको आधारमा विपक्षी कार्यलयबाट गरिएको काम कारवाही श्री पुरावलोकन समितिबाट गैर कानुनी ठहर भए पश्चात विपक्षी कार्यलयले श्री पुरावलोकन समितिको निर्णय सहज कार्यान्वयन गर्नु पर्नेमा नगरी श्री पुरावलोकन समितिको निर्णयलाई तोडमोड गरी हामीलाई कही ठेक्का नदिने नियतबाट ठेक्का नै रद्ध गर्ने विपक्षी कार्यलयको काम कारबाही अधिकारको दुरूपयोग (Abuse of Power) गरी गरिएको तथा खराब मनसायबाट उत्प्रेरित (Malafide Intention) भएकोले उक्त निर्णय गैरकानूनी र अन्यायपुर्ण भएको हुँदा यसबाट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ द्वारा प्रदत्त हाम्रो कानुनी हकहरूको समेत हनन हुन गएकोले वोलपत्र नै खारेज गर्ने गरी विपक्षी कार्यलयले गरेको मिति २०७७।०३।०२ र २०७७।०३।०३ निर्णयहरु र विपक्षी कार्यलयले जारी गरेको मिति २०७७।०३।०५ को खरिद प्रकृया रद्ध गर्ने सुचना बदर गरी SBD को Format मा Line of Credit पेश गर्ने सम्पुर्णरुपमा योग्य वोलपत्रदाता हामीलाई प्राविधिक मुल्यांकनमा सारभुतरुपमा प्रभावग्राही (Substantially Responsive) ठहर गरी आर्थिक प्रस्ताव खोल्ने प्रकृया अगाडी बढाउनु भनी विपक्षी कार्यालयको नाममा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० अन्तर्गत आदेश जारी गरी पाऊँ ।

## २. सार्वजनिक निकायको प्रतिकियाः

उक्त निवेदनका सम्बन्धमा यस समितिको प.सं.२०७६।७७, च.नं.७५ मिति २०७७।०३।१८ को पत्रबाट सडक पूर्वाधार विकास कार्यालय, रोल्पा, प्रदेश नं. ५ लाई जानकारी तथा प्रतिक्रिया माग गरी पठाएकोमा सो कार्यालयको प.सं.०७६।७७, च.न.११८८, मिति २०७७।०३।२२ को मिति २०७७।०३।२३ गते प्राप्त पत्रमा उल्लेख भएको प्रमुख बुँदाहरु निम्नानुसार छन् :-

२.१ सार्वजनिक खरिद नियमावली (आठौं संशोधन), २०६४ अनुसार SBD Upload हुन गएको र उक्त नियमावलीको नवौं संशोधन आएपछि उक्त संशोधन अनुसार टेण्डर मूल्यांकन नगर्दा पुनः त्रुटी दोहोरिने हुँदा नवौं संशोधन अनुसार Line of Credit पेस गर्ने प्रतिवद्धता गरे अनुसार मूल्यांकनमा समावेस गरिएको हो । बोलपत्रदाताहरुको सक्षमताको मूल्यांकन गर्न Average Annual Construction Turnover, Work Experience, Net Worth, Bidding Capacity, Equipment capabilities and Manpower समेतलाई आधार मानिएको हो ।

२.२ नियमावलीमा नवौं संशोधन भएको अवस्थामा भूलवस आठौं संशोधन अनुसार सूचना प्रकाशन हुन पुगी आठौं संशोधन अनुसार मूल्यांकन गर्दा स्वच्छ प्रतिस्पर्धामा संकुचन हुन गई ऐनको प्रस्तावनमा ब्यवस्था भएको मूल मर्ममा आघात सृर्जना भएको छ । यसबाट कम लागतमा हुनसक्ने काम समेत लागत वृद्धि हुने गरी प्रतिस्पर्धा रहित अवस्था हुन गई राज्यलाई आर्थिकरुपमा हानी नोक्सानी हुने सम्भावना छ ।

२.३ सार्वजनिक खरिद पुनरावलोकन समितिबाट मिति २०७७।०२।१६ मा पुनः मुल्याङ्कन गरी कानून बमोजिम गर्नु भन्ने आदेश भएबमोजिम सार्वजनिक खरिद ऐनको नवौं संशोधन बमोजिम सूचना तथा SBD अनुसार खरिद प्रकृया प्रारम्भ नभई त्रुटीपूर्ण SBD का आधारमा खरिद प्रकृया प्रारम्भ भएको विषय प्रथम दृष्टीमै मौजुदा कानून विपरित भएकोले कानून बमोजिम गर्नु भन्ने सार्वजनिक खरिद पुनरावलोकन समितिले गरेको आदेश बमोजिम पुनः मुल्याङ्कन गरी ठेक्का रद्द गर्ने निर्णय गरिएको हो ।

२.४ मिति २०७७।०३।०३ गते बोलपत्र मूल्याङ्कन समितिको बैठक बसी बोलपत्रहरुको पुनर्मूल्याङ्कन गर्दा Clause ITB 29 मा उल्लेख भएको प्रावधान बमोजिम कुनै पनि बोलपत्रदाताहरुले Site Organization, method statement, mobilization schedule तथा Construction Schedule पेश गरेको नपाइएकोले पेश भएका सबै बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही नदेखिएकोले प्रस्तुत बोलपत्रहरु ऐनको दफा २६(१)(क) तथा SBD को Clause ITB ३७.१ अनुसार ठेक्का रद्द गर्ने अधिकार यस कार्यालयलाई सुरक्षित रहेको हुँदा सोही प्रावधान बमोजिम प्रस्तुत ठेक्का रद्द गर्ने मिति २०७६।१०।०५ गते सूचना प्रकाशित गरिएको हो । प्रचलित कानून वमोजिम खरिद प्रक्रिया गैरकानूनी भएको

अवस्थामा निवेदक मात्रै योग्य हुने र अरु अयोग्य हुने भन्ने हुन सक्दैन । निवेदकले निवेदनमा उल्लेख गरे जस्तो कसैलाई हानी नोक्सानी पुऱ्याउने गरी निर्णय गर्ने यस कार्यालयको मनसाय होइन ।

अत: उल्लेखित आधार, कारण र संलग्न प्रमाण कागजातका आधारमा प्रस्तुत बोलपत्र प्रकृया रद्द नगर्दा प्रारम्भमै कानून विपरित हुने गरी खरिद प्रकृया अगाडी बढेको विषयले निरन्तरता पाई कानूनको पूर्ण पालना गर्नुपर्ने सार्वजनिक निकायबाट कानून विपरित काम हुन जाने हुँदा सोलाई कानून बमोजिम हुने गरी सच्याउन खरिद प्रकृया रद्द गरी तत्काल अर्को बोलपत्र सूचना नगर्दा अर्को आर्थिक वर्षमा ठेक्काको मुल्य बढ्न गई राज्यलाई थप आर्थिक भार पर्न जाने देखिएकोले खरिद प्रकृया रद्द गर्ने र तत्काल अर्को सूचना गर्ने बाहेक कार्यालयसँग अर्को विकल्प नरहेको व्यहोरा अनुरोध छ ।

**३. अध्ययन अवलोकन:**

Contract ID NO: IDO/PYU/ROL/W/RO/NCB/30/076/77, Upgrading of Rampur-Kapurkot Road (Nigalepani-Dahawan Section road 11.5Km. Rolpa) संग सम्बन्धित खरिद प्रकियाको बिषयमा सार्वजनिक निकाय सडक पूर्वाधार विकास कार्यालय, रोल्पा, प्रदेश नं.५ बाट मिति २०७७।०३।२२ को प्रतिक्रिया र प्राप्त बोलपत्र सम्बन्धी कागजात, प्रचलित सार्बजनिक खरिद कानून तथा निबेदकको निबेदनको व्यहोरा र निजले पेश गरेको कागजात समेतको अधारमा अध्ययन अवलोकन गरिएको छ ।

३.१ उपर्युक्त खरिद कार्यका लागि मिति २०७६।१२।०५ मा प्रकाशित Openning of Financial Bids को सूचनामा निवेदक कम्पनी समेत देहायका बोलपत्रदाताहरु प्राविधिक प्रस्तावमा सफल भएको देखिन्छन्:

| क.सं. | बोलपत्रदाताहरुको नाम | वतन |
|---|---|---|
| १ | M/S Kankai International Builders Pvt.Ltd. | Sifal-07, KTM |
| २ | M/S Dev & Sayer/Sunil Sameer JV | Nayagaun-7 Gulmi |
| ३ | M/S Dhulikhel/Jaljala /Siddartha Darsan JV | Buddhanagar-KTM |
| ४ | M/S Rautaha/PK JV | Ghorahi-Dang |
| ५ | M/S Gajurmukhi/Shiva Shakti/Tirupate JV | Nayabaneshwor-10 |
| ६ | M/S Oasis engineer & Builders pvt.ltd | भरतपुर, २ चितवन |

M/S Oasis engineer & Builders pvt.ltd बाट २०७६।१२।१० मा परेको पुनरावलोकनका लागि परेको निबेदनका सम्बन्धमा छलफल कार्यक्रममा उपस्थितिका लागि लेखी पठाएकोमा सार्बजनिक निकायबाट कोभिड-१९ को बन्दा बन्दीको कारण सक्कल कागजात उपलब्ध नगराएको साथै छलफल कार्यक्रममा प्रतिनिधिहरुको पनि उपस्थिति रहेन ।

३.२ सार्वजनिक निकायले प्रकाशित गरेको सो सूचनामा चित्त नबुझी M/S Oasis engineer & Builders pvt. ltd. ले मिति २०७६।१२।०६ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम कार्यालय प्रमुखलाई SBD बमोजिमको Format मा Line of Credit पेश नगर्ने खण्ड ३.१ को सि.नं. १ देखि ५ मा उल्लिखित् बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोल्ने आशयको सूचनाबाट ती नामहरु हटाई संशोधित सूचना जारी गर्न माग गरी निबेदन पेश गरेकोमा सार्वजनिक निकायले मिति २०७६।१२।०९ मा उक्त बोलपत्रको प्राविधिक प्रस्तावहरुको मूल्यांकन सार्वजनिक खरिद नियमावली, २०७६ (नवौं संशोधन) को दफा ११० अनुसार गरिएको, Line of Credit सफल बोलपत्रदाताहरुले सम्झौताको बखत पेश गर्नुपर्ने व्यवस्था रहेकोले नवौं संशोधन अनुसार Line of Credit पेश गरेको बोलपत्रहरुलाई समेत आर्थिक प्रस्तावमा समावेश गर्ने निर्णय गरिएकोमा नियमावलीको नवौं संशोधन आइ सकेको अवस्थामा आठौं संशोधनमा भएको Line of Credit को व्यवस्थालाई आधार मानी आर्थिक प्रस्तावमा समावेस नगर्न उपयुक्त नहुने व्यहोराको जवाफ दिएकोमा उक्त जवाफमा चित्त नबुझी उक्त कम्पनीले यस समितिमा पुनरावलोकनका लागि मिति पहिलो पटक २०७६।१२।१० मा पेश गरेको निबेदनका सम्बन्धमा यस समितिबाट मिति २०७७।०२।१६ मा सार्बजनिक निकायबाट भएको निर्णय आंशिकरुपमा रद्द गर्न र प्राविधिक प्रस्तावको पूनः मूल्यांकन गर्न आदेश भएको थियो।

३.३ समितिबाट भएको उक्त निर्णय पश्चात सार्बजनिक निकायबाट सबै बोलपत्रदातारुको मिति २०७६।१०।०५ गते प्रकाशित SBD अनुसार प्राविधिक प्रस्तावको पूनः मूल्याङ्कन गर्दा Clause ITB 29 मा उल्लेख भएको प्रावधान बमोजिम कुनै पनि बोलपत्रदाताहरुले Site Organization, method statement, mobilization schedule तथा Construction Schedule पेश नगरेकोले सबै बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही नदेखिएको जनाई प्रस्तुत खरिद कारबाही ऐनको दफा २६(१)(क) तथा SBD को Clause ITB ३७.१ को आधारमा मिति २०७७।०३।०३ गतेको निर्णयबाट मिति २०७७।०३।०५ गते उक्त ठेक्का रद्द गरेको सूचना जारी देखिन्छ ।

३.४ उपर्युक्त कामको खरिद प्रकिया रद्द गरिएकोमा चित्त नबुझी ओएसिस इन्जिनियर्स एण्ड विल्डर्स प्रा.लि.का तर्फबाट अख्तियारप्राप्त रामचन्द्र तिमिल्सिनाले मिति २०७७।०३।०८ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ वमोजिम पुनरावलोकन समितिको निर्णय बिरुद्ध गई सम्पूर्ण रुपमा ठेक्का प्रकिया रद्द गरी गैरकानूनी काम गरेको उल्लेख गरी पुरावलोकनका लगि सार्वजनिक निकायका प्रमुखलाई निबेदन दिएको देखिन्छ । सार्वजनिक निकाय सडक पूर्वाधार विकास कार्यालयबाट निबेदकलाई प.सं. ०७६।७७, च.नं.११५८, मिति २०७७।०३।१२ मा पुनः मूल्यांकन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(ख)र(घ) तथा SBD को ITB Clause 29 वमोजिम कुनै पनि बोलपत्रदाताहरु सारभूतरुपमा प्रभावग्राही नपाइएकोले बोलपत्र मूल्यांकन समितिको मिति २०७७।०३।०३ को निर्णय नं.२, ऐनको दफा २६(१क) तथा SBD को Clause ITB ३७.१ अनुसार बोलपत्र रद्द गरेको जानकारी दिइएको देखिन्छ ।

३.५ Bidding document को Section III: Evaluation and Qualification Criteria को 2.3.2 (a), 2.4.2(a) र 2.4.2(b) लगायतका बुँदाहरुमा बोलपत्रदाताहरुले पुरा गर्नुपने योग्यताका आधारहरु तोकिएका छन् । तोकिएका ती सबै Criteria पुरा गरी Bidding Document मा तोकिएका ढाँचामा विवरणहरु भरी बोलपत्र पेश गर्नु सबै बोलपत्रदाताहरुको कर्तब्य हुन आउछ ।

३.६ सार्बजनिक निकायबाट पेश भएका Bid Response Documents को Section III: Evaluation and Qualification Criteria अध्ययन गर्दा बुँदा नं.३.१ मा उल्लिखित् बोलपत्रदाताहरुको देहाय वमोजिम कैफियत् देखिन्छन्:

सि.नं. १ को M/S Kankai International Builders Pvt.Ltd. ले Equipment Detail Declare नगरेको तथा Form PER-1: Proposed Personnel को Form मा Position खाली राखेको छ । सि. नं. २ को M/S Dev & Sayer/Sunil Sameer JV को Form PER-1: Proposed Personnel को Form मा Position खाली राखेको, Specific Construction Experience को 2.4.2 (a) र (b) माग गरिएको परिमाणभन्दा कम देखिएको तथा Equipment र Manpower को संख्या पुग्ने देखिदैन । सि.नं. ३ को M/S Dhulikhel/Jaljala /Siddartha

Darsan JV को २.३.२ मा Average Annual Construction Turnover Last ten years को रु.१८,२५,००,०००। आबश्यक पर्नेमा रु ११,३४,५५,६८५। (Fin २ अनुसार) देखिएको, Equipment को Detail नभरेको तथा Form PER-1: Proposed Personnel को Form मा कर्मचारीको Position खुलाएको देखिदैन । सि.नं ४ को M/S Rautaha/PK JV ले पेश गरेको बोलपत्र कागजातमा equipment detail form खाली पेश गरेको, Form PER-1: मा Proposed Personnel को Total Work Experience र Similar work Experience नपुगेको साथै Position पनि उल्लेख गरेको देखिदैन । सि.नं ५ को M/S Gajurmukhi/Shiva Shakti/Tirupate JV ले बोलपत्रसाथ पेश गरेको २.४.२(b) Specific construction experience in Key activites Meet नगरेको, Equipment Detail तथा Form PER-1: मा Personnel position खाली पेश गरेको साथै Personnel संख्या अपुग भएको देखिन्छ । सि.नं. ६ को M/S Oasis engineer & Builders pvt.ltd.ले बोलपत्रसाथ पेश गरेको २.४.२(b) Specific construction experience in Key activites को निर्धारित Format अनुसार DBST Pavement को काम 64763 Sqm. मात्र गरेको देखाएकोले तोकिएको परिमाण पुग्ने नदेखिएको, Form PER-1: मा कर्मचारीको Position उल्लेख नगरेको साथै Equipment Detail खाली पेश गरेको देखिन्छ । बोलपत्रदाताहरुले पेश गरेका बोलपत्र कागजात अवलोकन गर्दा सबै बोलपत्रदाताहरुले उपर्युक्तानुसारका Qualification Criteria ले तोकेको मापदण्ड पुरा गरेको देखिदैन ।

३.७ सार्बजनिक निकायलेसबै बोलपदाताहरुको प्राविधिक प्रस्ताब पूनः मूल्यांकन गरी बोलपत्र रद्द गर्दा सबै बोलपत्रदाताहरुले Bidding document को ITB 29.2 मा व्यवस्था भए अनुसार Site Organization, method statement, mobilization schedule तथा Construction schedule पेश नगरेको भन्ने पहिलो आधार लिएको देखिन्छ । Bidding document को ITB 29.2 मा (a) Letter of Technical Bid; (b) written confirmation of authorization to commit the Bidder; (c) Bid Security; (d) Technical Proposal in accordance with ITB 16 पेश गरेको नपाइएमा Offer rejected हुने उल्लेख गरेको देखिन्छ ।

त्यसैगरी ITB 16.1 मा Bidders ले Technical Proposal सहित a statement of work methods, equipment, personnel, schedule and any other information as stipulated in Section IV (Bidding Forms), in sufficient detail to demonstrate the adequacy of the Bidders' proposal to meet the work requirements and the completion time समाबेश गर्नुपर्ने उल्लेख छ । Section IV (Bidding Forms) अन्तर्गत Technical Proposal र Format Bidder's Inoformation and Qualification Format समावेश गरिएकाले यी विषयमा बोलपत्रदाताहरु स्वयंले सूचना दिनु पर्ने बाध्यकारी हुन्छ ।

३.८ विपक्षीबाट ठेक्का रद्द गर्न Bidding Document को ITB Clause 37.1 लाई समेत दोश्रो आधार लिएको उल्लेख गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) को अवस्थामा मात्र सम्पूर्ण बोलपत्रहरु अस्वीकृत गर्न वा खरिद कारवाही रद्द गर्न सक्ने ब्यवस्था गरेको अवस्थामा यो ऐन र सोको आधारमा तयार भएको नियमावली बमोजिम तयार गरेको SBD को ITB Clause 37.1 मा भएको ब्यवस्था ऐन र नियमावलीसंग बाझिएको हदसम्म ऐन, नियमावलीको ब्यवस्था आकर्षित हुन्छ । सार्वजनिक निकायबाट सार्वजनिक खरिद ऐन,२०६३ को दफा २६(१) लाई आधार मानेर मात्र यो अधिकार सुरक्षित गर्न सकिन्छ । ITB को Clause 37.1 ऐनको दफा २६ लाई निस्तेज गर्ने गरी राखिएको देखिदैन ।

३.९ सार्वजनिक निकायले प्रतिक्रियाको बुदा ४(ग) मा उल्लेख गरेको सम्बन्धमा ऐनको दफा २३(२) मा उपदफा (१) अनुसार मूल्यांकन समितिमा पेस भएका बोलपत्रहरु मूल्यांकन गर्नु अघि देहायको खण्ड (क), (ख), (ग), (घ) काकुराहरु निर्क्यौल गर्न परीक्षण गर्नु पर्ने र खण्ड (घ) मा बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र सोही कागजातमा संलग्न खरिद सम्झौताका शर्त अनुरुप भए नभएको परीक्षण गर्नु पर्ने ब्यवस्था भएकोले सारभूतरुपमा घटी भएमा त्यस्ता बोलपत्र परीक्षणकै क्रममा हटाउनु पर्ने हुन्छ ।

३.१० सार्बजनिक निकायले पहिलो पटक पेश गरेको प्रतिक्रियामा पेश भएका सबै बोलपत्रहरुको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही भएको भनी सूचना प्रकारिशत गरेको, पछिल्लो प्रतिक्रियामा कानून बमोजिम SBD त्रुटीपूर्ण भनी ऐनको दफा २६(१)(क) र SBD को ITB Clause 37.1 बमोजिम ठेक्का रद्द गरेको भनिनु दुई खालको निर्णय गरेको देखिन्छ ।

३.११ सार्बजनिक खरिद पुनरावलोकन समितिको मिति २०७६।०२।१६ को निर्णयको पहिलो खण्डमा बोलपत्र आह्वानको सूचना गर्दा बोलपत्र सम्बन्धि कागजात सार्बजनिक खरिद नियमावलीको आठौं संशोधन अनुसार जारी गरी नवौं संशोधनलाई सम्बोधन नगरिदा कार्यालयबाट जारी बोलपत्र सम्बन्धी कागजात नियमावलीको नवौं संशोधनबीच मेल नखाएको तथा दोश्रो खण्डमा SBD को Evaluation and Qualification Criteria अनुसार प्राविधिक प्रस्ताबको मूल्यांकन त्रुटीपूर्ण भएकोले पूनः मूल्यांकन गर्न सार्बजनिक निकायलाई आदेश भएको हो ।

३.१२ सार्बजनिक निकायबाट सार्बजनिक खरिद नियमावलीमा भएको आठौं संशोधन अनुसार बोलपत्र कागजात स्वीकृत गरी सूचना प्रकाशित भएकोमा निबेदकले पहिलेको निबेदनमा सोही बमोजिम बोलपत्र पेश गर्नु स्वाभाविक हो । सार्बजनिक खरिद नियमावलीमा भएको नवौं संशोधनको विषयमा Pre bid meeting मा उपस्थित भई बोलपत्रदाताहरुले सूचना दिई सच्याउन अनुरोध गर्नु पर्ने कर्तब्य हुन्थ्यो तर त्यसो गरिएन । सार्बजनिक निकायले बोलपत्रमा पटक पटक संशोधन गरी सूचना जारी गर्दा पनि नवौं संशोधन अनुरुप हुनेगरी बोलपत्र कागजातमा संशोधन गरेको देखिदैन ।

३.१३ बोलपत्र मूल्यांकन गर्दा माथि खण्ड ३.६ अनुसार त्रुटीहरु देखिन आएकाले प्राविधिक प्रस्ताबहरुको पूनः मूल्यांकन गर्न निर्णय भएको थियो । एकातिर प्राविधिक प्रस्ताबहरुको मूल्यांकनमा त्रुटी भयो भने अर्कोतर्फ प्राविधिक प्रस्ताब मूल्यांकनमा सारभूतरुपमा अप्रभावग्राही बोलपत्रलाई प्रभावग्राही भनी प्रकाशित सूचनालाई सच्याउन सार्बजनिक निकायलाई अवशर दिईएको थियो ।

सार्बजनिक निकायबाट बोलपत्र कागजातमा कानून अनुसार संशोधन नगर्दा र बोलपत्रदातारु पनि त्रुटी प्रति मौन रहदा नियमावली र बोलपत्र कागजातमा तालमेल नमिलेको देखिन्छ । बोलपत्र आह्वानको सूचना अनुसार प्रकासन भएको बोलपत्र कागजात अनुसारको निबेदकले LoC पेश गर्नु स्वाभाविक हुन आउछ ।

सार्बजनिक निकायबाट भविष्यमा सार्बजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ तथा PPMO बाट जारी SBD अनुरुप हुने गरी बोलपत्र कागजात स्वीकृत गर्ने र बोलपत्र आह्वानको सूचना जारी गर्ने प्रक्रिया अवलम्बन गर्नु पर्दछ ।

### ४. छलफल तथा सुनुवाईः

मिति २०७७।०४।०२ गते, १२.३० बजे समितिमा उपर्युक्त मुद्दाको बिषयमा सार्वजनिक निकाय सडक पूर्वाधार विकास कार्यालय, रोल्पा र निवेदक ओएसिस ईन्जिनियर्स एण्ड विल्डर्स प्रा.ली.को उपस्थितिमा छलफल तथा वहस कार्याक्रम आयोजना सम्पन्न भयो ।

४.१ सो छलफल तथा वहस कार्यक्रममा निवेदकका तर्फबाट बिद्वान अधिवक्ता द्वय श्रीतुलबहादुर श्रेष्ठ र श्री अमरजीवि घिमिरेले भाग लिई वहस गर्नु भयो । वहसको क्रममा (क) कानूनले के भन्छ ?, (ख) नजीरले के भन्छ ?, (ग) नियमावलीमा के व्यवस्था छ ?, (घ) अन्तराष्ट्रिय कानून अनुसार के छ ? आदि कुराहरु समेटी बहस प्रस्तुत गर्नु भयो ।

४.१.१ यहा Legal relation स्थापना भैसकेको अवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(५) मा बोलपत्रको मुल्याङ्कन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नुपर्ने प्रष्ट गरेको छ । नियमावलीको नियम ६१(४) ले मूल्याङ्कन समितिले ऐनको दफा २५(१) बमोजिम मूल्याङ्कनको लागि समावेश भएका बोलपत्रको मूल्याङ्कन गर्दा त्यस्तो बोलपत्रको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नुपर्ने उल्लेख भएको छ । नियम ६१ ले मलाई मान्नु पर्दैन बोलपत्रलाइ नै माने हुन्छ भनेको छ । सार्बजनिक निकायले नियमावलीको आठौं अनुसार बोलपत्र जारी गरे पनि त्रुटी गरेको छैन ।

यसबाट SBD को आधारमा वोलपत्रको सुचना सार्वजनिक भएपछि SBD नै मुल्यांकन सम्बन्धि कानुन हुने स्पष्ट हुन्छ । विपक्षी कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को बर्खिलाप गई आफैले जारी गरेको SBD ले निर्धारण गरेको Line of Credit पेश नगरेका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मुल्याङ्कनमा समावेश गर्न गरेको निर्णय र सोको आधारमा मिति २०७६।१२।०५ मा जारी सुचना प्रथम दृष्टी (Prima facie) मा नै कानूनको मुल्य र मान्यता बाहिर गएर गरिएकोले त्यस विरुद्ध जारी पुनरावलोकन समितिको निर्णय अहम र यथोचित थियो । तर विपक्षीले पुनरावलोकन समितिको यथोचित निर्णय विरुद्ध गई हामी SBD को ITB Clause 29 लगायतले तोकेका सबै आधारमा समेत एक पटक सक्षम भइसकेको अवस्थामा विपक्षी कार्यालयले सम्पुर्णमा नै पुनः मुल्याकंनको नाटक गरी सबै बोलपत्रदातालाई असक्षम घोषित गर्‍यो । विपक्षी कार्यालयको खराव नियत (Malafide Intention) प्रष्ट भयो । हामीले मात्र SBD ले निर्धारण गरेको Line of Credit समावेश गरी बोलपत्र दिएको स्वीकार गर्‍यो । हामी एक चोटी प्राविधिक मुल्याकंनमा सारभुतरुपमा प्रभावग्राही घोषित भईसकेका बोलपत्रदातालाई पनि अन्यसँग मिसाई सारभुतरुपमा अप्रभावग्राही घोषित गर्‍यो । हामीलाई एकपटक ऐनको दफा २३(२) को खण्ड (ख) र (घ) तथा ITB को Clause 29 अनुसार सारभुत प्रभावग्राही सक्षम बोलपत्रदाता ठहर गरी सुचना प्रकाशित भइसकेको अवस्थामा विपक्षी कार्यालयले पुनरावलोकन समितिको निर्णय अनुसार Standard Bidding Document ले निर्धारण गरेको Line of Credit समावेश गरी बोलपत्र दिएको छ कि छैन भन्ने मात्र हेर्ने हो नकि सबै कुराको पुनर्मुल्यांकन गर्ने । SBD र सार्वजनिक खरिद ऐन, २०६३ को गलत प्रयोग गरी सम्पुर्ण खरिद प्रकृया रद्ध गर्ने कार्य अन्यायपुर्ण छ ।

४.१.२ विपक्षीले पहिलो आधारमा मुल्याङ्कन समितिको मिति २०७३।३।३ को निर्णय नं.२ र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१)(क) तथा Bidding Document को ITB 37.1 अनुसार ठेक्का रद्द गरेको उल्लेख गरेको छ । ऐनको दफा २६(१)(क) मा कुनै पनि बोलपत्र दफा २३(२) को खण्ड (घ) बमोजिम सारभुतरुपमा प्रभावग्राही नभएमा भन्ने रहेकोछ । दफा २३(२)(घ) मा बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र सोही कागजातमा संलग्न खरिद संझौताका शर्त अनुरुप बोलपत्र सारभुतरुपमा प्रभावग्राही नभएको भन्ने रहेको छ । यदि सो खण्ड अनुसार कागजातको अभाव भएको भए कुन आधारमा प्रथम पटकको मुल्याङ्कनमा सोही समितिले सारभुतरुपमा प्रभावग्राही मानी आर्थिक प्रस्ताव खोल्नका लागि मिति र समय किटान गरी सुचना प्रकाशित गरेको थियो ? बोलपत्र मुल्याङ्कन समितिले गैर कानुनी सिफारिस गरेको हुँदा सोका आधारमा गरेको निर्णय पनि स्वभाविकरुपमा गैरकानुनी नै हुन्छ । विपक्षीबाट ठेक्का रद्द गर्न लिएको कानुनी आधार भरपर्दो र विश्वासनीय नभएकाले विपक्षीको उक्त निर्णय कानुनतः बदर भागी छ ।

४.१.३ विपक्षीबाट ठेक्का रद्द गर्न अर्को आधार Bidding Document को ITB Clause 37.1 लिएको र सोही अनुसार ठेक्का रद्द गरेकोमा सामान्यतः यो अधिकार सुरक्षित राख्न पनि सार्वजनिक खरिद ऐन, २०६४ को दफा २६ लाई नै आधार मानेर मात्र गर्न सकिन्छ । यो Clause ऐनको दफा २६ लाई निस्तेज गर्ने गरी राखिएको होइन, आफैँमा स्वतन्त्र हुदैन । ऐनको दफा २६ को अधिनस्थ नै हुने हुँदा ठेक्का रद्द गर्न पनि ऐनको दफा २६ अनुसारका सबै शर्त पुरा गर्नु पर्दछ ।

४.१.४ बिबन्धनको सिद्धान्त (Principle of Estoppel) को आधारमा सार्वजनिक निकायले बोलपत्र मुल्याङ्कनका लागि बनाएको मुल्याङ्कन समिति सो बोलपत्रको कारवाही अन्त्य नभएसम्मका लागि रहने भएकाले यो मुल्याङ्कन पनि सोही समितिले गरेको हुनुपर्दछ । एउटै समितिले मुल्याङ्कन गर्दा एक पटक एउटा परिणाम र अर्को पटक अर्को परिणाम आउने हुनै सक्दैन । अन्यथा विपक्षी कार्यालयका उक्त समितिमा संलग्न अधिकारीहरुलाई पनि बिबन्धनको सिद्धान्त लागु हुन्छ । प्रमाण ऐन, २०३१ को दफा ३४ मा भएको व्यवस्थातर्फ विपक्षीहरुको ध्यान गएको पाइएन । मुल्याङ्कन समितिको निर्णयानुसार बनाइएको चार्टमा Credit Facilities मा अन्य कसैको पनि दाखिला नभएको तर हाम्रो फर्मको submitted as per bidding documents भनी उल्लेख भएको छ भने Technical bid as per clause ITB 29 मा Not submitted all documents as per the clause भनी सबैको एउटै अवस्था देखाएको छ । ITB 29 Examination of Technical Bids मा पेश गर्नु पर्ने सबै कागजातहरु हामीले पेश गरेको अवस्थामा के कुन कागजात हामीबाट पेश हुन सकेको छैन भन्ने बिषय उल्लेख नगरी हचुवाका भरमा ITB 29 मा Not submitted all documents as per the clause भनी उल्लेख गरिएको छ ।

४.१.५ कानुनको ब्याख्या सम्बन्धि नियमका आधारमा SBD जारी भएपछि त्यसले तत्काल कानुनी मान्यता प्राप्त गर्छ । सो नियमले कानुनको शाब्दिक अर्थ (Literary Interpretation) स्पष्ट छ भने त्यसमा अन्य कानुनको ब्याख्याको सिद्धान्त लाग्दैन । कानुनको शाब्दिक ब्याख्या अनुसार सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ दुबैले बोलपत्रको मुल्याङ्कन बोलपत्रमा लेखिएको आधारमा हुनुपर्ने कुरा स्पष्ट उल्लेख गरेकोले वोलपत्रमा भएको प्रावधान हेर्ने हो भने वित्तीय क्षमता प्रस्तुत गर्ने आधार वोलपत्रको Section 2.3.3 Financial Resources अन्तर्गत Letter of Commitment for Bank's Undertaking for Line of Credit को Format तोकिएको र Form FIN-3 Financial Resources को Note मा "The Letter from the Bank must be unconditional in the format and stated details/terms and conditions as per the Bid Forms "Letter of Commitment for Bank's Undertaking for Line of Credit" उल्लेख भएकोले Line of Credit तोकिएको Format मा नै हुनु पर्ने भनेको हो। बोलपत्रको मुल्याङ्कन बोलपत्रमा उल्लेखित बिधिबाट नगर्ने विपक्षीको कार्य त्रुटिपुर्ण भई त्यस विरुद्ध जारी पुनरावलोकन समितिको निर्णय यथोचित थियो । उसले पुनरावलोकन समितिको निर्णयको शाब्दिक ब्याख्या नगरी आफुलाई फाइदा हुने ब्याख्या गरी बोलपत्र पुनर्मुल्यांकन गर्‍यो, जुन कानुनको ब्याख्या सम्बन्धि सिद्धान्त तथा कुनै पनि नियमको आधारमा कानुनी ठहर्न सक्दैन।

४.१.६ पुरावलोकन समितिबाट भएको निर्णयको आधारमा Bidding Document ले निर्धारण गरेको Line of Credit समावेश भए नभएको जाँच गरी योग्य र अयोग्य वोलपत्र छुट्याई खरिद कार्य अघि बढाइनु पर्नेमा सो नगरी रद्द गर्ने निर्णय गरी मिति २०७७।०३।०५ मा

सोको सुचना निकालिएको कार्यमा विपक्षी कार्यालयको कानूनी त्रुटी स्पष्ट देखिन्छ । यस्तो कुरा वैधानिक अपेक्षा (Legitimate Expectation) को सिद्धान्तको दृष्टिकोणमा उचित ठहर्दैन । वैधानिक अपेक्षाको सिद्धान्त नेपालको सर्वोच्च अदालतले अनेकन मुद्दामा अंगिकार गरेको अवस्था छ । **नेपाल आर्थिक सांस्कृतिक तथा व्यापारिक केन्द्र प्रा.लि. (नेक्ट) र हिम कन्सल्टको ज्वाइन्ट बिरुद्ध नेपाल सरकार, ऊर्जा मन्त्रालयसमेत** (ने. का. प. २०७४ अंक १, नि. नं. ९७५३० को मुद्धाको प्रकरण १५ मा सर्वोच्च अलालतले Halbury's Law of England को सिद्धान्तलाई अवलम्बन गरेको छ ।

४.१.७ कुनैपनि निकायले आफुले गरेको निर्णय आफैले उल्ट्याउन मिल्दैन । निर्णयकर्ता पनि आफैं र न्यायाधीश पनि आफै हुन मिल्दैन । यसो गर्न पाउने हो भने त्यसले कानुनी राज्यको सिद्धान्त ( Principle of Rule of Law) लाई उपहास गरेको ठहरिन्छ । Doctrine of Reasonableness ले कसैद्वारा गरिने काम कारवाहीको विवेकता (Rationality) निर्धारण गर्दछ । कार्यालयमा हुने कामकारवाही एउटा पद्दति र प्रचलनमा आधारित हुन्छ जसलाई Doctrine of Reasonableness ले मार्ग प्रसस्त गर्ने गर्छ ।

श्री सम्मानित सर्वोच्च अदालतबाट पप्पु कन्सटक्सन समेत विरुद्ध मध्यमान्चल क्षेत्रीय सिंचाई निर्देशनालय ललितपुर समेत (ने. का. प २०६३, अंक ३, निर्णय नम्बर ७६६५) मुद्धामा विवेक प्रयोग नगरी गरेको निर्णयलाई अधिकारको (Mechanical Exercise) भन्नुपर्ने र त्यस आधारमा बोलपत्र रद्द गर्ने गरी भएको निर्णय र पुन: बोलपत्र आव्हान गर्ने गरी प्रकाशित सूचना लगायतका कामकारवाही उचित र कानूनसंगत नदेखिएको हुंदा उत्प्रेषणको आदेशवाट वदर हुने भन्ने सिद्धान्त प्रतिपादन हुनुले पनि Doctrine of Reasonableness ले गरिने काम कारवाहीको बिवेकता (Rationality) निर्धारण गर्दछ भन्ने स्पष्ट हुन्छ ।

४.१.८ हामीले बोलपत्रले तोकेको प्रकृया र क्षमता पुग्ने किसिमका कागजात सबै पेश गर्दा पनि विपक्षीबाट खरिद प्रकृया रद्द गर्न गरेको निर्णय प्राकृतिक न्यायको सिद्दान्त (Principle of Natural Justice) बिरुद्ध छ । हामीलाई खरिद प्रकृया रद्द गर्नु पुर्व सुचना नदिनु तथा कुनै स्पष्टिकरण नसोधेकाले विपक्षीले गंम्भिररुपमा प्राकृतिक न्यायको सिद्धान्तको हनन गरेको देखिन्छ । यस सम्बन्धमा सम्मानित श्री सर्वोच्च अदालतबाट ने.का.प. २०७५, अंक ६, नि.नं १००२७, मल्टी डिसिप्लिनरी कन्सल्टेन्ट्स प्रा.लि. विरुद्ध सार्वजनिक खरिद अनुगमन कार्यालय भएको मुद्दामा ‘‘प्रशासकीय र न्यायिक निकायबाट कुनै व्यक्तिको ....................................... परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगत रूपमा भएको मानिने’’, भनी सिद्दान्त प्रतिपादन भएको पाइन्छ ।

अत: उपर्युक्त तथ्यहरुको आधारमा बिपक्षी सार्बजनिक निकायबाट बोलपत्र रद्दगर्ने गरी भएको २०७७।०३।०३ को निर्णय र मिति २०७७।०३।०५ मा जारी सो सम्बन्धी सूचना खारेज गरी हाम्रो सारभूतरुपमा प्रभाग्राही प्राविधिक प्रस्ताब स्वीकृत गरी आर्थिक प्रस्ताब खोल्न बिपक्षीको नाममा आदेश जारी गरी पाँउ ।

४.२ सार्बजनिक निकाय सडक पूर्वाधार बिकास कार्यालय, रोल्पाको तर्फबाट निमित्त कार्यालय प्रमुख ईन्जिनियर श्री नवीन श्रेष्ठ र कानून अधिकृत श्री जोसेफ प्रधानले सहभागी हुनु भई देहाय अनुसार आफ्नो भनाइ राख्नु भयो ।

४.२.१ कार्यालयबाट मिति २०७६।१०।०५ मा प्रकाशित Contract IDNO: IDO/PYU/ROL/W/RO/NCB/30/076/77, Upgrading of Rampur-Kapurkot Road (Nigalepani-Dahawan Section road 11.5Km.Rolpa) को ठेक्कामा निवेदकको तर्फबाट सार्वजनिक खरिद ऐन, २०६३ दफा ४९ अनुसार निवेदन दिएको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५०(३) बमोजिम सो सम्बन्धी जानकारी तथा प्रतिक्रिया र सो खरिद प्रकृया सम्बन्धी सम्पूर्ण कागजात पठाउनुका साथै समितिबाट निर्णय नभएसम्मको लागि सार्वजिनक खरिद ऐन, २०६३ को दफा ५१(१) अनुसार खरिद कारबाही रोक्का राख्नुहुन भनी पुनरावलोकन समितिले मिति २०७७।०३।१८ गतेको निर्णयानुसार अनुरोध गरेकोले प्रतिक्रिया सहित आवश्यक कागजात पेश गरिएको हो ।

४.२.२ सार्बजनिक खरिद नियमावली (आठौं संशोधन), २०७६ अनुसार SBD Upload हुन गएको र उक्त नियमावलीमा (नवौं संशोधन) आईसकेको सन्दर्भमा नवौं संशोधन अनुसार टेण्डर मूल्याङ्कन नगर्दा पुन: त्रुटी दोहोरिने हुँदो नवौं संशोधनले व्यवस्था गरे अनुसार Line of Credit सम्झौताका बखत पेश गर्ने प्रतिबद्धता जनाए अनुसार SBD मा LoC पेश नगरेपनि मूल्याङ्कन प्रकृयामा बञ्चित गराउदा प्रचलित कानून बिपरित हुने भएकोले मूल्याङ्कन प्रकृयामा समावेश गरिएको हो । बोलपत्रदाताहरुको सक्षमता मूल्याङ्कन गर्ने आधार Average Annual Construction Turnover (AACT), Work Experience, Net Worth, Bidding Capacity, Equipment Capabilities/Manpower समेतलाई आधार मानिएको । नियमावलीको नवौं संशोधनले LoC पेश गर्ने समयको बारेमा स्पष्ट उल्लेख गरेको छ । Line of Credit को सन्दर्भमा पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं. ३, तानसेन, पाल्पाको च.नं. २१६, मिति २०७०।०८।२६ को पत्रबाटराय परामर्श माग गरेकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईटको निर्णय संग्रह खण्डमा राखिएको राय परामर्श समितिको मिति २०७०।०९।०१ को निर्णय अनुसार बोलपत्रदाताहरुको योग्यताको आधार मध्ये वित्तीय श्रोत ठहर गर्न नमिल्ने भनी राय परामर्श उपलब्ध गराएकोले यसै निर्णयलाई समेत आधार लिई पेश भएका सबै बोलपत्रहरुको मूल्याङ्कन गरिएको हो ।

४.२.३ नियमावलीमा नवौं संशोधन भएको अवस्थामा भूलवस आठौं संशोधन अनुसार सूचना प्रकासन हुन पुगी सो अनुसार मूल्यांकन गर्दा स्वच्छ प्रतिस्पर्धामा संकुचन भई ऐनको प्रस्तावनमा ब्यवस्था भएको मूल मर्ममा आघात सिर्जना हुने भएको र स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट कम लागतमा हुनसक्ने काम समेत लागत बृध्दि भई प्रतिस्पर्धारहित भइ राज्यलाइ हानी नोक्सानी हुने सम्भावना छ ।

४.२.४ सार्वजनिक खरिद पुनरावलोकन समितिबाट मिति २०७७।०२।१६ मा पुन: मूल्यांकन गरी कानून वमोजिम गर्नु भन्ने आदेश भए वमोजिम मौजुदा सार्वजनिक खरिद नियमालीको नवौं संशोधन वमोजिमको सूचना तथा SBD अनुसार खरिद प्रक्रिया प्रारम्भ नभइ कानून वमोजिम त्रुटीपूर्ण SBD का आधारमा खरिद प्रक्रिया प्रारम्भ भएको बिषय प्रथम दृष्ठिमा नै मौजुदा कानून विपरित भएकाले कानून वमोजिम गर्नु भन्ने सार्वजनिक खरिद पुनरावलोकन समितिले गरेको आदेश वमोजिम पुन: मूल्यांकन गरी ठेक्का रद्द गर्ने निर्णय गरिएको ।

४.२.५ बोलपत्र मुल्यांकन समितिले मिति २०७७।०३।०३ मा कार्यालयबाट मिति २०७६।१०।०५ गते प्रकासित् SBD अनुसार बोलपत्रहरुको पुन: मूल्यांकन गर्दा Clause ITB 29 मा उल्लेख भएको प्रवधान वमोजिम कुनैपनि बोलपत्रदातादले Site Organisation, Method Staement, Mobilisation Schedule तथा Construction Schedule पेस गरेको नपाइदा सबै बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही नदेखिएकोले ऐनको दफा २६(१)(क) तथा SBD को Clause ITB ३७.१ अनुसार प्रस्तुत ठेक्का रद्द गएिको हो ।

४.२.६ प्रचलित कानून वमोजिम खरिद प्रक्रियानै गैरकानूनी भएको अवस्थामा निवेदक मात्रै योग्य हुने र अरु अयोग्य हुने भन्ने हुन सक्दैन । निवेदकले निवेदनमा उल्लेख गरे जस्तो कसैलाई हानी नोक्सानी पुऱ्याउने गरी निर्णय गर्ने यस कार्यालयको मनसाय होइन । अतः उपरोक्त तथ्यहरुको आधारमा निबेदकको निबेदन खारेज भागी छ, खारेज होस ।

**५. समितिको निर्णयः**

Contract ID NO: IDO/PYU/ROL/W/RO/NCB/30/076/77, Upgrading of Rampur-Kapurkot Road (Nigalepani-Dahawan Section road 11.5Km.Rolpa) निर्माण कार्य खरिद गर्न प्रकाशित सूचना बमोजिम वोलपत्रदाता निवेदक ओएसिस इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त रामचन्द्र तिमिल्सिनाले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोमा संलग्न कागजात, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्वजनिक निकायबाट उक्त खरिदका लागि आह्वान भएको बोलपत्रको प्राविधिक प्रस्ताब स्वीकृत गरी आर्थिक प्रस्ताब खोल्ने सूचनाको बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) को अवस्थामा मात्र सम्पूर्ण बोलपत्रहरु अस्वीकृत गर्न वा खरिद कारवाही रद्द गर्न सक्ने व्यवस्था गरेकोले Bidding Document को Clause ITB 37.1 मा भएको व्यवस्था ऐन र नियमावलीसंग बाझिएको हदसम्म ऐन, नियमावलीको व्यवस्था आकर्षित हुन्छ ।

५.२ सार्बजनिक निकायबाट बोलपत्र कागजात सार्बजनिक खरिद नियमावली, २०६४ को आठौं संशोधन अनुसार प्रकाशन गरेको तर नियमावलीको नवौं संशोधन अनुसार संशोधन नगर्दा नियमावली, बोलपत्र कागजात र बोलपत्र मूल्यांकनमा तालमेल मिलेको छैन । सार्बजनिक निकायबाट सार्बजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ तथा PPMO बाट जारी SBD अनुरुप हुने गरी बोलपत्र कागजात स्वीकृत गरी बोलपत्र आह्वानको सूचना जारी गर्नु पर्दछ ।

बुँदा नं. ५.१ र ५.२ का सम्बन्धमा बिपक्षी सार्बजनिक निकायको ध्यानाकर्षण गरिन्छ ।

५.३ उपर्युक्त खण्ड ५.२ वमोजिम सार्वजनिक खरिद नियमावली (नवौ संशोधन), २०६४ र सूचनामा प्रस्ताव गरी प्रकाशन गरेको Standard Bidding Document बीच मेल नहुनु, यस बिषयमा कुनै पनि बोलपत्रदाताहरुबाट सूचना, शुभाव र सिकायत नगर्नु त्रुटी हो । साथै बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद नियमावली (आठौ संशोधन), २०६४ अनुसार जारी भएको तर बोलपत्रको मूल्यांकन ऐ नियमावलीको नवौं संशोधन अनुसार हुनु अर्को त्रुटी हो । त्यस्तै बोलपत्रदाताहरुबाट पेस भएका बोलपत्रहरुमा Evaluation and Qualification Criteria लगायत शर्तहरु पूरा नहुँदासम्म त्यस्ता बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही भएको मान्न सकिन्न । उपर्युक्त पेस भएका बोलपत्रहरुमा माथि खण्ड ३.६ मा उल्लेख भए वमोजिम SBD को Section III Evaluation and Qualification criteria को सबै शर्त पुरा हुन नसकेको तथा बोलपत्रदाताहरुबाट SBD को Section IV Bidding Form अन्तर्गतको Technical Proposal Format र Bidder's Inoformation and Qualification Format मा २९.२(d) मा उल्लेख भएका विवरणहरु समेत पेश हुन नआएकोले बोलपत्रमा सहभागी सबै बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही हुन सकेनन् । तसर्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५)(ख(२) वमोजिम सार्वजनिक निकायले गरेको अनधिकृत निर्णयलाई पूर्णरुपमा रद्द गर्न आदेश दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक ग्यारेन्टी नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ………………… | …………………… |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७७ साल श्रावण १२ गते रोज ०२ शुभम्……………………………………………।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्धा नं. १२६**

**आ.व. २०७७/७८ को निर्णय नं २**

सुनसरी जिल्ला, इटहरी न.पा.मा स्थापित भिआईपि सेक्युरिटी सर्भिसेज प्रा.लि. को प्रवन्ध निर्देशक/सचालक लहेरु चौधरीका तर्फबाट अख्तियार प्राप्त का.जि. का.म.न.पा. वडा नं. ९ गैरीगाउं वस्ने वर्ष ५५ को धननाथ लुईटेल .........१ **निवेदक**

**विरुद्ध**

श्रीकृषि विकास वैंक लि., मुख्य कार्यालय काठमाण्डौं....................................................................................१

कृषि विकास वैंक लि., को बोलपत्र मूल्यांकन समिति, मुख्य कार्यालय, काठमाण्डौं...............................................१ **विपक्षी**

**विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम पुनरावलोक गरी पाउँ ।**

**१. निवेदकको माग दावीः**

Contract ID:ADBL/G3/2076/77, Supply of Security Guard सेवाको खरिद प्रकियामा कार्यालय प्रमुखले गरेको निर्णयमा चित्त नबुझी भिआइपी सेक्यूरीटी सर्भिसेज प्रा.ली. का अख्तियार प्राप्त धननाथ लुईटेलले कुमारी बैक ली. बाट बैक जमानत् नं. 007OUTBG201548, मिति जुलाई १६, २०२० मा जारी रु.६,५२,७५५।- को बैक जमानत संलग्न गरी सार्बजनिक खरिद ऐन, २०६३ दफा ४९ बमोजिम पुनरावलोकन गरी पाउ भनि मिति २०७७।०४।०२ मा निवेदन यस समितिमा दर्ता गराउनु भएको निबेदनको प्रमुख माग दाबी देहाय वमोजिम देखिन्छन ।

१.१ कृषि विकास वैंक लि., मुख्य कार्यालय काठमाण्डौंबाट अप्रिल २७, २०२० मा प्रकाशित ई-विडिङ्ग सिस्टम अन्तर्गत सूचना नं. ADBL/G3/2076/077 अन्तर्गत आ.व. ०७७।०७८ र ०७८।०७९ को लागि वर्ग (क) अन्तर्गत श्री कान्तीपुर सेक्यूरिटी सर्भिस प्रा.लि.का.म.न.पा.वडा नं.७ चावहिलको रु. ७,७९,५३,९५४।- को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना मिति २०७७।३।२२ गतेको प्रत्रिकामा सूचना प्रकाशित भए पश्चात म निवेदकले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ वमोजिम सार्वजनिक निकाय प्रमुख समक्ष विपक्षीको वोलपत्र स्वीकृत गर्नुको कारण एवं म निवेदकको कम दररेट भएको, वोलपत्रमा तोकिएको योग्यता एवं शर्त, मापदण्ड पुरा भएको अवस्थामा वोलपत्र स्वीकृत नगर्नुको कारण के हो ? सो को लिखित जवाफ पाउं भनी मिति २०७७।३।२६ गते निवेदन दिएकोमा विपक्षी कृषि विकास वैंक लि.ले च.नं. ३८२, मिति २०७७।३।२८ गते दिएको पत्रमा श्रम ऐन, २०७४ को दफा ५८ को उपदफा (३) विपरित हुने गरी निर्णय पुनरावलोकन गर्न माग गरिएको देखिएको व्यहोरा उल्लेख भएको हेर्दा म निवेदकले श्रम ऐनको दफा ५८(३) को विषयमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को निवेदनमा उल्लेख नगरेको अवस्थामा हचुवाको भरमा निवेदकले निबेदनमा माग गरेको विषयमा जवाफ नदिई पत्राचार भएको देखिन्छ । तसर्थ ऐ. ऐनको दफा ४९ वमोजिम यस सम्मानित समितिमा निवेदन दिएको छु । दफा ५० को उपदफा (५) ख) वमोजिम पुनरावलोकन गरी न्याय दिलाई पाउं ।

१.३ वोलपत्र मूल्यांकन समितिले वोलपत्रदातालाई Hard Copy पनि पेश गर्न नलगाई पूर्वाग्रह एवं मिलोमतोको आधारमा म निवेदकको दररेट कम हुंदा हुंदै वढी दररेट भएको श्री कान्तीपुर सेक्यूरिटी सर्भिसेज प्रा.लि. को वोलपत्र स्वीकृत गर्ने कार्यले आर्थिक व्ययभार वृद्धि हुने हुंदा विपक्षीको आशयको सूचना वदर भागी छ ।

१.४ सार्वजनिक निकाय प्रमुख समक्ष मिति २०७७।३।२६ गते दफा ४७ वमोजिम दिएको निवेदनको मिति २०७७।३।२८ गतेको जवाफ पत्रमा मागै नगरिएको श्रम ऐन, २०७४ को दफा ५८(३) वमोजिम जवाफ लेखी सार्वजनिक निकाय प्रमुखले दफा ४७ वमोजिम भएको व्यवस्थाको आधारमा स्पष्ट एवं प्रमाण योग्य लिखित जवाफ नदिनुले म निवेदक अयोग्य हुनुको कारण स्पष्ट भएन ।

१.५ विपक्षीको बोलपत्रको सूचनामा भएको शर्त, तोकिएको अन्य योग्यता एवं मापदण्ड, कार्य अनुभव लगायत न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही भएको म निवेदकको फर्म दफा २३ र २५ वमोजिम बोलपत्रको परीक्षण र मूल्याकन वमोजिम दफा २७ अनुसार वोलपत्र छनौट गरी स्वीकृत गर्नु पर्नेमा विपक्षी वोलपत्र मूल्यांकन समितिले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३, २४, २५ वमोजिम वोलपत्रको न्यायोचित परीक्षण र मूल्यांकन नगरी जारी भएको मिति २०७७।३।२२ गतेको आशय पत्रको सूचना स्वतः वदर भागी छ ।

१.६ सार्वजनिक प्रक्रियामा स्वच्छ प्रतिष्पर्धा, इमान्दारिता, जवाफदेहिता, विश्वसनियता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगवाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गरी विना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा वोलपत्रको परीक्षण र मूल्यांकन एवं निर्णय गरी न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही वोलपत्र स्वीकृत गर्नु पर्ने सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०७६ को उद्देश्य भएकोमा विपक्षीको वोलपत्र स्वीकृत गर्ने कार्य ऐ ऐन, नियमावलीमा भएको व्यवस्था विपरित भएको हुंदा स्वतः वदरभागी छ ।

१.७ अतः विपक्षीले वोलपत्र स्वीकृत गरेको मिति २०७७।३।२२ को निर्णय एवं आशयको सूचना वदर गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५०(५) (ख) वमोजिम पुनरावलोकन गरी इन्साफ दिलाई पाउँ ।

**२. सार्वजनिक निकायको प्रतिकियाः**

उपर्युक्त निबेदनका बिषयमा यस समितिको प.सं.२०७७।७८, च.नं.०२ मिति २०७७।०४।०२।०६ को पत्रबाट प्रतिकिया माग गरेकोमा सार्वजनिक निकाय श्री कृषि विकास बैक लि., सामान्य सेवा बिभाग मूख्य कार्यालय, काठमाडौंको च.नं. १४, मिति २०७७।०४।०७ को पत्रबाट प्रात प्रतिकियाको प्रमुख बुँदाहरु निम्नानुसार छन्:

२.१ बोलपत्रको योग्यताको परीक्षण गर्दा निबेदक भि.आई.पि. सेक्यूरिटि सर्भिस प्रा.लि.ले आ.व.२०७५/७६ को कर चुक्ताको प्रमाणपत्र पेश नगरेकोले सारभुतरुपमा अप्रभावग्राही भई निज बोलपत्रदातालाई उक्त चरणबाट मूल्यांकन प्रक्रियावाट हटाउने निर्णय गरिएको र निज आर्थिक मूल्यांकनको चरणमा नआईपुगेको हुनाले निजसंग यो निवेदन गर्ने हकदैयाको आधार नभएको देखिन्छ ।

२.२ बैंकले उक्त बोलपत्रबाट सुरक्षा सेवा खरिदको लागि निम्नानुसार प्रकृयागत आधारमा कार्य सम्पन्न गर्न (१) बैंकले सुरक्षा सेवा खरिदको लागि मिति २०७७/०१/१५ गते Concat ID: ADBL/G3/076/77,Supply of Security Guard e-bidding मार्फत सुचना प्रकाशन गरेको, (२) मिति २०७७/०२/१४ गते बोलपत्र खोलीदा १५ थान बोलपत्रहरु पेश भएको (३) पेश भएका बोलपत्रहरुको मूल्यांकन गर्न मित मिति २०७७/०१/१५ गते मूल्यांकन समिति गठन भई स्वीकृत बोलपत्र कागजातका आधारमा मूल्यांकनका ४ वटा चरणहरुः-(Eligibility, Completeness, Technical Evaluation, Price Comparision) का आधारमा तोकिएको Format अनुसार मूल्यांकन भएको छ ।

२.३ भि.आई.पि. सेक्यूरिटि सर्भिस प्रा.लि.ले e-bidding मार्फत पेश गरेको प्रस्तावमा बोलपत्रको योग्यताको परीक्षण (Eligibility) गर्दा आ.व.२०७५/७६ को कर चुक्ताको प्रमाण पत्र पेश नगरेको हुनाले निजभि.आ.पि. सेक्यूरिटि सर्भिस प्रा.लि.ले पेश गरेको बोलपत्र सारभुतरुपमा प्रभावग्राही नभएकोले मूल्यांकन प्रक्रियावाट हटाउने गरी निर्णय भएको हो ।

२.४ नेपाल सरकार, श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम तथा व्यवसायजन्य सुरक्षा बिभाग वाट न्यूनतम पारिश्रमिक तथा सुविधा सम्वन्धि व्यवस्थाको पत्र लिई मूल्यांकन प्रक्रियामा समावेस गरी न्यूनतम दरभन्दा माथिको दर रेट लाई मात्र मूल्यांकन प्रक्रियामा समावेश गरिएको ।

२.५ मिति २०७७/०३/२२ आशयको सुचना प्रकाशन भए पछि मिति २०७७/०३/२६ गते भि.आई.पि. सेक्यूरिटि सर्भिस प्रा.लि.ले बैंक समक्ष निवेदन दिएकोमा बैंकको च.न.३८२ मिति २०७७/०३/२८ को पत्र मार्फत निज कम्पनी लाई जानकारी गराईएको छ ।

२.६ प्रकाशित आशयको सुचना अनुसार सबै प्रक्रियाहरु पुरा गरी मिति २०७७/०३/२९ र ३० गते सम्वन्धित सेक्यूरिटि कम्पनिहरुसंग सम्झौता सम्पन्न भई कार्यदेश दिई मिति २०७७/०४/०१ देखि कार्य प्रारम्भ भइसकेको छ ।

२.७ बैंकको मिति २०७७/०३ मसान्त देखि पुरानो सुरक्षा कम्पनीहरुसंग भएको २ वर्षे सम्झौता समाप्त भई मिति २०७७/०४/०१ देखि बैंकमा सुरक्षामा समस्या आई बैंकको अत्यावश्यक सेवा नै वन्द हुने अवस्था भएकोले समयमा नै खरिद सम्झौता सम्पन्न गरी कार्य सुचारु गर्नु पर्ने अवस्था भएको व्यहोरा अनुरोध छ ।

२.८ तहाँको पत्रसाथ भि.आई.पि. सेक्यूरिटि सर्भिस प्रा.लि.को पुनरावलोकन निवेदन यस बैंकको खरिद सम्झौताको सम्पूर्ण प्रक्रिया पुरा भए पछि मिति २०७७/०४/०५ मा मात्र यस बैंकमा प्राप्त भएको साथै निवेदक कम्पनीले सार्वजनिक खरिद ऐन २०६३ को दफा १४, २२, २३, २४, २५, २६, २७, ४७, ४८, ४९, ५१ जस्ता ऐनका दफाहरु राखी अस्पष्ट र गोलमोटल माग राखी निवेदन दिएको देखिन्छ । अझ खरिद प्रक्रियाको सम्झौता सम्पन्न भई सकेको अवस्थामा सोही ऐनको दफा ५० (५) (ख) बमोजिम उक्त पुनरावलोकन निवेदन खारेज गर्नको लागि सादर अनुरोध छ ।

२.९ निज सुरक्षा कम्पनी यस बैंक संग विगत वर्षहरुमा सुरक्षाकर्मी अपूर्ति गर्दै आएको हुँदा बैंकको नीतिनियम संग निज जानकार रहेको र निज कम्पनीको सम्झौता अवधि समाप्ती (मिति २०७७/०३/३१) पछि खरिद सम्झौता भई नयाँ सुरक्षा आपूर्ति गर्ने कम्पनीले कार्य प्रारम्भ गरेको हुनाले यो निवेदन खारेज हुनको लागि सादर अनुरोध गर्दछौं ।

**३. अध्ययन अवलोकनः**

आ.व. २०७७।७८ र २०७८।७९ का लागि Contract ID:ADBL/G3/2076/77, Supply of Security Guard संग सम्बन्धित खरिद प्रक्रियाको बिषयमा सार्वजनिक निकाय कृषि बिकास बैंक, मुख्य कार्यालयको मिति २०७७।०४।०७को प्रतिक्रिया, प्राप्त बोलपत्र सम्बन्धी कागजात, प्रचलित सार्बजनिक खरिद कानूनहरु तथा निबेदकले पेश गरेको निबेदनको व्यहोरा र निजले पेश गरेका कागजातहरु समेतको अधारमा अध्ययन अवलोकन गरिएको छ ।

३.१ सार्बजनिक निकाय कृषि बिकास बैंक मुख्य कार्यालयबाट मिति २०७७।०१।१५ राष्ट्रिय गोरखापत्र दैनिकमा बिभिन्न ६ प्रदेश अन्तरगतका कार्यालयहरुको लागि आर्थिक वर्ष २०७७।७८ र २०७८।७९ मा आबश्यक पर्ने ९६८ Security GuardSupply का लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गरेकोमध्ये प्रदेश नं १ अन्तरगका कार्यालयहरुका लागि १५७ जना Security Guard माग गरेको देखिन्छ । उक्त क्षेत्रका लागि Lions security service Pvt.Ltd., Group security system Pvt.Ltd., Nepal ex-two security service pvt.ltd., Kantipur securityservice Pvt.Ltd. र Vip security service Pvt.Ltd समेत ५ बोलपत्रदाताहरुबाट बोलपत्रहरु पेश भएका देखिन्छन् । पेश भएका बोलपत्रहरुको बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन गर्दा निबेदक Vip security service Pvt.Ltd ले बोलपत्रसाथ आर्थिक बर्ष २०७५।७६ को कर चुक्ताको प्रमाणपत्र पेश नगरेको कारण बोलपत्र परीक्षणको क्रममा सारभूतरुपमा प्रभावकारी नभएको जनाइ निजको बोलपत्र मूल्यांकनबाट हटाएको देखिन्छ ।

बाँकी बोलपत्रदाताहरुको बोलपत्र मूल्यांकन गर्दा Kantipur security service Pvt.Ltd. बाहेकले तोकिएको २७५ जना सुरक्षा गार्ड आपूर्ति गरेको नपाइएको कारण ती बोलपत्रदाताहरु पनि मूल्यांकनको क्रममा सारभूतरुपमा प्रभावग्राही नभएको र बोलपत्रदाता Kantipur security service Pvt.Ltd. मात्र सारभूतरुपमा प्रभावग्राही भएको आधारमा प्रदेश नं १ अन्तरगतका कार्यालयहरुका लागि सुरक्षा गार्ड आपुर्ति गर्न Kantipur security service Pvt.Ltd.को मूल्य अभिबृद्धि कर सहितको रु.७,७९,५३,९५४।- को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना मिति २०७७।०३।२२ को कारोवार दैनिक पत्रिकामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा दफा २७ र ४७ का प्रयोजनार्थ प्रकासन गरेको पाईन्छ । सोको बिरुद्ध Vip security service Pvt.Ltd ले आफुले प्रति व्यक्ति रु. १५९९१।- दर पेश गरेकोमा रु.१६०००।- दर रेट पेश गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी व्ययभार बढाएको उल्लेख गरी चित्त नबुझी उक्त प्रा.लि.ले सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ४९(क) वमोजिम पुरावलोकन गरी पाउँ भनी यस समितिमा मिति २०७७।०४।०२ मा कुमारी बैक ली.बाट जारी Ref.007OUTBG201548,NPR ६,५२,७५५। बैक जमानत साथ पुनरावलोकनका लागि निबेदन निवेदन दर्ता गरेको छ ।

३.२ उक्त खरिद कार्यको लागि प्रति ब्यक्ति रु. २१५००।- का दरले दशै खर्च समेत दुइ बर्षको लागि रु. ५४,११,१२०००।- को लागत अनुमान मिति २०७७।०१।१२ मा स्वीकृत गरेको देखिन्छ ।

३.३ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२)(घ) मा सार्बजनिक निकायले तोकेको अवधिसम्मको सम्बन्धित निकायबाट कर चुक्ता गरेको प्रमाणपत्र वा आय विवरण पेश गरेको प्रमाणित कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको निस्सा वा प्रमाण पेश गर्नु पर्ने उल्लेख भएको छ ।

साथै सार्बजनिक निकायबाट जारी Bidding document को Section-I, Instruction to Bidders को ITB-4.9 मा "The domestic bidders who obtained PAN and VAT registration certificate(s) and tax clearance certificate or proof of submission of tax return from the Inland Revenue office shall only be eligible, Section-II, Bid data sheet को 17.1(c) मा Biddres shall submit tax clearance certificate for the F/Y 2075/76 र 23.1.VII (6) मा Tax clearance certificate or evidence of tax return submission or Extension of time mandatory हुने तथा Section III, Evaluation and Qualification Criteria को 1.4 मा Tax clearance document (Domestic Bidder only) F/Y 2075/76 मूल्यांकनको आधार हुने उल्लेख गरेको छ ।

त्यसैगरी Bidding Document को ITB-7.3 मा "The bidder is expected to examine all instruction, form, terms, and specification in the bidding document as well as in amendments, if any failure to furnish all information or documentation required by the bidding document may result in the rejection of Bid" भन्ने उल्लेख छ ।

उपर्युक्त कानूनी तथा Bidding document मा भएको व्यवस्था मुताबिक बोलपत्रदाताहरुले कर चुक्ताको प्रमाणपत्र अनिवार्यरुपमा पेश गर्नु पर्ने, नगरेमा बोलपत्र अस्वीकृत हुने स्पष्ट व्यवस्था गरेको देखिन्छ । निबेदक बोलपत्रदाताले यस समितिमा पेश गरेको बोलपत्र कागजात तथा सार्बजनिक निकायबाट प्राप्त निबेदकले पेश गरेको बोलपत्र कागजातमा उपर्युक्त व्यवस्थाहरुको परिपालना गरी कर चुक्ताको प्रमाणपत्र पेश गरेको देखिदैन ।

३.४ बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको फर्महरुमा उल्लेख भएका विवरणहरु पूर्णरुपमा भरी पेश गरेको हुनुपर्दछ । Bidding document को ITB 13.1 मा The bidder shall submit the bid submission form furnished in section IV, Bidding form. This form must be completed without any alternation to its format and no substitute shall accepted. All Blank space shall be filled in with the information requested भनी उल्लेख भएकोमा निबेदक बोलपत्रदाताले Bid submission form को (c) मा Total bid price नखुलाई N/Aजनाएको तथा (e) मा Bid validity period नखुलाई खाली पेश गरेको छ । साथै बोलपत्र सम्बन्धी कागजातको Specific experience form को ढाँचामा The bidder shall complete this form for each contract completed/in progress भनी उल्लेख भएकोमा निबेदक बोलपत्रदाताले बोलपत्र पेश गर्दा उक्त फर्म खाली पेश गरेकोले बोलपत्रको शर्त पालना गरेको छैन । यो फर्म Mandatory हो र यसलाइ कुनै परिवर्तन विना वा जस्ताको तस्तै भरी पेस गर्नु पर्ने, अर्को तरिकाबाट भरी पेस गर्न पनि नपाइने गरेको छ । यस अवस्थामा निबेदकले पेश गरेको बोलपत्र कागजातहरु SBD तथा कानून सम्मत भएको पाइएन ।

३.५ सार्बजनिक निकायले यस समितिमा निवेदन दर्ता भए पछि मिति २०७७/०३/२९ र ३० गते Kantipur security service Pvt.Ltd. लगायतका सम्वन्धित सेक्यूरिटि कम्पनिहरुसंग सम्झौता सम्पन्न भई कार्यदेश दिई मिति २०७७/०४/०१ देखि कार्य प्रारम्भ भइसकेको प्रतिक्रियामा उपलव्ध गराएको छ । बोलपत्र मूल्यांकनमा चित्त नबुझ्ने पक्ष Vip security service Pvt.Ltd ले मिति २०७७।३।२६ गते दफा ४७ वमोजिम दिएको निवेदनको मिति २०७७।३।२८ गते जवाफ दिएको आधारमा निजले सार्बजनिक खरिद पुनरावलोकन समिति समक्ष पुनरावलोकनका लागि निबेदन दिन पाउने अवधि बांकी छदा छदै सार्बजनिक निकायबाट बोलपत्र स्वीकृत गरी सम्झौता समेत गरेको देखिन्छ । निबेदकको कानूनी हकाधिकार कुण्ठित हुनेगरी भएको खरिद संझौत सार्बजनिक खरिद ऐन, २०६३ को परिच्छेद-६ मा भएको कानूनी व्यवस्था सम्मत छैन ।

३.६ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ वमोजिम बार्षिक १० करोडभन्दा बढी रकमको वहु बर्षीय योजना वा आयोजनाको खरिद गर्दा गुरु योजना तयार गरी स्वीकृत गराउनु पर्ने ब्यवस्था छ ।

## ४. छलफल तथा सुनुवाईः

मिति २०७७।०४।१६ गते, ११.३० वजे समितिमा उपर्युक्त मुद्दाको बिषयमा सार्वजनिक निकाय कृषि बिकास बैंक, मुख्य कार्यालय, काठमाडौं र निवेदक भि.आई.पि. सेक्यूरिटि सर्भिस प्रा.लि.को प्रतिनिधिहरुको उपस्थितिमा छलफल तथा वहस कार्याकम सम्पन्न भयो ।

४.१ सो छलफल तथा वहस कार्यक्रममा निवेदक Vip security service Pvt.Ltd का तर्फबाट बिद्वान अधिबक्ता श्री जगदिश आचार्य र सञ्चालक/अध्यक्ष श्री लहेरु चौधरीले भाग लिनु भई देहाय अनुसार आफ्नो भनाइ राख्नु भयो ।

४.१.१ २७ अप्रिल, २०२० (बैशाख १५, २०७७) मा श्री कृषि विकास बैक ली.बाट Supply of Security Guard को सेवा खरिदका लागि ६ वटा Package वनाई देश भरका लागि बोलपत्र आव्हानको सूचना जारी गरेकोमा (क) package का लागि मेरो पक्ष भिआईपी सेक्युरिटिज सर्भिसेजले बोलपत्रमा प्रस्ताव भएको सबै शर्तहरुको पालना गर्दै बोलपत्र पेस गरेको हो । मिति २०७७।०३।२२ मा प्रकाशित सूचनामा उक्त प्याकेजका लागि कान्तिपुर सेक्युरिटी सर्भिस प्रा.ली.को बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा प्रकासित भएको र हाम्रो नाम प्रकासन नभए पछि कारण खुलाइ पाउनँ सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७(१) वमोजिम पुनरावलोकनका लागि सार्वजनिक निकाय प्रमुख समक्ष मिति २०७७।०३।२६ मा निवेदन निवेदन दियौ ।

४.१.२ विपक्षी अन्यको वोलपत्र स्वीकृत गर्नुको कारण एवं म निवेदकको कम दररेट भएको, वोलपत्रमा तोकिएको योग्यता एवं शर्त, मापदण्ड पुरा भएको अवस्थामा वोलपत्र स्वीकृत नगर्नुको कारण माग गर्दै निवेदन दिएकोमा विपक्षी कृषि विकास वैंक लि.को च.नं. ३८२, मिति २०७७।३।२८ गतेको पत्रमा श्रम ऐन, २०७४ को दफा ५८(३) विपरित हुने गरी निर्णय पुनरावलोकन गर्न माग गरिएको भनी जानकारीको पत्रमा उल्लेख भएको देखियो । म निवेदकबाट निवेदनमा श्रम ऐनको दफा ५८(३) को विषयमा उल्लेख भएको थिएन । सार्वजनिक निकायबाट हचुवाको भरमा निवेदक अयोग्य हुनुको कारण, एवं विपक्षीको वोलपत्र स्वीकृत गर्नुको आधार र कारणका बिषयमा जवाफै नदिई पत्राचार भएको देखिन्छ । साथै जवाफमा ऐनको दफा ४७(६) बमोजिम कारण खुलाई निर्णय गर्नु पर्ने र उपदफा (७) वमोजिम सो खरिद कारवाई कसरी अघि वढाउने समेत उल्लेख गर्नु पर्नेमा विपक्षीबाट सोको पालना भएको छैन । हामीले जानकारी नै नमागेको विषयमा जवाफ दिनु सार्वजनिक निकायको निर्णय प्रथम दृष्टीमा नै खारेजको भागी छ । तसर्थ ऐ. ऐनको दफा ४९ वमोजिम यस सम्मानित समितिमा निवेदन दिएको छु । ऐनको दफा ५०(५)(ख) वमोजिम पुनरावलोकन गरी न्याय

दिलाई पाउं । पूर्वाग्रह एवं मिलोमतोको आधारमा बढी दरको वोलपत्र स्वीकृत गर्ने निर्णय एवं कार्यले आर्थिक व्ययभार वृद्धि भएको छ।

४.१.३ बोलपत्रको सूचनामा भएको शर्त, तोकिएको अन्य योग्यता एवं मापदण्ड, कार्य अनुभव लगायत न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही भएको म निवेदकको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३, २४ र २५ वमोजिम बोलपत्रको परीक्षण र मूल्याकन वमोजिम दफा २७ अनुसार छनौट गरी स्वीकृत गर्नु पर्नेमा विपक्षी वोलपत्र मूल्यांकन समितिले ऐनको यी दफाहरु वमोजिम वोलपत्रको न्यायोचित परीक्षण र मूल्यांकन नगरी अन्यको नाममा जारी भएको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना स्वतः वदर भागी छ ।

४.१.४ सार्वजनिक खरिद प्रक्रियामा स्वच्छ प्रतिष्पर्धा, इमान्दारिता, जवाफदेहीता, विश्वसनियता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगवाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गरी विना भेदभाव न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही वोलपत्रको परिक्षण, मूल्यांकन र निर्णय गरी वोलपत्र स्वीकृत गर्नु पर्ने सार्वजनिक खरिद ऐन, २०६३ र ऐ नियमावलीको उद्देश्य भएको अवस्थामा विपक्षीको वोलपत्र स्वीकृत गर्ने कार्य ऐ ऐन, नियमावलीमा भएको व्यवस्था विपरित छ ।

४.१.५ यस सम्मानित समितिबाट ऐनको दफा खुलाई खरिद कारवाइ तत्काल रोक्का गर्न पत्र गएको छ, तर यस न्यायिक निकायको आदेशको पालना भएको छैन । २०७७।०४।०४ गतेसम्म यस समितिमा पुनरावलोकनका लागि निबेदन पेश गर्न पाउने हाम्रो कानूनबाट प्रदत्त अधिकार हुन्छ । त्यस अवधि भित्र उपयुर्क्त खरिद कार्यको सम्झौता गरेको भए वदरको भागी हुन्छ । म्याद नपुगी गरेको कामबाट मिलेमतो भएको आभास हुन्छ ।

४.२ सार्बजनिक निकाय कृषि बिकास बैंक मुख्य कार्यालय, काठमाडौको तर्फबाट बिद्वान अधिवक्ता श्री निर्मल राज कोईराला र श्री देवी प्रसाद पोखरेल तथा बिभागीय प्रमुख शंकर कुमार अर्यालले बहस तथा छलफमा सहभागी हुनु भई देहाय अनुसार आफ्नो भनाइ राख्नु भयो ।

४.२.१ यो Security Guard सेवा खरिदका लागि दुई बर्ष अवधिका लागि बोलपत्र माग गरिन्छ । विगत बर्षमा यो खरिदका लागि सूचना प्रकाशन गरिन्न थियो । यस पटक e-bidding मार्फत बोलपत्र पेस गर्ने गरी सूचना प्रकाशन गरेको हो । आशयको सूचनामा सफल बोलपत्रदाताहरुलाई सारभूतरुपले प्रभावग्राही भएको सूचनाको जानकारी दिएको हो ।

४.२.२ अप्रिल २७, २०२० (बैशाख १५, २०७७) मा बोलपत्र सूचनामा एक फर्ले कम्तिमा एक र वढीमा दुई बोलपत्रहरु पेस गर्न सक्ने उल्लेख छ । भिआइपी सेक्युरिटी सर्भिस प्रा.लि.ले (क) वर्गका लागि बोलपत्र पेस गरेको हो । श्रम ऐनका आधारमा नेपाल सरकारबाट निर्धारित् ज्याला दर अनुसार लागत अनुमान स्वीकृत गरिएको हो ।

४.२.३ उक्त कम्पनीको बोलपत्रको योग्यताको परीक्षण (Eligibility) को मूल्यांकन गर्दा आ.व. २०७५/७६ को कर चुक्ताको प्रमाण पत्र पेश नगरेको हुनाले निज भि.आई.पि. सेक्यूरिटि सर्भिस प्रा.लि.उक्त चरणवाटै सारभुतरुपमा प्रभावग्राही नभएकोले मूल्यांकन प्रक्रियावाट हटाउने निर्णय गरिएको र निजको बोलपत्र तुलनात्मक मूल्यको मूल्यांकन चरणमा आई नपुगेको हुनाले निजसंग यो निवेदन गर्ने हकदैयाको आधार देखदैन ।

४.२.४ बैकले सर्बसाधारण जनताहरुको सम्पत्तिको शुरक्षा गर्नु पर्ने र ०७७।०४।०१ बाट शुरक्षा गार्डहरु खाली हुने हुँदा हतार भई निर्णय गरेको हो । सार्बजनिक निकाय कृषि बिकास बैंकले इमान्दारपूर्वक काम गरेको छ । त्रुटी गर्ने हाम्रो मनशाय होइन । अतः निवेदकको निवेदन खारेजको भागी छ ।

## ५. समितिको निर्णयः

Contract ID:ADBL/G3/2076/77, Supply of Security Guard खरिद गर्न प्रकाशित आशयको सूचनाका विषयमा वोलपत्रदाता निवेदक भिआईपि सेक्युरिटी सर्भिसेज प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त धननाथ लुईटेलले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्बजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोमा संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचनाका बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ वमोजिम बार्षिक १० करोडभन्दा बढी रकमको सार्बजनिक खरिद गर्दा गुरु योजना स्वीकृत गराउनु पर्ने व्यवस्था भएकोमा सोको पालना भएको छैन ।

५.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ (१) वमोजिम निवेदकले सार्बजनिक निकायका प्रमुख समक्ष निवेदन दिन पाउने म्याद सात दिन, सोही दफाको उपदफा (६) वमोजिम सार्बजनिक निकायका प्रमुखले लिखित निर्णय गर्नु पर्ने म्याद पाँच दिन र सो निणर्यमा चित्त नवुझेमा यस समितिमा निवेदन दिने म्याद सात दिन रहन्छ । यस खरिद प्रकियामा कानून अनुसार २०७७।०४।०४ सम्म उपयुक्त खरिद सम्झौता गर्न मिल्दैन । तर सार्वजनिक निकाय कृषि विकास बैकले मिति २०७७।०३।२९ मा सम्झौता गर्न आउने पत्र जारी गरी मिति २०७७।०३।२९ र २०७७।०३।३० मा सम्झौता गरी कार्यादेश दिएको छ । सार्वजनिक निकायले सार्बजनिक खरिद सम्बन्धी कानूनमा भएको व्यवस्थाको पालना गरेको छैन ।

उपर्युक्त बुदाँ नं. ५.१ र ५.२ मा उल्लेख भएको विषयहरुका सम्बन्धमा गम्भिरता देखाउन सार्बजनिक निकाय कृषि बिकास बैंक, मुख्य कार्यालयको ध्यानाकर्षण गरिन्छ ।

५.३ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२)(घ), सार्बजनिक निकायबाट जारी Bidding document को ITB-4.9, Bid data sheet को 17.1(c) र 23.1.VII (6) तथा Evaluation and Qualification Criteria को 1.4 मा समेत Tax clearance certificate mandatory हुने उल्लेख भएकोमा निबेदक बोलपत्रदाताले कर चुक्ताको प्रमाणपत्र बोलपत्रसाथ पेश गरेको छैन । साथै ITB 13.1 मा व्यवस्था भए अनुसार Bid submission form को (c) मा Total bid price नखुलाई N/Aजनाएको, (e) मा Bid validity period नखुलाएको साथै Specific experience form खाली पेश गरेकोले निवेदकले पेश गरेको बोलपत्र कागजातहरु BDS तथा कानून सम्मत

भएको मान्न सकिएन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(५) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१(४) वमोजिम बोलपत्रको मूल्यांकन बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्ने भन्ने व्यवस्था भएको र सो वमोजिम निबेदक भिआइपी सेक्युरिटी सर्भिस प्रा.लि.ले बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित् शतहरुे पूरा नगरी बोलपत्र पेश गरेकोले निवेदकले पेस गरेको बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुन सकेन । अतः सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५०) को उपदफा (५)(क) वमोजिम निवेदकको निवेदन खारेज गर्ने आदेश गरी दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैक ग्यारेन्टी नियमानुसार जफत गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ………………… | …………………… |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७७ साल श्रावण २२ गते रोज ०५ शुभम्…………………………………………।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

## मुद्दा नं. १२७

## आ.व. २०७७/७८ को निर्णय नं ३

| | |
|---|---|
| ललितपुर जिल्ला, ललितपुर म.न.पा.वडा नं. ३ पुल्चोक स्थित गौरी पार्बती भ्याली जे.भी.का अख्तियार प्राप्त सञ्चालक रबिन्द्र महर्जन......................................................................................................................................१ | **निवेदक** |

<u>**विरुद्ध**</u>

| | |
|---|---|
| श्री राष्ट्रिय पुननिर्माण प्राधिकरण, केन्द्रिय परियोजना कार्यान्वयन ईकाई, शिक्षा (Central Level Project Implementation Unit, Education) ज्ञानेश्वर, काठमाण्डौं ...........................................................................१ | **विपक्षी** |

**विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम पुनरावलोक गरी पाउं ।**

Contract ID:DRSP/CLPIU/076/77-Sindhuli-02 बाट "Construction of School Buildings, Toilet and Water Supply Facilities including Site Devolopment Works in 1 (Fifteen) School of Sindhuli District" को सार्बजनिक निर्माण कार्यको खरिद गर्न मिति २०७६।०५।२४ मा बोलपपत्र आह्वान गरेकोमा विपक्षी सार्बजनिक निकायले मिति ३० जनवरी २०२० मा पुनः बोलपत्र आह्वानको जारी गरेको सूचनामा चित्त नबुझी सार्बजनिक खरिद ऐनको दफा ४९(क) बमोजिम पुनरावलोकनका लागि यस समितिलाइ संबोधन गरेको मिति २०७७।०४।२९ को निबेदन GPO Kathmandu को मिति 14 Aug. 2020 मार्फत मिति २०७७।०४।३० मा यस समतिमा प्राप्त भएको छ ।

सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) मा दफा ४७ बमोजिम सार्वजनिक निकाय समक्ष दिएको निवेदन तोकिएको रकम भन्दा बढी रकमको खरिद कारबाहीको सम्बन्धमा भई त्यस्तो निकायका प्रमुखले सो निबेदनका सम्बन्धमा सोही दफाको उपदफा (६) मा उल्लिखित अवधिभित्र निर्णय नदिएमा वा निजले दिएको निर्णयमा निबेदनकर्ताको चित्त नबुझेमा बोलपत्रदाता वा प्रस्तावदाताले पुनराबलोकनको लागि पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्ने तथा ऐनको दफा ५०(१) मा दफा ४८ बमोजिमको पुनरावलोकनको लागि पुनरावलोकन समिति समक्ष निबेदन दिने बोलपत्रदाता वा परामर्शदाताले दफा ४९ को खण्ड (क) को बिषयको हकमा सात दिन भित्र पुनराबलोकन समितिमा निबेदन दिनु पर्ने र उपदफा (६) मा यस दफा बमोजिम पुनरावलोकनको लागि निबेदन दिने निबेदकले तोकिए बमोजिमको जमानत राख्नु पर्ने व्यवस्था छ ।

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १०४(१) मा ऐनको दफा ५० बमोजिम निवेदन दिने निवेदकले बोलपत्र वा प्रस्तावमा आफूले कबोल गरेको रकमको १(एक) प्रतिशतले हुन आउने रकम बराबरको नगद रकम वा कम्तीमा नब्बे दिन मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्ने तथा उपनियम (२) मा उपनियम (१) बमोजिमको नगद रकम वा बैक जमानत पेश नभएमा पुनरावलोकन समितिले आफू समक्ष परेको निवेदन उपर कारबाही गर्ने छैन भन्ने व्यवस्था भएको छ ।

सोही नियमावलीको नियम १०५(१) मा पुनरावलोकन समिति समक्ष पुनरावलोकनको लागि दिने निवेदन बोलपत्रदाता वा प्रस्तावदाता आफैले बुझाउन वा हुलाक, कुरियर वा विद्युतीय माध्यमवाट पठाउन सक्ने तथा उपनियम (२) मा उपनियम (१) बमोजिम हुलाक, कुरियर वा विद्युतीय माध्यमवाट पठाईएको निवेदन ऐन वा यस नियमावलीमा तोकिएको समयावधि भित्र पुनरावलोकन समिति समक्ष नपुगेमा त्यस्तो निवेदन उपर कुनै कारबाही हुने छैन भन्ने व्यवस्था भएको छ ।

उपरोक्त सार्बजनिक निकायबाट बोलपत्र रद्द गर्ने सूचना मिति २०७६।११।२१ मा जारी भएकोमा यस समितिमा पुनरावलोकनका लागि मिति २०७७।०४।३० मा मात्र म्याद नघाई हुलाक मार्फत निबेदन प्राप्त भएको साथै निबेदकले निबेदन साथ पेश गर्नुपर्ने जमानत समेत पेश नगरेकोले उपर्युक्त कानूनी व्यवस्था बमोजिम निबेदकको पुनरावलोकनका लागि यस समितिमा परेको निबेदन उपर कुनै कारबाही नहुने निर्णय गरी दिएको छ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७७ साल श्रावण ३० गते रोज ०६ शुभम्...............................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १२८**

**आ.व. २०७७/७८ को निर्णय नं ४**

ललितपुर जिल्ला, ललितपुर म.न.पा.वडा नं. ३ पुल्चोक स्थित नेशनल गौरी पार्बती भ्याली जे.भी.का अख्तियार प्राप्त सञ्चालक रबिन्द्र महर्जन.......................................................................................................................................१ **निवेदक**

**विरुद्ध**

श्री राष्ट्रिय पुननिर्माण प्राधिकरण, केन्द्रिय परियोजना कार्यान्वयन ईकाई, शिक्षा (Central Level Project Implementation Unit, Education) ज्ञानेश्वर, काठमाण्डौं ..........................................................................................................१ **विपक्षी**

**विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम पुनरावलोक गरी पाउँ ।**

Contract ID:DRSP/CLPIU/076/77-Okhaldhunga-02 बाट "Construction of School Buildings, Toilet and Water Supply Facilities including Site Devolopment Works in 13 (Thirteen) School of Okhaldhunga District" को सार्बजनिक निर्माण कार्यको खरिद गर्न मिति २०७६।०५।२४ मा बोलपपत्र आह्वान गरेकोमा विपक्षी सार्बजनिक निकायले मिति २०६७।११।२१ मा उक्त सम्पूर्ण बोलपत्र रद्द गरेको भनी जारी गरेको सूचनामा चित्त नबुझी सार्बजनिक खरिद ऐनको दफा ४९(क) बमोजिम पुनरावलोकनका लागि यस समितिलाइ संबोधन गरेको मिति २०७७।०४।२९ को निबेदन GPO Kathmandu को मिति 14 Aug. 2020 मार्फत मिति २०७७।०४।३० मा यस समतिमा प्राप्त भएको छ ।

सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) मा दफा ४७ बमोजिम सार्वजनिक निकाय समक्ष दिएको निवेदन तोकिएको रकम भन्दा बढी रकमको खरिद कारबाहीको सम्बन्धमा भई त्यस्तो निकायका प्रमुखले सो निबेदनका सम्बन्धमा सोही दफाको उपदफा (६) मा उल्लिखित अवधिभित्र निर्णय नदिएमा वा निजले दिएको निर्णयमा निबेदनकर्ताको चित्त नबुझेमा बोलपत्रदाता वा प्रस्तावदाताले पुनराबलोकनको लागि पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्ने तथा ऐनको दफा ५०(१) मा दफा ४८ बमोजिमको पुनरावलोकनको लागि पुनरावलोकन समिति समक्ष निबेदन दिने बोलपत्रदाता वा परामर्शदाताले दफा ४९ को खण्ड (क) को बिषयको हकमा सात दिन भित्र पुनराबलोकन समितिमा निबेदन दिनु पर्ने र उपदफा (६) मा यस दफा बमोजिम पुनरावलोकनको लागि निबेदन दिने निबेदकले तोकिए बमोजिमको जमानत राख्नु पर्ने व्यवस्था छ ।

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १०४(१) मा ऐनको दफा ५० बमोजिम निवेदन दिने निवेदकले बोलपत्र वा प्रस्तावमा आफूले कबोल गरेको रकमको १(एक) प्रतिशतले हुन आउने रकम बराबरको नगद रकम वा कम्तीमा नब्बे दिन मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्ने तथा उपनियम (२) मा उपनियम (१) बमोजिमको नगद रकम वा बैक जमानत पेश नभएमा पुनरावलोकन समितिले आफू समक्ष परेको निवेदन उपर कारबाही गर्ने छैन भन्ने व्यवस्था भएको छ ।

सोही नियमावलीको नियम १०५(१) मा पुनरावलोकन समिति समक्ष पुनरावलोकनको लागि दिने निवेदन बोलपत्रदाता वा प्रस्तावदाता आफैले बुझाउन वा हुलाक, कुरियर वा विद्युतीय माध्यमवाट पठाउन सक्ने तथा उपनियम (२) मा उपनियम (१) बमोजिम हुलाक, कुरियर वा विद्युतीय माध्यमवाट पठाईएको निवेदन ऐन वा यस नियमावलीमा तोकिएको समयावधि भित्र पुनरावलोकन समिति समक्ष नपुगेमा त्यस्तो निवेदन उपर कुनै कारबाही हुने छैन भन्ने व्यवस्था भएको छ ।

उपरोक्त सार्बजनिक निकायबाट बोलपत्र रद्द गर्ने सूचना मिति २०७६।११।२१ मा जारी भएकोमा यस समितिमा पुनरावलोकनका लागि मिति २०७७।०४।३० मा मात्र म्याद नघाई हुलाक मार्फत निबेदन प्राप्त भएको साथै निबेदकले निबेदन साथ पेश गर्नुपर्ने जमानत समेत पेश नगरेकोले उपर्यक्त कानूनी व्यवस्था बमोजिम निबेदकको पुनरावलोकनका लागि यस समितिमा परेको निवेदन उपर कुनै कारबाही नहुने निर्णय गरी दिएको छ।

.....................
कमलकुमार श्रेष्ठ
सदस्य

.......................
गुणराज श्रेष्ठ
अध्यक्ष

इति सम्वत् २०७७ साल श्रावण ३० गते रोज ०६ शुभम्...............................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १२९**

**आ.व. २०७७/७८ को निर्णय नं ५**

का. म. न. पा. वा. नं.३१ शंखमूलमा कार्यालय रहेको Rajdevi-ERMC-PEES JV को तर्फबाट अख्तियारप्राप्त श्री हवेन्द्र प्रसाद देव email: rajdeviconsult@gmail.com……………………………………………………………..१ **निवेदक**

**विरुद्ध**

श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लि, बबरमहल, काठमाडौं …………………………………………………………………१

श्री निकाय प्रमूख, राष्ट्रिय प्रसारण ग्रिड लि. काठमाडौं Email: info@rpacl.com ……………………………………………१ **विपक्षी**

**विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम पुनरावलोक गरी पाउँ ।**

**१. निवेदकको माग दावीः**

Contract ID No: NCB/W/RPGCL/076/77-03, Preparation of Topographic Map, Generation of High-Resolution DEM and Ortho Photo Map with application of airborne LIDAR of Bajhang-West Seti-New Attariya 400 KV Transmission line Project को खरिद प्रक्रियामा कार्यालय प्रमुखले गरेको निर्णयमा चित्त नबुझी Rajdevi-ERMC-PESS JV का अख्तियारप्राप्त श्री हवेन्द्र प्रसाद देवले राष्ट्रिय बाणिज्य बैक, शाखा कार्यालय बानेश्वरको भौ. नं. १११२३२, मिति २०७७।०५।१४ बाट कोप तथा लेखा नियण्त्रक कार्यालय, काठमाडौंको खातामा जम्मा गरेको रु. ५६,०००।- को नगद धरौटीको दोश्रो प्रति भौचर संलग्न गरी सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम पुनरावलोकन गरी पाउ भनी मिति २०७७।०५।१४ मा यस समितिमा दर्ता गराएको निबेदनमा प्रमुख माग दाबी देहाय वमोजिम देखिन्छन्:

१.१ विपक्षी कम्पनीले मिति २०७६।१०।२९ मा Contract Identification No: NCB/RPLGCL/076/88-03 मार्फत योग्य परामर्शदाताहरुबाट माग गरेको Request For Proposal (RFP) मा निवेदक जे भि ले समेत बोलपत्र पेश गरेको थियो।

१.२ मिति २०७७।०५।०२ मा प्रकाशित सूचनामा निवेदक जे भि को नाम सारभूतरुपमा प्रभावग्राही प्रस्तावदाताको रुपमा नरहेको र त्यसरी नरहनुको कुनै कारण खोली सूचना समेत यस जे भि लाई नदिएको हुनाले ७ दिन भित्रै सार्वजनिक खरिद ऐनको दफा ४७ बमोजिमको निवेदन मिति २०७७।५।३ मा rajdeviconsult@gmail.com बाट विपक्षी कम्पनीका नाममा प्रेषित गरिएको थियो ।

१.३ उक्त निवेदनको सम्बन्धमा विपक्षी निकाय प्रमूखका तर्फबाट मिति २०७७।०५।०७, च नं ४७ को पत्रबाट सो निवेदनलाई जे भि को आधिकारिक होइन भन्ने आशय देखाउंने कोशिश गरिएको साथै उक्त पत्रमा प्राविधिक प्रतिवेदनको मूल्यांकनमा कुनै बोलपत्रदाताको प्रस्तावलाई अप्रभावग्राही ठहराएको अवस्थामा दफा ४७ बमोजिमको उपचारको लागि सूचना समेत दिनु नपर्ने, त्यस्तो सूचना आर्थिक प्रस्ताव समेत खोली सके पश्चात मात्र दिनु पर्ने, ITB को बुंदा नं 4.1 मा संयुक्त उपक्रममा हुन सक्ने जम्मा सहभागीको संख्या २ मा मात्र सिमित हुने उल्लेख भएको, तर निवेदक जे. भि. को प्रस्तावमा उक्त शर्तको प्रतिकुल हुने गरी ३ वटा पक्षहरुको संयुक्त उपक्रम भएको कारणले प्रारम्भिक मुल्यांकनमा नै सारभूतरुपमा प्रभावग्राही नरहेको भन्ने जवाफ प्रदान गरिएको छ।

१.४ यस जे. भि. को प्रस्तावलाई प्रारम्भिकरुपमा सारभूतरुपमा प्रभावग्राही नरहेको ठहर गर्ने विपक्षी कम्पनीको मूल्यांकन समितिको काम कारवाही र सो उपरको उजुरीमा सूचना दिनु पर्ने कुरालाई इन्कार गरी ITB Section 4.1 बमोजिम निवेदक जे भि को बोलपत्रलाई सारभूतरुपमा प्रभावग्राही नरहेको भन्ने मिति २०७७।०५।०३ को निकाय प्रमूखको निर्णय समेत कानून प्रतिकुल रहेको छ।

१.५ मिति २०७७।०५।०३ को मिति २०७७।०५।०४ को इमेलबाट प्रेषित दफा ४७ बमोजिमको उजुरीको बैधता असंदिग्ध छ।प्राविधिक प्रस्ताव मुल्यांकनमा कुनै बोलपत्रदातालाई सारभूतरुपमा प्रभावग्राही नरहेको ठहर गरेको अवस्थामा सोको सूचना दिनु पर्ने होइन भन्ने पत्रमा उल्लेख गरिएको तर्क स्वीकार्य हुन सक्दैन । बोलपत्र आह्वानको सूचनामा ITB को प्रावधान र कानून बाझिएमा कानून नै लागु हुने कुरामा विवाद हुन सक्दैन । विपक्षीले हाम्रो प्रस्तावलाई अयोग्य ठहर गर्न बनाएको आधार ITB Section 4.1, सार्वजनिक खरिद नियमावलीको नियम ४६(ट) को प्रत्यक्षत: विपरित छ । उक्त नियममा सार्वजनिक निकायले तोक्न सक्ने अन्य कुराहरुमा असिमित अधिकार प्रदान गरेको छैन। सार्वजनिक खरिद ऐन, २०६३ को दफा २(त) ले "संयुक्त उपक्रम भन्नाले दुइ वा दुइ भन्दा बढी कम्पनी वा फर्महरु मिली संयुक्त वा छुट्टा छुट्टै दायित्व सहित कुनै काम गर्ने कार्यलाई जनाउनेछ" भन्ने परिभाषा गरेको छ । जसअनुसार संयुक्त उपक्रममा ३ वटा पक्ष हुन सक्ने कुरामा कुनै विवाद हुन सक्दैन । सार्वजनिक खरिद ऐन र सोको नियमावलीले कुनै बोलपत्र पेश गर्ने संयुक्त उपक्रममा हुन सक्ने पक्षहरुको अधिकतम संख्या यति नै हुनु पर्ने भनी तोकेको अवस्था समेत छैन । सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको Standard Bidding Document, Procurement of Works, National Competitive Bidding (Single Stage Two Envelope Bidding Procedure) को ITB 4.1(a) मा Maximum number of partner in a joint venture shall be : 3 (three) भन्ने व्यवस्था गरिएको छ। निवेदक संयुक्त उपक्रममा पनि सो सीमा भित्र रही केवल ३ वटा पक्ष रहेका छौ। सार्वजनिक खरिद नियमावलीको छैठौ संसोधनले उक्त नियमावलीको नियम ४६(ट) मा संसोधन गरी कुनै सार्वजनिक निकायले प्रकाशित गरेको

बोलपत्रको सूचनामा उल्लेख गरिने Instructions to the bidders मा जुनसुकै निर्देशन दिन नसक्ने गरी त्यसको सीमा निर्धारण गरेको छ। जसअनुसार सार्वजनिक निकायले केवल "यस ऐन, नियमावली र स्टयाण्डर्ड विडीङ डक्युमेण्टको विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेको अन्य कुराहरु " मात्र ।TB मा राख्न सक्छ। तर राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडव्दारा प्रकाशित माथि उल्लेखित बोलपत्र आह्वानको सूचनामा भने ITB 4.1(a) मा Maximum number of partner in a joint venture shall be: 2 (Two) भनी Standard Bidding Document को प्रतिकुल व्यवस्था उल्लेख गरिएको रहेछ।जुन प्रत्यक्षत नियमावलीको नियम ४६(ट) को प्रतिकुल रहेको छ। त्यति मात्र नभै प्रस्ताव प्रस्तुत गर्नु अघि निवेदक जे भि ले बोलपत्र पेश गर्नु अघि सो कुराको जानकारी उक्त कम्पनीलाई मौखिकरुपमा गराएकोमा सो सामान्य छपाईको त्रुटीमात्र रहेको कानून र ।TB को प्रावधान बाझिएमा कानून नै लागु हुने भएको हुनाले कुनै फरक नपर्ने भनी विश्वाश दिलाइएको थियो ।

१.६ अतः यस जे भी को प्राविधिक प्रस्तावलाइ अस्वीकार गर्ने मिति २०७७।०५।०२ को सूचना र मिति २०७७।०५।०७ को निकाय प्रमूखको निर्णय बदरगरी निवेदकको प्राविधिक र आर्थिक प्रस्तावको समेत मूल्यांकन गरी सार्वजनिक खरिदको कारवाही अघि बढाउनु भन्ने आदेश विपक्षीका नाममा जारी गरी पाँउ भनी दफा ४९(क), ५० ५१ र (१), सार्वजनिक खरिद नियमावलीको नियम १०१, १०४ र १०५ बमोजिम निवेदन गरेकोछु ।

## २. सार्वजनिक निकायको प्रतिकियाः

उपर्युक्त निबेदनका बिषयमा यस समितिको प.सं.२०७७।७८, च.नं.०८, मिति २०७७।०५।१४ को पत्रबाट प्रतिक्रिया माग गरेकोमा सार्वजनिक निकाय श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लि. बबरमहल काठमाडौंको च.नं. ५२, मिति २०७७।०५।१७ को पत्रबाट प्राप्त प्रतिकिया तथा कागजातहरुको प्रमुख अंशहरु निम्नानुसार छन्:

२.१ यो कम्पनी नेपाल सरकारको स्वामित्वमा रहेको राट्रिय र अन्तरदेशीय १३२ के.भी. र सो भन्दा वढी क्षमताको विद्युत् प्रशारण लाइन तथा सवस्टेशन निर्माण, विस्तार, संचालन तथा व्यवस्थापन गर्ने कम्पनी हो ।

२.२ मिति २०७६।१०।१५ मा खरिद समिति गठन भएको, मिति २०७६।१०।२८ मा बोलपत्र सम्बन्धि कागजातहरु स्वीकृत भएको, मिति २०७६।१०।२९ मा बोलपत्र आह्वानको सूचना The Rising Nepal मा प्रकासित् भएको, मिति २०७६।११।१५ मा Prebid Meeting वसेको, Prebid Meeting मा उठेको कुराहरुका जवाफ मिति २०७६।११।१५ को सूचनाबाट र Clarifications/Addendum बाट समेत प्रकाशित गरेको, e-Gp-II प्रणालीमा भएको मर्मतका कारण बोलपत्र पेस गर्ने म्याद मिति २०७६।१२।०३ सम्म थप भएको, उक्त म्यादभित्र (१) Geo Spatial Systes pvt. ltd, (२) Shree R.S. Engineering Solution pvt. र (३) Rajdevi-ERMC-PEES JV बाट बोलपत्रहरु पेश भएको थियो ।

२.३ कम्पनीबाट जारी बोलपत्र सम्बन्धि कागजातको Section-II: Bid Data Sheet को clause 4.1(a) मा maximum number of partner in a Joint Venture shall be: 2(Two) भएकोले तीन साझेदारी भएको Rajdevi-ERMC-PEES JV प्राविधिक प्रस्तावको मूल्यांकनमा सारभूतरुपमा प्रभावग्राही नभएकोले बाहिरिएको र बुँदा नं. २.२ को १ र २ मा उल्लेख भएका बोलपत्रदातहरु प्राविधिक मूल्यांकनमा सारभूतरुपमा प्रभावग्राही भएकाले मिति २०७७।०५।०२ मा आर्थिक प्रस्ताव खोल्ने सूचनामा प्रकासित गरेको तथा राजदेवी ईन्जीनियरिंग कन्सल्टयान्टले कम्पनीबाट मिति २०७७।०५।०२ मा प्रकासित् सूचना त्रुटी भएको सच्याउन माग गर्दै मिति २०७७।०५।०३ मा निवेदन गरेको ।

२.४ कम्पनीबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ र नियमावली, २०६४ को नियम ४६ वमोजिम प्राविधिक प्रस्तावको मूल्यांकन गरी e-GP portal मा upload गरी आर्थिक प्रस्ताव खोल्ने सूचाना प्रकाशन गरेकोमा निवेदकलाई सूचना नदिईएको भन्ने तर्कसंगत देखिदैन । यस कम्पनीले प्राविधिक प्रस्ताव अस्वीकृत हुनुको कारण स्पष्टरुपले दिएको छ ।

२.५ बोलपत्र कागजातहरुलाई आवश्यक परिमार्जन गरी Section-I, Instruction to bidders को clause 4.1(a) ले निर्देशित् गरे वमोजिम Section-II, Bid Data Sheet को clause 4.1(a) मा Maximum number of partner in joint venture shall be: 3 (Three) भएकोले निवेदक JV को तीन JV partners तीनवटा हुनेछन् भनी नमुना कागजातमा उल्लेख निर्देशनलाई नै आधार मानी सो तीनलाई Bid Data sheet को Two-अर्थात संख्या तीन भित्रै राखिएको र परिमार्जित नमुना बोलपत्र कागजात सार्वजनिक खरिद ऐन र नियमावली विपरित भएको छैन ।

२.६ निवेदक Prebid Meeting मा अनुपस्थित भएको, JV partner संख्याबारे छपाइ त्रुटी भएको सार्वजनिक निकायले मौखिक जानकारी गराएको भन्ने आधारहीन छ । ITB 4.1 को ब्यहोरा र खरिद नियमावलीको नियम ४६(ट) को प्रवधान आपसमा वाझिएको छैन ।

२.७ निवेदक JV ले खरिद नियमावली, २०६४ को नियम २८(८) वमोजिम बोलपत्रमा उल्लिखित संयक्त उपकम सम्बन्धी शर्तलाई पालना गरेको नपाइएको, सार्वजनिक खरिद ऐन, २०६३ दफा (२४)(घ) ले निर्दिष्ट गरे अनुसार दफा २३ (२ख) समेत आकर्षित हुन गई निज JV को बोलपत्र परीक्षणमा पूर्ण भएको नपाइएको हो । निज निवेदकले नियमावलीको नियम ४६(ग) लाइ वेवास्ता गरेको पाईएको छ ।

२.८ ऐनको दफा २(त) मा JV को परिभाषामा दुईवटा साझेदार हुन सक्ने यथार्थतालाई नकारेको देखिदैन । यसको संख्या बोलपत्र सम्बन्धि कागजातमा तोकिने बिषय भएकोले माथि २.५ मा उल्लेख गरेको, जुन कुरा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित् संयुक्त उपकममा वढीमा ३ वटा साझेदारहरु हुने कुराको प्रतिकूल नरहेको र संख्या तीनमा ननघाई बढीमा २ साझेदार उल्लेख गरेको हो ।

२.९ यस कम्पनीमा सम्पर्क गर्न आधिकारिक प्रतिनिधि मिरा कुमारी देवलाइ छनौट गरेको तर निवेदकले कम्पनीमा पेस गरेको निवेदनमा हवेन्द्र प्रसाद देवकोको हस्ताक्षर भएको तथा समितिमा दिएको निवेदनमा अख्तियार प्राप्त व्यक्ति हवेन्द्र प्रसाद देवको सम्बन्धमा कम्पनीलाई जानकारी गराएको छैन ।

## ३. अध्ययन अवलोकनः

Contract ID No: NCB/W/RPGCL/)076/77-03, Preparation of Topographic Map, Generation of High-Resolution DEM and Ortho Photo Map with application of airborne LIDAR of Bajhang-West Seti-New Attariya 400 KV Transmission line खरिद प्रक्रियाको बिषयमा सार्वजनिक निकाय श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लि. बबरमहल काठमाडौंको च.नं. ५२, मिति २०७७।०५।१७.को प्राप्त

प्रतिक्रिया, प्रतिक्रियासाथ प्राप्त बोलपत्र सम्बन्धी कागजात, प्रचलित सार्बजनिक खरिद कानूनहरु तथा निबेदकले पेश गरेको निबेदनको व्यहोरा र निजले पेश गरेका कागजातहरु समेतको अधारमा अध्ययन अवलोकन गरिएको छ ।

३.१ उक्त खरिद कार्य गर्नका लागि राष्ट्रिय प्रशारण ग्रिड कम्पनी लिमिटेडबाट २०७६।१०।२९ मा Single Stage, Double Envelope System अनुसार बोलपत्र आह्वानको सूचना प्रकासित् भएको र पेश भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्यांकन भई मिति २०७७।०५।०२ मा आर्थिक प्रस्ताव खोल्न सूचना जारी भएकोमा चित्त नबुझी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम मिति २०७७।०५।१४ मा (१३ गते शनिवार विदा परेको) नगद जमानत रु. ५६०००। को भौचर साथ म्याद भित्रै निबेदक जे.भी.ले यस समितिमा पुनरावलोकनका लागि निवेदन दर्ता गराएको छ ।

३.२ उक्त खरिद कार्यको लागि e-GP-II मार्फत आह्वान गरेको बोलपत्रको सूचना मिति २०७६।१०।२९ को दि राईजिंग नेपाल दैनिकमा प्रकाशन भएको, बोलपत्र पेश गर्ने अन्तिम म्याद मिति २०७६।११।३० सम्म भएकोमा PPMO को e-GP-II System मा Regular maintenance को कारण मिति २०७६।१२।०३ सम्म म्याद बढाएको, तोकिएको अवधिसम्म GeoSpatial System Pvt.Ltd., Shree RS Engineering Solution Pvt.Ltd. र Rajdevi-ERMC-PEES JV सहित ३ वटा बोलपत्रहरु दाखिला भएका र सोही दिन प्राविधिक प्रस्ताब खोलेको तथा सार्बजनिक निकायबाट गठित बोलपत्र मूल्यांकन समितिले मिति २०७७।०५।०१ मा प्र.का.अ.समक्ष बोलपत्रको प्राविधिक प्रस्तावको मूल्यांकन प्रतिबेदन पेश गरेको देखिन्छ ।

३.३ बोलपत्रको प्राविधिक प्रस्ताबको मूल्यांकन प्रतिवबेदनको बुँदा नं. ५.२ Examination for completeness of Bids मा निबेदक Rajdevi-ERMC-PEES JV ले Bidding Document मा JV Partner 2 हुनुपर्ने सीमा तोकिए भन्दा बढी 3 पेश भएको उल्लेख गरी निजको प्राविधिक प्रस्ताब थप मूल्यांकन प्रक्रियामा समावेश नगर्ने र बांकी २ बोलपत्रदाताको मूल्यांकन प्रक्रिया अघि बढाउने मिति २०७७।०३।१० मा बसेको खरिद समितिको आठौं बैठकबाट निर्णय गरेको र सोही समितिको मिति २०७७।०४।२८ मा बसेको नवौ बैठकले GeoSpatial System Pvt.Ltd. र Shree RS Engineering Solution Pvt.Ltd. को प्राविधिक प्रस्ताब सारभूतरुममा प्रभावग्राही देखिएको उल्लेख गरी बोलपत्र मूल्यांकन प्रतिवेदन तयार गरेको र सोही प्रतिबेदनको आधारमा मिति २०७७।०५।०१ मा सफल बोलपत्रदाताहरुको सात दिने सूचना दिई आर्थिक प्रस्ताब खोल्ने सूचना राष्ट्रिय दैनिकमा प्रकासन गर्ने निर्णय गरी मिति २०७७।०५।०२ को दि राईजिंग नेपाल दैनिकमा उक्त सूचना प्रकासन भएको देखिन्छ ।

३.४ उल्लेखित निर्णय तथा सूचनाका सम्बन्धमा चित्त नबुझी सार्बजनिक निकायका प्रमूखलाई दिएको पुनरावलोकन निबेदनका सम्बन्धमा सार्बजनिक निकायबाट प्राप्त जवाफमा समेत चित्त नबुझी Rajdevi-ERMC-PEES JV ले सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४९ (क) बमोजिम नियमानुसारको नगद धरौटी सहित पुनरावलोकन गरी पाउन यस समितिमा निबेदन दर्ता गराएको देखिन्छ ।

३.५ निवेदक कम्पनी RAJDEVI ENGINEERING CONSULTANT (P) LTD ले प्राविधिक प्रस्ताव अस्वीकृत गरिएको कारण माग गर्दै मिति २०७७।०५।०३ मा निकाय प्रमुखलाई सम्बोधन गरी दिएको निवेदनको मिति २०७७।०५।०७, च.नं.४७ को पत्रबाट दिइएको जवाफ पत्रमा एकल लेटरप्याड र बोलपत्र पेस गर्दा Power of Attorney अनुसारको आधिकारिक प्रतिनिधि वाहेकको व्यक्तिबाट हस्ताक्षर गरेको निवेदन पत्र प्राप्त भएको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(४) को व्यवस्था अनुसारको आधार नलिई दफा २७(२) को आधार लिएको, सार्वजनिक निकायले सार्वजनिक खरिद कानून् र बोलपत्र कागजात अनुसार कारवाइ अघि बढाएको र प्राविधिक प्रस्तावको मूल्यांकन e-GP मार्फत गरिएको, गोपनीयता कायम राखिएको तर सूचना मार्फत सबैलाई जानकारी गराइएको, बोलपत्र कागजातको ITB Section-I को 4.1(a) वमोजिम Joint Venture Partners अधिकतम २ हुनु पर्नेमा निवेदकको तर्फबाट बोलपत्र पेस गर्ने ३ JV Partners भएको, ऐनको दफा २३(२)(ख), दफा २८(८), ITB/Data Sheet को Clause ४.१(a) वमोजिम JV शर्तको वेवास्ता गरेकोले सारभूतरुपमा प्रभावग्राही नभएकोले असफल भएको भनी जवाफ दिएको देखिन्छ ।

३.६ यो खरिद कारबाही सार्बजनिक खरिद ऐन, २०६३ को दफा २(घ) को परिभाषा अनुसार निर्माण कार्यभित्र पर्ने देखिन्छ । उक्त परिभाषामा “निर्माण कार्य भन्नाले कुनै संरचना............जस्ता कार्य सम्झनु पर्छ र सो शव्दले नक्सा बनाउने, प्रयोगशाला परीक्षण गर्ने, भूउपग्रहीय फोटो खिच्ने, भूकम्पीय परीक्षण गर्ने जस्ता निर्माण कार्यको आनुषाङ्गिक सेवालाई समेत जनाउने छ” भनी उल्लेख भएकोले निर्माणको परिभाषासंग अधिक मेल खाने देखिन्छ ।

३.७ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ७(३)(ख) मा सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट) मा सामन्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकतानुसार बोलपत्र सम्बन्धी कागजात तयार गर्ने व्यवस्था भएको छ । यो व्यवस्था अनुसार सार्बजनिक निकायहरुले बोलपत्र सम्बन्धी कागजात नमूना बोलपत्र सम्बन्धी कागजातमा फरक पर्ने गरी तयार पार्न मिल्दैन ।

त्यसैगरी सार्बजनिक खरिद नियमावली, २०६४ मा भएको छैठौं संशोधनबाट नियम ४६(ट) मा ऐन, नियमावली र स्टाण्डर्ड बिडिङ्ग डकुमेन्ट विपरीत नहुने गरी सार्वजनिक निकायले आबश्यक ठानेका अन्य कुरा राख्न सक्ने व्यवस्था गरको गरेको छ । यस खरिद प्रक्रियामा सार्बजनिक निकायले स्टाण्डर्ड बिडिङ्ग डकुमेन्टमा अन्य थप कुरा नराखी सार्वजनिक खरिद नियमावली, २०६४को नियम २८(८) बमोजिम जे.भी. पार्टनरको संख्या मात्र तोकेको देखिन्छ ।

३.८ सार्बजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट) को SECTION-I, Instructions to Bidders को 4.1 (a) मा "all partners shall be jointly and severally liable for the execution of the Contract in accordance with the Contract terms. Maximum number of JV shall be as specified in the BDS." भनी उल्लेख भएको र SECTION-II, Bid Data Sheet को ITB 4.1 (a) मा "Maximum number of partner in a joint venture shall be : 3 (three)" भनी उल्लेख गरेको देखिन्छ ।

सार्बजनिक निकाय श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लि.ले जारी गरेको बोलपत्र सम्बन्धी कागजातको Section-I को ITB ४.१(a) मा Maximum Number of JV Shall be specified in the BDS भनी उल्लेख भएको र Section-II को Bid data Sheet, ITB 4.1(a) मा Maximum number of Partners in a joint venture shall be: 2(two) भनी उल्लेख भएकोले अधिकतम दुई भन्दा वढी JV partners सार्वजनिक निकायलाई स्वीकार्य नभएको देखिन्छ । साथै PPMO बाट जारी SBD मा अधिकतम JV Partners ३ हुनुपर्ने भनिएकोले ३ नै हुनुपर्छ भनी ठाकुवा नगरी उच्चतम सीमा तीन सम्मको हुनुपर्ने गरी तोकेको पाईन्छ । SBD ले JV Partners २ हुनु पर्ने

बाध्यता गरेको तर ३ भन्दा बढी हुन नहुने भनी २ र ३ को बीचमा हुनु पर्ने भनिएको छ । यी बुँदामा भएको व्यवस्थालाई आधार मानी बोलपत्र पेस गर्न बोलपत्रदाताहरु बाध्यकारी हुन्छ ।

३.९ सार्वजनिक खरिद ऐनको दफा २(त) मा "संयुक्त उपक्रम भन्नाले दुई वा दुई भन्दा वढी कम्पनी वा फर्महरु मिली संयुक्त वा छुट्टा छुट्टै दायित्व सहित कुनै काम गर्ने कार्यलाई जनाउने छ" भनी व्यवस्था भएकाले संयुक्त उपक्रमका लागि दुई वा दुई भन्दा वढी कम्पनी हुनु पर्ने, माथिल्लो सीमा निर्धारण नगरेकोले यसको सीमा नियमावलीबाट वा Bidding Document ले निर्धारण हुने बुझ्नु पर्ने हुन्छ ।

३.१० सार्वजनिक खरिद नियमावली, २०६४को नियम २८(८) मा "संयुक्त उपक्रम सम्बन्धि अन्य शर्त बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भए वमोजिम हुनेछ" भनी व्यवस्था भएकोले यस नियममा भएका व्यवस्था वाहेकका सार्वजनिक निकायले राख्ने अरु शर्तहरु बोलपत्र कागजातमा हुने छन् र त्यसलाई सम्बन्धित् बोलपत्रदाताहरुले मान्नु पर्ने देखिन्छ ।

३.११ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐनको कार्यविधि पूरा गर्नु पर्ने र उपदफा (२) मा उपदफा (१) र (१क) प्रतिकूल हुने गरी गरिएको खरिद वदर तथा अमान्य हुनेछ भनी व्यवस्था भएकाले यस ऐनमा भएको व्यवस्था खरिद कार्यविधिमा लागु गर्न वाध्यकारी हुन्छ र यो कार्यविधि पूरा नगरे बोलपत्र वदर तथा अमान्य हुने देखिन्छ ।

३.१२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(५) मा "बोलपत्रको मूल्यांकन बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्ने छ र ....." भनी व्यवस्था भएकोले बोलपत्र मूल्यांकनको आधार बोलपत्र सम्बन्धि कागजात हो भन्ने प्रष्ट छ । ऐ ऐनको दफा २७(२) मा बोलपत्र छनौट भएको सात दिनभित्र सूचना दिनु पर्ने व्यवस्था भएकोमा यो खरिद प्रक्रियामा बोलपत्र छनौट भैसकेको अवस्था देखिदैन । साथै ऐ दफाको उपदफा (७) मा बोलपत्र अस्वीकृत भएको जानकारी माग भएमा ३० दिन भित्र जानकारी माग गर्ने बोलपत्रदातालाइ दिनु पर्ने व्यवस्था छ । तर यस खरिद प्रक्रियामा सार्वजनिक निकायले प्राविधिक प्रस्ताव स्वीकृत भएको र आर्थिक प्रस्ताव खोल्ने सार्वजनिक सूचना मिति २०७७।०५।०२ मा दिइएको देखिन्छ, बोलपत्र स्वीकृत भैसकेको अवस्था नभई आर्थिक प्रस्ताब मूल्यांकनको चरणमा प्रवेश गरेको मात्र हो ।

३.१३ उक्त बोलपत्रका सम्बन्धमा मिति २०७६।११।१५ मा Pre-bid meeting को आयोजना भएको देखिन्छ । उक्त बैठकमा उपस्थित भई बोलपत्र सम्बन्धी कागजातमा भएको व्यवस्थाका बारेमा असहमति भएको विषयहरुमा आफ्नो भनाई राख्न सकिने अवस्था भएतापनि निबेदक बोलपत्रदाता उक्त बैठकमा उपस्थित भएको देखिएन ।

३.१४ Letter of Technical Bid को (a) मा "We have examined and have no reservations to the Bidding Documents, including Addenda issued in accordance with Instructions to Bidders (ITB) Clause 8" उल्लेख भएको र यी व्यवस्थाहरु समेतलाई अनुमोदन गरी निबेदक बोलपत्रदाताले उक्त Letter of Technical Bid मा दस्तखत गरी Declare गरेकाले बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएका व्यवस्थाहरुका वारेमा अध्ययन गरिन, बुझिन, जानकारी छैन भन्न मिल्ने देखिदैन । पढी, बुझी सबै जानकारी प्राप्त गरी दस्तखत गरेको ठहर्छ ।

३.१५ बोलपत्र सम्बन्धी कागजातको ITB 20.2 र BDS 20.2 मा बोलपत्रका सबै बिषयहरुमा बोलपत्रदाताहरुको तर्फबाट हस्ताक्षर गर्न लिखित अधिकार प्रदान गर्नुपर्ने व्यवस्था भए मुताबिक निबेदक जे.भी.का तर्फबाट मिति १३ मार्च २०२० मा उक्त बोलपत्रका सम्बन्धमा "...to agree sign or execute any amendment to or variation to the document" भनी श्री मीरा कुमारी देवलाई अख्तियारी (Power of Attorney) दिएको देखिन्छ । तर उक्त बोलपत्रका सम्बन्धमा सार्वजनिक निकायका प्रमुखलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम पुनरावलोकनका लागि अख्तियारी नभएका श्री हवेन्द्र प्रसाद देवले हस्ताक्षर गरी निबेदन दिएको देखिदा अख्तियारी प्रत्यायोजनको पालना भएको अवस्था छैन ।

३.१६ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८(३) मा विद्युतीय संचार माध्यम प्रयोग गरी गरिने खरिदको लागि बोलपत्र पेस गर्ने तरिका विद्युतीय खरिद प्रणाली वमोजिम हुनेछ भनी व्यवस्था भएको तथा विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ को वुदा १६(३) मा प्रणालीमा भए अनुसारका अन्य बिवरण भर्नु पर्ने, (५) मा संयुक्त उपक्रममा बोलपत्र पेस गर्दा JV partners को प्रोफायलमा समावेस गरिएका आवश्यक बिवरणहरु र अन्य कागजातहरु नै संलग्न गर्नु पर्नेछ भनिएको हुदा JVAgreement मा जसलाई मूल कम्पनी र आधिकारिक व्यक्ति भनी तोकिएको छ त्यही व्यक्तिले बोलपत्र कागजातहरुमा हस्ताक्षर गरी पेस गर्नु पर्ने, खरिद प्रक्रिया सम्पादन नभएसम्म त्यही आधिकारिक व्यक्तिबाट कार्य सम्पादन हुनु पर्ने बाध्यकारी हुने, तर असामान्य अवस्था भएमा अन्य व्यवस्था गर्न पर्ने बाध्यता पर्न सक्छ। यस बिषयमा ऐनको २३(२ख) मा अधिकार प्राप्त प्रतिनिधिको सहीछाप भए वा नभएको बोलपत्र परिक्षण कै अवस्थामा परीक्षण गर्नु पर्ने तथा सो अनुरुप नभएमा बोलपत्र उपर कारवाइ नगरिने ब्यवस्था ऐ ऐनको दफा २४(घ) मा भएको छ । सार्वजनिक निकायलाई दिने निबेदनमा पनि अख्तियारप्राप्त व्यक्तिबाट दस्तखत गरेको हुनु पर्दछ । अधिकार प्रत्यायोजन नगरेको अन्य व्यक्तिले दस्तखत गरेको निवेदन आधिकारिक एवं कानून सम्मत् हुदैन ।

३.१७ सार्वजनिक निकाय श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लि.ले संयुक्त उपक्रम संख्याका विषयमा सार्बजनिक खरिद अनुगमन कार्यालयसंग मिति २०७६।१२।०४ मा राय परामर्श माग गरी पठाएको देखिन्छ ।

**४. छलफल तथा सुनुवाईः ।**

मिति २०७७।०५।२९ गते, ११.३० वजे समितिमा उपर्युक्त मुद्दाको बिषयमा श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लि. बबरमहल काठमाडौं र निवेदक Rajdevi-ERMC-PESS JV को प्रतिनिधिहरुको उपस्थितिमा छलफल तथा वहस कार्यक्रम सम्पन्न भयो ।

४.१ सो छलफल तथा वहस कार्यक्रममा निवेदक Rajdevi-ERMC-PESS JV का तर्फबाट बिद्वान बरिष्ठ अधिबक्ता श्री सतिश कृष्ण खरेल र अधिबक्ता श्री हिमेश कृष्ण खरेलले भाग लिनु भई देहाय अनुसार आफ्नो भनाइ राख्नु भयो ।

४.१.१ सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी Standard Bidding Document (SBD) मा स्वदेशी निर्माण व्यवसायीका हकमा तीन Joint Venture Partners संलग्न हुने ब्यवस्था रहेको छ । यसलाई विपक्षी निकायबाट खण्डन गर्न सकेको छैन । सार्वजनिक निकायले जारी गर्ने बोलपत्र सम्बन्धी कागजात (BDS) मा सार्बजनिक खरिद कानून र PPMO ले तयार गरेको SBD प्रतिकूल नहुने गरी शर्त राख्न सकिने व्यवस्था रहेको छ । सार्बजनिक खरिद नियमावली, २०६४ मा भएको छैठौं संशोधनबाट नियम ४६(ट) ले ऐन, नियमावली र स्टाण्डर्ड बिडिङ्ग डकुमेन्ट विपरित नहुने गरी सार्वजनिक निकायले आबश्यक ठानेका अन्य कुरा राख्न सक्ने व्यवस्था गरको छ । PPMO बाट जारी SBD मा GoN. Funded मा JV Partners तीन (Three) राख्न सकिने प्रावधान भएको, तर

सार्वजनिक निकाय कम्पनीबाट जारी गरेको BDS मा JV partners दुई हुनुपर्ने भनी राखिएकोमा बोलपत्र खोलेको दिन हाम्रो तर्फबाट प्रश्न उठाउदा PPMO मा राय माग गरी Rectify गरिने भनी जानकारी गराइएको र सोही आधारमा उक्त कार्यालयमा च.नं.३७७, मिति २०७७।०४।१२ मा पत्र लेखी हामीलाई दिएको Assurence को कार्यान्वयन गरेको तथा निवेदकको मागलाई स्वीकार गरी राय माग गर्नु भएको छ। PPMO लाई लेखेको पत्रबाटनै सार्वजनिक निकाय विबन्दित भएको छ। हामीले उठाएको विषय सही नभएको अवस्थामा कारवाई अगाडी वढाउनु हुने थिएन। गलत काम भैरहेको छ भने त्यसलाई निरन्तरता दिनु पर्छ भन्ने हुदैन।

४.१.२ प्राविधिक मूल्यांकनमा हाम्रो कम्पनी असफल भएको सूचना प्रकाशित भएको थाहा पाउने वित्तिकै हामीले e-mail मार्फत सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ ले व्यवस्था गरेको म्याद भित्रै सार्वजनिक निकाय प्रमुखलाई सम्बोधन गरी कानूनी हक उपचारका लागि निवेदन दिएका थियौं। विद्युतीय कारोवार ऐनमा कसैको ठेगानाबाट e-mail आएको छ भने त्यो उत्पत्ति सम्बन्धित कार्यालयबाटै भएको मान्नु पर्दछ। हामीले पनि उक्त निबेदन बोलपत्र दाखिला गर्दा उल्लेख गरेको e-mail ठेगानाबाटै पठाएका छौं। यो निबेदनलाई Due Process बाट नआएको भन्न मिल्दैन।

४.१.३ सार्वजनिक खरिद (छैटौं संशोधन) नियमावली, २०६४ को नियम ४६(ट) ले पनि SBD लाई Prevail गरेको छ। हामीले PPMO बाट जारी SBD अनुसार तीन कम्पनीको JV को Partnership बाट बोलपत्र पेस गरेको, त्यसैको आधारमा विपक्षीबाट हाम्रो प्राविधिक प्रस्तावलाई प्रथम चरणमा नै सारभूतरुपमा प्रभावग्राही नदेखिएको भनी Disqualify गर्नु कानून बिरुध्द छ। साथै बोलपत्र आव्हानको सूचनालाई चुनौती दिन नसकेको भन्ने बिषय सार्वजनिक निकायद्वारा PPMO संग राय माग गरेको पत्रबाट खण्डन भैसकेको छ। प्राविधिक मूल्यांकनको बिषयमा बोलपत्रदातालाई सूचना दिनु नपर्ने भन्ने बिषय गैरकानूनी हो। यस बिषयमा सार्वजनिक निकायले निवेदकलाई जानकारी दिनु पर्छ कि पर्दैन, यस बेञ्चबाट बोल्न जरुरी छ। हकदैया पुग्ने बोलपत्रदाताबाट निवेदन गर्न पाउने वा नपाउने बिषयमा JV Partner मध्ये एकले प्रश्न उठाउन पाउने हुन्छ। साथै Invitation of Bid र RFP मा अन्तर छैन। हाम्रो माग उपर सुनुवाई नगरी सार्बजनिक निकाय प्रमुख तथा बोलपत्र मूल्यांकन समितिबाट भएको निर्णय गलत छ। आर्थिक प्रस्तावको मूल्यांकनमा हाम्रो पक्षले ठेक्का पाउछ भन्ने पनि छैन। तसर्थ समितिबाट हाम्रो प्राविधिक प्रस्तावलाई समेत Qualify गरी आर्थिक प्रस्तावको मूल्यांकनमा समाबेश गरी आर्थिक प्रस्ताव खोल्ने आदेश होस भन्ने मेरो पक्ष निवेदकको माग छ।

४.२ सार्बजनिक निकाय श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लि. बबरमहल, काठमाडौको तर्फबाट बिद्वान अधिवक्ता श्री नारायण प्रसाद कोईराला र कन्ट्रयाक्ट बिज्ञ श्री ईश्वर भट्टले बहस तथा छलफमा सहभागी हुनु भई देहाय अनुसार आफ्नो भनाइ राख्नु भयो।

४.२.१ सार्बजनिक खरिद ऐनको दफा २(घ) मा भएको निर्माण कार्यको परिभाषा अनुसार उपर्युक्त खरिद कार्यको Nature परामर्श सेवा भन्दा निर्माण कार्यसंग नजिक एवं मिल्दो जुल्दो रहेकोले यस कम्पनीले Procurement of Works को SBD प्रयोगमा ल्याएको हो। यो कामको लागि वजेट पनि निर्माण खर्च शीर्षकमा नै बिनियोजन भएको छ।

४.२.२ यो आयोजना वभ्फागं देखि पश्चिम सेती (६५ कि.मी.), पश्चिम सेती देखि नयाँ अत्तरिया (६५ किमी), प्रस्तावित बभ्फागं, पश्चिम सेती, नयाँ अत्तरिया सवस्टेशन रहेको छ। यसमा Control Point स्थापनाका लागि Lidar Data Acquisition का लागि स्थायी बेञ्चमार्क खडा गर्ने, सर्भे प्रत्येक २० कि.मी. को Interval मा राख्ने र यो १३० किमी यल टी मा हुन्छ। तथ्यांक Aircraft बाट प्राप्ति हुन्छ।

४.२.३ कम्पनीले आयोजना गरेको Prebid meeting मा विपक्षी निवेदकको उपस्थिति नरहकाले निजलाइ चित्त नवुभ्फेको कुराहरु पनि राख्ने कुरै भएन। यदि निवेदक उपस्थित भएर सुभ्फाव प्रस्तुत गरेको भए परिवर्तन गर्न मिल्ने वुदाहरु हामीबाट आवश्यकता अनुसार संशोधन गर्न पनि सकिने थियो।

४.२.४ निवेदकबाट बोलपत्र कागजातहरु राम्ररी पढी जाँची दस्तखत गरी बोलपत्र पेस भएको तथा Letter of Bid मा Self Declaration समेत गरी पेस गरेकोले हाल आएर यो हुन्छ वा हुदैन भन्नु गम्भिररुपमा विबन्धित छ। PPMO मा राय माग गरेको बिषयमा बोलपत्र कागजातहरुमा भएका ब्यवस्था प्रति हामी ढुक्कै भए पनि बोलपत्र खोल्दाको वेलामा निवेदकले उठाएको कुरा शंका निवारणका लागि राय माग गर्छौ भनिएको हो र सोध्यौ पनि तर जवाफ आएन र पर्खन विलम्ब हुने भएको हुँदा निर्णय गर्नु पर्ने बाध्यता भयो।

४.२.५ निवेदक JV बाट पेस भएको Power of Attorney मा Two stage, Two envelope System उल्लेख भएको छ। यो खरिद प्रक्रिया Single Stage, two envelopes System को हो। निवेदनमा परामर्श सेवा खरिद गरिने प्रक्रियासंग सम्बन्धि RFP उल्लेख भएको छ, तर यो परामर्श सेवा खरिद पनि होईन।

४.२.६ खरिद कानूनले जे.भी.पार्टनर दुई वा दुई भन्दा बढी हुनु पर्ने भन्ने व्यवस्था गरेको छ। कानूतः Contract Management मा सार्बजनिक निकायले जे.भी पार्टनर चाहिने हो वा होईन भनी तोक्न सक्छ। PPMO बाट जारी SBD Sample Document हो। उक्त Document ले पनि अधिकतम हद ३ सम्म हुनु पर्ने भनी तोकेको हो। कानून र SBD ले कही कतै जे.भी.पार्टनर दुई तोक्न हुदैन भनेको छैन।

४.२.७ प्राविधिक प्रस्तावको आशयको सूचना उपर चित्त नवुभ्फी कार्याल प्रमुख समक्ष Power of Attorney दिएको व्यक्ति भन्दा भिन्न व्यक्तिबाट दस्तखत गरी निवेदन पेस भएको छ। निबेदन Due process आएको छैन। यसमा निबेदकको हकदैया लाग्दैन। प्राविधिक प्रस्तावको बिषयमा जानकारी नदिएको बिषयमा बोलपत्रको प्राविधिक प्रस्ताव खोल्दा कै अवस्थामा जानकारी हुने भएकोले जानकारी दिन अनिवार्य नठानिएको हो। निवेदकले ऐनको दफा ४७ वमोजिम कार्यालय प्रमख समक्ष दिएको निवेदनमा Qualify हुने आधार स्पष्टरुपमा खुलाई माग दावी गर्न सकेको छैन।

४.२.८ निवेदकको हकदैया सृजना भएको छैन, बोलपत्र कागजात पढी जाँचीबुभ्फी कुनै Reservation नभएको भनी Letter of Technical Bid मा दस्तखत गरी बोलपत्र पेश गरेको, कानूनले जे.भी. पार्टनरको संख्या तोक्ने अधिकार सार्बजनिक निकायलाई दिएको साथै SBD ले पनि जे.भी.पार्टनरको संख्या अधिकतम तीन हुनुपर्ने उल्लेख गरी दुई जे.भी.पार्टनर राख्न नमिल्ने नभनेको, बोलपत्रदाता निबेदकले कम्पनीबाट जारी Bidding Document ले कुन कुन कानून उल्लघन गरेको भनी उल्लेख गर्न नसकेकोले निबेदकको माग दावीको औचित्य छैन। कम्पनीबाट भएको काम कारबाही सार्बजनिक खरिद नियमावलीको नियम ४६(ट) बिपरित छैन। अतः निवेदकको निवेदन खारेज होस।

## ५. समितिको निर्णयः

Contract ID No: NCB/W/RPGCL/)076/77-03, Preparation of Topographic Map, Generation of High-Resolution DEM and Ortho Photo Map with application of airborne LIDAR of Bajhang-West Seti-New Attariya 400 KV Transmission line खरिद गर्न श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लि. बाट प्रकाशित आर्थिक प्रस्ताव खोल्ने आशयको सूचनाका विषयमा बोलपत्रदाता निवेदक Rajdevi-ERMC-PESS JV को तर्फबाट अख्तियारप्राप्त श्री हवेन्द्र प्रसाद देवले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोमा संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी आशयको सूचनाका बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

सार्वजनिक निकाय श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लि.ले उपर्युक्त खरिद कार्यका लागि कागजातको Section-I को ITB, 4.1(a) को निर्देशन र Section-II, BDS को 4.1(a) मा JV Partner संख्या दुई (Two) हुनुपर्ने उल्लेख गरेको, सार्बजनिक खरिद ऐनको दफा २(त) तथा नियमावलीको नियम ४६(ट) विपरित नहुने गरी नियमावली को नियम २८(८) बमोजिम उपर्युक्त निकायले जे.भी. पार्टनरको संख्या सम्म तोकेको अधिकार क्षेत्र भित्रै पर्दछ । Bidding Document को Letter of Technical Bid Form को खण्ड (a) मा उल्लेख भएको व्यवस्थाहरु समेतलाई अनुमोदन गरी निबेदक बोलपत्रदाताले बोलपत्र कागजातका सम्बन्धमा कुनै Reservation नभएको Declare (घोषणा) गरी उक्त Form लाई स्वीकार गरी दस्तखत सहित बोलपत्र पेश गरेको छ । निबेदक बोलपत्रदाले बोलपत्र सम्बन्धी सम्पूर्ण कार्य गर्न श्री मीरा कुमारी देवलाई Power of Attorney दिएकोमा सार्बजनिक निकायका प्रमुख समक्ष सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिमको निबेदन Power of Attorney प्राप्त नगरेका व्यक्ति श्री हवेन्द्र प्रसाद देवले निबेदन समेत दिएको देखिदा निबेदकको माग दावी पुग्दैन । सार्बजनिक निकायबाट भए गरेको खरिद प्रक्रियाको काम कारबाई सदर हुन्छ । अतः सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५० (५) (क) बमोजिम निबेदक Rajdevi-ERMC-PESS JV को तर्फबाट अख्तियारप्राप्त श्री हवेन्द्र प्रसाद देवले उपर्युक्त खरिदका सम्बन्धमा यस समितिमा पुनरावलोकनको लागि दिएको निवेदन खारेज गर्ने निर्णय गरी दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको नगद धरौटी नियमानुसार जफत गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७७ साल आश्विन ११ गते रोज ०१ शुभम्...........................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

## मुद्धा नं. १३०

## आ.व. २०७७/७८ को निर्णय नं ६

ल.पु.जि., ल.पु.म.न.पा. वडा नं ३ कृष्ण गल्लीमा रजिस्टर्ड कार्यालय रहेको ओबिसिआई प्रा.लि.को अख्तियारप्राप्त ऐ.का संचालक वर्ष ४३ को पारस के.सी.........................................................................................................१ **निवेदक**

**विरुद्ध**

श्री जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानो ठिमी, भक्तपुर.............................................................................१

श्री ऐ.का कार्यलय प्रमुख महेश प्रसाद तिमल्सिना ........................................................................................१ **विपक्षी**

**विषयः- निर्णय पुनरावलोकन गरी पाउँ ।**

### १. निवेदकको माग दावीः

बोलपत्र आव्हानको सूचना नं JEPPT-10/077/078 बाट जनकशिक्षा सामाग्री केन्द्र लि. ले मिति २०७७।०४।२३ गतेको गोरखापत्रमा प्रकाशित Re-Tender of Supply and Delivery of 3000 Metric Tons of 70 GSM White Printing Paper को खरिद प्रक्रियामा कार्यालय प्रमुखले गरेको निर्णयमा चित्त नबुझी ओबिसिआई प्रा. लि. का अख्तियारप्राप्त संचालक श्री पारस के.सी.ले हिमालयन बैक लि.कमलादी काठमाडौंबाट नं. HBLGPB01770035 को मिति September 28, 2020 मा जारी रु. २२,५१,०००।- को बैंक जमानत संलग्न गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम पुनरावलोकन गरी पाउ भनी मिति २०७७।०८।११ मा यस समितिमा दर्ता गराएको निबेदनमा प्रमुख माग दाबी देहाय वमोजिम देखिन्छन्:

१. विपक्षी जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडबाट मिति २०७७/०६/०५ मा भएको निर्णय चित्त नबुझी निर्णय पुनरावलोकनका निमित्त मिति २०७७/०६/१२ गते सार्वजनिक खरिद पुनरावलोकन समिति समक्ष दिएको निवेदन उपर हदम्याद नाघी आएको पुनरावलोकन पत्र दर्ता गर्न नमिल्ने भनी गरिएको दरपिठको आदेश कानुनसंगत नभएको भन्दै सम्मानित उच्च अदालत पाटनबाट मिति २०७७/०७/२६ गते उत्प्रेषणको आदेशद्वारा बदर गरिएको साथै मिति २०७७/०६/१२ मा निर्णय पुनरावलोकन गर्ने सम्बन्धमा दिएको निवेदन दर्ता गरी कानुन बमोजिम गर्नु भनी सार्वजनिक खरिद पुनरावलोकन समितिको नाममा परमादेशको जारी भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(१) बमोजिम निम्नानुसारको पुनरावलोकन पत्र लिई उपस्थित भएको छु ।

२. जनकशिक्षा सामाग्री केन्द्र लि. बाट मिति २०७७।०४।२३ गतेको गोरखापत्रमा प्रकाशित Re-Tender of Supply and Delivery of 3000 Metric Tons of 70 GSM White Printing Paper को बोलपत्र आह्वान (सूचना नं JEPPT- 10/077/078) गरिएकोमा पेश भएका बोलपत्रहरुमध्ये यस ओबिसिआई प्रा.लि.ले पेश गरेको बोलपत्र सबैभन्दा न्यूनतम प्रभावग्राही रहेतापनि न्यूनतम बोलपत्रलाई स्वीकृत नगरी अन्य बोलपत्रदाता मार्फत पेश भएको बोलपत्रलाई न्यूनतम प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतीको लागि छनोट गर्ने भनी मिति २०७७/०५/२९ को गोरखापत्र मार्फत जानकारीमा आएकाले सो निर्णयमा चित्त नबुझी बोलपत्र पुनमुल्याङन गरियोस भनी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ अनुसार जनकशिक्षा सामाग्री केन्द्र लि.कार्यालय प्रमुख समक्ष दिएको मिति २०७७/०५/३१ को मिति २०७७/०६/०२ गते दर्ता भएको निवेदनका सम्बन्धमा जनकशिक्षा सामाग्री केन्द्र लि.बाट मिति २०७७/०६/०५ मा Qualification Criteria: Qualification requirement को (b) मा "The paper mill (paper manufacturer) who would be participating as the prime bidder or giving the authorization and commitment letter to any bidder to participate in the bid, should be producing the proposed product for at least three years. Related documents to be submitted." भनी उल्लेख भएकोमा सो अनुसारको कागजातहरु बोलपत्रमा समावेश नभएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(क)(ख) तथा ऐ.ऐनको दफा २४(घ) बमोजिम त्यहाँको बोलपत्र सारभुतरुपमा प्रभावग्राही नभएको हुँदा सारभूतरुपमा प्रभावग्राही बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र ऐ.ऐनको दफा २७ (१) अनुसार स्वीकृतिको लागि छनौट गरी ऐ.ऐनको दफा २७(२) र (३) अनुसार स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको भनी मिति २०७७/०६/०५ मा भएको निर्णयको जानकारी पत्र मिति २०७७/०६/०६ मा प्राप्त हुन आएको थियो । उक्त निर्णय निम्न कारणहरुले गर्दा कानुन तथा तथ्य विपरित छ ।

२.१ मिति १९ अगष्ट २०२० को पत्र मार्फत Fibremarx Papers Pvt. Ltd. ले सो लि.को तर्फबाट जनकशिक्षा सामग्री केन्द्र लि. बाट बोलपत्रमा भाग लिन यस ओबिसिआई प्रा.लि.लाई मञ्जुरी दिएको भन्दै जनकशिक्षा सामग्री केन्द्र लि.लाई पत्रचार गरिएको पत्र बोलपत्र साथै संलग्न राखी पेश गरिएको थियो ।

२.२ बोलपत्र पेश गर्ने कम्पनीले बोलपत्रसँग सम्वन्धित कार्य ३ वर्षभन्दा बढी समय देखि काम गरिरहेको हुनु पर्ने उल्लेख गरिएकोमा Fibremarx Papers Pvt. Ltd. ले विगत २००६ देखी कागजातहरु उत्पादन गर्दै आएको र सो कम्पनीको उत्पादन क्षमता प्रतिवर्ष ६०,००० मे.ट रहेको कम्पनीको मिति १९ अगष्ट २०२० को आधिकारिक पत्रमार्फत जनकशिक्षा सामग्री केन्द्र लि.लाई जानकारी गराईएको थियो । यस ओबिसिआई प्रा.लि.ले जनकशिक्षा सामाग्री केन्द्र लि.बाट आह्वान गरिएका बोलपत्रहरु Supply and Delivery of 4000 Metric Tons of 70 GSM Wood force Paper (सम्झौता मिति २०७६।०७।२९, रकम ४७,७७,६४,०००।-), Supply and Delivery of 70 GSM White Printing Paper 1500 Metric Tons for Four Colour Printing (Brightness 80% minimum) and 5000 MT for single colour printing (Brightness 72% minimum) (सम्झौता मिति २०७४।०५।१६, रकम ५९,५२,८४,०००।-) र Supply and Delivery of 70 GSM White Printing Paper 5000 Metric Tons (सम्झौता मिति २०७२।०८।०७, रकम ४३,१६,६०,०००।-) मा कम रकम कबोल गर्ने कम्पनीको रुपमा छनौट भई Fibremarx Papers Pvt. Ltd.बाट उत्पादित कागजहरु उक्त लि.लाई आपुर्ति गर्दै आएको थियो ।

२.३ मिति १९ अगष्ट २०२० को पत्रमार्फत Fibremarx Papers Pvt. Ltd.ले बोलपत्रमा उल्लेख भएबमोजिमको स्पोसिफिकेशन र कागजहरुको गुणस्तर निर्धारित समयमा नै प्रदान गर्ने प्रतिबद्धताका साथ जनकशिक्षा सामाग्री केन्द्र लि.लाई जानकारी गराईएको थियो ।

३. अतः प्रकरण प्रकरणमा उल्लेख गरिएका तथ्यहरुको आधारमा न्यूनतम बोलपत्र पेश गर्ने यस ओबिसिआई प्रा.लि. लाई आशयपत्र प्रदान नगरी अन्य कम्पनीलाई प्रदान गरिएको आशय पत्र तथा मिति २०७७/०६/०५ मा जनक शिक्षा सामग्री केन्द्र लि. बाट भएको निर्णय बदर गरी सबैभन्दा कम रकम कबोल गर्ने यस ओबिसिआई प्रा.लि.को बोलपत्र स्वीकृत गरी पाउँ ।

**२. सार्वजनिक निकायको प्रतिक्रियाः**

उपर्युक्त निबेदनका बिषयमा यस समितिको प.सं.२०७७।७८, च.नं.१८, मिति २०७७।०८।११ को पत्रबाट प्रतिक्रिया माग गरेकोमा सार्वजनिक निकाय श्री जनक शिक्षा सामग्री केन्द्र लि. सानो ठिमी भक्तपुरबाट मिति २०७७।०८।१४ मा निम्नानुसारका प्रतिक्रियाहरु प्राप्त भएका छन्:

२.१ बिपक्षी निबेदकले उपर्युक्त खरिद कार्यको लागि यस कम्पनीको बोलपत्र सबैभन्दा न्यूनतम प्रभावग्राही रहेतापनि अन्य बोलपत्रदाताबाट पेश भएको बोलपत्रलाई सा.ख.ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतिको लागि छनोट गर्ने भनी मिति २०७७।०५।०९ को गो.प.मार्फत जानकारी आएकोले सो निर्णयमा चित्त नबुझी बोलपत्र पुनः मुल्याकनका लागि सा.ख.ऐ.,२०६३ को दफा ४७ मा भएको व्यवस्था अनुसार यस केन्द्रका प्रमुख समक्ष मिति २०७७।०५।३१ मा निबेदन दिएकोमा कारण समेत उल्लेख गरी निबेदकको बोलपत्र सारभूतरुपमा प्रभावग्राही नभएको भनी मिति २०७७।०५।२९ मा जानकारी गराइएकोमा तहांको प.सं.०७७।०७८ च.नं.१८ मिति ११।०८।२०७७ को पत्र तथा सो साथ बिपक्षीको निवेदन सहितका कागजातहरु यस केन्द्रमा मिति १२।०८।२०७७ मा ईमेल मार्फत प्राप्त हुन आएकोमा सोको म्यादै भित्र निम्न व्यहोराको लिखित जवाफ पेश गरेका छौं ।

२.२ निवेदकको उल्लेखित जिकिर गैह्र कानूनी छ भन्ने निम्न आधार प्रमाणबाट स्पष्ट पार्दछु ।

२.२.१ बोलपत्रको शर्त अनुसार “Qualification Criteria: Qualification requirement को (b) मा “The paper mill (paper manufacturer) who would be participating as the prime bidder or giving the authorization and commitment letter to any bidder to participate in the bid, should be producing the proposed product for at least three years. Related documents to be submitted.” भनी स्पष्टतः शर्त उल्लेख रहेको तर सो अनुसारको कागजात निवेदकको बोलपत्र साथ पेश नभएबाट सार्वजनिक खरिद ऐनको दफा २३(२) को (क)(ख) तथा ऐजन ऐनको दफा २४(घ) बमोजिम निवेदकको बोलपत्र सारभूतरुपमा प्रभावग्राही नभएको र त्यस्तो बोलपत्र उपर सा.ख.ऐनको दफा २४ बमोजिम कारबाही गर्न नमिल्ने हुंदा निवेदकको बोलपत्र न्यूनतम भए पनि सारभूतरुपमा प्रभावग्राही भएका बोलपत्रहरु मध्ये न्यूनतम बोलपत्रदाता श्री एस.एस.पेपर्स, काठमाण्डौंको बोलपत्र स्वकिृतिको लागि छनौट गरी आशयको सूचना प्रकाशित गरिएको हो ।

बिपक्षी निवेदक सहित ८ थान बोलपत्रहरु परेकोमा कानुनी ग्राह्यताको परीक्षण गर्दा एभरेष्ट पेपर मिल प्रा.लि.अयोग्य रहेको अन्य ७ थान बोलपत्र योग्य भएका, प्राविधिक परीक्षण गर्दा बिपक्षी ओबिसिआई प्रा.लि.सहित ४ कम्पनीहरु पूर्णताको परीक्षणमा असफल रहेका र बांकी ३ थान बोलपत्रहरु मात्र प्राविधिक परीक्षणबाट सफल देखिएको र आर्थिक पक्षको मूल्यांकन गर्दा सारभूतरूपमा प्रभावग्राही ३ थान बोलपत्रहरुमध्ये सबैभन्दा न्यून श्री एस.एस.पेपर्स काठमाण्डौंको बोलपत्र सारभूतरुपमा प्रभावग्राही भएकोले निजको बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना प्रकाशित गरिएको हो ।

२.२.२ बोलपत्रमा भाग लिन बोलपत्र साथ पेश गरिएका Fibermax Papers Pvt.Ltd. ले मिति १९ अगष्ट २०२० मा केन्द्रलाइ लेखेको पत्रमा २००७ देखि Writing Printing Paper उत्पादन गरेको व्यहोरा उल्लेख भएपनि केन्द्रले माग गरे अनुसारको स्पेसिफिकेसन बमोजिम 82% Brightness को कागज उक्त कम्पनीले तीन वर्षदेखि उत्पादन गरेको भन्ने उल्लेख नभएको र उक्त कागजहरू उत्पादन गरी बिक्री वितरण गरेको सम्बन्धित कागज प्रमाण समेत पेश नगरेको कारणले निजको सो पत्रको आधारमा केन्द्रले तोकेको योग्यता अनुरूप भएको मान्न सकिएन ।

२.२.३ निवेदक उत्पादक Fibermax Papers Pvt.Ltd. बोलपत्रको शर्त अनुसार योग्य रहेको, बिगतमा पनि माथि उल्लेखित कम्पनीबाट उत्पादित भएका कागजहरु केन्द्रलाई आपुर्ति गर्दै आएको भनी जिकिर लिएको सन्दर्भमा बोलपत्र आह्वान गर्दा उल्लेख रहेको बोलपत्रका शर्तहरु अनुसारका प्रमाण कागजातहरु सोही बोलपत्रसाथ पेश गर्नु पर्नेमा सो नभएको अवस्थामा निवेदकले उत्पादक कम्पनी योग्य रहेको र बिगतमा पटक पटक संझौता गरी उक्त कम्पनीबाट उत्पादित भएका कागजहरु आपुर्ति गरेको भन्ने कुराले प्रस्तुत बोलपत्र बोलपत्रको परीक्षणमा सफल मान्न नसकिने ।

२.२.४ बोलपत्रको शर्त अनुसार निवेदक योग्य रहेको र निवेदकको बोलपत्र सबै भन्दा न्यून रहेको भनी निवेदकले भनेपनि निवेदकले बोलपत्रको शर्त “Qualification Criteria: Qualification requirement को (b) मा उल्लेख भएका शर्त पूरा गर्न नसकेको हुंदा निजको बोलपत्र सा.ख.ऐनको दफा २४ अनुसार रीत नपुगेको ।

२.४ अतः माथि प्रकरण प्रकरणमा लिएको जिकिरको आधारमा निवेदन कथनको कुनै औचित्य नरहेकोले निवेदकको निवेदन खारेज गरी न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही श्री एस.एस.पेपर्सको बोलपत्र स्वीकृत गरी निजसंग खरिद कारबाही अघी बढाउन मार्ग प्रशस्त गरी पाउं ।

**३. अध्ययन अवलोकनः**

Contract No: JEPPT-10/077/078, Re-Tender of Supply and Delivery of 3000 Metric Tons of 70 GSM White Printing Paper खरिद प्रक्रियाको बिषयमा सार्वजनिक निकाय श्री जनक शिक्षा सामग्री केन्द्र लि. सानो ठिमी भक्तपुरबाट मिति २०७७।०८।१४ को प्राप्त प्रतिक्रिया, प्रतिक्रियासाथ प्राप्त बोलपत्र सम्बन्धी कागजात, प्रचलित सार्बजनिक खरिद कानूनहरु तथा निबेदकले पेश गरेको निबेदनको व्यहोरा र निजले पेश गरेका कागजातहरु समेतको अधारमा अध्ययन अवलोकन गरिएको छ ।

३.१ उक्त Paper खरिदको पूनः बोलपत्र आह्वानको सूचना मिति २०७७।०४।२३ (August 07,2020 ) मा प्रकाशन भएको देखियो ।

३.२ निजले उक्त निर्णय पुनरावलोकन गरी पाउन समितिमा मिति १२।०६।२०७७ मा दिएको निवेदन म्याद नाघी आएको भनी दरपिठ गरिएकोमा सम्मानित उच्च अदालत पाटनको मिति २०७७।०८।०५ को परमादेश बमोजिम निवेदकको “निर्णय पुनराबलोकन गरी पाउँ” भन्ने निवेदन यस समितिमा मिति ११।०८।२०७७ मा दर्ता भएको ।

३.३ यस खरिद कार्यका लागि रुचि पेपर्स प्रा.ली, काठमाण्डौं, एभरेष्ट पेपर्स मिल्स प्रा.ली.जनकपुरधाम, धनुषा, सेन्चुरी पल्प एण्ड पेपर्स न्यूदिल्ली, इन्डिया, एस् एस् पेपर्स, काठमाण्डौं, एरोल प्राली/स्मार्ट जेभी काठमाण्डौं, ओविसिआइ प्राली ललितपुर, बिटी सप्लायर्स एण्ड प्रिटिंग प्रेस/दि डिजायनर्स नेपाल /भ्याली फर्निसिंग जे.भी ललितपुर र वर्किपिडिया/मिसू/अन्नपुर्ण जेभी काठमाण्डौं सहित आठ बोलपत्रदाताहरुले बोलपत्र दर्ता गराएको देखिन्छ।

सार्बजनिक निकायबाट गठित बोलपत्र मूल्यांकन उप-समितिको मिति २०७७०५।२६ को मूल्यांकन प्रतिवेदबाट उपरोक्त बोलपत्रदाताहरुमध्ये रुचि पेपर्स प्रा.ली, काठमाण्डौं, एस् एस् पेपर्स, काठमाण्डौं, र वर्किपिडिया/मिसू/अन्नपुर्ण जेभी काठमाण्डौंलाई प्राविधिक प्रस्तावको मूल्यांकनमा सफल गरेको देखिन्छ।

३.४ उपर्युक्त खरिद कार्यका लागि श्री एस् एस् पेपर्स काठमाण्डौले पेश गरेको बोलपत्र सबैभन्दा न्यूनतम् मूल्यांकित् सारभूतरुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) अनुसार स्वीकृतका लागि छनौट भई सोही दफाको उपदफा (२) र (३) को प्रयोजनार्थ मिति २०७७०५।२९ मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन् भएको देखियो।

३.५ उपर्युक्त खरिद कार्यको सम्बन्धमा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम खरिद गुरु योजना तथा नियमावली, २०६४ को नियम ८(२) (३)बमोजिम बार्पिक खरिद योजना स्वीकृत भएको हुनु पर्दछ।

३.६ उपर्युक्त खरिद कार्यको लागत अनुमान सार्बजनिक खरिद नियमावली ,२०६४ को नियम ११को (१)(२) बमोजिम तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने देखिन्छ। समितिम पेश भएको फाइलमा ऐ. नियमावली ११(२)(क)(ग)(घ) को मूल्य सूचीको अभावमा स्वीकृत लागत अनुमान सत्यताको नजिक पुगेको देखिदैन।

३.७ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४७ को निवेदनका सम्वन्धमा जनक शिक्षा सामग्री केन्द्र लि. ले च.नं.१४५०।२०७५।०७६, मिति २०७७०६।०५ मा Qualification Criteria: Qualification requirement को (b) मा माग भए अनुसारको कागजातहरु बोलपत्रमा समावेश नभएकोले सा.ख.ऐ.को दफा २३(२) (क) (ख) तथा ऐ. ऐनको दफा २४(घ) बमोजिम त्यहाँको बोलपत्र सारभूतरुपमा प्रभावग्राही नभएकोले सारभूतरुपमा प्रभावग्राही बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र ऐ.ऐनको दफा २७(१) अनुसार स्वीकृतीको लागि छनौट गरी ऐ.ऐनको दफा २७(२) र (३) अनुसार स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोराको जानकारी बिपक्षीलाई गराएको देखिन्छ।

३.८ निवेदकको दावीमा Manufacturer's Authorisation letter समावेस गरेको उल्लेख गरेको, तर सार्वजनिक निकायको तर्फबाट निबेदकले Manufacturer's Authorisation and Commitment letter पेस गर्न नसकेको जवाफ दिएको देखिन्छ। बोलपत्र सम्बन्धी कागजातको ITB-19.2 मा A manufacturer's Authorisation Letter is required for all the items listed in section V schedule of requirements भनी उल्लेख भएकोले बोलपत्रदाताबाट अनिवार्यरुपमा यो प्रमाण पेस गर्नु पर्छ। साथै बोलपत्रदाताबाट उत्पादनकर्ताको वैधानिक आधिकारिकता, उत्पादन अवधि, उत्पादन क्षमता र अनुभव, कर भ्याट दर्ता प्रमाणपत्र र आर्थिक सक्षमता जस्ता प्रमाणहरु बोलपत्र साथ समावेस भए पस्चात् मात्र उत्पादकको आधिकारिकता पूरा हुन सक्ने देखिन्छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(ख) “बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए नभएको”, सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(४) मा बोलपत्रको मुल्याँकन गर्दा क्रमशः बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित आधार बमोजिम मात्र मूल्याँकन गर्नु पर्ने, दफा २५(५) मा बोलपत्रको मूल्यांकन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्ने भन्ने उल्लेख छ। त्यसैगरी सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६१(४) मा मूल्याङ्कन समितिले ऐनको दफा २५ को उपदफा (१) बमोजिम मूल्याङ्कनको लागि समावेश भएका बोलपत्रको मूल्याङ्कन गर्दा त्यस्तो बोलपत्रको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएकोआधार र तरिका अनुसार गर्नु पर्नेछ भन्ने व्यवस्था भएको छ। यी व्यवस्थाहरु अनुसार सार्बजनिक निकायले बोलपत्रको मूल्यांकन गर्दा यी सबै कानूनी व्यवस्थाहरुको पालना गर्नुपर्दछ।

३.९ सार्बजनिक खरिद नियमावली, २०६३ को नियम ४०(१) मा सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताको ग्राह्यता ( ईलिजिविलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले पेश गर्नु पर्ने कागजातको प्रतिलिपि समेत उल्लेख गर्नु पर्ने नियम (२) को खण्ड (ख) मा व्यवसाय दर्ताको ईजाजतपत्र उल्लेख भएको र स्पष्टीकरणमा यस खण्डको प्रयोजनको लागि “व्यवसाय दर्ताको इजाजतपत्र” भन्नाले कुनै व्यवसायीले आफ्नो व्यवसाय सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम प्रमाणपत्र वा ईजाजतपत्र लिनु पर्ने भए सो बामोजिम प्राप्त गरेको प्रमाणपत्र वा ईजाजतपत्र सम्फनु पर्छ भनी ब्याख्या गरिएको छ। साथै ओबिसिआई प्रा.लि, रुचि पेपर्स प्रा.ली, र वर्किपिडिया/मिसू/अन्नपुर्ण जेभीले पेश गरेको कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी कम्पनी दर्ताको प्रमाणपत्रको शर्तमा कम्पनी संस्थापनलाई मात्र कम्पनीको उद्देश्य कार्यान्वयन गर्ने ईजाजत प्रदान गरिएको नमानिने हुनाले कानून अनुसार लिनुपर्ने अनुमति सम्बन्धित निकायबाट लिएर मात्र कम्पनीको उद्देश्य अनुसार कारोवार गर्नुपर्नेछ भन्ने व्यवस्था भएको छ। यी व्यवस्था अनुरुप बोलपत्रदाताले अन्य ग्राह्यताका आधारहरुको अलावा व्यवसाय दर्ताको ईजाजतपत्र बोलपत्रसाथ पेश गर्नु पर्दछ।

निबेदक बोलपत्रदाता ओबिसिआई प्रा.ली. तथा प्राविधिक प्रस्तावमा सफल भएका एस् एस् पेपर्सले उक्त ईजाजतपत्र बोलपत्रसाथ पेश गरेको देखिदैन। वर्किपिडिया/मिसू/अन्नपुर्ण जेभी र रुचि पेपर्स प्रा.ली,ले काठमाडौ. महानगरपालिकाबाट क्रमशः मिति २०७३।०४।२५ र मिति २०७५।०५।३१ मा जारी व्यवसाय दर्ता प्रमाणपत्र पेश गरे तापनि उक्त पत्रमा व्यवसायको प्रकृति स्पष्ट नखुलाई क्रमशः सप्लायर्स तथा विविध सामानहरु स्थानीय खरिद बिक्री मात्र उल्लेख गरेकोले बोलपत्रले माग गरे जस्ता सामानको कारोवार गर्न प्रमाणपत्र प्राप्त गरेको हो भन्ने आधार देखिदैन।

३.१० बोलपत्र सम्बन्धी कागजातको Instruction to Bidder को 7.3 मा "The Bidder is expected to examine all Instructions, form, terms and specification in the bidding document as well as in amendments, if any failure to furnish all information or documentation required by the bidding document may result in the rejection of Bid" भन्ने उल्लेख भएकोले बोलपत्रदाताले बोलपत्रले माग गरेको सबै सूचना तथा कागजात बोलपत्र साथ पेश नगरेमा खरिद कानून र बोलपत्र कागजातको बिरुद्ध हुने भएकाले त्यस्ता बोलपत्रहरु खारेज हुन्छ। बोलपत्र एक किसिमको सम्झौता हो। प्रस्ताब राख्नेले राखेको प्रस्ताब स्वीकार गरी पेश गरेपछि त्यसलाई स्वीकार गरेको हुन्छ।

बोलपत्रदाता एस् एस् पेपर्स र वर्किपिडिया/मिसू/अन्नपुर्ण जेभी ले Financial resource form खाली पेश गरेको, एस् एस् पेपर्सले Pending litigation form पेश गरेको छैन भने वर्किपिडिया/मिसू/अन्नपुर्ण जेभी ले उक्त फर्म खाली पेश गरेको छ। निबेदक ओवि सि आइ प्राली, एस् एस् पेपर्सले Specific experience form पेश गरेको देखिदैन भने वर्किपिडिया/मिसू/अन्नपुर्ण जे.भी.ले उक्त फर्म जे.भी.को नामबाट पेश गरेको देखिदैन। रुचि पेपर्स प्रा.ली.ले उक्त फर्म पेश गरेतापनि कन्ट्याक्ट एमाउन्ट खुलाएको देखिदैन। यसरी पेश गरेको बोलपत्रहरु अधुरो छ।

३.११ बोलपत्र सम्बन्धी कागजातको Bid Data Sheet को 19.2 मा भएको व्यवस्था अनुरुप आइटम आईटमको Manufacturer's authorization letter बोलपत्रसाथ पेश गर्नु पर्दछ । निबेदक ओबिसिआइ प्रा.ली.र रुची पेपर्स प्रा.लि., ले उक्त letter निर्धारित ढाचामा पेश गरेको छैन भने उक्त letter मा आईटमगत विवरण पनि खुलाएको छैन । वर्किपिडिया/मिसू/अन्नपुर्ण जे.भी.ले उक्त पत्र पेश गरेतापनि आईटमगत विवरण खुलाएको छैन ।

३.१२ बोलपत्र सम्बन्धी कागजातको Instruction to Bidder को 13.1 मा "The bidder shall submit the bid submission letter using the form furnished In Section IV, Bidding forms. This form must be completed without any alternations to its formats, and no substitute shall be accepted. All blank space shall be filled in with information requested." तथा 17.1(a) मा To establishe their eligibility inaccordance with ITB 4, Bidder shall complete the eligibility declaration in the bid submission letter, included in section IV, Bidding Forms भन्ने उल्लेख छ । Bid submission letter को (h) मा निवेदक ओबिसिआइ प्रा.ली., रुची पेपर्स प्रा.लि. तथा वर्किपिडिया/मिसू/अन्नपुर्ण जेभी ले उक्त Commission, gratuities, or fee सम्बन्धी विवरण खुलाएको छैन ।

३.१३ Bid Data Sheet को 23.1 The required formsand documents shall be part of bids को 3 मा Company registration Mandatory भनी उल्लेख भएकोमा एस.एस पेपर्सले कम्पनी दर्ताको प्रमाणपत्र बोलपत्रसाथ पेश गरेको देखिदैन ।

३.१४ Bid Data Sheet को 23.1 The required formsand documents shall be part of bids को 12 मा Technical specifications Mandatory भनी उल्लेख भएतापनि बोलपत्र साथ वर्किपिडिया/मिसू/अन्नपुर्ण जेभी, रुची पेपर्स प्रा.लि.ले र एस. पेपर्सले Technical specifications पेश गरेतापनि सोको क्याटालग संलग्न गरेको देखिदैन । निबेदक ओबिसिआई प्रा.लि.ले उक्त फर्म बोलपत्रसाथ पेशनै गरेको देखिएन ।

३.१५ बोलपत्र सम्बन्धी कागजातको Qualification criteria को (e) मा Non manufactures bidders को अन्तिम तीन बर्षको औषत बार्षिक कारोवार २०० मिलियन हुनुपर्ने उल्लेख भएकोमा वर्किपिडिया/मिसू/अन्नपुर्ण जे.भी.को रु। ८,७१,९३,०००।- मात्र देखिदा बोलपत्र कागजातले माग गरेको बार्षिक औषत कारोवार पुग्ने देखिदैन ।

**४. छलफल तथा सुनुवाईः**

मिति २०७७।०८।२६ गते, ११.३० वजे समितिमा उपर्युक्त मुद्दाको बिषयमा श्री जनक शिक्षा सामग्री केन्द्र लि. सानो ठिमी भक्तपुर र निवेदक ओबिसिआई प्रा. लि. को प्रतिनिधिहरुको उपस्थितिमा छलफल तथा वहस कार्यक्रमसम्पन्न भयो ।

४.१ सो छलफल तथा वहस कार्यक्रममा निवेदक ओबिसिआई प्रा. लि.का तर्फबाट बिद्वान अधिबक्ता श्री भिमसेन बन्जारा र अधिबक्ता श्री बिपिन कोईरालाले भाग लिनु भई आफ्नो भनाइ राख्नु भयो ।

मिति २०७७।०४।२३ मा सप्लाई एण्ड डेलिभरी अफ ह्वाइट प्रिन्टिङ्ग पेपर खरिदका लागि प्रकाशित सूचना अनुसार हामीले पनि बोलपत्र दाखिला गरेका थियौ ।सार्वजनिक निकायबाट मिति २०७७।०५।२९ मा श्री एस.एस. पेपर्स काठमाडौंको मूल्य अभिबृद्धि कर बाहेक रु २०,३१,३०,०००।-बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन भयो । प्रकाशित सूचनामा चित्त नबुझी मेरो पक्षले मिति २०७७।०५।३१ मा सार्वजनिक निकायका प्रमुख समक्ष पुनरावलोकनका लागि दिएको निवेदनको जवाफ मिति २०७७।०६।०२ मा प्राप्त भयो । जवाफमा माग गरेको Related documents Manufacturer's Authorisation letter, Manufacturing Capacity, Commitment letter लगायतका कागजातहरु मागे अनुसारको नभएकोले सारभूतरुपमा प्रभावग्राही नभएकोले असफल भएको उल्लेख गरेको छ । यी कागजातहरु हामी निवेदकबाट बोलपत्र साथ पेस गरेका हौ । Fibremarx को मिति १९ अगस्ट २०२० को writing printing Paper उत्पादन गर्ने Commitment letter, सोही मितिको प्रति बर्ष ६००००।- मे.ट. writing printing Paper Manufacturing capacity Manufactures's Authorisation letter समेत पेश गरेका छौं । Manufactures's Authorisation letter मा White printing paper भन्नेनै उल्लेख गरिएको छ । साथै Specification अनुसारको कागज आपूर्ति गर्ने प्रतिबद्धता समेत उक्त पत्रहरुमा जाहेर गरिएकोले हामीले सबै Criteria पूरा गरेका र हामी न्यूनतम दर पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्तावलाई स्वीकृत गर्ने नदिई वढी मूल्यवालालाइ वोलपत्रको स्वीकृत गर्ने आशयको सूचना दिइयो । यसबाट राज्यलाई रु.१ करोड बरावरको हानी पुग्न गएको छ । कानूनको गलत ब्याख्या गरी गलत निर्णय भएको र Lowest Bidder भएकाले हामीले यो खरिद कार्यको बोलपत्र पाउनु पर्छ ।

४.२ सार्बजनिक निकाय श्री जनक शिक्षा सामग्री केन्द्र लि. सानो ठिमी भक्तपुरको तर्फबाट बिद्वान अधिवक्ता श्री अनिलराज शर्मा र प्रशासन बिभाग प्रमुख अधिवक्ता श्री चित्र आचार्यले बहस तथा छलफलमा सहभागी हुनु भई आफ्नो भनाइ राख्नु भयो ।

यस खरिद प्रक्रियामा बिपक्षी निबेदकले Manufacturer's Authorisation, M:anufacturing Capacity र Commitment to supply the goods सम्बन्धी Fibremarx को पत्र बोलपत्र साथ पेश गरेको कुरामा पूर्ण सहमति छ । Manufacturer's Authorisation letter मा Specification अनुसारको सामान उल्लेख छैन । Commitment to supply the goods मा Writing printing paper उल्लेख भएकोले माग अनुसारको सामान आपूर्ति हुने कुरामा बिश्वस्त हुने आधार रहेन । Manufacturing Capacity को पत्रमा पनि Writing printing paper मात्र उल्लेख भएको छ । Technical specification को सबै document पेश गरेको छैन । यसभन्दा अगाडी यस किसिमको (80+Brightness) को कागज माग गर्ने गरिएको थिएन । यो पहिलो पटक माग गरिएको हो ।

त्यसर्थ बोलपत्रमा उल्लेख भएका सबै शर्तहरु अनुसार बोलपत्र पेश नभएकोले न्यूनतम मूल्य कबोल गरेको आधारमा मात्र बोलपत्र स्वीकृत गर्न मिल्दैन । Technically सारभूतरुपमा प्रभावग्राही भएकामध्ये न्यूनतम मूल्य कबोल गर्ने एस.एस.पेपर्स काठमाडौंको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएकाले निवेदकले पेश गरेको निवेदन खारेज होस ।

**५. समितिको निर्णयः**

सूचना नं JEPPT-10/077/078, Re-Tender of Supply and Delivery of 3000 Metric Tons of 70 GSM White Printing Paper खरिद गर्न श्री जनक शिक्षा सामग्री केन्द्र लि. सानो ठिमी भक्तपुरबाट मिति २०७७।०५।२९ मा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनाका विषयमा वोलपत्रदाता ओबिसिआई प्रा.लि.का अख्तियारप्राप्त सञ्चालक.ले समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोमा संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा तथा उपर्यक्त अध्ययन, अवलोकनमा उल्लेख भएका विषय समेतको आधारमा सार्बजनिक निकायबाट उक्त खरिदका लागि एस.एस.पेपर्स काठमाडौंको बोलपत्र स्वीकृत गर्ने आशयको सूचनाका बिरुद्धमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(४), र सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६१(४) बमोजिम सार्बजनिक निकायले बोलपत्रको मूल्याङ्कन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नुपर्दछ ।

५.२ सार्बजनिक खरिद नियमावली, २०६३ को नियम ४० मा भएको व्यवस्था अनुसार बोलपत्रदाताको ग्राह्यता (ईलिजिविलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले व्यवसाय दर्ताको ईजाजतपत्र पेश गर्नु पर्ने उल्लेख भएको साथै ओबिसिआई प्रा.लि, रुचि पेपर्स प्रा.ली, र वर्किपिडिया/मिसू/अन्नपुर्ण जेभीको कम्पनी दर्ताको प्रमाणपत्रको शर्तमा कानून अनुसार लिनुपर्ने अनुमति सम्बन्धित निकायबाट लिएर मात्र कम्पनीको उद्देश्य अनुसार कारोवार गर्नुपर्नेछ भन्ने व्यवस्था भएकाले निबेदक बोलपत्रदाता ओबिसिआई प्रा.ली.र प्राविधिक प्रस्तावमा सफल भएका एस् एस् पेपर्सले उक्त ईजाजतपत्र बोलपत्रसाथ पेश गरेको देखिदैन । वर्किपिडिया/मिसू/अन्नपुर्ण जेभी र रुचि पेपर्स प्रा.ली,ले पेश गरेको काठमाडौ.महानगरपालिकाबाट क्रमशः मिति २०७३।०४।२५ र मिति २०७५।०५।३१ मा जारी व्यवसाय दर्ता प्रमाणपत्रमा व्यवसायको प्रकृति स्पष्ट नखुलाई क्रमशःसप्लायर्स तथा विविध सामानहरु स्थानीय खरिद बिक्री मात्र उल्लेख गरेकोले बोलपत्रले माग गरेको सामानको कारोवार गर्न प्रमाणपत्र प्राप्त गरेको हो भन्ने आधार देखिदैन ।

५.३ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११(१)(२) को प्रक्रिया अवलम्बन गरी लागत अनुमान तयार गर्न सार्बजनिक निकाय जनक शिक्षा सामग्री केन्द्र लि.को ध्यानाकर्षण गरिन्छ ।

५.४ अतः माथि खण्ड ३. अध्ययन अवलोकनका बुँदाहरुमा उल्लिखित बिषयहरुको सम्बन्धमा निबेदक ओबिसिआई प्रा.ली, रुचि पेपर्स प्रा.ली, एस् एस् पेपर्स र वर्किपिडिया/मिसू/अन्नपुर्ण जेभी सहितका बोलपत्रदाताहरुले सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(क) अनुसार योग्यताको आधारहरु पुरा नगरेको, ऐनको दफा २३(२) बमोजिम बोलपत्रको परीक्षण र उपदफा (३) को (ग)(घ) बमोजिम बोलपत्रको पूर्णताको परीक्षणमा मूल्यांकन समितिको ध्यान नपुगेको, ऐं नियमावलीको नियम ४० बमोजिम बोलपत्रदाताहरुबाट कानूनी ग्राह्यता सम्बन्धी आधारहरु पेश गर्न चुकेकोले ऐनको दफा २५(५) र नियमावलीको नियम ६१(४) को व्यवस्थाको पालना नभएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५०(५) (ख)(२) बमोजिम सार्बजनिक निकायले गरेको निर्णयलाई पूर्णरुपमा रद्द गर्न आदेश दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार फिर्ता गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७७ साल पौष ०५ गते रोज ०१ शुभम्.............................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

## मुद्धा नं. १३१

## आ.व. २०७७/७८ को निर्णय नं ७

जि. कैलाली धनगढी न.पा वडा नं २ स्थित उत्तम स्टोरका प्रोपराइटर वर्ष ३६ को अरुण पाठकको अख्तियारप्राप्त वा. का.जि.का.म.न.पा वडा नं २९ वस्ने ओशिन नगरकोटी ..........१ **निवेदक**

**विरुद्ध**

श्री नेपाली सेना, जंगी अड्डा भद्रकाली काठमाडौ ..........१ **विपक्षी**

श्री नेपाली सेना, मध्य पश्चिम पृतना, हेडक्वाटर योगिकुटी बुटवल, रुपन्देही ..........१

**विषय:- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम पुनरावलोक गरी पाउं ।**

**१. निवेदकककको माग दावी:**

बोलपत्रसूचना नं.NA/MWD/077/78/01(e-GP) बाट नेपाली सेना, मध्य पश्चिम पृतना हेडक्वार्टर योगिकुटी, बुटवल बिरुध्द शाकाहारी तथा माँसाहारी साधारण रासन, विरामी डाइट रासन खरिद सम्वन्धी बोलपत्र स्वीकृत गर्ने आशय उपर चित्त नबुझी उपर्युक्त निवेदकले कानून अनुसार राख्नु पर्ने सानिमा बैंक लिं नक्साल, काठमाडौंको ग्यारेन्टी रेफ नं. SPB026777800362, मिति डिसेम्बर ४, २०२० को रु. ८,००,०००।- बैंक जमानत सहित यस समितिमा मिति २०७७।०८।२१ मा दर्ता गराएको निबेदनमा देहाय वमोजिम माग दावी रहेको देखिन्छ ।

१.१ निवेदक फर्मले विपक्षी पृतनाले मागेको प्याकेज १ अर्न्तगत मेरो सबैभन्दा न्यूनतम बोल अंक भएकोमा म भन्दा बढी कबोल गर्ने विक्रम खाद्य स्टोरलाई मिति २०७७।८।१२ मा बोलपत्र स्वीकृत गर्ने आशयपत्र दिएकोमा बोलपत्रको मुल्याङ्कन र निर्णयमा चित्त नबुझी सार्वजनिक निकायको प्रमुख समक्ष मिति २०७७।८।१२ मा उजुरी गरेकोमा सार्वजनिक खरिद नियमावलीको नियम ४०(१)(२) र (४), सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(घ) बमोजिम बोलपत्रको पूर्णताको परीक्षण गर्दा असफल भएकोले दोस्रो चरणमा जान नसकेको हुँदा सारभूतरुपमा प्रभावकारी बोलपत्रलाई आशयको सूचना दिइएको भनी मिति २०७७।८।१५ मा जानकारी गराउनु भएकोले श्री विक्रम खाद्य स्टोरका तर्फबाट पेश भएको बोलपत्रलाई ग्राह्य मानी गरिएको मुल्याङ्कन र निर्णय तथा पत्राचार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४,२५,४९ र ५० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८९, १०४, १०५, १०७ अनुसार पुनरावलोकन गरी पाउँ ।

१.२ बोलपत्रको प्याकेज १ मा स्टक राख्न सकिने राशन सामान, विरामी डाइट तर्फको हकमा मैले बोलपत्र बमोजिमको फारममा रु. ७,७१,१४,७९९.६४/- (मु. अ. कर बाहेक) बोल अंक कायम गरी बोलपत्र पेश गरेको थिए । उक्त बोलपत्र रीतपुर्वक र आवश्यक कागजात रहेकोले उक्त बोलपत्र मुल्याङ्कनमा पर्न गएको कुरा विपक्षी पृतनाले मिति २०७७।७।२६ मा बोलपत्र खोलुवा गर्दा जिल्ला दररेटको १५ प्रतिशतभन्दा कम कबुल भएकोले सो बारे के कति कारणले उक्त दररेट भन्दा कम बोल अंक कवुल गरेको हो भनी बोलपत्र निर्देशनको दफा ३०(३) बमोजिम विवरण खुलाई पेश गर्नु भनी मिति २०७७।८।४ मा पत्राचार गरिएको थियो । उक्त पत्र प्राप्त हुनासाथ जिल्ला दररेट आफुलाई थाहा नभएको, स्थानीय बजारमा उक्त राशन सामानहरु आपुर्ति गर्ने उत्पादक कम्पनी आयत निर्यात गर्ने व्यापारी तथा स्थानीय एजेन्टहरुसंग गरेको सम्झौताको दरलाई आधार मानी उक्त दर कबोल गरिएको हो । ठेक्का स्वीकृत भएमा एक महिनाको चालु र २ महिनाको स्टक राशन स्पेसिफिकेशन अनुसारको नियमित उपलब्ध गराउन सकिने प्रतिवद्धता समेत व्यक्त गरी पृतना अर्न्तगत राशन ठेक्का वन्दोवस्त समितिलाई मिति २०७७।८।४ मा जवाफ गराएको थियो ।

१.३ निवेदकले बोलपत्र बमोजिमको कागजातहरु र चाहिने बोलपत्र पेश गर्दा पेश गर्नुपर्ने सम्पूर्ण कागजातहरु तथा खोलुवा बोलपत्र बमोजिम सोधनी भएका विवरणहरुको तत्कालै सम्वोधन गरी आएकोमा उक्त बमोजिमको बोलपत्र बमोजिमको राशन सप्लाई गर्ने कार्य निवेदकलाई नदिई अन्यको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिइएको छ । सोमा चित्त नबुझी तत्कालै प्रत्यार्थी सार्वजनिक निकायका प्रमुख समक्ष मिति २०७७।८।१२ मा उजुरी गरेकोमा सार्वजनिक खरिद नियमावलीको नियम ४०(१)(२) र (४), सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(घ) बमोजिम बोलपत्रको पूर्णताको परीक्षणमा असफल भएकोले सारभूतरुपमा प्रभावग्राही बोलपत्रवालालाई आशयको सूचना दिइएको भनी मिति २०७७।८।१५ मा गरिएको निर्णय पत्रचार मैले पेश गरेका कागजात प्रमाणका आधारमा बदर योग्य छ ।

१.४ मैले बोलपत्रको खण्ड-४(क), सि.नं ८ बमोजिमको शर्त पूरा गरेको छु । बोलपत्र मुल्याङ्कनकर्ता विपक्षी पृतनाले मेरो बोलपत्र अयोग्य गर्न मिल्दैन । यस आ.व को लागि बोलपत्र आह्वान गर्दा ५ प्याकेज कायम गरी छुट्टा छुट्टै बोलपत्र आह्वान गरेबाट यो बोलपत्र नयाँ स्वरुपमा आह्वान भए बमोजिम निवेदकले राशन सप्लाई गर्दा प्याकेज १ को लागि यो वर्ष मात्र बोलपत्र भरेकोले नयाँको लागि लागु हुने व्यवस्था अर्न्तगत उक्त विकल्प मध्ये ८(ख) को विकल्प रोजी बोलपत्रले उल्लेख गरे बमोजिम ३९ करोडको सानीमा बैक धनगढीबाट जारी भएको क्रेडिट लाइन पेश गरेको हो । क्रेडिट लाइन बोलपत्रकै शर्त भएको र निवेदकले उक्त विकल्पको प्रयोग गर्दा राशन सन्तोषजनक रुपमा आपुर्ति गरेको प्रमाण पेश गर्नुपर्ने वाध्यता नभएको स्पष्ट छ ।

१.५ अर्कोतर्फ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(४) ले सार्वजनिक निकायले बोलपत्रको परीक्षणको क्रममा बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सक्ने र उक्त बमोजिम माग भएको जानकारी सार्वजनिक निकायलाई दिनुपर्ने व्यवस्था ऐ दफा २३(५) मा उल्लेख छ । निवेदकलाई राशन सन्तोषजनक रुपमा आपुर्ति गरेको प्रमाण पेश गर्नको लागि विपक्षी पृतनाले मिति २०७७।८।४ मा दिएको पत्रमा भनेको छैन । केवल निर्देशनको दफा ३०(३) को विवरण मिति२०७७।८।०७ भित्र पेश गर्न भनिएको छ । यसबाट निवेदकले पेश गरेको क्रेडिट लाइनलाई मानी विपक्षी सार्वजनिक निकायले मुल्याङ्कनमा मेरो बोलपत्र ऐनको दफा २५(१) बमोजिम परेको स्पष्ट छ । यस दफा बमोजिम पूर्णताको परीक्षणमा नपरेको भए ऐनको दफा २४ बमोजिम रीत नपुगेको बोलपत्र भनी मेरो बोलपत्र विपक्षी पृतनाले अस्वीकृत गर्नुपर्ने थियो। यो दफा बमोजिम अस्वीकृत गरेको नभई उक्त बोलपत्रको खण्ड-४(क) को सि.नं ७ (क) बमोजिम राशन सन्तोषजनक रुपमा आपुर्ति गरेको

प्रमाण पेश गर्नुपर्ने भन्ने आधार विपक्षी पृतनाले मिति २०७७।०८।१५ मा दिएको उजुरी निवेदन सम्बन्धमा उल्लेख गरेको छ। फेरि बोलपत्रको सि.नं ७(क) मा उक्त व्यवस्था नभई संयुक्त उपक्रमको कुरा उल्लेख छ।

१.६ मेरो बोलपत्र अग्राह्य गर्नको लागि विपक्षीले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (१) (२) र (४) को कानूनी आधार लिएको छ। यी सबै आधारहरु बमोजिमका कागजातहरु बोलपत्रसाथ पेश गरेको साथै रु. ३९ करोडको Credit line Information समेत पेश गरेकोले मेरो बोलपत्र योग्य र ग्राह्य रहेको तथ्य पुष्टि छ।

१.७ सार्वजानिक खरिद ऐन, २०६३ को दफा २४(घ) ले उद्दरण गरेको दफा २३ को उपदफा २ बमोजिम नभएको भनी सारभूतरुपमा प्रभावकारी नभएको भन्ने बोलपत्रको मुल्याङ्कनकर्ता, निर्णयकर्ताको केवल मनोगत धारणामा आधारित छ। म निवेदकले पेश गरेको बोलपत्र मुल्याङ्कनको लागि ग्राह्य रहदा रहदै बढी अंक कबुल गर्ने विक्रम खाद्य स्टोरको बोलपत्रलाई ग्राह्यता दिई रु २०,५४,९५७.४०/- कम मेरो बोलपत्रलाई सारभूतरुपमा अप्रभावकारी गरिएको विपक्षीहरुको निर्णय, पत्राचार तथ्यतग र कानूनसम्मत नरहेकोले पुनरावलोकन मार्फत बदर योग्य रहेको छ।

१.८ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा १ देखि ७ सम्मको बोलपत्रको मुल्याङ्कन सम्वन्धी दफा बमोजिम मैले पेश गरेको बोलपत्र मुल्याङ्कनको लागि ग्राह्य बोलपत्रको रुपमा रहेको कुरा विपक्षी सार्वजनिक निकायले मिति २०७७।८।४ मा राशन ठेक्का वन्दोवस्त सम्वन्धमा लेखेको पत्रबाट नै पुष्टि भएको छ। बोलपत्र कागजातमा उल्लिखित योग्यता मुल्याङ्कनका आधार अनुरुप भएको पाइएको अवस्थामा ऐ उपदफा (७) मा त्यस्तो बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रवाभग्राही बोलपत्र मानिने व्यवस्था छ भने ऐ दफा २७(१) ले सारभूतरुपमा प्रभावकारी बोलपत्र स्वीकृतिको लागि छनौट गर्नुपर्ने वाध्यात्मक कानूनी व्यवस्था गरेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८९(५) बमोजिम स्वीकृत हुनुपर्नेमा मेरो बोलपत्रलाई अग्राह्य मानी बोलपत्र अस्वीकार गरिनु, अग्राह्य मानिनु तथा बोलपत्र अस्वीकृत गरिनु यी वर्णित कानूनी व्यवस्था विपरीत भै बदरयोग्य छ।

**२. सार्वजनिक निकायको प्रतिकियाः**

यस समितिको मिति २०७७।०८।२१ को पत्रबाट सार्वजनिक निकाय श्रीनेपाली सेना, नेपाली सेना जंगी अड्डा भद्रकाली काठमाडै,श्रीनेपाली सेना, मध्य पश्चिम पृतना, हेडक्वाटर योगिकुटी बुटवल, रुपन्देहीबाट उपर्युत राशन खरिद प्रक्रियाका बिषयमा परेको निवेदन/मुद्दाको प्रतिक्रिया माग गरेको मा २०७७।०८।२४ को पत्र साथ प्राप्त प्रतिकियामा उल्लेख भएको प्रमुख अंश निम्नानुसार छन्:

२.१ ऐनको दफा ३ (१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने तथा ऐ. उपदफा (२) मा उपदफा (१) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था गरेको, दफा १३(१)(ख) मा बोलपत्रसम्बन्धी कागजात तयार गर्दा ऐनको दफा १० बमोजिम बोलपत्रदाताको योग्यताका आधारहरु तयार गर्नुपर्ने, दफा १०(२) ले विगतको कार्यसम्पादन, वित्तीय श्रोत र अवस्था, पेशागत कसूर गरे बापतको सजाय र यस्तै अन्य आधारहरु समेत बोलपत्रदाताको योग्यताको आधारकोरुपमा व्यवस्था गर्न सक्ने भन्ने व्यवस्था गरेको छ। नियमावलीको नियम ४०(१)(च) मा "ऐन, नियमावली र SBD विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात" समेत बोलपत्रदाताको ग्राहयता (इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा माग गर्न सकिने व्यवस्था गरेको छ। सोही प्रावधानको आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१) मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानूनबमोजिम योग्य भएको पुष्टि गर्न बोलपत्र कागजको खण्ड-२ मा बोलपत्रदातालाई दिएको निर्देशनको दफा ४ तथा बोलपत्र कागजको खण्ड-४(क) मा उल्लिखित बोलपत्रदाताको ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजात समेत परीक्षण गर्नुपर्ने व्यवस्था छ। उक्त निर्देशनको खण्ड-२ को दफा ४(क) मा उल्लिखित प्रमाण कागज पेश गर्ने बोलपत्रदाता कानून बमोजिम योग्य मानिने व्यवस्था समेत रहेको देखिन्छ ।

२.२ ऐनको दफा २३(२) (घ) ले योग्यता सम्बन्धी आवश्यक कागजातको परीक्षण गर्नुपर्ने व्यवस्था गरेको र नियमावलीको नियम ४०(१)(च) मा ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात समेत बोलपत्रदाताको ग्राह्यता (इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा रहने व्यवस्था गरेको छ। सोही कानुनी व्यवस्थाहरुको आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको निर्देशनको दफा २५(१)(ज) मा पूर्णताको परीक्षणको क्रममा खरिदकर्ताले माग गरेको अन्य कागजात समेत परीक्षण गर्नुपर्ने, दफा २४ मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानूनबमोजिम योग्य भएको पुष्टि गर्ने, बोलपत्र कागजको खण्ड-२ को बोलपत्रदातालाई दिएको निर्देशनको दफा ४ तथा बोलपत्र कागजको खण्ड-४(क) मा उल्लिखित बोलपत्रको ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजातको समेत परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त निर्देशनको खण्ड-२ को दफा ४ मा खण्ड-४(क) मा उल्लिखित प्रमाण कागजहरु निवेदकले बोलपत्र साथ पेश गर्न सकेको देखिदैन।

२.३ ऐनको दफा २४(घ) मा दफा २३(२) बमोजिम बोलपत्रदाताको योग्यतासम्बन्धी आवश्यक कागजात पेश नगर्ने बोलपत्रदाताउपर दफा २३ को खण्ड (घ) तथा नियमावलीको नियम ४०(४) बमोजिम कारबाही नहुने हुँदा निवेदकको बोलपत्रलाई सो सूचीमा राखिएको हो।

२.४ पछिल्लो कुनै तीन आ.व. हरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनक रुपमा रासन आपूर्ति गरेको अनुभवको पत्र ऐनको दफा २३ को (२), नियमावलीको नियम ४०(१)(२) तथा बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१), दफा २५(१)(ज), तथा खण्ड-४ को ७(१)(क) बमोजिम कानूनी ग्राह्यता पुष्टि गर्ने महत्वपूर्ण कागजात भएको तर निवेदकले सो कागज पेश गर्न सकेको छैन। ऐनको दफा २४(घ), नियमावलीको नियम ४०(४) ले उल्लिखित कागजात पेश नगर्ने बोलपत्रदाताको बोलपत्र कारबाही नहुने व्यवस्था गरेको देखिन्छ।

२.६ पेश गरेको कागजको सूचीमा खरिदकर्ताले माग गरेको पछिल्लो तीन आ.व. हरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनकरुपमा रासन आपूर्ति गरेको कागज पेश गरेको छु भन्न नसकी गोलमटोल भाषामा माग बमोजिमका सम्पूर्ण कागजात पेश गरेको भनेको तर कागज कहाँ छ भन्न सकेको छैन। सार्वजनिक निकायले बोलपत्रदातालाई जारी गरेको निर्देशनको खण्ड-४ को (क) वा (ख) मध्ये एक पेश गरे हुने भन्ने तोकिएको हुँदा आफूले सोमध्ये (ख) को Line of Credit पेश गरेको भनी दावी लिएको देखिन्छ। तर उक्त दफाको (क) मा विगत तीन वर्षहरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनकरुपमा रासन आपूर्ति गरेको पत्र पुरानो बोलपत्रदाताको हकमा र नयाँ बोलपत्रदाताको लागि Line of Credit पेश गर्नुपर्ने व्यवस्था गरी छुट्टा छुट्टै वर्गको लागि छुट्टा छुट्टै व्यवस्था गरिएको हो। निजले निवेदनमा अघिल्ला आर्थिक वर्षहरुमा नेपाली सेनामा रासन आपूर्ति गरेको भनी उल्लेख गरेकै हुँदा निज पुरानो आपूर्तिकर्ता भएको प्रमाणित हुन्छ।

२.७ बोलपत्रदातासंग जानकारी माग्न सक्ने व्यवस्था कानुनी ग्राह्यता पुष्टि गर्ने कागजातको सम्बन्धमा होइन यो केवल पत्रको सन्दर्भमा हो। निवेदकलाई लागेको कागजात पेश गर्दैमा माग गरेको कागजात पेश गरेको मानिदैन। खरिदकर्ताले माग गरेको सबै कागजात पेश गरेपछि

मात्र पेश गरेको मानिन्छ । ऐनको दफा २४ बमोजिम के नभएको हो वस्तुनिष्टरुपमा भन्न सकेको छैन । खरिदकर्ताले सम्पूर्ण कार्यहरु मनोगतमा नभई कानूनबमोजिम नै गरेको छ ।

२.८ विपक्षी स्वयंले एकपटक सचेत गराएको कुरा पनि स्वीकार गर्नु भएको छ । तर यसको अतिरिक्त कैयौं पटक विभिन्न युनिटहरुबाट मौखिक तथा लिखित रुपमा निजलाई सचेत गराएका छन् । निवेदकले नेपाली सेनाको विभिन्न युनिटहरुमा बोलपत्र पेश गरेको र नियमित रुपमा भई रहेको परीक्षण र मूल्याङ्कन कार्यलाई प्रभाव पार्ने गरी मिति २०७७/०८/१२ गते मन्त्रालय, संवैधानिक निकाय लगायत विभिन्न निकायहरुमा दिएको निवेदन सम्बन्धमा तीन दिनभित्र स्पष्ट खुलाई जानकारी दिन श्री आपूर्ति तथा परिवहन निर्देशनालयले मिति २०७७/०८/१६ गते पत्राचार गरेकोमा कुनै जवाफ प्राप्त नभएकोले निज निवेदकले सार्वजनिक खरिद कारबाहीमा सहभागी भई बोलपत्रदाताले पालना गर्नुपर्ने ऐनको दफा ६२ बमोजिमको आचरण पालना नगरेको कारण ऐनको दफा ६३(१)(क) बमोजिम कालो सूचीमा राख्ने आवश्यक कारबाही बढी सकेको छ ।

**३. अध्ययन अवलोकनः**

उपर्युक्त निवेदकको निवेदन/मुद्दाका बिषयमा निवेदनसाथ पेस भएका कागजातहरु, बोलपत्र कागजातहरु, सार्वजनिक निकायबाट प्राप्त कागजातहरु, सार्बजनिक खरिद सम्बन्धी प्रचलित कानूनहरुका आधारमा अध्ययन अवलोकन गरिएको छ ।

३.१ यस खरिद कार्यका लागि ५ प्याकेज बनाई मिति २०७७।०६।२६ मा बोलपत्र आह्वानको सूचना प्रकासन भएकोमा प्याकेज १ (स्टक राख्न सकिने सुख्खा राशन, साधारण तर्फ समेत) को लागि साधारण तर्फ रु.७,८८,०४,५१०।७०। र विरामी तर्फ ३,६५,२४६। गरी जम्मा रु ७,९१,६९,७५७-को बोलपत्र पेस गर्ने बिक्रम खाद्य स्टोरको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना, निर्णय प्रति चित्त नबुझी निवेदकबाट पृतनापतिज्यू समक्ष मिति २०७७।०८।१२ मा पुनरावलोकनका लागि दिएको निवेदनको जवाफ २०७७।०८।१५ मा दिइएको देखिन्छ । सो जवाफ उपर चित्त नबुझी नियमानुसार राख्नुपर्ने बैंक जमानत सहित यस समितिमा मिति २०७७।०८।२१ मा निवेदन दर्ता भएको छ ।

३.२ सार्वजनिक निकायबाट गठित बोलपत्र मूल्यांकन प्रतिबेदनमा उल्लेख भए अनुसर यस प्याकेज नं. १ का खरिद कार्यका लागि निबेदकका सहित ८ (सार्बजनिक निकायबाट समितिमा १० थान बोलपत्र प्राप्त भएको) जना आपूर्तिकर्ता फर्म कम्पनीहरुले बोलपत्र पेस गरेकोमध्ये न्यू आर.के.ट्रेडर्स, युनाइटेड ट्रेड लिंक सेन्टर, आर्जन फुड सप्लायर्स र बिक्रम खाद्य स्टोर कानूनी ग्राह्यताको परीक्षण र पूर्णताको परीक्षणमा सफल भएको उल्लेख गरी सोमध्ये आर्थिक पक्षको मूल्यांकनमा न्यूनतम बोल अंक कबोल गर्ने बिक्रम खाद्य स्टोर, साँगा २ काभ्रेपलाञ्चोकको रु.७,९१,६९,७५७।०० को बोलपत्र स्वीकृत गर्ने आसयको सूचना जारी भएको देखिन्छ । निवेदक उत्तम स्टोरको रु ७,७१,१४,७९९।६४ (मूल्य अभिबृद्धि कर बाहेक) रहेको देखिन्छ ।

३.३ सार्बजनिक निकायका प्रमुख समक्ष दिएको उजूरी निवेदनमा वढी दायित्व सिर्जना गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) विपरित मूल्यांकन गरेकोले खरिद कारबाहीको पुनरावलोकन गरी पाउँन माग गरेकोमा सार्वजनिक निकायबाट दिएको जवाफ प्रतिक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ को दफाहरु, नियमावली तथा बोलपत्र कागजातको आधार लिई निर्णय गरएिको भन्ने उल्लेख छ ।

३.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन वमोजिमको कार्यविधि पूरा गर्नु पर्नेछ र (२) मा प्रतिकूल हुने गरी खरिद गरेमा खरिद वदर वा अमान्य हुने व्यवस्था रहेकोले सार्वजनिक खरिद ऐनको प्रतिकूल हुने गरी खरिद गर्नु कानून सम्मत नहुने देखिन्छ ।

३.५ बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुनका लागि ऐनको दफा २३(२) वमोजिम बोलपत्रको परीक्षणमा उतिर्ण भए पछि बोलपत्र पूर्ण छ छैन ? भनी पुर्णताको परीक्षण हुन्छ र यसमा पनि उतिर्ण हुनु पर्ने हुन्छ । ऐनको दफा २४(घ) मा दफा २३(२) वमोजिम वमोजिम नभएमा बोलपत्र उपर कारवाही नहुने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था तथा सोही आधारमा PPMO बाट जारी भएको आधारमा सार्बजनिक निकायबाट जारी बोलपत्र कागजातले माग र निर्देशन गरेको बोलपत्र कागजात तोकिएको अवधि भित्र पेस हुन नआएमा २३(२) वमोजिम त्यस्ता बोलपत्र सारभूतरुपमा प्रभावग्राही नभएको मानिन्छ । ऐनको दफा २५(५) को आशय पनि यही हो । बोलपत्रदाता निवेदकबाट ऐनको दाफा २३(२)(ख)(घ) तथा २३(३) को (ग)र(घ) का प्रमाणहरु बोलपत्र कागजातहरु पेश नगरेकाले शर्त पूरा गरेको दखिदैन । यसको अभावमा ऐनको दफा २४(घ) आकर्षित हुने नै भयो ।

३.६ ऐनको दफा २५(५) मा “बोलपत्रको मूल्यांकन बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ र त्यसरी मूल्यांकन गर्दा प्रत्येक बोलपत्रको मूल्यांकित रकम अर्को बोलपत्रको मूल्यांकित रकमसंग तुलना गरी न्यूनतम बोल अंक कबुल गर्ने बोलपत्र निर्धारण गर्नु पर्नेछ ” भनी व्यवस्था भएको छ । बोलपत्र कागजात कानूनका आधारमा तयार भएकोले सार्बजनिक निकाय र बोलपत्रदाताले यसमा भएका शर्तहरुको बाध्यात्मकरुपमा पालना गर्नुपर्दछ । यसमा भएका व्यवस्था कानूनमा नबाझिएको हदसम्म अक्षरश् लागू हुनु पर्दछ। साथै ऐनको दफा २५(७) मा उपदफा (४) वमोजिम न्यूनतम् बोल अंक कबूल गर्ने बोलपत्रको बोलपत्रदाताको योग्यता उपदफा (५) बमोजिम जाँच गर्दा बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित योग्यता मूल्यांकनका आधार अनुरुप भएको पाइएमा त्यस्तो बोलपत्र न्यूनतम् मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मानिनेछ । यसरी जाँच गर्दा त्यस्तो बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित मूल्यांकनका आधार अनुरुप भएको नपाइएमा मूल्यांकनबाट हटाइने व्यवस्था छ । त्यसर्थ बोलपत्रमा उल्लिखित् बोल अंक न्यूनतम भएर मात्र हुदैन, सारभूतरुपमा प्रभावग्राही हुनका लागि बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित योग्यता र आधार पूरा भएको हुनु पर्ने देखिन्छ ।

३.७ ऐनको दफा १०(१)(क) मा बोलपत्र सम्बन्धी योग्यताका आधार पूरा गर्नु पर्ने (२) मा उपदफा (१) वमोजिम बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजातमा योग्यताको आधारमा पेशागत र प्राविधिक योग्यता, विगतको कार्य सम्पादन, वित्तीय स्रोत र अवस्था, पेशागत कसूर गरे वापतको सजाय र यस्तै आधारहरु राख्न सकिने व्यवस्था छ । यस खरिद प्रक्रियामा ग्राह्यता परीक्षण सम्बन्धी व्यवस्था बोलपत्र कागजातहरुको खण्ड-२ को २४ मा उल्लेख छ । मूल्यांकन समिति यसैका आधारमा बोलपत्रको मूल्यांकन गर्न बाध्यकारी हुन्छ । निवेदक बोलपत्रदाता उत्तम स्टोरले पेश गरेको सार्वजनिक निकायबाट प्राप्त बोल फायल अध्ययन गर्दा राशन आपूर्ति गरेको अनुभव (निर्देसित फारममा भरी) र प्रसंशा पत्र समावेश देखिएन, साथै खण्ड- २ को बोलपत्रदातालाई निर्देशन ७(छ) को आपूर्ति तालिका, (ज) को Technical specification (कुनै पदार्थको बिस्तारपूर्वक प्राविधिक ब्याख्या) समावेस देखिएन । व्यवसाय दर्तामा राशन आपूर्ति गर्ने अनुमति प्राप्त गरेको हुनु पर्ने हो । बोलपत्र कागजातमा संलग्न भएका खाद्यान्न र लत्ताकपडा आपूर्ति गर्ने योग्यता बोलपत्रको शर्त अनुसार पुग्ने देखिदैन । बोलपत्रकागजातको खण्ड ३ को २(ख)मा व्यवसाय दर्ताको इजाजत पत्र (प्याकेज अनुसार आपूर्तिको उद्देश्य राखी दर्ता भएको हुनुपर्ने उल्लेख छ । सैनिक अधिकृत तथा जवानहरुका लागि Hygenic खानाहरुको आवश्यकता पर्ने हुदाँ राशन आपूर्तिकर्ताले आपूर्ति गरेका खाद्यान्न Hygenic भएको प्रमाण पेस गर्नु पर्ने व्यवस्था हुन उपयुक्त हुन्छ । त्यसैले Specification (राशनको विस्तारपूर्वक ब्याख्या वा लक्षण) को

आवश्यकता भइ माग भएको देखिन्छ । यिनहरुका अतिरिक्त बिक्रम खाद्य स्टोरले कार्य सम्पादन गरेको पत्र पाएको देखिन्छ । यी कागजातहरुका आधारमा बोलपत्र कागजात साथ समावेस फारममा भरी अनिवार्य पेस गर्नु पर्ने बोलपत्र कागजातमा उल्लेख छ । e-GP को माध्यमबाट बोलपत्र पेस गरेकोमा योग्यताका आधार जस्ता कागजातहरु बोलपत्रसाथ Upload गर्नु अनिवार्य हुन्छ । बोलपत्र पेस गर्ने समय व्यतित भएपछि पेस गरेको योग्यता कागजातहरुलाई मान्यता दिन मिल्ने देखिदैन ।

३.८ Technical Specification पेस गर्नु पर्ने बोलपत्र कागजातमा व्यवस्था भएको हुँदा सो सम्बन्धि Technical Specification बोलपत्र दर्ता भएकै समयमा पेश गर्नु पर्छ । यो कागजात पछि पेस गर्ने प्रतिबद्धता जनाएर मात्र पुग्ने देखिदैन ।

३.९ बोलपत्रदाताले जिल्ला दर रेट थाहा नभएको बिषयमा बोलपत्र पेस गर्दा सबै कुराहरु पढी बाँची दस्तखत गरी पेस गरेको मानिन्छ । यो एउटा Contract को अवस्था हो । तसर्थ जानकारी विना बोलपत्र पेस गरेको भन्न पाइने अवस्था हुदैन ।

३.१० बोलपत्र कागजातको खण्ड-२ को ५.४ बोलपत्रदाताको योग्यतामा बोलपत्रमा राशन आपूर्ति गरेका अनुभव हाँसिल नगरेका नयाँलाई Credit Line पेश गर्नुपर्ने उल्लेख भएको देखिन्छ । त्यसैगरी खण्ड-४ को ७(क) मा बिगत तीन आ.ब. हरुमध्ये कुनै एक आ.ब. मा सन्तोषजनकरुपमा राशन आपूर्ति गरेको प्रमाण र बिगत ३ बर्षको औषत कारोवार रु. १६,००,००,०००।- (सबै प्याकेजका लागि) खुलेको प्रमाण पेश गर्नु पर्ने उल्लेख छ । यो कागजात अनुभब हांसिल गरेको बोलपत्रदाताले पेश गर्नु पर्दछ । पहिले राशन आपूर्ति गरेको बोलपत्रदाताले नयाँ हुँ भनेमा आफनो योग्यता ढाँटेको वा छुपाएको बुझ्नु पर्ने हुन्छ । Credit Line बोलपत्रदाताको आर्थिक हैसियत दर्शाउने प्रमाण हो । सम्झौता बमोजिमको कार्य सम्पादन गर्न नसके वा छाडेमा त्यही रकमबाट राशन आपूर्ति गराउने हो । अनुभव आफूले सोही किसिमको काम विगतमा सफलतापूर्वक सम्पादन गरेको प्रमाण हो । यी दुई प्रमाणहरु अलग अलग कागजातहरु हुन् ।

३.११ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(१)(च) मा “ऐन, यस नियमावली र स्टयाण्डर्ड बिडिंग डकुमेण्टको विपरित नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात” भनी उल्लेख भएकोले सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजातहरु राख्न सक्ने व्यवस्था छ । यस्ता कागजातहरु ऐन, नियमावली, SBD का विरुध्द हुनु हुदैन । निर्देशन गरेका कागजातहरु पेश नभए बोलपत्रहरु सारभूतरुपले प्रभावग्राही हुदैन ।

३.१२ निबेदकले शर्त वमोजिमका राशन सामाग्री उपलब्ध नगराएको भनी मिति २०७७।०३।३१ मा पत्र लेखिएको, राशन सामाग्री स्टोरमा नभएकोले बजारबाट किन्ने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) वमोजिम प्रक्रिया अघि वढाउने जानकारी दिएको, राशन उपलब्ध गराउने मिति २०७७।०५।०५ र २०७७।०७।०५ को ताकेता पत्रहरु, राशन आपूर्ति संन्तोषजनक नभएको मिति २०७७।०८।०४ को २ नं तालीम गणले योगीकुटी हे. क्वाटरलाइ लेखिएको पत्रहरुबाट सचेत गराएकोले राशन आपूर्तिकर्ताको कार्यसम्पादन सन्तोषजनक नभएको प्रष्ट हुन्छ । कार्य सम्पादन सन्तोषजनक नहुनु, कार्य नगरेको भनी छल्नु, र नयाँ आपूर्तिकर्ता भनी credit Line पेस गर्नुले निबेदकले अबिश्वास सिर्जना गरेको देखिन्छ ।

३.१३ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२) को खण्ड (ख) मा ग्राह्यताका आधार तथा त्यस्तो आधार प्रमाणित गर्न अन्य आधारहरुका साथै व्यवसाय दर्ताको ईजाजत पेश गनुपर्ने उल्लेख भएको र सार्बजनिक निकायले जारी गरेको बोलपत्र सम्बन्धी कागजातको खण्ड-३ को दफा १.१ को (ख) मा व्यवसाय दर्ताको ईजाजतपत्र पेश गर्नु पर्ने शर्त तोकिएको छ । कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी हुने गरेको कम्पनी दर्ताको प्रमाणपत्र र बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयबाट जारी गरिने प्राईभेट फर्म दर्ताको प्रमाण पत्रमा अनुमति लिनु पर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति लिएर मात्र कारोवार गर्नुपर्ने उल्लेख गरेको पाईन्छ । खरिद नियमावली, बोलपत्र सम्बन्धी कागजात, उपर्युक्त दुई निकायबाट जारी प्रमाणपत्रमा उल्लेख भएको व्यवस्था अनुसार बोलपत्रदाताहरुले अनिवार्यरुपमा व्यवसाय दर्ताको ईजाजत पत्र पेश गनुपर्ने हुन्छ । निबेदक उत्तम स्टोर सहित आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका कर्णाली अर्डर एण्ड सप्लायर्स, सदा ज्योति सप्लायर्स र अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स समेतले आधिकारिक सार्बजनिक निकायबाट प्राप्त राशन आपूर्ति गर्ने व्यवसाय दर्ताको इजाजतपत्र बोलपत्रसाथ पेश गरेको देखिदैन । बिक्रम खाद्य स्टोर्सले घरेलु तथा साना उद्योग कार्यालय धुलीखेलबाट जारी भएको व्यवसाय दर्ताको ईजाजत पत्रमा कारोवार गर्ने बस्तुको विवरणमा राशन आपूर्ति गर्ने उल्लेख नभई खाद्यान्न र लत्ता कपडाको सप्लाई गर्ने उल्लेख भएको देखिन्छ ।

३.१४ बोलपत्र सम्बन्धी कागजातको खण्ड ३-१ मा बिगत ३ आ.ब.को बार्षिक सरदर कारोवार प्याकेज १ को लागि रु.८,६०,००,०००-।, २ को लागि रु. ३,५०,००,०००।-, ३ को लागि रु. १,६०,००,०००।-, ४ को लागि १,००,००,०००।- र ५ को लागि रु. १,१०,००,०००।- तथा पुरै प्याकेजको लागि रु. १६,००,००,०००।- खुलेको कागजात पेश गर्नुपर्ने शर्त तोकिएको छ । बोलपत्रमा सहभागी निबेदक सहित आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका सबै बोलपत्रदाताहरुल बिगत देखिनै राशन आपुर्ति गर्दै आएको व्यहोरा निजहरुले पेश गरेका अनुभवपत्रहरुबाट स्पष्ट हुन आएकोले निजहरुले उक्त बिबरण पेश अनिबार्य रुपमा पेश गर्नु पर्दछ । तर आर्थिक प्रस्ताब मूल्यांकनका लागि सफल बोलपत्रदातारु युनाईटड ट्रेड लिंक सेन्टर, बिक्रम खाद्य स्टोर, आर्जन फुड सप्लाएर्स र न्यू आर.के.ट्रेडले Average annual turnover को विवरणमा Average annual turnover is not required for this bid उल्लेख गरेको र निबेदक बोलपत्रदाताले उक्त फर्ममा २०७५।७६ को मात्र रु.३७,०४,०३,३८९।५४ रकम उल्लेख गरेकाले यी बोलपत्रदाताहरुले बोलपत्रको शर्त पुरा गरेको देखिदैन ।

३.१५ बोलपत्र पेश गरेको निबेदनमा बोलपत्रदाताले आफूले कबोल गरेको रकम अनिबार्यरुपमा अंक र अक्षरमा खुलाउनु पर्दछ । बोलपत्रदाता आर्जन फुडले उक्त निबेदनमा बोल अंक खुलाएको छैन भने युनाईटेड ट्रेड लिंकले बोल अंक अक्षरमा उल्लेख गरको देखिदैन । यस स्थितिमा बोलपत्र अंक यकीन हुने अवस्था रहदैन ।

**४. छलफल तथा सुनुवाईः**

उपयुक्त खरिद प्रक्रियाका बिषयमा यस समितिमा परेको मुद्दाका बिषयमा पक्ष विपक्ष आमन्त्रण गरी मिति२०७७।०९।०६ गते विहान ११.३० बजे समितिको कार्यालयमा छलफल तथा वहस कार्यक्रम आयोजना भयो ।

४.१ निवेदक उत्तम स्टोरका तर्फबाट विद्वान अधिवक्ताहरु केदार प्रसाद दाहाल, नारायण प्रसाद कोइराला, तुल बहादुर श्रेष्ठ र ललित बहादुर बस्नेतले छलफल तथा वहस कार्यक्रममा भाग लिनु भयो । यस कार्यक्रममा उठाईका जिकिरहरुको मुख्य सार देहाय वमोजिम छन्:-

४.१.१ मेरो पक्ष निवेदक उत्तम स्टोरले हाल पनि राशन आपूर्तिको काम सम्पादन गरी रहनु भएको छ । हाल यस मुद्दामा उपर्युक्त बिपक्षी श्री नेपाली सेना, मध्ये पश्चिम पृतना, हेडक्वाटर, योगिकुटी बुटवल ब्यारेकमा राशन आपूर्ति गर्न प्याकेज नं. १ ठेक्का नं. NA/MWD/077/78/01 को लागि सबै कागजातहरु सहित बोलपत्र पेस गरी सबै भन्दा न्यून दर पेस गर्ने बोलपत्रदाता हुनुहुन्छ ।

बोलपत्र स्वीर्कत गर्ने आशयको सूचनामा उल्लेख भएका बिक्रम खाद्य उद्योग, साँगाको भन्दा मेरो रु २०,५४,९५७४० घटीको बोलपत्रलाई ग्राह्यता नदिई मलाई अयोग्य गरी मेरो बोलपत्रलाई सारभूत रुपमा अप्रभावग्राही बनाइएको छ ।

४.१.२ आशयको सूचना पाए पछि निवेदक म उत्तम स्टोरले चित्त नबुझी तत्कालै प्रत्यार्थी पृतना सार्वजनिक निकायका प्रमुख पृतनापतिज्यू समक्ष मिति २०७७८।१२ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) वमोजम निवेदन दिएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(३) र सार्वजनिक खरिद नियमावलीको नियम ४०(१)(२) र (४), सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(घ) बमोजिम बोलपत्रको पूर्णताको परीक्षण गर्दा असफल भएकोले दोस्रो चरणमा जान नसकेको हुँदा सारभूतरुपमा प्रभावग्राही बोलपत्रवालालाई आशयको सूचना दिइएको भनी बिपक्षी सार्बजनिक निकायको मिति २०७७८।१५ को पत्र मैले प्राप्त गरे ।

४.१.३ सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता र श्विसनीयताको ब्यवस्था भएको छ । यसले सार्वजनिक निकायको उद्देश्य र कर्तब्यको निर्देश गरेको हो ।

४.१.४ मेरो पक्षले सबैभन्दा घटी दर पेस गरेकोछ, लागत अनुमान भन्दा कम छ, credit line Information पेस गरेको छ । मेरो कबोल अंक लागत अनुमान भन्दा १५ प्रतिसत् कम भएको बिषयमा मलाई स्पष्ट पार्न पत्रबाट सार्वजनिक निकायबाट सोधिएको्मा मैले बोलपत्रमा उल्लिखित् दर अनुसारका खाद्य सामाग्री आपूर्ति गर्न सक्षम, तयार र प्रतिबध्द छु भनी जवाफ दिएको छु ।

४.१.५ बोलपत्र कागजातको खण्ड २ को २२.१ मा खरिद कर्ताले बोलपत्र परीक्षण र मूल्यांकनको शिलशिलामा आवश्यक जानकारी माग्न सक्ने उल्लेख छ । यस सम्बन्धमा सार्वजनिक निकायबाट हामीसंग जानकारी माग गरिएन । माग भएको भए त्यसको जानकारी दिने थियौ ।

४.६ बोलपत्र कागजातको खण्ड ३ को ३.३.१(क) मा विगत तीन आ.व.मध्ये एक आ.व.मा शाकाहारी तथा माशाहारी शाधारण राशन ⁄विरामी डायट सन्तोषजनकरुपमा आपूर्ति गरेको प्रमाण कागजातको साथै विगत ३ बर्षको सरदर यस प्याकेजका लागि रु.८,६०,००,।- को प्रमाण पेस हुनु पर्ने र (ख) मा नया ठेकेदारका हकमा आफूले बार्षिक कवाले गरेको रकमको २५ प्रतिसत्ले हुने Line of credit पेस गर्नु पर्ने उल्लेख छ । निवेदक प्याकेज नं १ को बिषयमा नयाँ भएकोले सानीमा बैक, धनगढीको रु.३९,००,००,०००। को Credit line Information पेस गरेको छु । बोलपत्र कागजातलले नयाँलाई Line of credit र पुरानो लाई कार्य अनुभव पेस गर्ने बिकल्प दिएको छ ।

४.७ बोलपत्र पेस भइसके पश्चात् सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) वमोजिम बोलपत्रको परीक्षण हुन्छ । सम्मानित समितिमा निवेदन दर्ता भइ सकेको र प्रतिक्रिया माग भैसकेको अवस्थामा कालो शुचीमा राख्ने, जमानत जफत जस्ता कारवाई भएका छन् । नियमावलीको नियम १४१ मा कालो शुचीमा राख्न पुऱ्याउनु पर्ने प्रक्रियाको ब्यवस्था गरेको छ । जमानत जफत हुने अवस्था समेत खरिद कानूनले तोकेको छ । कालो शुचीमा राख्न तथा जमानत जफत गर्नका लागि सुनवाइको अवसर पाउनु पर्छ । एउटा जिम्मेवार सार्वजनिक निकायले दुरासय भावना राखी निणर्य गर्न हुदैन । संस्थाले कानून सम्मत् निर्णय गर्नु पर्छ । मेरो पक्ष निवेदकले राशन आपूर्ति गर्न कुनै कसर बाँकी राखेको छैन भनी विश्वास दिलाएको छ । ठेकेदारका आचरण पनि मेरो पक्षबाट पालना भएको छ । मेरो पक्षले कानून सम्मत् किसिमले बोलपत्र पेस गरेकोले खरिद कानून एवं बोलपत्र कागजातमा भएको व्यवस्था मुताबिके बोलपत्रको परीक्षण एवं मूल्यांकन गरी सबैभन्दा घटी दर कबोल गर्ने मेरो पक्षलाई ठेक्का Award गर्न बिपक्षीको नाममा आदेश जारी होस भन्ने हाम्रो निवेदन छ ।

४.२ सार्वजनिक निकाय श्री नेपाली सेना जंगी अड्डा भद्रकाली काठमाडौं, श्री नेपाली सेना, मध्ये पश्चिम पृतना हेडक्वाटर योगीकुटी, बुटवलका तर्फबाट अधिबक्ता सेनानी शरोज रेग्मी, अधिवक्ता महासेनानी ओमबहादुर भट्ट र अधिबक्ता बाबुराम दाहालले छलफल तथा वहसमा भाग लिनु भयो ।

४.२.१ यो राशनका बिषयमा तीन कुराहरु स्पष्ट गर्न चाहान्छु । (क) प्रथम मिति २०७७०६।२६ मा नेपाली सैनिकहरुका लागि राशन खरिद वन्दोबस्त गर्न ८५ स्थानहरुका लागि सूचना प्रकाशन भएको थियो । सूचनामा रासन आपूर्तिका ५ प्याकेजमा बिभाजन भएको छ । यो मुद्दा प्यकेज १ का लागि हो ।

४.२.२ बोलपत्र कागजातको खण्ड ३ को ३.३.१ को (क) मा विगत तीन आ.व.मध्ये एक आ.व.मा शाकाहारी तथा माशाहारी शाधारण राशन⁄विरामी डायट शंन्तोषजनकरुपमा आपूर्ति गरेको प्रमाण कागजातको साथै विगत ३ बर्षको सरदर यस प्याकेजका लागि रु.८,६०,००,०००।-को प्रमाण पेस हुनु पर्ने र (ख) मा नयाँ ठेकेदारका हकमा आफूले बार्षिक कवोल गरेको रकमको २५ प्रतिसत्ले हुने Line of credit पेस गर्नु पर्ने उल्लेख छ । बोलपत्र कागजातले नयाँलाइ Line of credit र पुरानो लाई कार्य अनुभव पेस गर्ने बैकल्पिकता दिएको छ । निबेदक बोलपत्रदात नयाँ होईन भन्ने कुरा निजले पेश गरेको कागजातबाट नै पुष्टी हुन आउँछ ।

४.२.३ यस्तै बोलपत्र कागजातको खण्ड ३.३.२ को (ख) मा पेश गर्नु पर्ने भनी उल्लेख कागजातहरुलाई आधार लिएर सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(२) र (३) अनुसार पुर्णताको परीक्षण गर्दा योग्यता नपुग भएकोले निवेदक उत्तम स्टोरले पेश गरेको बोलपत्र ऐ ऐनको दफा २४(घ) अनुसार सारभूतरुपमा प्रभावग्राही नभएकोले असफल भएको हो । साथै निवेदकले आसयको सूचनामा उल्लेख भएका बोलपत्रदातालाइ विपक्षी पनि वनाउनु भएको छैन ।

सोही प्रावधानको आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको बोलपत्र कागजातको निर्देशनको दफा २४(१) मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानूनबमोजिम योग्य भएको पुष्टि गर्न बोलपत्र कागजको खण्ड-२ मा बोलपत्रदातालाई दिएको निर्देशनको दफा ४ तथा बोलपत्र कागजको खण्ड-४(क) मा उल्लिखित बोलपत्रदाताले ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजात पेश भए⁄नभएको समेत परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त निर्देशनको खण्ड-२ को दफा ४(क) मा उल्लिखित प्रमाण कागज पेश नगर्ने आपूर्तिकर्ता कानून बमोजिम योग्य मान्न मिल्दैन ।

२.२.५ ऐनको दफा २३(२)(घ) ले योग्यता सम्बन्धी आवश्यक कागजातको परीक्षण गर्नुपर्ने, नियमावलीको नियम ४०(१)(च) मा ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात समेत बोलपत्रदाताको ग्राह्यता ( इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा रहने व्यवस्था गरेको छ । सोही कानुनी व्यवस्थाहरुको आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको निर्देशनको दफा २५(१)(ज) मा पूर्णताको परीक्षणको क्रममा खरिदकर्ताले माग गरेको अन्य कागजात संलग्न भए⁄नभएको समेत परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ ।

२.२.६ बोलपत्र कागजातको निर्देशनको दफा २४ मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानून बमोजिम योग्य भएको पुष्टि गर्ने, बोलपत्र कागजको खण्ड-२ को बोलपत्रदातालाई दिएको निर्देशनको दफा ४ तथा बोलपत्र कागजको खण्ड-४(क) मा उल्लिखित बोलपत्रको ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजात परीक्षण गर्नुपर्ने व्यवस्था गर्नुका साथै निर्देशनको खण्ड-२ को दफा ४ मा खण्ड-४(क) मा उल्लिखित प्रमाण कागज पेश गर्ने आपूर्तिकर्ता कानूनबमोजिम योग्य मानिने भन्ने व्यवस्था रहेकोमा निवेदकले उल्लिखित प्रमाण कागजात बोलपत्र साथ पेश गर्न सकेको छैन ।

४.२.७ ऐनको दफा २४(घ)मा दफा २३ को उपदफा (२) बमोजिम बोलपत्रदाताको योग्यता सम्बन्धी आवश्यक कागजात पेश नगर्ने बोलपत्रदाता उपर दफा २३ को खण्ड (घ) बमोजिम कारबाही नहुने तथा नियमावलीको निमय ४०(४) मा उपनियम (१) र (७) बमोजिम कागजात पेश नगर्ने बोलपत्र उपर कारबाही नहुने भन्ने व्यवस्था रहेको हुँदा निज निवेदकको बोलपत्रलाई कारबाही नहुने सूचीमा राखिएको हो ।

४.२.८ ऐनको दफा २३ को (२), नियमावलीको नियम ४० (१) र (२) तथा बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१) तथा दफा २५(१) (ज) खण्ड-४ को ७(१)(क) बमोजिम कानूनी ग्राह्यता पुष्टि गर्ने पछिल्लो कुनै तीन आ.व. हरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनकरुपमा रासन आपूर्ति गरेको अनुभवको पत्र महत्वपूर्ण कागजात निवेदकले पेश गरेको छैन ।

४.२.९ सार्वजनिक निकायले जारी गरेको बोलपत्रदातालाई निर्देशनको खण्ड-४ को ३.१ को (क) वा (ख) मध्ये एक पेश हुनु पर्ने भई (ख) को Line of Credit पेश गरेको भनी दावी लिएको देखिन्छ । तर उक्त दफाको (क) मा विगत तीन वर्षहरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनकरुपमा रासन आपूर्ति गरेको पत्र पुरानो बोलपत्रदाताको हकमा र नयाँ बोलपत्रदाताको लागि Line of Credit पेश गर्नुपर्ने व्यवस्था गरी छुट्टा छुट्टै वर्गको लागि छुट्टा छुट्टै व्यवस्था गरिएको हो । निजले निवेदनमा अघिल्ला आर्थिक वर्षहरुमा नेपाली सेनामा रासन आपूर्ति गरेको भनी उल्लेख गरेकै हुँदा निज पुरानो आपूर्तिकर्ता भएको प्रमाणित हुन्छ ।

४.२.१० विपक्षी स्वयंले एकपटक सचेत गराएको कुरा पनि स्वीकार गर्नु भएको छ । कयौं पटक विभिन्न युनिटहरुबाट मौखिक तथा लिखित रुपमा निजलाई सचेत गराएका छन् । साथै निवेदकले नेपाली सेनाको विभिन्न युनिटहरुमा बोलपत्र पेश गरेको र नियमित रुपमा भई रहेको परीक्षण र मूल्याङ्कन कार्यलाई प्रभाव पार्ने गरी मिति २०७७/०८/१२ गते मन्त्रालय, संवैधानिक निकाय लगायत विभिन्न निकायहरुमा दिनु भएको निवेदन सम्बन्धमा तीन दिनभित्र स्पष्ट खुलाई जानकारी दिन भनी श्री आपूर्ति तथा परिवहन निर्देशनालयले मिति २०७७/०८/१६ गते पत्राचार गरेकोमा कुनै जवाफ प्राप्त नभएकोले निज निवेदकले सार्वजनिक खरिद कारबाहीमा सहभागी भई बोलपत्रदाताले पालना गर्नुपर्ने ऐनको दफा ६२ बमोजिमको आचरण पालना नगरेको कारण ऐनको दफा ६३ (१)(क) वमोजिम कालो सूचीमा राख्ने कारवाइ अघि वढाएको हो ।

४.२.११ सार्वजनिक खरिद ऐन, को दफा ४२ ले राशन सम्बन्धि बिषेश व्यवस्था गरेको छ । यस दफाले यस ऐनमा उल्लेख भएका यावत दफाहरुलाई Superside गर्दछ । निवेदकले ऐनको दफा २१(च) विपरित आचरण गरेको छ । उसले बोलपत्रको कारवाइ भैरहेको अवस्थामा बिभिन्न स्थानहरुमा पत्राचार गरेको छ । यस्तो कार्यले बोलपत्र प्रक्रियामा प्रभाव पर्ने सक्छ । निबेदकबाट आचरणको उल्लंघन भएको छ। आचरण बिपरित काम गरे बोलपत्र Non-responsive हुन्छ ।

४.२.१२ सार्वजनिक खरिद ऐन, २०६३ ले न्यूनतम मूल्य पेस गर्नेको मात्र बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुने भनेको छैन । ऐनको दफा २३,२४,२५,२६,२७(१) र नियमावलीमा भएका ब्यवस्थाहरु पूरा गरेको भए मात्र बोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको मानिन्छ र सारभूतरुपमा प्रभावग्राही भएकोमध्ये न्यूनतम मुल्य भएकालाई मूल्यांकनमा उतिर्ण गर्नु पर्दछ ।

निवेदक Malafied Intention नराखी अदालतमा प्रवेश गर्नु पर्दछ । सार्वजनिक निकायले लिएको जिज्ञाशालाई नजर अन्दाज गर्न गर्नु हुदैन । बोल अंक घटी हुदैमा बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुने होइन । अन्यत्र सन्तोषजनक काम सम्पादन गरेको भन्दैमा बोलपत्रले मागेको प्रमाण पेस नहुदा बोलपत्र मूल्यांकनमा असफल भएको हो । हामीले खरिद ऐन, नियमावली तथा बोलपत्र कागजातमा उल्लेख भएका शर्त अनुरुप बोलपत्रको मूल्यांकन एवं परीक्षण गरी बोलपत्र स्वीकृट गर्ने आशयको सूचना जारी गरिएको हुँदा निवेदन खारेज होस ।

## ५. समितिको निर्णयः

सार्बजनिक निकायबाट Contract ID NO: NA/MWD/077/78/01, राशन खरिदको बोलपत्र स्वीकृत गर्ने मिति २०७७।०८।१२ मा जारी आशयको सूचनाको बिरुद्धमा वोलपत्रदाता निवेदक उत्तम स्टोरले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोमा संलग्न कागजात, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ ऐनको दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने तथा ऐ. उपदफा २ मा उपदफा (१) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुने, ऐनको दफा १३ (१) (ख) मा बोलपत्रसम्बन्धी कागजात तयार गर्दा ऐनको दफा १० बमोजिम बोलपत्रदाताको योग्यताका आधारहरु तयार गर्नुपर्ने, ऐनको दफा १०(२) ले विगतको कार्यसम्पादन, वित्तीय श्रोत र अवस्था, पेशागत कसूर गरे बापतको सजाय र यस्तै अन्य आधारहरु समेत बोलपत्रदाताको योग्यताको आधारको रुपमा व्यवस्था गर्न सक्ने भन्ने व्यवस्था गरेको छ । नियमावलीको नियम ४०(१)(च) मा "ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात" समेत बोलपत्रदाताको ग्राहयता (इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा माग गर्न सकिने व्यवस्था गरेको छ ।

५.२ बोलपत्रमा TechnicalSpecification (राशनको विस्तारपूर्वक ब्याख्या वा लक्षण) को आवश्यक्ता भइ माग भएको हो । बोलपत्र कागजातमा उक्त कागजात पेस गर्नु पर्ने व्यवस्था भएको हुँदा सो कागजात अनिवार्यरुपमा बोलपत्र दर्ता भएकै समयमा (Upload) गर्नु पर्ने हुन्छ । तर सार्बजनिक निकायबाट प्राप्त बोलपत्रहरुमा प्राविधिक विवरण पेश भएको देखिएन ।

५.३ ऐनको दफा २५(७) वमोजिम उपदफा (४) वमोजिम न्यूनतम् बोल अंक कबूल गर्ने बोलपत्रको बोलपत्रदाताको योग्यता उपदफा (५) बमोजिम जाँच गर्दा बोलपत्र सम्वन्धि कागजातमा उल्लिखित योग्यता मूल्यांकनका आधार अनुरुप भएको पाइएमा त्यस्तो बोलपत्र न्यूनतम् मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मानिने छ । यसरी जाँच गर्दा त्यस्तो बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धि कागजातमा

उल्लिखित मूल्यांकनका आधार अनुरुप भएको नपाइएमा मूल्यांकनबाट हटाइने व्यवस्था छ । बोलपत्रमा बोल अंक न्यूनतम भएर मात्र हुदैन, सारभूतरुपमा प्रभावग्राही हुनुका लागि बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित् योग्यता र आधार पूरा भएको हुनु पर्दछ ।

५.४ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२) को खण्ड (ख) मा ग्राह्यताका आधार तथा त्यस्तो आधार प्रमाणित गर्न अन्य आधारहरुका साथै व्यवसाय दर्ताको ईजाजत पेश गनुपर्ने उल्लेख भएको र सार्बजनिक निकायले जारी गरेको बोलपत्र सम्बन्धी कागजातको खण्ड-३ को दफा १.१(ख) मा व्यवसाय दर्ताको ईजाजतपत्र (प्याकेज अनुसार उद्देश्य राखी दर्ता भएका व्यक्ति फर्म कम्पनी संस्था भए सोको दर्ता (ईजाजत) प्रमाणपत्र पेश गर्नु पर्ने, उक्त कागजात श्री उद्योग बिभाग वा घरेलु तथा साना उद्योग कार्यालयबाट जारी भएको हुनुपर्ने शर्त तोकिएकोले अनिवार्यरुपमा यो ईजाजतपत्र आधिकारिक निकायबाट प्राप्त गरी पेश गर्नु पर्दछ । निबेदक उत्तम स्टोर सहित आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका न्यू आर.के. ट्रेडर्स, युनाइटेड ट्रेडलिंक सेन्टर, आर्जन फुड सप्लायर्स उपरोक्त अनुसारको कार्यालयबाट लिएको व्यवसाय दर्ताको इजाजत पत्र सार्बजनिक निकायबाट प्राप्त बोलपत्रसाथ पेश गरेको देखिदैन भने र बिक्रम खाद्य स्टोर्सले घरेलु तथा साना उद्योग कार्यालय धुलीखेलबाट जारी भएको व्यवसाय दर्ताको ईजाजत पत्रमा कारोवार गर्ने बस्तुको विवरणमा राशन आपूर्ति गर्ने उल्लेख नभई खाद्यान्न र लत्ता कपडाको सप्लाई गर्ने उल्लेख भएको छ ।

५.५ बोलपत्र सम्बन्धी कागजातको खण्ड ३-१ मा बिगत ३ आ.ब.को बार्षिक सरदर कारोवार प्याकेज १ को लागि रु.८,६०,००,०००।- खुलेको कागजात पेश गर्नुपर्ने शर्त तोकिएको छ । बोलपत्रमा सहभागी निबेदक सहित आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका सबै बोलपत्रदाताहरुले बिगत देखिनै राशन आपुर्ति गर्दै आएको व्यहोरा निजहरुले पेश गरेका अनुभव पत्रहरुबाट स्पष्ट हुन आएकोले निजहरुले उक्त बिबरण अनिबार्यरुपमा पेश गर्नु पर्दछ । तर आर्थिक प्रस्ताब मूल्यांकनका लागि सफल बोलपत्रदातारु युनाईटड ट्रेड लिंक सेन्टर, बिक्रम खाद्य स्टोर, आर्जन फुड सप्लाएर्स र न्यू आर.के.ट्रेडले Average annual turnover को विवरणमा Average annual turnover is not required for this bid उल्लेख गरेको र निबेदक बोलपत्रदाताले उक्त फर्ममा २०७५।७६ को मात्र रु.३७,०४,०३,३८९।५४ रकम उल्लेख गरेकाले बोलपत्रदाताहरुले बोलपत्रको शर्त पुरा गरेका छैनन् । साथै एउटै प्रकृतिको खरिदमा फरक फरक योग्यता माग गर्न उचित हुदैन ।

अतः युपर्युक्त ५.१ देखि ५.५ सम्मका बुँदाहरुमा उल्लिखित आधारमा निबेदक बोलपत्रदाता उत्तम स्टोर तथा सार्बजनिक निकायबाट कानूनी ग्राह्यता र पूर्णताको परीक्षणमा सारभूतरुपमा प्रभावग्राही ठहरिएका सबै बोलपत्रदाताहरुले सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(क) अनुसार योग्यताको आधारहरु पुरा नगरेको, ऐनको दफा ४२(ग) बमोजिम ग्राह्यता नपुगेको, नियमावलीको नियम ४० बमोजिम बोलपत्रदाताहरुबाट कानूनी ग्राह्यता सम्बन्धी आधारहरु पेश गर्न चुकेकोले उल्लिखित सबै बोलपत्रदाताहरु सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(ख)(घ) बमोजिमको परीक्षणमा र (३)(घ) बमोजिम पूर्णताको परीक्षणमा असफल भएकाले सारभूतरुपमा प्रभावग्राही मान्न सकिन्न साथै सार्बजनिक निकायबाट गठित बोलपत्र मूल्यांकन समितिबाट पनि यस तर्फ ध्यान नपुगेको तथा ऐनको दफा २५(५) र नियमावलीको नियम ६१(४) को व्यवस्थाको पालना नभएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(ख)(२) बमोजिम सार्बजनिक निकायले गरेको निर्णयलाई पूर्णरुपमा रद्द गर्न आदेश दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

.....................
कमलकुमार श्रेष्ठ
सदस्य

........................
गुणराज श्रेष्ठ
अध्यक्ष

इति सम्वत् २०७७ साल पौष १४गते रोज ०३ शुभम्...........................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

## मुद्दा नं. १३२

## आ.व. २०७७/७८ को निर्णय नं ८

जि. कैलाली धनगढी न.पा वडा नं २ स्थित उत्तम स्टोरका प्रोपराइटर वर्ष ३६ को अरुण पाठकको अख्तियारप्राप्त वा. का.जि.का.म.न.पा वडा नं २९ वस्ने ओशिन नगरकोटी ..........................................................................१ **निवेदक**

**विरुद्ध**

श्री नेपाली सेना, जंगी अड्डा भद्रकाली काठमाडौ..........................................................................१ **विपक्षी**

श्री नेपाली सेना, उत्तर पश्चिम पृतना, हेडक्वाटर निमारे ब्यारेक, सुर्खेत ..............................................................१

**विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम पुनरावलोक गरी पाउं ।**

### १. निवेदकककाे माग दावीः

बोलपत्रसूचना नं.NA/NWDHQ/RATION0/77/78/01(e-GP) बाट नेपाली सेना, श्री उत्तर पश्चिम पृतना हेडक्वार्टर निमारे ब्यारेक, सुर्खेत बिरुध्द शाकाहारी तथा माँसाहारी साधारण रासन, विरामी डाइट रासन खरिद सम्वन्धी बोलपत्र स्वीकृत गर्ने आशय उपर चित्त नबुझी उपर्युक्त निवेदकले कानून अनुसार राख्नु पर्ने सानिमा बैंक लिं नक्साल, काठमाडौंको ग्यारेन्टी रेफ नं. SPB026777800378, मिति डिसेम्बर ०९, २०२० को रु. ६,७५,०००।- को बैंक जमानत सहित यस समितिमा मिति २०७७।०८।२४ मा दर्ता गराएको निबेदनमा देहाय वमोजिम माग दावी रहेको देखिन्छ ।

१.१ निवेदक फर्मले विपक्षी पृतनाले मागेको प्याकेज १ अर्न्तगत मेरो सबैभन्दा न्यूनतम बोल अंक भएकोमा म भन्दा बढी कबोल गर्ने सदाज्योति सप्लायर्सलाई मिति २०७७।८।१७ मा बोलपत्र स्वीकृत गर्ने आशयपत्र दिएकोमा बोलपत्रको मुल्याङ्कन र निर्णयमा चित्त नबुझी सार्वजनिक निकायको प्रमुख समक्ष मिति २०७७।८।१७ मा उजुरी गरेकोमा सार्वजनिक खरिद नियमावलीको नियम ४०(१)(२) र (४), सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(घ) बमोजिम बोलपत्रको पूर्णताको परीक्षण गर्दा असफल भएकोले अघिल्लो चरणमा जान नसकेको हुँदा सारभूतरुपमा प्रभावकारी बोलपत्रलाई आशयको सूचना दिइएको भनी मिति २०७७।८।१८ मा जानकारी गराउनु भएकोले श्री सदाज्योति सप्लायर्सका तर्फबाट पेश भएको बोलपत्रलाई ग्राह्य मानी गरिएको मुल्याङ्कन र निर्णय तथा पत्राचार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४,२५,४९ र ५० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८९, १०४, १०५, १०७ अनुसार पुनरावलोकन गरी पाउँ ।

१.२ बोलपत्रको प्याकेज १ मा स्टक राख्न सकिने राशन सामान, विरामी डाइट तर्फको हकमा मैले बोलपत्र बमोजिमको फारममा रु. ६,७४,५१,७२७।१५ (मु. अ. कर बाहेक) बोल अंक कायम गरी बोलपत्र पेश गरेको थिए । उक्त बोलपत्र रीतपुर्वक र आवश्यक कागजात रहेकोले उक्त बोलपत्र मुल्याङ्कनमा पर्न गएको कुरा विपक्षी पृतनाले मिति २०७७।७।२६ मा बोलपत्र खोलुवा गर्दा जिल्ला दररेटको १५ प्रतिशतभन्दा कम कबुल भएकोले सो बारे के कति कारणले उक्त दररेट भन्दा कम बोल अंक कवुल गरेको हो भनी बोलपत्र निर्देशनको दफा ३०.३ बमोजिम विवरण खुलाई पेश गर्नु भनी मिति २०७७।८।१० मा पत्राचार गरिएको थियो । उक्त पत्र प्राप्त हुनासाथ जिल्ला दररेट आफुलाई थाहा नभएको, स्थानीय बजारमा उक्त राशन सामानहरु आपुर्ति गर्ने उत्पादक कम्पनी आयत निर्यात गर्ने व्यापारी तथा स्थानीय एजेन्टहरुसंग गरेको सम्झौताको दरलाई आधार मानी उक्त दर कबोल गरिएको हो । ठेक्का स्वीकृत भएमा एक महिनाको चालु र २ महिनाको स्टक राशन स्पेसिफिकेशन अनुसारको नियमित उपलब्ध गराउन सकिने प्रतिवद्धता समेत व्यक्त गरी पृतना अर्न्तगत राशन ठेक्का वन्दोवस्त समितिलाई मिति २०७७।८।१० मा जवाफ गराएको थियो ।

१.३ निवेदकले बोलपत्र बमोजिमको कागजातहरु र चाहिने बोलपत्र पेश गर्दा पेश गर्नुपर्ने सम्पूर्ण कागजातहरु तथा खोलुवा बोलपत्र बमोजिम सोधनी भएका विवरणहरुको तत्कालै सम्वोधन गरेकोमा उक्त बोलपत्र बमोजिमको राशन सप्लाई गर्ने कार्य निवेदकलाई नदिई अन्यको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिइएको छ । सोमा चित्त नबुझी तत्कालै प्रत्यार्थी सार्वजनिक निकायका प्रमुख समक्ष मिति २०७७।८।१७ मा उजुरी गरेकोमा सार्वजनिक खरिद नियमावलीको नियम ४०(१)(२) र (४), सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(घ) बमोजिम बोलपत्रको पूर्णताको परीक्षणमा असफल भएकोले सारभूतरुपमा प्रभावग्राही बोलपत्रवालालाई आशयको सूचना दिइएको भनी मिति २०७७।८।१८ मा गरिएको निर्णय पत्रचार मैले पेश गरेका कागजात प्रमाणका आधारमा बदर योग्य छ ।

१.४ मैले बोलपत्रको खण्ड-४(क), सि.नं ८ बमोजिमको शर्त पूरा गरेको छु । बोलपत्र मुल्याङ्कनकर्ता विपक्षी पृतनाले मेरो बोलपत्र अयोग्य गर्न मिल्दैन । यस आ.व को लागि बोलपत्र आह्वान गर्दा ५ प्याकेज कायम गरी छुट्टा छुट्टै बोलपत्र आह्वान गरेबाट यो बोलपत्र नयाँ स्वरुपमा आह्वान भए बमोजिम निवेदकले राशन सप्लाई गर्दा प्याकेज १ को लागि यो वर्ष मात्र बोलपत्र भरेकोले नयाँको लागि लागु हुने व्यवस्था अर्न्तगत ८(ख) को विकल्प रोजी बोलपत्रले उल्लेख गरे बमोजिम ३९ करोडको सानीमा बैक धनगढीबाट जारी भएको क्रेडिट लाइन पेश गरेको हो । क्रेडिट लाइन बोलपत्रकै शर्त भएको र निवेदकले उक्त विकल्पको प्रयोग गर्दा राशन सन्तोषजनक रुपमा आपुर्ति गरेको प्रमाण पेश गर्नुपर्ने वाध्यता नभएको स्पष्ट छ ।

१.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(४) ले सार्वजनिक निकायले बोलपत्रको परीक्षणको क्रममा बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सक्ने र उक्त बमोजिम माग भएको जानकारी सार्वजनिक निकायलाई दिनुपर्ने व्यवस्था ऐ दफा २३(५) मा उल्लेख छ । निवेदकलाई राशन सन्तोषजनक रुपमा आपुर्ति गरेको प्रमाण पेश गर्नको लागि विपक्षी पृतनाले मिति २०७७।८।१० मा दिएको पत्रमा भनेको छैन । केवल निर्देशनको दफा ३०(३) को विवरण मिति २०७७।८।११ भित्र पेश गर्न भनिएको छ । यसबाट निवेदकले पेश गरेको क्रेडिट लाइनलाई मानी मुल्याङ्कनमा मेरो बोलपत्र ऐनको दफा २५(१) बमोजिम परेको स्पष्ट छ । यस दफा बमोजिम पूर्णताको परीक्षणमा नपरेको भए ऐनको दफा २४ बमोजिम रीत नपुगेको बोलपत्र भनी मेरो बोलपत्र विपक्षी पृतनाले अस्वीकृत गर्नुपर्ने थियो । यो दफा बमोजिम अस्वीकृत गरेको नभई उक्त बोलपत्रको खण्ड-४(क) को सि.नं ८ (क) बमोजिम राशन सन्तोषजनक रुपमा आपुर्ति गरेको प्रमाण पेश गर्नुपर्ने भन्ने आधार विपक्षी

पृतनाले मिति २०७७।०८।१८ मा दिएको उजुरी निवेदन सम्बन्धमा उल्लेख गरेको छ। आ.ब. २०७५।७६ मा सन्तोषजनकरुपमा राशन आपुर्ति गरेको प्रशंसा पत्र तीन थान पेश गरेको छु।

१.६ मेरो बोलपत्र अग्राह्य गर्नको लागि विपक्षीले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (१) (२) र (४) को कानूनी आधार लिएको छ। यी सबै आधारहरु बमोजिमका कागजातहरु बोलपत्रसाथ पेश गरेको साथै रु. ३९ करोडको Credit line Information समेत पेश गरेकोले मेरो बोलपत्र योग्य र ग्राह्य रहेको तथ्य पुष्टि छ।

१.७ सार्वजानिक खरिद ऐन, २०६३ को दफा २४(घ) ले उद्दरण गरेको दफा २३ को उपदफा २ बमोजिम नभएकोले सारभूतरुपमा प्रभावकारी नभएको भन्ने बोलपत्रको मुल्याङ्कनकर्ता, निर्णयकर्ताको धारणा केवल मनोगतमा आधारित छ। म निवेदकले पेश गरेको बोलपत्र मुल्याङ्कनको लागि ग्राह्य रहदा रहदै बढी अंक कबुल गर्ने सदा ज्योति सप्लायर्सको बोलपत्रलाई ग्राह्यता दिई रु ३२,२३,५४८।९५ कम मेरो बोलपत्रलाई सारभूतरुपमा अप्रभावकारी गरिएको विपक्षीहरुको निर्णय, पत्राचार तथ्यतग र कानूनसम्मत नरहेकोले पुनरावलोकन मार्फत बदर योग्य रहेको छ।

१.८ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा १ देखि ७ सम्मको बोलपत्रको मुल्याङ्कन सम्वन्धी दफा बमोजिम मैले पेश गरेको बोलपत्र मुल्याङ्कनको लागि ग्राह्य मा रहेको कुरा विपक्षी सार्वजनिक निकायले मिति २०७७।८।१० मा राशन ठेक्का वन्दोवस्त सम्वन्धमा लेखेको पत्रबाट नै पुष्टि भएको छ। बोलपत्र कागजातमा उल्लिखित योग्यता मुल्याङ्कनका आधार अनुरुप भएको पाइएको अवस्थामा ऐ उपदफा (७) मा त्यस्तो बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रवाभग्राही बोलपत्र मानिने व्यवस्था छ भने ऐ दफा २७(१) ले सारभूतरुपमा प्रभावकारी बोलपत्र स्वीकृतिको लागि छनौट गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८९(५) बमोजिम स्वीकृत हुनुपर्नेमा मेरो बोलपत्रलाई अग्राह्य मानी बोलपत्र अस्वीकार गरिनु, अग्राह्य मानिनु तथा बोलपत्र अस्वीकृत गरिनु यी वर्णित कानूनी व्यवस्था विपरीत भै बदरयोग्य छ।

**२. सार्वजनिक निकायको प्रतिक्रियाः**

यस समितिको मिति २०७७।०८।२४ को पत्रबाट सार्वजनिक निकाय श्री नेपाली सेना, जंगी अड्डा भद्रकाली काठमाडौ, श्री नेपाली सेना, उत्तर पश्चिम पृतना, हेडक्वाटर निमारे ब्यारेक, सुर्खेतबाट उपर्युत राशन खरिद प्रक्रियाका बिषयमा परेको निवेदन/मुद्दाको प्रतिक्रिया माग गरेको मा २०७७।०८।२६ को पत्र साथ प्राप्त प्रतिक्रियामा उल्लेख भएको प्रमुख अंश निम्नानुसार छन्:

२.१ ऐनको दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने तथा ऐ. उपदफा (२) मा उपदफा (१) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था गरेको, दफा १३(२)(ख) मा बोलपत्रसम्बन्धी कागजात तयार गर्दा ऐनको दफा १० बमोजिम बोलपत्रदाताको योग्यताका आधारहरु तयार गर्नुपर्ने व्यवस्था गरेको, दफा १० (२) ले विगतको कार्यसम्पादन, वित्तीय श्रोत र अवस्था, पेशागत कसूर गरे बापतको सजाय र यस्तै अन्य आधारहरु समेत बोलपत्रदाताको योग्यताको आधारको रुपमा व्यवस्था गर्न सक्ने भन्ने व्यवस्था गरेको छ। नियमावलीको नियम ४०(१)(च) मा "ऐन, नियमावली र SBD विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात" समेत बोलपत्रदाताको ग्राहयता (इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा माग गर्न सकिने व्यवस्था गरेको छ। सोही प्रावधानको आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१) मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानूनबमोजिम योग्य भएको पुष्टि गर्न बोलपत्र कागजको खण्ड-२ मा बोलपत्रदातालाई दिएको निर्देशनको दफा ४ तथा बोलपत्र कागजको खण्ड-४(क) मा उल्लिखित बोलपत्रदाताको ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजात समेत परीक्षण गर्नुपर्ने व्यवस्था छ। उक्त निर्देशनको खण्ड-२ को दफा ४(क) मा उल्लिखित प्रमाण कागज पेश गर्ने बोलपत्रदाता कानून बमोजिम योग्य मानिने व्यवस्था समेत रहेको देखिन्छ ।

२.२ ऐनको दफा २३(२)(घ) ले योग्यता सम्बन्धी आवश्यक कागजातको परीक्षण गर्नुपर्ने व्यवस्था गरेको र नियमावलीको नियम ४०(१)(च) मा ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात समेत बोलपत्रदाताको ग्राह्यता ( इलिजिविलिटी) पुष्टि गर्ने कागजातको रुपमा रहने व्यवस्था गरेको छ। सोही कानुनी व्यवस्थाहरुको आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको निर्देशनको दफा २५(१)(ज) मा पूर्णताको परीक्षणको क्रममा खरिदकर्ताले माग गरेको अन्य कागजात समेत परीक्षण गर्नुपर्ने, दफा २४ मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानूनबमोजिम योग्य भएको पुष्टि गर्ने, बोलपत्र कागजको खण्ड-२ को बोलपत्रदातालाई दिएको निर्देशनको दफा ४ तथा बोलपत्र कागजको खण्ड-४(क) मा उल्लिखित बोलपत्रको ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजातको समेत परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त निर्देशनको खण्ड-२ को दफा ४ मा खण्ड-४(क) मा उल्लिखित प्रमाण कागजहरु निवेदकले बोलपत्र साथ पेश गर्न सकेको देखिदैन।

२.३ ऐनको दफा २४(घ) मा दफा २३(२) बमोजिम बोलपत्रदाताको योग्यतासम्बन्धी आवश्यक कागजात पेश नगर्ने बोलपत्रदाता उपर दफा २३ को खण्ड (घ) तथा नियमावलीको नियम ४०(४) बमोजिम कारबाही नहुने हुँदा निवेदकको बोलपत्रलाई सो सूचीमा राखिएको हो।

२.४ पछिल्लो कुनै तीन आ.व. हरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनकरुपमा रासन आपूर्ति गरेको अनुभवको पत्र ऐनको दफा २३(२), नियमावलीको नियम ४०(१)(२) तथा बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१), दफा २५(१)(ज), तथा खण्ड-४ को ७(१)(क) बमोजिम कानूनी ग्राह्यता पुष्टि गर्ने महत्वपूर्ण कागजात भएको तर निवेदकले सो कागज पेश गर्न सकेको छैन। ऐनको दफा २४(घ), नियमावलीको नियम ४०(४) ले उल्लिखित कागजात पेश नगर्ने बोलपत्रदाताको बोलपत्र कारबाही नहुने व्यवस्था गरेको देखिन्छ।

२.६ पेश गरेको कागजको सूचीमा खरिदकर्ताले माग गरेको पछिल्लो तीन आ.व. हरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनकरुपमा रासन आपूर्ति गरेको कागज पेश गरेको छु भन्न नसकी गोलमटोल भाषामा माग बमोजिमका सम्पूर्ण कागजात पेश गरेको भनेको तर कागज कहाँ छ भन्न सकेको छैन। सार्वजनिक निकायले बोलपत्रदातालाई जारी गरेको निर्देशनको खण्ड-४ को (क) वा (ख) मध्ये एक पेश गरे हुने भन्ने तोकिएको हुँदा आफूले सोमध्ये (ख) को Line of Credit पेश गरेको भनी दावी लिएको देखिन्छ। तर उक्त दफाको (क) मा पुरानो बोलपत्रदाताको हकमा विगत तीन वर्षहरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनकरुपमा रासन आपूर्ति गरेको पत्र र नयाँ बोलपत्रदाताको लागि Line of Credit पेश गर्नुपर्ने व्यवस्था गरी छुट्टा छुट्टै वर्गको लागि छुट्टा छुट्टै व्यवस्था गरिएको हो। निजले निवेदनमा अघिल्ला आर्थिक वर्षहरुमा नेपाली सेनामा रासन आपूर्ति गरेको भनी उल्लेख गरेकै हुँदा निज पुरानो आपूर्तिकर्ता भएको प्रमाणित हुन्छ।

२.७ बोलपत्रदातासंग जानकारी माग्न सक्ने व्यवस्था कानुनी ग्राह्यता पुष्टि गर्ने कागजातको सम्बन्धमा होइन यो केवल पत्रको सन्दर्भमा हो। निवेदकलाई लागेको कागजात पेश गर्दैमा माग गरेको कागजात पेश गरेको मानिदैन। खरिदकर्ताले माग गरेको सबै कागजात पेश गरेपछि

मात्र पेश गरेको मानिन्छ । ऐनको दफा २४ बमोजिम के नभएको हो वस्तुनिष्टरुपमा भन्न सकेको छैन । खरिदकर्ताले सम्पूर्ण कार्यहरु मनोगतमा नभई कानूनबमोजिम नै गरेको छ ।

२.८ विपक्षी स्वयंले एकपटक सचेत गराएको कुरा पनि स्वीकार गर्नु भएको छ । तर यसको अतिरिक्त कैयौं पटक विभिन्न युनिटहरुबाट मौखिक तथा लिखित रुपमा निजलाई सचेत गराएका छन् । निवेदकले नेपाली सेनाको विभिन्न युनिटहरुमा बोलपत्र पेश गरेको र नियमित रुपमा भई रहेको परीक्षण र मूल्याङ्कन कार्यलाई प्रभाव पार्ने गरी मिति २०७७/०८/१२ गते मन्त्रालय, संवैधानिक निकाय लगायत विभिन्न निकायहरुमा दिएको निवेदन सम्बन्धमा तीन दिनभित्र स्पष्ट खुलाई जानकारी दिन श्री आपूर्ति तथा परिवहन निर्देशनालयले मिति २०७७/०८/१६ गते पत्राचार गरेकोमा कुनै जवाफ प्राप्त नभएकोले निज निवेदकले सार्वजनिक खरिद कारबाहीमा सहभागी भई बोलपत्रदाताले पालना गर्नुपर्ने ऐनको दफा ६२ बमोजिमको आचरण पालना नगरेको कारण ऐनको दफा ६३(१)(क) बमोजिम कालो सूचीमा राख्ने आवश्यक कारबाही बढी सकेको छ ।

**३. अध्ययन अवलोकनः**

उपर्युक्त निवेदकको निवेदन/मुद्दाका बिषयमा निवेदनसाथ पेस भएका कागजातहरु, बोलपत्र कागजातहरु, सार्वजनिक निकायबाट प्राप्त कागजातहरु, सार्बजनिक खरिद सम्बन्धी प्रचलित कानूनहरुका आधारमा अध्ययन अवलोकन गरिएको छ ।

३.१ यस खरिद कार्यका लागि ५ प्याकेज बनाई मिति २०७७।०६।२६ मा बोलपत्र आह्वानको सूचना प्रकाशमन भएकोमा प्याकेज १ (स्टक राख्न सकिने सुख्खा राशन, साधारण तर्फ समेत) को लागि साधारण तर्फ रु.७,०३,४७,४०९।७५ र विरामी तर्फ ३,२७,७६६। ३५ गरी जम्मा रु ७,०६,७५,१७६।१० को बोलपत्र पेस गर्ने सदा ज्योति  सप्लाएर्सको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना, निर्णय प्रति चित्त नबुझी निवेदकबाट पृतनापतिज्यू समक्ष मिति २०७७।०८।१७ मा पुनरावलोकनका लागि दिएको निवेदनको जवाफ २०७७।०८।१८ मा दिइएको देखिन्छ। सो जवाफ उपर चित्त नबुझी नियमानुसार राख्नुपर्ने बैक जमानत सहित यस समितिमा मिति २०७७।०८।२४ मा निवेदन दर्ता भएको छ ।

३.२ सार्बजनिक निकायबाट गठित बोलपत्र मूल्यांकन प्रतिवेदनमा उल्लेख भए अनुसर यस प्याकेज नं. १ का खरिद कार्यका लागि निवेदकका सहित ४ आपूर्तिकर्ता फर्म कम्पनीहरुले बोलपत्र पेस गरेकोमध्ये कर्णाली अर्डर एण्ड सप्लायर्स, सदा ज्योति सप्लायर्स र अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स कानूनी ग्राह्यता र पूर्णताको परीक्षणमा सफल भएको उल्लेख गरी सोमध्ये आर्थिक पक्षको मूल्यांकनमा न्यूनतम बोल अंक कबोल गर्ने सदा ज्योति सप्लायर्स, बेनीघाट ७, धादिङ्गको रु. ७,०६,७५,१७६।१० को बोलपत्र स्वीकृत गर्ने आसयको सूचना जारी भएको देखिन्छ । निवेदक उत्तम स्टोरको रु ६,७४,५१,६२७।१५ (मूल्य अभिबृद्धि कर) बाहेक रहेको देखिन्छ ।

३.३ सार्बजनिक निकायका प्रमुख समक्ष दिएको उजूरी निवेदनमा बढी दायीत्व सृर्जना गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) विपरित मूल्यांकन गरेकोले खरिद कारबाहीको पुनरावलोकन गरी पाउँन माग गरेकोमा सार्वजनिक निकायबाट दिएको जवाफ प्रतिक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ को दफाहरु, नियमावली तथा  बोलपत्र कागजातको आधार लिई निर्णय गरएिको भन्ने उल्लेख छ ।

३.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन वमोजिमको कार्यविधि पूरा गर्नु पर्नेछ र (२) मा प्रतिकूल हुने गरी खरिद गरेमा खरिद वदर वा अमान्य हुने ब्यवस्था रहेकोले सार्वजनिक खरिद ऐनको प्रतिकूल हुने गरी खरिद गर्नु कानून सम्मत नहुने देखिन्छ ।

३.५ बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुनका लागि ऐनको दफा २३(२) वमोजिम बोलपत्रको परीक्षणमा उतिर्ण भए पछि बोलपत्र पूर्ण छ छैन ? भनी पुर्णताको परीक्षण हुन्छ र यसमा पनि उतिर्ण हुनु पर्ने हुन्छ । ऐनको दफा २४(घ) मा दफा २३(२) वमोजिम वमोजिम नभएमा बोलपत्र उपर कारवाही नहुने ब्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ मा भएको ब्यवस्था तथा सोही आधारमा PPMO बाट जारी भएको आधारमा सार्वजनिक निकायबाट जारी बोलपत्र कागजातले माग र निर्देशन गरेको बोलपत्र कागजात तोकिएको अवधि भित्र पेस हुन नआएमा २३(२) वमोजिम त्यस्ता बोलपत्र सारभूतरुपमा प्रभावग्राही नभएको मानिन्छ । ऐनको दफा २५(५) को आशय पनि यही हो । बोलपत्रदाता निवेदकबाट ऐनको दाफा २३(२)(ख)(घ) तथा २३(३) को (ग)र(घ) का प्रमाणहरु बोलपत्र कागजातहरु पेश नगरेकाले शर्त पूरा गरेको दखिदैन । यसको अभावमा ऐनको दफा २४(घ) आकर्षित हुने नै भयो ।

३.६ ऐनको दफा २५(५) मा "बोलपत्रको मूल्यांकन बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ र त्यसरी मूल्यांकन गर्दा प्रत्येक बोलपत्रको मूल्यांकित रकम अर्को बोलपत्रको मूल्यांकित रकमसंग तुलना गरी न्यूनतम बोल अंक कबुल गर्ने बोलपत्र निर्धारण गर्नु पर्नेछ" भनी ब्यवस्था भएको छ । बोलपत्र कागजात कानूनका आधारमा तयार भएकोले सार्बजनिक निकाय र बोलपत्रदाताले यसमा भएका शर्तहरुको बाध्यात्मकरुपमा पालना गर्नुपर्दछ । यसमा भएका ब्यवस्था कानूनमा नबाझिएको हदसम्म अक्षरश् लागू हुनु पर्दछ । साथै ऐनको दफा २५(७) मा उपदफा (४) वमोजिम न्यूनतम् बोल अंक कबूल गर्ने बोलपत्रको बोलपत्रदाताको योग्यता उपदफा (५) बमोजिम जाँच गर्दा बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित योग्यता मूल्यांकनका आधार अनुरुप भएको पाइएमा त्यस्तो बोलपत्र न्यूनतम् मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मानिनेछ । यसरी जाँच गर्दा त्यस्तो बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित मूल्यांकनका आधार अनुरुप भएको नपाइएमा मूल्यांकनबाट हटाइने ब्यवस्था छ । त्यसर्थ बोलपत्रमा उल्लिखित् बोल अंक न्यूनतम भएर मात्र हुदैन, सारभूतरुपमा प्रभावग्राही हुनका लागि बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित योग्यता र आधार पूरा भएको हुनु पर्ने देखिन्छ ।

३.७ ऐनको दफा १०(१)(क) मा बोलपत्र सम्बन्धी योग्यताका आधार पूरा गर्नु पर्ने (२) मा उपदफा (१) वमोजिम बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजातमा योग्यताको आधारमा पेशागत र प्राविधिक योग्यता, विगतको कार्य सम्पादन, वित्तीय स्रोत र अवस्था, पेशागत कसूर गरे वापतको सजाय र यस्तै आधारहरु राख्न सकिने ब्यवस्था छ । यस खरिद प्रकियामा ग्राह्यता परीक्षण सम्बन्धी ब्यवस्था बोलपत्र कागजातहरुको खण्ड-२ को २४ मा उल्लेख छ । मूल्यांकन समिति यसैका आधारमा बोलपत्रको मूल्यांकन गर्न बाध्यकारी हुन्छ । निवेदक बोलपत्रदाता उत्तम स्टोर तथा कर्णाली अर्डर एण्ड सप्लायर्स, र सदा ज्योति सप्लायर्स समेतको सार्वजनिक निकायबाट प्राप्त  फायलहरु अध्ययन गर्दा राशन आपूर्ति गरेको अनुभव (निर्देसित फाररममा भरी) र प्रसंशा पत्र समावेश देखिएन, साथै खण्ड- २ को बोलपत्रदातालाई निर्देशन ७(छ) को आपूर्ति तालिका, (ज) को Technical specification (कुनै पदार्थको बिस्तारपूर्वक प्राविधिक ब्याख्या) समावेस देखिएन । ब्यवसाय दर्तामा राशन आपूर्ति गर्ने अनुमति प्राप्त गरेको हुनु पर्ने हो । बोलपत्र कागजातमा संलग्न भएका खाद्यान्न र लत्ताकपडा आपूर्ति गर्ने योग्यता बोलपत्रको शर्त अनुसार पुग्ने देखिदैन । बोलपत्र कागजातको खण्ड ३ को २(ख)मा ब्यवसाय दर्ताको इजाजत पत्र (प्याकेज अनुसार आपूर्तिको उद्देश्य राखी दर्ता भएको हुनुपर्ने उल्लेख छ । सैनिक अधिकृत तथा जवानहरुका लागि Hygenic खानाहरुको आवश्यकता पर्ने हुदाँ राशन आपूर्तिकर्ताले आपूर्ति गरेका खाद्यान्न Hygenic भएको प्रमाण पेस गर्नु पर्ने ब्यवस्था हुन उपयुक्त हुन्छ । त्यसैले Specification ( राशनको विस्तारपूर्वक ब्याख्या वा लक्षण) को आवश्यकता भइ माग भएको देखिन्छ । यिनीहरुका अतिरिक्त बिक्रम खाद्य स्टोरले कार्य

सम्पादन गरेको पत्र पाएको देखिन्छ । यी कागजातहरुका आधारमा बोलपत्र कागजात साथ समावेस फारममा भरी अनिवार्य पेस गर्नु पर्ने बोलपत्र कागजातमा उल्लेख छ । e-GP को माध्यमबाट बोलपत्र पेस गरेकोमा योग्यताका आधार जस्ता कागजातहरु बोलपत्रसाथ Upload गर्नु अनिवार्य हुन्छ । बोलपत्र पेस गर्ने समय व्यतित भएपछि पेस गरेको योग्यता कागजातहरुलाई मान्यता दिन मिल्ने देखिदैन ।

३.८ Technical Specification पेस गर्नु पर्ने बोलपत्र कागजातमा व्यवस्था भएको हुँदा सो सम्बन्धि Technical Specification बोलपत्र दर्ता भएकै समयमा पेश गर्नु पर्छ । यो कागजात पछि पेस गर्ने प्रतिबद्धता जनाएर मात्र पुग्ने देखिदैन ।

३.९ बोलपत्रदाताले जिल्ला दर रेट थाहा नभएको बिषयमा बोलपत्र पेस गर्दा सबै कुराहरु पढी बाँची दस्तखत गरी पेस गरेको मानिन्छ । यो एउटा Contract को अवस्था हो । तसर्थ जानकारी विना बोलपत्र पेस गरेको भन्न पाइने अवस्था हुदैन ।

३.१० बोलपत्र कागजातको खण्ड-२ को ५.४ बोलपत्रदाताको योग्यतामा बोलपत्रमा राशन आपूर्ति गरेका अनुभव हाँसिल नगरेका नयाँलाई Credit Line पेश गर्नुपर्ने उल्लेख भएको देखिन्छ । त्यसैगरी खण्ड-४ को ७(क) मा बिगत तीन आ.ब. हरुमध्ये कुनै एक आ.ब. मा सन्तोषजनकरुपमा राशन आपुर्ति गरेको प्रमाण र बिगत ३ बर्षको औषत कारोवार रु. १३,८४,९७,०००।- (सबै प्याकेजका लागि) खुलेको प्रमाण पेश गर्नु पर्ने उल्लेख छ । यो कागजात अनुभब हांसिल गरेको बोलपत्रदाताले पेश गर्नु पर्दछ । पहिले राशन आपूर्ति गरेको बोलपत्रदाताले नयाँ हुँ भनेमा आफनो योग्यता ढाँटेको वा छुपाएको बुझ्नु पर्ने हुन्छ । Credit Line बोलपत्रदाताको आर्थिक हैसियत दर्शाउने प्रमाण हो । सम्झौता बमोजिमको कार्य सम्पादन गर्न नसके वा छाडेमा त्यही रकमबाट राशन आपूर्ति गराउने हो । अनुभव आफूले सोही किसिमको काम विगतमा सफलतापूर्वक सम्पादन गरेको प्रमाण हो । यी दुई प्रमाणहरु अलग अलग  कागजातहरु हुन् ।

३.११ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(१)(च) मा "ऐन, यस नियमावली र स्टयाण्डर्ड  बिडिंग डकुमेण्टको विपरित नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात" भनी उल्लेख भएकोले सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजातहरु राख्न सक्ने व्यवस्था छ । यस्ता कागजातहरु ऐन, नियमावली, SBD का विरुद्ध हुनु हुदैन । निर्देशन गरेका कागजातहरु पेश नभए बोलपत्रहरु सारभूतरुपले प्रभावग्राही हुदैन ।

३.१२ निबेदकले शर्त वमोजिमका राशन सामाग्री उपलब्ध नगराएको भनी मिति २०७७।०३।३१ मा पत्र लेखिएको, राशन सामाग्री स्टोरमा नभएकोले बजारबाट किन्ने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) वमोजिम प्रक्रिया अघि वढाउने जानकारी दिएको, राशन उपलब्ध गराउने मिति २०७७।०५।०५ र २०७७।०७।०५ को ताकेता पत्रहरु, राशन आपूर्ति संन्तोषजनक नभएको मिति २०७७।०८।०४ को २ नं तालीम गणले योगीकुटी हे. क्वाटरलाइ लेखिएको पत्रहरुबाट सचेत गराएकोले राशन आपूर्तिकर्ताको कार्यसम्पादन सन्तोषजनक नभएको प्रष्ट हुन्छ । कार्य सम्पादन सन्तोषजनक नहुनु, कार्य नगरेको भनी छल्नु, र नयाँ आपूर्तिकर्ता भनी credit Line पेस गर्नुले निबेदकले अबिश्वास सिर्जना गरेको देखिन्छ ।

३.१३ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२) को खण्ड (ख) मा ग्राह्यताका आधार तथा त्यस्तो आधार प्रमाणित गर्न अन्य आधारहरुका साथै व्यवसाय दर्ताको ईजाजत पेश गनुपर्ने उल्लेख भएको र सार्बजनिक निकायले जारी गरेको बोलपत्र सम्बन्धी कागजातको खण्ड-३ को दफा १.१ को (ख) मा व्यवसाय दर्ताको ईजाजतपत्र पेश गर्नु पर्ने शर्त तोकिएको छ । कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी हुने गरेको कम्पनी दर्ताको प्रमाणपत्र र बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयबाट जारी गरिने प्राईभेट फर्म दर्ताको प्रमाण पत्रमा अनुमति लिनु पर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति लिएर मात्र कारोवार गर्नुपर्ने उल्लेख गरेको पाईन्छ । खरिद नियमावली, बोलपत्र सम्बन्धी कागजात, उपर्युक्त दुई निकायबाट जारी प्रमाणपत्रमा उल्लेख भएको व्यवस्था अनुसार बोलपत्रदाताहरुले अनिवार्यरुपमा व्यवसाय दर्ताको ईजाजत पत्र पेश गनुपर्ने हुन्छ । निबेदक उत्तम स्टोर सहित आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका कर्णाली अर्डर एण्ड सप्लायर्स, सदा ज्योति सप्लायर्स र अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स समेतले आधिकारिक निकायबाट प्राप्त राशन आपूर्ति गर्ने व्यवसाय दर्ताको इजाजतपत्र बोलपत्रसाथ पेश गरेको देखिदैन ।

३.१४ बोलपत्र सम्बन्धी कागजातको खण्ड ३-१ मा बिगत ३ आ.ब.को बार्षिक सरदर कारोवार प्याकेज १ को लागि रु.७,२०,९४,०००।-, २ को लागि रु. ३,२४,६४,०००।-, ३ को लागि रु. १,५८,९६,०००।-, ४ को लागि ८२,७७,०००।- र ५ को लागि रु. ९७,६६,०००।- तथा पुरै प्याकेजको लागि रु. १३,८४,९७,०००।- खुलेको कागजात पेश गर्नुपर्ने शर्त तोकिएको छ । बोलपत्रमा सहभागी निबेदक सहित आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका कर्णाली अर्डर एण्ड सप्लायर्स, सदा ज्योति सप्लायर्स र अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स समेतले बिगत देखिनै राशन आपुर्ति गर्दै आएको व्यहोरा निजहरुले पेश गरेका अनुभव पत्रहरुबाट स्पष्ट हुन आएकोले निजहरुले उक्त बिबरण पेश अनिबार्य रुपमा पेश गर्नु पर्दछ । तर निबेदक उत्तम स्टोर सहित आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका कर्णाली अर्डर एण्ड सप्लायर्स, सदा ज्योति सप्लायर्स र अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स समेतले Average annual turnover को विवरणमा Average annual turnover is not required for this bid उल्लेख गरेको र निबेदक बोलपत्रदाताले उक्त फर्ममा २०७५।७६ को मात्र रु.३७,०४,०३,३८९।५४ रकम उल्लेख गरेकाले यी बोलपत्रदाताहरुले बोलपत्रको शर्त पुरा गरेको देखिदैन ।

३.१५ बोलपत्र पेश गरेको निबेदनमा बोलपत्रदाताले आफूले कबोल गरेको रकम अनिबार्यरुपमा अंक र अक्षरमा खुलाउनु पर्दछ । सार्बजनिक निकायबाट प्राप्त बोलपत्रदाताले पेश गरेको बोलपत्र कागजातमा आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएकामध्ये कर्णाली अर्डर एण्ड सप्लायर्सले उक्त निबेदनमा बोल रकम (अंक र अक्षर) खुलाएको छैन भने अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्सले बोल रकम अंकमा उल्लेख गरेपनि अक्षरमा उल्लेख गरेको छैन । यस स्थितिमा बोलपत्र अंक यकीन हुने अवस्था रहदैन ।

## ४. छलफल तथा सुनुवाईः

उपयुक्त खरिद प्रक्रियाका बिषयमा यस समितिमा परेको मुद्दाका बिषयमा पक्ष विपक्ष आमन्त्रण गरी मिति२०७७।०९।०६ गते विहान ११.३० बजे समितिको कार्यालयमा छलफल तथा वहस कार्यक्रम आयोजना भयो ।

४.१ निवेदक उत्तम स्टोरका तर्फबाट विद्वान अधिबक्ताहरु केदार प्रसाद दाहाल, नारायण प्रसाद कोइराला, तुल बहादुर श्रेष्ठ र ललित बहादुर बस्नेतले छलफल तथा वहस कार्यक्रममा भाग लिनु भयो । यस कार्यक्रममा उठाईका जिकिरहरुको मुख्य सार देहाय वमोजिम छन्:-

४.१.१ मेरो पक्ष निवेदक उत्तम स्टोरले हाल पनि राशन आपूर्तिको काम सम्पादन गरी रहनु भएको छ । हाल यस मुद्दामा उपर्युक्त बिपक्षी श्री नेपाली सेना, उक्तर पश्चिम पृतना, हेडक्वाटर, निमारे व्यारेक, सुर्खेतमा राशन आपूर्ति गर्न प्याकेज नं. १ ठेक्का नं. NA/NWDHQ/RATION/077/78/01 को लागि सबै कागजातहरु सहित बोलपत्र पेस गरी सबैभन्दा न्यून दर पेस गर्ने बोलपत्रदाता हुनुहुन्छ । बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा उल्लेख भएका सदा ज्योति सप्लायर्सको भन्दा मेरो रु ३२,२३,५४८।९५ घटीको बोलपत्रलाई अयोग्य गरी मेरो बोलपत्रलाई सारभूतरुपमा अप्रभावग्राही बनाइएको छ ।

४.१.२ आशयको सूचना पाए पछि निवेदक म उत्तम स्टोरले चित्त नबुझी तत्कालै प्रत्यार्थी पृतना सार्वजनिक निकायका प्रमुख पृतनापतिज्यू समक्ष मिति २०७७८।१७ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) वमोजम निवेदन दिएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(३) र सार्वजनिक खरिद नियमावलीको नियम ४०(१)(२) र (४), सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(घ) बमोजिम बोलपत्रको पूर्णताको परीक्षण गर्दा असफल भएकोले दोस्रो चरणमा जान नसकेको हुँदा सारभूतरुपमा प्रभावग्राही बोलपत्रवालालाई आशयको सूचना दिइएको भनी बिपक्षी सार्बजनिक निकायको मिति २०७७८।१८ को पत्र मैले प्राप्त गरे ।

४.१.३ सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक खरिद प्रकियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता र श्विसनीयताको व्यवस्था भएको छ । यसले सार्वजनिक निकायको उद्देश्य र कर्तब्यको निर्देश गरेको हो ।

४.१.४ मेरो पक्षले सबैभन्दा घटी दर पेस गरेकोछ, लागत अनुमान भन्दा कम छ, credit line Information पेस गरेको छ । मेरो कबोल अंक लागत अनुमान भन्दा १५ प्रतिसत् कम भएको बिषयमा मलाई स्पष्ट पार्न पत्रबाट सार्वजनिक निकायबाट सोधिएको्मा मैले बोलपत्रमा उल्लिखित् दर अनुसारका खाद्य सामाग्री आपूर्ति गर्न सक्षम, तयार र प्रतिबध्द छु भनी जवाफ दिएको छु ।

४.१.५ बोलपत्र कागजातको खण्ड २ को २२.१ मा खरिदकर्ताले बोलपत्र परीक्षण र मूल्यांकनको शिलशिलामा आवश्यक जानकारी माग्न सक्ने उल्लेख छ । यस सम्बन्धमा सार्वजनिक निकायबाट हामीसंग जानकारी माग गरिएन । माग भएको भए त्यसको जानकारी दिने थियौ ।

४.१.६ बोलपत्र कागजातको खण्ड ३ को ३.३.१(क) मा विगत तीन आ.व.मध्ये एक आ.व.मा शाकाहारी तथा माशाहारी शाधारण राशन ⁄विरामी डायट सन्तोषजनकरुपमा आपूर्ति गरेको प्रमाण कागजातको साथै विगत ३ बर्षको सरदर यस प्याकेजका लागि रु. ७,२०,९४,०००।- को प्रमाण पेस हुनु पर्ने र (ख) मा नया ठेकेदारका हकमा आफूले बार्षिक कवाले गरेको रकमको २५ प्रतिसत्ले हुने Line of credit पेस गर्नु पर्ने उल्लेख छ । निवेदक प्याकेज नं १ को बिषयमा नयाँ भएकोले सानीमा बैक, धनगढीको रु.३९,००,००,०००। को Credit line Information पेस गरेको छु । बोलपत्र कागजातलले नयाँलाई Line of credit र पुरानो लाई कार्य अनुभव पेस गर्ने बिकल्प दिएको छ । हामीले कार्यालयबाट माग भएको सन्तोषजनकरुपमा राशन आपूर्ति गरेको तीन कार्यालयबाट प्राप्त प्रमाण पेश गरका छौं ।

४.१.७ बोलपत्र पेस भइसके पश्चात् सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) वमोजिम बोलपत्रको परीक्षण हुन्छ । सम्मानित समितिमा निवेदन दर्ता भइ सकेको र प्रतिकिया माग भैसकेको अवस्थामा कालो शुचीमा राख्ने, जमानत जफत जस्ता कारवाई भएका छन् । नियमावलीको नियम १४१ मा कालो शुचीमा राख्न पुऱ्याउनु पर्ने प्रक्रियाको व्यवस्था गरेको छ । जमानत जफत हुने अवस्था समेत खरिद कानूनले तोकेको छ । कालो शुचीमा राख्न तथा जमानत जफत गर्नका लागि सुनवाइको अवसर पाउनु पर्छ । एउटा जिम्मेवार सार्वजनिक निकायले दुरासय भावना राखी निणर्य गर्न हुदैन । संस्थाले कानून सम्मत् निर्णय गर्नु पर्छ । मेरो पक्ष निवेदकले राशन आपूर्ति गर्न कुनै कसर बाँकी राखेको छैन भनी विश्वास दिलाएको छ । ठेकेदारका आचरण पनि मेरो पक्षबाट पालना भएको छ । मेरो पक्षले कानून सम्मत् किसिमले बोलपत्र पेस गरेकोले खरिद कानून एवं बोलपत्र कागजातमा भएको व्यवस्था मुताबिके बोलपत्रको परीक्षण एवं मूल्यांकन गरी सबैभन्दा घटी दर कबोल गर्ने मेरो पक्षलाई ठेक्का Award गर्न बिपक्षीको नाममा आदेश जारी होस भन्ने हाम्रो निवेदन छ ।

४.२ सार्वजनिक निकाय श्री नेपाली सेना जंगी अड्डा भद्रकाली काठमाडौं, श्री नेपाली सेना, उत्तर पश्चिम पृतना हेडक्वाटर निमारे ब्यारेक, सुर्खेतका तर्फबाट प्राड सेनानी अधिबक्ता कुलदिप तिन्सिना, अधिवक्ता महासेनानी ओम बहादुर भट्ट र अधिबक्ता बाबुराम दाहालले छलफल तथा वहसमा भाग लिनु भयो ।

४.२.१ यो राशनका बिषयमा तीन कुराहरु स्पष्ट गर्न चाहान्छु । (क) प्रथम मिति २०७७०६।२६ मा नेपाली सैनिकहरुका लागि राशन खरिद वन्दोबस्त गर्न ८५ स्थानहरुका लागि सूचना प्रकाशन भएको थियो । सूचनामा रासन आपूर्तिका ५ प्याकेजमा बिभाजन भएको छ । यो मुद्दा प्यकेज १ का लागि हो ।

४.२.२ बोलपत्र कागजातको खण्ड ३ को ३.३.१ को (क) मा विगत तीन आ.व.मध्ये एक आ.व.मा शाकाहारी तथा माशाहारी शाधारण राशन⁄विरामी डायट शंनतोषजनक रुपमा आपूर्ति गरेको प्रमाण कागजातको साथै विगत ३ बर्षको सरदर यस प्याकेजका लागि रु. ७,२०,९४,०००।-को प्रमाण पेस हुनु पर्ने र (ख) मा नयाँ ठेकेदारका हकमा आफूले बार्षिक कबोल गरेको रकमको २५ प्रतिसत्ले हुने Line of credit पेस गर्नु पर्ने उल्लेख छ । बोलपत्र कागजातले नयाँलाइ Line of credit र पुरानो लाई कार्य अनुभव पेस गर्ने बैकल्पिकता दिएको छ । निबेदक बोलपत्रदात नयाँ होईन भन्ने कुरा निजले पेश गरेको कागजातबाट नै पुष्टी हुन आउँछ ।

४.२.३ यस्तै बोलपत्र कागजातको खण्ड ३.३.२ को (ख) मा पेश गर्नु पर्ने भनी उल्लेख कागजातहरुलाई आधार लिएर सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(२) र (३) अनुसार पुर्णताको परीक्षण गर्दा योग्यता नपुग भएकोले निवेदक उत्तम स्टोरले पेश गरेको बोलपत्र ऐ ऐनको दफा २४(घ) अनुसार सारभूतरुपमा प्रभावग्राही नभएकोले असफल भएको हो । साथै निवेदकले आसयको सूचनामा उल्लेख भएका बोलपत्रदातालाइ विपक्षी पनि वनाउनु भएको छैन ।

सोही प्रावधानको आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको बोलपत्र कागजातको निर्देशनको दफा २४(१) मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानूनबमोजिम योग्य भएको पुष्टि गर्न बोलपत्र कागजको खण्ड-२ मा बोलपत्रदातालाई दिएको निर्देशनको दफा ४ तथा बोलपत्र कागजको खण्ड-४(क) मा उल्लिखित बोलपत्रदाताले ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजात पेश भए⁄नभएको समेत परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त निर्देशनको खण्ड-२ को दफा ४(क) मा उल्लिखित प्रमाण कागज पेश नगर्ने आपूर्तिकर्ता कानून बमोजिम योग्य मान्न मिल्दैन ।

४.२.५ ऐनको दफा २३(२)(घ) ले योग्यता सम्बन्धी आवश्यक कागजातको परीक्षण गर्नुपर्ने, नियमावलीको नियम ४०(१)(च) मा ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात समेत बोलपत्रदाताको ग्राह्यता ( इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा रहने व्यवस्था गरेको छ । सोही कानुनी व्यवस्थाहरुको आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको निर्देशनको दफा २५(१)(ज) मा पूर्णताको परीक्षणको क्रममा खरिदकर्ताले माग गरेको अन्य कागजात संलग्न भए⁄नभएको समेत परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ ।

४.२.६ बोलपत्र कागजातको निर्देशनको दफा २४ मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानून बमोजिम योग्य भएको पुष्टि गर्ने, बोलपत्र कागजको खण्ड-२ को बोलपत्रदातालाई दिएको निर्देशनको दफा ४ तथा बोलपत्र कागजको खण्ड-४(क) मा उल्लिखित बोलपत्रको ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजात परीक्षण गर्नुपर्ने व्यवस्था गर्नुका साथै निर्देशनको खण्ड-२ को दफा ४ मा खण्ड-४(क) मा उल्लिखित प्रमाण कागज पेश गर्ने आपूर्तिकर्ता कानूनबमोजिम योग्य मानिने भन्ने व्यवस्था रहेकोमा निवेदकले उल्लिखित प्रमाण कागजात बोलपत्र साथ पेश गर्न सकेको छैन ।

४.२.७ ऐनको दफा २४(घ)मा दफा २३ को उपदफा (२) बमोजिम बोलपत्रदाताको योग्यता सम्बन्धी आवश्यक कागजात पेश नगर्ने बोलपत्रदाता उपर दफा २३ को खण्ड (घ) बमोजिम कारबाही नहुने तथा नियमावलीको निमय ४०(४) मा उपनियम (१) र (७) बमोजिम कागजात पेश नगर्ने बोलपत्र उपर कारबाही नहुने भन्ने व्यवस्था रहेको हुँदा निज निवेदकको बोलपत्रलाई कारबाही नहुने सूचीमा राखिएको हो ।

४.२.८ ऐनको दफा २३ को (२), नियमावलीको नियम ४० (१) र (२) तथा बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१) तथा दफा २५(१) (ज) खण्ड-४ को ७(१)(क) बमोजिम कानूनी ग्राह्यता पुष्टि गर्ने पछिल्लो कुनै तीन आ.व. हरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनकरुपमा रासन आपूर्ति गरेको अनुभवको पत्र महत्वपूर्ण कागजात निवेदकले पेश गरेको छैन ।

४.२.९ सार्वजनिक निकायले जारी गरेको बोलपत्रदातालाई निर्देशनको खण्ड-४ को ३.१ को (क) वा (ख) मध्ये एक पेश हुनु पर्ने भई (ख) को Line of Credit पेश गरेको भनी दावी लिएको देखिन्छ । तर उक्त दफाको (क) मा विगत तीन वर्षहरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनकरुपमा रासन आपूर्ति गरेको पत्र पुरानो बोलपत्रदाताको हकमा र नयाँ बोलपत्रदाताको लागि Line of Credit पेश गर्नुपर्ने व्यवस्था गरी छुट्टा छुट्टै वर्गको लागि छुट्टा छुट्टै व्यवस्था गरिएको हो । निजले निवेदनमा अघिल्ला आर्थिक वर्षहरुमा नेपाली सेनामा रासन आपूर्ति गरेको भनी उल्लेख गरेकै हुँदा निज पुरानो आपूर्तिकर्ता भएको प्रमाणित हुन्छ ।

४.२.१० विपक्षी स्वयंले एकपटक सचेत गराएको कुरा पनि स्वीकार गर्नु भएको छ । कयौं पटक विभिन्न युनिटहरुबाट मौखिक तथा लिखित रुपमा निजलाई सचेत गराएका छन् । साथै निवेदकले नेपाली सेनाको विभिन्न युनिटहरुमा बोलपत्र पेश गरेको र नियमित रुपमा भई रहेको परीक्षण र मूल्याङ्कन कार्यलाई प्रभाव पार्ने गरी मिति २०७७/०८/१२ गते मन्त्रालय, संवैधानिक निकाय लगायत विभिन्न निकायहरुमा दिनु भएको निवेदन सम्बन्धमा तीन दिनभित्र स्पष्ट खुलाई जानकारी दिन भनी श्री आपूर्ति तथा परिवहन निर्देशनालयले मिति २०७७/०८/१६ गते पत्राचार गरेकोमा कुनै जवाफ प्राप्त नभएकोले निज निवेदकले सार्वजनिक खरिद कारबाहीमा सहभागी भई बोलपत्रदाताले पालना गर्नुपर्ने ऐनको दफा ६२ बमोजिमको आचरण पालना नगरेको कारण ऐनको दफा ६३ (१)(क) वमोजिम कालो सूचीमा राख्ने कारवाइ अघि वढाएको हो ।

४.२.११ सार्वजनिक खरिद ऐन, को दफा ४२ ले राशन सम्बन्धि बिषेश व्यवस्था गरेको छ । यस दफाले यस ऐनमा उल्लेख भएका यावत दफाहरुलाई Superside गर्दछ । निवेदकले ऐनको दफा २१(च) विपरित आचरण गरेको छ । उसले बोलपत्रको कारवाइ भैरहेको अवस्थामा बिभिन्न स्थानहरुमा पत्राचार गरेको छ । यस्तो कार्यले बोलपत्र प्रक्रियामा प्रभाव पर्ने सक्छ । निबेदकबाट आचरणको उल्लंघन भएको छ । आचरण बिपरित काम गरे बोलपत्र Non-responsive हुन्छ ।

४.२.१२ सार्वजनिक खरिद ऐन, २०६३ ले न्यूनतम मूल्य पेस गर्नेको मात्र बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुने भनेको छैन । ऐनको दफा २३,२४,२५,२६,२७(१) र नियमावलीमा भएका व्यवस्थाहरु पूरा गरेको भए मात्र बोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको मानिन्छ र सारभूतरुपमा प्रभावग्राही भएकोमध्ये न्यूनतम मुल्य भएकालाई मूल्यांकनमा उतिर्ण गर्नु पर्दछ ।

निवेदक Malafied Intention नराखी अदालतमा प्रवेश गर्नु पर्दछ । सार्वजनिक निकायले लिएको जिज्ञाशालाई नजर अन्दाज गर्न गर्नु हुदैन । बोल अंक घटी हुदैमा बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुने होइन । अन्यत्र सन्तोषजनक काम सम्पादन गरेको भन्दैमा बोलपत्रले मागेको प्रमाण पेस नहुदा बोलपत्र मूल्यांकनमा असफल भएको हो । हामीले खरिद ऐन, नियमावली तथा बोलपत्र कागजातमा उल्लेख भएका शर्त अनुरुप बोलपत्रको मूल्यांकन एवं परीक्षण गरी बोलपत्र स्वीकृट गर्ने आशयको सूचना जारी गरिएको हुँदा निवेदन खारेज होस ।

## ५. समितिको निर्णयः

सार्बजनिक निकायबाट Contract ID NO:NA/NWDHQ/RATION077/78/01, राशन खरिदको बोलपत्र स्वीकृत गर्ने मिति २०७७।०८।१७ मा जारी आशयको सूचनाको बिरुद्धमा वोलपत्रदाता निवेदक उत्तम स्टोरले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोमा संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ ऐनको दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने तथा ऐ. उपदफा (२) मा उपदफा (१) र (१क) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुने, ऐनको दफा १०(२) ले विगतको कार्यसम्पादन, वित्तीय श्रोत र अवस्था, पेशागत कसूर गरे बापतको सजाय र यस्तै अन्य आधारहरु समेत बोलपत्रदाताको योग्यताको आधारको रुपमा व्यवस्था गर्न सक्ने भन्ने व्यवस्था गरेको छ । सार्बजनिक खरिद नियमावली (संशोधन सहित), २०६४ को नियम ४०(१)(च) मा "ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात" समेत बोलपत्रदाताको ग्राहयता (इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा माग गर्न सकिने व्यवस्था गरेको छ ।

५.२ बोलपत्रमा Technical Specification (राशनको विस्तारपूर्वक ब्याख्या वा लक्षण) को आवश्यकता भइ माग भएको हो । बोलपत्र कागजातमा उक्त कागजात पेस गर्नु पर्ने व्यवस्था भएको हुँदा सो कागजात अनिवार्यरुपमा बोलपत्र दर्ता भएकै समयमा (Upload) गर्नु पर्ने हुन्छ । तर सार्बजनिक निकायबाट प्राप्त बोलपत्रहरुमा प्राविधिक विवरण पेश भएको देखिएन ।

५.३ ऐनको दफा २५(७) वमोजिम उपदफा (४) वमोजिम न्यूनतम् बोल अंक कबूल गर्ने बोलपत्रको बोलपत्रदाताको योग्यता उपदफा (५) बमोजिम जाँच गर्दा बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित योग्यता मूल्यांकनका आधार अनुरुप भएको पाइएमा त्यस्तो बोलपत्र न्यूनतम् मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मानिने छ । यसरी जाँच गर्दा त्यस्तो बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धि कागजातमा

उल्लिखित मूल्यांकनका आधार अनुरुप भएको नपाइएमा मूल्यांकनबाट हटाइने व्यवस्था छ। बोलपत्रमा बोल अंक न्यूनतम भएर मात्र हुदैन, सारभूतरुपमा प्रभावग्राही हुनुका लागि बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित् योग्यता र आधार पूरा भएको हुनु पर्दछ।

५.४ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२) को खण्ड (ख) अनुसार ग्राह्यताका आधार प्रमाणित गर्न व्यवसाय दर्ताको ईजाजत साथै अन्य आधारहरु पेश गनुपर्ने उल्लेख भएको र सार्बजनिक निकायले जारी गरेको बोलपत्र सम्बन्धी कागजातको खण्ड-३ को दफा २.१(ख) मा व्यवसाय दर्ताको ईजाजतपत्र (प्याकेज अनुसार उद्देश्य राखी दर्ता भएका व्यक्ति, फर्म, कम्पनी, संस्था भए सोको दर्ता (ईजाजत) प्रमाणपत्र पेश गर्नु पर्ने, उक्त कागजात श्री उद्योग बिभाग, कम्पनी रजिष्ट्रारको कार्यालय तथा घरेलु तथा साना उद्योग कार्यालयबाट जारी भएको हुनुपर्ने शर्त तोकिएकोले अनिबार्यरुपमा यो ईजाजत पत्र आधिकारिक निकायबाट प्राप्त गरी पेश गर्नु पर्दछ। निबेदक उत्तम स्टोर सहित आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका कर्णाली अर्डर एण्ड सप्लायर्स, सदा ज्योति सप्लायर्स र अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स समेतले व्यवसाय दर्ताको इजाजत पत्र पेश गरेको देखिदैन।

५.५ बोलपत्र सम्बन्धी कागजातको खण्ड ३-१ मा बिगत ३ आ.ब.मध्ये कुनै एक आ.ब.मा सन्तोषजनकरुपमा राशन आपूर्ति गरेको पत्र साथै प्याकेज १ को लागि बिगत ३ आ.ब.को बार्षिक औषत कारोबार रु.८,६०,००,०००।- खुलेको कागजात पेश गर्नुपर्ने शर्त तोकिएको छ। बोलपत्रमा सहभागी निबेदक सहित आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका सबै बोलपत्रदाताहरुले बिगत देखिनै राशन आपुर्ति गर्दै आएको व्यहोरा निजहरुले पेश गरेका अनुभवपत्रहरुबाट स्पष्ट हुन आएकोले निजहरुले उक्त बिबरण पेश अनिबार्य रुपमा पेश गर्नु पर्दछ। तर आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका कर्णाली अर्डर एण्ड सप्लायर्स, सदा ज्योति सप्लायर्स र अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्सले Average annual turnover को विवरणमा Average annual turnover is not required for this bid उल्लेख गरेको र निबेदक बोलपत्रदाताले उक्त फर्ममा २०७५।७६ को मात्र रु.३७,०४,०३,३८९।५४ रकम उल्लेख गरेकाले बोलपत्रदाताहरुले बोलपत्रको शर्त पुरा गरेका छैनन्। साथै एउटै प्रकृतिको खरिदमा फरक फरक योग्यता माग गर्न उचित हुदैन।

अत: युपर्युक्त ५.१ देखि ५.५ सम्मका बुँदाहरुमा उल्लिखित आधारमा निबेदक बोलपत्रदाता उत्तम स्टोर तथा सार्बजनिक निकायबाट कानूनी ग्राह्यता र पूर्णताको परीक्षणमा सारभूतरुपमा प्रभावग्राही ठहरिएका सबै बोलपत्रदाताहरुले सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(क) अनुसार योग्यताको आधारहरु पुरा नगरेको, ऐनको दफा ४२(ग) बमोजिम ग्राह्यता नपुगेको, नियमावलीको नियम ४० बमोजिम बोलपत्रदाताहरुबाट कानूनी ग्राह्यता सम्बन्धी आधारहरु पेश गर्न चुकेकोले उल्लिखित सबै बोलपत्रदाताहरु सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(ख)(घ) बमोजिमको परीक्षणमा र (३)(घ) बमोजिम पूर्णताको परीक्षणमा असफल भएकाले सारभूतरुपमा प्रभावग्राही मान्न सकिन्न साथै सार्बजनिक निकायबाट गठित बोलपत्र मूल्यांकन समितिबाट पनि यस तर्फ ध्यान नपुगेको तथा ऐनको दफा २५(५) र नियमावलीको नियम ६१(४) को व्यवस्थाको पालना नभएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(ख)(२) बमोजिम सार्बजनिक निकायले गरेको निर्णयलाई पूर्णरुपमा रद्द गर्न आदेश दिएको छ। कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार फुकुवा गर्नु।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७७ साल पौष १४ गते रोज ०३ शुभम्...........................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

## मुद्दा नं. १३३

## आ.व. २०७७/७८ को निर्णय नं ९

जि. कैलाली धनगढी न.पा वडा नं २ स्थित उत्तम स्टोरका प्रोपराइटर वर्ष ३६ को अरुण पाठकको अख्तियारप्राप्त वा. का.जि.का.म.न.पा वडा नं २९ वस्ने ओशिन नगरकोटी……………………………………………………………………………१ **निवेदक**

**विरुद्ध**

श्री नेपाली सेना, जंगी अड्डा भद्रकाली काठमाडौ……………………………………………………………………………१ **विपक्षी**

श्री नेपाली सेना, नं. ४ बाहिनी अड्डा, ईमामनगर ब्यारेक, नेपालगञ्ज… ……………………………………………………………१

**विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम पुनरावलोक गरी पाउं ।**

### १. निवेदकककको माग दावीः

बोलपत्र सूचना नं.NA/4BDE/RATION/077/78/01(e-GP) बाट नेपाली सेना, श्री नं. ४ बाहिनी अड्डा, ईमामनगर ब्यारेक, नेपालगञ्ज बिरुध्द शाकाहारी तथा माँसाहारी साधारण रासन, विरामी डाइट रासन खरिद सम्वन्धी बोलपत्र स्वीकृत गर्ने आशय उपर चित्त नबुझी उपर्युक्त निवेदकले कानून अनुसार राख्नु पर्ने सानिमा बैंक लिं नक्साल, काठमाडौंको ग्यारेन्टी रेफ नं. SPB026777800397, मिति डिसेम्बर १०, २०२० को रु. ५,३०,०००।- को बैंक जमानत सहित यस समितिमा मिति २०७७।०८।२६ मा दर्ता गराएको निबेदनमा देहाय वमोजिम माग दावी रहेको देखिन्छ।

१.१ निवेदक फर्मले विपक्षी बाहिनीले मागेको प्याकेज १ अर्न्तगत मेरो सबैभन्दा न्यूनतम बोल अंक भएकोमा म भन्दा बढी कबोल गर्ने सप्लायर्सलाई मिति २०७७।८।१६ मा बोलपत्र स्वीकृत गर्ने आशयपत्र दिएकोमा बोलपत्रको मुल्याङ्कन र निर्णयमा चित्त नबुझी सार्वजनिक निकायको प्रमुख समक्ष मिति २०७७।८।१७ मा उजुरी गरेकोमा सार्वजनिक खरिद नियमावलीको नियम ४०(१)(२) र (४), सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(घ) बमोजिम बोलपत्रको पूर्णताको परीक्षण गर्दा असफल भएकोले अघिल्लो चरणमा जान नसकेको हुँदा सारभूतरुपमा प्रभावकारी बोलपत्रलाई आशयको सूचना दिइएको भनी मिति २०७७।८।२१ मा जानकारी गराउनु भएकोले श्री रारा तेन्जिन कन्स्ट्रक्सन प्रा.लि.बाट पेश भएको बोलपत्रलाई ग्राह्य मानी गरिएको मुल्याङ्कन र निर्णय तथा पत्राचार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४,२५,४९ र ५० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८९, १०४, १०५, १०७ अनुसार पुनरावलोकन गरी पाउँ।

१.२ बोलपत्रको प्याकेज १ मा स्टक राख्न सकिने राशन सामान, विरामी डाइट तर्फको हकमा मैले बोलपत्र बमोजिमको फाराममा रु. ५,२९,४७,२२३।५० (मु. अ. कर बाहेक) बोल अंक कायम गरी बोलपत्र पेश गरेको थिए । उक्त बोलपत्र रीतपुर्वक र आवश्यक कागजात रहेकोले उक्त बोलपत्र मुल्याङ्कनमा पर्न गएको कुरा विपक्षी पृतनाले मिति २०७७।७।२६ मा बोलपत्र खोलुवा गर्दा बोलपत्र किताबको खण्ड-४ को सि.नं. (क) मा उल्लेख भएको कागजात पेश गर्न मिति २०७७।०८।०९ मा पत्राचार गरिएको थियो । उक्त पत्र प्राप्त हुनासाथ जिल्ला दररेट आफुलाई थाहा नभएको, स्थानीय बजारमा उक्त राशन सामानहरु आपुर्ति गर्ने उत्पादक कम्पनी आयत निर्यात गर्ने व्यापारी तथा स्थानीय एजेन्टहरुसंग गरेको सम्झौताको दरलाई आधार मानी उक्त दर कबोल गरिएको हो । ठेक्का स्वीकृत भएमा एक महिनाको चालु र २ महिनाको स्टक राशन स्पेसिफिकेशन अनुसारको नियमित उपलब्ध गराउन सकिने प्रतिवद्धता र सन्तोषजनक आपूर्ति गरेको पत्र समेत बाहिनी अर्न्तगत राशन ठेक्का वन्दोवस्त समितिलाई मिति २०७७।८।०९ मा जवाफ गराएको थियो ।

१.३ निवेदकले बोलपत्र बमोजिम पेश गर्नुपर्ने सम्पूर्ण कागजातहरु तथा खोलुवा बोलपत्र बमोजिम सोधनी भएका विवरणहरुको तत्कालै सम्वोधन गरेकोमा उक्त बोलपत्र बमोजिमको राशन सप्लाई गर्ने कार्य निवेदकलाई नदिई अन्यको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिइएको छ । सोमा चित्त नबुझी तत्कालै प्रत्यार्थी सार्वजनिक निकायका प्रमुख समक्ष मिति २०७७।८।१७ मा उजुरी गरेकोमा सार्वजनिक खरिद नियमावलीको नियम ४०(१)(२) र (४), सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(घ) बमोजिम बोलपत्रको पूर्णताको परीक्षणमा असफल भएकोले सारभूतरुपमा प्रभावग्राही बोलपत्रवालालाई आशयको सूचना दिइएको भनी मिति २०७७।८।२१ मा गरिएको निर्णय पत्रचार मैले पेश गरेका कागजात प्रमाणका आधारमा बदर योग्य छ।

१.४ मैले बोलपत्रको खण्ड-४(क), सि.नं ८ बमोजिमको शर्त पूरा गरेको छु । बोलपत्र मुल्याङ्कनकर्ता विपक्षी पृतनाले मेरो बोलपत्र अयोग्य गर्न मिल्दैन । यस आ.व को लागि बोलपत्र आह्वान गर्दा ५ प्याकेज कायम गरी छुट्टा छुट्टै बोलपत्र आह्वान गरेबाट यो बोलपत्र नयाँ स्वरुपमा आह्वान भए बमोजिम निवेदकले राशन सप्लाई गर्दा प्याकेज १ को लागि यो वर्ष मात्र बोलपत्र भरेकोले नयाँको लागि लागु हुने व्यवस्था अर्न्तगत ८(ख) को विकल्प रोजी बोलपत्रले उल्लेख गरे बमोजिम ३९ करोडको सानीमा बैक धनगढीबाट जारी भएको क्रेडिट लाइन पेश गरेको हो । क्रेडिट लाइन बोलपत्रकै शर्त भएको र निवेदकले उक्त विकल्पको प्रयोग गर्दा राशन सन्तोषजनक रुपमा आपुर्ति गरेको प्रमाण पेश गर्नुपर्ने वाध्यता नभएको स्पष्ट छ।

१.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(४) ले सार्वजनिक निकायले बोलपत्रको परीक्षणको क्रममा बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सक्ने र उक्त बमोजिम माग भएको जानकारी सार्वजनिक निकायलाई दिनुपर्ने व्यवस्था ऐ दफा २३(५) मा उल्लेख छ । निवेदकलाई केवल निर्देशनको दफा ३०(३) को विवरण मिति २०७७।८।११ भित्र पेश गर्न भनिएको छ । यसबाट निवेदकले पेश गरेको क्रेडिट लाइनलाई मानी मुल्याङ्कनमा मेरो बोलपत्र ऐनको दफा २५(१) बमोजिम परेको स्पष्ट छ । यस दफा बमोजिम पूर्णताको परीक्षणमा नपरेको भए ऐनको दफा २४ बमोजिम रीत नपुगेको बोलपत्र भनी मेरो बोलपत्र विपक्षी पृतनाले अस्वीकृत गर्नुपर्ने थियो । यो दफा बमोजिम अस्वीकृत गरेको नभई उक्त बोलपत्रको खण्ड-४(क) को सि.नं ८ (क) बमोजिम राशन सन्तोषजनकरुपमा आपुर्ति गरेको प्रमाण पेश गर्नुपर्ने भन्ने आधार विपक्षी बाहिनीले मिति २०७७।०८।२१ मा दिएको उजुरी निवेदन सम्बन्धमा उल्लेख गरेको छ । आ.ब. २०७५।७६ र २०७७।७८ मा राशन आपुर्ति गरेको गर्दै गरेको जानकारी गराइएको थियो ।

१.६ मेरो बोलपत्र अग्राह्य गर्नको लागि विपक्षीले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (१) (२) र (४) को कानूनी आधार लिएको छ । यी सबै आधारहरु बमोजिमका कागजातहरु बोलपत्रसाथ पेश गरेको साथै रु. ३९ करोडको Credit line Information समेत पेश गरेकोले मेरो बोलपत्र योग्य र ग्राह्य रहेको तथ्य पुष्टि छ ।

१.७ सार्वजानिक खरिद ऐन, २०६३ को दफा २४(घ) ले उद्दरण गरेको दफा २३(२) बमोजिम नभएकोले सारभूतरुपमा प्रभावकारी नभएको भन्ने बोलपत्र मुल्याङ्कनकर्ता, निर्णयकर्ताको धारणा केवल मनोगत छ । म निवेदकले पेश गरेको बोलपत्र मुल्याङ्कनको लागि ग्राह्य रहदा रहदै बढी अंक कबुल गर्ने रारा तेन्जिन कन्स्ट्रक्सन प्रा.लि.को बोलपत्रलाई ग्राह्यता दिई रु २२,५५,५७४।१७ कम मेरो बोलपत्रलाई सारभूतरुपमा अप्रभावकारी गरिएको विपक्षीहरुको निर्णय, पत्राचार तथ्यगत र कानूनसम्मत नरहेकोले पुनरावलोकन मार्फत बदर योग्य रहेको छ ।

१.८ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा १ देखि ७ सम्मको बोलपत्रको मुल्याङ्कन सम्वन्धी दफा बमोजिम मैले पेश गरेको बोलपत्र मुल्याङ्कनको लागि ग्राह्य रहेको कुरा विपक्षी सार्वजनिक निकायले मिति २०७७।८।०९ मा राशन ठेक्का वन्दोवस्त सम्वन्धमा लेखेको पत्रबाट नै पुष्टि भएको छ । बोलपत्र कागजातमा उल्लिखित योग्यता मुल्याङ्कनका आधार अनुरुप भएमा ऐ उपदफा (७) मा त्यस्तो बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रवाभग्राही बोलपत्र मानिने व्यवस्था छ भने ऐ दफा २७(१) ले सारभूतरुपमा प्रभावकारी बोलपत्र स्वीकृतिको लागि छनौट गर्नुपर्ने वाध्यात्मक कानूनी व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८९(५) बमोजिम स्वीकृत हुनुपर्नेमा मेरो बोलपत्रलाई अग्राह्य मानी बोलपत्र अस्वीकृत गरिनु यी वर्णित कानूनी व्यवस्था विपरीत भै बदरयोग्य छ ।

## २. सार्वजनिक निकायको प्रतिकियाः

यस समितिको मिति २०७७।०८।२४ को पत्रबाट सार्वजनिक निकाय श्री नेपाली सेना, जंगी अड्डा भद्रकाली काठमाडौ, श्री नेपाली सेना, ४ नं. बाहिनी अड्डा ईमाननगर ब्यारेक, नेपालगञ्जबाट उपर्युत राशन खरिद प्रक्रियाका बिषयमा परेको निवेदन/मुद्दाको प्रतिक्रिया माग गरेको मा २०७७।०८।२६ को पत्र साथ प्राप्त प्रतिक्रियामा उल्लेख भएको प्रमुख अंश निम्नानुसार छन्:

२.१ ऐनको दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने तथा ऐ. उपदफा (२) मा उपदफा (१) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था गरेको, दफा १३(२)(ख) मा बोलपत्रसम्बन्धी कागजात तयार गर्दा दफा १० बमोजिम बोलपत्रदाताको योग्यताका आधारहरु तयार गर्नुपर्ने, दफा १० (२) ले विगतको कार्यसम्पादन, वित्तीय श्रोत र अवस्था, पेशागत कसूर गरे बापतको सजाय र यस्तै अन्य आधारहरु समेत बोलपत्रदाताको योग्यताको आधारको रुपमा व्यवस्था गर्न सक्ने भन्ने व्यवस्था गरेको छ । नियमावलीको नियम ४०(१)(च) मा "ऐन, नियमावली र SBD विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात" समेत बोलपत्रदाताको ग्राहयता (इलिजिविलिटी) पुष्टि गर्ने कागजातको रुपमा माग गर्न सकिने व्यवस्था गरेको छ । सोही प्रावधानको आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१) मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानूनबमोजिम योग्य भएको पुष्टि गर्न बोलपत्र कागजको खण्ड-२ मा बोलपत्रदातालाई दिएको निर्देशनको दफा ४ तथा बोलपत्र कागजको खण्ड-४(क) मा उल्लिखित बोलपत्रदाताको ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजात समेत परीक्षण गर्नुपर्ने व्यवस्था छ । उक्त निर्देशनको खण्ड-२ को दफा ४(क) मा उल्लिखित प्रमाण कागज पेश गर्ने बोलपत्रदाता कानून बमोजिम योग्य मानिने व्यवस्था समेत रहेको देखिन्छ ।

२.२ ऐनको दफा २३(२)(घ) ले योग्यता सम्बन्धी आवश्यक कागजातको परीक्षण गर्नुपर्ने व्यवस्था गरेको र नियमावलीको नियम ४०(१)(च) मा ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात समेत बोलपत्रदाताको ग्राह्यता ( इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा रहने व्यवस्था गरेको छ । सोही कानुनी व्यवस्थाहरुको आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको निर्देशनको दफा २५(१)(ज) मा पूर्णताको परीक्षणको क्रममा खरिदकर्ताले माग गरेको अन्य कागजात समेत परीक्षण गर्नुपर्ने, दफा २४ मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानूनबमोजिम योग्य भएको पुष्टि गर्ने, बोलपत्र कागजको खण्ड-२ को बोलपत्रदातालाई दिएको निर्देशनको दफा ४ तथा बोलपत्र कागजको खण्ड-४(क) मा उल्लिखित बोलपत्रको ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजातको समेत परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त निर्देशनको खण्ड-२ को दफा ४ मा खण्ड-४(क) मा उल्लिखित प्रमाण कागजहरु निवेदकले बोलपत्र साथ पेश गर्न सकेको देखिँदैन ।

२.३ ऐनको दफा २४(घ) मा दफा २३(२) बमोजिम बोलपत्रदाताको योग्यतासम्बन्धी आवश्यक कागजात पेश नगर्ने बोलपत्रदाता उपर दफा २३ को खण्ड (घ) तथा नियमावलीको नियम ४०(४) बमोजिम कारबाही नहुने हुँदा निवेदकको बोलपत्रलाई सो सूचीमा राखिएको हो ।

२.४ पछिल्लो कुनै तीन आ.व. हरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनक रुपमा रासन आपूर्ति गरेको अनुभवको पत्र ऐनको दफा २३(२), नियमावलीको नियम ४०(१)(२) तथा बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१), दफा २५(१)(ज), तथा खण्ड-४ को ७(१)(क) बमोजिम कानूनी ग्राह्यता पुष्टि गर्ने महत्वपूर्ण कागजात भएको तर निवेदकले सो कागज पेश गर्न सकेको छैन । ऐनको दफा २४(घ), नियमावलीको नियम ४०(४) ले उल्लिखित कागजात पेश नगर्ने बोलपत्रदाताको बोलपत्र कारबाही नहुने व्यवस्था गरेको देखिन्छ ।

२.५ पेश गरेको कागजको सूचीमा खरिदकर्ताले माग गरेको पछिल्लो तीन आ.व. हरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनकरुपमा रासन आपूर्ति गरेको कागज पेश गरेको भन्न नसकी गोलमटोल भाषामा माग बमोजिमका सम्पूर्ण कागजात पेश गरेको भनेको तर कागज कहाँ छ भन्न सकेको छैन । सार्वजनिक निकायले बोलपत्रदातालाई जारी गरेको निर्देशनको खण्ड-४ को (क) वा (ख) मध्ये एक पेश गरे हुने भन्ने तोकिएको हुँदा आफूले सोमध्ये (ख) को Line of Credit पेश गरेको भनी दावी लिएकोमा उक्त दफाको (क) मा पुरानो बोलपत्रदाताको हकमा विगत तीन वर्षहरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनकरुपमा रासन आपूर्ति गरेको पत्र र नयाँ बोलपत्रदाताको लागि Line of Credit पेश गर्नुपर्ने व्यवस्था गरी छुट्टा छुट्टै वर्गको लागि छुट्टा छुट्टै व्यवस्था गरिएको हो । निजले निवेदनमा अघिल्ला आर्थिक वर्षहरुमा नेपाली सेनामा रासन आपूर्ति गरेको भनी उल्लेख गरेकै हुँदा निज पुरानो आपूर्तिकर्ता भएको प्रमाणित हुन्छ ।

२.६ बोलपत्रदातासंग जानकारी माग्न सक्ने व्यवस्था कानुनी ग्राह्यता पुष्टि गर्ने कागजातको सम्बन्धमा होइन यो केवल पत्रको सन्दर्भमा हो । निवेदकलाई लागेको कागजात पेश गर्दैमा माग गरेको कागजात पेश गरेको मानिदैन । खरिदकर्ताले माग गरेको सबै कागजात पेश गरेपछि मात्र पेश गरेको मानिन्छ । ऐनको दफा २४ बमोजिम के नभएको हो वस्तुनिष्टरुपमा भन्न सकेको छैन । खरिदकर्ताले सम्पूर्ण कार्यहरु मनोगतमा नभई कानूनबमोजिम नै गरेको छ ।

२.७ विपक्षी स्वयंले एकपटक सचेत गराएको कुरा पनि स्वीकार गर्नु भएको छ । तर यसको अतिरिक्त कैयौं पटक विभिन्न युनिटहरुबाट मौखिक तथा लिखित रुपमा निजलाई सचेत गराएका छन् । निवेदकले नेपाली सेनाको विभिन्न युनिटहरुमा बोलपत्र पेश गरेको र नियमितरुपमा भई रहेको परीक्षण र मूल्याङ्कन कार्यलाई प्रभाव पार्ने गरी मिति २०७७/०८/१२ गते मन्त्रालय, संवैधानिक निकाय लगायत विभिन्न निकायहरुमा

दिएको निवेदन सम्बन्धमा तीन दिनभित्र स्पष्ट खुलाई जानकारी दिन श्री आपूर्ति तथा परिवहन निर्देशनालयले मिति २०७७/०८/१६ गते पत्राचार गरेकोमा कुनै जवाफ प्राप्त नभएकोले निज निवेदकले सार्वजनिक खरिद कारबाहीमा सहभागी भई बोलपत्रदाताले पालना गर्नुपर्ने ऐनको दफा ६२ बमोजिमको आचरण पालना नगरेको कारण ऐनको दफा ६३(१)(क) बमोजिम कालो सूचीमा राख्ने आवश्यक कारबाही बढी सकेको छ ।

**३. अध्ययन अवलोकन:**

उपर्युक्त निवेदकको निवेदन/मुद्दाका बिषयमा निवेदनसाथ पेस भएका कागजातहरु, बोलपत्र कागजातहरु, सार्वजनिक निकायबाट प्राप्त कागजातहरु, सार्बजनिक खरिद सम्बन्धी प्रचलित कानूनहरुका आधारमा अध्ययन अवलोकन गरिएको छ ।

३.१ यस खरिद कार्यका लागि ५ प्याकेज बनाई मिति २०७७।०६।२६ मा बोलपत्र आह्वानको सूचना प्रकासन भएको थियो । प्याकेज १ (स्टक राख्न सकिने सुख्खा राशन, साधारण तर्फ समेत) को लागि साधारण तर्फ रु.५,५२,०२,७९७।७६ र विरामी तर्फ ७१,७६,३६३।७१ गरी जम्मा रु ६,२३,७९,१६१।४७ को बोलपत्र पेस गर्ने रारा तेन्जिन कन्स्ट्रक्सन प्रा.लि.को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना, निर्णय प्रति चित्त नबुझी निवेदकबाट बाहिनीपतिज्यू समक्ष मिति २०७७।०८।१७ मा पुनरावलोकनका लागि दिएको निवेदनको जवाफ २०७७।०८।२१ मा दिइएको देखिन्छ । सो जवाफ उपर चित्त नबुझी नियमानुसार राख्नुपर्ने बैक जमानत सहित यस समितिमा मिति २०७७।०८।२६ मा निवेदन दर्ता भएको छ ।

३.२ सार्बजनिक निकायबाट गठित बोलपत्र मूल्यांकन प्रतिबेदनमा उल्लेख भए अनुसर यस प्याकेज नं. १ का खरिद कार्यका लागि निबेदकका सहित ६ आपूर्तिकर्ता फर्म कम्पनीहरुले बोलपत्र पेस गरेकोमध्ये सदाज्योति सप्लायर्स, कर्णाली अर्डर एण्ड सप्लायर्स, रारा तेन्जिन कन्स्ट्रक्सन प्रा.लि., अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स र सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि कानूनी ग्राह्यता र पूर्णताको परीक्षणमा सफल भएको उल्लेख गरी सोमध्ये आर्थिक पक्षको मूल्यांकनमा न्यूनतम बोल अंक कबोल गर्ने रारा तेन्जिन कन्स्ट्रक्सन प्रा.लि.को रु. ६,२३,७९,१६१।४७ को बोलपत्र स्वीकृत गर्ने आसयको सूचना जारी भएको देखिन्छ । निवेदक उत्तम स्टोरको रु ५२९४७२२३।५० (मूल्य अभिबृद्धि कर बाहेक रहेको देखिन्छ ।

३.३ सार्बजनिक निकायका प्रमुख समक्ष दिएको उजूरी निवेदनमा वढी दायीत्व सृर्जना गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) विपरित मूल्यांकन गरेकोले खरिद कारबाहीको पुनरावलोकन गरी पाउँन माग गरेकोमा सार्वजनिक निकायबाट दिएको जवाफ प्रतिक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ को दफाहरु, नियमावली तथा बोलपत्र कागजातको आधार लिई निर्णय गरएिको भन्ने उल्लेख छ ।

३.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन वमोजिमको कार्यविधि पूरा गर्नु पर्नेछ र (२) मा प्रतिकूल हुने गरी खरिद गरेमा खरिद वदर वा अमान्य हुने व्यवस्था रहेकोले सार्वजनिक खरिद ऐनको प्रतिकूल हुने गरी खरिद गर्नु कानून सम्मत नहुने देखिन्छ ।

३.५ बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुनका लागि ऐनको दफा २३(२) वमोजिम बोलपत्रको परीक्षणमा उतिर्ण भए पछि बोलपत्र पूर्ण छ छैन ? भनी पुर्णताको परीक्षण हुन्छ र यसमा पनि उतिर्ण हुनु पर्ने हुन्छ । ऐनको दफा २४(घ) मा दफा २३(२) वमोजिम वमोजिम नभएमा बोलपत्र उपर कारवाही नहुने ब्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ मा भएको ब्यवस्था तथा सोही आधारमा PPMO बाट जारी भएको आधारमा सार्बजनिक निकायबाट जारी बोलपत्र कागजातले माग र निर्देशन गरेको बोलपत्र कागजात तोकिएको अवधि भित्र पेस हुन नआएमा त्यस्ता बोलपत्र सारभूतरुपमा प्रभावग्राही नभएको मानिन्छ । ऐनको दफा २५(५) को आशय पनि यही हो । बोलपत्रदाता निवेदकबाट ऐनको दाफा २३(२)(ख)(घ) तथा २३(३) को (ग)र(घ) का प्रमाणहरु बोलपत्र कागजातहरु पेश नगरेकाले शर्त पूरा गरेको दखिदैन । यसको अभावमा ऐनको दफा २४(घ) आकर्षित हुने नै भयो ।

३.६ ऐनको दफा २५(५) मा “बोलपत्रको मूल्यांकन बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ र त्यसरी मूल्यांकन गर्दा प्रत्येक बोलपत्रको मूल्यांकित रकम अर्को बोलपत्रको मूल्यांकित रकमसंग तुलना गरी न्यूनतम बोल अंक कबुल गर्ने बोलपत्र निर्धारण गर्नु पर्नेछ” भनी ब्यवस्था भएको छ । बोलपत्र कागजात कानूनका आधारमा तयार भएकोले सार्बजनिक निकाय र बोलपत्रदाताले यसमा भएका शर्तहरुको बाध्यात्मकरुपमा पालना गर्नुपर्दछ । यसमा भएका ब्यवस्था कानूनमा नबाझिएको हदसम्म अक्षरश् लागू हुनु पर्दछ। साथै ऐनको दफा २५(७) मा उपदफा (४) वमोजिम न्यूनतम् बोल अंक कबूल गर्ने बोलपत्रको बोलपत्रदाताको योग्यता उपदफा (५) बमोजिम जाँच गर्दा बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित योग्यता मूल्यांकनका आधार अनुरुप भएको पाइएमा त्यस्तो बोलपत्र न्यूनतम् मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मानिनेछ । यसरी जाँच गर्दा त्यस्तो बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित मूल्यांकनका आधार अनुरुप भएको नपाइएमा मूल्यांकनबाट हटाइने ब्यवस्था छ । त्यसर्थ बोलपत्रमा उल्लिखित् बोल अंक न्यूनतम भएर मात्र हुदैन, सारभूतरुपमा प्रभावग्राही हुनका लागि बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित योग्यता र आधार पूरा भएको हुनु पर्ने देखिन्छ ।

३.७ ऐनको दफा १०(१)(क) मा बोलपत्र सम्बन्धी योग्यताका आधार पूरा गर्नु पर्ने (२) मा उपदफा (१) वमोजिम बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजातमा योग्यताको आधारमा पेशागत र प्राविधिक योग्यता, विगतको कार्य सम्पादन, वित्तीय स्रोत र अवस्था, पेशागत कसूर गरे वापतको सजाय र यस्तै आधारहरु राख्न सकिने व्यवस्था छ । यस खरिद प्रकियामा ग्राह्यता परीक्षण सम्बन्धी व्यवस्था बोलपत्र कागजातहरुको खण्ड-२ को २४ मा उल्लेख छ । मूल्यांकन समिति यसैका आधारमा बोलपत्रको मूल्यांकन गर्न बाध्यकारी हुन्छ । निवेदक बोलपत्रदाता उत्तम स्टोर तथा कर्णाली अर्डर एण्ड सप्लायर्स, र सदा ज्योति सप्लायर्स समेतको सार्वजनिक निकायबाट प्राप्त फायलहरु अध्ययन गर्दा राशन आपूर्ति गरेको अनुभव (निर्देसित फारममा भरी) र प्रसंशा पत्र समावेश देखिएन, साथै खण्ड- २ को बोलपत्रदातालाई निर्देशन ७(छ) को आपूर्ति तालिका, (ज) को Technical specification (कुनै पदार्थको बिस्तारपूर्वक प्राविधिक ब्याख्या) समावेस देखिएन । ब्यवसाय दर्तामा राशन आपूर्ति गर्ने अनुमति प्राप्त गरेको हुनु पर्ने हो । बोलपत्र कागजातमा संलग्न भएका खाद्यान्न र लत्ताकपडा आपूर्ति गर्ने योग्यता बोलपत्रको शर्त अनुसार पुग्ने देखिदैन । बोलपत्र कागजातको खण्ड ३ को २(ख)मा व्यवसाय दर्ताको इजाजत पत्र (प्याकेज अनुसार आपूर्तिको उद्देश्य राखी दर्ता भएको हुनुपर्ने उल्लेख छ । सैनिक अधिकृत तथा जवानहरुका लागि Hygenic खानाहरुको आवश्यकता पर्ने हुदाँ राशन आपूर्तिकर्ताले आपूर्ति गरेका खाद्यान्न Hygenic भएको प्रमाण पेस गर्नु पर्ने व्यवस्था हुन उपयुक्त हुन्छ । त्यसैले Specification (राशनको विस्तारपूर्वक ब्याख्या वा लक्षण) को आवश्यकता भइ माग भएको देखिन्छ । यिनीहरुका अतिरिक्त बिक्रम खाद्य स्टोरले कार्य सम्पादन गरेको पत्र पाएको देखिन्छ । यी कागजातहरुका आधारमा बोलपत्र कागजात साथ समावेस फारममा भरी अनिवार्य पेस गर्नु पर्ने बोलपत्र कागजातमा उल्लेख छ । e-GP को माध्यमबाट बोलपत्र पेस गरेकोमा योग्यताका आधार जस्ता कागजातहरु

बोलपत्रसाथ Upload गर्नु अनिवार्य हुन्छ । बोलपत्र पेस गर्ने समय ब्यतित भएपछि पेस गरेको योग्यता कागजातहरुलाई मान्यता दिन मिल्ने देखिदैन ।

३.८ Technical Specification पेस गर्नु पर्ने बोलपत्र कागजातमा ब्यवस्था भएको हुँदा सो सम्बन्धि Technical Specification बोलपत्र दर्ता भएकै समयमा पेश गर्नु पर्छ । यो कागजात पछि पेस गर्ने प्रतिबद्धता जनाएर मात्र पुग्ने देखिदैन ।

३.९ बोलपत्रदाताले जिल्ला दर रेट थाहा नभएको बिषयमा बोलपत्र पेस गर्दा सबै कुराहरु पढी बाँची दस्तखत गरी पेस गरेको मानिन्छ । यो एउटा Contract को अवस्था हो । तसर्थ जानकारी विना बोलपत्र पेस गरेको भन्न पाइने अवस्था हुदैन ।

३.१० बोलपत्र कागजातको खण्ड-२ को ५.४ बोलपत्रदाताको योग्यतामा बोलपत्रमा राशन आपूर्ति गरेका अनुभव हाँसिल नगरेका नयाँलाई Credit Line पेश गर्नुपर्ने उल्लेख भएको देखिन्छ । त्यसैगरी खण्ड-४ को ७(क) मा बिगत तीन आ.ब. हरुमध्ये कुनै एक आ.ब. मा सन्तोषजनकरुपमा राशन आपूर्ति गरेको प्रमाण र बिगत ३ बर्षको औषत कारोवार रु. १३,०१,५०,०००।- (सबै प्याकेजका लागि) खुलेको प्रमाण पेश गर्नु पर्ने उल्लेख छ । यो कागजात अनुभब हांसिल गरेको बोलपत्रदाताले पेश गर्नु पर्दछ । पहिले राशन आपूर्ति गरेको बोलपत्रदाताले नयाँ हुँ भनेमा आफनो योग्यता ढाँटेको वा छुपाएको बुझ्नु पर्ने हुन्छ । Credit Line बोलपत्रदाताको आर्थिक हैसियत दर्शाउने प्रमाण हो । सम्झौता बमोजिमको कार्य सम्पादन गर्न नसके वा छाडेमा त्यही रकमबाट राशन आपूर्ति गराउने हो । अनुभव आफूले सोही किसिमको काम विगतमा सफलतापूर्वक सम्पादन गरेको प्रमाण हो । यी दुई प्रमाणहरु अलग अलग कागजातहरु हुन् ।

३.११ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(१)(च) मा "ऐन, यस नियमावली र स्टयाण्डर्ड बिडिंग डकुमेण्टको विपरित नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात" भनी उल्लेख भएकोले सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजातहरु राख्न सक्ने ब्यवस्था छ । यस्ता कागजातहरु ऐन, नियमावली, SBD का विरुद्ध हुनु हुदैन । निर्देशन गरेका कागजातहरु पेश नभए बोलपत्रहरु सारभूतरुपले प्रभावग्राही हुदैन ।

३.१२ निबेदकले शर्त वमोजिमका राशन सामाग्री उपलब्ध नगराएको भनी मिति २०७७।०३।३१ मा पत्र लेखिएको, राशन सामाग्री स्टोरमा नभएकोले बजारबाट किन्ने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) वमोजिम प्रकिया अघि वढाउने जानकारी दिएको, राशन उपलब्ध गराउने मिति २०७७।०५।०५ र २०७७।०७।०५ को ताकेता पत्रहरु, राशन आपूर्ति संन्तोषजनक नभएको मिति २०७७।०८।०४ को २ नं तालीम गणले योगीकुटी हे. क्वाटरलाइ लेखिएको पत्रहरुबाट सचेत गराएकोले राशन आपूर्तिकर्ताको कार्यसम्पादन सन्तोषजनक नभएको प्रष्ट हुन्छ । कार्य सम्पादन सन्तोषजनक नहुनु, कार्य नगरेको भनी छल्नु, र नयाँ आपूर्तिकर्ता भनी credit Line पेस गर्नुले निबेदकले अबिश्वास सिर्जना गरेको देखिन्छ ।

३.१३ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२) को खण्ड (ख) मा ग्राह्यताका आधार तथा त्यस्तो आधार प्रमाणित गर्न अन्य आधारहरुका साथै व्यवसाय दर्ताको ईजाजत पेश गनुपर्ने उल्लेख भएको र सार्बजनिक निकायले जारी गरेको बोलपत्र सम्बन्धी कागजातको खण्ड-३ को दफा १.१ को (ख) मा व्यवसाय दर्ताको ईजाजतपत्र पेश गर्नु पर्ने शर्त तोकिएको छ । कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी हुने गरेको कम्पनी दर्ताको प्रमाणपत्र र बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयबाट जारी गरिने प्राईभेट फर्म दर्ताको प्रमाण पत्रमा अनुमति लिनु पर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति लिएर मात्र कारोवार गर्नुपर्ने उल्लेख गरेको पाईन्छ । खरिद नियमावली, बोलपत्र सम्बन्धी कागजात, उपर्युक्त दुई निकायबाट जारी प्रमाणपत्रमा उल्लेख भएको व्यवस्था अनुसार बोलपत्रदाताहरुले अनिवार्यरुपमा व्यवसाय दर्ताको ईजाजत पत्र पेश गनुपर्ने हुन्छ । निबेदक उत्तम स्टोर सहित आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका कर्णाली अर्डर एण्ड सप्लायर्स, सदा ज्योति सप्लायर्स, रारा तेन्जिन कन्स्ट्रक्सन पा.लि. र अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स समेतले आधिकारिक सार्बजनिक निकायबाट प्राप्त राशन आपूर्ति गर्ने व्यवसाय दर्ताको इजाजतपत्र बोलपत्रसाथ पेश गरेको देखिदैन भने सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.ले काठमाडौं महानगरपालिकाबाट लिएको व्यवसाय दर्ता प्रमाणपत्रमा व्यवसायको प्रकृतिमा आयात निर्यातकर्ता उल्लेख भएकोले राशन आपुर्तिको कारोवार गर्ने गरी व्यवसाय ईजाजतपत्र लिएको मान्न सकिन्न ।

३.१४ बोलपत्र सम्बन्धी कागजातको खण्ड ३-१ मा बिगत ३ आ.ब.को बार्षिक सरदर कारोवार प्याकेज १ को लागि रु.६,८१,५०,०००।- को कागजात पेश गर्नुपर्ने शर्त तोकिएको छ । बोलपत्रमा सहभागी निबेदक सहित आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका कर्णाली अर्डर एण्ड सप्लायर्स, सदा ज्योति सप्लायर्स, अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स र सुदिपा ट्रडिङ्ग कम्पनी प्रा.लि समेतले बिगत देखिनै राशन आपुर्ति गर्दै आएको व्यहोरा निजहरुले पेश गरेका अनुभव पत्रहरुबाट स्पष्ट हुन आएकोले निजहरुले उक्त बिबरण अनिबार्य रुपमा पेश गर्नु पर्दछ । तर आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका कर्णाली अर्डर एण्ड सप्लायर्स, सदा ज्योति सप्लायर्स, अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स र सुदिपा ट्रडिङ्ग कम्पनी प्रा.लि समेतले Average annual turnover को विवरणमा Average annual turnover is not required for this bid उल्लेख गरेको देखिन्छ भने रारा तेन्जिन कन्स्ट्रक्सन प्रा.लि.ले २०७४।७५ देखि २०७६।७७ सम्मको पेश नगरी २०७२।७३, २०७४।७५ र २०७५।७६ को त्यो पनि माग भन्दा कम रु.२,३४,१६,५४८।- मात्र र निबेदक बोलपत्रदाताले उक्त फर्ममा २०७५।७६ को मात्र रु.३७,०४,०३,३८९।५४ रकम उल्लेख गरेकाले यी बोलपत्रदाताहरुले बोलपत्रको शर्त पुरा गरेको देखिदैन ।

## ४. छलफल तथा सुनुवाईः

उपयुक्त खरिद प्रक्रियाका बिषयमा यस समितिमा परेको मुद्दाका बिषयमा पक्ष विपक्ष आमन्त्रण गरी मिति २०७७।०९।०६ गते विहान १.०० बजे समितिको कार्यालयमा छलफल तथा वहस कार्यक्रम आयोजना भयो ।

४.१ निवेदक उत्तम स्टोरका तर्फबाट विद्वान अधिबक्ताहरु केदार प्रसाद दाहाल, नारायण प्रसाद कोइराला, तुल बहादुर श्रेष्ठ र ललित बहादुर बस्नेतले छलफल तथा वहस कार्यक्रममा भाग लिनु भयो । यस कार्यक्रममा उठाईका जिकिरहरुको मुख्य सार देहाय वमोजिम छन्:-

४.१.१ मेरो पक्ष निवेदक उत्तम स्टोरले हाल पनि राशन आपूर्तिको काम सम्पादन गरी रहनु भएको छ । हाल यस मुद्दामा उपर्युक्त बिपक्षी श्री नेपाली सेना, उत्तर पश्चिम पृतना, हेडक्वाटर, निमारे व्यारेक, सुर्खेतमा राशन आपूर्ति गर्न प्याकेज नं.१ ठेक्का नं. NA/4BDE/RATION/077/78/01 को लागि सबै कागजातहरु सहित बोलपत्र पेस गरी सबै भन्दा न्यून दर पेस गर्ने बोलपत्रदाता हुनुहुन्छ । बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा उल्लेख भएका रारा तेन्जिन कन्स्ट्रक्सन प्रा.लि.को भन्दा मेरो करिब रु २२ लाख घटीको बोलपत्रलाई अयोग्य गरी मेरो बोलपत्रलाई सारभूतरुपमा अप्रभावग्राही बनाइएको छ ।

४.१.२ आशयको सूचना पाए पछि निवेदक म उत्तम स्टोरले चित्त नबुझी तत्कालै प्रत्यार्थी पृतना सार्वजनिक निकायका प्रमुख बाहिनीपतिज्यू समक्ष मिति २०७७।८।१७ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) वमोजम निवेदन दिएकोमा सार्वजनिक खरिद ऐन, २०६३

को दफा २३(३) र सार्वजनिक खरिद नियमावलीको नियम ४०(१)(२) र (४), सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(घ) बमोजिम बोलपत्रको पूर्णताको परीक्षण गर्दा असफल भएकोले दोस्रो चरणमा जान नसकेको हुँदा सारभूतरुपमा प्रभावग्राही बोलपत्रवालालाई आशयको सूचना दिइएको भनी बिपक्षी सार्बजनिक निकायको मिति २०७७।८।२१ को पत्र मैले प्राप्त गरे ।

४.१.३ सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक खरिद प्रकियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता र श्विसनीयताको व्यवस्था भएको छ । यसले सार्वजनिक निकायको उद्देश्य र कर्तब्यको निर्देश गरेको हो ।

४.१.४ मेरो पक्षले सबैभन्दा घटी दर पेस गरेकोछ, लागत अनुमान भन्दा कम छ, credit line Information पेस गरेको छ । मेरो कबोल अंक लागत अनुमान भन्दा १५ प्रतिसत् कम भएको बिषयमा मलाई स्पष्ट पार्न पत्रबाट सार्वजनिक निकायबाट सोधिएकोमा मैले बोलपत्रमा उल्लिखित् दर अनुसारका खाद्य सामाग्री आपूर्ति गर्न सक्षम, तयार र प्रतिबध्द छु भनी जवाफ दिएको छु ।

४.१.५ बोलपत्र कागजातको खण्ड २ को २२.१ मा खरिदकर्ताले बोलपत्र परीक्षण र मूल्यांकनको शिलशिलामा आवश्यक जानकारी माग्न सक्ने उल्लेख छ । यस सम्बन्धमा सार्वजनिक निकायबाट हामीसंग जानकारी माग गरिएन । माग भएको भए त्यसको जानकारी दिने थियौ ।

४.१.६ बोलपत्र कागजातको खण्ड ३ को ३.३.१(क) मा विगत तीन आ.व.मध्ये एक आ.व.मा शाकाहारी तथा माशाहारी शाधारण राशन ⁄विरामी डायट सन्तोषजनकरुपमा आपूर्ति गरेको प्रमाण कागजातको साथै विगत ३ बर्षको सरदर यस प्याकेजका लागि रु.६,८१,५०,०००।-को प्रमाण पेस हुनु पर्ने र (ख) मा नया ठेकेदारका हकमा आफूले बार्षिक कवाले गरेको रकमको २५ प्रतिसत्ले हुने Line of credit पेस गर्नु पर्ने उल्लेख छ । निवेदक प्याकेज नं १ को बिषयमा नयाँ भएकोले सानीमा बैक, धनगढीको रु.३९,००,००,०००। को Credit line Information पेस गरेको छु । बोलपत्र कागजातलले नयाँलाई Line of credit र पुरानो लाई कार्य अनुभव पेस गर्ने बिकल्प दिएको छ । हामीले कार्यालयबाट माग भएको सन्तोषजनकरुपमा राशन आपूर्ति गरेको तीन कार्यालयबाट प्राप्त प्रमाण पेश गरका छौं ।

४.१.७ बोलपत्र पेस भइसके पश्चात् सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) वमोजिम बोलपत्रको परीक्षण हुन्छ । सम्मानित समितिमा निवेदन दर्ता भइ सकेको र प्रतिक्रिया माग भैसकेको अवस्थामा कालो शुचीमा राख्ने, जमानत जफत जस्ता कारवाई भएका छन् । नियमावलीको नियम १४१ मा कालो शुचीमा राख्न पुऱ्याउनु पर्ने प्रक्रियाको व्यवस्था गरेको छ । जमानत जफत हुने अवस्था समेत खरिद कानून्ले तोकेको छ । कालो शुचीमा राख्न तथा जमानत जफत गर्नका लागि सुनवाइको अवसर पाउनु पर्छ । एउटा जिम्मेवार सार्वजनिक निकायले दुरासय भावना राखी निणर्य गर्न हुदैन । संस्थाले कानून सम्मत् निर्णय गर्नु पर्छ । मेरो पक्ष निवेदकले राशन आपूर्ति गर्न कुनै कसर बाँकी राखेको छैन भनी विश्वास दिलाएको छ । ठेकेदारका आचरण पनि मेरो पक्षबाट पालना भएको छ । मेरो पक्षले कानून सम्मत् किसिमले बोलपत्र पेस गरेकोले खरिद कानून एवं बोलपत्र कागजातमा भएको व्यवस्था मुताबिके बोलपत्रको परीक्षण एवं मूल्यांकन गरी सबैभन्दा घटी दर कबोल गर्ने मेरो पक्षलाई ठेक्का Award गर्न बिपक्षीको नाममा आदेश जारी होस भन्ने हाम्रो निवेदन छ ।

४.२ सार्वजनिक निकाय श्री नेपाली सेना जंगी अड्डा भद्रकाली काठमाडौं, श्री नेपाली सेना,नं. ४ बाहिनी अड्डा, ईमामनगर व्यारेक नेपालगञ्जका तर्फबाट प्राड सहसेनानी अधिबक्ता शिवसरण गिरी, अधिवक्ता महासेनानी ओम बहादुर भट्ट र अधिबक्ता बाबुराम दाहालले छलफल तथा वहसमा भाग लिनु भयो ।

४.२.१ यो राशनका बिषयमा तीन कुराहरु स्पष्ट गर्न चाहान्छु । (क) प्रथम मिति २०७७।०६।२६ मा नेपाली सैनिकहरुका लागि राशन खरिद वन्दोबस्त गर्न ८५ स्थानहरुका लागि सूचना प्रकाशन भएको थियो । सूचनामा रासन आपूर्तिका ५ प्याकेजमा बिभाजन भएको छ । यो मुद्दा प्यकेज १ का लागि हो ।

४.२.२ बोलपत्र कागजातको खण्ड ३ को ३.३.१ को (क) मा विगत तीन आ.व.मध्ये एक आ.व.मा शाकाहारी तथा माशाहारी शाधारण राशन⁄विरामी डायट शंनतोषजनक रुपमा आपूर्ति गरेको प्रमाण कागजातको साथै विगत ३ बर्षको सरदर यस प्याकेजका लागि रु.६,८१,५०,०००।-को प्रमाण पेस हुनु पर्ने र (ख) मा नयाँ ठेकेदारका हकमा आफूले बार्षिक कवोल गरेको रकमको २५ प्रतिसत्ले हुने Line of credit पेस गर्नु पर्ने उल्लेख छ । बोलपत्र कागजातले नयाँलाइ Line of credit र पुरानो लाई कार्य अनुभव पेस गर्ने बैकल्पिकता दिएको छ । निबेदक बोलपत्रदात नयाँ होईन भन्ने कुरा निजले पेश गरेको कागजातबाट नै पुष्टी हुन आउँछ ।

४.२.३ यस्तै बोलपत्र कागजातको खण्ड ३.३.२ को (ख) मा पेश गर्नु पर्ने भनी उल्लेख कागजातहरुलाई आधार लिएर सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(२) र (३) अनुसार पुर्णताको परीक्षण गर्दा योग्यता नपुग भएकोले निवेदक उत्तम स्टोरले पेश गरेको बोलपत्र ऐ ऐनको दफा २४(घ) अनुसार सारभूतरुपमा प्रभावग्राही नभएकोले असफल भएको हो । साथै निवेदकले आसयको सूचनामा उल्लेख भएका बोलपत्रदातालाइ विपक्षी पनि वनाउनु भएको छैन ।

सोही प्रावधानको आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको बोलपत्र कागजातको निर्देशनको दफा २४(१) मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानूनबमोजिम योग्य भएको पुष्टि गर्न बोलपत्र कागजको खण्ड-२ मा बोलपत्रदातालाई दिएको निर्देशनको दफा ४ तथा बोलपत्र कागजको खण्ड-४(क) मा उल्लिखित बोलपत्रदाताले ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजात पेश भए⁄नभएको समेत परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त निर्देशनको खण्ड-२ को दफा ४(क) मा उल्लिखित प्रमाण कागज पेश नगर्ने आपूर्तिकर्ता कानून बमोजिम योग्य मान्न मिल्दैन ।

४.२.४ ऐनको दफा २३(२)(घ) ले योग्यता सम्बन्धी आवश्यक कागजातको परीक्षण गर्नुपर्ने, नियमावलीको नियम ४०(१)(च) मा ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात समेत बोलपत्रदाताको ग्राह्यता ( इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा रहने व्यवस्था गरेको छ । सोही कानुनी व्यवस्थाहरुको आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको निर्देशनको दफा २५(१)(ज) मा पूर्णताको परीक्षणको क्रममा खरिदकर्ताले माग गरेको अन्य कागजात संलग्न भए⁄नभएको समेत परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ ।

४.२.५ बोलपत्र कागजातको निर्देशनको दफा २४ मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानून बमोजिम योग्य भएको पुष्टि गर्ने, बोलपत्र कागजको खण्ड-२ को बोलपत्रदातालाई दिएको निर्देशनको दफा ४ तथा बोलपत्र कागजको खण्ड-४(क) मा उल्लिखित बोलपत्रको ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजात परीक्षण गर्नुपर्ने व्यवस्था गर्नुका साथै निर्देशनको खण्ड-२ को दफा ४ मा खण्ड-४(क) मा

उल्लिखित प्रमाण कागज पेश गर्ने आपूर्तिकर्ता कानूनबमोजिम योग्य मानिने भन्ने व्यवस्था रहेकोमा निवेदकले उल्लिखित प्रमाण कागजात बोलपत्र साथ पेश गर्न सकेको छैन ।

४.२.६ ऐनको दफा २४(घ)मा दफा २३ को उपदफा (२) बमोजिम बोलपत्रदाताको योग्यता सम्बन्धी आवश्यक कागजात पेश नगर्ने बोलपत्रदाता उपर दफा २३ को खण्ड (घ) बमोजिम कारबाही नहुने तथा नियमावलीको निमय ४०(४) मा उपनियम (१) र (७) बमोजिम कागजात पेश नगर्ने बोलपत्र उपर कारबाही नहुने भन्ने व्यवस्था रहेको हुँदा निज निवेदकको बोलपत्रलाई कारबाही नहुने सूचीमा राखिएको हो ।

४.२.७ ऐनको दफा २३ को (२), नियमावलीको नियम ४० (१) र (२) तथा बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१) तथा दफा २५(१) (ज) खण्ड-४ को ७(१)(क) बमोजिम कानूनी ग्राह्यता पुष्टि गर्ने पछिल्लो कुनै तीन आ.व. हरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनकरुपमा रासन आपूर्ति गरेको अनुभवको पत्र महत्वपूर्ण कागजात निवेदकले पेश गरेको छैन ।

४.२.८ सार्वजनिक निकायले जारी गरेको बोलपत्रदातालाई निर्देशनको खण्ड-४ को ३.१ को (क) वा (ख) मध्ये एक पेश हुनु पर्ने भई (ख) को Line of Credit पेश गरेको भनी दावी लिएको देखिन्छ । तर उक्त दफाको (क) मा विगत तीन वर्षहरुमध्ये कुनै एक आ.व.मा सन्तोषजनकरुपमा रासन आपूर्ति गरेको पत्र पुरानो बोलपत्रदाताको हकमा र नयाँ बोलपत्रदाताको लागि Line of Credit पेश गर्नुपर्ने व्यवस्था गरी छुट्टा छुट्टै वर्गको लागि छुट्टा छुट्टै व्यवस्था गरिएको हो । निजले निवेदनमा अघिल्ला आर्थिक वर्षहरुमा नेपाली सेनामा रासन आपूर्ति गरेको भनी उल्लेख गरेकै हुँदा निज पुरानो आपूर्तिकर्ता भएको प्रमाणित हुन्छ ।

४.२.९ विपक्षी स्वयंले एकपटक सचेत गराएको कुरा पनि स्वीकार गर्नु भएको छ । कयौं पटक विभिन्न युनिटहरुबाट मौखिक तथा लिखित रुपमा निजलाई सचेत गराएका छन् । साथै निवेदकले नेपाली सेनाको विभिन्न युनिटहरुमा बोलपत्र पेश गरेको र नियमित रुपमा भई रहेको परीक्षण र मूल्याङ्कन कार्यलाई प्रभाव पार्ने गरी मिति २०७७/०८/१२ गते मन्त्रालय, संवैधानिक निकाय लगायत विभिन्न निकायहरुमा दिनु भएको निवेदन सम्बन्धमा तीन दिनभित्र स्पष्ट खुलाई जानकारी दिन भनी श्री आपूर्ति तथा परिवहन निर्देशनालयले मिति २०७७/०८/१६ गते पत्राचार गरेकोमा कुनै जवाफ प्राप्त नभएकोले निज निवेदकले सार्वजनिक खरिद कारबाहीमा सहभागी भई बोलपत्रदाताले पालना गर्नुपर्ने ऐनको दफा ६२ बमोजिमको आचरण पालना नगरेको कारण ऐनको दफा ६३ (१)(क) वमोजिम कालो सूचीमा राख्ने कारवाइ अघि वढाएको हो ।

४.२.१० सार्वजनिक खरिद ऐन, को दफा ४२ ले राशन सम्बन्धि बिषेश व्यवस्था गरेको छ । यस दफाले यस ऐनमा उल्लेख भएका यावत दफाहरुलाई Superside गर्दछ । निवेदकले ऐनको दफा २१(च) विपरित आचरण गरेको छ । उसले बोलपत्रको कारवाइ भैरहेको अवस्थामा बिभिन्न स्थानहरुमा पत्राचार गरेको छ । यस्तो कार्यले बोलपत्र प्रक्रियामा प्रभाव पर्ने सक्छ । निबेदकबाट आचरणको उल्लंघन भएको छ । आचरण बिपरित काम गरे बोलपत्र Non-responsive हुन्छ ।

४.२.११ सार्वजनिक खरिद ऐन, २०६३ ले न्यूनतम मूल्य पेस गर्नेको मात्र बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुने भनेको छैन । ऐनको दफा २३,२४,२५,२६,२७(१) र नियमावलीमा भएका ब्यवस्थाहरु पूरा गरेको भए मात्र बोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको मानिन्छ र सारभूतरुपमा प्रभावग्राही भएकोमध्ये न्यूनतम मुल्य भएकालाई मूल्यांकनमा उतिर्ण गर्नु पर्दछ ।

निवेदक Malafied Intention नराखी अदालतमा प्रवेश गर्नु पर्दछ । सार्वजनिक निकायले लिएको जिज्ञाशालाई नजर अन्दाज गर्न गर्नु हुदैन । बोल अंक घटी हुदैमा बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुने होइन । अन्यत्र सन्तोषजनक काम सम्पादन गरेको भन्दैमा बोलपत्रले मागेको प्रमाण पेस नहुदा बोलपत्र मूल्यांकनमा असफल भएको हो । हामीले खरिद ऐन, नियमावली तथा बोलपत्र कागजातमा उल्लेख भएका शर्त अनुरुप बोलपत्रको मूल्यांकन एवं परीक्षण गरी बोलपत्र स्वीकृट गर्ने आशयको सूचना जारी गरिएको हुँदा निवेदन खारेज होस ।

## ५. समितिको निर्णयः

सार्बजनिक निकायबाट Contract ID NO: NA/4BDE/RATION/077/78/01, राशन खरिदको बोलपत्र स्वीकृत गर्ने मिति २०७७।०८।१७ मा जारी आशयको सूचनाको बिरुद्धमा वोलपत्रदाता निवेदक उत्तम स्टोरले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोमा संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ ऐनको दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने तथा ऐ. उपदफा २ मा उपदफा (१) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुने, ऐनको दफा १३ (१) (ख) मा बोलपत्रसम्बन्धी कागजात तयार गर्दा ऐनको दफा १० बमोजिम बोलपत्रदाताको योग्यताका आधारहरु तयार गर्नुपर्ने, ऐनको दफा १०(२) ले विगतको कार्यसम्पादन, वित्तीय श्रोत र अवस्था, पेशागत कसूर गरे बापतको सजाय र यस्तै अन्य आधारहरु समेत बोलपत्रदाताको योग्यताको आधारको रुपमा व्यवस्था गर्न सक्ने भन्ने व्यवस्था गरेको छ । नियमावलीको नियम ४०(१)(च) मा "ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात" समेत बोलपत्रदाताको ग्राहयता (इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा माग गर्न सकिने व्यवस्था गरेको छ ।

५.२ वेलपत्रमा Technical Specification (राशनको विस्तारपूर्वक ब्याख्या वा लक्षण) को आवश्यक्ता भइ माग भएको हो । बोलपत्र कागजातमा उक्त कागजात पेस गर्नु पर्ने व्यवस्था भएको हुँदा सो कागजात अनिवार्यरुपमा बोलपत्र दर्ता भएकै समयमा (Upload) गर्नु पर्ने हुन्छ । तर सार्बजनिक निकायबाट प्राप्त बोलपत्रहरुमा प्राविधिक विवरण पेश भएको देखिएन ।

५.३ ऐनको दफा २५(७) वमोजिम उपदफा (४) वमोजिम न्यूनतम् बोल अंक कबूल गर्ने बोलपत्रको बोलपत्रदाताको योग्यता उपदफा (५) बमोजिम जाँच गर्दा बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित योग्यता मूल्यांकनका आधार अनुरुप भएको पाइएमा त्यस्तो बोलपत्र न्यूनतम् मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मानिने छ । यसरी जाँच गर्दा त्यस्तो बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित मूल्यांकनका आधार अनुरुप भएको नपाइएमा मूल्यांकनबाट हटाइने ब्यवस्था छ । बोलपत्रमा बोल अंक न्यूनतम भएर मात्र हुदैन, सारभूतरुपमा प्रभावग्राही हुनुका लागि बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित् योग्यता र आधार पूरा भएको हुनु पर्दछ ।

५.४ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२) को खण्ड (ख) मा ग्राह्यताका आधार तथा त्यस्तो आधार प्रमाणित गर्न अन्य आधारहरुका साथै व्यवसाय दर्ताको ईजाजत पेश गनुपर्ने उल्लेख भएको र सार्बजनिक निकायले जारी गरेको बोलपत्र सम्बन्धी कागजातको

खण्ड-३ को दफा १.१(ख) मा व्यवसाय दर्ताको ईजाजतपत्र (प्याकेज अनुसार उद्देश्य राखी दर्ता भएका व्यक्ति फर्म कम्पनी संस्था भए सोको दर्ता (ईजाजत) प्रमाणपत्र पेश गर्नु पर्ने, उक्त कागजात श्री उद्योग बिभाग वा घरेलु तथा साना उद्योग कार्यालयबाट जारी भएको हुनुपर्ने शर्त तोकिएकोले अनिवार्यरुपमा यो ईजाजतपत्र आधिकारिक निकायबाट प्राप्त गरी पेश गर्नु पर्दछ । निबेदक उत्तम स्टोर सहित आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका कर्णाली अर्डर एण्ड सप्लायर्स, सदा ज्योति सप्लायर्स, अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स, रारा तेन्जिन कन्स्ट्रक्सन प्रा.लि.,समेतले आधिकारिक कार्यालयबाट लिएको व्यवसाय दर्ताको इजाजतपत्र सार्बजनिक निकायबाट प्राप्त बोलपत्रसाथ पेश गरेको देखिदैन भने सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.ले काठमाडौं महानगरपालिकाबाट लिएको व्यवसाय दर्ता प्रमाणपत्रमा व्यवसायको प्रकृतिमा आयात निर्यातकर्ता उल्लेख भएकोले उक्त ईजाजतपत्रलाई राशन आपुर्तिको कारोवार गर्ने गरी लिएको मान्न सकिन्न ।

५.५ बोलपत्र सम्बन्धी कागजातको खण्ड ३-१ मा बिगत ३ आ.ब.को बार्षिक सरदर कारोवार प्याकेज १ को लागि रु. ६,८१,५०,०००।- को कागजात पेश गर्नुपर्ने शर्त तोकिएको छ । बोलपत्रमा सहभागी निबेदक सहित आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका सबै बोलपत्रदाताहरुले बिगत देखिनै राशन आपुर्ति गर्दै आएको व्यहोरा निजहरुले पेश गरेका अनुभवपत्रहरुबाट स्पष्ट हुन आएकोले निजहरुले उक्त बिबरण पेश अनिबार्यरुपमा पेश गर्नु पर्दछ । तर आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका कर्णाली अर्डर एण्ड सप्लायर्स, सदा ज्योति सप्लायर्स, अर्जुन जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स र सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि ले Average annual turnover को विवरणमा Average annual turnover is not required for this bid उल्लेख गरेको छ भने रारा तेन्जिन कन्स्ट्रक्सन प्रा.लि.ले २०७४।७५ देखि २०७६।७७ सम्मको पेश नगरी २०७२।७३, २०७४।७५ र २०७५।७६ को त्यो पनि माग भन्दा कम रु.२,३४,१६,५४८।- मात्र र निबेदक बोलपत्रदाताले उक्त फर्ममा २०७५।७६ को मात्र रु.३७,०४,०३,३८९।५४ रकम उल्लेख गरेकाले यी बोलपत्रदाताहरुले बोलपत्रको शर्त पुरा गरेको देखिदैन । साथै एउटै प्रकृतिको खरिदमा फरक फरक योग्यता माग गर्न उचित हुदैन ।

अतः युपर्युक्त ५.१ देखि ५.५ सम्मका बुँदाहरुमा उल्लिखित आधारमा निबेदक बोलपत्रदाता उत्तम स्टोर तथा सार्बजनिक निकायबाट कानूनी ग्राह्यता र पूर्णताको परीक्षणमा सारभूतरुपमा प्रभावग्राही ठहरिएका सबै बोलपत्रदाताहरुले सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(क) अनुसार योग्यताको आधारहरु पुरा नगरेको, ऐनको दफा ४२(ग) बमोजिम ग्राह्यता नपुगेको, नियमावलीको नियम ४० बमोजिम बोलपत्रदाताहरुबाट कानूनी ग्राह्यता सम्बन्धी आधारहरु पेश गर्न चुकेकोले उल्लिखित सबै बोलपत्रदाताहरु सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(ख)(घ) बमोजिमको परीक्षणमा र (३)(घ) बमोजिम पूर्णताको परीक्षणमा असफल भएकाले सारभूतरुपमा प्रभावग्राही मान्न सकिन्न साथै सार्बजनिक निकायबाट गठित बोलपत्र मूल्यांकन समितिबाट पनि यस तर्फ ध्यान नपुगेको तथा ऐनको दफा २५(५) र नियमावलीको नियम ६१(४) को व्यवस्थाको पालना नभएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(ख)(२) बमोजिम सार्बजनिक निकायले गरेको निर्णयलाई पूर्णरुपमा रद्द गर्न आदेश दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**<u>तपशील</u>**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७७ साल पौष १४ गते रोज ०३ शुभम्...........................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १३४**

**आ.व. २०७७/७८ को निर्णय नं ११**

जि. धनुषा, जनकपुर नगरपालिका वडा नं. २ स्थित अनिषा इन्टरप्राइजेजका प्रोपराइटर वर्ष ३६ का तुलसी पजियार (फोन नं ९८५४०२६०५०)..........१ **निवेदक**

**बिरुध्द**

श्री नेपाली सेना, जंगी अड्डा भद्रकाली काठमाडौ..........१

श्री श्रीनाथ गण, महेन्द्रनगर व्यारेक, धनुषा..........१ **विपक्षी**

**विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम पुनरावलोक गरी पाउं ।**

**१. निवेदकककको माग दावीः**

बोलपत्र सूचना नं NA/SREENATH/RATION/077/78/01 बाट नेपाली सेना, श्रीनाथ गण, महेन्द्रनगर व्यारेक, धनुषा समेतका बिरुध्द प्याकेज नं. १ अन्तरगतका रासन खरिद सम्वन्धी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना उपर चित्त नबुझी उपर्युक्त निवेदकले कानून अनुसार राख्नु पर्ने नेपाल बैंक लिं सिटी अफिस जनकपुरको GPF008830011, मिति २०७७।०८।२५ को रु. ३८०,०००।- को बैंक जमानत सहित सार्वजनिक खरिद ऐन २०६३ को दफा ४९(क) वमोजिम यस समितिमा मिति २०७७।०८।२८ मा दर्ता गराएको निबेदनमा देहाय वमोजिम माग दावी रहेको देखिन्छ ।

१.१ निवेदक फर्मले विपक्षी नेपाली सेना, श्री श्रीनाथ गण, महेन्द्रनगर व्यारेक, धनुषाले २०७७।०७८ को लागि स्टक राख्न सकिने राशन सामान समेत खरिद सम्वन्धी बोलपत्र (e-GP) सूचना नं.NA/SREENATH/RATION/077/78/01, प्याकेज १ अर्न्तगत मेरो सबैभन्दा न्यूनतम बोल अंक प्रस्ताव भएकोमा मलाई राशन ठेक्का नदिई बढी कबोल गर्ने न्यू डोकानिया ब्रदर्शलाई मिति २०७७।८।१५ मा बोलपत्र स्वीकृत गर्ने आशयपत्र दिएकोमा बोलपत्र मुल्याङ्कन र निर्णयमा चित्त नबुझी सार्वजनिक खरिद ऐनको दफा ४७(१) बमोजिम सार्वजनिक निकायको प्रमुख समक्ष मिति २०७७।८।२१ मा उजुरी गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) तथा बोलपत्र फारमको खण्ड ३ को सि.नं ३.१ (क) तथा खण्ड ४ को सि.नं ८ (क) बमोजिम कागजात पुरा नभई कानुनी गाह्यताको परिक्षणमा सफल हुन नसकेको भनी मिति २०७७।८।२२ मा सार्वजानिक निकायका प्रमुखले जानकारी गराएकोले अन्यायपूर्ण बोलपत्रको मुल्याङ्कन तथा निर्णय उपर सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ तथा ५०(१) बमोजिम निवेदन गर्न आएको छु । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४,२५,४९ र ५० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८९, १०४,१०५,१०७ अनुसार पुनरावलोकन गरी पाउँ ।

१.२ प्याकेज १ मा बोलपत्र फारममा बोल अंक रु. ३,७७,८०,०३९/२४ (मु. अ. कर बाहेक) पेश गरेको थिए । उक्त बोलपत्र रीतपुर्वक र आवश्यक कागजात रहेको र स्वीकृत लागत अनुमानको १५ प्रतिशतभन्दा घटी कबोल गरेकोले उल्लिखित रासन आइटमहरु उपलब्ध गराउन सकिने यथेष्ट कारण तथा आधार पठाउन मिति २०७७/०७/२८ को प्राप्त पत्रको मिति २०७७/०७/३० मा स्पेशिफिकेशन बमोजिम उपलब्ध गराउन सक्ने जानकारी गराएको थियो ।

१.३ सार्वजनिक निकायले ३ लाख न्यूनतम बोल अंक रहेको बोलपत्रलाई पन्छाई न्यू डोकानिया ब्रदर्शको बोलपत्र स्वीकृत गर्ने कार्य उपर चित्त नबुझी सार्वजनिक निकायका प्रमुख समक्ष उजुरी गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(३) तथा बोलपत्र सम्बन्धी कागजातको खण्ड ३ (बोलपत्र सम्बन्धी विवरण) र खण्ड-४ बमोजिम बोलपत्रदाताहरुलाई बोलपत्र फारममा दिईएको निर्देशन समेतको आधारमा कानुनी ग्राह्यताको परीक्षण, पूर्णताको परीक्षण र सारभूतरुपमा प्रभावग्राहिताको परीक्षणमा सफल भएका बोलपत्रहरुमध्ये न्यू डोकानिया ब्रद्रर्शले पेश गरेको न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र ऐ.ऐनको दफा २७(१) बमोजिम स्वीकृत गरिएको भनीएको छ ।

१.४ सार्वजानिक खरिद ऐन, २०६३ को दफा २४(घ) ले उद्दरण गरेको दफा २३ को उपदफा २ बमोजिम नभएको भनी सारभूतरुपमा प्रभावकारी नभएको भन्ने आधार बोलपत्रको मुल्याङ्कनकर्ता, निर्णयकर्ताको केवल मनोगत धारणामा आधारित छ ।

१.५ अतः निवेदकले पेश गरेको बोलपत्रमासबैभन्दा न्यून बोल अंक रहेकोमा कारोवारको लगि खाम्ने रकम (रु ८,९०,३२,७६७) खुलेको प्रमाण पेश नगरेको भनी बोलपत्रको शर्त र कागजात पूरा गर्दा गर्दै मेरो बोलपत्रलाई पूर्णताको परीक्षणमा अग्राह्य बनाई बोलपत्र स्वीकृत गर्ने आशयको मिति २०७७।०८।१५ को सूचना, पूर्णताको परीक्षण गर्दा विगत ३ आर्थिक वर्षको बार्षिक सरदर कारोवारको लगि खाम्ने रकम (रु ८,९०,३२,७६७) खुलेको प्रमाण पेश पेश नगरेको भनी भएको निर्णय एवं पत्राचार प्रकरणमा उल्लेखित तथ्य र कानुनी आधारमा पुनरावलोकन गरी मेरा न्यूनतम बोल अंक भएको बोलपत्र स्वीकृत गरी राशन खरिद ठेक्का सम्झौता गर्ने गरी आदेश/फैसला गरीपाऊँ ।

**२. सार्वजनिक निकायको प्रतिकियाः**

उपर्युक्त मुद्दाका बिषयमा यस समितिको मिति २०७७।०८।२८ को पत्रबाट प्रतिकिया माग गरेकोमा आपूर्ति तथा परिवहन निर्देशनालय, जंगी अड्डाको च.नं.११६० मिति २०७७।०९।०१ को मिति २०७७।०९।०२ मा प्राप्त प्रतिकियाको सार देहाय वमोजिम छन् :-

२.१ श्री श्रीनाथ गण तथा धनुषा जिल्लमा तैनाथ युनिटहरुलाई आ.व.०७७।७८ का लागि आवश्यक पर्ने रासन आपूर्ति गर्न परेका बोलपत्र मूल्याङ्कन समिति समक्ष पेश भई मूल्याङ्कन गर्दा आशयपत्र जारी भएको बोलपत्रदाताको कबोल अङ्क रु. ३,८१,२२,७४८।३८ र विपक्षी निवेदकको कबोल अङ्क रु. ३,७७,८०,६२७।१५ भई रु. ३,४२,७१०।६४ फरक परेतापनि मूल्यांकन समितिले बोलपत्र परीक्षण गरी मुल्यांकन गर्दा सारभूतरुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित बोलपत्रलाई छनौट गरेको देखिन्छ।

२.२ ऐनको दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐनबमोजिमको कार्यविधि पुरा गरी खरिद गर्नुपर्ने तथा उपदफा २ मा उपदफा (१) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था छ। ऐनको दफा १३(२) को खण्ड (ख) मा बोलपत्रसम्बन्धी कागजात तयार गर्दा ऐनको दफा १० बमोजिम बोलपत्रदाताको योग्यताका आधारहरु तयार गर्नुपर्ने व्यवस्था गरेको छ। ऐनको दफा १०(२) ले वित्तीय श्रोत लगायत योग्यताका अन्य आधारहरुलाई बोलपत्रदाताको योग्यताको आधारकोरुपमा व्यवस्था गरेको छ। नियमावलीको नियम ४०(२)(च) मा "ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात" समेत बोलपत्रदाताको ग्राह्यता (इलिजिविलिटी) पुष्टि गर्ने कागजातको रुपमा माग गर्न सकिने व्यवस्था गरेको छ। सोही प्रावधानको आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१) मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानूनबमोजिम योग्य भएको पुष्टि गर्न बोलपत्र कागजातको खण्ड-३ को दफा २(१)(छ), दफा ३(१)(क) तथा खण्ड ४(क) मा उल्लिखित बोलपत्रदाताको ग्राह्यता र योग्यता पुष्टी गर्ने कागजात पेश भए नभएको समेत परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त निर्देशनको खण्ड २ मा दफा ४(क) मा उल्लिखित प्रमाण कागज पेश गर्ने आपूर्तिकर्ता कानूनबमोजिम ग्राह्य भएको मानिने व्यवस्थासमेत रहेको देखिन्छ।

२.३ ऐनको दफा २३(२)(क) ले योग्यतासम्बन्धी आवश्यक कागजातको परीक्षण गर्नुपर्ने व्यवस्था गरेको र नियमावलीको नियम ४०(२)(च) मा ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात समेत बोलपत्रदाताको ग्राह्यता (इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा रहने व्यवस्था गरेकोले दफा २४ मा बोलपत्रदाताले कानूनबमोजिम योग्य भएको पुष्ट्याई गर्न बोलपत्र कागजको खण्ड-२ को दफा ४ तथा बोलपत्र कागजको खण्ड-३ को दफा २(१)(छ) र दफा ३(१)(क) मा विगत तीन आ.व.को वार्षिक सरदर कारोवार रकम प्याकेजअनुसार खुलेको कागजात समेत पेश गर्नुपर्ने र पुरै प्याकेज हाल्न इच्छुक बोलपत्रदाताको लागि रु.८,९०,३२,७६७०० वार्षिक सरदर कारोबार रकम खुलेको कागजात पेश गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त निर्देशनको खण्ड २ को दफा ४ मा खण्ड ४(क) मा उल्लिखित प्रमाण कागजात पेश गर्ने आपूर्तिकर्ता कानूनबमोजिम योग्य मानिने भन्ने व्यवस्था रहेकोमा निवेदकले पुरै प्याकेजको लागि वार्षिक सरदर रु. ५,७०,५६,५४६।९४ कारोबारको विवरण मात्र पेश गरेकोले बोलपत्र कागजातको खण्ड ४(क) को दफा ८(क) अनुसार वार्षिक सरदर कारोबार रकम नपुगेको।

२.४ ऐनको दफा २३(२)(ख) मा बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदातालाई दिईएको निर्देशन अनुरुप बोलपत्र पुर्ण भए वा नभए समेतको परीक्षण गर्नुपर्ने र सो बमोजिम नभएको बोलपत्र उपर कारवाही नहुने भनी दफा २४(घ) मा व्यवस्था छ। नियमावलीको निमय ४०(२)(च) बमोजिम बोलपत्रमा अनिवार्य पेश गर्नुपर्ने कागजातको सूचीमा निश्चित कारोबार खुलेको कागजात समेत पेश गर्नुपर्नेमा बिपक्षीले माग बमोजिमको कारोबार खुलेको कागजात पेश गरेको देखिदैन।

२.५ उल्लिखित कानूनी व्यवस्थाहरुको आधारमा निवेदकले पुरै प्याकेजको लागि पेश गरेको विगत तीन आ.व.को वार्षिक सरदर कारोवार रकम ऐनको दफा २३(२), नियमावलीको नियम ४०(१) र (२) तथा बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१) बोलपत्र कागजातको खण्ड ३, बोलपत्र तथ्याङ्क सम्बन्धी विवरणको दफा २.१(छ) र दफा ३.१(क) तथा खण्ड ४(क) को ८(क) बमोजिम पुर्ण भएको नदेखिएको।

२.६ माग गरिएबमोजिम वार्षिक कारोवार रकम नपुग भएको बोलपत्र उपर ऐनको दफा २४ (घ), २६ (१) (क) र नियमावलीको नियम ४०(४) बमोजिम कारवाही नहुने, सार्वजनिक निकायले बढी मूल्यको बोलपत्र स्वीकृत गरेको भन्ने सम्बन्धमा बोलपत्रदातालाई दिएको निर्देशनसमेतको अधीनमा रही बोलपत्र मूल्याङ्कन समितिले कानूनी ग्राह्यताको परीक्षण, पूर्णताको परीक्षण र सारभूतरुपमा प्रभावग्राहीताको परीक्षणबाट सफल भएका मध्ये न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रलाई ऐनको दफा २७(१) बमोजिम स्वीकृतिको लागि सिफारिस गरिएको हो। न्यनूतम रकम कबोल गरेको आधारमा मात्र ऐनको दफा २४(घ) बमोजिम परीक्षणमा असफल भएको बोलपत्रलाई सारभूतरुपमा प्रभावग्राही मान्न सकिदैन।

२.७ बोलपत्र फारामको खण्ड-२ बोलपत्रदातालाई दिईएको निर्देशनको सि.नं. ३०.३ बमोजिम प्रत्येक प्याकेजको स्वीकृत जिल्ला दररेटको १५ प्रतिशतभन्दा कम कबोल गर्ने बोलपत्रदाताले मागबमोजिमको कागजात पेश गरेको आधारमा मात्र अन्य परीक्षणमा असफल भएको बोलपत्र कानूनतः सारभूतरुपमा प्रभावग्राही ठहर गरी स्वीकृतिको लागि सिफारिस गर्न सकिँदैन।

२.८ सार्वजनिक निकायले खुला बोलपत्र आह्वान गरी राखेको प्रस्तावमा विपक्षी निवेदकले सहमति जनाई बोलपत्र निवदेनसहित बोलपत्र पेश गर्नु भएको छ। प्रस्तावमा उल्लिखित शर्तमा सहमति जनाई सकेपछि उक्त शर्त मलाई लागु हुदैन भनी पछि हट्न मिल्दैन।

अतः उल्लिखित तथ्य तथा कानूनी आधारमा निबेदकको जिकिर आधारहिन भएकाले निबेदन खारेज गरी पाउँ।

**३. अध्ययन अवलोकनः**

उपर्युक्त खरिद प्रक्रिया मुद्दाको निवेदनको निवेदनसाथ पेस भएको कागज प्रमाण, सार्वजनिक निकायबाट दिइएको प्रतिक्रिया र बोलपत्र कागजातहरु तथा सार्वजनिक खरिद ऐन, नियमावली तथा बोलपत्रकागजातहरुका आधारमा अध्ययन अवलोकन गरेको छ।

३.१ शाकाहारी तथा माशाहारी साधारण राशन समेत खरिद गर्न आपूर्ति तथा परिवहन निर्देशनालय जंङगी अड्डा, काठमाण्डौंबाट मिति २०७७।०६।२६ मा प्रकाशित सूचना अनुसार पेस भएका बोलपत्रहरु निर्धारित समयमा खोली बोलपत्र मूल्यांकन समिति समक्ष पेस भएको र मूल्यांकन पश्चात् न्यू डोकानिया ब्रदर्श बर्दिवास १ महोत्तरीका नाममा प्याकेज १ को ठेक्का स्वीकृत गर्ने आशयको सूचना दिइएको देखिन्छ।

३.२ आशयको सूचना पाए पछि निवेदक अनिषा ईन्तरप्राइजेज, जनकपुर २ ले मिति २०७७।०८।२१ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) वमोजिम पुनरावलोकनका लागि कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्ने व्यवस्था वमोजिम घटी मूल्यको बोलपत्र अस्वीकार गरी वढी मुल्यको बोलपत्र स्वीकृत आशयको सूचना रद्द गरियोस भनी दिएको निवेदनको जवाफ सार्वजनिक निकायले मिति २०७७।०८।२२ गते बोलपत्र स्वीकृतिको आशयको सूचना पाउने न्यू डोकानियाको भन्दा अनिषा ईनटरप्राजेज को कवोल दर रु ३,४२,७१०।६४ घटी भए पनि सारभूतरुपमा प्रभावग्राही न्यूनतम मूल्यांकित बोलपत्रलाइ छनौंट गरेको भनी जवाफ दिएको देखिन्छ।

३.३ ऐनको दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने तथा ऐ. उपदफा २ मा उपदफा (१) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था गरेको छ। सार्वजनिक निकायबाट राशन खरिद

गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीका कार्यविधिहरु पूरा गर्नु पर्ने यसको पालना नभएमा खरिद कारबाही वदर र अमान्य हुन्छ । यी कानून बोलपत्रदातालाई पनि लागु हुने भएकाले अक्षरश यसको पालना गर्नु पर्ने हुन्छ ।

३.४ ऐनको दफा १३(१)(ख) मा बोलपत्रसम्बन्धी कागजात तयार गर्दा ऐनको दफा १० बमोजिम बोलपत्रदाताको योग्यताका आधारहरु तयार गर्नुपर्ने तथा ऐनको दफा १०(२) ले विगतको कार्यसम्पादन, वित्तीय श्रोत र अवस्था, पेशागत कसूर गरे बापतको सजाय र यस्तै अन्य आधारहरु समेत बोलपत्रदाताको योग्यताको आधारकोरुपमा व्यवस्था गर्न सक्ने व्यवस्था गरेको छ ।

३.५ बोलपत्र कागजातको खण्ड २ को ४ र खण्ड ३(२.१) तथा ४ मा क्रमशः बोलपत्रदाताको ग्राह्यता र योग्यताहरु, ७ मा कागजातहरुको बिवरण पेस गर्नु पर्ने उल्लेख छ । ग्राह्यताको बिस्तृत बिवरण खण्ड ४(क) मा छन् । बोलपत्रसाथ बोलपत्रदाताहरुका कागजातहरु नपुग भएका विषयहरु मात्र यस बुँदामा उल्लेख छ । (१) मातारानी ईन्टरप्राइजेजः- राशन आपुर्तिको कारोवारसंग मिल्ने ब्यवसाय दर्ताको प्रमाणपत्र, राशन आपूर्ति तालिका, आ.व. ०७६।७७ को करचुक्ता प्रमाणपत्र बोलपत्रमा समावेस भएको देखिदैन । (२) BABA Enterprises धरान ४:- यो बोलपत्रदाताबाट माग अनुसारको करचुक्ता प्रमाणपत्र, कारोवारसंग मिल्ने ब्यवसाय दर्ताको प्रमाणपत्र, राशन आपूर्ति तालिका, अख्तियारी पत्र पेश भएको देखिदैन । (३) Anisha Enterprises:- यो बोलपत्रदाको ब्यवसाय दर्ताको प्रमाणपत्र पेश नभएको, सबै प्याकजको लागि बोलपत्र खरिद गरी बोलपत्र पेश गरेकोले बोलपत्र कागजातले माग गरे अनुसारको बार्षिक सरदर कारोवार नपुगेको, आपूर्ति तालिका पेश भएको देखिदैन ।

यस खरिद प्रक्रियामा नयाँ बोलपत्रदाताहरुलाई विगतको कार्य सम्पादन र पेशागत कसूरलाइ बाध्यात्मक गरेको छैन । चसर्थ यी योग्यता लगायत वीतिय श्रोत र अवस्था बोलपत्रदाताहरुका योग्यता आधारहरु हुन भनी कानून् ले ब्यवस्था गरेको छ ।

३.६ बोलपत्रको सूचनाको (२)(ख)मा राशन ठेक्का बन्दोवस्त गर्न १ देखि ५ सम्मका प्याकेजहरु निर्धारण गरिएको र उल्लिखित उद्देश्य राखी दर्ता भएका फर्म, संस्था, कम्पनीले प्याकेज अनुसारको दस्तुर तिरी बोलपत्र पेस गर्न सक्ने र कसैले पुरै प्याकेजहरुमा बोलपत्र पेस गर्न चाहेमा पनि गर्न सक्ने ब्यवस्था गरेको छ । निवेदक अनिषा ईन्टरप्राइजेज, जनकपुर २ ले पुरै प्याकेजहरुको लागि बोलपत्र खरीद गरी बोलपत्र पेस गरेको देखिन्छ । Bid Security पनि पुरै प्याकेजका लागि पेश गरेको हुँदा यसले पनि सबै प्याकेजहरुको लागि बोलपत्र पेश गरेको कुरा प्रमाणीत हुन्छ । पुरै प्याकेजका लागि बोलपत्र पेस गर्दा बोलपत्र कागजातको खण्ड तीनको ३.१ र खण्ड ४ को ८(क) वमोजिम कुनै आ.व.मा माशाहारी तथा शाकाहारी साधारण राशन सन्तोजनक रुपमा आपूर्ति गरेको प्रमाण र विगत तीन आ.व.को बार्षिक सरदर कारोवार रकमको प्याकेज अनुसार अलग अलग रकम वा एकमुष्टका लागि रु ८,९०,३२,७६७- पेस गर्नु पर्ने ब्यवस्था गरेको छ । तर निवेदक अनिषा ईन्टरप्राइजेजले एक आ.व.को कार्य गरेको प्रमाण रु ५,७०,५६०० को मात्र पेस गरेको हुँदा निबेदकको सबै प्याकेजको लागि औषत कारोवारको रकम पुगेन । सबै प्याकेजमा बोलपत्र दाखिला गरि सकेपछि पेश भएको औषत कारोवार रकम प्याकेज नं. १ को लागि मात्र भनी गणना गर्न मिल्दैन । योग्यता जाँच गर्दा बोलपत्र कागजातमा उल्लिखित् भएका कागजातहरु नपुगेको देखियो । त्यसैले बोलपत्रहरु सारभूतरुपले प्रभावग्राही भन्न सकिन्न ।

**४. वहस तथा छलफलः**

यस समितिको च.नं.४४ मिति २०७७।०९।१६ को पत्रबाट मिति २०७७।०९।२० का दिन ११.३० वजे यस समितिको इजलास भवनमा छलफल तथा वहस कार्यक्रम आयोजना गरेकोमा निर्धारित समयमा कार्यक्रम सुरु भई सम्पन्न भयो ।

४.१ यस वहस कार्यक्रममा निवेदकका तर्फबाट विद्वान अधिवक्ता श्रीआशिष उप्रेती र केदार प्रसाद दाहालले भाग लिनु भयो ।

४.१.१ मेरो पक्ष अनिषा ईन्टरप्राइजेजले श्री श्रीनाथ गण, महेन्द्रनगर व्यारेक, धनुषामा २०७७ माघ १ देखि ०७८ पौष मसान्त सम्मका लागि स्टक राख्न सकिने राशन सामानका लागि समेत आपूर्ति परिवहन निर्देशनालय जंगी अड्डा काठमाण्डैबाट मिति २०७७।०६।२६ मा प्रकासित सूचना अनुसार तोकिएकै मितिमा पाचै प्याकेजका लागि बोलपत्र कागजातले माग गरेका कागजातहरु तथा बोलपत्र कागजातको खण्ड ४(८) वमोजिमका विगत तीन आ.व. को बार्षिक सरदर कारोवार रकम सम्पूर्ण कागजातहरु समावेस गरी बोलपत्र पेस गरेको हो । हामीले ०७६।७७ देखि०७७।७८ कार्तिकसम्मको काली शिध्दी गण, वर्दिवासको रु.१,९७,३४,२१५।-, रण भिम गणको रु.२,३०,४३,६१३।- र अमरदल गुल्मको रु. १,४२,७८,७१८। को अनुभव पेस गरेका हौ । हामीले तीन आ.व. को फरक अनुभव पेस गरेको हो । बोलपत्र बागजातको खण्ड तीनको ३.१ मा र खण्ड ४ को खण्ड ८ मा मा उल्लेृख भएका योग्यताका आधार बोलपत्र साथ पेस गरेका हौ । यसमा प्याकेज १ का लागि रु.४,८४,८४,७२८। को अनुभव प्रमाण पेस गर्न निर्देसन भएका मा रु.५७०,५६,५४६। को प्रमाण बोलपत्र कै खण्ड ४(घ) को निर्देशित फारममा भरी पेस गरेका हौ ।

४.१.२ हामीलाई १५ प्रतिशत् घटी दर पेस गरेको बिषयमा आधार पेस गर्न शोधिएकोमा हाम्रो पूर्वाधार र पहुँच भएको कारण नेपाल सरकारको निर्देशन र स्पेसशसिफिकेसन अनुसार उपलब्ध गराउन सक्षम छौ भनी जवाफ दिएका थियौ ।

४.१.३ हाम्रो घटी दरभाउ भएकोले हाम्रो बोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको कारण हामीले आशयको सूचना पाउनु पर्नेमा मिति २०७७।०८।१५ मा बोलपत्रदाता न्यू डोकानिया ब्रदर्श वर्दिवासका नाउँमा ठेक्का स्वीकृत गर्ने आशयको सूचना दिईयो । त्यसमा हामीलाइ चित्त नवुझी मिति २०७७।०८।२१ मा सार्वजनिक निकाय प्रमुख समक्ष सार्वजनिक खरिद ऐनको दफा ४७(१) वमोजिम निवेदन दियौ । त्यसको जवाफ मिति २०७७।०८।२२ मा पायौ । त्यस जवाफ प्रति चित्त नवुझी यस सम्मानित समिति समक्ष निवेदन दिन आएका हौ ।

४.१.४ हामीले यस प्याकेजका लागि रु.१,५५,०००। को जमानत राखी बोलपत्र पेस गरेका हौ । साथै बोलपत्र कागजातको खण्ड ४ को ८(क) अनुसारको रु. ४,८४,८४,७२८। को कार्यानुभव राख्नु पर्नेमा रु ५७०,५६,५४६। को पेस गरेपछि हाम्रो बोलपत्र सारभूतरुपमा प्रभावग्राही भएकोले बोलपत्र अस्वीकृत हुनु हुदैन, तर सार्वजनिक निकायबाट अन्याय भएको छ ।

४.१.५ सार्वजनिक निकायबाट राशन आपूर्तिको ५ प्याकेज वनएकोमा हाम्रो दावी प्याकेज २ देखि ५ सम्मको लागि होइन । हाम्रो दावि प्याकेज १ का लागि मात्र हो । बोलपत्रको खण्ड ४ को ८ मा तीन बर्षको कारोवार दिनु पर्ने र त्यसमा एक आ.व.को सन्तोषजनक आपूर्ति गरेको प्रमाण भए पुग्ने उल्लेख छ । हामीले तीन बर्षको कारोवार र एक आ.व.को सन्तोषजनकरुपले काम गरेको प्रमाण पेस गरेका छौ ।

४.१.६ हामीलाई ऐनको दफ २४ अनुसार Disqualify गरेको होईन । हामीलाई बोलपत्रको मूल्यांकनका चरणमा अप्रभावग्राही वनाइएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८९(५) मा सार्वजनिक निकायले बोलपत्रको परीक्षण र मूल्यांकन ऐन र नियमावली

अनुसार गरी सबै भन्दा घटी दरको बोलपत्र स्वीकृत गर्नु पर्ने व्यवस्था भएको छ। हाम्रो बोलपत्र सवैभन्दा घटी छ, हामलि पाउनु पर्ने हाम्रो दावी हो । हाम्रो बोलपत्र Turnover को Ground बाट अस्वीकृत भएको होइन । बोलपत्र मूल्यांकनमा पेस भयो । चार प्याकेजमा हाम्रो ग्राह्यता र योग्यता नपुगेका ले Disqualify भए, हामी प्याकेज नं. १ मा Qualify भएको छौ । कवोल रकमभन्दा हाम्रो Turnover बढी छ ।

४.२ सार्वजनिक निकायका तर्फबाट प्राड शेनानी विद्वान अधिवक्ता शुमन कुमार भण्डारी र महाशेनानी विद्वान अधिबक्ता श्री ओम बहादुर भट्टले छलफल तथा वहस कार्यक्रममा भाग लिनु भयो ।

४.२.१ सार्बजनिक खरिद नियमावलीको नियम ४०(१) (च) मा "ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात" समेत बोलपत्रदाताको ग्राहयता (इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा माग गर्न सकिने व्यवस्था गरेको छ । सोही आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१) मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानूनबमोजिम योग्य भएको पुष्टि गर्न कागजात माग गरेको र मिति २०७७।०६।२६ को बोलपत्र आह्वानको सूचना वमोजिम e-GP को माध्यमबाट प्राप्त भएका बोलपत्रहरु निर्धारित समयमा खोलियो । पाँच प्याकेजका लागि बोलपत्र आह्वान गरेकोमा निवेदक बोलपत्रदाताबाट पाँचै प्याकेजमा बोलपत्र पेश गरेको हो ।

४.२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २२ वमोजिम खोलिएका बोलपत्रहरु मूल्यांकन समिति समक्ष पेस भई सो समितिबाट ती बोलपत्रहरुको ऐ. ऐनको दफा २३(२) बमोजिम कानूनी ग्राह्यताका परीक्षण र उपदफा (३) वमोजिम उपदफा (२) को खण्ड (ख) वमोजिम बोलपत्रको पूर्णताको परीक्षण गरियो । त्यसपछि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा बोलपत्र कागजात बमोजिम सारभूतरुपमा प्रभावग्राही भएको बोलपत्रलाई Qualify गरी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिइएको हो ।

४.२.३ बोलपत्रको सूचनाको (२)(ख)मा राशन ठेक्का बन्दोवस्त गर्न १ देखि ५ सम्मका प्याकेजहरु बनएको हो । उल्लिखित उद्देश्य राखी दर्ता भएका फर्म, संस्था, कम्पनीले प्याकेज अनुसारको दस्तुर तिरी बोलपत्र पेस गर्न सक्ने र कसैले पुरै प्याकेजहरुमा एकमुष्ठ बोलपत्र पेस गर्न पनि सक्ने व्यवस्था भएको छ । निवेदक अनिषा ईन्टरप्राइजेजबाट पुरै प्याकेजका लागि Bid Security पेश भएको हुँदा पुरै प्याकेजहरुमा बोलपत्र पेस गरेको कुरा यसले पनि प्रमाणीत भएकै छ । पुरै प्याकेजका लागि बोलपत्र पेस गर्दा बोलपत्र कागजातको खण्ड तीनको ३.१ र खण्ड ४ को ८(क) वमोजिम कुनै आ.व.मा माशाहारी तथा शाकाहारी साधारण राशन सन्तोजनक रुपमा आपूर्ति गरेको प्रमाण र विगत तीन आ.व.को बार्षिक सरदर कारोवार रकमको प्याकेज अनुसार अलग अलग रकम वा एकमुष्टका लागि रु ८९०,३२,७६७ पेस गर्नु पर्ने व्यवस्था छ । यस अनुसार तीन आ.व.को कार्य गरेको सरदर कारोवार र एक आ.व.मा सन्तोषजनक रुपमा काम गरेको प्रमाण दिनु पने स्पष्ट छ । तर निवेदक अनिषा ईन्टरप्राइजेजले एक आ.व.को कार्य गरेको प्रमाण रु ५,७०,५६०० को पेस गरेको हुँदा योग्यता पुगेन । पाँच प्याकेजमा बोलपत्र पेस गर्ने, २ देखि ५ प्याकेजको बोलपत्र छाडने र प्योकज १ मात्र कायम गर्न कानूनले मिल्दैन । सार्वजनिक खरिद ऐन, नियमावलीले बोलपत्र दाखिला र फिर्ता लिन चाहेमा फिर्ता लिन पाउने व्यवस्था गरेको छ । कानूनले बोलपत्रदाताको ईच्छा र बोलपत्रमा हुन सक्ने त्रुटी र सामर्थलाई विचार गरी बोलपत्र पेस गरेको निर्धारित अवधि भित्र फिर्ता लिन सक्ने व्यवस्था गरेको छ ।

४.२.४ बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुन न्यूनतम मूल्य भएर मात्र पुग्दैन । त्यसका लागि खरिद कानून वमोजिम तयार भएका बोलपत्र कागजातहरु मूल्यांकनका वखत पूरा भए मात्र सारभूतरुपमा प्रभावग्राही हुन्छ । ऐनका दफा २७(१) मा सार्वजनिक निकायले दफा २५ वमोजिम न्यूनतम् मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतिका लागि छनौट गर्नु पर्ने व्यवस्था भएको छ । यस उपदफामा बोलपत्र सारभुतरुपमा प्रभावग्राही र न्यूनतम मूल्यांकित हुन पर्ने प्रष्ट छ । बोलपत्र मूल्यांकन बिषयमा चित्त नबुभ्रmेमा ऐ एनको दफा ४७(१) वमोजिम कार्यालय प्रमुख समक्ष निवेदन दिनु पर्ने हुन्छ । निवेदकबाट अन्य पक्ष संग कार्तिक ५ गते नै आफूलाई रासन आपूर्तिको ठेक्का परिसकेको भनी अन्य फर्मसंग सम्भ्रmौता गरेको पत्र पेश गरेको छ । जवकी बोलपत्रको खोलुवा कार्तिक २७ गते मात्र भएको छ । बोलपत्र आफुलाई पर्छ की पर्दैन भन्ने यकीन नहुदै परेको भनी सम्भ्रmौता गरेको पत्र पेश गर्ने कार्य कानून सम्मत छैन ।

**५. समितिको निर्णयः**

सार्बजनिक निकायबाट Contract ID NO:NA/SREENATH/Ration/077/78/01, राशन खरिदको बोलपत्र स्वीकृत गर्ने मिति २०७७।०८।१५ मा जारी आशयको सूचनाको बिरुद्धमा वोलपत्रदाता निवेदक अनिषा ईन्तरप्राइजेजले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निवेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोमा संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच प्रत्यक्ष छलफल तथा वहसको क्रममा उठाइएका विषय समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ ऐनको दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने तथा ऐ. उपदफा २ मा उपदफा (१) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था गरेकोले सार्वजनिक खरिद ऐन, २०६३ , नियमावली तथा बोलपत्र कागजातमा भएका कार्यविधि अनिवार्य पालना गर्नु पर्छ ।

५.२ बोलपत्रको सूचनाको (२)(ख)मा राशन ठेक्का बन्दोवस्त गर्न १ देखि ५ सम्मका प्याकेजहरु बनाएकोमा मेल खाने उद्देश्य राखी दर्ता भएका फर्म, संस्था, कम्पनीलेप्याकेज अनुसारको बोलपत्रर पुरै प्याकेजहरुको बोलपत्र पेस गर्न चाहेमा पनि गर्न सक्ने व्यवस्था गरेको छ । निवेदक अनिषा ईन्टरप्राइजेज , जनकपुर २ ले १ देखि ५ सम्मका पुरै प्याकेजहरुमा बोलपत्र पेस गरेको, Bid Security पनि पुरै प्याकेजका लागि पेस गरेको छ । पुरै प्याकेजका लागि बोलपत्र पेस गर्दा बोलपत्र कागजातको खण्ड तीनको ३.१ र खण्ड ४ को ८(क) वमोजिम कुनै आ.व.मा माशाहारी तथा शाकाहारी साधारण राशन सन्तोजनकरुपमा आपूर्ति गरेको प्रमाण र विगत तीन आ.व.को बार्षिक सरदर कारोवार प्याकेज अनुसार अलग अलग रकम वा एकमुष्टका लागि रु ८,९०,३२,७६७- पेस गर्नु पर्ने व्यवस्था गरेको छ । तर निवेदक अनिषा ईन्टरप्राइजेजले कार्य अनुभवको प्रमाण रु ५,७०,५६०० को पेस गरेको हुँदा निबेदकको माग भए अनुसारको योग्यता नपुगकोले सारभूतरुपमा प्रभावग्राही हुन सकेन ।

५.३ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२) को खण्ड (ख) मा ग्राह्यताकाआधार तथा त्यस्तो आधार प्रमाणित गर्न अन्य आधारहरुका साथै व्यवसाय दर्ताको ईजाजत पेश गर्नुपर्ने उल्लेख भएको र सार्बजनिक निकायले जारी गरेको बोलपत्र सम्बन्धी कागजातको खण्ड-३ को दफा १.१(ख) मा व्यवसाय दर्ताको ईजाजतपत्र (प्याकेज अनुसार उद्देश्य राखी दर्ता भएका व्यक्ति फर्म कम्पनी संस्था भए सोको

दर्ता (ईजाजत) प्रमाणपत्र पेश गर्नु पर्ने, उक्त कागजात श्री उद्योग बिभाग वा घरेलु तथा साना उद्योग कार्यालयबाट जारी भएको हुनुपर्ने शर्त तोकिएकोले अनिवार्यरुपमा यो ईजाजतपत्र आधिकारिक निकायबाट प्राप्त गरी पेश गर्नु पर्दछ ।

माथि ५.१ देखि ५.३ सम्मका बुँदाहरु तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० (२) अनुसारको बोलपत्र कागजातमा भएका योग्यताका आधार पेशागत योग्यता, कार्य सम्पादन, कानूनी सक्षमता नपुग भएकोले निवेदक अनिषा ईन्टरप्राईजेजबाट पेश भएको बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुन नसकेकोले निजको माग दावी पुग्न सक्दैन । अतः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को (क) वमोजिम यस समितिमा दिएको निबेदकको निबेदन खारेज गरी दिएको छ । कानून् वमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार जफत गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७७ साल पौष २७ गते रोज ०२ शुभम्.............................................१।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

## मुद्दा नं. १३५

## आ.व. २०७७/७८ को निर्णय नं १२

| | |
|---|---|
| सुनसरी जि. रामधुनी-भासी नगरपालिका वडा नं.४ मा रजिष्टर्ड कार्यालय रहेको श्याम वावा ईन्टरप्राईजेज प्रा.लि.का तर्फवाट अख्तियारप्राप्त व्यवस्थापक सन्तोष कटुवाल.....................................................................................१ | **निवेदक** |
| **बिरुध्द** | |
| श्री नेपाली सेना आपुर्ती तथा परिवहन निर्देशनालय जङ्गी अडडा, काठमाण्डौ ................................................१ | **विपक्षी/** |
| नेपाली सेना, १ नं. वाहिनी अडडा, वालाजु व्यारेक, काठमाण्डौ, फोन नं.४३५०५७१.......................................................१ | **प्रत्यर्थी** |

**बिषय : सार्वजनिक निकायका प्रमुखले गरेको निर्णय पुनरावलोकन गरी पाउ ।**

### १. निवेदकको माग/दावीः

उपर्यक्त खरिद प्रकियाको बिषयमा सार्वजनिक निकाय, निपाली शेना, १ नं. वाहीनी अड्डा बालाजु ब्यारेकका प्रमुखले गरेको निर्णय उपर चित्त नबुझी यस समितिमा मिति २०७७।०८।२८ मा दर्ता भएको निवेदकको माग दावीका सार देहाय वमोजिम रहेको देखिन्छ ।

बोलपत्र सूचना नं NA/1BDE/077/78/03 बाट नेपाली सेना, १ नं. वाहीनी अड्डा बालाजु ब्यारेक काठमाडौं समेतका बिरुध्द प्याकेज नं. १ अन्तरगतका रासन खरिद सम्वन्धी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना उपर चित्त नबुझी उपर्युक्त निवेदकले कानून अनुसार राख्नु पर्ने हिमालय बैंक लिं कमलादी काठमाडौंको HBLGPB01770083, मिति डिसेम्बर ११, २०२० को रु. १३,१५,०००।- को बैंक जमानत सहित सार्वजनिक खरिद ऐन २०६३ को दफा ४९(क) वमोजिम यस समितिमा मिति २०७७।०८।२८ मा दर्ता गराएको निबेदनमा देहाय वमोजिम माग दावी रहेको देखिन्छ ।

१.१ विपक्षी नेपाली सेना आपुर्ती तथा परिवहन निर्देशनालय जङ्गी अडडा, काठमाण्डौले१ वर्षको निमित्त आवश्यक पर्ने प्याकेज अनुसारको शाकाहारी तथा मांशाहारी साधारण राशन, विरेन्द्र अस्पताल, सैनिक अस्पताल र विभिन्न फि.ए.गुल्महरुमा उपचारार्थ वेड भर्ना हुने विरामीकोलागि आवश्यक पर्ने विरामी डाईट तथा विभिन्न युनिटहरुमा रहेका जनावरहरुकालागि आवस्यक पर्ने घाँस र डग रासनको आपुर्तीकालागि मिति २०७७।६।२६ मा विद्युतिय वोलपत्र आव्हानको सुचना नं.२२ प्रकाशित गरी ठेक्का वन्दोवस्त गराउन जिम्मेवारी सम्वन्धीत यनिटलाई प्रदान गरेको थियो । जस अन्तर्गत सुचना नं.NA\1BDE\077\078\3 नामाकरण गरी वोलपत्र कागजात जारी गरेको हो । विपक्षीले जारी गरेको वोलपत्र सुचना तथा वोलपत्र कागजात वमोजिम हामी निवेदकले रितपुर्वक वोलपत्र भरी पेश दाखिला गरेका थियौं ।

१.२ प्याकेज नं.१ स्टक राख्न सकिने सुख्खा राशन आईटमको हकमा श्री रचना ट्रेडिङ्ग प्रा.लि.को वोलपत्र स्वीकृत गर्ने आशयको सुचना मिति २०७७।८।१४ मा प्राप्त भएकोले सो उपर सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ वमोजिम सार्वजनिक निकायका प्रमुख समक्ष उजुरी पेश गर्दा सार्वजनिक निकायले कुनै छानविन तथा निर्णय नगरी उक्त प्रा.लि.को राजश्व भौचर वोलपत्र अपलोड गर्ने कममा अदली वदली भएको तर मिति २०७७।७।२५ गते श्री महालेखा नियन्त्रक कार्यालयको राजश्व खाता तथा वाहिनी अडडाको कार्यालय कोडमा जम्मा भएको देखिएको साथै उक्त प्रा.लि.ले दाखिला गरेको सक्कलै राजश्व भौचर वोलपत्रदाताहरु तथा वोलपत्र खोलुवा समिति समक्ष पेश गरेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(२)(३) वमोजिम राजश्व भौचर वाहिनी अडडाको कार्यालय कोडमा देखिएकोले त्यसलाई सानातिना फरककोरुपमा ग्रहण गरी मुल्यांकन कार्य अगाडी वढाई न्युनतम मुल्यांकित वोलपत्र मुल्यांकन समितिद्वारा छनौट गरिएको जानकारी गराईन्छ भन्ने मिति २०७७।८।२१ मा जवाफ प्राप्त भएकोले विपक्षी सार्वजनिक निकायको उल्लेखि काम कारवाही सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८(३), २२, दफा २३ (२)(३), २४,२५, र २७ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६०(ग),(घ) र वोलपत्र कागजातको खण्ड-१, वोलपत्र आह्वानको सुचनाको वुँदा नं.२(ग), वोलपत्र कागजातको खण्ड २ बुँदा नं.१९, २०, २१, २३, २५.१(ङ)(ज), वोलपत्र कागजातको खण्ड-३ वुँदा नं.९, वुँदा १६.१.२, खण्ड ४ को वुँदा नं.१४ समेतको विपरित भै गम्भीर कानुनी त्रुटीपुर्ण रहेकोले विपक्षी सार्वजनिक निकायको निर्णय, प्रेषित पत्र तथा काम कारवाही वदर भागी रहेको निम्न जिकीर प्रस्तुत गर्दछु ।

१.२.१ सुचना अनुसार रचना ट्रेडिङ्ग प्रा.लि.को प्याकेज नं.१ को लागि पेश भएको वोलपत्र सारभुतरुपमा प्रभावग्राही न्युनतम मुल्यांकित ठहर गरीएको छ, जुन सरासर कानुनी त्रुटीपूर्ण, अपारदर्शी र वदनियतपूर्ण समेत छ । सो प्रा.लि.ले वोलपत्र साथ वोलपत्र खरिदको भौचर तहाँ वाहिनी अडडाको नाममा जारी गरी पेश गरेको छैन । विपक्षी वाहिनी अडडावाट जारी गरिएको वोलपत्र आह्वानको सुचनाको वुँदा नं.२(ग), वोलपत्र कागजातको खण्ड-३ वुँदा नं.९, वुँदा १६.१.२ र खण्ड ४ को वुँदा नं.१४ ले वोलपत्रको दस्तुर सम्वन्धित ठेक्का वन्दोवस्त गर्ने युनिटले तोकेको वैंक खातामा जम्मा गरेको भौचर स्क्यान गरी अपलोड गर्नुपर्ने व्यवस्था गरेको छ भने वोलपत्र कागजातको खण्ड २ वुँदा नं.१९ ले वोलपत्र कागजात वमोजिम दाखिला गर्नुपर्ने कागजहरु वोलपत्र दाखिला गर्ने अन्तीम मिति र समयमा अपलोड गरी सक्नुपर्ने व्यवस्था गरेको छ । उल्लेखित अवस्थामा उक्त प्रा.लि.ले पेश गरेको वोलपत्र सार्वजनिक खरिद ऐन २०६, को दफा २३(२)(३) र दफा २४ वमोजिम पूर्णताको परीक्षणमा सफल नहुनेमा कानून विपरितको वोलपत्र मुल्यांकन गरी छनौट गरेको विपक्षीको कामकारवाही, निर्णय कानुन विपरित हुँदा वदर गरी पाउँ ।

१.२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(५) को विपरित सारभुत कुरा परिवर्तन तथा हेरफेर गरी आग्रह पुर्वाग्रहवाट पछि समावेश गरेको भौचरका आधारमा गरिएको वोलपत्रको परीक्षण र मुल्यांकन कदापि स्वीकार्य हुदैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(घ) ले दफा २३(२) वमोजिम नभएको वोलपत्र उपर कारवाही नगरिने दफा २५(१) ले दफा २४ वमोजिम कारवाही नहुने भनी छुटयाईएका वोलपत्र वाहेक दाखिला भएका अन्य वोलपत्र मुल्यांकनको लागि समावेश गर्नु पर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा २३(२)(ग) वमोजिम वोलपत्रको परीक्षणमा सफल हुन नसक्ने सो प्रा.लि.को वोलपत्र मुल्यांकन नै हुन नसक्नेमा सारभुतरुपमा

प्रभावग्राही भनी विपक्षी सार्वजनिक निकायवाट गरिएका काम कारवाही सुचना निर्णय गम्भिर कानुनी त्रूटीपुर्ण रही खास व्यक्ति वा फर्मको वोलपत्र मात्र स्वीकृत गर्ने पुर्व योजना अनुसार गरे गराएको पुष्टी हुन्छ ।

## २. सार्वजनिक निकायको प्रतिकिया

उपर्युक्त मुद्दाका बिषयमा यस समितिको मिति २०७७।०८।२८ को पत्रबाट प्रतिक्रिया माग गरेकोमा आपूर्ति तथा परिवहन निर्देशनालय, जंगी अड्डाको च.नं.११६० मिति २०७७।०९।०१ को मिति २०७७।०९।०२ मा प्राप्त प्रतिक्रियाको सार देहाय वमोजिम छन् :-

२.१ श्री नं. १ बाहिनी अड्डा र रासन समूहमा रहेका नेपाली सेनाका युनिटहरुको लागि प्याकेज नं. १ समुहको रासन ठेक्का बन्दोबस्त गर्न आह्वान भएको सूचना बमोजिम ६ थान बोलपत्रहरु अपलोड भएकोमध्ये रचना ट्रेडिङ प्रा.लि.ले श्री नं.१ बाहिनी अड्डाको नाममा रु. १००००।- को बोलपत्र खरिद गरेको भौचर पेश गर्नुपर्नेमा श्री चण्डीप्रसाद गण बीरगंजको नाममा रहेको रु. ५०००।- को भौचर अपलोड गरेकोमा उक्त प्रा.लि.ले भूलवश अन्य भौचर अपलोड हुन गएकोले सो भौचर बदर गरी त्यस बाहिनी अड्डाको नाममा मिति २०७७/०७/२५ गते राजश्व दाखिल भौचरबाट जम्मा गरिएको सक्कल भौचर समावेश गरी पाऊँ भनी निवेदन दिएको ।

२.२ विपक्षीले उल्लेख गरेको ऐनको दफा १८(३) विद्युतीय सञ्चार माध्यम प्रयोग गरी गरिने खरिदको लागि बोलपत्र पेश गर्ने तरिका सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत विद्युतीय खरिद प्रणालीबमोजिम हुनेछ भन्ने व्यवस्था गरेबमोजिम ठेक्का सञ्चालन गर्दा कसरी उक्त कानूनी व्यवस्था विपरित भयो भनी वस्तुनिष्ठरुपमा खुलाएको देखिंदैन । त्यस्तै ऐनको दफा २२ ले तोकेकै मिति र समयमा बोलपत्र खोलुवा गर्दा कसरी उक्त दफा विपरितको कार्य भयो स्पष्ट छैन । विपक्षी स्वयंले निवेदनको प्रकरण नं.२(क) मा निवेदकलाई थाहा भएअनुसार भन्ने भाषा प्रयोग गरेबाट निज आफैंलाई रचना ट्रेडिङ प्रा.लि.ले बोलपत्र खरिद भौचर पेश गरे/नगरेको विषयमा एकिनरुपमा जानकारी नरहेको देखिन्छ । उक्त प्रा.लि.ले बोलपत्र खोलुवा भएकै दिन मिति २०७७/०७/२६ गते निवेदनसाथ श्री नं.१ बाहिनी अड्डाको नाममा जारी भएको रु. १०,०००।- को बोलपत्र खरिद भौचर पेश गरेको देखिन्छ ।

२.३ विपक्षीले ऐनको २३(२) को (क) देखि (घ) सम्मको कुराहरुको निर्क्यौल गर्नुपर्ने व्यवस्था उद्धरण गरेको छ । बाहिनी अड्डाले सबै कागजातहरु भएको एकिन गरी बोलपत्रको मूल्याङ्कन गरेकोले उल्लेखित कानूनी व्यवस्था विपरित हुने अवस्था छैन । विपक्षीले संकेत गर्न खोजेको रचना ट्रेडिङ प्रा.लि.ले उल्लिखित सबै कागजातहरु पेश गरेकै देखिन्छ । बोलपत्रको खण्ड ३ को बुंदा नं. ९(१)(ख) मा बोलपत्रदाताले बोलपत्र फाराम दस्तुरवापतको भौचर स्क्यान गरी पि.डि.एफ.फर्म्याटमा अपलोड गर्नुपर्ने व्यवस्था गरेको तर उक्त व्यवस्थाले बोलपत्रदाताले भूलवश अपलोड भएको भौचरको सट्टा तोकिएको मिति र समयभित्र सम्बन्धित भौचर पेश गर्न रोक लगाएको छैन ।

२.४ बोलपत्रको खण्ड ३ को बुँदा नं. १६.१.२ विपरित कार्य गरेको भनी निवेदकले मनोगतरुपमा लाञ्छना लगाएको देखिन्छ । बोलपत्रको खण्ड २ को बुदाँ नं. १९ मा पनि बोलपत्र अपलोड गर्दा भूलवश अन्यथा अपलोड हुन गएको भन्ने सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको राजश्व खातामा श्री नं.१ वाहिनी अड्डाको कार्यालय कोडमा रचना ट्रेडिङ्गले तोकिएको मिति र समयावधिमा जम्मा गरेको देखिएबाट पुष्टी हुन्छ । साथै सार्वजनिक खरिद अनुगमन कार्यालयले विभिन्न सार्वजनिक निकायहरुलाई सार्वजनिक खरिद सम्बन्धमा दिएको राय परामर्शहरुको संग्रह अध्ययन गर्दा "सडक निर्माणको बोलपत्र आह्वान गरिएकोमा दर्ता हुन आएको बोलपत्रहरुमध्ये एउटा बोलपत्रदाताले बोलपत्रमा बोलपत्र जमानत भौचर पेश नगरेको तर कार्यालयको धरौटी खातामा म्यादभित्रै माग गरिए बमोजिमको रकम दाखिला गरेको पाईएकोले निजको बोलपत्रलाई मूल्याङ्कमा समावेश गर्ने वा रद्द गर्ने विषयमा द्विविधा भएको" भनी गोकुलगंगा गाँउपालिका, रामेछापबाट राय माग भई आएको सम्बन्धमा बोलपत्र दाखिलाको समयावधि अगावै सम्बन्धित बोलपत्रदाताले सोही प्रयोजनको लागि रकम दाखिला गरेको अवस्थामा उक्त बोलपत्रलाई मान्यता दिने भनी मिति २०७५/०३/०६ गते राय दिएको देखिन्छ । साथै झिम्रुक गाँउपालिका कार्यालय प्युठानको हकमा मिति २०७४/०८/०७ गते र भिमेश्वर नगरपालिका दोलखाको हकमा मिति २०७५/०३/१८ गते सोही प्रकृतिको राय सुझाव प्रदान भएको देखिएकोले सार्वजनिक खरिद ऐन तथा नियमको व्यवस्थालाई मध्यनजर राखी रचना ट्रेडिङ्ग प्रा.लि.को बोलपत्रलाई मूल्याङ्कनमा समावेश गरिएको हो ।

२.५ विपक्षीले रचना ट्रेडिङ्ग प्रा.लि.ले बोलपत्र खरिद भौचर पेश नगरेको तथा ढिला गरी पेश गरेको भन्ने सम्बन्धमा बोलपत्र खरिद भौचर पेश नगरेको नभई भूलवश अर्को बोलपत्रसाथ पेश गर्न तयार गरेको भौचर अपलोड भएपछि तोकिएको मिति तथा समयभित्र नै सम्बन्धित श्री नं. १ बाहिनी अड्डाको नाममा जारी भएको भौचर निवेदनसाथ पेश गरेको हो ।

## ३. अध्ययन अवलोकनः

उपर्युक्त खरिद प्रकिया मुद्दाको निवेदनको निवेदनसाथ पेस भएको कागज प्रमाण, सार्वजनिक निकायबाट दिइएको प्रतिक्रिया र बोलपत्र कागजातहरु तथा सार्वजनिक खरिद ऐन, नियमावली तथा बोलपत्रकागजाहरुका आधारमा अध्ययन अवलोकन गरेको छ ।

३.१ उपर्युक्त राशन आपूर्ति खरिद प्रक्रियाका लागि मिति २०७७।०६।२६ गते बोलपत्र आव्हान गरिएको, त्यसको मूल्यांकन कार्य सम्पन्न गरी मिति २०७७।०८।१४ गते रचना ट्रेडिंग प्रा.ली. टोखा २ को लाई बोलपत्र स्वीकृत गर्न ऐनको दफा ४७ वमोजिम आशयको सूचना दिइएको देखिन्छ ।

३.२ बोलपत्र स्वीकृत गर्ने सूचनामा चित्त नबुझी श्यामबाबा इन्टरप्राइजेज प्रा.ली. ले मिति २०७७।०८।१९ गते सार्वजनिक निकाय प्रमुख समक्ष सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ वमोजिम काम कारवाइ निर्णयको पुनरावलोकन गरी पाउँ भनी निवेदन पेस गरेकामा सार्वजनिक निकायबाट मिति २०७७।०८।२१ गते बोलपत्र खरिद राजश्व भौचर अदली वदली भएकोले निवेदन साथ आएको भौचरलाई बोलपत्र समिति समक्ष पेस गरेको र त्यसलाई सानातिना फरकका रुपमा ग्रहण गरी मूल्यांकन गरेको जानकारी दिइएको देखिन्छ ।

३.३ उपर्युक्त पुनरावलोकन निर्णय प्रति चित्त नबुझी निवेदक श्यामबाबा ईन्टरप्राइजेज प्र.ली. ले सार्वजनिक निकायका प्रमुखबाट गरेको निर्णय पुनरावलोकन गरी पाउँ भनी मिति २०७७।८।२८ मा यस समिति समक्ष निवेदन दर्ता गराएको छ ।

३.४ बोलपत्र आह्वानको सूचनाको खण्ड (२ग) र बोलपत्र कागजातको खण्ड (३) को ९.१(ख) मा बोलपत्र फाराम दस्तुर वापत बैक भौचर Scan गरी PDF Format मा Upload गर्नु पर्ने उल्लेख छ । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ५८(५) वमोजिम बोलपत्रको संशोधन जुन माध्यमबाट पेस गरेको सोही माध्यमबाट मात्र गर्न सक्ने तथा विद्युतीय खरिद प्रणाली निर्देशिका, २०७४ को खण्ड १७ मा Online प्रणलीबाट पेस गरेको बोलपत्र अन्तिम समयभित्र प्रणालीमा Upload गरी संशोधन गर्न सकिने उल्लेख भएको हुँदा संशोधन गर्नु परेमा बोलपत्र सूचनामा तोकिएको समय भित्र e-GP मार्फत Upload भै सक्नु पर्ने तथा बोलपत्र आह्वानको सूचनाको २(घ)मा बोलपत्रदाताले e-GP व्यवस्था वमोजिम २०७७।०७।२६ गतेको १२ बजे सम्ममा तोकिएका कागजातहरु सहित Submit, Modify, Withdraw गरी सक्नु पर्ने

शर्त तोकिएकोले सो अनुसार नभएका बोलपत्रह Disqualify हुन्छ । तर रचना बट्रेडिङ्गले यस कार्यालयको नाममा बोलपत्र खरिदको भौचर e-GP मा Upload नगरी बोलपत्र खोल्ने दिन निबेदन दिई पेश गरेकाले उक्त कागजातलाई मान्यता दिन मिल्ने देखिदैन ।

३.५ सार्वजनिक निकायले बोलपत्रलाई ५ प्याकेजमा बर्गीकरण गरी सूचना प्रकाशन गरेको छ । बोलपत्र खरिद गर्दा पाँचै प्याकेजहरुको बोलपत्र खरिद गर्दा राजश्व भौचरमा कुन प्याकेजको खरिद गरेको छुट्टीदैन अर्थात एकमुष्ट राजश्व दाखिला भएकोछ । प्याकेज अनुशार अलग अलग वा दाखिला गर्दा अलग अलग गरी नछुटयाउदा यकीन गर्न जटील हुन्छ । साथै कुनै बोलपत्रदाताबाट बोलपत्र पेस गर्न अगावै प्याकेज अनुसारका बोलपत्र कार्यालय कोड, कार्यालयको नाम उल्लेख गरी खरिद गरी E-bidding साथ भौचर समावेस नगरी अन्य भौचर Upload भएको अवस्था मान्यता दिन मिल्नि व्यावस्थाको नियम बनाउन आवश्यक देखिन्छ । राजश्व रकम नेपाल सरकारको राजश्वदातामा दाखिला हुन्छ, र एकपटक दाखिला भैसके पश्चात् त्यसलाइ परिवर्तन वा संशोधन गर्न वा निकाल्न सक्ने गुन्जायश् रहदैन, राजश्व भौचरभन्दा महत्वपूर्ण पक्ष राजश्व रकम Proper कार्यालयको नामामा स्थानमा deposit भयो की भएन भन्ने नै हो, भौचर त Secondary प्रमाण हो कार्यालयको संलग्नता बिना त्यसलाइ परिवर्तन गर्न पनि सकिदैन । खरिद कानूनले यसरी भौचर upload नभएको अवस्थामा मान्यता दिन मिल्छ भन्दैन । कानूनको बिरुध्दमा गरिने कार्य गैर कानूनी हुन्छ ।

३.६ बोलपत्र कागजातको खण्ड-२ को दफा ४ तथा बोलपत्र कागजको खण्ड-(क) मा उल्लिखित बोलपत्रदाताले पेश गरेको ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजात परीक्षण गर्नुपर्ने र सोही निर्देशनको खण्ड-२ को ४(क) मा उल्लिखित प्रमाण कागज पेश गर्ने आपूर्तिकर्ता कानूनबमोजिम योग्य मानिने शर्त समेत रहेको देखिन्छ ।

३.७ ऐनको दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने तथा ऐ. उपदफा २ मा उपदफा (१) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुने, दफा १३(१)(ख) मा बोलपत्रसम्बन्धी कागजात तयार गर्दा ऐनको दफा १० बमोजिम बोलपत्रदाताको योग्यताका आधारहरु तयार गर्नुपर्ने र दफा १०(२) ले विगतको कार्यसम्पादन, वित्तीय श्रोत र अवस्था, पेशागत कसूर गरे बापतको सजाय र यस्तै अन्य आधारहरु समेत बोलपत्रदाताको योग्यताको आधारको रुपमा व्यवस्था गर्न सक्ने भन्ने व्यवस्था गरेको छ ।

३.८ यस प्याकेजको खरिदमा ६ बोलपत्रदाताहरुले बोलपत्र पेस गरेका छन् । सार्बजनिक निकायबाट गठित मूल्यांकन समितिको मिति २०७७।०८।.. को प्रतिबेदन अनुसार यी सबै बोलपत्रदाताहरुको कानूनी ग्राह्यताको परीक्षण, पूर्णताको परीक्षण समेतमा सफल भएको देखिन्छ । सफल बोलपत्रदाताहरुमध्ये आर्थिक मूल्यांकनमा घटी बोल अंक कबोल गर्ने रचना ट्रेडिङ्ग प्रा.लि. को रु. ११,४८,०५,६२०।३० को बोलपत्र स्वीकृत गर्न सिफारिश गरेको छ ।

३.९ बोलपत्र कागजातको खण्ड ३ को २.१(ख) मा व्यवसाय दर्ताको इजाजतपत्र पेश गर्नुपर्ने तथा ३.१(क) मा बोलपत्रदाताको योग्यता उल्लेख भएका छन् । (१) रचना ट्रेडिंगको उक्त ईजाजतपत्र पेश भएको नदेखिएको, (२) श्यामबाबा इन्टरप्राइजेजको काठमाडौं महानगरपालिकाबाट जारी व्यवसाय दर्ता प्रमाणपत्रमा राशन आपूर्तिको कारोबार गर्ने उल्लेख नभएको तथा वाणिज्य विभागबाट लिएको समुन्द्रपार आयात निर्यात गर्न फर्म दर्ताको प्रमाणपत्र पेश भएको तर राशन आपूर्तिको भएको नदेखिएको साथै बोलपत्र पेश गरेको निबेदन समेत संलग्न नभएको, (३) Platinium Supliers pvt ltd को व्यवसाय दर्ता प्रमाणपत्र पेश नभएको; (४)Tripura Khadya Sullpiers को २०७६।७७ को करचुक्ताको प्रमाणपत्र संलग्न नभएको (५) Sudipa Trading Co.Pvt.Ltd. को का.म.न.पा बाट जारी व्यवशाय दर्ता प्रमाणपत्रमा व्यवसायको प्रकृति आयात निर्यातकर्ता माग भए अनुसारको कारोबार नमिलेको साथै तोकिएको सार्बजनिक निकायबाट उक्त इजाजतपत्र नलिएको र बोलपत्र निवेदनमा कवोल रकम समेत खाली राखेको देखिन्छ । (६) सदाज्योति सप्लायर्सले व्यवसाय दर्ताको प्रमाणपत्रसाथै २०७६।७७ को कर चुक्ताको प्रमाणपत्र पेश गरेको छैन । यी बोलपत्रदाताहरुले बोलपत्रकागजातमा उल्लेख भएका बोलपत्रको शर्तहरुको पूर्ण पालना गरेको देखिदैन ।

३.१० बोलपत्र कागजातको खण्ड ४(क) अनुसार ग्रह्यता र योग्यता पुष्टिको लागि अनिवार्यरुपमा Upload गर्नु पर्ने कागजातहरुमध्ये ७(क) मा पुरानाको हकमा तीन आ.व.हरु मध्ये एक आ.व.को सन्तोषजनक राशन आपूर्ति गरेको प्रमाण पेश गर्नु पर्ने उल्लेख भएकोमा श्यामबाबा इन्टरप्राइजेजको कति आ.व.को कुन काममा अनुभव हासिल गरेको नखुलेको, प्याकेज नं.१ का लागि बिगत ३ आर्थिक बर्ष (२०७४।७५,२०७५।७६ र २०७६।७७) को रु. १४,१५,६१,७५६।- र पुरै प्याकेजको लागि २७,२८,५४,०१८।- को औषत बार्षिक कारोवारको प्रमाण पेस गर्नु पर्नेमा १४,०४,९६७२०८६ को मात्र पेस गरेको र ११ करोडको Credit line पेस गरेकोमा निज पुराना बोलपत्रदाता भएकाले बिगत तीन बर्षमध्ये एक बर्षको सन्तोषजनकरुपमा काम सम्पादन गरेको प्रमाण पेश गर्नु पर्नेमा नगरेको; नयाँ बोलपत्रदाताको हकमा खण्ड ४ को ७(ख) अनुसार पेश गर्नु पर्ने विवरणहरुमध्ये Average Annual turnover को विवरमा रचना ट्रेडिंग, Platinium Supliers, Tripura Khadya Sullpiers, Sudipa Trading Co. र सदाज्योति सप्लायर्सको बोलपत्रमा Average Annual turnover Statement is not required for this bid तथा Financial Resources not available भनी उल्लेख गरेको देखिन्छ । उल्लिखित बोलपत्रदाताहरुले पेश गरेका बोलपत्रहरु बोलपत्रको शर्त अनुरुप भएको मान्न मिलेन ।

३.११ यस खरिद प्रक्रियामा एउटै कार्यका लागि अनुभव प्राप्त गरेकालाई तीन बर्ष काम गरेको तर एक बर्षको सन्तोषजनकरुपमा काम गरेको अनुभव पेस गर्नु पर्ने तथा जसको काम गरेको अनुभव नभएका नयाँ बोलपत्रदाताले आफूले कवोल गरेको बार्षिक रकमको २५ प्रतिशत् बरावरको Line of credit पेस गर्नु पर्ने उल्लेख गरी दुई भिन्ना भिन्नै योग्यता र ग्राह्यता माग गरिएको देखिन्छ । यसले गर्दा बोलपत्र मूल्यांकनमा एकरुपता आउने देखिदैन । राशन आपूर्तिका लागि राशन समान आपूर्ति गरेको कार्यानुभव र Line of Credit यी दुवै आवश्यक पर्ने योग्यताहरु हुन् । कार्यानुभवबाट विगतमा सम्पादन गरेको क्षमता तथा Line of Credit ले ठेकेदारले सम्झौता तोडेमा यो रकमबाट राशन खरिद गरी ख्वाउन सकिन्छ र दायित्व असुल गर्न सकिन्छ ।

३.१२ नियमावलीको नियम ८९(४) मा बोलपत्रको परीक्षण र मूल्यांकन ऐन र यस नियमावली वमोजिम गर्नु पर्ने र सबैभन्दा घटी दरवालाको बोलपत्र स्वीकृत गर्नु पर्ने, ऐ नियमावलीको (१०) मा राशन वन्दोवस्त गर्न यस परिच्छेदमा उल्लेख भएको हकमा यसै वमोजिम र अन्य कुराका हकमा ऐन र यस नियमावलीको व्यवस्था पालन गर्नु पन, ऐनको दफा २५(७) मा उपदफा (४) वमोजिम न्यूनतम् बोल अंक कबूल गर्ने बोलपत्रदाताको योग्यता उपदफा (५) बमोजिम जाँच गर्दा बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित योग्यता मूल्यांकनका आधार अनुरुप भएको पाइएमा त्यस्तो बोलपत्र न्यूनतम् मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मानिने छ । यसरी जाँच गर्दा त्यस्तो बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित मूल्यांकनका आधार अनुरुप भएको नपाइएमा मूल्यांकनबाट हटाइने ब्यवस्था छ । बोलपत्रमा बोल अंक न्यूनतम भएर मात्र हुदैन, सारभूतरुपमा प्रभावग्राही हुनुका लागि बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित् योग्यता र आधार पूरा भएको हुनु पर्दछ ।

३.१३ नियमावलीको नियम ४०(१)(च) मा “ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात” समेत बोलपत्रदाताको ग्राहयता (इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा माग गर्न सकिने व्यवस्था गरेको छ । सोही आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१) मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानूनबमोजिम योग्य भएको पुष्टि गर्न बोलपत्र कागज माग गरेको देखिए पनि कानून र बोलपत्रको आशयबाट फरक गरेर माग गर्नु उचित नहुने देखिन्छ ।

## ४. वहस तथा छलफलः

यस समितिको च.नं.४४ मिति २०७७।०९।०९ को पत्रबाट मिति २०७७।०९।१५ का दिन ११.३० वजे यस समितिको इजलास भवनमा छलफल तथा वहस कार्यक्रम आयोजना गरेकोमा निर्धारित समयमा कार्यक्रम सुरु भई सम्पन्न भयो ।

४.१ यस वहस तथा छलफल कार्यक्रममा निवेदकका तर्फबाट विद्वान अधिवक्ता श्री भेषराज न्यौपानेले भाग लिनु भयो ।

४.१.१ सुचना नं. NA\1BDE\077\078\03, प्याकेज नं.१ स्टक राख्न सकिने सुख्खा राशन खरिद का लागि मिति २०७७।०६।२६ मा सूचना प्रकासित भएकोमा मिति २०७७।०८।१४ मा रचना ट्रेडिंग प्रा.ली.टोखा ९ को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरी मेरो फर्म समेतलाई वोधार्थ पत्र दिइयो । त्यस उपर चित्त नबुझी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) वमोजिम सार्वजनिक निकायका प्रमुख समक्ष पुनरावलोकनका लागि मिति २०७७।०८।१९ मा दिएको निवेदनको मिति २०७७।०८।२१ मा दिएको जवाफमा सो प्रा.लि को राजश्व भौचर बोलपत्र Upload गर्ने क्रममा अदली वदली भएको तर २०७७।०७।२५ गते म.ले.नि.का को राजश्व खाता तथा वाहिनी अड्डाको कार्यालय कोडमा जम्मा भएको देखिएको साथै उक्त प्रा.ली.ले दाखिला गरेको सक्कलै भौचर बोलपत्रदाताहरु र बोलपत्र खोलुवा समिति समक्ष पेस गरेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(२)(३) वमोजिम सानातिना फरकककारुपमा ग्रहण गरी न्यून मूल्यांकन बोलपत्र छनौट गरिएको भन्ने उल्लेख गरिएको छ । यस मुद्दामा केद्रित हुने बिषयहरुः- (क) बोलपत्र खरिद राजश्व भौचर बोलपत्र e-bidding मा Upload गर्दा अदलीवदली भएको, (ख) बोलपत्र खरिदको राजश्व दाखिला भौचर महालेखा नियन्त्रक कार्यालयबाट मिति २०७७।०७।२५ मा जम्मा भएको जानकारी प्राप्त भएको तथा सो भौचर निवेदनसाथ कार्यालयमा पेश हुन आयो (ग) त्यसलाइ बोलपत्र खोलुवा समिति समक्ष पेस भएको र यसलाइ सानातीना गल्तीको रुपमा लिइयो । मुल्यांकन समितिबाट साना तिना गल्ती भनी मूल्यांकन गरेको भन्ने उल्लेख भएका छन् ।

४.१.२ विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ वमोजिम e-bidding मार्फत बोलपत्र पेश गरिने र त्यसै System बाट मूल्यांकन समेत हुने प्रावधान छ । बोलपत्र सूचना को २(क) मा अनिवार्यरुपमा बोलपत्र दस्तुर उल्लेख गर्नु पर्ने; २(ग) मा बोलपत्र दस्तुर बोलपत्र बन्दोवस्त गर्ने युनिटले तोकेको बैक खातामा जम्मा गरी भोचर Scan गरी Upload गर्नु पर्ने र बोलपत्र कागजातको खण्ड ३ को BDS को वुदा ९.१(ख) मा बोलपत्र फारम दस्तुर वापतको बैक भौचर PDF Format मा Upload गर्नु पर्ने उल्लेख छ । बोलपत्र खरिदको राजश्व भौचर बोलपत्रसाथ नभएको अवस्थामा बोलपत्र मूल्यांकनमा Qualify हुन्छ हुदैन ? अन्य भौचर Upload हुदा बोलपत्र मूल्यांकनमा मान्यता दिन मिल्छ वा मिल्दैन ? मनन गर्नु पर्ने विषय छ । राजश्व भौचर पेस गर्न अनिवार्य गरेको छ अर्थात यसमा छुटको गुन्जायस् छैन ।

४.१.३ बोलपत्र कागजातको खण्ड ४ को बुदा नं. १४ मा तोकिएको बोलपत्र फाराम दस्तुर कार्यालय कोड ३४५०१३६२५, रा.शि.नं.१४२२९ मा ने.बै.ली.मा जम्मा गरी बोलपत्रसाथ अनिवार्यरुपमा पेस गर्नु पर्ने उल्लेख छ । यसबाट (क) बोलपत्र कागजातले बोलपत्र दस्तुर बुझाउन बाध्यात्मक बनाएको छ । यसलाई Flexible बनाएको छैन । (ख) दोश्रो सार्वजनिक खरिद ऐन नियमावलीले बोलपत्र खोलुवाका वखत बोलपत्र साथ जे पेस हुन आएका छन् त्यसलाइ जस्ताको तस्तै उतार्नु पर्दछ । यसमा दाया बाया गरिन्छ भने कलुषित मनशाय राखेको हो ।

४.१.४ सूचनाको २(घ)मा बोलपत्रदाताले e-GP ब्यवस्था वमोजिम २०७७।०७।२६ गतेको १२ बजे सम्ममा तोकिएका कागजातहरु सहित Submit, Modify, Withdraw गरी सक्नु पर्ने भनिएकोले पेस गर्नु पर्ने कागजातहरु पेस नभएमा त्यस्तो बोलपत्र Disqualify हुनु पर्छ, यसमा अन्यथा गर्न मिल्दैन ।

४.१.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(२) मा बोलपत्र अस्वीकार गर्न नपर्ने गरी प्रविधिक स्पेशिफिकेशन, बिवरण, बिशेषता आदि कुराहरुमा सानतिना फरक पाइएमा सम्भव भएसम्म सोको मूल्य निकाली त्यस्तो मूल्य समेत उपदफा (१) वमोजिम बोलपत्र मूल्यांकन गर्दा समावेस गर्नु पर्दछ ” ब्यवस्था भएको, उपदफा (३) को स्पष्टिकरणमा “सानातीना फरकको मूल्य बोलपत्रदाताको बोल अंकको १५ प्रतिशत् भन्दा वढी भएमा त्यस्तो बोलपत्र अप्रभावग्राही भएको मानिने छ र मूल्यांकनमा समावेस गरिने छैन भन्ने व्यवस्था भएको छ । यी उपदफा लगाई बोलपत्र परीक्षणमा by pass गरिएको छ ।

४.१.६ ऐनको दफा २३(२) मा बोलपत्रको परीक्षण र (३) मा बोलपत्रको पूर्णताको परीक्षणको ब्यवस्था भएको छ । बोलपत्र खरिदको भौचर समावेस विना कसरी बोलपत्रको परीक्षण गरी मूल्यांकनको तहमा लगियो ? यो मूल्यांकनको तहमा जान सक्दैन । बोलपत्र खरिद गरेको भौचर पेश नभएकाले उक्त बोलपत्र सार्वजनिक निकाय वाहिनीबाट खरिद नभएको प्रमाणित हुन्छ । यो दफा वमोजिम असफल बोलपत्रलाई जवरजस्ती मूल्यांकन गर्नु गैर कानूनी हो । बोलपत्रदाता आफैले गल्ति भएको स्वीकार गरेको छ । e-GP Bidding मा दायावाय गर्न पाइन्न, बोलपत्र खोलुवा बस्तुनिष्ठ आधारमा हुनु पर्छ । ऐनको दफा २४ वमोजिम मूल्यांकनमा जान नसक्नेलाई बोलपत्र स्वीकृत गर्ने आशयको पत्र दिईनु बोलपत्र कागजातको शर्तको पनि बिरुद्धमा छ । ऐनको व्यवस्था अनुसार पहिले सारभूतरुपमा प्रभावग्राही हुनु पर्छ र त्यसपछि न्यूनतम मूल्यांकित हुनु पर्छ ।

४.१.७ PPMO बाट निर्णय दिन सकिन्न राय परामर्श मात्र दिने हो । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ मा भएको ब्यवस्था बन्धनकारी छ । राय परामर्श ठिक वा बेठिक भन्ने अधिकार PPRC ले राख्दछ । राय परामर्श यसै मुद्दाका बिषयमा माग गरी दिइएको पनि होइन । राय माग भएको बोलपत्र e-GP प्रक्रियामा Bidding भएको होइन । त्यस्तो राय परामर्श मान्ने पर्ने बाध्यता हुदैन । हामी नकारात्मक धारणा राखेर समितिमा निवेदन दिन आएको होइन । यस कार्यालयको नामको बोलपत्र खरिद गरेको भौचर पेश गर्नु पर्नेमा अन्य कार्यालयको नाममा खरिद गरेको कम रकमको पेश भयो । बोलपत्र खोलुवाको दिन १२ बजेभित्रसम्म e-GP मार्फत संशोधन हुन सक्छ । त्यसपछि अन्य प्रक्रियाद्वारा संशोधन हुन सक्दैन । तसर्थ बेन्च समक्ष आशय सूचना लगायत सार्वजनिक निकायको गैरकानूनी निर्णय खारेज हुनु निवेदन गर्दछु ।

४.२ सार्वजनिक निकाय १ नं. वाहीनि अड्डा बालाजुका तर्फबाट विद्वान अधिबक्ता सेनानी शरोज रेग्मी, विद्वान अधिबक्ता प्रमुख सेनानी कुलदीप तिमसिना, विद्वान अधिबक्ता महासेनानी ओम बहादुर भट्टले उक्त छलफल तथा वहस कार्यक्रममा भाग लिनु भयो ।

४.२.१ यस मुद्दाको मुख्य बिषय रचना ट्रेडिंग प्रा.ली.ले e-GP मा बोलपत्र Submit गर्दा यस प्याकेजको लागि कार्यालयको बोलपत्र खरिद गरेको राजश्व दाखिला भौचर upload गर्नु पर्नेमा भूलवस अर्को कार्यालयको रु.५०००। को बोलपत्र खरिद गरेको भौचर Upload गरियो । तर यस प्याकेजको राजश्व दाखिला भौचर बोलपत्र खोलुवा हुनु अगावै निवेदनसाथ सार्वजनिक निकायमा पेस हुन आयो । उक्त भौचर यकीन गर्न महालेखा नियन्त्रक कार्यालयको Portal मा हेर्न अनुरोध गर्दा १ नं. वाहीनि अड्डा कोड नं. ६८०५, भौचर संकेत २०७७/२०३२४१७ भौचर नं. १६३०७८६४ बाट मिति २०७७।०७।२५ मा रु.१०,०००। दाखिला भएको जानकारी प्राप्त भयो । यसबाट जुन उद्देश्यबाट लिएर बोलपत्र खरिद गर्नु पर्ने हो सो पूरा भएको स्पष्ट हुन्छ । कार्यालयले निर्देशन गरे बमोजिम राजश्व बैक दाखिला भएको छ । त्यसैले रचना ट्रेडिंगको बोलपत्रलाई मूल्यांकनमा समावेस गरी ऐन को दफा २७(१) वमोजिम न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही भएकोले आशयको सूचना जारी गरियो ।

४.२.२ बोलपत्रको खण्ड....को.... मा भएको बोलपत्र रद्द गर्न सक्ने प्राधान अनुसार बोलपत्र रद्द गर्ने अधिकार प्रयोग गरेको हो । सार्वजनिक निकाय स्वेच्छाचारी भएको होइन । सार्वजनिक निकायले विवेक प्रयोग गर्न सकोस भन्नाका खातिर यो प्रवधान राखेको हो । यो मुद्दामा निवेदकको Malafied Intention रहेको देखिन्छ । हाल पनि निबेदकबाटै राशन आपूर्ति भैरहेकाले छ समितिमा निवेदन दिएर आपूर्ति अवधि लम्ब्याउन चाहेको बुझिन्छ ।

४.२.३ यस्तै प्रकारको मुद्दामा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट (मिति २०७५।०३।०५ राय नं. ३८९, मिति २०७५।०३।१८ राय नं. ३९४) राय परामर्श दिइएको छ । ती राय परामर्शहरु दिएका बोलपत्रहरुमा त भौचर नै पेस गरेका छैनन् । यो बोलपत्रमा बोलपत्र खोलुवा अगावै राजश्व दाखिला सक्कलै भौचर पेस भएको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले विभिन्न सार्वजनिक निकायहरुलाई सार्वजनिक खरिद सम्बन्धमा दिएको राय परामर्शहरुमध्ये "सडक निर्माणको बोलपत्र आह्वान गरिएकोमा दर्ता हुन आएको बोलपत्रहरु मध्ये एउटा बोलपत्रदाताले बोलपत्रमा बोलपत्र जमानत भौचर पेश नगरेको तर कार्यालयको धरौटी खातामा म्याद भित्रै माग गरिए बमोजिमको रकम दाखिला गरेको पाईएकोले निजको बोलपत्रलाई मूल्याङ्कमा समावेश गर्ने वा रद्द गर्ने विषयमा द्विविधा भएको" भनी गोकुलगंगा गाँउपालिका, रामेछापबाट राय माग भई आएको सम्बन्धमा बोलपत्र दाखिलाको समयावधि अगावै सम्बन्धित बोलपत्रदाताले सोही प्रयोजनको लागि रकम दाखिला गरेको अवस्थामा उक्त बोलपत्रलाई मान्यता दिने भनी राय दिएको देखिन्छ । साथै, झिम्रुक गाँउपालिका कार्यालय प्युठानको हकमा मिति २०७४/०८/०७ गते र भिमेश्वर नगरपालिका दोलखाको हकमा मिति २०७५/०३/१८ गते सोही प्रकृतिको राय सुझाब प्रदान भएको देखिएकोले सार्वजनिक खरिद ऐन तथा नियमको व्यवस्थालाई मध्यनजर राखी रचना ट्रेडिङ्ग प्रा.लि.को बोलपत्रलाई मूल्याङ्कनमा समावेश गरिएको हो । यो राय परामर्श निर्णय कानून सरह लागु हन्छ । यदी राजश्व दाखिला नभएको भए भौचर पेस हुने थिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले दिएको राय परामर्शका भावना बिरुध्द हुने भएर बोलपत्रलाइ मूल्यांनमा समावेस गरेको हो । राजश्व भौचर पेस गर्ने दायित्व बोलपत्रदातको हो । सार्वजनिक निकायले त्यसको औचित्यको निक्यौल गर्न पाउनु पर्छ । यस सम्बन्धमा यस समितिबाट बिवेकपूर्ण निर्णय आओस भनी अनुरोध छ ।

**५. समितिको निर्णयः**

सार्बजनिक निकायबाट Contract ID NO: NA\KBBN\077\078\02, राशन खरिदको बोलपत्र स्वीकृत गर्ने मिति २०७७।०८।१८ मा जारी आशयको सूचनाको बिरुद्धमा वोलपत्रदाता निवेदक मातारानी ईन्टरप्राईजेज प्रा.लि.ले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोमा संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ बोलपत्र आह्वानको सूचनाको खण्ड (२ग) र बोलपत्र कागजातको खण्ड (३) को ९.१(ख) मा बोलपत्र फाराम दस्तुर वापत बैक भौचर Scan गरी PDF Format मा Upload गर्नु पर्ने उल्लेख छ । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ५८(५) वमोजिम बोलपत्रको संशोधन जुन माध्यमबाट पेस गरेको सोही माध्यमबाट मात्र गर्न सक्ने तथा विद्युतीय खरिद प्रणाली निर्देशिका, २०७४ को खण्ड १७ मा Online प्रणलीबाट पेस गरेको बोलपत्र अन्तिम समयभित्र प्रणालीमा Upload गरी संशोधन गर्न सकिने उल्लेख भएको हुँदा संशोधन गर्नु परेमा बोलपत्र सूचनामा तोकिएको समय भित्र e-GP मार्फत Upload भै सक्नु पर्ने तथा बोलपत्र आह्वानको सूचनाको २(घ)मा बोलपत्रदाताले e-GP व्यवस्था वमोजिम २०७७।०७।२६ गतेको १२ बजे सम्ममा तोकिएका कागजातहरु सहित Submit, Modify, Withdraw गरी सक्नु पर्ने शर्त तोकिएकोले सो अनुसार नभएका बोलपत्रहरु Disqualify हुन्छ । तर रचना ट्रेडिङ्गले यस कार्यालयको नाममा बोलपत्र खरिदको भौचर e-GP मा Upload नगरी बोलपत्र खोल्ने दिन निबेदन दिई पेश गरेकाले उक्त कागजात अमान्य हुन्छ ।

५.२ बोलपत्र कागजातको खण्ड-२ को दफा ४ तथा बोलपत्र कागजको खण्ड-(क) मा उल्लिखित बोलपत्रदाताले पेश गरेको ग्राह्यता र योग्यता पुष्टि गर्ने कागजात परीक्षण गर्नुपर्ने र सोही निर्देशनको खण्ड-२ को ४(क) मा उल्लिखित प्रमाण कागज पेश गर्ने आपूर्तिकर्ता कानूनबमोजिम योग्य मानिने शर्त समेत रहेको देखिन्छ ।

५.३ नियमावलीको नियम ८९(४) मा बोलपत्रको परीक्षण र मूल्यांकन ऐन र यस नियमावली वमोजिम गर्नु पर्ने र सबैभन्दा घटी दरवालाको बोलपत्र स्वीकृत गर्नु पर्ने, ऐ नियमावलीको (१०) मा राशन वन्दोवस्त गर्न यस परिच्छेदमा उल्लेख भएको हकमा यसै वमोजिम र अन्य कुराका हकमा सार्बजनिक खरिद ऐन र नियमावलीको ब्यवस्था पालन गर्नु पर्ने, ऐनको दफा २५(७) मा उपदफा (४) वमोजिम न्यूनतम् बोल अंक कबूल गर्ने बोलपत्रदाताको योग्यता उपदफा (५) बमोजिम जाँच गर्दा बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित योग्यता मूल्यांकनका आधार अनुरुप भएको पाइएमा त्यस्तो बोलपत्र न्यूनतम् मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मानिने छ । यसरी जाँच गर्दा त्यस्तो बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित मूल्यांकनका आधार अनुरुप भएको नपाइएमा मूल्यांकनबाट हटाइने ब्यवस्था छ । बोलपत्रमा बोल अंक न्यूनतम भएर मात्र हुदैन, सारभूतरुपमा प्रभावग्राही हुनुका लागि बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित् योग्यता र आधार पूरा भएको हुनु पर्दछ ।

५.४ नियमावलीको नियम ४०(१)(च) मा "ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात" समेत बोलपत्रदाताको ग्राहयता(इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा माग गर्न सकिने व्यवस्था गरेको छ । सोही आधारमा खरिदकर्ताले बोलपत्रदातालाई दिएको निर्देशनको दफा २४(१) मा बोलपत्रदाताले बोलपत्र पेश गर्न कानूनबमोजिम योग्य भएको पुष्टि गर्न बोलपत्र कागज माग गरेको देखिए पनि कानून र बोलपत्रको आशयबाट फरक गरेर माग गर्नु उचित नहुने देखिन्छ ।

५.५ बोलपत्र कागजातको खण्ड ४(क) अनुसार ग्रह्यता र योग्यता पुष्टिको लागि अनिवार्यरुपमा Upload गर्नु पर्ने कागजातहरुमध्ये ७(क) मा पुरानाको हकमा तीन आ.व.हरु मध्ये एक आ.व.को सन्तोषजनक राशन आपूर्ति गरेको प्रमाण पेश गर्नु पर्ने उल्लेख भएकोमा श्यामबाबा इन्टरप्राइजेजको कति आ.व.को कुन काममा अनुभव हासिल गरेको नखुलेको, प्याकेज नं.१ का लागि बिगत ३ आर्थिक बर्ष (२०७४।७५,२०७५।७६ र २०७६।७७) को रु. १४,१५,६१,७५६।- र पुरै प्याकेजको लागि २७,२८,५४,०१८।- को औषत बार्षिक कारोवारको प्रमाण पेस गर्नु पर्नेमा १४,०४,९६७२०।८६ को मात्र पेस गरेको र ११ करोडको Credit line पेस गरेकोमा निज पुराना बोलपत्रदाता भएकाले बिगत तीन बर्षमध्ये एक बर्षको सन्तोषजनकरुपमा काम सम्पादन गरेको प्रमाण पेश गर्नु पर्नेमा नगरेको; नयाँ बोलपत्रदाताको हकमा खण्ड ४ को ७(ख) अनुसार पेश गर्नु पर्ने विवरणहरुमध्ये Average Annual turnover को विवरमा रचना ट्रेडिंग, Platinium Supliers, Tripura Khadya Sullpiers, Sudipa Trading Co. र सदाज्योति सप्लायर्सको बोलपत्रमा Average Annual turnover Statement is not required for this bid तथा Financial Resources not available भनी उल्लेख गरेको देखिन्छ । उल्लिखित बोलपत्रदाताहरुले पेश गरेका बोलपत्रहरु बोलपत्रको शर्त अनुरुप भएको मान्न मिलेन ।

अतः उपर्युक्त ५.१ देखि ५.५ सम्मका बुँदाहरुमा उल्लिखित आधारमा निबेदक बोलपत्रदाता सहित सार्बजनिक निकायबाट कानूनी ग्राह्यता र पूर्णताको परीक्षणमा सारभूतरुपमा प्रभावग्राही ठहरिएका सबै बोलपत्रदाताहरुले सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(क) अनुसार योग्यताको आधारहरु पुरा नगरेको, ऐनको दफा ४२(ग) बमोजिम ग्राह्यता नपुगेको, नियमावलीको नियम ४० बमोजिम बोलपत्रदाताहरुबाट कानूनी ग्राह्यता सम्बन्धी आधारहरु पेश गर्न चुकेकोले उल्लिखित सबै बोलपत्रदाताहरु सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(ख)(घ) बमोजिमको परीक्षणमा र उपदफा (३)(घ) बमोजिम पूर्णताको परीक्षणमा असफल भएकाले सारभूतरुपमा प्रभावग्राही मान्न सकिन्न साथै सार्बजनिक निकायबाट गठित बोलपत्र मूल्यांकन समितिको पनि यस तर्फ ध्यान नपुगेको तथा ऐनको दफा २५(५) र नियमावलीको नियम ६१(४) को व्यवस्थाको पालना नभएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(ख)(२) बमोजिम सार्बजनिक निकायले गरेको निर्णयलाई पूर्णरुपमा रद्द गर्न आदेश दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

.....................
कमलकुमार श्रेष्ठ
सदस्य

........................
गुणराज श्रेष्ठ
अध्यक्ष

इति सम्वत् २०७७ साल पौष २७ गते रोज ०२ शुभम्...........................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १३६**

**आ.व. २०७७/७८ को निर्णय नं १०**

का.जि. काठमाण्डौ महानगरपालिका, ३० डिल्लीवजारमा रजिष्टर्ड कार्यालय रहेको माता रानी ईन्टरप्राईजेज प्रा.लि.का तर्फवाट अख्तियारप्राप्त व्यवस्थापक सन्तोष कटुवाल (फोन नं. ९८५१२२८६२१/ईमेलः mataraniktm@gmail.com/ skatuwalncc@gmail.com ......................................................................................................१ **निवेदक**

बिरुध्द

श्री नेपाली सेना आपुर्ती तथा परिवहन निर्देशनालय जङ्गी अडडा, काठमाण्डौ ......................१

श्री नेपाली सेना, काली वहादुर गण, भरतपुर व्यारेक, चितवन, फोन नं.०५६-५२६६७७ ..........१ **विपक्षी/ प्रत्यर्थी**

**बिषय :- सार्वजनिक निकायका प्रमुखले गरेको निर्णय पुनरावलोकन गरी पाउँ ।**

**१. निवेदकको माग/दावीः**

बोलपत्र सूचना नं NA\KBBN\077\078\02 बाट नेपाली सेना, श्री काली वहादुर गण, भरतपुर व्यारेक, चितवन बिरुध्द प्याकेज नं. १, ३ र ५ अन्तरगतका रासन खरिद सम्वन्धी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना उपर चित्त नबुझी उपर्युक्त निवेदकले कानून अनुसार राख्नु पर्ने हिमालयन बैंक लिं कमलादी, काठमाडौंको HBLGPB01770082, मिति डिसेम्बर ११, २०२० को रु. ११,८२,०००।- को बैंक जमानत सहित सार्वजनिक खरिद ऐन २०६३ को दफा ४९(क) वमोजिम तमा मिति २०७७।०८।२८ मा दर्ता गराएको निबेदनमा देहायवमोजिम माग दावी रहेको देखिन्छ ।

१. विपक्षी नेपाली सेना आपुर्ति तथा परिवहन निर्देशनालय जङ्गी अडडा, काठमाण्डौले बिभिन्न युनिटहरुका लागि २०७७ साल माघ १ गते देखि २०७८ साल पौष मसान्तसम्म आवश्यक पर्ने प्याकेज अनुसारको शाकाहारी तथा मांसाहारी साधारण रासनको आपुर्तिका लागि मिति २०७७।६।२६ मा प्रकाशित विद्युतीय वोलपत्र आव्हानको सुचना नं.२२ मा हामी निवेदकले ५ वटै प्याकेजका लागि रितपुर्वक वोलपत्र दाखिला गरेका थियौं ।

२. प्याकेज नं.१, ३ र ५ समेतको वोलपत्र स्विकृत गर्ने आशयको जानकारी विपक्षीवाट मिति २०७७।८।१८ मा प्राप्त भयो । उल्लेखित प्याकेजहरुमा हामी निवेदकले पेश गरेको वोलपत्र अस्वीकृत हुनाको कारण माग गर्दा बोलपत्रमा पेश भएको मुल्य सुची विवरण यस गणवाट जारी ढाँचामा नरहेको, कार्यालय प्रमुखवाट प्रमाणित नगरिएको तथा कार्यालयको आधिकारिक छाप समेत नरहेको, जारी गरिएको मुल्य सुची वमोजिम हु वहु समेत नरहेको र स्वयं आफुखुसी फरम्याटमा मुल्यसुची भरी पेश गरेको पाईएकोले उक्त वोलपत्रलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (२) वमोजिम निर्क्यौल गरिएकोमा पुर्ण नभएकोले ऐ.ऐनको दफा २४ वमोजिम मुल्यांकनमा समावेश नगरिएको व्यहोराको जानकारी मिति २०७७।८।२२ को पत्रवाट थाहा हुन आयो ।

३. निवेदकको वोलपत्र मुल्यांकनमा समावेश नगरी निवेदकको भन्दा वढी रकम कवुल गर्ने वोलपत्र स्वीकृत गर्ने गरी भएको कामकारवाही, निर्णय त्रुटीपुर्ण रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ वमोजिम मिति २०७७।८।२४ मा विपक्षी समक्ष निवेदन पेश गरेकोमा सो सम्वन्धमा यस गणको मिति २०७७।८।२२ को पत्रमा उल्लेखित व्यहोरा वमोजिम निर्णय भएको साथै राशन ठेक्का व्यवस्थापनको वोलपत्रको वुकलेटको खण्ड २ वोलपत्रदातालाई निर्देशनको सि.नं.२५ वमोजिम वोलपत्र पेश गरे नगरेको यकिन गर्नुहुन समेत जानकारी गराइन्छ भन्ने व्यहोराको मिति २०७७।८।२५ को पत्र प्राप्त हुन आएकोले विपक्षी सार्वजनिक निकायको उल्लेखित काम कारवाही सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८,२३,२४,२५,२६ र २७ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६०,६१,६२,६३ र ६४ समेतको विपरित भै गम्भिर कानुनी त्रुटीपुर्ण रहेको र उल्लेखित खरिद कारवाही सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम तोकिएको रकम भन्दा वढी रकमको भएकोले यो निवेदन पेश गरेको छु । विपक्षी सार्वजनिक निकायको निर्णय, प्रेषित पत्र तथा काम कारवाही कानुनी त्रुटीपुर्ण भै निम्न बमोजिम वदर भागी छ ।

३.१ विपक्षी काली वहादुर गणवाट जारी गरिएको वोलपत्र कागजातको खण्ड ९ मा वोत्रपत्र पेश गरेको निवेदन र राशन परिमाण सहितको मुल्य सुची समावेश गरिएको र खण्ड ९ मा समावेश गरिएको कागजातलाई वोलपत्र कागजातको खण्ड २ वोलपत्रदातालाई निर्देशनको वुँदा नं.७(घ) ले फारामका नमुनाहरु भनी परिभाषित गरेको छ । विद्युतीय प्रणालीवाट डाउनलोड गरिने वोलपत्रमा कम्प्युटरमा विवरण तथा मुल्य भर्न मिल्ने गरी इडिट गर्न नसक्ने प्रष्ट छ । खण्ड ९ मा समावेश फारामहरु डाउनलोड गरी मुल्य सुची तथा विवरण हातले भरी कवुल रकम अंक र अक्षरमा लेख्न पर्याप्त स्थान छैन । मुल्य प्रस्ताव फाराम हातैले भर्नु पर्छ, टाईप गरेको मान्य हुनेछैन भन्ने व्यवस्था सार्वजनिक खरिद ऐन, नियम वा वोलपत्र कागजातमा समेत छैन । निवेदकले खरिद गरेको वोलपत्र नै भरी पेश गरेको अवस्थामा नमुनाको रुपमा दिएको मुल्य सुचीलाई आफैंले टाईप गर्दैमा विपक्षी गणवाट तयार गरिएको मुल्य प्रस्ताव फाराम नभरेको भन्न मिल्ने होईन ।

३.२ वोलपत्र कागजातको खण्ड ४ को शीर्षक नमुना फारामहरु भन्ने रहेको छ भने सो अन्तर्गत वुँदा १२ मा खण्ड ९(ख) वमोजिमको रासन परिमाण सहितको मुल्य सुचीलाई समेत नमुना फारामकारुपमा समावेश गरिएकोले वोलपत्र कागजातको खण्ड ९(ख) वमोजिमको मुल्य सुची समेत नमुना रहेको पुष्टी हुन्छ । वोलपत्र कागजातको खण्ड ४ मा उल्लेखित सम्पुर्ण कागज प्रमाण अपलोड

गरेको र माग गरे वमोजिमको सक्कल समेत पेश गरेको अवस्थामा मुल्य प्रस्ताव फाराम नभरेको भन्न मिल्दैन । खण्ड ९ अर्न्तगतका फारामहरुलाई नमुना भनी उल्लेख गरेको अवस्थामा मुल्य सुचीमा यस कार्यालयको कार्यालय प्रमुखवाट प्रमाणित गरिएको सहिछाप तथा कार्यालयको आधिकारिक छाप समेत नरहेको भन्ने आधारमा निवेदकको वोलपत्र मुल्यांकनमा समावेश नगर्ने विपक्षीको काम कारवाही निर्णय सोही गणवाट जारी गरिएको वोलपत्र कागजातको खण्ड २ वुँदा ७, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २४ को वर्खिलाप रहेको पुष्टी हुन्छ ।

३.३ विपक्षी गणवाट जारी गरिएको वोलपत्र कागजातको खण्ड ८ राशन आवश्यकता सम्वन्धी तालिकामा उल्लेखित अण्डाको परिमाण र खण्ड ९ राशन परिमाण सहितको मुल्य सुचीमा उल्लेख भएको अण्डाको परिमाण फरक फरक भएको हुँदा नेपाली सेनाको स्वीकृत स्केल वमोजिमको मुल्य सुची आफैले तयार गरी पेश नगर्ने हो भने माग, परिमाण र प्रस्तावित आपुर्ती परिमाणमा भिन्नता भै वोलपत्र अप्रभावग्राही हुन सक्ने अवस्था देखिन्छ । वोलपत्र सुचनाको वुँदा नं. २(ख) ले माग भएका राशनहरुलाई ५ वटा प्याकेजमा वर्गीकरण गरी कुनै एक वा एकभन्दा वढी प्याकेजका लागि वोलपत्र पेश गर्न सकिने व्यवस्था गरेको छ भने वोलपत्र कागजातको खण्ड ९ परिमाण सहितको मुल्य सुचीको नोटमा मुल्यांकन गर्दा शाकाहारी तथा मांशाहारी साधारण राशन दुवैको वार्षिक रकम जोडी तुलना गरिने उल्लेख भएको तर सो खण्डमा समावेश परिमाण सहितको मुल्य सुचीमा प्याकेजमा समावेश भएका सवै राशन आईटमको कुल कवुल अंक उल्लेख गर्ने महल छैन । यस अवस्थामा नेपाली सेनाको स्वीकृत स्केल वमोजिमको अण्डाको मुल्य सुची तयार गर्दा तथा प्याकेजमा समावेश भएका सवै राशन आईटमको कुल वार्षिक कवुल अंकको महल राखी कुल कवुल अंक उल्लेख गर्दा हामीले पेश गरेको मुल्य सुची विवरण विपक्षी गणवाट जारी गरिएको मुल्य सुचीको ढाँचामा नरहेको, वोलपत्र वमोजिम मुल्य सुची हु वहु समेत नरहेको र स्वयं आफुखुसी फरम्याटमा पेश गरेको भन्न किमार्थ मिल्ने होइन ।

३.४ हामी निवेदकले वोलपत्र कागजातको खण्ड-२ को वुँदा २५ वमोजिम पेश गरेको वोलपत्र पुर्ण रहेको छ । वोलपत्र मुल्यांकन नगर्ने निर्णय गर्दा लिएको आधार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) एवं दफा २४ निवेदकको वोलपत्रका सम्वन्धमा लागु हुन सक्दैन । विपक्षीले ऐनको दफा २३(२) को खण्ड (क) देखि (घ) सम्म वर्णित के कुन कुरा पेश नगरेकोले वोलपत्र पुर्ण नभएको हो तथ्य युक्तियुक्त आधार कारण नखुलाई मनोगतरुपमा उक्त दफा वमोजिम पुर्ण नभएको भनेको भरमा मात्र वोलपत्र पुर्ण नभएको भन्न मिल्दैन ।

३.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) ले दफा २५ मा न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही वोलपत्र मात्र स्वीकृतीको लागि छनौट गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको प्रस्तावनाले सार्वजनिक निकायवाट हुने खरिद कारवाही मितव्ययी र पारदर्शी हुनुपर्ने व्यवस्था गर्दै दफा २७(४) ले लागत अनुमान भन्दा कम कवुल गरेको वोलपत्र समेत थप कार्यसम्पादन जमानत लिई स्वीकृत गर्नुपर्ने वाध्यात्मक व्यवस्था गरेको छ । विपक्षीवाट प्रेषित आशयको सुचना वमोजिम प्याकेज नं.१, ३ र ५ मा निबेदकको कबुल अंक भन्दा वढी रहेको छ । सारभुतरुपमा प्रभावग्राही रहेको हाम्रो वोलपत्रको कवुल रकम घटी हुँदा हुँदै सार्वजनिक खरिद ऐन नियमको मर्म भावना विपरित थप दायित्व पर्ने गरी वढी मुल्यको वोलपत्र स्वीकृत गर्ने कार्य कानुन र विवेक सम्मत हुन सक्दैन ।

३.६ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(२) ले वोलपत्र अस्वीकार गर्नु नपर्ने गरी प्राविधिक स्पेशिफिकेशन, विवरण, विशेषता आदि जस्ता कुरामा सानातिना फरक पाईएमा सम्भव भएसम्म सोको मुल्य निकाली त्यस्तो मुल्य समेत मुल्यांकन गर्दा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ भने उपदफा (३) ले फरक मुल्य वोल अंकको १५ प्रतिशतभन्दा वढी भएमा त्यस्तो वोलपत्रलाई मुल्यांकनमा समावेश नगरिने व्यवस्था गरेको छ । प्याकेजमा समावेश भएका राशन सामग्रीको कुल मुल्य रकम उल्लेख गर्ने कोलम थप गरेको तथा वोलपत्र कागजातमा अण्डाको माग संख्या फरक फरक उल्लेख भएको अवस्थामा नेपाली सेनाको स्वीकृत स्केल वमोजिमको अण्डाको मुल्य सुची आफैले तयार गरी पेश गरेका कारणले मुल्यमा फरक पर्ने रकम यकिन नगरी दफा २५(२) र (३) विपरित वोलपत्र मुल्यांकनमा समावेश नगर्ने विपक्षीको कार्य कानुन सम्मत हुन सक्दैन ।

निवेदकको वोलपत्र पुर्ण एवं सारभुतरुपमा प्रभावग्राही न्युन भएकोमा मुल्यांकनमा समावेश नगर्ने विपक्षीको निर्णय, सो आधारमा मिति २०७७।८।१८ मा जारी आशयपत्र लगायत विपक्षीवाट भए गरेका सम्पुर्ण काम कारवाही निर्णय वदर गरी सार्वजनिक खरिद ऐन, २०६३ कोदफा ५०(५) वमोजिम निवेदकको वोलपत्र मुल्यांकन गरी गराई कानुन वमोजिम ठेक्का संझौता गर्नु गराउनु भनी ठहर गरी पाउँ । साथै प्रस्तुत निवेदनको निर्णय नभएसम्म खरिद कारवाही यथास्थितिमा रोक्का गर्नु भनी सार्वजनिक खरिद ऐन २०६३ को दफा ५१ वमोजिमको आदेश गरी पाउँ ।

**२. सार्वजनिक निकायको प्रतिक्रियाः**

यस समितिको मिति २०७७।०८।२८ को पत्रबाट सार्वजनिक निकाय श्री नेपाली सेना, जंगी अड्डा भद्रकाली काठमाडौ, श्री नेपाली सेना, काली बहादुर गण, भरतपुर ब्यारेक चितवनबाट उक्त राशन खरिदका बिषयमा परेको निवेदन/मुद्दाको प्रतिक्रिया माग गरेकोमा मिति २०७७।०९।०1.को पत्रसाथ मिति २०७७।०९।०२ मा प्राप्त प्रतिक्रियामा उल्लेख भएको प्रमुख अंश निम्नानुसार छन्:

२.१ श्री काली बहादुर गण तथा चितवन जिल्लामा तैनाथ युनिटहरुको दरबन्दी अनुसार २०७७ साल माघ १ गतेदेखि २०७८ साल पौष मसान्तसम्मको लागि आवश्यक पर्ने शाकाहारी तथा मांसाहारी साधारण रासन आपूर्ति गर्न पेश भएका बोलपत्रहरु खोली मुचुल्का सहित ऐ, ऐनको दफा २५ बमोजिम मूल्याङ्कन समिति समक्ष पेश भएको हो ।

२.२ ऐनको दफा ३(१) मा सार्वजनिक निकायले यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने तथा ऐ. उपदफा (२) मा उपदफा (१) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुने तथा दफा १३(२) को खण्ड (ख) मा बोलपत्रसम्बन्धी कागजात तयार गर्दा ऐनको दफा १० बमोजिम बोलपत्रदाताको योग्यताका आधारहरु तयार गर्नुपर्ने, नियमावलीको नियम ४०(२)(च) मा "ऐन, नियमावली र SBD को विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात"समेत बोलपत्रदाताको ग्राह्यता (इलिजिविलिटी) पुष्टि गर्ने कागजातकोरुपमा माग गर्न सकिने व्यवस्था छ । सोही आधारमा सार्वजनिक निकायले बोलपत्र कागजातको खण्ड २ को निर्देशन नं २५(ङ) मा सम्बन्धित व्यक्ति फर्म संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात भरी पेश गर्नुपर्ने भनी स्पष्टरुपमा दिइएको निर्देशन पूर्ण भए नभएको भनी मुल्यांकन समितिले पूर्णताको परीक्षण गर्नु पर्ने हुन्छ । तर बोलपत्रदाताले पेश गरेको प्याकेज १, २, ३, ४ र ५ को मूल्य सूची फाराम छुट्टै बनाई non veg/veg भन्ने मूल्य सहितको नयाँ महल थप गरी मूल्य सूची फाराम पेश गरेकोले बोलपत्रदातालाई दिइएको निर्देशन विपरित भएकोले ऐनको दफा २३(२)(ख) बमोजिम रीत नपुगेकोले ऐनको दफा २४(३) बमोजिम उक्त बोलपत्र उपर कारवाही गर्न नपर्ने भएकोले सो भन्दा पछिको मूल्याङ्कन चरणमा पेश नभएको हो ।

२.३ बोलपत्रको खण्ड-२ को दफा ११ मा बोलपत्र कागजातमा उल्लेख भएको खरिद कारबाही सम्बन्धी कुनै प्रश्न वा जिज्ञासा राख्न सक्ने भनिए बमोजिम निवेदक बोलपत्रदाता बोलपत्र पेश गर्नु पूर्वको बैठकमा उपस्थित भई बोलपत्र कागजात सम्बन्धमा कुनै प्रश्न वा जिज्ञाशा राख्नु सक्ने प्रावधानलाई बेवास्ता गरी बोलपत्र पेश गर्नु पूर्वको बैठकमा समेत निजको सहभागी भएको छैन । नियमावलीको निमय ४०(४) मा उपनियम (१) र (२) मा समेत निर्देशनबमोजिम कागजात पेश नगर्ने बोलपत्र उपर कारबाही नहुने भन्ने व्यवस्था रहेको छ । बोलपत्रको खण्ड ४(क) को शीर्षकमा e-GP Bidder हरुले आफ्नो ग्राहयता र योग्यता पुष्टीको लागि अनिवार्यरुपमा कागजात तथा प्रमाणपत्रहरु स्क्यान गरी अपलोड गर्नुपर्ने भनी उल्लेख हुँदाहुदै निवेदकले बुँदा नं.४(क) डाउनलोड गरी मुल्यसूचीमा अङ्क र अक्षरमा रकम लेख्नका लागि पर्याप्त स्थान नै छैन भनी मूल्यसूचि फाराम बनाई non veg/veg भन्ने मूल्य सहितको नयाँ महल थपी पेश गरेकोले निवदेकलाई बोलपत्र परीक्षण पश्चात् पछिल्लो चरणमा समावेश नगरेको हो ।

२.४ निवेदकले मूल्यसूची आफैले तयार गरी पेश नगर्ने हो भने माग परिमाण र प्रस्तावित आपूर्ति परिमाणमा भिन्नता भई बोलपत्र अप्रभावग्राही हुन सक्ने भनी बोलपत्रदातालाई दिइएको निर्देशन र सार्वजनिक खरिद ऐन, नियमको मूल्य मान्यता विपरित मूल्यसूची फाराम सच्याउनु पर्नाको कारण अनेक तर्कले पुष्ट्याउन खोजिएको छ । नियमावलीको ६०(ग) मा बोलपत्रको पूर्णताको परीक्षण गर्दा सम्बन्धित सार्वजनिक निकायबाट वा सार्वजनिक निकायले तोकेको अन्य निकायबाट विक्री भएको बोलपत्रसम्बन्धी कागजातमा बोलपत्र पेश भए वा नभएको परीक्षण गर्नु पर्ने प्रावधान भएको र यो प्रावधान रासन खरिदका सम्बन्धमा समेत आकर्षित हुने देखिन्छ । स्वीकृत लागत अनुमान बमोजिम तयार गरिएको मूल्यसूची फाराममा हुँदै नभएको महल थप गरी पेश भएको मूल्यसूची फारामलाई पूर्ण वा सारभूतरुपमा प्रभावग्राही मान्दै जाने हो भने बोलपत्रको माध्यमद्वारा स्वस्थ प्रतिस्पर्धा गराई सांजनिक खरिद गर्ने अभिप्राय नै निस्प्रभावी हुने देखिन्छ । सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०६८/१२/१४ गते यसै व्यहोराको राय परामर्श प्रदान भैसकेको छ ।

२.५ बोलपत्रको खण्ड-८ रासनको आवश्यकता सम्बन्धी तालिका बमोजिम आपूर्ति गर्ने भन्दा पनि उक्त तालिकामा उल्लिखित परिमाणमा घटी वा वढी आवश्यकता अनुसार खरिदकर्ताले ऐ.बोलपत्रको खण्ड ६ सम्झौताका विषेश सर्तहरुको दफा ६(१) मा बोलपत्रमा उल्लिखित सबै आइटमको वार्षिक (जम्मा महलमा उल्लिखित) परिमाणमा जतिसुकै परिमाण घटीबढी भए तापनि रासन आपूर्ति गर्नुपर्ने छ भन्ने उल्लेख गरेको । साथै ऐ.दफाको ६(२) ठेक्का बन्दोबस्त भएको जिल्ला लोकेशनमा अस्थायी वा स्थायीरुपमा तैनाथ रहने गरी विभिन्न युनिटहरु स्थानान्तरण भई आएमा वा गएमा त्यस्ता युनिटहरुलाई समेत स्वीकृत आपूर्तिकर्ताले स्वीकृत कबुल दरमा कुनै घटबढ र हर्जा बाधा नपारी सुचारुरुपले शाकाहारी तथा मांसाहारी साधारण रासन आपूर्ति गर्नुपर्ने छ भनी उल्लेख गरिएको हुँदा ऐ.बोलपत्रको खण्ड-९ मा जे जति परिमाण उल्लेख छ सोही परिमाण नै बास्तविक परिमाण रहेको हुँदा उक्त परिमाण आवश्यकताको आधारमा घटीबढी हुने हुँदा उक्त विषयमा परिमार्जित मूल्यसूची पेश गरेको कार्यलाई कानूनसम्मत मान्न सकिदैन । उक्त प्याकेजमा पेश भएका सम्पूर्ण बोलपत्रदाताको कबुल रकम स्वीकृत लागत अनुमान भन्दा बढी भई सारभूतरुपमा प्रभावग्राही ठहर नभएको हुँदा सो प्याकेजको ठेक्का रद्द गरी पुन: बोलपत्र आह्वानसमेत गरिसकेको हुँदा औचित्यहिन विषयलाई लिएर सार्वजनिक निकायको रासन ठेक्का बन्दोबस्त प्रणालीलाई प्रभाव पर्न खोजिएको हुँदा निवेदकको निवेदन जिकिरमा कुनै विवेकसम्मत आधार र कारण देखिदैन ।

२.६ सार्वजनिक निकायले खुला बोलपत्र आह्वान गरी राखेको प्रस्ताव विपक्षी निवेदकले सहमति जनाई निवदेन सहित बोलपत्र पेश गरेको छ । प्रस्तावमा उल्लिखित शर्त पालना गर्न सहमति जनाई सकेपछि उक्त सहमतिबाट कुनै पनि पक्ष पछि हट्न कानूनत: मिल्दैन । निजले कुनै पनि बहानामा बोलपत्रदातालाई दिएको उल्लिखित सर्त मलाई लाग्दैन, लागू हुनुहुँदैन भन्न मिल्दैन ।

अत: उल्लिखित तथ्यगत तथा कानूनी आधारमा निवेदकको जिकिर आधारहीन तथा मिथ्या भएकोले निवेदन खारेज गरी पाउँ ।

**३. अध्ययन अवलोकन:**

उपर्युक्त निवेदकको निवेदन/मुद्दाका बिषयमा निवेदनसाथ पेस भएका कागजातहरु, बोलपत्र कागजातहरु, सार्वजनिक निकायबाट प्राप्त कागजातहरु, सार्बजनिक खरिद सम्बन्धी प्रचलित कानूनहरुका आधारमा अध्ययन अवलोकन गरिएको छ ।

३.१ यस खरिद कार्यका लागि ५ प्याकेज बनाई मिति २०७७।०६।२६ मा बोलपत्र आह्वानको सूचना प्रकासन भएको र सोमध्ये प्याकेज १, सुख्खा राशन आईटमतर्फ मिलन ब्रदर्श एण्ड सप्लायर्सको कबोल अंक रु. ९,२५,७०,५५७।४० (मूल्य अभिबृद्धि कर सहित) को, प्याकेज नं.३, ताजा खुवाउनुपर्ने राशन आईटमतर्फ सदाज्योति सप्लायर्सको कबोल अंक रु. १,९३,६५,२०८।४९ ( मूल्य अभिबृद्धि कर सहित) को र प्याकेज नं. ५ खाना पकाउने ईन्धन (एल.पि.ग्याँस) राशन आईटमतर्फ मनहराकाली कन्स्ट्रक्सन प्रा.लि.को कबोल अंक रु. १,८३,२८,३५८।२४ ( मूल्य अभिबृद्धि कर सहित) को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना, निर्णय प्रति चित्त नबुझी निवेदकबाट गणपतिज्यू समक्ष मिति २०७७।०८।२४ मा पुनरावलोकनका लागि दिएको निवेदनको जवाफ २०७७।०८।२५ मा दिइएको देखिन्छ । सो जवाफ उपर चित्त नबुझी नियमानुसार राख्नुपर्ने बैक जमानत सहित यस समितिमा मिति २०७७।०८।२८ मा निवेदन दर्ता भएको छ ।

३.२ सार्बजनिक निकायबाट गठित बोलपत्र मूल्यांकन समितिको मिति २०७७।०८।११ को मूल्यांकन प्रतिबेदन अनुसार प्याकेज नं. १ का लागि निबेदक सहित ७, प्याकेज नं. ३ का लागि ४ र मिति २०७७।०८।१५ को मूल्यांकन प्रतिबेदन अनुसार प्याकेज नं. ५ का लागि निबेदकका सहित ५ आपूर्तिकर्ता फर्म कम्पनीहरुले बोलपत्र पेस गरेकोमध्ये प्याकेज नं. १ मा मिलन ब्रदर्श एण्ड सप्लायर्स, सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि., सदाज्योति सप्लायर्स, प्याकेज नं. ३ मा सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि., मिलन ब्रदर्श एण्ड सप्लायर्स, र सदाज्योति सप्लायर्स र प्याकेज नं. ५ मा सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि., मिलन ब्रदर्श एण्ड सप्लायर्स, सदाज्योति सप्लायर्स र मनहराकाली कन्स्ट्रक्सन प्रा.लि.कानूनी योग्यताको आधार र पूर्णताको परीक्षणमा सफल भएको उल्लेख गरी सोमध्ये आर्थिक पक्षको मूल्यांकनमा प्याकेज नं.१ का लागि न्यूनतम बोल अंक कबोल गर्ने मिलन ब्रदर्श एण्ड सप्लायर्सको रु.९,२५,७०,५५७।४० (मूल्य अभिबृद्धि कर सहित) को, प्याकेज नं. ३ का लागि सदाज्योति सप्लायर्सको कबोल अंक रु.१,९३,६५,२०८।४९ (मूल्य अभिबृद्धि कर सहित) को र प्याकेज नं. ५ को लागि मनहराकाली कन्स्ट्रक्सन प्रा.लि.को कबोल अंक रु. १,८३,२८,३५८।२४ (मूल्य अभिबृद्धि कर सहित) को बोलपत्र स्वीकृत गर्ने आसयको सूचना जारी भएको देखिन्छ । निवेदक माता रानी ईन्टरप्राईजेज प्रा.लि.को बोल अंक प्याकेज नं १ देखि ३ सम्म क्रमश: रु ८,०९,२०,७४०।४८, रु.१८८८१५७५।७१ र रु.१८१५६८६४।४१ (मूल्य अभिबृद्धि कर सहित) रहेको देखिन्छ ।

३.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८,२३,२४,२५,२६ र २७ नियमावलीको नियम ६०,६१,६२,६३, र ६४ विपरित मूल्यांकन गरी वढी दायित्व सृर्जना हुने गरी गरेको खरिद कारबाहीको पुनरावलोकनको माग गरी दिएको निबेदनका सम्बन्धमा सार्वजनिक निकायबाट निबेदकलाई बोलपत्रसाथ पेश गरेको मूल्य सूची बोलपत्र कागजातमा तोकिएको ढाँचामा नभएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा

२३(२) र दफा २४ बमोजिम मूल्यांकनमा समावेश नगरिएको भन्ने जवाफ दिएको देखिन्छ । सोही व्यहोरा बोलपत्र मूल्यांकन समितिको मिति २०७७।०८।११ को मूल्यांकन प्रतिबेदनको बुँदा नं. १ को (क) मा समेत उल्लेख भएको देखिन्छ ।

३.४ बोलपत्र कागजातको खण्ड २ को ११.३ मा बोलपत्र पूर्वको बैठकमा अनिवार्य सहभागीभई आफुलाई लागेको विज्ञासा राख्न सकिने व्यवस्था भएकोमा मिति २०७६।०७।१७ गते भएको उक्त बैठकको माईन्युटबाट निबेदक सहितका सबै बोलपत्रदाताहरुको उपस्थिति देखिएन । यसमा निबेदक सहितका बोलपत्रदाताहरु बोलपत्र कागजातमा परेको द्विविधाका सम्बन्धमा आफ्नो जिज्ञासा एवं समस्या राख्नबाट चुकेको देखिन्छ ।

३.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन वमोजिमको कार्यविधि पूरा गर्नु पर्नेछ र (२) मा प्रतिकूल हुने गरी खरिद गरेमा खरिद वदर वा अमान्य हुने व्यवस्था रहेकोले सार्वजनिक खरिद ऐनको प्रतिकूल हुने गरी खरिद गर्नु कानून सम्मत नहुने देखिन्छ ।

३.६ बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुनका लागि ऐनको दफा २३(२) वमोजिम बोलपत्रको परीक्षणमा उतिर्ण भए पछि बोलपत्रको पुर्णताको परीक्षण हुन्छ र यसमा पनि उतिर्ण हुनु पर्ने हुन्छ । ऐनको दफा २४(घ) मा दफा २३(२) वमोजिम वमोजिम नभएमा बोलपत्र उपर कारवाही नहुने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा भएको व्यवस्था तथा सोही आधारमा PPMO बाट जारी भएको आधारमा सार्बजनिक निकायबाट जारी बोलपत्र कागजातले माग र निर्देशन गरेको बोलपत्र कागजात पेस हुन नआएमा त्यस्ता बोलपत्र सारभूतरुपमा प्रभावग्राही नभएको मानिन्छ । ऐनको दफा २५(५) को आशय पनि यही हो । बोलपत्रदाताबाट ऐनको दाफा २३(२)(ख)(घ) तथा २३(३) को (ग)र(घ) का प्रमाणहरु बोलपत्र कागजातहरु पेश नगरे शर्त पूरा गरेको मानिदैन । यसको अभावमा ऐनको दफा २४(घ) आकर्षित हुने नै भयो ।

३.७ ऐनको दफा २५(५) मा "बोलपत्रको मूल्यांकन बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ र त्यसरी मूल्यांकन गर्दा प्रत्येक बोलपत्रको मूल्यांकित रकम अर्को बोलपत्रको मूल्यांकित रकमसंग तुलना गरी न्यूनतम बोल अंक कबुल गर्ने बोलपत्र निर्धारण गर्नु पर्नेछ" भनी व्यवस्था भएको छ । बोलपत्र कागजात कानूनका आधारमा तयार भएकोले सार्बजनिक निकाय र बोलपत्रदाताले यसमा भएका शर्तहरुको बाध्यात्मकरुपमा पालना गर्नुपर्दछ । यसमा भएका व्यवस्था कानूनमा नबाभिएको हदसम्म अक्षरश् लागू हुनु पर्दछ। ऐनको दफा २५(७) मा उपदफा (४) वमोजिम न्यूनतम् बोल अंक कबूल गर्ने बोलपत्रको बोलपत्रदाताको योग्यता उपदफा (५) बमोजिम जाँच गर्दा बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित योग्यता मूल्यांकनका आधार अनुरुप भएको पाइएमा त्यस्तो बोलपत्र न्यूनतम् मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मानिनेछ । यसरी जाँच गर्दा त्यस्तो बोलपत्रदाताको योग्यता बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित मूल्यांकनका आधार अनुरुप भएको नपाइएमा मूल्यांकनबाट हटाइने व्यवस्था छ । तसर्थ बोलपत्रमा उल्लिखित् बोल अंक न्यूनतम भएर मात्र हुदैन, सारभूतरुपमा प्रभावग्राही हुनका लागि बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यता र आधार पूरा भएको हुनु पर्ने देखिन्छ ।

३.८ ऐनको दफा १०(१)(क) मा बोलपत्र सम्बन्धी योग्यताका आधार पूरा गर्नु पर्ने (२) मा उपदफा (१) वमोजिम बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजातमा योग्यताको आधारमा पेशागत र प्राविधिक योग्यता, विगतको कार्य सम्पादन, वित्तीय स्रोत र अवस्था, पेशागत कसूर गरे वापतको सजाय र यस्तै आधारहरु राख्न सकिने व्यवस्था छ । यस खरिद प्रक्रियामा ग्राह्यता परीक्षण सम्बन्धी व्यवस्था बोलपत्र कागजातहरुको खण्ड-२ को २४ मा उल्लेख छ । मूल्यांकन समिति यसैका आधारमा बोलपत्रको मूल्यांकन गर्न बाध्यकारी हुन्छ । निवेदक बोलपत्रदाता मातारानी ईन्टरप्राईजेज प्रा.ली.तथा मिलन ब्रदर्श एण्ड सप्लायर्स, सदा ज्योति सप्लायर्स, कर्णाली अर्डर एण्ड सप्लायर्स, सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.र मनहरा काली कन्ष्ट्रक्सन प्रा.लि.समेतको सार्वजनिक निकायबाट प्राप्त फायलहरु अध्ययन गर्दा अधिकांश बोलपत्रदाताहरुले राशन आपूर्ति गरेको अनुभव निर्देशित फारममा भरी पेश नगरेको, बिगत बर्ष सन्तोषजनकरुपमा राशन आपूर्ति गरेको पत्र समावेश नगरेको, खण्ड-२ को ७(छ) को आपूर्ति तालिका र (ज) को प्राविधिक बिवरण (Technical specification) समावेस नगरेको अबस्था देखिन्छ । बोलपत्र कागजातको खण्ड ३ को २(ख)मा व्यवसाय दर्ताको इजाजत पत्र (प्याकेज अनुसार आपूर्तिको उद्देश्य राखी दर्ता भएको हुनुपर्ने उल्लेख छ । व्यवसाय दर्ताको प्रमाणपत्रमा राशन आपूर्ति गर्ने अनुमति प्राप्त गरेको हुनु पर्ने हो । केही बोलपत्रदाताले पेश गरेको सो प्रमाणपत्रमा कारोवारको प्रकृति अन्य विषय उल्लेख भएकाले बोलपत्रको शर्त अनुसार पुग्ने देखिदैन ।

३.९ बोलपत्र कागजातको खण्ड-२ को ५.४, खण्ड ३ को ३.३.१(क) तथा खण्ड ४ को ८(ख) मा राशन आपूर्ति गरेका अनुभव हाँसिल नगरेका नयाँले आफूले कबुल गरेको रकमको २५ प्रतिशतले हुने रकमको Credit Line पेश गर्नुपर्ने उल्लेख भएको देखिन्छ । त्यसैगरी खण्ड ३ को ३.३.२(ख) खण्ड-४ को ८(क) मा बिगत तीन आ.ब. हरुमध्ये कुनै एक आ.ब. मा सन्तोषजनकरुपमा राशन आपूर्ति गरेको प्रमाण र बिगत ३ बर्षको औषत कारोवार रु.(लागत अनुमानको ८० प्रतिशत खुलेको कागजात समेत पेश गर्नु पर्ने उल्लेख छ । यो कागजात अनुभब हांसिल गरेको बोलपत्रदाताले पेश गर्नु पर्दछ । Credit Line बोलपत्रदाताको आर्थिक हैसियत दर्शाउने प्रमाण हो । सम्भौता बमोजिमको कार्य सम्पादन गर्न नसके वा छाडेमा त्यही रकमबाट राशन आपूर्ति गराउने हो । अनुभव आफूले सोही किसिमको काम विगतमा सफलतापूर्वक सम्पादन गरेको प्रमाण हो । यी दुई प्रमाणहरु अलग अलग प्रकारका कागजातहरु हुन् ।

३.१० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(१)(च) मा "ऐन, यस नियमावली र स्टयाण्डर्ड बिडिंग डकुमेण्टको विपरित नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात" भनी उल्लेख भएकोले सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजातहरु राख्न सक्ने व्यवस्था छ । यस्ता कागजातहरु ऐन, नियमावली, SBD का विरुद्ध हुनु हुदैन । निर्देशन गरेका कागजातहरु पेश नभए बोलपत्रहरु सारभूतरुपले प्रभावग्राही हुदैन ।

३.११ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२) को खण्ड (ख) मा ग्राह्यताका आधार तथा त्यस्तो आधार प्रमाणित गर्न अन्य आधारहरुका साथै व्यवसाय दर्ताको ईजाजत पेश गनुपर्ने उल्लेख भएको र सार्बजनिक निकायले जारी गरेको बोलपत्र सम्बन्धी कागजातको खण्ड-३ को दफा २.१(ख) मा व्यवसाय दर्ताको ईजाजतपत्र पेश गर्नु पर्ने शर्त तोकिएको छ । कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी हुने गरेको कम्पनी दर्ताको प्रमाणपत्र र बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयबाट जारी गरिने प्राईभेट फर्म दर्ताको प्रमाण पत्रमा अनुमति लिनु पर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति लिएर मात्र कारोवार गर्नुपर्ने उल्लेख गरेको पाईन्छ । खरिद नियमावली, बोलपत्र सम्बन्धी कागजात, उपर्युक्त दुई निकायबाट जारी प्रमाणपत्रमा उल्लेख भएको व्यवस्था अनुसार बोलपत्रदाताहरुले अनिवार्यरुपमा व्यवसाय दर्ताको ईजाजत पत्र पेश गनुपर्ने हुन्छ । आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका सदाज्योति सप्लायर्स, कर्णाली अर्डर एण्ड सप्लायर्स र मनहराकाली कन्ष्ट्रक्सन प्रा.लि.समेतले आधिकारिक सार्बजनिक निकायबाट प्राप्त राशन आपूर्ति गर्ने व्यवसाय दर्ताको इजाजतपत्र बोलपत्रसाथ पेश गरेको देखिदैन भने निबेदक मातारानी इन्टरप्राईजेज प्रा.लि.ले काठमाडौं महानगरपालिकाबाट लिएको व्यवसाय दर्ता प्रमाणपत्रमा व्यवसायको प्रकृतिमा आयात सम्बन्धी कारोवार+निर्यात सम्बन्धी कारोवार, र सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.ले सोही महानगरपालिकाबाट लिएको व्यवसाय दर्ता प्रमाणपत्रमा व्यवसायको प्रकृतिमा आयात निर्यातकर्ता तथा मिलन ब्रदर्श एण्ड सप्लायर्सले चन्द्रगिरी नगरपालिकाबाट लिएको उक्त प्रमाणपत्रको व्यवसायको प्रकारमा खाद्य तथा राशन, लत्ता कपडा, हार्डवेयर तथा निर्माण सामग्री,

काठ तथा फर्निचर आदी खरिद बिक्री गर्ने उल्लेख भएकाले राशन आपुर्तिको कारोवार गर्ने गरी व्यवसाय ईजाजतपत्र लिएको मान्न सकिन्न। व्यवसाय दर्ताको प्रमाणपत्र बोलपत्र कागजातको खण्ड ३ को २.१(ख) (अ) (आ) (इ) मा उल्लेख भएको निकायहरुबाट जारी हुनुपर्ने देखिन्छ ।

३.१२ बोलपत्र सम्बन्धी कागजातको खण्ड ३ को ३.३.१ र खण्ड ४ को ८(क) मा बिगत ३ आ.ब.मध्ये कुनै एक आ.ब.मा शाकाहारी तथा मांशाहारी साधारण रासन सन्तोषजनकरुपमा आपूर्ति गरेको प्रमाण कागजातको साथै बिगत तीन आ.ब.को बार्षिक सरदर कारोवार प्याकेज १ को लागि रु..(लागत अनुमानको ८० प्रतिशत ) खुलेको कागजात पेश गर्नु उल्लेख गरी प्याकेजगत रकममा बोलपत्र खरिद बापतको रकम गरेको देखिन्छ । औषत कारोवारको रकम उल्लेख गर्नु पर्ने स्थानमा अन्यथा हुने गरी बोलपत्र कागजात तयार गरेको कारण बोलपत्रदाताहरुले औषत कारोवारको अंक पेश गरेको अवस्थामा पनि उक्त रकम भिडान हुने अवस्था देखिदैन । तसर्थ सार्बजनिक निकायबाट जारी बोलपत्र प्रथम दृष्टिमानै कानून सम्मत देखिदैन ।

३.१३ आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका बोलपत्रदाताहरु कर्णाली अर्डर एण्ड सप्लायर्स, सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि., मिलन ब्रदर्श एण्ड सप्लायर्स र सदाज्योति सप्लायर्स समेतले बिगत देखिनै राशन आपुर्ति गर्दै आएको व्यहोरा निजहरुले पेश गरेका अनुभव पत्रहरुबाट स्पष्ट हुन आएकोले निजहरुले उपर्युक्त बुँदा नं. ३.१२ मा उल्लेख भए मुताबिकको बिबरण अनिबार्य रुपमा पेश गर्नु पर्दछ । सार्बजनिक निकायबाट प्राप्त बोलपत्र कागजात अनुसार यी बोलपत्रदाताहरुले Average annual turnover को विवरणमा Average annual turnover Statement is not required for this bid उल्लेख गरी बोलपत्रको शर्तको पालना नगरेकाले बोलपत्र Qualify हुन सक्ने देखिदैन ।

३.१४ बोलपत्रदाताहरुले बोलपत्र कागजातको खण्ड ४ को (त्र) मा ताकिएको ढाँचामा अनिवार्यरुपमा अनुभव सम्बन्धी विवरण भरी पेश गर्नु पर्दछ। तर आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका बोलपत्रदाताहरु सदाज्योति सप्लायर्स, सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि. र मनहराकाली कन्स्ट्रक्सन प्रा.लि.उक्त विवरण बोलपत्र साथ पेश गरेको नदेखिदा बोलपत्रको शर्त पालना भएन ।

३.१५ बोलपत्रदाता कर्णाली अर्डर एण्ड सप्लायर्सले बोलपत्रसाथ पेश गरेको कर दर्ताको प्रमाणपत्र स्थायी लेखा नम्बर (PAN) मा करदाताको नाम कमल निर्माण सेवा उल्लेख भएको छ । बोलपत्रदाता र करदाताको नाम फरक फरक देखिदा सार्बजनिक खरिद नियमावली, २०६३ को नियम ४०(२) बमोजिम योग्याताको आधार पुरा नगरेकोले उक्त बोलपत्रदाता सारभूतरुपमा प्रभाबग्राही हुदैन ।

## ४. छलफल तथा सुनुवाईः

उपयुर्क्त खरिद प्रकियाका बिषयमा यस समितिमा परेको मुद्दाका बिषयमा पक्ष विपक्ष आमन्त्रण गरी मिति २०७७।०९।१५ गते १.३० बजे समितिमा छलफल तथा वहस कार्यक्रम आयोजना भयो ।

४.१ निवेदक मातारानी ईन्टरप्राईजेज प्रा.लि.का तर्फबाट विद्वान अधिबक्ता भेषराज न्यौपानेले यस कार्यक्रममा भाग लिनु भयो । यस कार्यक्रममा उठाईका जिकिरहरुको सार देहायवमोजिम छन्:-

४.१.१ सूचना नं. NA\KBBN\077\078\02 बाट श्री नेपाली सेना, काली बहादुर गण, भरतपुर ब्यारेक चितवनं अन्तर्गतका युनिटहरुका लागि मिति २०७७।०६।२६ गते बिभिन्न ५ प्याकेजमा बर्गीकरण गरी बोलपत्र आह्वानको सूचना प्रकाशित भएकोमा मेरो पक्षले सबै प्याकेजहरुका लागि बोलपत्र एबं कानूनले माग गरे अनुरुप बोलपत्र पेश गरेको थियो ।

४.१.२ उक्त बोलपत्र सूचनामा तोकिएको मितमा खोली मिति २०७७।०८।१८ मा सार्बजनिक निकायबाट मेरो पक्षले कबोल गरेको बोल अंक भन्दा बढी कबोल गर्ने बोलपत्रदाताहरु प्याकेज नं.१ को लागि मिलन ब्रदर्श एण्ड सप्लायर्सको मूल्य अभिबृद्धि कर सहितको रु.९,२५,७०,५५७।४०, प्याकेज नं. ३ को लागि सदाज्योति सप्लायर्सको मूल्य अभिबृद्धि कर सहितको रु.१,९३,६५,२०८।४९ र प्याकेज नं. ५ को लागि मनहराकाली कन्स्ट्रक्सन प्रा.ली को मूल्य अभिबृद्धि कर सहितको रु.१,८३,२८,३५८।२४ को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरियो ।

४.१.३ उक्त सूचनामा चित्त नबुझी मैले सार्बजनिक निकायका प्रमुख समक्ष मिति २०७७।०८।२३ मा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम पुनरावलोकनका लागि निबेदन पेश गरेकोमा त्यस प्रा.लि.ले पेश गरेको मूल्य सूचि यस गणबाट बोलपत्रमा जारी गरिएको ढाँचामा नरहेको, कार्यालय प्रमुखबाट प्रमाणित सहीछाप तथा कार्यालयको आधिकारिक छाप समेत नरहेको, आफुखुसी ढाँचामा पेश गरेकोले सार्बजनिक खरिद ऐनको दफा २३(२) बमोजिम परीक्षण गर्दा पूर्ण नभएकोले दफा २४ बमोजिम मूल्यांकनमा समाबेश नगरिएको सार्बजनिक निकायको मिति २०७७।०८।२५ को जानकारी पत्र प्राप्त भयो । समिति समक्ष पेश गरेको बिबादको विषय भनेको यही प्याकेज नं. १, ३ र ५ को लागि हो ।

४.१.५ सार्बजनिक निकायले हामीले पुनरावलोकनका लागि दिएको निबेदनको बोलपत्रसाथ पेश गरेको मूल्य सूची बोलपत्र कागजातमा तोकिएको ढाँचामा हुबहु नरहेको, कार्यालय प्रमुखबाट प्रमाणित एवं कार्यालयको आधिकारिक छाप नभएको, आफू खुसी ढाँचामा भरी पेश गरेकोले परीक्षणमा सफल हुन नसकेको जवाफ दिएको छ । सोही जवाफमा निबेदक आफैले बोलपत्र कागजातको खण्ड-२ को बुँदा २५ अनुसार भए नभएको यकिन गर्न भनी हामीलाईनै भनिएको छ । यो जवाफ खरिद ऐनको दफा ४७ अनुसार भएको छैन । दफा ४७(६) अनुसार सार्बजनिक निकाय प्रमुखबाट निर्णय भएको छैन । उल्टो म माथि प्रश्न गरिएको छ । यो गैरकानूनी छ ।

४.१.६ हामीले यस गणबाट आह्वान भएको बोलपत्रसाथ जे कागजातहरु पेश गरेका थियौ सोही कागजात पेश गरेको आधारमा बिभिन्न युनिटहरुबाट यो बर्ष हाम्रो बोलपत्र स्वीकृत भएकोमा यस गणबाट हाम्रो बोलपत्र स्वीकृत गरिएन ।

४.१.७ ई बिडिङ्ग मार्फत पेश भएको बोलपत्रमा सम्पादन गर्न नमिल्ने भएकोले यसमा अंक र अक्षर भर्न मिल्दैन । बोलपत्रदाताको Letter Head मा आफैले ढाँचा बनाएर पेश गरिन्छ । अन्य कार्यालयहरुमा यही पेश गरेको आधारमा हाम्रो बोलपत्र स्वीकृत भएको छ । बोलपत्र कागजातको खण्ड २ को बुँदा ७(घ), खण्ड ४ को १२ र खण्ड ९ मा उल्लिखित फारामहरु नमुना फाराम मात्र हुन । खण्ड ९ (ख) मा व्यवस्था भए अनुसारको विवरणमा अंक र अक्षर भरी पेश गर्ने हो । फरक के छ भने मूल्य अभिबृद्धि करको रकम राखी सबै प्याकेजहरुको कुल जम्मा रकम राखिएको छ । हाम्रो बोलपत्र असफल गर्नको लागि लगाईएको तर्क सर्बथा गलत छ ।

४.१.८ हामीले बोलपत्रसाथ महल थप गर्रा पेश गरेको मूल्य सूचीले मूल्य, गुणस्तर, संख्यामा फरक परेको छैन । यसबाट उल्लेखित कुराहरुमा सारभूतरुपमा फरक परेको छैन र विपक्षी सार्बजनिक निकायले फरक परेको देखाउन सकेको छैन । हामीले बोलपत्रको खण्ड ८ को प्याकेज नं ३ को व्यवस्था तथा राशनको सूचीको नोटमा भएको व्यवस्था अनुसार संख्या खुलाएको हो । बोलपत्रको खण्ड ३ मा उल्लेख भएको संख्या उल्लेख गरेकोले छुट्टै उल्लेख गरेको होईन । नफ्रि संख्या कुल २३५४ क हिसाबले करिब ६ लाख अण्डा

आबश्यक पर्ने हुन्छ । तर अण्डाको माग करिब ४४ लाख छ । यदि सोही बमोजिम बोलपत्र पेश गर्ने हो भने अस्वीकृत हुन जान्छ । यसमा बिपक्षीले आफूले गरेको गल्ति लुकाउने काम गरेको छ ।

४.१.९ बिपक्षी सार्बजनिक निकायले उक्त तीन बटै प्याकेजमा गरी करौडौ फरक पर्ने गरी बढी कबोल पेश गर्ने बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गर्ने कार्य भएको छ । यो बिषय सार्बजनिक खरिद ऐनको दफा २५(२)(३) अनुसार मूल्यांकनको समयमा हेरिने विषय होईन । परीक्षणमा हेरिने विषय हो ।

अतः सार्बजनिक निकायबाट भएको मूल्यांकन कानूनसम्मत नभएकोले निबेदकले पेश गरेको बोलपत्र मूल्यांकनमा समाबेश गरी आर्थिक प्रस्ताबको समेत मूल्यांकन गरी मेरो पक्षको घटी बोलपत्र स्वीकृतिका लागि आदेश जारी होस ।

४.२ सार्वजनिक निकाय श्री नेपाली सेना जंगी अड्डा भद्रकाली काठमाडौं, श्री नेपाली सेना, काली बहादुर गण, भरतपुर ब्यारेक चितवनंका तर्फबाट अधिबक्ता प्रमुख सेनानी कुलदिप तिम्सिना, अधिबक्ता सेनानी सरोज रेग्मी, अधिवक्ता महासेनानी ओम बहादुर भट्टले छलफल तथा वहसमा भाग लिनु भयो ।

४.२.१ निबेदक सहित ९ बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी कागजातमा भएको व्यवस्थालाई स्वीकार गरी बोलपत्र पेश गरेको छ । मूल्य सूचि फारममा मूल्य अंक र अक्षरमा राख्न अरु सबैलाई स्पेस पुग्यो, विपक्षी निबेदकलाई मात्र पुगेन । बोलपत्र शर्त सम्बन्धी बोलपत्र पेश नभएकाले खरिद ऐनको दफा २३(२) बमोजिम निबेदकलाई असफल गरेको हो । बिपक्षी निबेदकले पेश गरेको मूल्य सूचीमा भेज नन् भेज भनी महल थपी संख्या तोकियो । यो काम बोलपत्रदाताको होईन ।

४.२.२ सार्बजनिक खरिद नियमावली, २०६४ को ६०(ग)घ) मा भएको व्यवस्था मुताबिक पूर्णताको परीक्षणमा असफल भएको बोलपत्रलाई ऐनको दफा २४ लागु हुन्छ । ऐनको दफा १६(१) मा भएको व्यवस्था अनुसार बोलपत्र कागजातमा भएको व्यवस्थामा द्विविधा परेमा सार्बजनिक निकाय समक्ष सोधनी गर्न सक्नेमा निबेदकबाट यस बिषयमा सोधनी गरिएन । आफू खुसी मूल्य सूचीको ढाँचामा महल थप गरियो । साथै बोलपत्र कागजातको खण्ड १ को २ को (झ) मा प्रि बिड मिटिङ्गमा अनिबार्य उपस्थित हुनु पर्ने व्यवस्था भएकोमा उक्त बैठकमा बिपक्षी निबेदक उपस्थित भई आफ्नो भनाई राख्न सकिनेमा उपस्थिति जनाईएन । तर निबेदकले आफूलाई मन लागे अनुसार खण्ड ९ बिपरित बोलपत्र पेश गरेकोले निज पूर्णताको परीक्षणमा असफल भएको हो ।

४.२.३ सार्बजनिक निकायले प्रस्ताव गरे अनुरुपनै बोलपत्रदाताले बोलपत्र पेश गर्नुपर्दछ । प्रस्ताबकले प्रस्ताब गरेको बिषय कानूनीरुपमा लागु हुने बिपष हो । यसमा प्रस्ताब पेश गर्नेले कमा, फूलस्टप आदि कही पनि परिवर्तन गर्न मिल्दैन । यसो गरेमा प्रस्ताबको उल्लंघन गरेको ठहर्छ । प्रस्ताबकले राखेको प्रस्ताब निबेदकले हुवहु स्वीकार नगरे करारको उल्लंघन हुन्छ । आफू खुसी परिवर्तन गरेको स्वीकार्य हुदैन । अतः निबेदक बोलपत्रदाताले पेश गरेको बोलपत्र यस गणबाट बोलपत्र कागजात बिपरित भएकोले कानून सम्मतरुपमा निजको बोलपत्र मूल्यांकनमा समाबेश नगरी सारभूतरुपमा प्रभाग्राहीमध्ये कम रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएकोले निबेदकको निबेदन खारेज होस ।

**५. समितिको निर्णयः**

सार्बजनिक निकायबाट Contract ID NO: NA\KBBN\077\078\02, राशन खरिदको बोलपत्र स्वीकृत गर्ने मिति २०७७।०८।१८ मा जारी आशयको सूचनाको बिरुद्धमा वोलपत्रदाता निवेदक मातारानी ईन्टरप्राईजेज प्रा.लि.ले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोमा संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

५.१ आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका सदाज्योति सप्लायर्स, कर्णाली अर्डर एण्ड सप्लायर्स र मनहराकाली कन्स्ट्रक्सन प्रा.लि.ले आधिकारिक सार्बजनिक निकायबाट प्राप्त राशन आपूर्ति गर्ने व्यवसाय दर्ताको इजाजतपत्र बोलपत्रसाथ पेश गरेको देखिदैन भने निबेदक मातारानी इन्टरप्राईजेज प्रा.लि.,ले पेश गरेको उक्त प्रमाणपत्रमा आयात सम्बन्धी कारोवार+निर्यात सम्बन्धी कारोवार र सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.ले पेश गरेको प्रमाणपत्रमा आयात निर्यातकर्ता तथा मिलन ब्रदर्श एण्ड सप्लायर्सले पेश गरेको उक्त प्रमाणपत्रमा खाद्य तथा राशन, लत्ता कपडा, हार्डवेयर तथा निर्माण सामग्री, काठ तथा फर्निचर आदी खरिद बिक्री गर्ने उल्लेख भएकाले राशन आपुर्तिको कारोवार गर्ने गरी व्यवसाय ईजाजतपत्र लिएको मान्न सकिन्न ।

५.२ आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका बोलपत्रदाताहरु कर्णाली अर्डर एण्ड सप्लायर्स, सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि., मिलन ब्रदर्श एण्ड सप्लायर्स र सदाज्योति सप्लायर्स समेतले बिगत देखिनै राशन आपुर्ति गर्दै आएको व्यहोरा निजहरुले पेश गरेका अनुभव पत्रहरुबाट स्पष्ट हुन आएकोले निजहरुले Average annual turnover को बिबरण अनिबार्य रुपमा पेश गर्नु पर्दछ । सार्बजनिक निकायबाट प्राप्त बोलपत्र कागजात अनुसार यी बोलपत्रदाताहरुले Average annual turnover को विवरणमा Average annual turnover Statement is not required for this bid उल्लेख गरेकोले बोलपत्रको शर्तको पालना गरेको छैन ।

५.३ बोलपत्रदाताहरुले बोलपत्र कागजातको खण्ड ४(त्र) मा तोकिएको ढाँचामा अनिवार्यरुपमा अनुभव सम्बन्धी विवरण भरी पेश गर्नु पर्दछ । तर आर्थिक प्रस्ताब मूल्यांकनका लागि छनौट भएका बोलपत्रदाताहरु सदाज्योति सप्लायर्स, सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि. र मनहराकाली कन्स्ट्रक्सन प्रा.लि.ले उक्त विवरण बोलपत्र साथ पेश गरेको नदेखिदा बोलपत्रको शर्त पालना भएन ।

५.४ बोलपत्रदाता कर्णाली अर्डर एण्ड सप्लायर्सले बोलपत्रसाथ पेश गरेको कर दर्ताको प्रमाणपत्र स्थायी लेखा नम्बर (PAN) मा कमल निर्माण सेवा उल्लेख भएको छ । बोलपत्रदाता र करदाताको नाम फरक फरक देखिदा सार्बजनिक खरिद नियमावली, २०६३ को नियम ४०(२) बमोजिम योग्याताको आधार पुरा नगरेकोले उक्त बोलपत्रदाता सारभूतरुपमा प्रभाबग्राही हुदैन ।

५.५ बोलपत्र सम्बन्धी कागजातको खण्ड ३ को ३.३.१ र खण्ड ४ को ८(क) मा बिगत तीन आ.ब.को बार्षिक सरदर कारोवार प्याकेज १ को लागि रु. (लागत अनुमानको ८० प्रतिशत) रकम उल्लेख गर्नु पर्ने स्थानमा अन्यथा हुने गरी बोलपत्र कागजात तयार गरेको कारण बोलपत्रदाताहरुले औषत कारोवारको अंक पेश गरेको अवस्थामा पनि उक्त रकम भिडान हुने अवस्था रहदैन । तसर्थ सार्बजनिक निकायबाट जारी बोलपत्र प्रथम दृष्टिमानै कानून सम्मत मान्न सकिएन ।

अतः युपर्युक्त ५.१ देखि ५.४ सम्मका बुँदाहरुमा उल्लिखित आधारमा निबेदक बोलपत्रदाता मातारानी ईन्टरप्राइजेज प्रा.लि. तथा सार्बजनिक निकायबाट कानूनी ग्राह्यता र पूर्णताको परीक्षणमा सारभूतरुपमा प्रभावग्राही ठहरिएका सबै बोलपत्रदाताहरुले सार्बजनिक खरिद ऐन, २०६३ को

दफा १०(क) अनुसार योग्यताको आधारहरु पुरा नगरेको, ऐनको दफा ४२(ग) बमोजिम ग्राह्यता नपुगेको, नियमावलीको नियम ४० बमोजिम बोलपत्रदाताहरुबाट कानूनी ग्राह्यता सम्बन्धी आधारहरु पेश गर्न नसकेकोले उल्लिखित सबै बोलपत्रदाताहरु सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(ख)(घ) बमोजिमको परीक्षणमा र (३)(घ) बमोजिम पूर्णताको परीक्षणमा असफल भएकाले सारभूतरुपमा प्रभावग्राही मान्न सकिएन । बोलपत्र मूल्यांकनको क्रममा सार्बजनिक निकायबाट गठित बोलपत्र मूल्यांकन समितिको पनि यस तर्फ ध्यान नपुगेकोले ऐनको दफा २५(५) र नियमावलीको नियम ६१(४) को व्यवस्थाको पूर्ण पालना नभएको तथा बोलपत्र सम्बन्धी कागजातको खण्ड ३ को ३.३.१ र खण्ड ४ को ८(क) मा बिगत तीन आ.व.को बार्षिक सरदर कारोवार अंकमा अन्यथा हुने गरी बोलपत्र कागजात तयार गरेको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(ख)(२) बमोजिम सार्बजनिक निकायले गरेको निर्णयलाई पूर्णरुपमा रद्द गर्न आदेश दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

.....................
कमलकुमार श्रेष्ठ
सदस्य

........................
गुणराज श्रेष्ठ
अध्यक्ष

इति सम्वत् २०७७ साल पौष २३ गते रोज ०५ शुभम्............................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

## मुद्दा नं. १३७

## आ.व. २०७७/७८ को निर्णय नं १३

का.जि., का.म.न.पा.वडा नं १५ का रबिना/अनक/कबिन्द्र संयुक्त उपक्रम (जे.भी).को आधिकारिक प्रतिनिधि रामगोपाल श्रेष्ठको वारेस का.जि.का.म.न.पा.वडा नं.२६ बस्ने अधिवक्ता लेखनाथ स्वर्णकार.......................................................................१ **निवेदक**

**विरुद्ध**

केन्द्रीय आयोजना कार्यान्वयन ईकाई (Central Level Project Implementation Unit (CLPIU) बबरमल, काठमाडौं ........१ **विपक्षी**

**विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम प्राविधिक प्रस्तावको पुनरावलोकन गरी पाउँ ।**

### १. निवेदकको माग दावीः

Contract ID No.NRA/CLPIU/2077-78/NCB-05, IFB No.05-2077-78-NRA/CLPIU (Building) बाट Restoration of shree Gopi Chandra Mahavihara, Patan Lalitpur को निर्माण कार्य खरिदको आर्थिक प्रस्ताव खोल्ने आशयको सूचनामा चित्त नबुझी केन्द्रीय आयोजना कार्यान्वयन ईकाई, बबरमहल काठमाडौंका बिरुद्ध रबिना/अनक/कबिन्द्र संयूक्त उपक्रमले नेपाल बङ्गलादेश बैंक लि. कमलादी, काठमाडौंको नं. NB:001:PB:54010/20, मिति डिसेम्बर १७, २०२० को रु. ४,८५००००।- को बैंक जमानत सहित सार्वजनिक खरिद ऐन २०६३ को दफा ४९(क) वमोजिम यस समितिमा मिति २०७७।०९।०५ मा दर्ता गरेको निबेदनमा निम्न माग दावी रहेको देखिन्छ ।

१.१ विपक्षीबाट मिति ०६ डिसेम्बर, २०२० मा प्रकाशित उक्त खरिदको प्राविधिक निर्णय तथा सुचना पुनरावलोकनको लागि निवेदक कम्पनीले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम मिति २०७७।०८।२४ गते सार्वजनिक निकायको प्रमुख समक्ष निवेदन दिएकोमा कानुनले तोकेको समयावधिमा निर्णय नगरी कानुनलाई नै पराजित गर्ने आशय देखाएको तथा उक्त सूचनामा सारभूतरुपमा ग्राह्य नहुने New Technical Shri Balaji JV लाई ग्राह्य गर्ने निर्णय तथा पत्राचार सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३,२३,२४,२५,२६,४९ र ५० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६,२८,१०३,१०४,१०५,१०७ र बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित योग्यता विपरित भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ तथा ५०(१) बमोजिम म्याद भित्रै पुनरावलोकनको निवेदन गरेको हो ।

१.२ Invitation for Bids को नं.३ मा Only eligible bidders with the following key qualifications should participate in this bidding भनी Minimum average annual construction turnover of the best 3 years within the last 10 years:NRs. 129.00 Million) /Minimum work experience of similar size and nature: NRs.137.50 million उल्लेख भएको थियो ।

१.३ बोलपत्र कागजातको २.३.२ मा Minimum average annual construction turnover of NRs 129.00 million calculated as total certified payments received for construction contracts in progress or completed, within best three years out of last ten fiscal years., ऐ. 2.3.3 मा The biding capacity of the bidder should be equal to or more than the NRs 171.70 million भन्ने रहेको, ऐ.२.४.२ को Specific construction experience अर्न्तगत (a) Contract of similar size and nature मा Participation as prime contractor, management contractor, or sub contractor, in at least restoration or reconstruction or retrofitting and of historical buildings, temples structure within the last ten (10) years, each with a vlalue of at least NRs 137.50 million that have been successfully or are substantially completed and that are similar to the proposed works the similarity shall be based on the physical size, complexity, methods, tehnology or other characteristics as described in section VL, works Requirements र ऐ.(b) मा Construction experience in key activities मा For the above or other contracts executed during the period stipulated in 2.4.2(a) above, a minimum construction experience in the following key activities: i. structural wood work (160 cum) ii. Brick masonry works in mud or lime based mortar (685 cum) भन्ने रहेको थियो ।

१.४ सार्वजनिक निकायबाट पेश भएका प्राविधिक प्रस्तावहरु मुल्यांकन गरी प्राविधिक प्रस्तावमा ग्राह्य भनी रबिना/अनक/कविन्द्र जे.भी. र न्यू टेक्निकल/श्री बालाजी जे.भी.को प्राविधिक प्रस्ताव स्वीकृत गरी १३ डिसेम्वर २०२० (मिति २०७७।०८।२८) गते दिउसो २.०० बजे आर्थिक प्रस्ताव खोल्ने सूचना ६ डिसेम्बर, २०२० (मिति २०७७।०८।२१) मा प्रकाशित गरेको थियो ।

१.५ हामीबाट प्राविधिक प्रस्तावको मुल्यांकन सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक निकायबाट प्रकासित सुचनाको Construction experience in key activities मा तोकिएको शर्त अनुसार हुन्छ भन्ने बैधानिक अपेक्षा (Legitimate Expectation) मा बसी आएकोमा सो अनुसार नगरी हचुवाको भरमा Construction Experience in Key Activities नपुगेको बोलपत्रदाताको समेत अन्य उद्देश्य (Ulterior motive) बाट उत्प्रेरित भई प्राविधिक प्रस्ताव स्वीकृत गरिएको छ ।

१.६ बोलपत्र कागजातको दफा २.४.२ को (b) मा Structural wood work (160 cum) र Brick masonary works in mud or lime based mortar (685 cum) भनी उक्त शर्तलाई मुल योग्यता (Key Qualification) को रुपमा तोकिएकोले उक्त योग्यता भएको निर्माण व्यवसायीले मात्रै भागलिन पाउँने प्रावधान छ । उल्लेखित योग्यता नपुगेको निर्माण व्यवसायी प्राविधिक प्रस्तावमा छनौट हुन सक्दैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ को प्रावधान बाध्यात्मकरुपमा पालना गर्नुपर्ने व्यवस्था हो ।

१.७ विपक्षी सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ तथा २६ मा भएको व्यवस्थालाई इमान्दारिताका साथ पालना गर्नु पर्दछ । ऐ. २७(१) मा सार्वजनिक निकायले दफा २५ बमोजिम न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको छनौट गर्नुपर्ने व्यवस्थाको अवलम्वन गर्न ६ डिसेम्बर, २०२० (मिति २०७७।०८।२१) को सुचनाको पुनरावलोकन हुनुपर्दछ । आफुले प्रकासित गरेको Standard Format of Tender, बोलपत्र सुचना तथा मौजुदा कानुनी व्यवस्थाभन्दा बाहिर गई हचुवामा प्राविधिक प्रस्तावको मुल्यांकन गरी New

Technical/Shri Balaji JV को बोलपत्रको प्राविधिक प्रस्ताव स्वीकृत स्वीकृत गर्ने कार्य बोलपत्र सम्बन्धी कागजमा तोकिएको शर्त पुरा नभएको सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ र सार्वजनिक खरिदको मान्य सिद्धान्त प्रतिकुल हुन्छ ।

१.८ सार्वजकि खरिद ऐन, २०६३ को दफा २५(४) मा पूर्व योग्यता निर्धारण गरी बोलपत्र आह्वान गरिएको अवस्थामा पूर्व योग्य भएको बोलपत्रदाता बाहेक अन्य बोलपत्रदाताबाट प्राप्त बोलपत्रलाई उपदफा (१) बमोजिम हुने मुल्यांकनमा समावेस नगरिने व्यवस्था रहेको र सोही व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा २५ र २६ मा समेत रहेको छ । विपक्षी सार्वजनिक निकायबाट बोलपत्र कागजातमा उल्लेखित शर्त बमोजिम बोलपत्र मुल्यांकन नगरी न्यू टेक्निकल/श्री बालाजी जे.भी.पार्टनर Shri Balaji Buildmate Pvt. Ltd. ले पेश गरेको Pivvy the address नामक Housing project को कार्यानुभव प्रमाणपत्रमा नक्कली विवरण उल्लेख गरिएको प्रष्ट छ । निज बोलपत्रदाताले पेश गरेको मिति २०२०।०९।१९ को कार्यानुभव पत्रमा Brick work with mud/lime mortar 993 cum/solid wood works for structure 287.53cum गरेको भनी उल्लेख गरे तापनि उल्लेखित कार्य निजले गर्दै नगरेको Spaze privvy the address को Structure नक्साबाट स्पष्ट देखिन्छ । निजबाट पेश भएको कार्य अनुभव पत्र र Design/Drawing/floor plans भिडाउँदा Brick masonry wood work सम्बन्धी कार्य Cement sand mortar बाट गरिएको प्रमाणित हुन आउने साथै Structural wood work सम्बन्धी कार्य गरेको कहिबाट पनि खुल्न आउँदैन । Privvy the address नामक Housing project को विस्तृत Design/drawing अध्यन गर्दा र सोको भौतिक अवस्था समेत हेर्दा उक्त प्रकृतिको कार्य गरेको शंकास्पद रहेको अवस्थामा सोलाई आधार मानी सार्वजनिक निकायबाट निजको प्राविधिक प्रस्ताव पास गर्न गरेको निर्णय त्रुटीपुर्ण छ ।

१.९ सार्वजनिक निकायबाट कानुन तथा बोलपत्रको शर्तलाई पराजित गर्ने गरी New technical /Shri Balaji JV को बोलपत्रको प्राविधिक प्रस्ताव स्वीकृत गर्ने निर्णय र सोको आधारमा ६ डिसेम्वर, २०२० मा प्रकाशित सुचना पुनरावलोकन गरी हाम्रो प्राविधिक प्रस्ताब मात्र पास गरी आर्थिक प्रस्ताव खोली पाउँ ।

## २. सार्वजनिक निकायको प्रतिकियाः

उपर्युक्त मुद्दाका बिषयमा यस समितिको च.नं. ३४ मिति २०७७।०९।०५ को पत्रबाट सार्वजनिक निकाय केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) संग प्रतिकिया माग गरेकोमा त्यहाको मिति २०७७।०९।०७ को प्राप्त पत्रको बिषयमा प्रतिक्रिया पेस सम्बन्धमा भनी उल्लेख गरे तापनि उक्त पत्रमा निबेदकले उठाएका बिषयहरुका सम्बन्धमा कुनै प्रतिक्रिया उल्लेख गरेको देखिदैन ।

## ३. अध्ययन अवलोकनः

उपर्युक्त खरिद प्रक्रियाका मुद्दाको बिषयमा निवेदकले निवेदनसाथ पेस गरेको कागज प्रमाण, सार्वजनिक निकायबाट दिइएको प्रतिक्रिया र बोलपत्र कागजातहरु तथा सार्वजनिक खरिद ऐन, नियमावलीका आधारमा अध्ययन अवलोकन गरेको छ ।

३.१ सार्वजनिक निकाय केन्द्रीय आयोजना कार्यान्वयन ईकाई (Central Level Project Implementation Unit CLPIU) बबरमल, काठमाडौंले Contract ID No.NRA/CLPIU/2077-78/NCB-05, IFB No.05-2077-78-NRA/CLPIU(Building) Restoration of shree Gopi Chandra Mhavihara, patan lalitpur खरिद कायको मिति २०७६।०८।२१.गते आर्थिक प्रस्ताब खोल्ने आशयको सूचना उपर चित्त नबुझी रबिना/अनक/कबिन्द्र संयूक्त उपक्रमको तर्फबाट ऐ.को आधिकारिक प्रतिनिधि राम गोपाल श्रेष्ठले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७)१) वमोजिम निवेदन पेस गरेकोमा उप दफा (६) अनुसार कुनै जवाफ प्राप्त नभएको भनी यस समितिमा मिति २०७७।०९।०५ मा निवेदन दर्ता गराएको देखिन्छ ।

३.२ उक्त खरिद कारबाहीमा निबेदक रबिना/अनक/कबिन्द्र जे.भी., प्रेरा/तुल्सी जे.भी. र न्यू टेक्निकल/श्री बालाजी जे.भी.ले बोलपत्र पेश गरेको देखिन्छ ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा (१) मा बोलपत्रदाताले पुनरावलोकनका लागि सम्बन्धित सार्वजनिक निकायका प्रमुख समक्ष निबेदन दिन सक्ने तथा उपदफा (३) मा उपदफा (१) बमोजिम निबेदन सात दिन भित्र दिनु पर्ने व्यवस्था भएको छ । निबेदक बोलपत्रदाताले समितिमा पुनरावलोकनका लागि दिएको निबेदनमा मिति २०७७।०८।२४ गते सार्बजनिक निकायका प्रमूख समक्ष सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम पुनरावलोकनका लागि निबेदन दर्ता गरेको उल्लेख गरे तापनि समितिमा पेश भएको उक्त पत्रमा ऐनको दफा ४७ अनुसार आर्थिक प्रस्ताव खोल्ने आशयको निर्णय र सूचनाको पुनरावलोकन गर्न माग गरेको देखिदैन । आबश्यक कारबाही एवं जानकारीसम्म माग गरेको देखिदा उक्त निबेदको निबेदनबाट ऐनको दफा ४७ आकर्षित हुदैन ।

३.४ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४९ को खण्ड (क) मा दफा ४७ बमोजिम सार्वजनिक निकाय समक्ष दिएको निवेदन सम्बन्धमा त्यस्तो निकायका प्रमुखले सो निबेदनका सम्बन्धमा सोही दफाको उपदफा (६) मा उल्लिखित अवधिभित्र निर्णय नदिएमा वा निजले दिएको निर्णयमा निबेदनकर्ताको चित्त नबुझेमा पुनराबलाकनको लागि पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्ने व्यवस्था भएकोमा निबेदक बोलपत्रदाताले ऐनको दफा ४७ अनुसार बोलपत्र पुनरावलोकनका लागि निबेदन नदिएकोले सार्बजनिक निकायबाट जवाफ खोज्न अनुपयुक्त हुन्छ । ऐनको उक्त दफा बमोजिम दिएको निबेदनको निर्णय व जानकारी उपर चित्त नबुझेमा यस समितिमा पुनरावलोकनका लागि निबेदन दिएको हुनु पर्दछ।

## ४. वहस तथा छलफलः

यस समितिको च.नं.४५ मिति २०७७।०९।२१ को पत्रबाट मिति २०७७।०९।२७ का दिन ११.३० वजे यस समितिको इजलास भवनमा वहस तथा छलफल कार्यक्रम राखेकोमा निर्धारित समयमा कार्यक्रम सुरु भई सम्पन्न भयो ।

४.१ उक्त कार्यक्रममा निवेदकका तर्फबाट विद्वान अधिवक्ता श्री राजन अधिकारीले भाग लिदै हामी हाम्रो निबेदन फिर्ताको लागि निबेदन सहित उपस्थित भएका छौं । निबेदन फिर्ता, खारेज वा तामेलीमा रहने जे निर्णय हुन्छ हामीलाई स्वीकार्य हुने भनाई राख्नु भयो ।

४.२ सार्वजनिक निकाय केन्द्रीय आयोजना कार्यान्वयन ईकाई, बबरमल काठमाडौका तर्फबाट आयोजना उपनिर्देशक श्री कोषनाथ अधिकारीले भाग लिदै आफ्नो भनाई राख्नु भयो । यो भारतीय सहयोगबाट सञ्चालित कार्यक्रम भएको, यसका लागि भारत सरकारले रु.50 Million उपलब्ध गराउने सम्झौता भएको, उक्त रकमबाट २०७२ सालको महा भुकम्पबाट बाग्मती अञ्चलका क्षतिग्रस्त २८ वटा पुरातात्विक, ऐतिहासिक भवन तथा मठ मन्दिर लगायतका सम्पदाहरुको पुनः निर्माण हुने र यो राष्ट्रियस्तरको बोलपत्र भएपनि सम्झौताका शर्त अनुरुप भारतीय बोलपत्रदाताहरु समेत यसमा सहभागी हुन सक्दछ । यो बोलपत्रमा निबेदक प्रेरा/तुल्सी जे.भी. र न्यू टेक्निकल/श्री बालाजी जे.भी. (भारतीय निर्माण कम्पनी) सहितको ३ वटा बोलपत्रहरु पेश भएका छन् । यसमा भारतीय सहयोग भएका कारण बिबादका बिषयमा भारतसंग समेत

बुझ्नु पर्ने भएकोले निबेदकले निकाय प्रमुख समक्ष दिएको निबेदनको निर्णयको जानकारी र समिति समक्ष दिएको निबेदनको प्रतिक्रिया समयमा दिन सकिएन ।

**५. समितिको निर्णयः**

सार्बजनिक निकायबाट Contract ID No.NRA/CLPIU/2077-78/NCB-05, IFB No.05-2077-78-NRA/CLPIU (Building) बाट Restoration of shree Gopi chandra Mahavihara, in Patan Lalitpur को सार्बजनिक निर्माण खरिदको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी मिति २०७७।०८।२१ मा जारी आशयको सूचनाको बिरुद्धमा वोलपत्रदाता निवेदक रबिना/अनक/कबिन्द्र संयूक्त उपक्रमको तर्फबाट ऐ.को आधिकारिक प्रतिनिधि राम गोपाल श्रेष्ठले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषयहरु समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

निबेदक बोलपत्रदाता रबिना/अनक/कबिन्द्र संयूक्त उपक्रमको तर्फबाट यस समितिमा पुनरावलोकनका लागि मिति २०७७।०९।०५ गते दिएको निबेदनमा मिति २०७७।०८।२४ गते सार्बजनिक निकायका प्रमूख समक्ष सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम पुनरावलोकनका लागि निबेदन दर्ता गरेको उल्लेख गरेतापनि निबेदनसाथ समितिमा पेश भएको सो पत्रमा ऐनको दफा ४७ बमोजिम बोलपत्रको आर्थिक प्रस्ताब खोल्ने आशयको निर्णय एवं सूचनाको पुनरावलोकन गर्न माग नगरी आबश्यक कारबाही एवं जानकारी सम्म माग गरेको देखिदा उक्त निबेदनबाट ऐनको दफा ४७ आकर्षित हुदैन । साथै ऐनको दफा ४९ को खण्ड (क) मा दफा ४७ बमोजिम दिएको निबेदनमा सार्वजनिक निकायका प्रमुखले उपदफा (६) मा उल्लिखित अवधिभित्र निर्णय नदिएमा वा निजले दिएको निर्णयमा निबेदनकर्ताको चित्त नबुझेमा मात्र पुनराबलाकनको लागि सार्बजनिक खरिद पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्ने व्यवस्था भएकोमा निबेदक बोलपत्रदाताले ऐनको दफा ४७ बमोजिम सार्बजनिक निकायका प्रमुख समक्ष पुनरावलोकनका लागि निबेदन दिएको नपाईएकाले कानूनको पालना भएको भन्न मिलेन । साथै सार्बजनिक खरिद ऐन तथा नियमालीमा सार्बजनिक खरिद पुनरावलोकन समितिमा दिएको निबेदन फिर्ता लिन सक्ने व्यवस्था नभएकाले यस बिषयमा यस समिति प्रवेश गरिरहनु परेन । अतः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को (क) वमोजिम यस समितिमा दिएको निबेदकको निबेदन खारेज गरी दिएको छ । कानून् वमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार जफत गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७७ साल माघ ०२ गते ०६ रोज .. शुभम्...............................................१

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

## मुद्दा नं. १३८

## आ.व. २०७७/७८ को निर्णय नं १४

का.जि.का.न.पा.वडां. नं. ३१ स्थित शिवशक्ति कन्स्ट्रक्सन कम्पनी प्रा.लि.का तर्फबाट अख्तियारप्राप्त संचालक बर्ष ४३ का दिवाकर लामिछाने……………………………………………………………………………………………………१ **निवेदक**

**विरुद्ध**

कोहलपुर नगरपालिका, बाँके, लुम्बिनी प्रदेश, फोन नं. ०८१५४०००९, ९८८६१४९१६१ Email: kohalpurmun@gmail.com….१ **विपक्षी**

ऐ. ऐ.का प्रमुख प्रशासकीय अधिकृत , ………………………………………………………………………………………………१

**विषयः- सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४९(क) बमोजिम पुनरावलोकन गरी पाँउ ।**

**१. निवेदकको माग दावीः**

Contract No KOMUN/BANKE/W/NCB-01/2077/78, Establishment of modern Abattoir for Goats on turnkey/Design Built supply and Installation basis at Kohalpur. को निर्माण कार्य खरिदको आर्थिक प्रस्ताब खोल्ने आशयको सूचनाका सम्बन्धमा सार्वजनिक निकाय कोहलपुर नगरपालिकाका प्रमुखले गरेको निर्णय उपर चित्त नबुझी शिवशक्ति कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले प्राईम बैंक लि.कमल पोखरी काठमाडौंको नं. ००६-२१-००१ओजी, मिति ०५ जनवरी, २०२१ को रु.५,००,०००।- को बैंक जमानत सहित सार्वजनिक खरिद ऐन २०६३ को दफा ४९(क) वमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(६)(८), ४९(क), ५०(१), ५१ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३८ ६२, १०१, १०४, १०५ को अधीनमा रही पुनरावलोकन गरी पाँउ भनी निम्न ब्यहोरा उल्लेख गरी यस समितिमा मिति २०७७।०९।२३ मा निवदेन दर्ता गरेको देखिन्छ ।

१.१ विपक्षी कोहलपुर नगरपालिकाले वधशाला निर्माणका लागि मिति २०७६।१२।०७ मा पहिलो पटक बोलपत्र माग हुँदा यस प्रा.लि.को मात्र बोलपत्र दाखिला भएकोमा प्राविधिक प्रस्ताव खोले पछि यस प्रा.लि.लाई बोलपत्र रद्ध भएको जानकारी नदिई दोश्रो पटक २०७७।०५।१२ मा पूनः बोलपत्र माग गरेकोमा ४ वटा फर्मले बोलपत्र पेश गरेको र एउटा फर्मको मात्र प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव खोल्ने सूचना जारी गरेकोमा यस प्रा.लि.ले मिति २०७७।०७।२६ मा यस प्रा.लि.को समेत प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव खोल्न अनुरोध गरी दिएको निवेदनमा कुनै कारवाही नगरी सो बोलपत्र समेत रद्ध गरी सोको कुनै जानकारी नदिई पुनः तेश्रो पटक मिति २०७७।०८।०५ मा राष्ट्रिय दैनिक अन्नपूर्ण पोष्टमा उपर्युक्त खरिद कार्यको लागि विद्युतीय बोलपत्र आह्वानको सूचना प्रकाशित गरेकाले म निवेदक पनि सूचना वमोजिमको आवश्यक सम्पूर्ण कागजात पेश गरी बोलपत्रमा सहभागी भएको थिए ।

१.२ निवेदकले कानून वमोजिमको सूचना माग नगर्दै मैले पेश गरेको बोलपत्रमा Project Specific Planning, Material and Plant Machinery detail नहुनुका साथै बोलपत्र सूचना बमोजिम Effluent Treatment Plant also does not meet the project specification requirement भनी मैले पेश गरेको कागजात अध्ययन नगरी मिति 23 Dec., 2020 मा पत्राचार गरेको छ । म निवेदकले मिति २०७७।०९।१४ मा दिएको पुनरावलोकन निवेदनको कुनै जवाफ दिएको छैन । विपक्षीले बोलपत्र फारामको Evaluation and Qualification Criteria बुदा नं. २ मा उल्लिखित कुन Qualification नपुग भएको हो उल्लेख गरेको छैन । बोलपत्र फाराम‌को Section III को Qualification Requirement को बुदाँ नं २.१ देखि बुँदा नं २.७ सम्म तोकिएका सम्पूर्ण प्राविधिक योग्यताको आधारहरु पेश गरेको थिए । यस प्रा.लि.ले बोलपत्र सूचनामा उल्लेख भए बमोजिम ETP Technology, Project Specific Planning, Material and Plant Machinery Detail र स्पेसिफिकेशन बोलपत्र फाराममा उल्लेख भए अनुसार क्षमता 125KLD तोकिएकोमा, Input Parameters Flow: 125KL/day, BOD: 3500Mg/Ltr.(max),TSS: 1000Mg/Ltr.(max), PH: 6.5 max., Oil and Grease: 100 Mg/Ltr. (max) तथा Output Characteristics अर्न्तगत BOD:<100Mg/Ltr., TSS: <100Mg/Ltr., PH: 6.5to 7.5,Oil and Grease:<10Mg/Ltr. तथा B.Bio digester समेत उल्लेख गरी त्यसबाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापन विधि र प्रक्रिया समेत उल्लेख गरेको थिए । बोलपत्र फाराममा उल्लेख भए वमोजिम सम्पूर्ण योग्यता, अनुभव, प्राविधिक विवरण सहित पेश गरेको मेरो प्राविधिक प्रस्ताव विपक्षीले अस्वीकृत गरी मिति २०७७।०९।०९ को नयाँ प्रत्रिका दैनिकमा प्रकाशित Letter of Intent for Financial Proposal सम्बन्धी सूचनाले अन्याय गरेको छ ।

१.३ म निवेदकको प्राविधिक प्रस्ताव अस्वीकृत गएिकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम म्यादभित्रै दिएको पुनरावलोकनको निवदेन दर्ता गर्न अस्वीकार गरेकोले मिति २०७७।०९।१४ मा प्राविधिक प्रस्ताव स्वीकृत गरी पाँउ भनी Email गरेकोमा विपक्षीले के कति कारणले मेरो प्राविधिक प्रस्ताव अस्वीकृत भएको हो कानून वमोजिम जानकारी दिएको छैन । सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को नियम ३१(४) बमोजिम खोलिएको वोलपत्रमा विपक्षीले Dragon/Shivalaya/PP JV को प्राविधिक प्रस्ताव स्वीकृत गरी मिति २०७७।०९।१६ गते आर्थिक प्रस्ताव खोल्ने प्रकाशित सूचनाले अन्यायमा परेको छु ।

१.४ बोलपत्र फाराममा दिईएको Time Parameter भित्रै कार्य सम्पन्न गर्ने गरी Project Specific Planning Schedule बोलपत्र साथ पेश गरेको, Bid Document को Page 90 मा Conformance to Standard शीर्षकमा "The Successful bidder shall at all time undertake to conform to and comply with the followings" भनेर बन्ने संरचना र मेशिनरीहरु Standard Specification and norms तथा सो खण्ड एवं अन्य खण्डमा उल्लेखित प्रावधान बमोजिम गर्नु पर्ने उल्लेख गरिएको र यस प्रा.लि. बाट बोलपत्रमा उल्लेखित प्रावधान, Specification र Norms हरु स्वीकार गरी बोलपत्र पेश भएको र Specification तथा Standard norms अनुसार काम भए नभएको परीक्षण गर्ने सम्झौता भई कार्य संचालन गर्दाको अवस्थामा मात्र हो । जसबाट म निवेदकको नेपालको संविधान, २०७२ को धारा १८ मा उल्लेखित समानताको हक, धारा २५ मा उल्लेखित सम्पत्तिको हक लगायत अन्य मौलिक हक कुण्ठित भएको छ । विपक्षीले म निवेदकलाई प्रतिष्पर्धामा सहभागी हुनबाट

बञ्चित गरी मिति २०७७०९।१८ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र (३) बमोजिम सोही ऐनको दफा ४७ को प्रयोजनको लागि भनी बोलपत्र स्वीकृत गर्ने आशयको प्रकाशित ७ दिने सूचना, सो सम्बन्धि निर्णय लगायत विपक्षीका सार्वजनिक खरिद ऐन तथा नियमावली विपरितका कार्यहरु बदर गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५१ बमोजिम सम्झौताको कार्य अगाडी नबढाई खरिद कार्य रोक्का गरी निवेदकको प्राविधिक प्रस्तावलाई योग्य घोषित गरी मेरो आर्थिक प्रस्ताव समेत मूल्यांकनमा समावेश गर्न विपक्षीलाई आदेश गरी पाँउ ।

**२. सार्वजनिक निकायको प्रतिक्रियाः**

उपर्युक्त मुद्दाका बिषयमा यस समितिको च.नं.४७ मिति २०७७०९।२३ को पत्रबाट सार्वजनिक निकाय कोहलपुर नगरपालिकासंग प्रतिक्रिया माग गरेकोमा त्यहाको मिति २०७७०९।२६ को बोलपत्र सम्बन्धी कागजातहरु संलग्न गरेको भनी उल्लेख गरेको तर निबेदकले उठाएका बिषयहरुका सम्बन्धमा कुनै प्रतिक्रिया नदिएकोमा सो नगरपालिकाले पून: मिति जनवरी २०, २०२१ मा ईमेल मार्फत यस समितिमा प्रेषित पत्रमा निबेदक कम्पनीले आबश्यक बिस्तृत प्राविधिक प्रस्ताब उपलब्ध नगराएको (Has not provided Adequate technical proposal details) भन्ने व्यहोरासम्म उल्लेख गरेको छ ।

**३. अध्ययन अवलोकनः**

उपर्युक्त खरिद प्रक्रियाका मुद्दाको बिषयमा निवेदकले निवेदनसाथ पेश गरेको कागज प्रमाण, सार्वजनिक निकायबाट दिइएको प्रतिक्रिया र बोलपत्र कागजातहरु, Bid Response Document तथा सार्वजनिक खरिद ऐन, नियमावलीका आधारमा अध्ययन अवलोकन गरेको छ ।

३.१ कोहलपुर नगरपालिकाले बोलपत्र सूचना नं.KOMUN/BANKE/W/NCB-01/077/78 बाट Establishment of Modern Abattoir for Goats on turnkey/Design Built Supply and Installation basis at Kohalpur को खरिदको लागि मिति २०७७०८।०५ मा आह्वान भएको बोलपत्रमा अन्तिम मिति २०७७०८।२१ गते सम्म e-GP मार्फत Dragon/Shivalaya/PP JV, Caravan Construction Pvt.Ltd. र Shiva Shakti Construction Company Pvt. Ltd. ले बोलपत्र पेश गरेकोमध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा Dragon/Shivalaya/PP JV को बोलपत्र मात्र सारभूतरुपमा प्रभावग्राही भएको भनी मिति २०७७०९।१६ मा आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२)(३) वमोजिम दफा ४७ को प्रयोजनका लागि मिति २०७७०९।०९ को नयाँ पत्रिका दैनिकमा प्रकाशित गरेको देखिन्छ ।

३.२ उक्त आशयको सूचनामा चित्त नबुझी Shiva Sakti Construction Company Pvt. Ltd. ले मिति २०७७०९।१४ मा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम निर्णय पूनरावलोकनका लागि प्रमुख प्रशासकीय प्रमुख समक्ष ईमेल मार्फत निबेदन दिएकोमा सोको प्रतिक्रिया जवाफ सोही दफाको उपदफा (६) अनुसार निवेदन प्राप्त भएको पाच दिन भित्र कारण खुलाइ निर्णय गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोमा सार्बजनिक निकायबाट सो बमोजिम निर्णय भएको नदेखिदा ऐनमा भएको यो व्यवस्थाको पालना भएको देखिदैन । सरोकारवालालाई सूशुचित हुन पाउने आधिकारबाट बन्चित गरिनु कानून सम्मत हुदैन ।

३.३ उक्त निबेदकले सार्बजनिक निकायका प्रमुखले ऐनले तोकेको अवधि भित्र कुनै निर्णय नदिएको उल्लेख गरी मिति २०७७०९।२३ मा यस समितिमा खरिद ऐनको दफा ४९(क) बमोजिम पुनरावलोकनका लागि निबेदन दिएको छ ।

३.४ सार्बजनिक निकायले उक्त निबेदकलाई मिति डिसेम्बर २३, २०२० (मिति २०७७०९।०८) मा लेखेको पत्रमा "Project Specific Planning, Material and Plant Machinary Detail and their Specification, Your Proposed Technology for Effulent treatment Plant also does not meet the Project Specification requirement as per the tender document" भनी बोलपत्रको आर्थिक प्रस्ताव खोल्न असफल भएको उल्लेख गरेको पाईन्छ ।

३.५ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने र उपदफा (२) मा उपदफा (१) को प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुने व्यवस्था भएकोले सार्बजनिक निकायले सार्बजनिक खरिद गर्दा यो ऐनमा भएका कार्यविधिको पूर्णरुपमा पालना गर्नुपर्दछ ।

३.६ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ वमोजिम बार्षिक १० करोडभन्दा बढी रकमको वहु बर्षीय योजना वा आयोजनाको खरिद गर्दा गुरु योजना तयार गरी स्वीकृत गराउनु पर्ने ब्यवस्था छ । तर यस खरिद कार्यको स्वीकृत गुरु योजना यस समितिमा प्रस्तुत गरेको छैन ।

३.७ सोही ऐनको दफा १०. को उपदफा (१) मा बोलपत्रदाताले खरिद सम्झौता प्राप्त गर्ने बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यताका आधार पूरा गरेको हुनु पर्ने, उपदफा (४) मा बोलपत्रको मुल्याँकन बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित आधार बमोजिम मात्र गर्नु पर्ने र उपदफा (६) मा बोलपत्रदाताले पेश गरेको योग्यता सम्बन्धी विवरण तथ्यगत रुपमा झुठा वा सारभुतरुपमा अपुरो भएको पाइएमा सार्वजनिक निकायले कुनै पनि समयमा त्यस्तो बोलपत्रदातालाई अयोग्य ठहराउन सक्ने व्यवस्था भएको छ ।

३.८ बोलपत्र कागजातको 2.4.2 Specific construction/Project completion Experience को (a) Contracts of Similar Size and nature को प्रथम अनुच्छेदमा यो खरिद प्रकृया खरिद गर्न प्रस्ताव गरेको १० बर्ष भित्र प्रस्तावित काम समान १३ करोडको कार्य गरेको साथै त्यो काम भौतिक आकार, कामको जटिलता, पद्दति र अन्य बिशेषताहरु खण्ड VI मा उल्लेख भएको अनुसार हनु पर्ने प्रस्तावित छ । दोश्रो अनुच्छेदमा यदि उपर्युक्त वमोजिमको Abattoir Plant को Manufacturer र आपूर्तिकर्ताको कार्य अनुभव नभएमा माथि उल्लिखित समान काम सफलतापूर्वक कार्यानुभव भएको Manufacturer र Supplier संग Association Agreement वा MOU गरेको कागजात पेस गर्नु पर्ने प्रावधान छ । MOU गर्ने कम्पनीले समेत Machinary (Abattoir) Plant को Design, Build, Supply, installation को काम कम्तिमा रु.१३ करोडको गरेको हुनु पर्ने प्रावधान छ । माथिका दुई विकल्पहरुमध्ये पहिलो योग्ता भए त्यसलाइ प्रथमिकता दिनु पर्ने, पहिलो नभए दोश्रो विकल्पका योग्यतालाई मान्यता दिइने भन्ने बुझिन्छ । यस खण्ड 2.4.2(a) को पहिलो बिकल्पमा Participation as prime Contractor, Management contractor, or Sub contractor भनिएकोले दोश्रो बिकल्पमा थप गरिएको बिकल्पले बैधानिकता पाउन सक्ने देखिदैन । विदेशी निर्माणकर्ता जसलाई बोलपत्रदाताबाट MOU मा सामेल गरिएको छ, उ ऐनको दफा १४(११) वमोजिम JV को सम्झौतामा सामेल समेत नभएको र MOU मा सामेल कम्पनीको नेपालमा कुनै Agent पनि प्रस्तुत नभएकोले यसलाई वैधता मान्न सकिने अवस्था रहदैन । यो कामको सम्पूर्ण कार्य सम्पन्न गर्ने जिम्मेवारी बोलपत्रदाता मै नीहित हुने र MOU गर्ने कम्पनीसंग प्राविधिक सहायता (Technical Assistence) लिएर कार्य पूरा गर्नु पर्ने भए पनि कार्यसम्पादनको कममा MOU मा सामेल कम्पनीले बिचैमा सम्झौता तोडेमा आयोजना सम्पन्न हुन बाधा र विलम्ब हुने र आर्थिक भार वढ्न सक्ने सम्भावना रहन्छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २४ मा "कुनै खरिद सम्झौताका सम्बन्धमा यस परिच्छेदमा उल्लिखित् शर्तका अतिरिक्त बोलपत्र सम्बन्धि कागजातमा अन्य कुनै शर्त राख्नु परेमा PPMO ले जारी गरेको

नमुना बोलपत्र सम्बन्धि कागजातको खरिद सम्झौताका शर्तहरुमा सारभूतरुपमा फरक नपर्ने गरी थप शर्त राख्न सकिने छ" भनी व्यवस्था भएको छ । बोलपत्र कागजातसाथ पेश भएका Association Agreement वा MOU गर्ने उल्लिखित् कम्पनीहरुको न नेपालमा Agency दर्ता छ, न कर दर्ता वा JV मा सामेल भएको छ । उपर्युक्त दोश्रो बिकल्पमा राखिएका बोलपत्र कागजातका खरिद सम्झौताका शर्त PPMO ले जारी गरेको नमुना बोलपत्र सम्बन्धि कागजातको खरिद सम्झौताका शर्तहरुमा सारभूतरुपमा फरक पर्ने देखिन्छ । यस बिषयमा द्विविदा भई कुनै बोलपत्रदाताहरुबाट ऐनको दफा १६(१) वमोजिम जानकारी माग गरेको पाइदैन ।

Shiva Sakti Construction Company Pvt. Ltd. को मूल्यांकन प्रतिबेदन पुनरावलोकन गर्दा Bid Document को 2.4.2 (a) मा उल्लिखित Similar size and Nature मा उल्लेख भए अनुसारको The project is not of the similar type of the slaughterhouse project. The specific experience is not justified भनी उक्त प्रतिबेदनमा उल्लेख गरिएको छ । पेस भएको अनुभव सम्बन्धि प्रमाण Proposed Work को समान प्रकृतिको देखिदैन । Meatek Food Machinaries India Pvt ltd ले पेश गरेको 2018-19 को Turnover Certificate Rs. 13,57,55,093., Form Exp-2 specific Construction Experience bid Doc. को 2-4-2(a) को शर्तसंग मेल खाने देखिदैन । तथापि बोलपत्रदाता Abattoir Manufacturer नभएकोले अर्को बिकल्प दिइएकोले Memorandum of Understanding (MOU) ( 3rd day of December 2020 ) पेस गरेको देखिन्छ । यसमा Purpose and responsibilities of parties उल्लेख गरी दुवै पक्षहरुबीच सम्झौता भएको देखिन्छ । साथै Letter of Commitment समेत पेस छ । बोलपत्र कागजातको २.५.मा Personnel Form को महल ५ मा Total Work Experience र महल ६ मा Experience in Similar Works उल्लेख भएको छ । यसमा Proposed Personnel Form PER 1 मा not available उल्लेख छ । तर Form मा प्रस्ताव गरेको मध्ये सि.नं. १, २, ३ र ४ मा माग भएका पदहरुको Experience in similar works requirement पुग्ने देखिदैन ।

३.९ सार्बजनिक निकायबाट प्राविधिक प्रस्तावको मूल्यांकनमा सफल भई सारभूतरुपमा प्रभावग्राही भनिएका बोलपत्रदाता Dragon/Shivalaya/PP JV Pokharochauri-6 Kavre ले पेस गरेको अनुभव सम्बन्धि प्रमाण पनि Proposed Work को समान प्रकृतिको देखिदैन । साथै उक्त बोलपत्रदाताले बोलपत्रसाथ पेश गरेको Global IME Bank को Ref No: BBG0220NPR00441, मिति 04 December, 2020 को Bid Security मा बोलपत्रदाताको नाम Dragon/Shiva/PP JV उल्लेख भएकोले उक्त Bid Security लाई कानूनतः मान्यता दिन मिल्ने देखिदैन ।

३.१० Bidding Document को Section III, 2.3.2 मा Minimum average annual turnover for Construction/similar Project Establishment of NRs 140000000.00 हुनुपर्ने भनी शर्त तोकिएकोमा प्राविधिक प्रस्तावमा सफल भनिएका Dragon/Shivalaya/PP JV ले पेश गरेको Average annual turnover को विवरणमा रु.१२,७४,८०,५४८।४० मात्र उल्लेख भएको देखिदा बोलपत्रको शर्त अनुसार उक्त रकम पुग्ने देखिदैन ।

३.११ Bidding Document को 2.4.2 (b) मा Construction/Project Completion Experience in Key Activities For the above or other contracts executed during the period stipulated in 2.4.2(a) above, a minimum construction experience in the following key activities उल्लेख भएको तर सार्बजनिक निकायले बोलपत्र कागजातमा उक्त key activities नखुलाएकोले बोलपत्रदाताले बोलपत्रमा पेश गरेको key activities भिडान गर्न मिल्ने देखिदैन ।

## ४. वहस तथा छलफल:

यस समितिको मिति २०७७।१०।०५ को पत्रबाट मिति २०७७।१०।१२ का दिन ११.३० वजे यस समितिको इजलास भवनमा वहस तथा छलफल कार्यक्रम राखेकोमा निर्धारित समयमा कार्यक्रम सुरु भई सम्पन्न भयो ।

४.१ उक्त कार्यक्रममा निवेदकका तर्फबाट विद्वान अधिवक्ता श्री अर्जुन कुमार अर्याल र श्री शकुन्तला भूषाल तथा निबदेक श्री दिवाकर लामिछानेले भाग भाग लिनु भयो ।

४.१.१ विपक्षी सार्वजनिक निकाय कोहलपुर नगरपालिकाबाट Establishment of modern Abattoir for Goats on turnkey/Design Built supply and Installation basis at Kohalpur.Contract No KOMUN/BANKE/W/NCB– 01/2077/78 को खरिद गर्न मिति २०७७।०८।०५ मा पुन सूचना प्रकासित गरियो । त्यस सूचना अनुसार हामीले उक्त खरिद कार्यका लागि सार्वजनिक खरिद ऐन र नियमावली तथा बोलपत्र कागजातमा उल्लेख भएका सबै शर्तहरु पूरा गरी बोलपत्र पेस गर्दा पनि हामीले पेस गरेको बोलपत्रको प्र्राविधिक प्रस्ताव Qualify नगरी अन्य बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरियो । तत् पश्चात् हामीले मिति २०७७।०९।१४ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) वमोजिम सार्वजनिक निकाय प्रमुख समक्ष ईमेल मार्फत निवेदन पेस गरेका हौ । पछि कार्यालयमा सक्कल प्रति पेस गरेको र सो प्राप्त गरेको भर्पाई प्राप्त भएको छ । सो निवेदन पेस गर्नु अगाडी हाम्रो कागजातहरु अध्ययन नगरी एउटा पत्र पायौं ।

४.१.२ बोलपत्र कागजातको Section III, Qualification को 2.1 Eligibity, 2.2 Pending Litigation, 2.3 Fiancial situation, 2.4 Experiences लगायतका सबै शर्तहरु पुरा गरी बोलपत्र हामीले बोलपत्र पेस गरेको हो । बोलपत्र कागजातले मागेका कागजातहरु मात्र पेस गर्नु पर्ने हुन्छ । हामीले Stage-I Construction (Phase-1, Phase 2), Stage-II procurement & Supply, Stage-III Instalation & Commissioning कार्यको १८ महीनाको कार्य तालिका (Work Schedule (बोलपत्रको पाना ८७) पेश गरेका छौ । बोलपत्रले माग गरेका सम्पुर्ण कागजातहरु पेश गर्दा पनि हाम्रो बोलपत्रको प्राविधिक प्रस्ताव अस्वीकृत गरी हामीलाइ अन्याय परेको छ । हामीले Form PER 1(a) Manpower Deployment Planning Format तयार गरी पेस गरेका छौ । जनशक्तिको कार्यअनुभव पुग्ने गरी पेस भएको छ ।

४.१.३ बोलपत्रको प्रविधिक प्रस्ताब मूल्यांकनका शिलसिलामा सार्वजनिक निकायले सार्वजनिक खरिद ऐनको दफा २३(४) वमोजिम हामीसंग आवश्यक जानकारी माग गरेकोमा त्यसको जवाफ हामीबाट यथा समयमा दिएको हो । हाम्रो बोलपत्र ऐनको दफा २४ मा भएको व्यवस्था अनुरुप कारवाइ नहुने गरी बोलपत्र मूल्यांकनमा अयोग्य हुने हैशियत राख्दैन । अर्थात हामी बोलपत्रको प्राविधिक प्रस्तावमा योग्य छौ । म यस खरिद कार्यका लागि योग्य बोलपत्रदाता भएको र ऐनको दफा २६(१) वमोजिम बोलपत्र अस्वीकृत हुनु पर्ने कारण नभएको तथा हाम्रो बोलपत्रको प्राविधिक प्रस्ताव अस्वीकृत गरी मेरो पेशा व्यवसायलाइ कुण्ठित गर्न मिल्दैन ।

४.१.४ यस किसिमको प्रोजेक्ट हाम्रा लागि दोश्रो हो । पहिलो Project बुटवलमा Ongoing छ । हामीसंग Specific Experience नहुदा विदेशी कम्पनी संग Association Agreement गरेको कागजातहरु पेस गरेका हौ । हामीबाट पेस भएको निवेदनको उत्तरमा यो यो कुराहरु नपुग भएकोले तपाइहरु Disqualify हुनु भएको हो भनी जानकारी दिइएको भए र हामी संन्तुष्ट भएको भए हामी यस सम्मानित समितिमा निवेदन लिई आउने थिएनौ । तर हाम्रो निवेदनको जवाफ दिनु भएन । एउट Good purchase का लागि Specification अनिवार्यरुपमा राख्नु पर्दछ । वहाहरुबाट बोलपत्रमा Specification उल्लेख गर्नु भएको छैन ।

४.२ सार्वजनिक निकाय कोहलपुर नगरपालिकाका तर्फबाट विद्वान अधिवक्ता श्री बासुदेव ज्ञावाली, ईन्जिनियर श्री बालकृष्ण महतराले भाग लिनु भयो ।

४.२.१ नेपालमा यस प्रकारको Project नयाँ भएको र यस्ता Project मलाइ जानकारी भएसम्म ४ नगरपालिकमा मात्र प्रारम्भ गरिएको छ । यस खरिद कार्यको Technical Parts ईन्जिनियर तथा यस नगरपालिकाका Consultant बाट स्पष्ट हुनेछ । कानूनी पक्ष यहाँ प्रष्ट पार्नेछु ।

४.२.२ यस खरिद कार्यमा हामीबाट पूर्वाग्रह राखेको छैन । हामीले यो आर्थिक वर्ष प्रथम पटक मिति २०७७।०५।१२ मा बोलपत्र आह्वानको सूचना प्रकासन गरेका थियौं । त्यसमा पनि निज निवेदक सहित चार जनाले बोलपत्र पेस गर्नु भएको थियो । ती बोलपत्रहरु सबै रद्द भए । यो खरिद कार्यको बोलपत्रको सूचना पुनः मिति २०७७।०८।०५ मा प्रकाशन गरेको हो । यसमा तीनजना बोलपत्रदाताहरुबाट बोलपत्रहरु पेस भएकोमा Dragon/Shivalaya/PP JV Pokharochauri-6 Kavre को प्राविधिक प्रस्ताव मात्र सारभूतरुपमा प्रभावग्राही भएकाले उक्त बोलपत्रदाताको आर्थिक प्रस्ताब खोल्ने आशयको सूचना प्रकाशन गरेको हो ।

४.२.३ हामीबाट बोलपत्र मूल्यांकनको क्रममा पहिले ऐनको दफा २३ अनुसार बोलपत्रहरुको परीक्षण र पूर्णताको परिक्षण गरी र दफा २४ को प्रवधान वमोजिम कारवाई हुने नहुने बिषयमा हेरियो । तत् पश्चात् बोलपत्र मूल्यांकन ऐनको दफा २५ अनुसार गर्नु पर्ने व्यवस्था भएकोले सोही अनुसार Evaluation गरेका हौं । दफा २५(२) वमोजिमका सानातिना फरकको यकीन पनि गरेको हौं । मूल्यांकन गरेर मूल्यांकन प्रतिवेदनमा यो यो criteria पुगेको र यो यो नपुगेको भनी प्रष्ट पारेका छौं । बोलपत्रहरुको बदनियत पूर्वक मूल्यांकन गरेको होइन । साथै Dragon/Shivalaya/PP JV Pokharochauri-6 Kavre लाइ विपक्षी निवेदकबाट विपक्षी पनि बनाइएको छैन ।

४.२.४ बोलपत्रकागजातको खण्ड २.५.मा व्यवस्था भएको Personnel मा जनशक्तिको Experience भरेर दिइएको छ तर Similar experience दिईएको छैन । बोलपत्र कागजातले Experience in similar works भनी माग गरेको छ । उदाहरणका लागि Structure Engineer को experience in similar Works छैन । पाना ७१ मा उल्लेख भए वमोजिम निवेदकले Specification को Details पनि पेस गरेको छैन ।

## ५. समितिको निर्णयः

सार्बजनिक निकायबाट IFB No KOMUN/BANKE/W/NCB-01/2077/78 बाट Establishment of modern Abattoir for Goats on turnkey/Design Built supply and Installation basis at Kohalpur को खरिदको आर्थिक प्रस्ताब खोल्ने बिषयको मिति २०७७।०९।०९ मा जारी आशयको सूचनाको बिरुद्धमा बोलपत्रदाता निवेदक शिवशक्ती कन्स्ट्रक्सन कम्पनी प्रा.लि.अख्तियारप्राप्त संचालक दिवाकर लामिछानेले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिकिया, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषयहरु समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

सार्बजनकि खरिद ऐन, २०६३, नियमावली २०६४ र बोलपत्र सम्बन्धी नमुना कागजातमा स्वदेशी वा बिदेशी कम्पनी फर्मसंग बोलपत्रदाताहरुले Association agreement or MOU गर्न सकिने शर्त राख्ने व्यवस्था नभएको साथै सार्बजनिक खरिद नियमावली, २०६४ को नियम २४ मा कुनै खरिद सम्झौताका सम्वन्धमा यस परिच्छेदमा उल्लिखित शर्तका अतिरिक्त बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताब सम्बन्धी कागजातमा अन्य कुनै थप शर्त राख्नु परेमा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजातको खरिद सम्झौताको शर्तहरुमा सारभूतरुपमा फरक नपर्ने गरी थप शर्त राख्न सकिनेछ भनी उल्लेख भएकोमा सार्बजनिक निकाय कोहलपुर नगरपालिकाबाट बोलपत्र कागजातको Section-III, को 2.4.2(a) को दोश्रो बिकल्प थप गरी नमुना बोलपत्र सम्बधी कागजातमा सारभूतरुपमा फरक पर्ने गरी बोलपत्र आह्वान गरेको कानून सम्मत छैन । साथै निबेदक बोलपत्रदाता शिव शक्ति कन्स्ट्रक्सन कम्पनी प्रा.लि. तथा सार्बजनिक निकायबाट बोलपत्रको प्राविधिक प्रस्तावको मूल्यांकनमा सारभूतरुपमा प्रभावग्राही ठहरिएका ड्रागन/शिवालय/पीपी जेभीबाट पेश भएका Section-III, Evaluation and Qualification Criteria को 2.4.2(a) को Similar size and nature, (b) को Key activities र 2.5 को Personnel experiences आदि समेत तालमेल हुन नसकेकाले ती बोलपत्रहरु पनि सारभूतरुपमा प्रभावग्राही हुन सकेन । तसर्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (ख)(२) वमोजिम सार्बजनिक निकाय कोहलपुर नगरपालिकाले गरेको अनधिकृत कार्य वा निर्णयलाई पूर्णरुपमा रद्द गर्न आदेश दिएको छ । कानून् वमोजिम गर्नु, अरु तपशील मोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७७ साल माघ २० गते रोज ०३ शुभम्..............................................।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १३९**
**आ.व. २०७७/७८ को निर्णय नं १५**

का.जि. काठमाण्डै महानगरपालिका वडा नं. ३१ मध्यवानेश्वर स्थित R.B. Merchant Pvt. Ltd को तर्फबाट अख्तियारप्राप्त सार्थक न्यौपाने सम्पर्क नं. ९८६०८३७००३, Email:sharthak@rbmerchant.com .....................१ **पुनरावलोकनकर्ता पक्ष**

**बिरुद्ध**

श्री त्रिभुवन बिश्वबिद्यालय, शिक्षण अस्पताल, महाराजगंज काठमाण्डौ ................................................................१

निकाय प्रमुख, श्री त्रिभुवन बिश्वबिद्यालय, शिक्षण अस्पताल, महाराजगंज काठमाण्डौ.............................................१ **विपक्षी**

**बिषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९(क) तथा ५०(१) वमोजिम पुनरावलोकन गरी पाऊँ ।**

**१. निवेदकको मागदावीः**

Tribhuwan University, Teaching Hospital (TUTH) ले Invitation No: K-60/077/078 बाट Computed Tomography Scan (CT Scan) मेशिन खरिदका लागि माग गरेको बोलपत्रको प्रस्तावको मूल्यांकनमा चित्त नबुझी R.B Merchant Pvt.ltd ले कृषि बिकास बैंक लिमिटेड, गट्टाधर भक्तपुरको नं. PBO123/0267/5574/21, मिति अप्रिल ४, २०२१ को रु. ६,२५,०००। को बैक जमानत संलग्न गरी खरिद पक्रिया पुनरावलोकनका लागि यस समितिमा मिति २०७७।१२।२३ मा पेस गरेको निवेदनको मुख्य माग दावीहरु निम्न वमोजिम रहेका देखिन्छन् ।

१.१ उक्त बोलपत्र प्रस्ताव खोलुवाको समयमा अन्य प्रस्तावदाताको समेत छोटो अवधिमा अवलोकन गर्दा प्रस्तावदातामध्ये East Weast ConcernPvt.ltd ले बिरोधाभास दस्तावेजहरु सामेल गरेको पाइएकोले उक्त बोलपत्र पूर्ण नहुने र सो बोलपत्रदाताले गर्न नहुने आचरण भित्रको कार्य समेत भएको हुँदा सो बिषयमा माघ २६, २०७७ मा अस्पताललाई जानकारी गराउदा पनि सारभूतरुपमा प्रभावग्राही भनी सोही प्रा.ली.को बोलपत्र छनैट गर्ने आशयको सूचना मिति २०७७।१२।०८ गते प्रकाशन भएकोले सोमा चित्त नबुझी मिति २०७७।१२।१२ मा सार्वजनिक निकाय समक्ष निवेदन दिएकोमा त्यसको निर्णयको जानकारी नपाएकोले ऐनको दफा ४९(क) वमोजिम बिश्लेषण गर्न पाउने हकबाट बन्चित गरियो ।

१.२ बिपक्षी शिक्षण अस्पतालको मूल्यांकन समितिले गरेको बोलपत्रको परीक्षण, बोलपत्रको मुल्यांकन र मिति २०७७।१२।०८ मा East Weast Concern Pvt. Ltd को बोलपत्र छनौटको आशयको सूचना त्रुटीपूर्ण रहेकोले वदर हुनु पर्ने आधार र कारण देहाय वमोजिम रहेका छन् :-

१.२.१ East West Concern Pvt. Ltd को बोलपत्र प्रस्ताव सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) (ख) र (घ) तथा ITB ३५.२ वमोजिम पूर्ण नभएको र सारभूतरुपमा अप्रभावग्राही भएको, ऐनको दफा २३(२) अनुसार बोलपत्रको मूल्यांकन गर्नु पूर्व परीक्षण गर्दा (ख) वमोजिम "...निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको ..."र (घ) वमोजिम बोलपत्र सारभूतरुपमा प्रभावग्राही भए वा नभएको हेर्नु पर्ने हुन्छ ।

१.२.२ बोलपत्रको Section III Evaluation and Qualification Criteria मा The machine should be brand new with the years of manufacture clearly mentioned. The machine supplied should not be of old version. The supplied machine should be of the running year lately manufactured भन्ने उल्लेख छ । विपक्षीले Siemens SOMATOM go Top उपकरण उपलब्ध गराउने भनेर बोलपत्र पेस गरेकोमा २०१८ को FDA मा Siemens SOMATOM go TOP version 20(VA20) को दस्तावेज पेस गरेको छ । उक्त Siemens SOMATOM go up उपकरण सन् २०२० मा Update भई नयाँ Siemens SOMATOM go TOP version (VA30) Update समेत US FDA ले स्वीकृत गरिसकेकोमा झण्डै ३ बर्ष पुरानो Version को उपकरण उपलब्ध गराउने भनी बोलपत्र पेस गरेको छ । Qualification Evaluation and Criteria मा The machine supplied should not be of old version भएकोमा East West Concern Pvt. Ltd. ले २०१८ को FDA certificate हाली पुरानो Version को उपकरणको प्रस्ताव पेस गरेको हुँदा ऐनको दफा २३(२) (ख) र (घ) बमोजिमको परीक्षण बाटनै हटाउनु पर्ने हो।

१.२.३ Technical Specifications बुदा ५७ मा "The unit should be CE marked to European medical devices directives and US FDA certificates must be valid भएकोले US FDA बाट स्वीकृत प्राप्त उपकरण मात्र स्वीकृत गर्न मिल्ने हो । अमेरिकामा बेच्नै नमिल्ने Specification भएको International Version को उपलब्ध गराउने भनी प्रस्ताव पेस गरेको छ । यसको पुष्टी उक्त प्रा. ली. ले पेस गरेको दस्तावेजमा उर्ल्लिखित International Version, not for distribution in the US ले प्रष्ट पारेको छ । यस आधारमा पनि ऐनको दफा २३(२)(ख)(घ) वमोजिम प्प्राथमिक परीक्षण पश्चात नै मूल्यांकन प्रकृयाबाट निष्काशन गरिनु पर्ने हो ।

१.२.४ East West Concern Pvt. Ltd ले पेस गरेको प्रस्तावको Technical Specification संग मेल नखाएकोले ऐनको दफा २३(घ) तथा ITB ३५.२ वमोजिम सारभूतरुपले अप्रभावग्राही भएको तथा (क) Technical Specifications को वुदा नं. ४ मा माग गरिएको Ganty tilt of 30 standard नपुग्ने, (ख) बुदा नं. १४ मा माग गरिएको X-ray Tube Heat Capacity 7.5 MHU नपुग्ने, (ग) बुदा ६ मा माग गरिएको Cooling rate 1MHU नपुग्ने, (घ) बुँदा ३१ मा माग गरिएको Minimum Slice Thickness should not be more than 0.625mm माग गरिएकोमा Sonatom Go Top को Axial slice acquisition माग गरिएको भन्दा वढी भएको, (ङ) बुदा नं. ४६ मा Low contrast resolution should be 3mm at 0.3 percent or better मागिएको मा सो पनि Sonatom Go.Top model मा 0.5mm at 0.3 percent भएकोले अन्तिम नतिजा कमसल देखिन आउने ।

१.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२)को परीक्षण पश्चात् दफा २५ वमोजिम मूल्यांकन गर्नु पर्ने हो । थप वाध्यात्मक ब्यवस्था सो ऐनको दफा २५(२) तथा ITB को ३२.४ तथा ३२.५ ले गरेको छ । Technical Specification हरु शिक्षण अस्पतालको Bid document

संग मेल नखाएको अवस्थामा ती Specicification का कमीको मूल्यांकन गर्दा १५ प्रतिशत् भन्दा बढीको समायोजन हुनु पर्ने देखिनु पर्ने हो। हाम्रो र East West Concern को कवोल रकम १.१६% फरक भएको, Technical Specification संग मेल नखाने प्रस्तावलाई स्वीकार गरिनु ऐनको दफा २५(३) र बोलपत्र निर्देशनको ३२(४)(५) बमोजिम मूल्यांकन समितिको मूल्यांकन त्रुटीपूर्ण छ ।

१.४ East West Concern pvt. ltd ले (क) पुरानो सस्करणको Siemens SONMTOM go .Top VA20 को FDA Certificate उपकरणलाई नयाँ सरह भनी झुक्याइ कागजात पेस गरेको, (ख) एउटा कागजात देखाउने अर्को उपकरण बेच्ने जालसाजी कार्य गरेको (ग) तथ्य बंग्याई झुक्याई फरक संस्करणको उपकरण उपलब्ध गराइ शिक्षण अस्पताललाई हानी गर्न खोजेको उक्त । Concern ले सार्वजनिक खरिद ऐन, २०६३ को ६२(२)(ख) र(ग) अनुरुपको कार्य गरेको छ ।

अत: बोलपत्र मूल्यांकन समितिको निर्णय, जारी आशयपत्र, मिति २०७७।१२।०८ को आशयपत्रको सूचना वदर गरी बोलपत्र पुनः परीक्षण, मूल्यांकन गरी सार्वजनिक खरिद कार्यवाई अघि बढाउन विपक्षीका नाममा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(६), ४९(क), ५०(१), ५१(१) र नियमावलीको नियम १०१, १०४, १०५ वमोजिम निवेदन गरेकाछौं ।

## २. सार्वजनिक निकायको प्रतिकियाः

यस समितिको मिति २०७७।१२।२४ को पत्रबाट सार्वजनिक निकाय श्री त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगञ्ज काठमाडौंसंग उक्त मेशिन खरिदका बिषयमा परेको निवेदन/मुद्दाको प्रतिकिया माग गरेकोमा मिति २०७८।०१।०३ को मिति २०७८।०१।०६ मा प्राप्त प्रतिकिया पत्रमा उल्लेख भएको प्रमुख अंश निम्नानुसार छन्:

२.१ अस्पताललाई Computer Tomography (CT Scan) मेसिनको आवश्यकता भई सम्बन्धित विज्ञबाट Specification बनाई ई बोलपत्रको माध्यमबाट खरिद गर्नको लागि २०७७।०९।१० गते ई बोलपत्र आह्वान गरिएको थियो । ई बोलपत्र मार्फत पेश भएका बोलपत्रहरुको मिति २०७७।१०।१६ गते खोलीएको र पेश भएका बोलपत्रहरुको मूल्याङ्कन गर्न मूल्याङ्कन समिति एवं प्राविधिक उपसमिति गठन गर्ने गरी खरिद समितिको मिति २०७७/१२/६ मा बसेको बैठकले निर्णय गरेको थियो ।

२.२ पेश भएका बोलपत्रहरुको प्राविधिक मूल्याङ्कन गर्न सो विषयका विज्ञ प्रा.डा बेनु लोहनीको संयोजकत्वमा पांच सदस्यीय समिति गठन गरिएकोमा प्राविधिक उपसमितिले छ वटा बोलपत्रहरुमध्ये रित पूर्वकका तीन वटा बोलपत्रहरु योग्य रहेको र योग्य बोलपत्रहरुको ऐनको दफा २५ बमोजिम मूल्याङ्कन गर्दा East west Concern Pvt. Ltd. को बोलपत्र सवैभन्दा न्यून रकमको रहेको भनी प्रतिवेदन पेश भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) बमोजिम सारभूत प्रभावग्राही रहेकोले खरिद ऐनको दफा २६(२) बमोजिम आशयपत्र जारी गर्ने गरी मिति २०७७।१२।१२ गते सूचना प्रकाशित गरिएको हो । प्रकाशित सूचना अनुसार निवेदक सार्थक न्यौपानेले खरिद समिति समक्ष निवेदन गरेकोमा निवेदकले निवेदनमा उठाएका कुराहरुको सम्बन्धमा मिति २०७७।१२।१७ गते प्राविधिक उप समिति समक्ष लेखी पठाइएकोमा प्राविधिक उपसमितिले मिति २०७७।१२।३० गते प्रतिवेदन पेश गर्दा उपसमितिले प्रारम्भमा पेश गरेको प्रतिवेदनमा अन्यथा नभएकोले सोही बमोजिम हुन भनी लेखी आएको ।

२.३ अस्पताललाई आवश्यक पर्ने Computer Tomography (CT Scan) को स्पेशिफिकेशन अनुसारको Quality को मेडिकल उपकरण छ वा छैन भनी हेर्ने र मूल्याङ्कन गर्ने प्राविधिक उप समितिले नै हो । प्राविधिक उप समितिको मूल्याङ्कन प्रतिवेदनमा सबैभन्दा कम रकम कवोल गर्ने East west Concern Pvt. Ltd. उल्लेख रहेको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ बमोजिम सबैभन्दा कम रकम कवोल गर्ने र त्यसरी कवोल गर्ने सारभूतरुपमा प्रभावग्राही भएमा सो बोलपत्र स्वीकृतको प्रक्रिया अगाडी बढाउनु पर्दछ भन्ने कानूनी व्यवस्था अनुसार नै खरिद समितिले मिति २०७७।१२।१२ मा आसयपत्र जारी गरेको हुँदा निवेदकले पुनरावलोकन समिति समक्ष पेश गरेको दावीमा कुनै सत्यता नभएको अनुरोध गर्दछु ।

२.४ निवेदकले निवेदनको बुदा नं. क को आ मा उल्लेखित विषयबस्तु सम्बन्धमा यस अस्पतालको प्राविधिक उप समितिले सम्बन्धित स्थानीय आपुर्तीकर्ताले सिटि स्क्यान मेसिनको उत्पादन, अस्पतालले कार्यादेश दिए पछि मात्र हुने र सोही अनुसार उत्पादन मिति पछि उल्लेख गरिने कुरा कम्पनीको पत्रमा उल्लेख भएको हुंदा सोही अनुसार उक्त कम्पनी छनौट गर्ने आषयको सूचना प्रकाशन गरिएको ।

२.६ निवेदकले निवेदनको बुंदा नं. क को इ मा उल्लेख गरे अनुसार Somatom GO.Top मेसिन CE र USFDA Certified रहेको कुरा स्थानीय आपुर्तीकर्ताले उपलब्ध गराएको Certificate हरुबाट देखिन आएको ।

२.७ निवेदनको बुदा नं ख को अ (क) सम्बन्धमा Gantry Tilt ± $30^0$ माग गरिएकोमा सम्बन्धित कम्पनीले उपलब्ध गराएको Somatom Go.Top मोडलको Data Sheet मा Gantry Tilt ± $30^0$ नै उपलब्ध भएको ।

२.८ निवेदनको बुदा नं ख को अ(ख) सम्बन्धमा X-Ray Tube को Heating Capacity सम्बन्धमा Somatom Go.Top को Data Sheet अनुसार 7 MHU Equivalent to 17.5 MHU with SAFIRE भनी प्रष्ट उल्लेख गरिएको ।

२.९ निवेदनको बुदा नं ख को अ(ग) सम्बन्धमा X-Ray Tube cooling rate should be >1 MHU Min माग गरिएकोमा कम्पनीले उपलब्ध गराएको Somatom Go.Top को Data Sheet मा Cooling Rate upto1700 KHU/Min (1.7 MHU/Min) भनी प्रष्ट उल्लेख गरिएको ।

२.१० निवेदनको बुदा नं ख को अ(घ) सम्बन्धमा Minimum Slice thickness should not be more than 0.625 mm भनी माग गरिएकोमा कम्पनीले उपलब्ध गराएको Data Sheet मा सो अनुसार नै भएको । साथै, Somatom Go.Top को Data Sheet अनुसार Axial र Helical Acquisition 0.6mm रहेको र Reconstructed slice thickness helical mode मा 0.6mm तथा Axial mode मा 0.8mm भएतापनि दैनिक कार्यमा लगभग सतप्रतिशत Helical mode नै चलाइने हुंदा 0.6mm reconstructed slice नै प्रयोग हुने ।

२.११ निवेदनको बुदा नं ख को अ(ङ) सम्बन्धमा Low contrast resolution को सम्बन्धमा 3mm@0.3% or Better माग गरिएकोमा Somatom Go.Top को Data Sheet मा 5mm@0.3% भएको हुंदा सो बुंदालाई Technical Evaluation गर्दा Minor Deviation गरी Qualify गरिएको व्यहोरा अनुरोध गर्दछु

## ३. अध्ययन अवलोकनः

उपर्युक्त निवेदकको निवेदन/मुद्दाका बिषयमा निवेदनसाथ पेस भएका कागजातहरु, बोलपत्र कागजातहरु, सार्वजनिक निकायबाट प्राप्त कागजातहरु, सार्बजनिक खरिद सम्बन्धी प्रचलित कानूनहरुका आधारमा अध्ययन अवलोकन गरेको छ ।

३.१ बोलपत्र छनौट गर्ने मिति २०७७१२।०८ मा प्रकाशन् भएको आशयको सूचनामा चित्त नबुझी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ वमोजिम कार्यकारी प्रमुखज्यू, शिक्षण अस्पताल समक्ष मिति २०७७१२।१२ मा निवेदन दिएकोमा सार्वजनिक निकायबाट कानूनको म्याद भित्र कुनै जवाफ प्राप्त नभएको जनाई म्याद भित्रै यस समितिमा मिति २०७७१२।२३ गते म्यादभित्रै पुनरावलोकनका लागि कानून अनुसार राख्नु पर्ने बैंक जमानत सहित निवेदन दर्ता गरेको देखिन्छ ।

३.२ यस खरिद प्रक्रियामा ६ जना बोलपत्रदाताहरुले बोलपत्रहरु पेस गरेका देखिन्छ । मिति २०७७१२।०८ गतेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा East West Concern Pvt. Ltd. को नाम प्रकाशन भएकोमा सो सूचनाको बिरुद्धमा यस समितिमा R.B.Merchant Pvt Ltd. ले पुनरावलोकन गरिपाउँ भनी निवेदन पेश गरेको छ ।

३.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ वमोजिम मिति २०७७१२।१२ को निवेदनबाट प्रविधिक त्रुटी, प्रभावित् मूल्यांकन त्रुटी, सम्भावित् न्यायिक त्रुटी भनी निकाय प्रमुख समक्ष निवेदन पेस गरेको रहेछ । यस निवेदनको कारवाई पश्चात् ऐनको दफा ४७(६) वमोजिम लिखित निर्णय गरी सम्बन्धित् निवेदकलाई जवाफ दिईएको नपाइदा सार्बजनिक निकाय खरिद कानूनको पालनामा चुकेको देखिन्छ । साथै निवेदन उपर कार्वाइ गरी जवाफ नदिन सूचनाको हक प्रति सार्वजनिक निकाय गम्भिीर नभएको अभाश हुन्छ ।

३.४ CT Scan Machine विभिन्न आइटमहरुको संयोजन हो भनी बुझ्न सकिन्छ । यी सामानहरु सहित CT Scan Machine को लागत अनुमान मूल्य रु ७,५०,००,०००। (मु.अ.कर र भन्सार वाहेक) भएकोमा यसको आधार पेस हुनुपर्दछ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावलीको नियम ८ वमोजिम क्रमशः खरिद गुरु योजना र बार्षिक खरिद योजना स्वीकत हुनु पर्ने व्यवस्था छ । यो कार्य गरेको देखिदैन ।

३.५ बोलपत्रदाता East West Concern Pvt. Ltd. ले पेस गरेको दर रु.६,०७,९९,५१३।- न्यूनतम भई सारभूतरुपमा प्रभावग्राही भएको जनाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा १,५,७ र ८ तथा नियमावली, २०६४ को ६१ को उपनियम (४)(५) तथा त्रि.वि. आर्थिक तथा खरिद नियमावली, २०५० वमोजिम बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भएको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक निकायबाट गरेको देखिन्छ ।

३.६ सार्वजनिक खरिद ऐन, २०६३ को दफा (३) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐन वमोजिमको कार्यविधि पूरा गर्नु पर्ने र उपदफा (२) मा प्रतिकूल हुने गरी गरिएको खरिद वदर तथा अमान्य हुनेछ भनी ब्यवस्था भएको छ । सार्वजनिक निकायबाट सार्बजनिक खरिद गर्दा ऐ. ऐन, ऐन वमोजिम वनेको नियमावली र बोलपत्र कागजातहरु अनुसार खरिद गर्नु पर्ने स्पष्ट हुन्छ ।

३.७ ऐ. ऐनको दफा २३(घ) मा बोलपत्र कागजातको परीक्षण कै समयमा प्राविधिक स्पेशिफिकेसन् र खरिद सम्झौताका शर्तहरु अनुरुप बोलपत्र सारभूतरुपमा प्रभावग्राही भए वा नभएको परीक्षण गर्नु पर्ने व्यवस्था रहेको छ । यसबाट स्पष्ट हुन्छ बोलपत्रदाताहरु बोलपत्र कागजातसाथ समावेश भएको Technical Specification का शर्त पूरा गर्न बाध्यकारी हुन्छ । शर्त परा गर्न नसकेको अवस्थामा सारभूतरुपमा प्रभावग्राही नहुने स्पष्ट छ । ITB 35.2 मा बोलपत्र मूल्यांकन गर्दा खरिदकर्ताले बोलपत्र कागजातको Section-III मा परिभाषित सबै Clause र criteria मात्र प्रयागे गर्नु पर्ने छ, अन्य Criteria र Methodology अमान्य हुने छ भनी उल्लेख भएको छ ।

३.८ RB Merchant Pvt. Ltd. बाट पेस भएको वाणिज्य विभागको प्रमाणपत्र र करदाताको प्रमाणपत्रमा नवीक कम्पनीको नाम एउटै भए पनि वाणिज्य विभागमा दर्ता भएको प्रमाणपत्र र कर कार्यालयका दर्ता भएको करदाताको प्रमाणपत्र (स्थायी लेख नम्बर) मा नाम र फोटो अलग अलग रहेको देखिन्छ ।

३.९ बोलपत्र कागजातको Section-III, Evaluation and Qualification Criteria को खण्ड १ मा प्रस्तावित CT Scan मेशिन Brand New हनु पर्ने, त्यसको Manufacturer Year स्पष्ट उल्लेख गरेको हुनु पर्ने र The machine should not be of old Version उल्लेख भएकोले सबैभन्दा नयाँ Version (संस्करण) ले मान्यता पाउने तर पुरानो संस्करणले मान्यता नपाउने प्रष्ट छ । आपूर्ति गरिने Machine Running year lately manufactured हुनुपर्ने उल्लेख छ । CT Scan Machine को Oder Placement भएपछि उक्त सामान उत्पादनको लागि सम्बन्धित कम्पनीलाइ Order गरिने प्रतिबध्दता बोलपत्रदाता East West Concern Pvt.Ltd. बाट भएबाट Technical Specification मुताविककै Machine oder हुने विश्वाश गर्न सकिने अवस्था रहन्छ । CT Ccan Machine जति New Version को हुन्छ त्यतिनै Hospital बाट आधुनिक सेवाहरु Provide गर्न सकिने अवस्था रही यसबाट विरामीहरुलाई लाभ मिल्ने नै हुन्छ ।

३.१० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१(४) मा बोलपत्र मूल्यांकन गर्दा त्यस्तो बोलपत्रको बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्ने छ भनी व्यवस्था भएकोले बोलपत्रमा व्यवस्था भई निर्देशन भएका बुदाँहरुलाइ तलमाथि गर्न मिल्ने देखिदैन । नियमावलीको नियम ६२ मा बोलपत्रको प्राविधिक पक्षको मूल्यांकन (क) मालसामानको आपूर्तिको क्षेत्र, (ख) मूख्य मालसामानको प्राविधिक स्पेसिफिकेशन, कार्य संचालन तथा कार्य सम्पादन बिषेशताहरु र (ग) वारेण्टीको समायावधी पक्षहरुको मुल्यांकन गर्नु पर्ने छ । उपनियम (२) मा बोलपत्र र बोलपत्रदाताले उल्लेख गरेको कुरामा कुनै भिन्नता पाइएमा मुल्यांकन समितिले सो भिन्नता उल्लेख गर्नु पर्ने छ भनी ब्यवस्था भएको छ । साथै नियम ६३ मा बोलपत्रको ब्यपारिक पक्ष र ६४ मा आर्थिक पक्षको मुल्यांकन गर्नु पर्ने ब्यवस्था छ ।

३.११ यस खरिद कार्यको लागि बोलपत्र पेस गर्ने बोलपत्रदाताहरुको बोलपत्रहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) वमोजिम बोलपत्रको परिक्षण , उपदफा (३) वमोजिम बोलपत्रको पुर्णताको परिक्षण गरी दफा २४ बोलपत्र उपर कारवाई नहुने भनी छुटयाईएका बोलपत्र वाहेक अरु बोलपत्रहरु मूल्यांकनका लागि समावेश गरेका बोलपत्रहरु मध्ये दुई बोलपत्रदाताहरु East West Concern Pvt.Ltd. र R.B.Merchant Pv.Ltd. मात्र सार्वजनिक निकाय Teaching Hospital बाट गठित विशेषज्ञहरु संलग्न रहेका बोलपत्र मूल्यांकन समितिबाट बोलपत्रदाताहरुबाट पेश भएका Data Sheet र अन्य कागजातहरुका आधारमा बोलपत्र कागजातमा समाबेश भएका Technical Specification (TS) संग भिडान गरी पेस गरेको प्रतिवेदनलाई पुनरावलोकन गर्दा सारभुतरुपले प्रभावग्राही भएको देखिन्छ । उदाहरणका लागि केही TS हरुको निम्न वमोजिम भिडान गर्दा East West Concern Pvt.Ltd. ले बोलपत्र कागजातमा Whole Body Computed Tomography System- Gantry को Rotation Times-Response on times 0.33(optional ) 0.5,1.0,भनी उल्लेख भएकोले TS संग मिल्ने देखिन्छ । TS 4 ले माग गरेको मा Gantry tilt angle±30, -28,+30 with Opt. 307 kg table उल्लेख छ ।TS 14 बाट माग भएको X-ray TubeType Athlon nominal abode heat storage capacity -Mhu 7.0 , equivalent heat storage MHU 17.5 उल्लेख छ । TS 16 मा Cooling rate >IMHU/Min माग भएको मा Up to 1700 KHU/Min प्रस्ताव गरेको छ । TS 31 ले माग गरेको Minimum slice thickness not more than .625 mm & maxi. 10mm or more उल्लेख भएकोमा मूल्यांकन

प्रतिवेदनमा Comply उल्लेख गरेको छ । TS 46 मा Low contrast resolution should be 3mm at 0.3% or better माग भएकोमा मुल्यांकन भएको छ ।

३.१२ SIEMENS Heathineers को मिति २०२१।०१।२६ को पत्रबाट T.U. Teaching Hospital, maharajganja लाई लेखेको पत्रमा ……our offered production is of latest Technology and will go into production afterreceipt of clarified order…….. भनी उल्लेख गरेको देखिन्छ । यसबाट Technical Specification आधारमा CT Scan Machine प्राप्त हुने बिश्वास लिन सकिन्छ । R.B.Merchant Pvt. Ltd. ले आफनो बोलपत्रकागजातमा Medical devices अनुसार "….. Only after placement of confirm purchase order " र वर्गियकरण सहीत प्राविधिक टिमको जडान र कार्य सम्पादन गरेको पत्र आवश्यक पर्ने उल्लेख छ ।

**४. छलफल तथा सुनुवाईः**

उपयुर्क्त खरिद प्रकियाका बिषयमा यस समितिमा परेको मुद्दाका बिषयमा सार्वजनिक निकाय श्री त्रिभुवन बिश्वबिद्यालय, शिक्षण अस्पताल, निवेदक R.B. Merchant Pvt. Ltd. तथा East West Concern Pvt.Ltd. समेतलाई आमन्त्रण गरी मिति २०७८।०१।०८ गते ११.३० बजे समितिमा छलफल तथा वहस कार्यक्रम आयोजना भयो ।

४.१ उपर्युक्त कार्यक्रममा निवेदक R.B. Merchant Pvt.Ltd. का तर्फबाट अधिबक्ता गणेश बिक्रम कार्की, Radiology Specialist विवेक धितालले भाग लिई आफ्नो भनाई राख्नु भयो ।

४.१.१ Teaching Hospital, महाराजगञ्जबाट मिति २०७७ पौष १० गते Online Tender Notice (Single Invelope) बाट CT Scan Machine खरिद गर्ने सूचना प्रकाशित् भएकोमा मेरो पक्ष कम्पनीले पनि Online मार्फत बोलपत्र पेस गरेको थियो । सो बोलपत्र मिति २०७७१०१६ मा खोलिएको र हामी निबेदक र East West Concern Pvt.Ltd. सहित ६ वटा बोलपत्र पेश भएको थियो । मिति २०७७।१२।०८ गते East West Concern Pvt.Ltd. को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन् भयो । हामीले पेश गरे मूल्य युएस डलर ५,२५००० तथा East West Concern Pvt.Ltd. ले पेश गरे मूल्य युएस डलर ५,१८,९०० रहेको थियो । आशयको सूचना प्रकाशन् हुनु अगावै विपक्षी प्रा.लिबाट आपुर्ति हुने CT Scan Machine (Computed Tomoghraphy Scan) गुणस्तरको नभएकोले निवेदन दिएका समेत थियौं । आशयको सूचना जारी भएपछि मिति २०७७१२।१२ गते कानुन वमोजिम सार्वजनिक निकाय प्रमुख समक्ष पुनरावलोकनका लागि निवेदन पेस गरेकोमा सार्बजनिक खरिद ऐनको दफा ४७(६) वमोजिम निर्णय गरेको जानकारी नपाएकोले मिति२०७७१२।२३ गते यस सम्मानित सार्वजनिक खरिद पुनरावलोकन समति समक्ष न्यायका लागि निवेदन लिएर आएका हौ । हाम्रो निवेदनको बिषयमा कुनै जवाफ नआएकोले बिपक्षीको नियत सफा छ भन्न मिल्दैन ।

४.१.२ USA मा Not for sale उल्लेख भएको USFDA Certificate पेस गरेको छ, Data Sheet मा एउटा Model को Machine उल्लेख गरेको छ भने Certificate र Catalogue अर्को पेस भएको छ । USA मा प्रयोगयुक्त नभएका उक्त सामान यहाँ पनि प्रयोगयुक्त हुदैन भनी मान्न सकिन्छ ।

४.१.३ बोलपत्रको Section-III, Evaluation and Qualification Criteriaको (१) मा The Offered Machine Should be Brand New with the year of manufacture clearly mentioned, should not be old version…. should be of the running year lately manufactured भनी यी तीन कुराहरु उल्लेख गरेको छ । तर East West Concern Pvt.ltd बाट VA 30 को Version आइसकेकोमा VA 20 certificate पेस गरेको छ । Technical Specification को बुँदा 57 Term and Condition मा The Unit should be CE marked to European medical devices directive and US FDA certificates must be valid भनी उल्लेख भएकोले यस अनुसार हुनु पर्छ भन्ने हाम्रो माग दावी छ ।

४.१.४ Technical Specicification को ३ मा उल्लेखित बिषयमा Standard अनुसार बोलपत्रमा पेस गरेको छैन । TS 4 मा Gantry tilt of ±30 standard पुग्दैन । TS 14X-ray Tube Heat Capacity 7.5 MHU माग गरिएकोमा 17.5 mm को प्रस्ताव गरिएको छ त्यसले पुग्दैन । TS १६ मा उल्लेख गरेको Cooling Rate 1 MHU भन्दा बढी माग भएकोमा Clearly Mention छैन । TS 31 मा not more than 0.625 mm and maximum 10mm or more माग गरिएकोमा Somatom Go. Top को Arial Slice acquisition माग गरेको भन्दा बढी छ । यसमा दुई प्रकारको axiliar र Harical भएकोमा एकमा पुग्ने र अर्कोमा नपुग्ने हुन्छ । यो जति कम MM को हुन्छ त्यति नै शुक्ष्म घाउहरु हेर्न सकिने हुन्छ । TS 46 मा Low contrast resolution should be 3mm at 0.3 percent or better माग गरिएकोमा East West Concern बाट पेस भएको Somatom Go.Top Model मा 0.5mm at 0.3 percent भएकोले अन्तिम नतिजा कमसल देखिन आउछ । Gantry tilt Angulation आखा लगायत Radio sensetive अंगहरुलाई direct X-ray exposure बाट बचाउ गर्दछ । जति low Contrast भयो त्यतीनै सानो घाउ नदेखिने हुन्छ । 5mm को घाउमात्र देखिन्छ । Specification ले 3mm at 0.3 percent माग भएको छ । Heat Capacity तथा Cooling Rate ले लामो समय लाग्ने Angiography जस्ता Procedures तथा थोरै समयमा विरामी जाच्नु पर्ने High patient flow मा महत्वपुर्ण भुमिका निभाउछ । TS को 31 र ४६ का Scanner ले मानव शरीरमा रहेका स -साना छिद्र वा घाउहरु देखाउन सक्छ ।

४.१.५ बोलपत्रदाता East West Concern बाट २०२० को USFDA मोडेलको ब्रोजर र बोलपत्रमा उल्लेख गर्नु पर्ने तर पेस हुन आएन । जति Latest Model को CT Scan machine भयो त्यति नै मानव Organ safe हुन्छ । East west Concern ले FDA 20A jf 30A आपुर्ति गर्ने प्रस्ताव गरेको छ । यी दुवैमा Hardware र Software changes हुन्छन् । Data Sheet मा प्रस्ताव गरिएको र TS ले माग गरेको एउटै होइन, फरक हो ।

४.२ सार्वजनिक निकाय Teaching Hospital का तर्फबाट कानुनी सल्लाहाकार अधिवक्ता नारायण प्रसाद खनाल, प्रशासक श्री राजु श्रेष्ठ र हेड अशिष्टेन्टले छलफलमा भाग लिनु भएको थियो । ४.२.१. यस खरिद प्रकियामा Single E-bidding मार्फत ६ थान बोलपत्रहरु पर्न आएकोमध्ये दुई बोलपत्रहरु परीक्षणमा असफल भएको, बाँकी रहेको ४ बोलपत्रहरु मुल्यांकन गर्दा East West Concern र R.B. Merchant को बोलपत्र सारभुतरुपमा प्रभावग्राही भएकोमा न्युनतम रकमको बोलपत्र पेस गर्ने बोलपत्रदाता East West Concern Pvt. Ltd. को बोलपत्र स्वीकृत गर्ने आशयको सुचनामा प्रकाशन् गरेको हो ।

४.२.२ यस खरिद प्रकियामा Radiologist, विभागीय प्रमुख प्रा.डा. श्री वेनु लोहोनीको संयोकत्वमा Biomedical उषा आचार्य सहित अन्य बिशेषज्ञ डाक्टरहरु सम्मिलित ५ सदश्यीय बोलपत्र समिति गठन भएको थियो । East West concern को सबैभन्दा कम रकम रु ६,०७,९९,५१३ । को बोलपत्र पेस भएको र सारभुतरुपमा प्रभावग्राही भएकोले उक्त बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयको

सुचनामा प्रकाशन गरेको हो । TS बुदा नं १ देखि ७१ मा उल्लेख भएको शर्त अनुसार निबेदक R.B. Merchant पनि disqualified भएको होइन दुवै Qualified छ, तर East West concern को कबोल रकम कम छ । त्यसैले मेरो पक्षबाट बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा प्रकाशन भएको आशयको सूचना कानून सम्मत छ । विपक्षी निवेदकको निवेदन खारेज भागी छ ।

४.३. बोलपत्रदाता East West Concern Pvt.Ltd को तर्फबाट अधिबक्ता शवना पौडेल, Electronical Engineer सुदिप कुमार वली र Radio Technologist सुदिप थापाले छलफल तथा वहस कार्यक्रममा भाग लिनु भयो ।

४.३.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(१) मा कार्वाइ नहुने भनी छुटयाइएका बोलपत्र वाहेक अन्य बोलपत्रहरु मुल्यांकनको लागि समावेस गर्नु पर्ने र (२) मा साना तिना फरक पाइएमा सम्भव भए सम्म सोको मूल्य निकाली त्यस्तो मूल्य समेत उपदफा (१) वमोजिम बोलपत्र मुल्यांन गर्दा समावेस गर्नुपर्ने व्यवस्था छ । Technical Specification मा साना तिना फरक परेमा ग्रहण गर्न मिल्ने आशय उल्लेख भएको छ । विपक्षी निवेदकले निवेदन गर्दा हानी नोक्सनी भएको कुरा नखुलाएको साथै प्रमाणको भार पनि समेत देखाउन सकेको छैन ।

४.३.२ USFDA SF २०१८ मा ४ वटा मोडेलको, २०१९ मा ५ वटा मोडेलको र २०२० मा ७ वटा मोडेलका CT Scan Machine निस्कएका हन् । यी सबैलाई USFDA बाट स्वीकृति प्राप्त भएको छ । २०१८ देखि २०२० सम्म सात वटा मोडेलका मेशिन निस्कि सकेका छन् । यी मोडेलहरुलाई प्रयोगमा ल्याउन शिमेन्सबाट अनुमति पाइ सकेको अवस्था छ । US मा Not for sale in US भनेको CT Scan Machine नभई Brochure को Not for Distribution हो । यो भन्दै गर्दा यो मेशिन नेपालमा प्रयोग गर्न नमिल्ने होइन । नेपालमा आपूर्ति गर्न प्रतिबन्धित् छैन ।

४.३.३ २०१८ को अन्य FDA मा छन् । Latest Scaner भएन भनियो, सार्वजनिक निकायबाट CT Scan आपूर्ति गर्ने आदेश भए पश्चात् कम्पनीबाट Technical Specification का आधारमा बोलपत्र मूल्यांकन भए वमोजिमको Order जारी भएपछि उत्पादक कम्पनीबाट तयार हुने CT Scan Machine आपूर्ति हुने हो ।

४.३.४ TS 4 मा माग गरेको Data Sheet Somatom Go. Top,128-slice configuration syngo CT VA30 (SIEMENS Healthineers), System Hardware Gantry को Physical Tilt Up to±30 डिग्री (पाना ७-Depending on configured Patiant table) हुनु पर्ने उल्लेख छ । हामीबाट पेस गरेको प्रस्ताव सो वमोजिम्र कै हुन्छ । TS को 6 अनुसार Data sheet मा उल्लेख भए अनुसार 1.7 Aperture पेस भएको छ । TS 14 का बिषयमा हामीबाट बोलपत्र प्रस्ताव गर्दा 7.5 or 17.5 equivalent भनेका छौ । Data Sheet को पाना ८ मा Tube anode heat storage capacity 7.0 MHU; equipvalent to 17.5 MHU with SAFIRE उल्लेख भएको छ ।TS को 31अनुसार Data sheet मा उल्लेख भए अनुसार प्रस्ताव गरेको ठीक छ । Data sheet को पाना १२ मा Reconstructed Slice widths 0.6,0.8,1.15, 2,3,4,5,6,7,8,10,mm उल्लेख छन् । TS को 43 मा माग भए वमोजिम Soft Version VA30 machine को Version post process version हो । यो Latest Version हो ।

४.३.५ TS को 46 मा The low contrast resolution should be 3 mm at 0.3% or better माग भएअनुसार Data sheet Image quality, object size .5mm पाना ३३ मा उल्लेख छ । यो भनेको 0.3% Dose Level भन्दा राम्रो हो । Dose Level जति कम त्यती राम्रो हुन्छ । अन्त्यमा २०१८ को Version को USFDA पेस गरे पनि TS मा Latest FDA Version पेस गरेको छ ।

**५. समितिको निर्णयः**

सार्बजनिक निकायबाट Contract ID NO: K-60/077/078 बाट Computed Tomography Scan (CT Scan) मेशिन खरिदको बोलपत्र स्वीकृत गर्ने मिति २०७७।१२।०८ मा जारी आशयको सूचनाको बिरुद्धमा वोलपत्रदाता निवेदक R.B. Merchant Pvt.Ltd ले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोमा संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

विशेषज्ञ बोलपत्र मूल्यांकन समितिले बोलपत्र मुल्यांकन गरी शिफारिस गरी सार्वजनिक निकाय प्रमुखबाट स्वीकृत भई मिति २०७७।१२।०८ मा प्रकासित बोलपत्र छनौट गर्ने आशयको सूचना उपर बिचार गर्दा बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुमध्ये सार्वजनिक निकायबाट माग गरेको Technical Specification का शर्तहरुसंग मेल खाएका बोलपत्रदाताहरु East West Concern Pvt. Ltd. र R.B. Merchant Pvt.Ltd. दुवै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उप नियम (६) को प्रथम बाक्य वमोजिम सारभूतरुपमा प्रभावग्राही भएको तथा र यिनीहरुमध्ये बोलपत्रदाता East West Concern Pvt.Ltd. ले पेस गरेको बोलपत्र प्रस्ताव अंक रु.६,०७,९९,५१३। (रु.छ करोड सातलाख उनान्सय हजार पाँच सय तेह्र मात्र ) भई लागत अनुमान भन्दा १८.९३ प्रतिशत् कम तथा RB Merchant भन्दा १.१६.प्रतिशत् कम भएकोले निजको बोलपत्र स्वीकृत गर्ने गरी सार्वजनिक निकाय Teaching Hospital महाराजगञ्जले गरेको निर्णय सदर ठहर्छ । अतः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५)(क) वमोजिम निवेदक R.B. Merchant Pvt.ltd ले यस समितिमा दिएको पुनरावलोकनको निवेदन खारेज गर्ने आदेस गरी दिएको छ । कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**<u>तपशील</u>**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार जफत गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ………………… | …………………… |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७८ साल बैशाख १४.गते रोज ०३ शुभम्……………………………………।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री गुणराज श्रेष्ठ**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १४०**
**आ.व. २०७७/७८ को निर्णय नं १६**

धादिङ वेनीघाट ७ का सदाज्योती सप्लायर्सका प्रो. उज्वलकुमार थपलिया इमेलः supplierssadajyoti@gmail.com मो. ९८५१०७१७०६ ........................................................................................................................१ **निवेदक**

**विरुद्ध**

नेपाल एपिएफ स्कूल किर्तिपुर, काठमाडौ ................................................................................................१ **विपक्षी**

**विषयः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०३, १०४, १०५ र १०७ समेतको आधारमा राशन खरिदको पुनरावलोकन गरी पाँउ ।**

**१. निवेदकको माग दावीः**

नेपाल एपिएफ स्कूल किर्तिपुर, काठमाडौंले Invitation No: NAPFSCHOOL/NCB/R/01/077/078 बाट राशन खरिदका लागि माग गरेको मिति २०७७।११।०४ को बोलपत्रको प्रस्तावको मूल्यांकनमा चित्त नबुझी सदाज्योति सप्लायर्सले नेपाल बंगलादेश बैंक लिमिटेड, कमलादी शाखा काठमाडौंको नं. NB:07:PB:147/2021, मिति अप्रिल ०९, २०२१ को रु. ४,७०,०००।- को बैक जमानत संलग्न गरी खरिद प्रक्रिया पुनरावलोकनका लागि यस समितिमा मिति २०७७।१२।३० मा पेस गरेको निवेदनको मुख्य मुख्य माग दावीहरु निम्न वमोजिम रहेका देखिन्छन् ।

१.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० एवं नियमावली, २०६४ को नियम ४० ले खरिदको प्रकृतिअनुसार आवश्यक योग्यता तोक्न सक्ने र उपरोक्त योग्यतालाई प्रमाणित गर्ने कागजात वोलपत्रदाताले पेश गर्नुपर्ने हुन्छ ।

१.२ पेश गरेको वोलपत्रहरु मिति २०७७।१२।०५गते खोलिएकोमा वोलपत्र कागजातमा तोकिएको वोलपत्रसाथ पेश हुनुपर्ने कागजातहरुमध्ये राशन आपुर्ति सम्वन्धी व्यवसाय गर्न सम्वन्धित निकायबाट इजाजतपत्र प्राप्त नगरेको वोलपत्रदाताबाट वोलपत्र पेश गरिएको व्यहोरा प्रकाशमा आएको थियो । सार्वजनिक खरिद सम्बन्धी कानून तथा वोलपत्र कागजातमा तोकिएको योग्यता प्रमाणित गर्ने कागजातहरु पेश नभएको वोलपत्रदाता स्वतः अयोग्य हुन्छ ।

१.३ बोलपत्रदाता जि. एण्ड जि. सप्लायर्सको दर्ता प्रमाणपत्रमा खाद्यान्न (राशन) आपुर्ति गर्ने उद्देश्य रहेको छैन । कम्पनी दर्ता र व्यवसायदर्ता, राशन आपुर्ति सम्बन्धी ब्यबसाय गर्न सम्बन्धित निकायबाट छुट्टाछुट्टै प्रमाणपत्र जारी गर्ने व्यवस्था भएकोले यी दुई छुट्टाछुट्टै विषय भएको र यसको फरक फरक कानूनी मान्यता रहेकोले श्री जि. एण्ड जि. सप्लायर्सको वोलपत्र स्वीकृत गर्ने आशयको सूचना बिरुद्ध सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) बमोजिम सार्वजनिक निकायको प्रमुख समक्ष मिति २०७७।१२।२२ मा पुनरावलोकनको लागि निवेदन गरेको थिएँ। उक्त सप्लायर्सले स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम ब्यवसायको प्रमाणपत्र पेश गरेको साथै विगत लामो समयदेखि विभिन्न ठाउँहरुमा खाद्य सामाग्रीहरु आपूर्ति गरेको अनुभव रहेको पाईएकोले बोलपत्र स्वीकृतीको आशयको सूचना कानून बमोजिम भएको हुँदा त्यस सप्लायर्सले पेश गरेको निवेदन उपर पुनरावलोकन गर्नु नपर्ने मिति २०७७।१२।२४(च.नं.५५१) को पत्र सोही मितिमा प्राप्त भएको छ ।

१.४ जि. एण्ड जि. सप्लायर्सको वोलपत्र स्वीकृत गर्ने निर्णय एवं सूचना पुनरावलोकनका लागि निवेदन दिएकोमा सार्वजनिक निकायको प्रमुखबाट गलत कार्य सच्याउने कार्य नगरी गैरकानूनी कार्यलाई निरन्तरता दिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९, ५० र नियमावली, २०६४ को नियम १०१ र १०३ बमोजिम यो निवेदन गरेको छु । नेपाल एपीएफ स्कूलबाट प्रस्तुत खरिद सम्बन्धमा भएको कारवाई एवं निर्णय कानून प्रतिकूल भएको निम्नानुसार प्रष्ट्याउँदछु ।

१.५.१ बोलपत्र कागजातको खण्ड ४ को "ख" मा तोकएको ब्यबसाय दर्ताको इजाजतपत्र पेश हुनुपर्ने प्राबधान बाध्यात्मकरुपमा लागु हुन्छ । सार्बजनिक निकायले बाध्यात्मकरुपमा पेश गर्नुपर्ने कागजातलाई बोलपत्र परीक्षण एवं मूल्याकंनको क्रममा आवश्यक नहुने गरी सुबिधा दिन मिल्दैन । सूचनाको आशय बिपरित भएको उक्त कार्य खरिदको कानून र सिद्धान्त प्रतिकुल छ ।

१.५.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२) मा अन्य कागजातको अलावा व्यवसाय दर्ताको इजाजतपत्र पेश गर्नुपर्ने प्रावधान छ । सोही मुताविक बोलपत्र कागजातको खण्ड-४ को सि.नं. (ख) मा व्यवसाय दर्ताको इजातपत्र पेश गर्नुपर्ने गरी तोकिएको छ । यस प्रावधानले व्यवसाय दर्ताको इजाजतपत्र नभएका बोलपत्र ग्राह्यता नहुने व्यहोरा स्वयं सिद्ध हुन्छ ।

१.५.३ सार्वजनिक खरिद ऐनको दफा १०(१)(२) मा वोलपत्र सम्बन्धी कागजातमा उल्लेखित योग्यता पूरा गरेको हुनुपर्ने प्रावधान छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२) मा वोलपत्रदाताको दर्ता (संस्थापना) को साथै व्यवसाय दर्ताको इजाजतपत्र समेत हुनुपर्ने तोकिएको छ । दर्ता स्वयंमा इजाजतपत्र नभई फरक हुन भन्ने व्यहोरा कानूनमा भएको प्रावधानले बुझाउँदछ । व्यवसाय दर्ताको प्रमाणपत्र पेश गर्नुपर्ने नियमावलीको नियम ४० एवं ऐनको दफा १३ वमोजिमको बोलपत्रको कागजातमा उल्लेख भएपछि उपरोक्त वमोजिम दर्ता नभएको बोलपत्रदाता ऐनको दफा २३ र नियमावलीको नियम ६० वमोजिम परीक्षणको क्रममा अयोग्य हुन्छ र यस्तो बोलपत्र उपर ऐनको दफा २४ तथा दफा २७ वमोजिम कारवाई गर्न मिल्दैन ।

१.५.४ बोलपत्रदाता कानूनीरुपमा गाह्य छन् छैनन्, बोलपत्रले पुर्णता पाएको छ छैन, बोलपत्र प्रभावग्राही छ छैन लगायतका कुराहरु परीक्षण गरी बोलपत्रदाता कानून बमोजिम योग्य भए नभएको पुष्टि गरिन्छ । सोका अलावा बोलपत्रदाता कानून बमोजिम गाह्य रहे नरहेको सम्बन्धमा बोलपत्र सम्बन्धी कागजातहरु समेतको परीक्षण गर्नुपर्ने भन्ने सार्वजनिक खरिद सम्बन्धी बाध्यात्मक कानूनी व्यवस्था हो ।

१.५.५ बोलपत्रको कानूनी ग्राह्यता पूर्ण नभएमा त्यसलाई ऐनको दफा २५ वमोजिम मूल्याँकनको तहमा प्रवेश गराउन मिल्दैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(२) मा खरिद ऐन प्रतिकुल भएको खरिद वदर तथा अमान्य हुने उल्लेख छ । तसर्थ श्री जि. एण्ड जि. सप्लायर्सको बोलपत्र स्वीकृत गर्ने कार्य कानून प्रतिकुल भई वदरभागी छ ।

अतः माथिका प्रकरणहरुमा उल्लेख भए अनुसार कार्यालयवाट श्री जि. एण्ड जि. सप्लायर्सको बोलपत्र स्वीकृत गर्ने आशयको मिति २०७७।१२।१८ को सूचना, सार्वजनिक निकायका प्रमुखबाट मिति २०७७।१२।२२ मा भएको निर्णय एवं जानाकारी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५०(५)(ख)(१)(२) बमोजिम अनधिकृत कार्य, निर्णयलाई पुर्ण रुपमा रद्द गर्ने गरी निर्देशनात्मक आदेश गरी बोलपत्रकागजातमा उल्लेखित पूर्ण योग्य (ग्राह्य) वोलपत्रदातामध्ये न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही निबेदकको बोलपत्र स्वीकृत गरी निबेदकसंग खरिद सम्झौता गर्ने व्यवस्था गरी पाऊँ।

## २. सार्वजनिक निकायको प्रतिक्रियाः

यस समितिको मिति २०७७।१२।३० को पत्रबाट सार्वजनिक निकाय श्री नेपाल एपिएफ स्कूल कीर्तिपुर काठमाडौंसंग उक्त राशन खरिदका बिषयमा परेको निवेदन/मुद्दाको प्रतिक्रिया माग गरेकोमा मिति २०७८।१।२ को प्रतिक्रिया पत्रमा उल्लेख भएको प्रमुख अंश निम्नानुसार छन्:

२.२ नेपाल एपीएफ स्कुलमा अध्ययनरत विद्यार्थीहरुको निमित्त शैक्षिक सत्र २०७८ साल बैशाख १ गतेदेखि २०७८ साल चैत्र मसान्तसम्मको लागि राशन खरिद गर्न मिति २०७७।११।०४ गते प्रकाशितसूचना बमोजिम मिति २०७७।१२।०५ गते १२ बजेसम्म जि.एण्ड.जि. सप्लायर्स, सदाज्योति सप्लायर्स, सोनु सप्लायर्स र कार्की स्टोर एण्ड सप्लायर्सको बोलपत्र बोलपत्र पेश भई सोही मितिमा बोलपत्र खोलिएको ।

२.३ सार्वजनिक खरिद ऐन २०६३, नियमावली, २०६४ तथा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी बोलपत्र सम्बन्धी कागजातमा रहेको प्रावधान बमोजिम बोलपत्रहरुको कानुनी ग्राह्यता, पूर्णताको परीक्षण गर्दा सोनु सप्लायर्स र कार्की स्टोर एण्ड सप्लायर्स अयोग्य भएको र श्री जि.एण्ड.जी. सप्लायर्स र सदाज्योति सप्लायर्स सारभुतरुपमा प्रभावग्राही देखिएको ।

२.४ सारभुतरुपमा प्रभावग्राही बोलपत्रमध्ये श्री जि.एण्ड.जी. सप्लायर्सको प्रतिदिन प्रति विद्याथी मुल्य अभिवृद्धि कर बाहेक रु. १५०।८६ ले जम्मा कबोल रकम रु. ३,१९,७८,५४८.५०।- र सदाज्योति सप्लायर्सको प्रति दिन प्रति विद्यार्थी राशन कबोल रकम मुल्य अभिवृद्धि कर बाहेक रु १९६.१५ जम्मा कबोल रकम रु.४,१५,७८,८९६.२५।- रहेकोमा यस कार्यालयको लागत अनुमान अनुसार श्री जि.एण्ड.जी. सप्लायर्सको ४३.९२ प्रतिशत र सदाज्योति सप्लायर्सको २७.०८ प्रतिशत घटी भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) अनुसार मिति २०७७।१२।१८ गते न्युनतम मुल्याङ्कित जि.एण्ड.जी. सप्लायर्सलाई ठेक्का प्रदान गर्ने आशयको सूचना जारी गरिएको ।

२.५ उक्त सप्लायर्सलाई ठेक्का दिने आशयको सूचना उपर सदाज्योती सप्लायर्सद्वारा मिति २०७७।१२।१८ गते पुनरावलोकन गरीपाउँ भनी दिएको निवेदन उपर गठित पुनरावलोकन समितिको मिति २०७७।१२।२३ गतेको मागदावी नपुग्ने भन्ने प्रतिवेदन अनुसार मिति २०७७।१२।२४ गते निबेदकलाई पुनरावलोकन गर्न नपर्ने जानकारी गराइएको ।

२.६ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(१) अनुसार सारभुतरुपमा प्रभावकारी रहेकामध्ये न्युनतम मुल्याङ्कित जि.एण्ड.जी. सप्लायर्सको राशन टेण्डर स्वीकृत गर्ने आशयको सन्दर्भमा निज सदाज्योती सप्लायर्सले दिएको निवेदन उक्त दफाको प्रतिकुल रहेको देखिन्छ ।

२.७ जि.एण्ड.जी.सप्लायर्सले मिति २०६३।०४।३० गते बाणिज्य विभागको प्रमाणपत्र लिई सोही आधारमा खाद्यान्न खरिद विक्री गर्दै आएको र मिति २०७७।०४।०५ मा नेपाल सरकार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य, आपुर्ति तथा संरक्षण विभागबाट समेत खाद्य लगायतका सामग्रीहरुको खुद्रा खरिद विक्रि गर्न ईजाजत प्रमाण पत्र लिएको BID Document मा संलग्न कागजात र सोही आधारमा उक्त सप्लायर्सले बुढानिलकण्ठ लगायतका स्कूलहरुमा लामो समयदेखि खाद्य सामग्री सप्लाइ गरेको अनुभवको प्रमाणपत्र समेत संलग्न रहेको आधारमा नेपाल ए.पि.एफ. स्कुलले माग गरेको सम्पुर्ण मापदण्ड पुरा गरेको छ ।

२.८ मूल्याङ्कन समितिले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम आवश्यक पर्ने सम्पूर्ण कागजातहरुको मूल्याङ्कन र परीक्षण गरेर सारभुतरुपमा प्रभावग्राही नरहेको बोलपत्र तर न्यूनतम कबोल अंक १३९।९६ गरेको सोनु सप्लायर्सले सूचनामा माग गरिएका कागजातहरु पेश गरेको नपाईएको हुँदा पूर्णताको परिक्षणमा योग्य हुन नसकेकोले दोस्रो न्यूनतम अंक कबोल गरेको सारभुतरुपमा प्रभावग्राही रहेको श्री जि.एण्ड.जी.सप्लायर्सको बोलपत्र मूल्याङ्कन समितिले छनौट गरेको ।

२.९ निवेदक सदाज्योती सप्लायर्सले सार्वजनिक खरिद पुनरावलोकन समिति उपर दिएको निवेदनमा उठाइएका विषयहरु सार्वजनिक खरिद ऐन, नियम अनुसार प्रक्रिया पुऱ्याई भएका काम कारबाहीलाई अवरुद्ध गर्ने मनसाय रहेको हुँदा राशन टेण्डर प्रक्रिया कानूनसम्मत रहेकोले उक्त निवेदन बदर गरी अनुरोध छ ।

## ३. अध्ययन अवलोकनः

उपर्युक्त निवेदकको निवेदन/मुद्दाका बिषयमा निवेदनसाथ पेस भएका कागजातहरु, बोलपत्र कागजातहरु, सार्वजनिक निकायबाट प्राप्त कागजातहरु, सार्बजनिक खरिद सम्बन्धी प्रचलित कानूनहरुका आधारमा अध्ययन अवलोकन गरिएको छ ।

३.१ सार्बजनिक निकाय नेपाल एपिएफ स्कूल कीर्तिपुरले मिति २०७७।११।०४ गते उक्त स्कूलमा कक्षा ४ देखि कक्षा १२ अध्ययनरत ६९५ बिद्यार्थीहरुको लागि २०७८ बैशाख १ गते देखि २०७८ चैत्र मसान्तसम्मको लागि राशन आपूर्तिको लागि बिद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरेको बोलपत्र पेश गर्ने अन्तिम मिति २०७७।१२।०५ सम्म जि.एण्ड.जि. सप्लायर्स, सदाज्योति सप्लायर्स, सोनु सप्लायर्स र कार्की स्टोर एण्ड सप्लायर्सको बोलपत्र बोलपत्र पेश भएकोमा सोनु सप्लायर्स र कार्की स्टोर एण्ड सप्लायर्सले आब २०७४।७५,२०७५।७६ र २०७६।७७ मध्ये कुनै एक बर्षमा रु.३,२२,००,०००।-को कुनै सरकारी वा निजी संस्थामा सन्तोषजनकरुपमा राशन सम्बन्धी सामग्री आपूर्ति गरेको प्रमाणित कागजात भएका जि.एण्ड.जि. सप्लायर्स, सदाज्योति सप्लायर्स आर्थिक प्रस्ताव मूल्यांकन गर्दा श्री जि.एण्ड.जी. सप्लायर्सको प्रतिदिन प्रति विद्यार्थी मुल्य अभिवृद्धि कर बाहेक रु. १५०।८६ ले जम्मा कबोल रकम रु. ३,१९,७८,५४८.५०।-( लागत अनुमान भन्दा ४३.९२ प्रतिशत घटी) र सदाज्योति सप्लायर्सको प्रति दिन प्रति विद्यार्थी मुल्य अभिवृद्धि कर बाहेक रु १९६.१५ ले जम्मा कबोल रकम रु.४,१५,७८,८९६.२५।- (२७.०८ प्रतिशत घटी) भएको जनाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) अनुसार मिति २०७७।१२।१८ गते न्युनतम मुल्याङ्कित जि.एण्ड.जी. सप्लायर्सलाई ठेक्का प्रदान गर्ने आशयको सूचना जारी गरेको देखिन्छ ।

३.२ निबेदक सदाज्योति सप्लायर्सले जि.एण्ड.जि. सप्लायर्सको व्यसाय दर्ताको ईजाजतपत्रमा राशन आपुर्तिको कारोवार गर्ने उल्लेख नभएको जनाई सार्बजनिक निकायका प्रमुख समक्ष मिति २०७७।१२।२२ मा पुनरावलोकनका लागि निबेदन दिएकोमा सार्बजनिक निकायबाट मिति

२०७७।१२।२४ गते पुनरावलोकन गरिरहन नपर्ने भन्ने जवाफ दिएको र सो उपर चित्त नबुझी मिति २०७७।१।३० मा पुनरावलोकनका लगि म्यादभित्रै बैंक ग्यारेन्टी सहित यस समितिमा निबेदन दिएको देखिन्छ ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा सार्वजनिक निकायले यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने र उपदफा (२) मा उपदफा (१) कोप्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था भएकोले सार्बजनिक खरिद गर्दा सार्बजनिक निकाय यस ऐनमा भएको कार्यविधि पालना गर्न बाध्यकारी हुन्छ ।

३.४ सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(१) (क) बमोजिम बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यताका आधार पूरा गरेको हुनु पर्ने तथा उपदफा (४) बमोजिम बोलपत्र प्रस्तावको मुल्याँकन बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित आधार बमोजिम मात्र गर्नु पर्ने व्यवस्था भएकोले बोलपत्रको मूल्यांकन बोलपत्रमा उल्लिखित आधारमा गर्न सार्बजनिक निकाय बाध्यकारी हुन्छ ।

३.५ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ६५(१) (ग) मा सार्बजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक निकायले खरिद कारबाही संचालन गर्न प्रयोग गर्नु पर्ने बोलपत्र सम्वन्धी कागजातको स्याटन्डर्ड नमूना तयार गर्ने तथा नियमावलीको नियम २४ मा कुनै खरिद सम्झौताका सम्वन्धमा यस परिच्छेदमा उल्लिखित शर्तका अतिरिक्त बोलपत्र सम्बन्धी कागजातमा अन्य कुनै थपशर्त राख्नु परेमा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी कागजातको खरिद सम्झौताका शर्तहरुमा सारभूतरुपमा फरक नपर्ने गरी थप शर्त राख्न सकिने व्यवस्था भएको देखिन्छ ।

सार्बजनिक खरिद अनुगमन कार्यालयबाट जारी राशन खरिदको बोलपत्र सम्बन्धी कागजातको स्टार्ण्ड नमुनाको खण्ड-९(ख) राशनको परिमाण सहितको मूल्यसूचिमा महल १ मा सि.नं., २ मा राशन सामग्रीको बिवरण, ३ मा प्रतिदिन/प्रति व्यक्ति राशन दरबन्दी, ४ मा इकाई, ५ मा दरबन्दी अनुसारको प्रति दिन प्रति व्यक्ति दर (रु.) अंकमा अक्षरमा, ६ मा दरबन्दी अनुसार प्रति ब्यक्ति बार्षिक दर रु, ७ मा राशन खाने कुल जनशक्ति, ८ मा कूल बार्षिक रकम र ९ मा कैफियत उल्लेख भएको छ । सार्बजनिक निकाय एपिएफ स्कूल कीर्तिपुरबाट जारी बोलपत्र कागजातको उक्त खण्डको राशनको परिमाण सहितको मूल्यसूचिमा पछिल्ला महलहरु ६,७,८ समाबेश गरेको देखिएन । बोलपत्र सम्बन्धी कागजातमा अन्य कुनै थप शर्त राख्नु परेमा पनि सार्बजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी कागजातको खरिद सम्झौताका शर्तहरुमा सारभूतरुपमा फरक नपर्ने गरी मात्र राख्न सकिने व्यवस्था भएकोमा एपिएफ स्कूल कीर्तिपुरबाट जारी बोलपत्र कागजातमा समाबेश गनुपर्ने महलहरु समेत समाबेश गरेको नदेखिदा जारी बोलपत्र उपर्युक्त कानूनी व्यवस्था सम्मत देखिदैन ।

३.६ सार्बजनिक निकायबाट जारी बोलपत्र कागजातको खण्ड २ बोलपत्रदातालाई निर्देशनको १४.१ मा बोलपत्रदाताले आपूर्ति गरिने राशन सामग्रीको मूल्य परिमाण सूचीमा उल्लेख भएका सबै आईटमको प्रति इकाई मूल्य र कुल मूल्य उल्लेख गर्नु पर्ने उल्लेख भएकोले बोलपत्रदाताले बोलपत्र पेश गर्दा राशन परिमाण सहितको मूल्य सूचिमा प्रति ईकाई मूल्य र कुल मूल्य अनिवार्यरुपमा उल्लेख गर्नु पर्ने हुन्छ । सार्बजनिक निकायबाट जारी बोलपत्र कागजातमा संलग्न राशन परिमाण सहितको मूल्य सूचिमा महलहरु ६,७,८ समाबेश नराखेकाले सबै बोलपत्रदाताहरुले बोलपत्र पेश गरेको निबेदन र राशन सामग्रीको मूल्य परिमाण सूचीमा कूल मूल्य नखुलाई प्रति इकाई मूल्य मात्र उल्लेख गरेको देखिन्छ । बोलपत्रदातालाई निर्देशनको १४.१ मा भएको व्यवस्था कार्यान्वयन हुने देखिदैन ।

३.७ सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(क) मा बोलपत्र पेश गर्न कानून बमोजिम योग्य भएका कागजात पेश गर्नु पर्ने व्यवस्था भएबाट जि एण्ड जि सप्लायर्सले राशन आपूर्ति गर्ने व्यवसाय दर्ताको ईजाजतपत्र पेश नभएको सन्दर्भमा उठान भएको विषय उचित देखिदा जि एण्ड जि सप्लायर्सको बोलपत्र परीक्षणकै क्रममा असफल हुने देखिन्छ । परीक्षणको क्रममा असफल बोलपत्रलाई मूल्यांकनको चरणमा प्रवेश गराउन मिल्दैन ।

३.८ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ४०(१) मा सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताको ग्राह्यता ( ईलिजिविलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले पेश गर्नु पर्ने कागजातको प्रतिलिपि समेत उल्लेख गर्नु पर्ने र नियम ४०(२)(ख) बोजिम राशन आपूर्तिको व्यवसाय ईजाजतपत्र पेश गर्नुपर्ने अनिवार्य व्यवस्था रहेकोले उक्त ईजाजतपत्र पेश नहुदा बोलपत्रको कानूनी ग्राह्यता पुग्ने देखिदैन ।

**४. छलफल तथा सुनुवाईः**

उपयुर्क्त खरिद प्रक्रियाका बिषयमा यस समितिमा परेको मुद्दाका बिषयमा पक्ष विपक्ष आमन्त्रण गरी मिति २०७८।०१।१३ गते ११.३० बजे समितिमा छलफल तथा वहस कार्यक्रम आयोजना भयो ।

४.१ निवेदक शदाज्योती सप्लायर्सका तर्फबाट अधिबक्ता तुलबहादुर श्रेष्ठ, अधिबक्ता शरद कोइराला र अधिबक्ता किरण पौडेलले वहस पैरवी गर्नु भयो ।

४.१.१ यस खरिद प्रकृयाको लागि मिति २०७७।११।०४ मा बोलपत्र जारी भयो, बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना २०७७।१२।१८ मा प्रकासित गरियो । बोलपत्र आह्वानको सूचनाको प्रकरण १ मा राशन सामाग्रीहरु आपूर्ति गर्नु पर्ने भएको भनी राशन आपूर्ति सम्बन्धि ब्यवशाय गर्न सम्बधित् निकायबाट इजाजत प्राप्त इच्छुक नेपालीहरुबाट बोलपत्र माग गरिएको छ । बोलपत्र कागजातको खण्ड ३ को ४.१ मा बोलपत्रदाताको ग्राह्यताको बुदा २ मा बोलपत्रदाताले बोलपत्र पेस गर्न कानून वमोजिम योग्य भएको पुष्टयाई गर्न ब्यवसाय दर्ता प्रमाण पत्र माग गरिएको छ । यसबाट के पुष्टि हुन्छ भने यो प्रमाणपत्र कानून अनुसार ग्रह्यता पुष्टी गर्ने आबश्यक पर्ने अनिवार्यरुपमा पेश गर्नु पर्ने प्रमाण हो ।

४.१.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० (१) (क) मा बोलपत्रदाताले खरिद सम्झौता प्राप्त गर्न बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित योग्यताका आधार पूरा गर्नु पर्ने छ भनिएको र उपदफा (२) मा बोलपत्र सम्बन्धि कागजातमा योग्यताका आधार उल्लेख गर्दा पेशागत र प्राविधिक, कानूनी सक्षमता समेत उल्लेख गर्नु पर्ने तथा नियमावलीको नियम ४० को (२)(ख) मा ब्यवसाय दर्ताको इजाजत पत्र ( ब्यवसाय संचालन गर्न प्रचलित कानून वमोजिम प्रमाण पत्र वा इजाजत पत्र दर्ताको ईजाजतपत्रलिनु पर्ने ब्यवस्था भएकोले बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित योग्यताका आधारहरु अनिवार्यरुपमा पूरा गर्नु पर्ने बाध्यात्मक ब्यवस्था छ । ऐ ऐनको दफा १३(२) वमोजिमका कागजातहरु समेत पूरा गर्नु पर्ने ब्यवस्था छ । ऐनको दफा २३(२) मा बोलपत्रको परीक्षण गर्दा खण्ड (क),(ख),(ग) र (घ) बमोजिम भए नभएको निर्क्योल गर्नु पर्ने साथै उपदफा (३) मा बोलपत्रको पूर्णताको परीक्षण गर्दा खण्ड (क) देखि (च) सम्म उल्लेख भए नभएको परिक्षण गर्नु पर्ने ब्यवस्था रहेको छ । यसरी ऐनको दफा २३(२)(क) वमोजम कानून्ले योग्य छ भन्ने प्रमाण पेस नगर्ने तथा दफा २४ वमोजिम कारवाइ नहुने जि.एण्ड जीं सप्लायर्स कानून् वमोजिम योग्य

नहुदा नहुदै यी चरणहरु पूरा नै नगरी दफा २५ बोलपत्र मूल्यांकनको कार्यान्वियन गरियो र ऐनको दफा २७(२) बमोजिम ठेक्का स्वीकृत गर्ने सम्बन्धमा मिति २०७७।१२।१८ मा आशयको ससूचना प्रकाशन गरियो, यो गैर कानूनी छ ।

४.१.३ फर्म दर्ता र ब्यवशाय ईजाजतपत्र फरक बिषय हुन् । कानून अनुसार पेस गरेको हाम्रो बोलपत्रलाई असफल बनाइ सकेपछि हामीले सार्वजनिक निकाय प्रमुख समक्ष पुनरावलोकनका लागि निवेदन प्रस्तुत गरेकोमा यस सम्बन्धमा पुनरावलोकन गर्न नपर्ने भनी मिति २०७७।१२।२४ मा जवाफ दिइयो ।

४.१.४ राज्यका निकायले सार्वजनिक खरिद गर्दा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट खरिद गर्नु पर्दछ । सार्वजनिक निकायले बोलपत्र माग गर्दा शर्तहरु तोक्ने, पछि निर्णय गर्दा अर्को गर्ने काम आम जनतालाई छल्नु हो । तोकिएका शर्तहरुलाई उल्लंघन गर्न कानून्ले दिदैन । कि समय मै शर्तहरु कानून वमोजिम सच्याउन सकिन्छ । जि.एण्ड जी सप्लायर्सले बोलपत्रसाथ व्यवसायको प्रकृति स्पष्ट खुलेको व्यवसायको ईजाजतपत्र प्रस्तुत गर्नु पर्छ किनकी यसलाइ कानून्ले बाध्यकारी वनाएको छ । नियम ४५ बमोजिम बोलपत्रसाथ पेस गरेको कागजातको वैधताको जिम्मेवारी सम्बन्धित् बोलपत्रदाता नै हुन्छ ।

४.१.५ सही कार्यविधिले सही निर्णय दिन्छ, गलत कार्यविधिले गलत परिणाम आउँछ । मिति २०७७।०९।१४ मा भएको समितिको निर्णय अनुसार यही ब्यवशायको प्रमाणपत्र विहिन भएको कारणले हामीले Disqualify हुनु पऱ्यो । अहिले हामीले यो प्रमाण बोलपत्रसाथ पेश गरेकोले कानुनी मान्यता पाउनुपर्दछ भन्ने हाम्रो अनुरोध हो । वहसका क्रममा सम्मानीत सर्वाच्च अदालतको नजीर नि. नं. ८४०६ पेस गर्नु भयो ।

४.१.६ सरकारी पक्षले बोलपत्रको शर्त राख्दा कानून वमोजिम राख्नु पर्दछ । बोलपत्रदाताले बोलपत्रको शर्त कानून वमोजिम राखेको छ भनी बिश्वास गरी बोलपत्र दाखिल गरेको हुन्छ । ऐनको दफा २३ (२) र (३) वमोजिमको परीक्षणबाट अगाडी बढी र बोलपत्र मूल्यांकन भयो । यसबाट बोलपत्र सारभुत पमा प्रभावग्राही भएको प्रमाणित भयो । यसबाट बुझिन्छ जि एण्ड जि को कम कवोल रकम भएकोले बोलपत्र स्वीकृत गरेको बुझिन्छ । तर वेन्चले जि. एण्ड जी कानूनीरुपले प्रभावग्राही हो की होइन भन्ने कुरा ठहर गर्नु पर्दछ ।

तसर्थ कानूनी दृष्टिबाट हाम्रो बोलपत्र जि एण्ड जि को भन्दा कवोल अंक बढी भए पनि सारभुतरुपले प्रभावग्राही छ । मिति २०७७।१२।१८ को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना गैर कानूनी हुँदा उक्त सूचना खारेज गरी हाम्रो पक्षमा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गर्न भनी बिपक्षीको नाममा आदेश जारी गरी पाँउ ।

४.२ सार्वजनिक निकाय एपिएफ स्कूल कीर्तिपुरका तर्फबाट अधिबक्ता सशस्त्र प्रहरी उपरीक्षक श्री युवराज अर्याल, अधिवक्ता सशस्त्र प्रहरी नायव उपरीक्षक श्री छवि लाल पाण्डेले छलफल तथा वहसमा भाग लिनु भयो ।

४.२.१ नेपाल एपीएफ स्कुलमा अध्ययनरत विद्यार्थीहरुको निमित्त शैक्षिक सत्र २०७८ साल बैशाख १ गतेदेखि २०७८ साल चैत्र मसान्तसम्म एक वर्षको लागि राशन टेन्डरद्वारा राशन खरिद गरी आपूर्ति गर्न मिति २०७७।११।०४ गते राष्ट्रिय दैनिक पत्रिका राजधानीमा सूचना प्रकाशित भई मिति २०७७।१२।०५ गते १२ बजेसम्म जि.एण्ड.जि. सप्लायर्स, सदाज्योति सप्लायर्स, सोनु सप्लायर्स र कार्की स्टोर एण्ड सप्लायर्स सहित ४ (चार) वटा बोलपत्र दाताहरुबाट बोलपत्र पेश भएकोमा मिति २०७७।१२।०५ गते नियमानुसार बोलपत्र खोलिएको । पेट्रोल कारोवार नाफा र सशस्त्र प्रहरी कर्मचारीहरु समेतको रकमबाट एउटा कोष स्थापना भएको र सो रकमबाट नाफारहीत हिसावले स.प्र.वि.नि, २०७२ नियम १६५ को आधारमा यो स्कूल संचालन भैरहेको छ । यस स्कूलमा कक्षा ४ देखि १२ का ६९५ बिद्यार्थीहरुका लागि बिदा कट्टा गरी राशन आपूर्ति गर्नुपर्ने रहेको छ । सुरक्षा निकायका यस प्रकृतिका विद्यालयहरु आफ्नै कल्याणकारी फण्डबाट सेवामुलक र गैह्र नाफामुलक उदेश्यले सशस्त्र प्रहरी बल नेपालमा कार्यरत कर्मचारीहरु, निजका आश्रित परिवारजनहरु र सर्वसाधारणका सन्ततिहरुको कल्याणकारी कार्यको लागि संचालित छन् ।

४.२.२ यस खरिद कार्यका लागि पेस गरेको बोलपत्रहरु नियमानुसार मानवश्रोत विभाग, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको च.नं. २४१७ मिति २०७७।११।१८ गतेको पत्रद्वारा गठित बोलपत्र मुल्याङ्कन समितिले सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको बोलपत्र सम्बन्धी कागजातमा रहेको कानूनी प्रावधान बमोजिम बोलपत्रहरुको कानुनी ग्राह्यता, पूर्णताको परीक्षण, प्रभावकारी बोलपत्रहरुको छनौट, न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावकारी बोलपत्रलाई सिफारिस गर्ने कानूनी प्रक्रिया अनुरुप बोलपत्रको मुल्याङ्कन तथा परीक्षण गर्दा सोनु सप्लायर्स र काकी स्टोर एण्ड सप्लायर्स मुल्याङ्कन प्रक्रियामा अयोग्य भएको तथा गठीत बोलपत्र मूल्यांकन समितिबाट कानूनको परिधि भित्र रहेर बोलपत्रको मूल्यांकन गर्दा जि.एण्ड. जि. सप्लायर्स र शदाज्वोती सप्लायर्स दुवैलाइ सारभूतरुपमा प्रभावग्राही भएको सिफरिस गरेको छ ।

४.२.३ नेपाल एपीएफ स्कुलले विद्यालय भित्र हुने आवाशीय विद्याथीहरुको लागि खाद्यान्न उपलब्ध गराउन नेपाल एपीएफ स्कुल विनियमावली कार्यविधि, (दोस्रो संशोधन २०७६) विनियम ८६ को उप-विनियम (१) बमोजिम खाद्यान्न आपुर्ति गर्ने व्यवस्था भए अनुरुप विनियम ८६ को उप विनियम ९२० बमोजिमको राशन आपूर्ति समिति गठन गरी राशन आपूर्तिको व्यवस्था मिलाउदै आईरहेको छ ।

४.२.४ श्री जि.एण्ड.जी. सप्लायर्सको प्रतिदिन प्रति विद्याथी राशन कबोल रकम मुल्य अभिवृद्धि कर बाहेक रु. १५०.८६।- का दरले जम्मा कबोल रकम मुल्य अभिवृदि कर बाहेक रु. ३,१९,७८,५४८.५०।- (स्वीकृत लागत अनुमानभन्दा ४३.९२ प्रतिशत घटी) र सदाज्योति सप्लायर्सको प्रति दिन प्रति विद्यार्थी राशन कबोल रकम मुल्य अभिवृदि कर बाहेक रु १९६.१५ का दरले जम्मा कबोल रकम मुल्य अभिवृद्धि कर बाहेक रु.४,१५,७८,८९६.२५।- (२७.०८ प्रतिशत घटी) भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ अनुसार सारभुतरुपमा प्रभावग्राहीमध्ये न्युनतम मुल्याङ्कित जि.एण्ड.जी. सप्लायर्सको राशन टेण्डर स्वीकृत भई मिति २०७७।१२।१८ गते निज जि.एण्ड.जी.सप्लायर्सलाई ठेक्का प्रदान गर्ने आशयको सूचना जारी गरिएको हो ।

४.२.५ मिति २०७७।१२।१८ गते जि.एण्ड.जी. सप्लायर्सलाई जारी भएको ठेक्का दिने आशयको सूचना उपर सदाज्योती सप्लायर्सका प्रो.उज्वल थपलियाद्वारा पुनरावलोकन गरीपाउँ भनी दिएको निवेदन उपर गठित पुनरावलोकन समितिबाट सदाज्योती सप्लायर्सले पेश गरेको निवेदन बमोजिम मागदावी नपुग्ने भनी मिति २०७७।१२।२३ गते पेश गरेको प्रतिवेदन अनुसार मिति २०७७।१२।२४ गते निज सदाज्योती सप्लायर्सलाई पुनरावलोकन गर्न नपर्ने भनी जानकारी गराइएको हो ।

४.२.६ जि.एण्ड.जी. सप्लायर्सले मिति २०६३।०४।३० गते बाणिज्य विभागबाट लिएको प्रमाणपत्रको आधारमा खाद्यान्न खरिद बिक्रि गर्दै आएको र मिति २०७७।०४।०५ मा नेपाल सरकार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य, आपुर्ति तथा संरक्षण विभागबाट समेत खाद्य लगायतका सामग्रीहरुको खुद्रा खरिद बिक्री गर्न लिएको ईजाजतपत्र BID Document मा संलग्न गरेको र सोही आधारमा उक्त सप्लायर्सले बुढानिलकण्ठ लगायतका स्कूलहरुमा लामो समयदेखि खाद्य सामग्री, मासु र अण्डा समेत सप्लाइ गरेको अनुभव पत्र समेत संलग्न रहेको आधारमा नेपाल ए.पि.एफ. स्कुलले माग गरेको सम्पुर्ण मापदण्ड पुरा गरेको छ। यो खरिद कार्यमा सार्वजनिक निकाय पूर्बाग्रही रहेको छैन । निबेदक विपक्षीले प्राप्त गरेको ब्यवसाय इजाजतपत्रले कानूनी मान्यता पाउदैन र यो खाद्यान्न आपूर्ति गर्ने अनुमति पत्र पनि होईन । तसर्थ निबेकको निबेदन खारेज होस ।

## ५. समितिको निर्णयः

सार्बजनिक निकायबाट Contract ID NO: NAPFSCHOOL/NCB/R/01/077/078 बाट राशन खरिदको बोलपत्र स्वीकृत गर्ने मिति २०७७।१२।१८ मा जारी आशयको सूचनाको बिरुद्धमा वोलपत्रदाता निवेदक सदाज्योति सप्लायर्सले यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया र सोमा संलग्न कागजात, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु एवं सम्बन्धित पक्षहरुबीच भएका छलफलको क्रममा उठाइएका विषय समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

बोलपत्रदाता जि एण्ड जि सप्लायर्सबाट सार्बजनिक निकायबाट जारी बोलपत्र कागजातको खण्ड ४, नमुना फाराम “ख” बमोजिम व्यवसाय दर्ताको ईजाजतपत्र पेश गर्न चुकेको, खण्ड (९) को बोलपत्र पेश गरेको निबेदनमा बोलपत्रदाताहरुलाई निर्देशन भए बमोजिम जम्मा कबोल रकम अंक र अक्षरमा उल्लेख गर्नु पर्नेमा प्रति दिन प्रति बिद्यार्थी दर मात्र उल्लेख गरेको तथा सार्बजनिक निकायले जारी गरेको बोलपत्र कागजातको राशनको परिमाण सहितको मूल्य सूचि सार्बजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र कागजात (स्टेण्डर्ड बिडिङ्ग डकुमेन्ट) मा समाबेश अनुसारको फाराम (ख) राशन परिमाण सहितको मूल्य सूचीको ढाँचामा जारी नगरी अपुरो, अधुरो र अन्यथा हुने गरी जारी गरेकोले सार्बजनिक खरिद नियमावली, २०६४ को नियम २४ बिरुद्ध रहेको छ । अतः सार्बजनिक निकाय एपिएफ स्कूल कीर्तिपुरले बोलपत्र मूल्यांकन गरी मिति २०७७।१२।१८ मा प्रकाशन गरेको आशयको सूचना समेत सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (ख) (२) बमोजिम सार्बजनिक निकायले गरेको निर्णयलाई पूर्णरुपमा रद्द गर्न आदेश दिएको छ। कानून बमोजिम गर्नु, अरु तपशील बमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार फुकुवा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ………………… | …………………… |
| कमलकुमार श्रेष्ठ | गुणराज श्रेष्ठ |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७८ साल बैशाख १६ गते रोज ०५ शुभम्………………………………………।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री भीम कुमार ओझा**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १४१**
**आ.व. २०७७/७८ को निर्णय नं १७**

काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. सुबिधानगर स्थित E.G.Infra Pvt.ltd का अख्तियारप्राप्त व्यक्ति उत्तम पौडेल....१ निवेदक

विरुद्ध

श्रीसचिव , भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, वागमती प्रदेश हेटौडा , मकवानपुर ....................................१ विपक्षी

श्रीभूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, वागमती प्रदेश, हेटौडा, मकवानपुर नेपाल.........................................१

**विवादको विषयः- वेरितको निर्णय एवं सूचना वदर गरी न्याय पाँउ ।**

**समितिको निर्णय**

सार्बजनिक निकायबाट IBF NO.MOLMAC/BA/NCB/WORKS/03/077/78, Construction of BSL2+ Labotory at Agriculture and Forestry University , Rampur Chitawan कामको खरिद प्रकियाको बिषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४८ वमोजिम समितिले पूर्णता नपाएको अवस्थामा सोही ऐनको दफा ५०(४) वमोजिमको समयावधि भित्र निवेदकको निवेदन उपर निणर्य गर्न नसकेको ले सो को जानकारी निवेदकलाई दिनु । निवेदकले राखेको बैक जमानत फुकुवा गरी दिनु ।

..................... ........................

कमलकुमार श्रेष्ठ भीम कुमार ओझा

सदस्य अध्यक्ष

इति सम्वत् २०७८ साल आषाढ ७ गते रोज २ शुभम्.............................................१

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री भीम कुमार ओझा**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

## मुद्दा नं. १४२
## आ.व. २०७७/७८ को निर्णय नं १८

टोखा न.पा. वडा नं. ४ धापासी काठमाण्डौ स्थित सूर्योदय उर्जा प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त ऐ. का सेल्स मेनेजर काठमाण्डौं ३२ बस्ने बर्ष ३३ का ई. सन्तोष श्रेष्ठ..१ — निवेदक

**विरुद्ध**

श्री जलश्रोत तथा सिचाई बिभाग, एकीकृत उर्जा तथा सिचाई बिषेस कार्यक्रम, पुल्चोक ललितपुर १ ऐ का निकाय प्रमुख....१ — विपक्षी

**विवादको विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम निर्णयको पुनरावलोकन गरी पाउँ ।**

### १. निवेदकको माग दावी

मिति २०७८।०२।०९ मा निवेदक सूर्योदय उर्जा प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त ऐ. का सेल्स मेनेजर काठमाण्डौं ३२ बस्ने बर्ष ३३ का ई. सन्तोष श्रेष्ठबाट Works –CKOAGKSSIP-NCB-077/78-11, Construction of Chakri Khola Obare and GairiKhola Solar Lift Irrirgation Sub-project निर्माण कार्यको खरिद प्रक्रियाका सम्बन्धमा यस समितिमा पेस गरेको निवेदनको मागदावीको मुख्य सार देहायवमोजिम रहेको देखिन्छ ।

१.१ सार्वजनिक निकाय श्रीजलश्रोत तथा सिचाई बिभाग, एकीकृत उर्जा तथा सिचाई बिषेस कार्यक्रम, पुल्चोकबाट मिति २०७८।१२।०३ मा उपर्युक्त खरिद कार्यका लागि बोलपत्र सूचना जारी भएको मा सो सूचनामा उल्लेख भए वमोजिम आफनो योग्यता पुष्टी गर्ने कागजातहरु सहीत रीतपूर्वकको छुट्टा छुट्टै प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव सहीत पेस गरेकोमा मिति २०७८।०१।२८ मा आर्थिक प्रस्ताव खोलिने सूचनामा हाम्रो कम्पनीको नाम प्रकाशन् नभएको ,र प्राविधिक प्रस्तावमा अयोग्यताको कारण पनि दिइएन, र हामीले कार्यालय प्रमुख समक्ष मिति २०७८।०१।३० मा निवेदन दिएकोमा मिति २०७८।०२।०३ मा बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित् योग्यता नरहेको भन्ने आशय उल्लेख गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) र (३) बमोजिम सारभूतरुपमा प्रभावग्राही नभएको ले सोही ऐनको दफा २४ अनुसार बोलपत्र उपर कारवाइ नभएको भनी जानकारी गराइएको ले हामी कम्पनीलाई आघात पुग्न गएको छ ।

१.२ विपक्षीको गैरकानूनी निर्णय र तत्सम्बन्धि सम्पूर्ण कामकारवाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २(घ), दफा ९,१०,२३,४७ र नियमावली , २०६४ को नियम २६,२८,२९,३७,४०,६०,६५,६६,७६ समेत विपरित छ ।

१.३ बोलपत्र सम्बन्धी कागजातको Section iii: Evaluation and Qualification Criteria को Evaluation Criteria 2.3 Financial sitation 2.4 Experience under construction Contracts in the role of contractor, subcontractor, or Management contractor for at least the last (five) years prior to the applications submission deadline कार्यानुभव हुनु पर्ने उल्लेख छ । यस्तै प्रकृतीका कार्यहरु हामीले २० बर्ष देखि गर्दै आएको बोलपत्र कागजातहरुमा समावेश गरेका छौ । general construction and Specific construction experience बोलपत्र फारम संग पेस गरेको छ । वैधानिक रुपमा आर्जित अनुभव र औशत् बार्षिक कारोवार लाइ सून्य घोषित् गर्न मिल्दैन । सौर्य उर्जा मा अनुभव नभएका र सो क्षेत्रमा काम नगरेका कम्पनीहरुलाई समावेस गरी योग्य घोषित गरेको त्रुटीपूर्णछ ।

१.४ सार्वजनिक निकायले मिति २०७७।०३।२३ मा मात्र टोखा नगरपालिकाबाट निर्माण व्यवसाय गर्ने इजाजत् लिएको र बोलपत्र सम्बन्धि कागजातमा ५ बर्ष अघिको अनुभव चाहिन शर्त रहेको भन्ने आधार राखी बोलपत्र Non-responnsive गर्नु गैर कानूनी हुनुका साथै तथ्य विपरित र बदनियत समेत छ ।

### २. सार्वजनिक निकायको प्रतिकिया

उपरोक्त खरिद कार्यका लागि पुनरावलोकन गरी पाउँ भनि निवेदक सर्योदय उर्जा प्रा.ली. ले गरेको निवेदनका सम्बन्धमा मिति २०७८।०२।०९ गते प्रतिक्रिया तथा जानकारी माग गरेको मा सार्वजनिक निकाय श्रीजलश्रोत तथा सिचाई बिभाग, एकीकृत उर्जा तथा सिचाई बिषेस कार्याक्रम, पुल्चोकबाट मिति २०७८।०२।११ मा प्रतिक्रिया तथा जवाफ प्राप्त भएको छ । त्यसको सार देहाय वमोजिम छन्:-

२.१ विपक्षीबाट पेस भएको प्राविधिक प्रस्ताव प्रभावग्राही मान्नका लागि BID document मा उल्लिखित् मूल्यांकन सम्बन्धि प्रावधान, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११,१२,१४,२३,२४,२५,२६ लगायत विभिन्न दफाहरु र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६,१७,१८(२)(ख), २२,३२(ख) लगायत विभिन्न निकायहरुको रोहमा हेरिनु पर्ने हुन्छ । यस्ता सम्बन्धित् कानून् र BID document मा भएका प्रावधानका आधारमा बोलपत्र मूल्यांकन गर्दा प्रथम दृष्ठि मूल्यांकन प्रभावग्राही नभएको मिति २०७८।०२।०३ मा जानकारी निवेदकलाई दिइसकिएको हो ।

२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११ समेतमा उल्लिखित् Mandatory legal Provisions & procedures वमोजिम Bidding procedure छनौट गरी Bidding Document तयार गरी Single Stage Double envelope बोलपत्र आव्हान गरेको हो । प्राविधिक प्रस्तावमा नै प्रभावग्राही नभएको ले निवेदक असफल भएको ले कामकारवाइ अगाडी नवढाएको हो ।

२.३ Bidding Document को Bidding Procedure मा बोलपत्रदाताले बोलपत्र पेस गर्दा सार्वजनिक निकायले जारी गरेको बोलपत्र सम्बन्धि कागजातहरु राम्ररी पढी बुझी पेस गरेको भन्ने न्यायीक अनुमान गरिन्छ । विपक्षीले पेस गरेको प्रस्तावबाट २०७७।०३।२३ मा टोखा

नगरपालिकाबाट निर्माण व्यवशाय इजाजत पत्र लिएको दखिन्छ । बोलपत्र सम्बन्धि कागजातको Section iii मा Evaluation and qualification criteria मा दुइवटा Criteria तोकिएकोमा Clause 2.4 मा व्यवसाय दर्ता भएको ५ बर्ष हुनु पर्ने मा माथीको मितिमा जारी भएको व्यवशायीक अनुमती पत्र लिएको ले Experience अवधि ५ बर्ष पुरा नभएको अवस्था प्रष्ट भई बोलपत्र Responsive नगरेको हो ।

२.४ विपक्षीलाइ पत्राचार गरी प्राविधिक प्रस्तावको Evaluation Criteria अनुसार अनुतिर्ण देखिएको बस्तुनिष्ट आधार र कारण उल्लेख जानकारी गराइएकोछ । विपक्षीबाट मिल्दोजुल्दो नाममा अन्य व्यवशायमा काम लामो समय देखि गरेपनि ती कार्य र अनुभव प्राविधिक प्रस्तावहरु संग मिल्ने कार्य र अनुभव होइनन् । प्राविधिक प्रस्ताव स्वीकृत गर्नु पर्ने आवश्यक व्यवसाय इजाजत लिएको ५ बर्ष पुगेको नै हो । आवश्यक अनुमती पत्र भन्दा बाहिरको अशान्दार्भिक कामको पेस गर्दैमा प्राविधिक प्रस्ताव स्वीकार हुने आधार सृजना हुनै सक्दैन ।

अतः निवेदक सुर्योदय उर्जा प्रा.ली. आर्थिक प्रस्ताव सम्बन्धि मिति २०७८।०१।२८ को एवं विपक्षिको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको नपाइएको भन्ने मिति २०७८।०२।०३ को पत्राचार र यस सम्बन्धि सम्पूर्ण काम कारवाइहरु कानून सम्मत रही वदर नहुने अवस्था रहेको  ले विपक्षिको पुनरावलोकन निवेदन खारेज गरी पाउँ ।

**३. अध्ययन अवलोकन**

३.१ उपर्युक्त खरिद प्रक्रियाका मुद्दाको बिषयमा निवेदकले निवेदनसाथ पेश गरेको कागज प्रमाण, सार्वजनिक निकायबाट सन् मिति २०२१।०५।२४ e-mail मार्फत समेतबाट दिइएको प्रतिकिया र बोलपत्र कागजातहरु, Bid Response Document तथा सार्वजनिक खरिद ऐन, नियमावलीका आधारमा अध्ययन अवलोकन गरिएको छ ।

३.२ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा सार्वजनिक निकायले यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने र उपदफा (२) मा उपदफा (१) को प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था भएकोले सार्बजनिक खरिद गर्दा सार्बजनिक निकाय यस ऐनमा भएको कार्यविधि पालना गर्न बाध्यकारी हुन्छ ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(१) (क) बमोजिम बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यताका आधार पूरा गरेको हुनु पर्ने तथा उपदफा (४) बमोजिम बोलपत्र प्रस्तावको मुल्याँकन बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित आधार बमोजिम मात्र गर्नु पर्ने व्यवस्था भएकोले बोलपत्रको मूल्यांकन बोलपत्रमा उल्लिखित आधारमा गर्न सार्वजनिक निकाय बाध्यकारी हुन्छ ।  साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१(४) मा पनि बोलपत्र मूल्यांकन गर्दा त्यस्तो बोलपत्रको बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्ने छ भनी व्यवस्था भएकोले बोलपत्रमा व्यवस्था भई निर्देशन भएका बुदाँहरुलाइ तलमाथि गर्न मिल्ने देखिदैन।

३.४ यस contract No मा पाँच बोलपत्रदाताहरुबाट बोलपत्रहरु पेस गरेकोमा तीन बोलपत्रदाताहरु प्राविधिक प्रस्तावमा सफल भएका देखिन्छन् । निवेदकबाट पेस भएका Response Document मा Technical Proposal को Qualification मा प्रस्तुत गर्नु पर्ने (ITB 16.1 वमोजिम) का Owned भनिएको, Proposed Personnel not available उल्लेख गरेको छ । साथै बोलपत्रदाताको योग्यता (Qualification) General Construction experience, 2(a), specific Construction experience, 2(b) specific Construction experience in key activities मा not available उल्लेख भएको ले योग्यतामा कमी देखिन्छ जव की बोलपत्र कागजातहरुले माग गरेको कागजातहरु अक्षरश भरी पुरा गरेको हुनु पर्दछ । ITB को General construction experience मा कमसेकम विगत ५ बर्षहरुमा prier to the applications submission deadline construction contracts को अनुभव हुनु आवश्यक पर्छ । यसमा Construction Contract को अनुभव हुनु पर्ने, त्यो ५ बर्ष अगाडी कार्यसम्पादन गरेको हुनु पर्ने, बोलपत्र पेस गर्नु अगाडीको हुनु पर्ने व्यवस्था बोलपत्र कागजातहरुले गरेको देखिन्छ ।

साथै 2.4.2(a) Contracts of similar size and Nature मा participation as prime contractor, or sub contractor, in at least (1) one contracts (one irrigation project ) within the last ten (10) years with a value of at least 23 million that have been successfully or are substancially completed and they are similar to the proposed works..... उल्लेख भएको छ । यस खण्डमा दश बर्ष भित्रमा कमसेकम २३ मिलियनको काम गरेको, त्यो काम एउटा शिचाई सम्बन्धि काम गरेको र प्रस्ताव गरेको कामको समान हुनु पर्ने समेतको व्यवस्था गरेको देखिन्छ ।

2.4.2(b) construction experience in key activities  मा माथी 2.4.2.(a) दिइएको अवधिमा तीन Key activities (कामहरु) का अनुभवहरु हुनु पर्ने योग्यता तोकिएका छन् । यस खरिद प्रकृयामा SDB को section iii evaluation and Qualification criteria को 2 मा भएका प्रावधानहरुलाई स्वीकार गरी दस्तखत गरी बोलपत्र पेस गरेको अवस्था छ । यी योग्यताहरुलाई स्वीकार गरी बोलपत्र पेस गरेको ले पछि अन्यथा भन्न मिल्ने देखिदैन ।

साथै 2.4.1 मा ५ बर्ष, 2.4.2(a) मा कमसेकम एउटा करारमा १० बर्ष भित्र २३ millionका -(एउटा सिचाइ सम्बन्धी निर्माण गरेको) काम सम्पन्न गरेको समान काम, तथा 2.4.2(b) Key activities मा उल्लेख भएको काम गर्नु पर्ने मा अन्यथा बोलपत्र पेस गर्नु बोलपत्रले मागेको योग्यता पुग्न सक्ने अवस्था रहदैन साथै निर्माण व्यवसाय गर्ने अनुमती  (SBD को 21.1. (b)(Table को (5) mandatory) मिति २०७८।११।१४ मा प्राप्त गरेको ले पाँच बर्षको निर्माण कामको अनुभव समेत पुग्ने देखिदैन ।

३.७ ऐ. ऐनको दफा २३(२) को (क), (ख) र (घ) मा बोलपत्र कागजातको परीक्षण कै समयमा कानून वमोजिम योग्य भएको कागजात , बोलपत्रदातालाई दिईएको निर्देशन अनुरुप पुर्ण भए वा नभएको हेरिनु पर्ने तथा प्राविधिक स्पेशिफिकेसन् र खरिद सम्झौताका शर्तहरु अनुरुप बोलपत्र सारभूतरुपमा प्रभावग्राही भए वा नभएको परीक्षण गर्नु पर्ने व्यवस्था रहेको छ । यसबाट स्पष्ट हुन्छ बोलपत्रदाताहरु बोलपत्र कागजातसाथ समावेश भएको Technical Specification का शर्त समेत पूरा गर्न बाध्यकारी हुन्छ । शर्त परा गर्न नसकेको अवस्थामा सारभूतरुपमा प्रभावग्राही नहुने स्पष्ट छ ।

नियमावलीको नियम ६२ मा बोलपत्रको प्राविधिक पक्षको मूल्यांकन (क) मालसामानको आपूर्तिको क्षेत्र, (ख) मूख्य मालसामानको प्राविधिक स्पेसिफिकेशन, कार्य संचालन तथा कार्य सम्पादन बिषेशताहरु र (ग) वारेण्टीको समायावधी पक्षहरुको मुल्यांकन गर्नु पर्ने छ । उपनियम (२)

मा बोलपत्र र बोलपत्रदाताले उल्लेख गरेको कुरामा कुनै भिन्नता पाइएमा मुल्यांकन समितिले सो भिन्नता उल्लेख गर्नु पर्ने छ भनी व्यवस्था भएको छ। साथै नियम ६३ मा बोलपत्रको ब्यापारिक पक्ष र ६४ मा आर्थिक पक्षको मुल्यांकन गर्नु पर्ने ब्यवस्था छ।

**४. वहस /छलफल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०७ को (१) वमोजिम पुनरावलोकन समितिले निवेदक र सम्बन्धित् सार्वजनिक निकाय दुवैलाई बुझ्न आवश्यक ठानेमा सार्वजनिक निकायले नियम १०६ वमोजिमको जानकारी , प्रतिकृया र कागजात पेस गरे पछि बुझ्न सक्नेछ भनी ब्यवस्था भएको ले सुनवाई गर्न बाध्यात्मक ब्यवस्थो नभएको तथा हाल बिश्वमहामारीमा कानून ब्यवसायी, सार्वजनिक निकायका प्रतिनिधि र बोलपत्रदाताका प्रतिनिधिहरु उपस्थित गराइ सुनवाई /छलफल गर्दा माहामारी झन फैलिने सम्भावना र धनजनको क्षती हुन सक्ने सभ्भावना भएको ले उल्लिखित् कार्यक्रम गर्न समितिबाट आवश्यकता महशुस गरि छलफल कार्यक्रम आयोजना नगरिएको हो।

**५. समितिको निर्णय**

सार्बजनिक निकायबाट बोलपत्र नं. Works-CKOAGKSSIP-NCB-077/078-11, Construction of Chakri khola Obare and Gairi Khola Solar Lift Irrigation Sub-project कामको खरिद प्रक्रियाको बिषयमा भएको निर्णय तथा मिति २०७८।०१।२८ मा जारी आशयको सूचनाको बिरुद्धमा यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने देखिएको छ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) वमोजिम बोलपत्र मूल्यांकन गर्नु अगावै मूल्यांकन समितिले निर्कौल गर्नु पर्ने खण्डहरु (क), (ख),र (घ) तथा उपदफा (३) बोलपत्रको पूर्णता परिक्षण गर्दा परिक्षण गर्नु पर्ने मध्येका खण्ड (घ) वमोजिम बोलपत्रको परिक्षण र बोलपत्रको पुर्णताको परिक्षण गरी  दफा २४ बोलपत्र उपर कारवाई नहुने भनी छुटयाईएका बोलपत्र वाहेक अन्य बोलपत्र मूल्यांकनका लागि समावेस गरिने भएको साथै बोलपत्र कागजातको ITB Section I को खण्ड २१.१ VII को (५) अनुसार Mandatory ब्यवसायीक अनुमती पत्र मिति २०७७।०३।२३ मा टोखा नगरपालिकाबाट लिएको तथा सोही बोलपत्र कागजातको Section iii Evaluation and Qualification criteria को खण्ड २.४ Experience 2.4.1. General construction Experience, 2.4.2 (a)को Contracts of similar size and nature तथा 2.4.2(b) को Construction experience in Key activities मा ब्यवस्था भएको प्रविधिक योग्यता पुरा नगरेकोले निवेदक बोलपत्रदाता सूर्योदय उर्जा प्रा.ली ले दिएको निवेदनको दावि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (क) वमोजिम निवेदन खारेज गरी दिएको छ। अन्यमा तपशिल वमोजम गर्नु।

<u>**तपशील**</u>

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार सदरस्याहा गर्नु।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | भीम कुमार ओझा |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७८ साल आषाढ ०७ गते रोज ०२ शुभम्...............................................१।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री भीम कुमार ओभा**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १४३**
**आ.व. २०७७/७८ को निर्णय नं १९**

टोखा न.पा. वडा नं. ४ धापासी काठमाण्डौ स्थित सूर्योदय उर्जा प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त ऐ. का सेल्स मेनेजर काठमाण्डौं ३२ बस्ने बर्ष ३३ का ई. सन्तोष श्रेष्ठ...............................................................................................१ **निवेदक**

<u>**विरुद्ध**</u>

श्रीजलश्रोत तथा सिचाई बिभाग, एकीकृत उर्जा तथा सिचाई बिषेस कार्यक्रम, पुल्चोक ललितपुर १ ऐ का निकाय प्रमुख ....१ **विपक्षी**

**विवादको विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम निर्णयको पुनरावलोकन गरी पाउँ ।**

## १. निवेदकको माग दावी

मिति २०७८।०२।०९ मा निवेदक सूर्योदय उर्जा प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त ऐ. का सेल्स मेनेजर काठमाण्डौं ३२ बस्ने बर्ष ३३ का ई.सन्तोष श्रेष्ठबाट Works –SSLISP- NCB-077/78-17, Construction of Sanutar Solar Lift Irrigation sub-Project Nilakantha-8 Dhading निर्माण कार्यको खरिद प्रक्रियाका सम्बन्धमा यस समितिमा पेस गरेको निवेदनको मागदावीको मुख्य सार देहायवमोजिम रहेको देखिन्छ ।

१.१ सार्वजनिक निकाय श्रीजलश्रोत तथा सिचाई बिभाग, एकीकृत उर्जा तथा सिचाई बिषेस कार्यक्रम, पुल्चोकबाट मिति २०७८।१२।०३ मा उपर्युक्त खरिद कार्यका लागि बोलपत्र सूचना जारी भएको मा सो सूचनामा उल्लेख भए वमोजिम आफनो योग्यता पुष्टी गर्ने कागजातहरु सहीत रीतपूर्वकको छुट्टा छुट्टै प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव सहीत पेस गरेकोमा मिति २०७८।०१।२८ मा आर्थिक प्रस्ताव खोलिने सूचनामा हाम्रो कम्पनीको नाम प्रकाशन् नभएको र प्राविधिक प्रस्तावमा अयोग्यताको कारण पनि दिइएन, र हामीले कार्यालय प्रमुख समक्ष मिति २०७८।०१।३० मा निवेदन दिएकोमा मिति २०७८।०२।०३ मा बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित् योग्यता नरहेको भन्ने आशय उल्लेख गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) र (३) बमोजिम सारभूतरुपमा प्रभावग्राही नभएको ले सोही ऐनको दफा २४ अनुसार बोलपत्र उपर कारवाइ नभएको भनी जानकारी गराइएको ले हामी कम्पनीलाई आघात पुग्न गएको छ ।

१.२ विपक्षीको गैरकानूनी निर्णय र तत्सम्बन्धि सम्पूर्ण कामकारवाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २(घ), दफा ९,१०,२३,४७ र नियमावली , २०६४ को नियम २६,२८,२९,३७,४०,६०,६५,६६,७६ समेत विपरित छ ।

१.३ बोलपत्र सम्बन्धी कागजातको Section iii: Evaluation and Qualification Criteria को Evaluation Criteria 2.3 Financial sitation 2.4 Experience under construction Contracts in the role of contractor, subcontractor, or Management contractor for at least the last (five) years prior to the applications submission deadline कार्यानुभव हुनु पर्ने उल्लेख छ । यस्तै प्रकृतीका कार्यहरु हामीले २० बर्ष देखि गर्दै आएको बोलपत्र कागजातहरुमा समावेश गरेका छौ । general construction and Specific construction experience बोलपत्र फारम संग पेस गरेको छ । वैधानिक रुपमा आर्जित अनुभव र औशत् बार्षिक कारोवार लाइ सून्य घोषित् गर्न मिल्दैन । सौर्य उर्जा मा अनुभव नभएका र सो क्षेत्रमा काम नगरेका कम्पनीहरुलाई समावेस गरी योग्य घोषित गरेको त्रुटीपूर्ण छ ।

१.४ सार्वजनिक निकायले मिति २०७७।०३।२३ मा मात्र टोखा नगरपालिकाबाट निर्माण व्यवसाय गर्ने इजाजत् लिएको र बोलपत्र सम्बन्धि कागजातमा ५ बर्ष अधिको अनुभव चाहिन शर्त रहेको भन्ने आधार राखी बोलपत्र Non-responnsive गर्नु गैर कानूनी हुनुका साथै तथ्य विपरित र बदनियत समेत छ ।

## २. सार्वजनिक निकायको प्रतिकिया

उपरोक्त खरिद कार्यका लागि पुनरावलोकन गरी पाउँ भनि निवेदक सर्योदय उर्जा प्रा.ली. ले गरेको निवेदनका सम्बन्धमा मिति २०७८।०२।०९ गते प्रतिक्रिया तथा जानकारी माग गरेको मा सार्वजनिक निकाय श्री जलश्रोत तथा सिचाई बिभाग, एकीकृत उर्जा तथा सिचाई बिषेस कार्याक्रम, पुल्चोकबाट मिति २०७८।०२।११ मा प्रतिकिया तथा जवाफ प्राप्त भएको छ । त्यसको सार देहाय वमोजिम छन्:-

२.१ विपक्षीबाट पेस भएको प्राविधिक प्रस्ताव प्रभावग्राही मान्नका लागि BID document मा उल्लिखित् मूल्यांकन सम्बन्धि प्रावधान, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११,१२,१४,२३,२४,२५,२६ लगायत विभिन्न दफाहरु र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६,१७,१८(२)(ख), २२,३२(ख) लगायत विभिन्न निकायहरुको रोहमा हेरिनु पर्ने हुन्छ । यस्ता सम्बन्धित् कानून् र BID document मा भएका प्रावधानका आधारमा बोलपत्र मूल्यांकन गर्दा प्रथम दृष्ठि मूल्यांकन प्रभावग्राही नभएको मिति २०७८।०२।०३ मा जानकारी निवेदकलाई दिइसकिएको हो ।

२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११ समेतमा उल्लिखित् Mandatory legal Provisions & procedures वमोजिम Bidding procedure छनौट गरी Bidding Document तयार गरी Single Stage Double envelope बोलपत्र आव्हान गरेको हो । प्राविधिक प्रस्तावमा नै प्रभावग्राही नभएको ले निवेदक असफल भएको ले कामकारवाइ अगाडी नवढाएको हो ।

२.३ Bidding Document को Bidding Procedure मा बोलपत्रदाताले बोलपत्र पेस गर्दा सार्वजनिक निकायले जारी गरेको बोलपत्र सम्बन्धि कागजातहरु राम्ररी पढी बभ्की पेस गरेको भन्ने न्यायीक अनुमान गरिन्छ । बिपक्षीले पेस गरेको प्रस्तावबाट २०७७।०३।२३ मा टोखा नगरपालिकाबाट निर्माण व्यवशाय इजाजत पत्र लिएको दखिन्छ । बोलपत्र सम्बन्धि कागजातको Section iii मा Evaluation and

qualification criteria मा दुइवटा Criteria तोकिएकोमा Clause 2.4 मा व्यवसाय दर्ता भएको ५ बर्ष हुनु पर्ने मा माथीको मितिमा जारी भएको व्यवशायीक अनुमती पत्र लिएको ले Experience अवधि ५ बर्ष पुरा नभएको अवस्था प्रष्ट भई बोलपत्र Responsive नगरेको हो ।

२.४ विपक्षीलाइ पत्राचार गरी प्राविधिक प्रस्तावको Evaluation Criteria अनुसार अनुतिर्ण देखिएको बस्तुनिष्ट आधार र कारण उल्लेख जानकारी गराइएकोछ । विपक्षीबाट मिल्दोजुल्दो नाममा अन्य व्यवशायमा काम लामो समय देखि गरेपनि ती कार्य र अनुभव प्राविधिक प्रस्तावहरु संग मिल्ने कार्य र अनुभव होइनन् । प्राविधिक प्रस्ताव स्वीकृत गर्नु पर्ने आवश्यक व्यवसाय इजाजत लिएको ५ बर्ष पुगेको नै हो । आवश्यक अनुमती पत्र भन्दा बाहिरको अशान्दार्भिक कामको पेस गर्दैमा प्राविधिक प्रस्ताव स्वीकार हुने आधार सृजना हुनै सक्दैन ।

अतः निवेदक सुर्योदय उर्जा प्रा.ली. आर्थिक प्रस्ताव सम्बन्धि मिति २०७८।०१।२८ को एवं विपक्षिको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको नपाइएको भन्ने मिति २०७८।०२।०३ को पत्राचार र यस सम्बन्धि सम्पूर्ण काम कारवाइहरु कानून सम्मत रही वदर नहुने अवस्था रहेको ले विपक्षिको पुनरावलोकन निवेदन खारेज गरी पाउँ ।

**३. अध्ययन अवलोकन**

३.१ उपर्युक्त खरिद प्रक्रियाका मुद्दाको बिषयमा निवेदकले निवेदनसाथ पेश गरेको कागज प्रमाण, सार्वजनिक निकायबाटदर्ता नं.८०, मिति २०७८।०२।११मा e-mail मार्फत समेतबाट दिइएको प्रतिक्रिया र बोलपत्र कागजातहरु, Bid Response Document तथा सार्वजनिक खरिद ऐन, नियमावलीका आधारमा अध्ययन अवलोकन गरेको छ । यसमा पाँच बोलपत्रदाताहरुबाट बोलपत्रहरु पेस भएको देखिन्छ ।

३.२ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा सार्वजनिक निकायले यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने र उपदफा (२) मा उपदफा (१) को प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था भएकोले सार्बजनिक खरिद गर्दा सार्बजनिक निकाय यस ऐनमा भएको कार्यविधि पालना गर्न बाध्यकारी हुन्छ ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(१) (क) बमोजिम बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यताका आधार पूरा गरेको हुनु पर्ने तथा उपदफा (४) बमोजिम बोलपत्र प्रस्तावको मुल्याँकन बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित आधार बमोजिम मात्र गर्नु पर्ने व्यवस्था भएकोले बोलपत्रको मूल्यांकन बोलपत्रमा उल्लिखित आधारमा गर्न सार्बजनिक निकाय बाध्यकारी हुन्छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१(४) मा पनि बोलपत्र मूल्यांकन गर्दा त्यस्तो बोलपत्रको बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्ने छ भनी व्यवस्था भएकोले बोलपत्रमा व्यवस्था भई निर्देशन भएका बुदाँहरुलाइ बोलपत्र मूल्यांकन समितिबाट तलमाथि गर्न मिल्ने देखिदैन ।

३.४ यस contract No मा सार्वजनिक निकायबाट भएको Technical evaluation संग बोलपत्र Response कागजात संग review गर्दा पाच मध्ये दुई बोलपत्रदाताहरु निवेदक सहीत Non-Responsive भएको देखियो । अर्थात पाँच बोलपत्रदाताहरुबाट बोलपत्रहरु पेस गरेकोमा तीन बोलपत्रदाताहरु प्राविधिक प्रस्तावमा सफल भएका र निवेदक लगायत दुई बोलपत्रदाताहरु Non-Responsive भएको देखिन्छन् । निवेदकबाट पेस भएका Response Document मा Technical Proposal को Qualification मा प्रस्तुत गर्नु पर्ने (ITB 16.1 वमोजिम) का Owned भनिएको, Proposed Personnel not available उल्लेख गरेको छ । साथै बोलपत्रदाताको योग्यता (Qualification) General Construction experience, 2(a), specific Construction experience, 2(b) specific Construction experience in key activities मा not available उल्लेख भएको ले योग्यताहरुमा नपुग भएको देखिन्छ । बोलपत्र कागजातहरु अनुसार प्रस्ताव गरी राखेका शर्तहरु करार अन्तरगत प्रस्तावित ले पूरा गरेको हुनु पर्दछ । जव की बोलपत्र कागजातहरुले माग गरेको कागजातहरु अक्षरश भरी पुरा गरेको हुनु पर्ने बाध्यता हुन्छ । ITB को General construction experience मा कमसेकम विगत ५ बर्षहरुमा prier to the applications submission deadline construction contracts को अनुभव हुनु आवश्यक पर्छ । यसमा Construction Contract को अनुभव हुनु पर्ने, त्यो बोलपत्र पेस गर्नु ५ बर्ष अगाडी देखि कार्यसम्पादन गरेको हुनु पर्ने व्यवस्था बोलपत्र कागजातहरुले गरेको देखिन्छ ।

साथै 2.4.2(a) Contracts of similar size and Nature मा participation as prime contractor, or sub contractor, in at least (1) one contracts (one irrigation project ) within the last ten (10) years with a value of at least 23 million that have been successfully or are substancially completed and they are similar to the proposed works..... उल्लेख भएको छ । यस खण्डमा दश बर्ष भित्रमा कमसेकम २३ मिलियनको काम गरेको, त्यो काम एउटा शिचाई सम्बन्धि काम गरेको र प्रस्ताव गरेको कामको समान हुनु पर्ने समेतको व्यवस्था गरेको देखिन्छ ।

2.4.2(b) construction experience in key activities मा माथी 2.4.2.(a) दिइएको अवधिमा तीन Key activities (कामहरु ) का अनुभवहरु हुनु पर्ने योग्यता तोकिएका छन् । यस खरिद प्रकृयामा SDB को section iii evaluation and Qualification criteria को 2 मा भएका प्रावधानहरुलाई स्वीकार गरी दस्तखत गरी बोलपत्र पेस गरेको अवस्था छ । यी योग्यताहरुलाई स्वीकार गरी बोलपत्र पेस गरेको ले पछि अन्यथा भन्न मिल्ने देखिदैन ।

साथै 2.4.1 मा ५ बर्ष, 2.4.2(a) मा कमसेकम एउटा करारमा १० बर्ष भित्र २३ million का -(एउटा सिचाइ सम्बन्धी निर्माण गरेको) काम सम्पन्न गरेको समान काम, तथा 2.4.2(b) Key activities मा उल्लेख भएको काम गर्नु पर्ने मा अन्यथा बोलपत्र पेस गर्नु बोलपत्रले मागेको योग्यता पुग्न सक्ने अवस्था रहदैन साथै निर्माण व्यवसाय गर्ने अनुमती (SBD को 21.1. (b)(Table को (5) mandatory) मिति २०७८।११।१४ मा प्राप्त गरेको ले पाँच बर्षको निर्माण कामको अनुभव समेत पुग्ने देखिदैन ।

३.७ ऐ. ऐनको दफा २३(२) को (क), (ख) र (घ) मा बोलपत्र कागजातको परीक्षण कै समयमा कानून वमोजिम योग्य भएको कागजात , बोलपत्रदातालाई दिईएको निर्देशन अनुरुप पुर्ण भए वा नभएको हेरिनु पर्ने तथा प्राविधिक स्पेशिफिकेसन् र खरिद सम्झौताका शर्तहरु अनुरुप बोलपत्र सारभूतरुपमा प्रभावग्राही भए वा नभएको परीक्षण गर्नु पर्ने व्यवस्था रहेको छ । यसबाट स्पष्ट हुन्छ बोलपत्रदाताहरु बोलपत्र कागजातसाथ समावेश भएको Technical Specification का शर्त समेत पूरा गर्न बाध्यकारी हुन्छ । शर्त परा गर्न नसकेको अवस्थामा बोलपत्र सारभूतरुपमा प्रभावग्राही नहुने स्पष्ट छ । नियमावलीको नियम ६२ मा बोलपत्रको प्राविधिक पक्षको मूल्यांकन (क) मालसामानको आपूर्तिको क्षेत्र, (ख) मुख्य मालसामानको प्राविधिक स्पेसिफिकेशन, कार्य संचालन तथा कार्य सम्पादन बिषेशताहरु र (ग) वारेण्टीको समायावधी पक्षहरुको मुल्यांकन गर्नु पर्ने छ । उपनियम (२) मा बोलपत्र र बोलपत्रदाताले उल्लेख गरेको कुरामा कुनै भिन्नता पाइएमा मुल्यांकन समितिले सो भिन्नता उल्लेख गर्नु पर्ने छ भनी व्यवस्था भएको छ ।

### ४. वहस/छलफल

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०७ को (१) वमोजिम पुनरावलोकन समितिले निवेदक र सम्बन्धित् सार्वजनिक निकाय दुवैलाई बुझ्न आवश्यक ठानेमा सार्वजनिक निकायले नियम १०६ वमोजिमको जानकारी , प्रतिकृया र कागजात पेस गरे पछि बुझ्न सक्नेछ भनी व्यवस्था भएको ले सुनवाई गर्न बाध्यात्मक व्यवस्थो नभएको तथा हाल बिश्वमहामारीमा कानून व्यवसायी , सार्वजनिक निकायका प्रतिनिधि र बोलपत्रदाताका प्रतिनिधिहरु उपस्थित गराइ सुनवाई /छलफल गर्दा माहामारी झन फैलिने सम्भावना र जीउ धनको क्षती हुन सक्ने सम्भावना तिक्ष्ण भएको ले उल्लिखित् कार्यक्रम गर्न महशुस नगरिएको हो ।

### ५. समितिको निर्णय

सार्बजनिक निकायबाट बोलपत्रनं. Works-SSLISP-NCB-077/078-17, Construction of Sanutar Solar Lift Irrigation sub-project Nilakhantha -8 Dhading कामको खरिद प्रकियाको बिषयमा भएको निर्णय तथा मिति २०७८।०१।२८ मा जारी आशयको सूचनाको बिरुद्धमा यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) वमोजिम बोलपत्र मूल्यांकन गर्नु अगावै मूल्यांकन समितिले निर्कौल गर्नु पर्ने खण्डहरु (क), (ख), र (घ) तथा उपदफा (३) बोलपत्रको पूर्णता परिक्षण गर्दा परिक्षण गर्नु पर्ने मध्येका खण्ड (घ) वमोजिम बोलपत्रको परिक्षण र बोलपत्रको पुर्णताको परिक्षण गरी दफा २४ वमोजिम बोलपत्र उपर कारवाई नहुने भनी छुटयाईएका बोलपत्र वाहेक अन्य बोलपत्र मूल्यांकनका लागि समावेस गरिने साथै बोलपत्र कागजातको ITB Section I को खण्ड २१.१ VII को (५) अनुसार Mandatory व्यवसायीक अनुमती पत्र मिति २०७७।११।१३मा प्राप्त गरेको तथा सोही बोलपत्र कागजातको Section iii Evaluation and Qualification criteria को खण्ड २.४ Experience 2.4.1. General construction Experience, 2.4.2 (a) को Contracts of similar size and nature तथा 2.4.2(b) को Construction experience in Key activities मा व्यवस्था भएको योग्यता पुरा नगरेकोले निवेदक बोलपत्रदाता सूर्योदय उर्जा प्रा.ली ले दिएको प्राविधिक प्रस्ताव सफल गरी पाउँ भनी गरेको निवेदनको दावी नपुगेको ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (क) वमोजिम निवेदन खारेज गरी दिएको छ । अरु तपशिल वमोजिम गर्नु ।

**<u>तपशील</u>**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार जफत गरी सदरस्याहा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | भीम कुमार ओझा |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७८ साल आषाढ ०७ गते रोज ०२ शुभम्.................................................१।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री भीम कुमार ओझा**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

## मुद्दा नं. १४४
## आ.व. २०७७/७८ को निर्णय नं २०

काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर, काठमाण्डौ स्थित दर्ता नं. ३९६०६।०६२।०६३ जि.यु.पी प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त बिक्रम जोशी.......................................................................................................१ **निवेदक**

**विरुद्ध**

श्रीजलश्रोत तथा सिंचाई विभाग, एकीकृत उर्जा तथा सिंचाई बिषेश कार्यक्रम, पुल्चोक, ललितपुर...........................१ **विपक्षी**

**विवादको विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम निर्णयको पुनरावलोकन गरी पाँउ ।**

### १. निवेदकको माग दावी

मिति २०७८।०२।०९ मा निवेदक काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर, काठमाण्डौ स्थित दर्ता नं.३९६०६।०६२।०६३ जि.यु.पी प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त बिक्रम जोशीबाट बोलपत्र नं. Works-ASLISP-NCB-077/078-16, Construction of Adamara Solar Lift Irrigation Sub Project, Gajuri-01, Dhading को खरिद प्रकृया सम्बन्धमा यस समितिमा पेस गरेको निवेदनको मागदावीको सार देहायवमोजिम रहेको देखिन्छ ।

१.१ मिति २०७७।१२।०३ मा बोलपत्र आव्हान गरेको मा सो वमोजिम सवै योग्यता निवेदक कम्पनीको रहेको ले रितपर्वकको बोलपत्र पेस गरेको मा हाम्रो कम्पनीको बोलपत्रको प्राविधिक प्रस्ताव अयोग्य भएको ले चित्त नवुझी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(६) वमोजिमको म्याद भित्रै २०७८।०२।०१ मा निवेदन दिएको र सो निकायबाट मिति २०७८।०२।०३ मा बोलपत्र सम्बन्धि योग्यता नरहेको भन्ने आशय उल्लेख गरी सोही ऐनको दफा २३(२) र)३) वमोजिम सारभूतरुपमा प्रभावग्राही नभएको ले सो ऐनको दफा २४ अनुसार कारवाइ नभएको निर्णय नै नगरी जानकारी गराएको ।

१.२ विपक्षीको निर्णय काम कारवाइ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २(घ), दफा ९,१०,२३,४७ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६,२८,२९,३७,४०,६०,६५,६६,७६ समेतको विपरित भएको ।

१.३ प्रस्तुत बोलपत्र आव्हान कागजातको Section iii: Evaluation and Qualification Criteria को Evaluation Criteria 2.3 Financial Situation र 2.4 Experience Under Construction contracts in the role of contractor, subcontractor of Management Contractor for at least the last fve years prior to the applications submission deadline कार्यानुभव उल्लेख भएको मा यी कामहरु हामीहरुले बर्षौ देखि सफलतापूर्वक गरेको अनुभव र औसत बार्षिक कारोवार बिद्यमान छन् । निवेदकले General Construction experience and specific construction experience प्रमाण पेस गरेको छ । विपक्षीबाट बोलपत्रको शर्तमा नराखिएको कामको अनुभवलाई निर्माण व्यवशाय इजाजत प्राप्त हुनु अघिको भनी निकायको मूल्यांकन समिति निकाय र निकाय प्रमुखले गरेको काम कारवाइ कानून पतिकूल छ । हामीले आर्जित अनुभव र औसत बार्षिक कारोवारलाइ शून्य घोषित गर्न मिल्दैन । तथा सोलर सम्बन्धि अनुभव नभएको र सो क्षेत्रमा काम नगरेको कम्पनीहरु लाई मूल्यांकनमा समावेस गरिएको निर्णय त्रुटीपुर्ण छ । निवेदकले मिति २०७६।११।१४ मा चन्द्रागिरी न.पा. बाट भविश्यमा उर्जा वाहेक अन्य निर्माण कार्य गर्न भनी ब्यवसायीक इजाजतपत्र लिएको पेस गरेको देखिन्छ ।

### २. सार्वजनिक निकायको प्रतिक्रिया

यस समितिबाट बोलपत्र नं. Works-ASLISP-NCB-077/078-16, Construction of Adamara Solar Lift Irrigation Sub Project , Gajuri-01, Dhading कामको खरिद प्रकियाको बिषयमा यस समितिमा उपर्युक्त निवेदकबाट पुनरावलोकन गरी पाउँ भनी निवेदन पर्न आएको बिषयमा यस समितिको मिति २०७८।०२।०९ पत्रबाट प्रतिकृया माग भएको मा सार्वजनिक निकायको च.नं ७६, मिति २०७८।०२।११ मा पुनरावलोकन निवेदन खारेज गरी पाउँ भनी पेस गरेको प्रतिकृया प्राप्त हुँदा सो को पुनरावृती नगरी सार देहाय वमोजिम देखिन्छ।

२.१ निवेदकले पेस गरेका अशान्दार्भिक निवेदन कै भरमा मात्र बोलपत्र सारभूतरुपमा प्रभावग्राही छ भनी मान्न सकिदैन । विपक्षीबाट पेस भएको प्राविधिक प्रस्ताव प्रभावग्राही मान्नका लागि BID document मा उल्लिखित् मूल्यांकन सम्बन्धि प्रावधान, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११,१२,१४,२३,२४,२५,२६ लगायत विभिन्न दफाहरु र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६,१७,१८(२)(ख), २२,३२(ख) लगायत विभिन्न निकायहरुको रोहमा हेरिनु पर्ने हुन्छ । यस्ता सम्बन्धित् कानून र BID document मा भएका प्रावधानका आधारमा बोलपत्र मूल्यांकन गर्दा प्रथम दृष्ठि मूल्यांकन प्रभावग्राही नभएको मिति २०७८।०२।०३ मा जानकारी निवेदकलाई दिइसकिएको रहेछ ।

२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११ समेतमा उल्लिखित् Mandatory legal Provisions & procedures वमोजिम Bidding procedure छनौट गरी Bidding Document तयार गरी Single Stage Double envelope बोलपत्र आव्हान गरेको हो । प्राविधिक प्रस्तावमा नै प्रभावग्राही नभएको ले निवेदक असफल भएको ले कामकारवाइ अगाडी नवढाएको हो ।

२.३ Bidding Document को Bidding Procedure मा बोलपत्रदाताले बोलपत्र पेस गर्दा सार्वजनिक निकायले जारी गरेको बोलपत्र सम्बन्धि कागजातहरु राम्ररी पढी बॅाची पेस गरेको भन्ने न्यायीक अनुमान गरिन्छ । बिपक्षीले पेस गरेको प्रस्तावबाट २०७७।०३।२३ मा टोखा नगरपालिकाबाट निर्माण ब्यवशाय इजाजत पत्र लिएको दखिन्छ । बोलपत्र सम्बन्धि कागजातको Section iii मा Evaluation and qualification criteria मा दुइवटा Criteria तोकिएकोमा Clause 2.4 मा व्यवसाय दर्ता भएको ५ बर्ष हुनु पर्ने माथीको मितिमा जारी भएको ब्यवशायीक अनुमती पत्र लिएको ले Experience अवधि ५ बर्ष पुरा नभएको अवस्था प्रष्ट भई बोलपत्र Responsive नगरेको हो ।

२.४ विपक्षीलाइ पत्राचार गरी प्राविधिक प्रस्तावको Evaluation Criteria अनुसार अनुतिर्ण देखिएको बस्तुनिष्ट आधार र कारण उल्लेख जानकारी गराइएको छ । विपक्षीबाट मिल्दोजुल्दो नाममा अन्य व्यवशायमा काम लामो समय देखि गरेपनि ती कार्य र अनुभव प्राविधिक प्रस्तावहरु संग मिल्ने कार्य र अनुभव होइनन् । प्राविधिक प्रस्ताव स्वीकृत गर्नु पर्ने आवश्यक व्यवसाय इजाजत लिएको ५ बर्ष पुगेको नै हो । आवश्यक अनुमती पत्र भन्दा बाहिरको अशान्दार्भिक कामको पेस गर्दैमा प्राविधिक प्रस्ताव स्वीकार हुने आधार सृजना हुनै सक्दैन ।

अतः निवेदक सुर्योदय उर्जा प्रा.ली. आर्थिक प्रस्ताव सम्बन्धि मिति २०७८।०१।२८ को एवं विपक्षिको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको नपाइएको भन्ने मिति २०७८।०२।०३ को पत्राचार र यस सम्बन्धि सम्पूर्ण काम कारवाइहरु कानून सम्मत रही वदर नहुने अवस्था रहेको ले विपक्षिको पुनरावलोकन निवेदन खारेज गरी पाउँ ।

### ३. अध्ययन अवलोकन

उपर्युक्त खरिद प्रकियाको मुद्दाको बिषयमा निवेदकले निवेदनसाथ पेश गरेको कागज प्रमाण, सार्वजनिक निकायबाट च.नं. ७६, २०७८।०२।११ (सन् मिति २०२१।०५।२४) e-mail मार्फत समेतबाट दिइएको प्रतिकिया र बोलपत्र कागजातहरु, Bid Response Document तथा सार्वजनिक खरिद ऐन, नियमावलीका आधारमा अध्ययन अवलोकन गरेको छ ।

३.१ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा सार्वजनिक निकायले यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने र उपदफा (२) मा उपदफा (१) को प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था भएकोले सार्बजनिक खरिद गर्दा सार्बजनिक निकाय यस ऐनमा भएको कार्यविधि पालना गर्न बाध्यकारी हुन्छ । बोलपत्र कागजातहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को आधारमा तयार गरेको हुन्छ । त्यसर्थ यी कागजातहरु लाई पनि यीनै कानून कै हिस्सा र कानून् मान्नु पर्ने हुन्छ । करार गर्दा कानूनको पूर्णरुपमा पालना भएको हुनु पर्छ , त्यसलाई करार ऐनले स्पष्ट गरेको छ ।

३.२ करार ऐन, २०५६ को दफा ५ वमोजिम करारमा एकपक्षबाट राखेको प्रस्ताव अर्को पक्षले स्वीकृत दिएमा करार भएको मानिन्छ । दुई पक्षहरु बीच सहमती भएको हुनु पर्छ । यसबाट स्पष्ट हुन्छ कि करारको सहमती करारको प्रस्ताव राख्ने र त्यसलाई करारीले स्वीकार गरेको हुनु आवश्यक हुन्छ । यसमा सार्वजनिक निकायबाट बोलपत्रको सूचना आव्हान गरी प्रस्ताव राखेको छ र निवेदकले बोलपत्र आव्हान सूचना, बोलपत्र कागजातहरु, कानूनलाइ मान्छु भनी बोलपत्र पेस गरेको देखिन्छ । सबै शर्तहरु पालन गर्छु भनेर बोलपत्रकागजातहरु मा दस्तखत गरी बोलपत्र पेस गरेको अवस्थामा बोलपत्रदाताबाट त्यो प्रस्ताव पालन गर्न बाध्य हुन्छ । Letter of Technical Bid –a) मा We have examined and have no reservations to the bidding document, …… भनी दस्तखत गरि सकेको अवस्था छ ।

यस खरिद कामका लागि पाचँ बोलपत्रदाताहरुबाट बोलपत्र पेस गरेकोमा निवेदकको बोलपत्र प्राविधिक प्रस्तावका लागि Qualify भएको देखिदैन । बोलपत्रदातादा निवेदकबाट निवेदनमा दावी गरेका कुराहरुमा Prebid Meeting वसेको समयमा उठान (complain) गरेको देखिदैन ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(१) (क) बमोजिम बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजातमा उल्लिखित योग्यताका आधार पूरा गरेको हुनु पर्ने तथा सोही दफको उपदफा (४) बमोजिम बोलपत्र प्रस्तावको मुल्याँकन बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित आधार बमोजिम मात्र गर्नु पर्ने व्यवस्था भएकोले बोलपत्रहरुको मूल्यांकन बोलपत्रमा उल्लिखित आधारमा गर्न सार्बजनिक निकाय बाध्यकारी हुन्छ । बोलपत्र आव्हानको सूचनाकै आधारमा बोलपत्रदाताहरुबाट बोलपत्रहरु पेस गर्नु पर्ने तथा सार्वजनिक निकायबाट पनि कानून र बोलपत्र कागजातहरुका आधारमा बोलपत्रको मूल्यांकन गर्नु पर्ने बाध्यात्मक व्यवस्था भएको देखिन्छ ।

३.४ निवेदकबाट पेस भएका Response Document मा Technical Proposal को Qualification मा प्रस्तुत गर्नु पर्ने (ITB 16.1 वमोजिम) का Owned भनिएको, Proposed Personnel not available उल्लेख गरेको ले बोलपत्रदाताबाट Personnel योग्यता पूरा गर्न नसकेको देखिन्छ । साथै बोलपत्रदाताको अरु योग्यताहरु मा (Qualification) General Construction experience, 2(a), specific Construction experience, 2(b) specific Construction experience in key activities मा not available उल्लेख भएको ले यी योग्यताहरु पनि पूरा गर्न सकेको देखिदैन । ITB को General construction experience मा कमसेकम विगत ५ बर्षहरुमा prier to the applications submission deadline construction contracts को अनुभव माग गरेको देखिन्छ । साथै 2.4.2(a) Contracts of similar size and Nature मा participation as prime contractor, or sub-contractor, in at least (1) one contracts (one irrigation project ) within the last ten 910) years with a value of at least 23 million that have been successfully or are substancialy completed and that are similar to the proposed works..... उल्लेख भएको छ । 2.4.2(b) construction experience in key activities मा माथी 2.4.2.(a) दिइएको अवधिमा तीन Key activities (कामहरु ) का अनुभव हुनु पर्ने योग्यता तोकिएका छन् । यस खरिद प्रकृयाका लागि यी योग्यताहरु पूरा छन् भनी बोलपत्र पेस गरेको छ र 2.4.1 मा ५ बर्ष, 2.4.2(a) मा कमसेकम एउटा करारमा १० बर्ष भित्र २३ millionका प्रस्तावित् समान काम सम्पन्न गरेको, तथा 2.4.2(b) Key activeties मा उल्लेख भएको काम गर्नु पर्ने मा not available भनि बोलपत्र पेस गर्नु बोलपत्रकागजातले मागेको योग्यता पुग्न सक्ने अवस्था देखिदैन साथै निर्माण व्यवसायी इजाजत पत्र हकमा (SBD को 21.1. (b)(Table को (5) mandatory) चन्द्रागिरी नगरपालिकाबाट मिति २०७६।११।१४ मा प्राप्त गरेको देखिन्छ । साथै 2.4 Experience को 2.4.1 General Construction Experience "….. at least five years prior to the application submission deadline" भनि उल्लेख भएको ले यो निर्माण व्यवसायी इजाजत पत्र प्रमाण लिएको पाँच बर्षको पूरा भएको हुनु पर्ने देखिन्छ । व्यवसायीक अनुमती पत्र २०७६।११।१४ मा लिएको ले बोलपत्र कागजातले माग गरेको वमोजिम पुग्ने देखिदैन ।

### ४. वहस/छलफल कार्यक्रम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०७ को (१) वमोजिम पुनरावलोकन समितिले निवेदक र सम्बन्धित् सार्वजनिक निकाय दुवैलाई बुझ्न आवश्यक ठानेमा सार्वजनिक निकायले नियम १०६ वमोजिमको जानकारी, प्रतिकृया र कागजात पेस गरे पछि बुझ्न सक्नेछ भनी व्यवस्था भएको ले सुनवाई गर्न बाध्यात्मक व्यवस्थो नभएको तथा हाल बिश्वमहामारीमा कानून व्यवसायीहरु, सार्वजनिक निकायका प्रतिनिधिहरु र बोलपत्रदाताका प्रतिनिधिहरु उपस्थित गराइ सुनवाई/छलफल गर्दा माहामारी झन फैलिन सक्ने सम्भावना र धनजनको क्षती हुन सक्ने सम्भावनालाइ दृष्ठिगत गरी साथै समिति गठन अवधि पछि एक दिन बाकी रहेको ले उल्लिखित् कार्यक्रम गर्न समितिबाट चाँहादा चाँहदै पनि गर्न सकिएन ।

## ५. समितिको निर्णय

सार्बजनिक निकायबाट बोलपत्र नं. Works-ASLISP-NCB-077/078-16, Construction of Adamara Solar Lift Irrigation Sub Project , Gajuri-01, Dhading कामको खरिद प्रक्रियाको बिषयमा भएको निर्णय तथा मिति २०७८।०१।२८ मा जारी आशयको सूचनाको बिरुद्धमा यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) वमोजिम बोलपत्र मूल्यांकन गर्नु अगावै मूल्यांकन समितिले निर्कौल गर्नु पर्ने खण्डहरु (क),(ख),र (घ) तथा उपदफा (३) बोलपत्रको पूर्णता परिक्षण गर्दा परिक्षण गर्नु पर्ने मध्येका खण्ड (घ) वमोजिम क्रमश बोलपत्रको परिक्षण र बोलपत्रको पुर्णताको परिक्षण गरी दफा २४ वमोजिम बोलपत्र उपर कारवाई नहुने भनी छुटयाईएका बोलपत्र वाहेक अन्य बोलपत्र मूल्यांकनका लागि समावेस गर्नु पर्ने साथै बोलपत्र कागजातको ITB Section I को खण्ड २१.१ VII को (५) अनुसार Mandatory निर्माण ब्यवसायी इजाजत पत्र मिति २०७६।११।१४ मा प्राप्त गरेको ले बोलपत्र Submission Deadline बाट पाच बर्ष पहिलेको नभएको तथा सोही बोलपत्र कागजातको Section iii Evaluation and Qualification criteria को खण्ड २.४ Experience 2.4.1. General construction Experience, 2.4.2 (a)को Contracts of similar size and nature तथा 2.4.2(b) को Construction experience in Key activities मा ब्यवस्था भएको योग्यता समेत पुरा नगरेकोले यस खरिद कार्यको प्राबिधिक प्रस्तावमा निवेदक बोलपत्रदाता जि.यु.पी. प्रा.ली असफल भई निजले दिएको निवेदनको दावी नपुगेको ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (क) वमोजिम निवेदन खारेज गरी दिएको छ । अरु तपशिल वमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार जफत गरी सदरस्याहा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ………………… | …………………… |
| कमलकुमार श्रेष्ठ | भीम कुमार ओझा |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७८ साल आषाढ ०७ गते रोज ०२ शुभम्………………………………………………………………१।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री भीम कुमार ओझा**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १४५**
**आ.व. २०७७/७८ को निर्णय नं २१**

काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर, काठमाण्डौ स्थित दर्ता नं.३९६०६।०६२।०६३ जि.यु.पी प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त बिक्रम जोशी ......................................................................................१ **निवेदक**

**विरुद्ध**

श्रीजलश्रोत तथा सिंचाई विभाग, एकीकृत उर्जा तथा सिंचाई बिषेश कार्यक्रम, पुलोचोक ललितपुर.................................१ **विपक्षी**

**विवादको विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम निर्णयको पुनरावलोकन गरी पाँउ ।**

**१. निवेदकको माग दावी**

मिति २०७८।०२।०९ मा निवेदक काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर, काठमाण्डौ स्थित दर्ता नं.३९६०६।०६२।०६३ जि.यु.पी प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त बिक्रम जोशीबाट बोलपत्र नं. Works-SKAGKHSLISP-NCB-077/078-10, Construction of Sar Khola and Gairi Khola Hundung Solar Lift Irrigation Sub Project, Tribeni-01, Rolpa को खरिद प्रकृया सम्बन्धमा यस समितिमा पेस गरेको निवेदनको मागदावीको सार देहायवमोजिम रहेको देखिन्छ । निवेदनको पूर्णपाठ मिशिलमा सामेलछ ।

१.१ मिति २०७७।१२।०३ मा बोलपत्र आव्हान गरेको मा सो वमोजिम सवै योग्यता निवेदक कम्पनीको रहेको ले रितपर्वकको बोलपत्रपेस गरेको मा हाम्रो कम्पनीको बोलपत्रको प्राविधिक प्रस्ताव अयोग्य भएको ले चित्त नवुझी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(६) वमोजिमको म्याद भित्रै २०७८।०२।०१ मा निवेदन दिएको र सो निकायबाट मिति २०७८।०२।०३ मा बोलपत्र सम्बन्धि योग्यता नरहेको भन्ने आशय उल्लेख गरी सोही ऐनको दफा २३(२) र)३) वमोजिम सारभूतरुपमा प्रभावग्राही नभएको ले सो ऐनको दफा २४ अनुसार कारवाइ नभएको निर्णय नै नगरी जानकारी गराएको ।

१.२ विपक्षीको निर्णय काम कारवाइ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २(घ), दफा ९,१०,२३,४७ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६,२८,२९,३७,४०,६०,६५,६६,७६ समेतको विपरित भएको ।

१.३ प्रस्तुत बोलपत्र आव्हान कागजातको Section iii: Evaluation and Qualification Criteria को Evaluation Criteria 2.3 Financial Situation र 2.4 Experience Under Construction contracts in the role of contractor, subcontractor of Management Contractor for at least the last fve years prior to the applications submission deadline कार्यानुभव उल्लेख भएको मा यी कामहरु हामीहरुले बर्षौ देखि सफलतापूर्वक गरेको अनुभव र औसत बार्षिक कारोवार बिद्यमान छन् । निवेदकले General Construction experience and specific construction experience प्रमाण पेस गरेको छ । विपक्षीबाट बोलपत्रको शर्तमा नराखिएको कामको अनुभवलाई निर्माण व्यवशाय इजाजत प्राप्त हुनु अघिको भनी निकायको मूल्यांकन समिति निकाय र निकाय प्रमुखले गरेको काम कारवाइ कानून पतिकूल छ । हामीले आर्जित अनुभव र औसत बार्षिक कारोवारलाइ शून्य घोषित गर्न मिल्दैन । तथा सोलर सम्बन्धि अनुभव नभएको र सो क्षेत्रमा काम नगरेको कम्पनीहरु लाई मूल्यांकनमा समावेस गरिएको निर्णय त्रुटीपुर्ण छ । निवेदकले मिति २०७६।११।१४ मा चन्द्रागिरी न.पा. बाट भविश्यमा उर्जा वाहेक अन्य निर्माण कार्य गर्न भनी व्यवसायीक इजाजतपत्र लिएको पेस गरेको छ ।

**२. सार्वजनिक निकायको प्रतिकिया**

यस समितिबाट बोलपत्र नं. Works-SKAGKHSLISP-NCB-077/078-10, Construction of Sar Khola and Gairi Khola Hundung Solar Lift Irrigation Sub Project , Tribeni-01, Rolpa कामको खरिद प्रक्रियाको बिषयमा यस समितिमा पुनरावलोकन गरी पाउँ भनी निवेदन पर्न आएको बिषयमा यस समितिको च.नं.८९ मिति २०७८।०२।०९ बाट प्रतिकृया माग भएको मा सार्वजनिक निकायको च.नं.२९२, मिति २०७८।०२।११ मा प्रतिकृया प्राप्त भएको ले सो को पुनरावृती नगरी प्रतिकृयाको सार देहाय वमोजिम देखिन्छ ।

२.१ निवेदकले पेस गरेका अशान्दार्भिक निवेदन कै भरमा मात्र बोलपत्र सारभूतरुपमा प्रभावग्राही छ भनी मान्न सकिदैन । विपक्षीबाट पेस भएको प्राविधिक प्रस्ताव प्रभावग्राही मान्नका लागि BID document मा उल्लिखित् मूल्यांकन सम्बन्धि प्रावधान, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११,१२,१४,२३,२४,२५,२६ लगायत विभिन्न दफाहरु र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६,१७,१८(२)(ख), २२,३२(ख) लगायत विभिन्न निकायहरुको रोहमा हेरिनु पर्ने हुन्छ । यस्ता सम्बन्धित् कानून् र BID document मा भएका प्रावधानका आधारमा बोलपत्र मूल्यांकन गर्दा प्रथम दृष्ठि मूल्यांकन प्रभावग्राही नभएको मिति २०७८।०२।०३ मा जानकारी निवेदकलाई दिइसकिएको हो ।

२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११ समेतमा उल्लिखित् Mandatory legal Provisions & procedures वमोजिम Bidding procedure छनौट गरी Bidding Document तयार गरी Single Stage Double envelope बोलपत्र आव्हान गरेको हो । प्राविधिक प्रस्तावमा नै प्रभावग्राही नभएको ले निवेदक असफल भएको ले कामकारवाइ अगाडी नवढाएको हो ।

२.३ Bidding Document को Bidding Procedure मा बोलपत्रदाताले बोलपत्र पेस गर्दा सार्वजनिक निकायले जारी गरेको बोलपत्र सम्बन्धि कागजातहरु राम्ररी पढी बझी पेस गरेको भन्ने न्यायीक अनुमान गरिन्छ । बिपक्षीले पेस गरेको प्रस्तावबाट २०७६।११।१४ चन्द्रागिरी नगरपालिकाबाट निर्माण व्यवशाय इजाजत पत्र लिएको देखिन्छ । बोलपत्र सम्बन्धि कागजातको Section iii मा Evaluation and qualification criteria मा दुइवटा Criteria तोकिएकोमा Clause 2.4 मा व्यवसाय दर्ता भएको ५ बर्ष हुनु पर्ने मा माथीको मितिमा जारी भएको व्यवशायीक अनुमती पत्र लिएको ले Experience अवधि ५ बर्ष पुरा नभएको अवस्था प्रष्ट भई बोलपत्र Responsive नगरेको हो ।

२.४ विपक्षीलाइ पत्राचार गरी प्राविधिक प्रस्तावको Evaluation Criteria अनुसार अनुतिर्ण देखिएको बस्तुनिष्ट आधार र कारण उल्लेख जानकारी गराइएकोछ । विपक्षीबाट मिल्दोजुल्दो नाममा अन्य व्यवशायमा काम लामो समय देखि गरेपनि ती कार्य र अनुभव प्राविधिक प्रस्तावहरु संग मिल्ने कार्य र अनुभव होइनन् । प्राविधिक प्रस्ताव स्वीकृत गर्नु पर्ने आवश्यक व्यवसाय इजाजत लिएको ५ बर्ष पुगेको हुनु पर्ने नै हो । आवश्यक अनुमती पत्र भन्दा बाहिरको अशान्दार्भिक कामको पेस गर्दैमा प्राविधिक प्रस्ताव स्वीकार हुने आधार सृजना हुनै सक्दैन ।

अतः निवेदक जि.यु.पी. प्रा.ली. एवं विपक्षिको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको नपाइएको भन्ने मिति २०७८।०२।०३ को पत्राचार र यस सम्बन्धि सम्पूर्ण काम कारवाइहरु कानून सम्मत रही वदर नहुने अवस्था रहेको ले विपक्षिको पुनरावलोकन निवेदन खारेज गरी पाउँ ।

## ३. अध्ययन अवलोकन

उपर्युक्त खरिद प्रकियाका मुद्दाको बिषयमा निवेदकले निवेदनसाथ पेश गरेको कागज प्रमाण, सार्वजनिक निकायबाट दिइएको प्रतिकिया र बोलपत्र कागजातहरु, Bid Response Document तथा सार्वजनिक खरिद ऐन, नियमावलीका आधारमा अध्ययन अवलोकन गरेको छ ।

३.१ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा सार्वजनिक निकायले यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने र उपदफा (२) मा उपदफा (१) का प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था भएकोले सार्बजनिक खरिद गर्दा सार्बजनिक निकाय यस ऐनमा भएको कार्यविधि पालना गर्न बाध्यकारी हुन्छ । बोलपत्र कागजातहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को आधारमा तयार भएको हुन्छ । त्यसर्थ यी कागजातहरु पनि कानून कै हिस्सा हुन् । करारमा कानूनको पालना भएको हुनु पर्छ , त्यसलाई करार ऐनले स्पष्ट गरेको छ ।

३.२ करार ऐन, २०५६ को दफा ५ वमोजिम करारमा एकपक्षबाट राखेको प्रस्ताव अर्को पक्षले स्वीकृत दिएमा करार भएको मानिन्छ । दुई पक्षहरु बीच सहमती भएको हुनु पर्छ । यसबाट स्पष्ट हुन्छ कि करारको सहमती करारको प्रस्ताव राख्ने र त्यसलाई करारीले स्वीकार गरेको हुनु आवश्यक हुन्छ । यसमा सार्वजनिक निकायबाट बोलपत्रको सूचना आव्हान गरी प्रस्ताव राखेको छ र निवेदकले बोलपत्र आव्हान सूचना, बोलपत्र कागजातहरु, कानूनलाइ मान्छु भनी बोलपत्र पेस गरेको देखिन्छ । सबै शर्तहरु पालन गर्छु भनेर बोलपत्रकागजातहरु मा दस्तखत गरी बोलपत्र पेस गरेको अवस्था बिद्यमान भउका ले बोलपत्रदाताबाट ती प्रस्तावहरु पालन गर्न बाध्य हुनु पर्छ । चित्त नबुभ्केका बिषयहरुमा Prebid Meeting को समयमा complain गरेको देखिएन । Letter of Technical Bid (a) मा We have examined and have no reservations to the bidding document, …… भनी दस्तखत गरि सकेको अवस्था छ ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(१) (क) बमोजिम बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यताका आधार पूरा गरेको हुनु पर्ने तथा उपदफा (४) बमोजिम बोलपत्र प्रस्तावको मुल्याँकन बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित आधार बमोजिम मात्र गर्नु पर्ने व्यवस्था भएकोले बोलपत्रको मूल्यांकन बोलपत्रमा उल्लिखित आधारमा गर्न सार्बजनिक निकाय बाध्यकारी हुन्छ ।

३.४ निवेदकबाट पेस भएका Response Document हेर्दा Technical Proposal मा समावेस गर्नु पर्ने (ITB 16.1 वमोजिम) का Owned भनिएको, Proposed Personnel not available उल्लेख गरेको ले बोलपत्रदाता चुकेको देखिन्छ । साथै बोलपत्रदाताको योग्यता General Construction experience, 2(a), specific Construction experience, 2(b) specific Construction experience in key activities मा not available उल्लेख भएको ले योग्यतामा पुग्न सकेको देखिदैन , जब की बोलपत्र कागजातहरुले माग गरेको कागजातहरु अक्षरश भरी पुरा गरेको हुनु पर्दछ । ITB को General construction experience मा कमसेकम विगत ५ बर्षहरुमा prier to the applications submission deadline construction contracts को अनुभव हुनु आवश्यक पर्छ । साथै 2.4.2(a) Contracts of similar size and Nature मा participation as prime contractor, or sub contractor, in at least (1) one contracts (one irrigation project ) within the last ten 10 years with a value of at least 23 million that have been successfully or are substancially completed and the are similar to the proposed works….. उल्लेख भएको छ । 2.4.2(b) construction experience in key activities मा माथी 2.4.2.(a) दिइएको अवधिमा तीन Key activities (कामहरु ) का अनुभव हुनु पर्ने योग्यता तोकिएका छन् । यस खरिद प्रकृयामा यी योग्यताहरुलाई स्वीकार गरी बोलपत्र पेस गरेको छ र 2.4.1 मा ५ बर्ष, 2.4.2(a) मा कमसेकम एउटा करारमा १० बर्ष भित्र २३ millionका प्रस्तावित् समान काम, तथा 2.4.2(b) मा उल्लेख भएको Key activeties गर्नु पर्ने मा not available भनि बोलपत्र पेस गर्नु बोलपत्रले मागेको योग्यता पुग्न सक्ने अवस्था रहदैन साथै निर्माण व्यवसाय गर्ने अनुमती मिति २०७६।११।१४ मा प्राप्त गरेको ले पाँच बर्षको निर्माण कामको अनुभव पुग्न सकेन ।

## ४. वहस/छलफल

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०७ को (१) वमोजिम पुनरावलोकन समितिले निवेदक र सम्बन्धित् सार्वजनिक निकाय दुवैलाई बुझ्न आवश्यक ठानेमा सार्वजनिक निकायले नियम १०६ वमोजिमको जानकारी, प्रतिकृया र कागजात पेस गरे पछि बुझ्न सक्नेछ भनी व्यवस्था भएको ले सुनवाई गर्न बाध्यात्मक व्यवस्था पनि नभएको तथा हाल बिश्वमहामारीमा कानून व्यवसायी , सार्वजनिक निकायका प्रतिनिधि र बोलपत्रदाताका प्रतिनिधिहरु उपस्थित गराइ सुनवाई /छलफल गर्दा माहामारी झन फैलिने सम्भावना र धनजनको क्षती हुन सक्ने सभ्भावना तथा समिति गठन भई यस मुद्दाको अन्तिम दिन यस समितिका अध्यक्ष ज्यू को उपस्थिती भएको ले उल्लिखित् कार्यक्रम गर्न समितिबाट चाहादा चाहदै पनि नसकिएको हो ।

## ५. समितिको निर्णय

सार्बजनिक निकायबाट बोलपत्रनं. Works-SKAGKHSLISP-NCB-077/078-10, Construction of Sar Khola and Gairi Khola Hundung Solar Lift Irrigation Sub Project , Tribeni-01, Rolpa कामको खरिद प्रक्रियाको बिषयमा भएको निर्णय तथा मिति २०७८।०१।२८ मा जारी आशयको सूचनाको बिरुद्धमा यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, समेतका आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) वमोजिम बोलपत्र मूल्यांकन गर्नु अगावै मूल्यांकन समितिले निर्कौल गर्नु पर्ने खण्डहरु ( क),(ख),र (घ) तथा उपदफा (३) बोलपत्रको पूर्णता परिक्षण गर्दा परिक्षण गर्नु पर्ने मध्येका खण्ड (घ) वमोजिम कमश बोलपत्रको परिक्षण र बोलपत्रको पुर्णताको परिक्षण गरी दफा २४ वमोजिम बोलपत्र उपर कारवाई नहुने भनी छुटयाईएका बोलपत्र वाहेक अन्य बोलपत्र मूल्यांकनका

लागि समावेस गर्नु पर्ने साथै बोलपत्र कागजातको ITB Section I को खण्ड २१.१ VII को (५) अनुसार Mandatory निर्माण व्यवसायी इजाजत पत्र मिति २०७६।११।१४ मा प्राप्त गरेको ले बोलपत्र Submission Deadline बाट पाँच बर्ष पहिलेको नभएको तथा सोही बोलपत्र कागजातको Section iii Evaluation and Qualification criteria को खण्ड २.४ Experience 2.4.1. General construction Experience, 2.4.2 (a)को Contracts of similar size and nature तथा 2.4.2(b) को Construction experience in Key activities मा व्यवस्था भएको योग्यता समेत पुरा नगरेकोले यस खरिद कार्यको प्राबिधिक प्रस्तावमा निवेदक बोलपत्रदाता जि.यु.पी. प्रा.ली असफल भई निजले दिएको निवेदनको दावी नपुगेको ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (क) वमोजिम निवेदन खारेज गरी दिएको छ । अरु तपशिल वमोजिम गर्नु।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार जफत गरी सदरस्याहा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| .................... | ....................... |
| कमलकुमार श्रेष्ठ | भीम कुमार ओझा |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७८ साल आषाढ ०७ गते रोज ०२ शुभम्.....................................................................१.।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री भीम कुमार ओझा**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १४६**
**आ.व. २०७७/७८ को निर्णय नं २२**

काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर, काठमाण्डौ स्थित दर्ता नं.३९६०६।०६२।०६३ जि.यु.पी प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त बिक्रम जोशी ..............................................................................................................१ **निवेदक**

**विरुद्ध**

श्रीजलश्रोत तथा सिंचाई विभाग, एकीकृत उर्जा तथा सिंचाई बिषेश कार्यक्रम, पुलोचोक, ललितपुर.................................१ **विपक्षी**

**विवादको विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम निर्णयको पुनरावलोकन गरी पाँउ ।**

**१. निवेदकको माग दावी**

मिति २०७८।०२।०९ मा निवेदक काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर, काठमाण्डौ स्थित दर्ता नं.३९६०६।०६२।०६३ जि.यु.पी प्रा.ली.को तर्फबाट अख्तियार प्राप्त बिक्रम जोशीबाट बोलपत्र नं. Works-TSLISP-NCB-077/078-06, Construction of Thudi Solar Lift Irrigation Sub Project , Mandandeupur-12, Kavrepalanchok को खरिद प्रकृया सम्बन्धमा यस समितिमा पेस गरेको निवेदनको मागदावीको सार देहायवमोजिम रहेको देखिन्छ। निवेदनको पूर्णपाठ मिशिलमा सामेल भएकोले पुनराबृती गरिएन ।

१.१ मिति २०७७।१२।०३ मा बोलपत्र आव्हान गरेको मा सो वमोजिम सवै योग्यता निवेदक कम्पनीको रहेको ले रितपर्वकको बोलपत्र पेस गरेको मा हाम्रो कम्पनीको बोलपत्रको प्राविधिक प्रस्ताव अयोग्य भएको ले चित्त नवुझी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(६) वमोजिमको म्याद भित्रै २०७८।०२।०१ मा निवेदन दिएको र सो निकायबाट मिति २०७८।०२।०३ मा बोलपत्र सम्बन्धि योग्यता नरहेको भन्ने आशय उल्लेख गरी सोही ऐनको दफा २३(२) र)३) वमोजिम सारभूतरुपमा प्रभावग्राही नभएको ले सो ऐनको दफा २४ अनुसार कारवाइ नभएको निर्णय नै नगरी जानकारी गराएको ।

१.२ विपक्षीको निर्णय काम कारवाइ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २(घ), दफा ९,१०,२३,४७ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६,२८,२९,३७,४०,६०,६५,६६,७६ समेतको विपरित भएको ।

१.३ प्रस्तुत बोलपत्र आव्हान कागजातको Section iii: Evaluation and Qualification Criteria को Evaluation Criteria 2.3 Financial Situation र 2.4 Experience Under Construction contracts in the role of contractor, subcontractor of Management Contractor for at least the last fve years prior to the applications submission deadline कार्यानुभव उल्लेख भएको मा यी कामहरु हामीहरुले बर्षौ देखि सफलतापूर्वक गरेको अनुभव र औसत बार्षिक कारोवार बिद्यमान छन् । निवेदकले General Construction experience and specific construction experience प्रमाण पेस गरेको छ । विपक्षीबाट बोलपत्रको शर्तमा नराखिएको कामको अनुभवलाई निर्माण ब्यवशाय इजाजत प्राप्त हुनु अघिको भनी निकायको मूल्यांकन समिति निकाय र निकाय प्रमुखले गरेको काम कारवाइ कानून पतिकूल छ। हामीले आर्जित अनुभव र औसत बार्षिक कारोवारलाइ शून्य घोषित गर्न मिल्दैन । तथा सोलर सम्वन्धि अनुभव नभएको र सो क्षेत्रमा काम नगरेको कम्पनीहरु लाई मूल्यांकनमा समावेस गरिएको निर्णय त्रुटीपुर्ण छ । निवेदकले मिति २०७६।११।१४ मा चन्द्रागिरी न.पा. बाट भविश्यमा उर्जा वाहेक अन्य निर्माण कार्य गर्न भनी ब्यवसायीक इजाजतपत्र लिएको पेस गरेको छ ।

**२. सार्वजनिक निकायको प्रतिक्रिया**

यस समितिबाट बोलपत्र नं. Works-TSLISP-NCB-077/078-06, Construction of Thuldi Solar Lift Irrigation Sub-Project Mandandeupur 12, Kavrepalanchawk कामको खरिद प्रक्रियाको बिषयमा यस समितिमा पुनरावलोकन गरी पाउँ भनी निवेदन पर्न आएको विषयमा यस समितिको च.नं.८५ मिति २०७८।०२।०९ बाट प्रतिकृया माग भएको मा सार्वजनिक निकायको च.नं.२७१, मिति २०७८।०२।११ को पत्र मार्फत प्रतिकृया प्राप्त भएको ले सो को पुनरावृती नगरी प्रतिकृयाको सार देहाय वमोजिम देखिन्छ।

२.१ निवेदकले पेस गरेका अशान्दार्भिक निवेदन कै भरमा मात्र बोलपत्र सारभूतरुपमा प्रभावग्राही छ भनी मान्न सकिदैन । विपक्षीबाट पेस भएको प्राविधिक प्रस्ताव प्रभावग्राही मान्नका लागि BID document मा उल्लिखित् मूल्यांकन सम्वन्धि प्रावधान, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११,१२,१४,२३,२४,२५,२६ लगायत विभिन्न दफाहरु र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६,१७,१८(२)(ख), २२,३२(ख) लगायत विभिन्न निकायहरुको रोहमा हेरिनु पर्ने हुन्छ। यस्ता सम्बन्धित् कानून् र BID document मा भएका प्रावधानका आधारमा बोलपत्र मूल्यांकन गर्दा प्रथम दृष्ठि मूल्यांकन प्रभावग्राही नभएको मिति २०७८।०२।०३ मा जानकारी निवेदकलाई दिइसकिएको हो ।

२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११ समेतमा उल्लिखित् Mandatory legal Provisions & procedures वमोजिम Bidding procedure छनौट गरी Bidding Document तयार गरी Single Stage Double envelope बोलपत्र आव्हान गरेको हो । प्राविधिक प्रस्तावमा नै प्रभावग्राही नभएको ले निवेदक असफल भएको ले कामकारवाइ अगाडी नवढाएको हो ।

२.३ Bidding Document को Bidding Procedure मा बोलपत्रदाताले बोलपत्र पेस गर्दा सार्वजनिक निकायले जारी गरेको बोलपत्र सम्बन्धि कागजातहरु राम्ररी पढी बझी पेस गरेको भन्ने न्यायीक अनुमान गरिन्छ । बिपक्षीले पेस गरेको प्रस्तावबाट २०७६।११।१४ मा चन्द्रगिरी नगरपालिकाबाट निर्माण ब्यवशाय इजाजत पत्र लिएको देखिन्छ । बोलपत्र सम्बन्धि कागजातको Section iii मा Evaluation and qualification criteria मा दुइवटा Criteria तोकिएकोमा Clause 2.4 मा ब्यवसाय दर्ता भएको ५ बर्ष हुनु पर्ने मा माथीको मितिमा जारी भएको ब्यवशायीक अनुमती पत्र लिएको ले Experience अवधि ५ बर्ष पुरा नभएको अवस्था प्रष्ट भई बोलपत्र Responsive नगरेको हो ।

२.४ विपक्षीलाइ पत्राचार गरी प्राविधिक प्रस्तावको Evaluation Criteria अनुसार अनुतिर्ण देखिएको बस्तुनिष्ट आधार र कारण उल्लेख जानकारी गराइएकोछ । विपक्षीबाट मिल्दोजुल्दो नाममा अन्य व्यवशायमा काम लामो समय देखि गरेपनि ती कार्य र अनुभव प्राविधिक प्रस्तावहरु संग मिल्ने कार्य र अनुभव होइनन् । प्राविधिक प्रस्ताव स्वीकृत गर्नु पर्ने आवश्यक व्यवसाय इजाजत लिएको ५ बर्ष पुगेको हुनु पर्ने नै हो । आवश्यक अनुमती पत्र भन्दा बाहिरको अशान्दार्भिक कामको पेस गर्दैमा प्राविधिक प्रस्ताव स्वीकार हुने आधार सृजना हुनै सक्दैन ।

अतः निवेदक जि.यु.पी. प्रा.ली. एवं विपक्षिको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको नपाइएको भन्ने मिति २०७८।०२।०३ को पत्राचार र यस सम्बन्धि सम्पूर्ण काम कारवाइहरु कानून सम्मत रही वदर नहुने अवस्था रहेको ले विपक्षिको पुनरावलोकन निवेदन खारेज गरी पाउँ ।

## ३. अध्ययन अवलोकन

उपर्युक्त खरिद प्रकियाका मुद्दाको बिषयमा निवेदकले निवेदनसाथ पेश गरेको कागज प्रमाण, सार्वजनिक निकायबाट दिइएको प्रतिकिया र बोलपत्र कागजातहरु, Bid Response Document तथा सार्वजनिक खरिद ऐन, नियमावलीका आधारमा अध्ययन अवलोकन गरेको छ ।

३.१ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा सार्वजनिक निकायले यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने र उपदफा (२) मा उपदफा (१) का प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था भएकोले सार्बजनिक खरिद गर्दा सार्बजनिक निकाय यस ऐनमा भएको कार्यविधि पालना गर्न बाध्यकारी हुन्छ । बोलपत्र कागजातहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को आधारमा तयार भएको हुन्छ । त्यसर्थ यी कागजातहरु पनि कानून कै हिस्सा हुन् । करारमा कानून पूर्ण रुपले पालना भएको हुनु पर्छ , त्यसलाई करार ऐनले स्पष्ट गरेको छ ।

३.२ करार ऐन, २०५६ को दफा ५ वमोजिम करारमा एकपक्षबाट राखेको प्रस्ताव अर्को पक्षले स्वीकृत दिएमा करार भएको मानिन्छ । दुई पक्षहरु बीच सहमती भएको हुनु पर्छ । यसबाट स्पष्ट हुन्छ कि करारको सहमती करारको प्रस्ताव राख्ने र त्यसलाई करारीले स्वीकार गरेको हुनु आवश्यक हुन्छ । यसमा सार्वजनिक निकायबाट बोलपत्रको सूचना आव्हान गरी प्रस्ताव राखेको छ र निवेदकले बोलपत्र आव्हान सूचना, बोलपत्र कागजातहरु, कानूनलाइ मान्छु भनी बोलपत्र पेस गरेको देखिन्छ । सबै शर्तहरु पालन गर्छु भनेर बोलपत्रकागजातहरु मा दस्तखत गरी बोलपत्र पेस गरेको अवस्थामा बोलपत्रदाताबाट त्यो प्रस्ताव पालन गर्न बाध्य हुन्छ । बोलपत्र कागजातमा भएका व्यवस्थाहरु लाई चित्त नबुझी Prebid Meeting को अवस्थामा उठान गरेको देखिएन । साथै Letter of Technical Bid –a) मा We have examined and have no reservations to the bidding document, …… मान्छु भनी दस्तखत गरि सकेको अवस्था छ ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(१) (क) बमोजिम बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यताका आधार पूरा गरेको हुनु पर्ने तथा उपदफा (४) बमोजिम बोलपत्र प्रस्तावको मुल्याँकन बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित आधार बमोजिम मात्र गर्नु पर्ने व्यवस्था भएकोले बोलपत्रको मूल्यांकन बोलपत्रमा उल्लिखित आधारमा गर्न सार्बजनिक निकाय बाध्यकारी हुन्छ ।

३.४ निवेदकबाट पेस भएका Response Document हेर्दा Technical Proposal मा समावेस गर्नु पर्ने (ITB 16.1 वमोजिम) का Owned भनिएको, Proposed Personnel not available उल्लेख गरेको ले बोलपत्रदाता चुकेको देखिन्छ । साथै बोलपत्रदाताको योग्यता General Construction experience, 2(a), specific Construction experience, 2(b) specific Construction experience in key activities मा not available उल्लेख भएको ले योग्यतामा कमी देखिन्छ जव की बोलपत्र कागजातहरुले माग गरेको कागजातहरु अक्षरश भरी पुरा गरेको हुनु पर्दछ । ITB को General construction experience मा कमसेकम विगत ५ बर्षहरुमा prier to the applications submission deadline construction contracts को अनुभव हुनु आवश्यक पर्छ । साथै 2.4.2(a) Contracts of similar size and Nature मा participation as prime contractor, or sub contractor, in at least (1) one contracts (one irrigation project ) within the last ten 910) years with a value of at least 23 million that have been successfully or are substancally completed and tha are similar to the proposed works….. उल्लेख भएको छ । 2.4.2(b) construction experience in key activities मा माथी 2.4.2.(a) दिइएको अवधिमा तीन Key activities (कामहरु ) का अनुभव हुनु पर्ने योग्यता तोकिएको छ । यस खरिद प्रकृयामा यी योग्यताहरुलाई स्वीकार गरी बोलपत्र पेस गरेको छ र 2.4.1 मा ५ बर्ष, 2.4.2(a) मा कमसेकम एउटा करारमा १० बर्ष भित्र २३ millionका प्रस्तावित् समान काम, तथा 2.4.2(b) मा उल्लेख भएको Key activeties गर्नु पर्ने मा not available भनि बोलपत्र पेस गर्नु बोलपत्रले मागेको योग्यता पुग्न सक्ने अवस्था रहदैन साथै निर्माण व्यवसाय गर्ने अनुमती मिति २०७८।११।१४ मा प्राप्त गरेको ले पाच बर्षको निर्माण कामको अनुभव पुग्न सकेन ।

## ४. वहस/छलफल

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०७ को (१) वमोजिम पुनरावलोकन समितिले निवेदक र सम्बन्धित् सार्वजनिक निकाय दुवैलाई बुझ्न आवश्यक ठानेमा सार्वजनिक निकायले नियम १०६ वमोजिमको जानकारी , प्रतिकृया र कागजात पेस गरे पछि बुझ्न सक्नेछ भनी व्यवस्था भएको ले सुनवाई गर्न बाध्यात्मक व्यवस्थो नभएको तथा हाल बिश्वमहामारीमा कानून व्यवसायी , सार्वजनिक निकायका प्रतिनिधि र बोलपत्रदाताका प्रतिनिधिहरु उपस्थित गराइ सुनवाई ⁄छलफल गर्दा माहामारी झन फैलिने सम्भावना र धनजनको क्षती हुन सक्ने सभ्भावना तिक्ष्ण भएको साथै समितिको गठन भई मुद्दाको अन्त्यमा अध्यक्षको उपस्थिती भएकोले उल्लिखित् कार्यक्रम गर्न समितिबाट सम्भव नभएको ।

## ५. समितिको निर्णय

सार्बजनिक निकायबाट बोलपत्र नं. Works-TSLISP-NCB-077/078-06, Construction of Thudi Solar Lift Irrigation Sub Project, Mandandeupur-12, Kavrepalanchok कामको खरिद प्रक्रियाको बिषयमा भएको निर्णय तथा मिति २०७८।०१।२८ मा जारी आशयको सूचनाको बिरुद्धमा यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) वमोजिम बोलपत्र मूल्यांकन गर्नु अगावै मूल्यांकन समितिले निर्कौल गर्नु पर्ने खण्डहरु (क),(ख),र (घ) तथा उपदफा (३) बोलपत्रको पूर्णता परिक्षण गर्दा परिक्षण गर्नु पर्ने मध्येका खण्ड (घ) वमोजिम क्रमश बोलपत्रको परिक्षण र बोलपत्रको पुर्णताको परिक्षण गरी दफा २४ वमोजिम बोलपत्र उपर कारवाई नहुने भनी छुटयाईएका बोलपत्र वाहेक अन्य बोलपत्र मूल्यांकनका लागि समावेस गर्नु पर्ने साथै बोलपत्र कागजातको ITB Section I को खण्ड २१.१ VII को (५) अनुसार Mandatory निर्माण व्यवसायी इजाजत

पत्र मिति २०७६।११।१४ मा प्राप्त गरेको ले बोलपत्र Submission Deadline बाट पाँच बर्ष पहिलेको नभएको तथा सोही बोलपत्र कागजातको Section iii Evaluation and Qualification criteria को खण्ड २.४ Experience 2.4.1. General construction Experience, 2.4.2 (a)को Contracts of similar size and nature तथा 2.4.2(b) को Construction experience in Key activities मा ब्यवस्था भएको योग्यता समेत पुरा नगरेकोले यस खरिद कार्यको प्राबिधिक प्रस्तावमा निवेदक बोलपत्रदाता जि.यु.पी. प्रा.ली असफल भई निजले दिएको निवेदनको दावी नपुगेको ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (क) वमोजिम निवेदन खारेज गरी दिएको छ । अरु तपशिल वमोजिम गर्नु।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार जफत गरी सदरस्याहा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | भीम कुमार ओझा |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७८ साल आषाढ ०७ गते रोज ०२ शुभम्.....................................................................१.।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री भीम कुमार ओझा**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १४७**
**आ.व. २०७७/७८ को निर्णय नं २३**

| | |
|---|---|
| काठमाण्डौ जिल्ला चन्द्रागिरी न.पा. वडा नं. १४ काठमाण्डौ स्थित अल्टा सोलार ईनर्जी एण्ड स्टील इन्जिनियरिंग प्रा.ली. को तर्फबाट अख्तियार प्राप्त ऐ का म्यानेजर ऐ बस्ने बर्ष ४२ को उत्तम खनाल ........................................................१ | **निवेदक** |
| **विरुद्ध** | |
| श्री जलश्रोत सिंचाई विभाग , एकीकृत उर्जा तथा सिचाई बिषेश कार्यक्रम पुल्चोक, ललितपुर ....................................१, | **विपक्षी** |
| ऐ का निकाय प्रमुख , बोलपत्र मूल्यांकन समिति समेत..........................................................................३ | |

**विवादको विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम निर्णयको पुनरावलोकन गरी पाउँ ।**

**१. निवेदकको माग दावी**

मिति २०७८।०२।०९ मा निवेदक काठमाण्डौ जिल्ला चन्द्रागिरी न.पा. वडा नं. १४ काठमाण्डौ स्थित अल्टा सोलार ईनर्जी स्टिल इन्जिनियरिंग प्रा.ली. को तर्फबाट अख्तियार प्राप्त ऐ. का म्यानेजर ऐ बस्ने बर्ष ४२ का उत्तम खनालबाट बोलपत्र नं. SKGASSLISP-NCB-2077/78-12 , Construction of Sim Khola Goghari And Syala Solar Lift Irrigation Sub-project का खरिद सम्बन्धमा यस समितिमा पुनरावलोकनका लागि पेस गरेको निवेदनको मागदावीको पूर्ण पाठ पुनराबृती नगरी सो सार देहायवमोजिम रहेको देखिन्छ ।

१.१ मेरो कम्पनी सौर्य उर्जाका समेतमा प्रतिष्ठित हो । उपर्युक्त Sub-project का लागि मिति २०७७।१२।०३ मा आव्हान भएको बोलपत्र सूचना अनुसार योग्यता सबै भइ योग्यता पुष्टी गर्ने कागजातहरु सबै समावेस गरी रितपूर्वकको बोलपत्र पेस गरेका थियौ । मिति २०७८।०१।२८ मा Notice for financial Bid opening and notice of Intent को सूचना प्रकाशन भएको मा निवेदक कम्पनीको नाम समावेस नभएको देखि सूचना एवं तत् सम्बन्धि निर्णय त्रुटीपूर्ण गरेको ले ऐनको दफा ४७ (६) वमोजिम सार्वजनिक निकायमा निवेदन पेस गरेको मा सार्वजनिक निकायबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२), (३) वमोजिम सारभुतरुपमा प्रभावग्राही नभएको ले सोही ऐनको दफा २४ अनुसार बोलपत्र उपर बारवाई नभएको ब्यहोरा जनकारी गराएको । योग्यता पुगेको निवेदकको प्रस्तावलाई सारभूतरुपमा प्रभावग्राही नभएको भनी गरेको निर्णय कानून प्रतिकूल छ ।

१.२ विपक्षिको गैरकानूनी निर्णय र तत् सम्बन्धि सम्पुर्ण काम कारवाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९घ, ९,१०,२३,४७ र नियमावली, २०६४ को नियम २६,२८,२९,३७,४०,६०,६५,६६,७६ समेतको विपरित हुनुका साथै प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही नभएको भन्ने विपक्षी सार्वजनिक निकायको काम कारवाई पत्राचार सूचनाहरु तल उल्लिखित आधारका कारण त्रुटीपूर्ण रहेको ।

१.२.१ बोलपत्र कागजातको Section iii Evaluation and Qualification Criteria को Evaluation Criteria 2.3 Financial situation र 2.4 Experience under construction contracts in the role of contractor, sub -contractor or management contractor for at least the last 5 years prior to the applications submissions deadline कार्य अनुभव रहेको उल्लेख छ । यस्तै कार्य निवेदक कम्पनीबाट विगत बर्ष देखि गरी आएको थियो । उक्त निर्माण कार्यको अनुभवलाई नै प्रस्तावित खरिद सम्झौता संग मेल खाने प्रकृतीका कार्य सफलतापूर्वक सम्पन्न गरेका बिषेश अनुभव समावेस गरी निवेदकले बोलपत्रमा निर्माण अनुभव र औसत बार्षिक कारोवारमा समावेस गरेको मा त्यसलाइ विपक्षी र अन्य निकायबाट अन्यथा भन्न सकेको छैन । समान कामको अनुभवलाई निर्माण ब्यवसायी इजाजत पत्र प्राप्त हुनु अघिको भएको आधारमा गणना नगर्ने काम कारवाइ कानून प्रतिकूल रहेको स्पष्टछ ।

१.२.२ सार्वजनिक निकायले अयोग्य ठहर गर्दा मिति २०७७।०६।१५ मा चन्द्रगीरी न.पा. बाट निर्माण ब्यवशाय इजाजत पत्र प्राप्त गरेको देखिएको र बोलपत्र सम्बन्धि कागजातमा ५ बर्ष अघिको अनुभव चाहिने भन्ने शर्तको आधार लिई निवेदकको बोलपत्र सारभूत रुपमा प्रभावग्राही नरहेको भनी पत्राचार गरेको मा पूर्व गरेको कामबाट यस कम्पनीले बैधानिकता पाइसकेको छ । यस कम्पनीले विधिवत कम्पनी दर्ता र कर पनि तिरी रहेको छ । निर्माण परिभाषामा पनि ब्यवसाय अनुमती प्राप्त पछिको त्यस्ता कार्यलाइ मात्र निर्माण कार्य भनी सीमा निर्धारण गरेको छैन ।

**२. सार्वजनिक निकायको प्रतिक्रिया**

उपरोक्त खरिद कार्यका लागि पुनरावलोकन गरी पाउँ भनि निवेदक अलट्ा इनर्जि एण्ड स्टिल ईन्जिनियरिंग प्रा.ली. ले मिति २०७८।०२।०९ गते पेस गरेको निवेदनका सम्बन्धमा यस समितिबाट च.नं. ८४, मिति २०७८।०३।०९ मा प्रतिक्रिया तथा जानकारी माग गरेको मा सार्वजनिक निकाय श्रीजलश्रोत तथा सिचाई बिभाग, एकीकृत उर्जा तथा सिचाई बिषेस कार्यकम, पुल्चोकबाट च.नं.२६९ , मिति २०७८।०२।११ मा प्रतिक्रिया तथा जवाफ प्राप्त भएको मा त्यसको पूर्ण पाठ पुनराबृती नगरी यसको सार देहाय वमोजिम छन्:-

२.१ विपक्षी कम्पनीको बोलपत्र प्रभावग्राही मान्नका लागि ठेक्का आव्हानमा गरिएको DIB Document उल्लिखित् मूल्यांकन सम्बन्धि प्रावधान र सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११,१२,१४,२३,२४,२५,र२६ लगायतका विभिन्न दफाहरु तथा नियमावली, २०६४ को नियम १६,१७,१८(२),(ख), २२,३२(ख) लगायतका विभिन्न रोहमा हेरिनु पर्ने हुन्छ । त्यस्ता कानून, नियम BID Document मा उल्लिखित् प्रावधानका आधारमा मूल्यांकन गर्दा विपक्षीको प्राविधिक प्रस्ताव प्रथम दृष्ठि मूल्यांकनबाट नै प्रभावग्राही नभएको ले निकायका तर्फबाट सोही जानकारी मिति २०७८।०२।०३ मा दिइएको ।

२.२ सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११, समेतमा उल्लिखित् Mandatory Legal Provisions and Procedures वमोजिम PPMO बाट जारी Bidding Document वमोजिम E-bidding मार्फत बोलपत्र माग गरेको हो । विपक्षीको व्यवशाय दर्ता नभएको कारण प्राविधिक प्रस्ताव प्रारम्भमा प्रभावग्राही नभएको ।

२.३ बेलपत्रदाताले बोलपत्र भरी पेस गर्दा बोलपत्रदाताले बोलपत्र कागजातहरु राम्ररी पढी बुझी पेस गरेको भन्ने न्यायीक अनुमान गरिन्छ । विपक्षीले पेस गरेको निर्माण व्यवसायीक अनुमती पत्र चन्द्रगिरी न.पा.बाट मिति २०७७।०६।१५ मा जारी भएको प्रमाणपत्र बोलपत्र साथ समावेस गरेको देखिन्छ । बोलपत्र कागजातको Section iii Evaluation and Qualification Critera को Clause 2.4 Experience मा निर्माण व्यवसाय अनुमती पत्र लिएको ५ बर्ष पुरा भएको हुनु पर्ने भन्ने निकायले जारी गरेको बोलपत्रकागजातमा छ । निर्माण व्यवसाय अनुमती प्राप्त गरेको ५ बर्ष नपुगेकोले Non-responsive बोलपत्र कार्यवाइ अगाडी नवढाएको हो ।

२.४ विपक्षि बाट मिति २०७७।०६।१५ मा निर्माण व्यवसाय जारी भएको प्रमाण पत्र Bibbing Document Section iii को Evaluation and Quailification Criteria 2.3 मा Financial Situation 2.4 मा Experience under construction contracts in role of contractor, sub contractor or management contractor for at least five years prior to the applications submission deadline. अन्तरगत व्यवसाय दर्ता भएको २ बर्ष पनि पूरा नभइ अर्थात ५ बर्ष ननाघेको अवस्था मा प्रारम्भिक निर्धारित प्राविधिक पुरा नभएको ले विपक्षिको प्रस्ताव सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २४ समेतका आधारमा अस्वीकृत भएको ।

२.५ विपक्षीबाट अनुभवहरु पेस गरेको भए पनि ती कार्य र अनुभवहरु प्राविधिक प्रस्तावमा स्वीकार गर्न मिल्ने कार्य र अनुभव होइनन । प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आधार व्यवसाय अनुमती लिएको ५ बर्ष पुरा भएको भन्ने हो । यस ठेक्कालाइ चाहिने अनुभव भन्दा वाहिरको अशान्दार्भिक कामको बर्णन गर्दै मा निजको प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आधार सृजना हुन सक्तैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम पुनरावलोकन गरी पाउ भनी दिइएको निवेदन खारेज गरी पाउँ ।

## ३. अध्ययन अवलोकन

३.१ उपर्युक्त खरिद प्रक्रियाका मुद्दाको बिषयमा निवेदकले निवेदनसाथ पेश गरेको कागज प्रमाण, सार्वजनिक निकायबाट मिति २०७८।०३।११ मा दिइएको प्रतिकिया र बोलपत्र कागजातहरु, Bid Response Document तथा सार्वजनिक खरिद ऐन, नियमावलीका आधारमा अध्ययन अवलोकन गरेको छ ।

३.२ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा सार्वजनिक निकायले यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने र उपदफा (२) मा उपदफा (१) को प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था भएकोले सार्बजनिक खरिद गर्दा सार्बजनिक निकाय यस ऐनमा भएको व्यवस्था र कार्यविधि पालना गर्न बाध्यकारी हुनेछ । यो कानून् पालन नगरेमा खरिद प्रक्रिया वदर हुनेछ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(१) (क) बमोजिम बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यताका आधार र (ख) मा प्रस्तावदाताले प्रस्ताव सम्बन्धि कागजातमा उल्लिखित योग्यताका आधार पूरा गरेको हुनु पर्ने तथा उपदफा (२) मा बोलपत्र सम्बन्धि कागजात वा प्रस्ताव सम्बन्धि कागजातमा योग्यताका आधार उल्लेख गर्दा पेशागत र प्राविधिक योग्यता उपकरणको उपलब्धता , विगतको कार्य सम्पादन, कानूनी सक्षमता , वित्तीयश्रोत ....आधारहरु उल्लेख गर्न सकिने व्यवस्था छ । बोलपत्र कागजातबाट माग गरेका यस्ता सम्पूर्ण आधारहरु बोलपत्रदाताबाट पुष्टी सहीत प्रस्तुत गर्न आवश्यक हुन्छ । ऐ दफाको उपदफा (४) बमोजिम बोलपत्र प्रस्तावको मुल्याँकन बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित् आधार बमोजिम मात्र गर्नु पर्ने व्यवस्था भएकोले बोलपत्रको मूल्यांकन बोलपत्रमा उल्लिखित् आधारमा गर्न सार्बजनिक निकाय बाध्यकारी हुन्छ । अर्थात सूचना साथ प्रकाशन गरेको बोलपत्र कागजातहरु अनुसार बोलपत्रदाताहरुले बोलपत्र पेस गर्न र कानुन तथा सोही आधारमा बोलपत्रको मूल्यांकन गर्न सार्वजनिक निकाय बाध्यकारी हुन्छ ।

३.४ यस contract No मा बोलपत्रदाताहरुबाट बोलपत्रहरु पेस गरेका मध्ये तीन बोलपत्रदाताहरु प्राविधिक प्रस्तावमा सफल भएका देखिन्छन् । निवेदकबाट पेस भएका Response Document मा Technical Proposal को Qualification मा प्रस्तुत गर्नु पर्ने (ITB 16.1 वमोजिम) का Owned भनिएको, Proposed Personnel not available उल्लेख गरेको छ । साथै बोलपत्रदाताको योग्यता (Qualification) General Construction experience, 2(a), specific Construction experience, 2(b) specific Construction experience in key activities मा बोलपत्र Response Document मा not available उल्लेख भएको ले योग्यतामा पुग्न नसकेको देखिन्छ जव की बोलपत्र पेस गर्ने बोलपत्रदाताले बोलपत्र कागजातहरुले माग गरेको कागजातहरु अक्षरश भरी पुरा गरी पेस गरेको हुनु पर्दछ । ITB को General construction experience मा …at least the last 5 years prior to the applications submission deadline भनी कमसेकम ५ बर्ष अघि देखिको अनुभव हुनु आवश्यक पर्ने उल्लेख छ । यसमा Construction Contract को अनुभव हुनु पर्ने, त्यो बोलपत्र पेस गर्नु ५ बर्ष अगाडी कार्यसम्पादन गरेको हुनु पर्ने, रहेको देखिन्छ ।

३.५ साथै 2.4.2(a) Contracts of similar size and Nature मा participation as prime contractor, or sub contractor, in at least (1) one contracts (one irrigation project ) within the last ten (10) years with a value of at least 23 million that have been successfully or are substancially completed and they are similar to the proposed works..... उल्लेख भएको छ । यस खण्डमा दश बर्ष भित्रमा कम्सेकम २३ मिलियनको काम गरेको, त्यो काम एउटा शिचाई सम्बन्धि निर्माण काम गरेको र प्रस्ताव गरेको निर्माण काम संग समान हुनु पर्ने समेतको व्यवस्था गरेको देखिन्छ ।

३.६ 2.4.2(b) construction experience in key activities मा माथी 2.4.2.(a) दिइएको अवधिमा तीन Key activities (कामहरु) का अनुभवहरु हुनु पर्ने योग्यता तोकिएका छन् । यस खरिद प्रकृयामा SDB को section iii evaluation and Qualification criteria को 2 मा भएका प्रावधानहरुलाई स्वीकार गरी दस्तखत गरी बोलपत्रदातबाट बोलपत्र पेस गरेको अवस्था छ । यी बोलपत्र कागजातहरुमा व्यवस्था भएका शर्त र योग्यताहरुलाई स्वीकार गरी बोलपत्र पेस गरे पछि बोलपत्रदाता निवेदकले त्यस लाई मान्दिन, थाहा छैन स्वीकार्दीन भनी भन्न सक्ने अवस्था रहदैन ।

३.७ 2.4.1 मा ५ बर्ष, 2.4.2(a) मा कमसेकम एउटा करारमा १० बर्ष भित्र २३ million का -(एउटा सिचाइ सम्बन्धी निर्माण गरेका काम सम्पन्न गरेको समान काम, तथा 2.4.2(b) Key activities मा उल्लेख भएको काम गर्नु पर्ने मा अन्यथा बोलपत्र पेस गर्नु बोलपत्रले मागेको योग्यता पुग्न सक्ने अवस्था रहदैन साथै निर्माण व्यवसाय गर्ने अनुमती (SBD को 21.1. (b)(Table को (5) mandatory) व्यवस्था

बोलपत्र कागजातले गरेका ले मिति २०७७।०६।१५ मा प्राप्त गरेको निर्माण व्यवसाय गर्ने इजाजत प्रमाण पाँच बर्ष अगाडीको हुनु पर्ने उल्लेख भएको ले निर्माण कामको अनुभव समेत पुग्ने देखिदैन ।

३.८ ऐ. ऐनको दफा २३(२) को -क), (ख) र (घ) मा बोलपत्र कागजातको परीक्षण कै समयमा कानून वमोजिम योग्य भएको वा नभएको कागजात , बोलपत्रदातालाई दिईएको निर्देशन अनुरुप पुर्ण भए वा नभएको हेरिनु पर्ने तथा प्राविधिक स्पेशिफिकेसन् र खरिद सम्झौताका शर्तहरु अनुरुप बोलपत्र सारभूतरुपमा प्रभावग्राही भए वा नभएको परीक्षण गर्नु पर्ने व्यवस्था रहेको छ । यसबाट स्पष्ट हुन्छ बोलपत्रदाताहरु बोलपत्र कागजातसाथ समावेश भएको Technical Specification का शर्तहरु पूरा गर्न बाध्यकारी हुन्छन् । शर्त परा गर्न नसकेको अवस्थामा परिक्षण कै अवस्थामा बोलपत्र ऐनको दफा २४ वमोजिम बोलपत्र उपर कारवाइ हुन नसक्ने अवस्थामा पुग्नेछ तथा सारभूतरुपमा प्रभावग्राही हुन नसक्ने स्पष्ट छ ।

३.९ नियमावलीको नियम ६२ मा बोलपत्रको प्राविधिक पक्षको मूल्यांकन मा खण्ड (क) (ख)र (ग) पक्षहरुको मुल्यांकन गर्नु पर्ने छ । उपनियम (२) मा बोलपत्र र बोलपत्रदाताले उल्लेख गरेको कुरामा कुनै भिन्नता पाइएमा मुल्यांकन समितिले सो भिन्नता उल्लेख गर्नु पर्ने छ भनी व्यवस्था भएको छ ।

**४. वहस/छलफल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०७ को (१) वमोजिम पुनरावलोकन समितिले निवेदक र सम्बन्धित् सार्वजनिक निकाय दुवैलाई बुझ्न आवश्यक ठानेमा सार्वजनिक निकायले नियम १०६ वमोजिमको जानकारी , प्रतिकृया र कागजात पेस गरे पछि बुझ्न सक्नेछ भनी व्यवस्था भएको ले सुनवाई गर्न बाध्यात्मक व्यवस्था पनि नभएको तथा हाल बिश्वमहामारीमा कानून व्यवसायी, सार्वजनिक निकायका प्रतिनिधि र बोलपत्रदाताका प्रतिनिधिहरु उपस्थित गराइ सुनवाई/छलफल गर्दा माहामारी झन फैलिने सम्भावना र धनजनको क्षती हुन सक्ने सभ्भावना तथा समिति गठन भई यस मुद्दाको अन्त्यमा यस समितिका अध्यक्ष ज्यू को उपस्थिती भएको ले उल्लिखित् कार्यक्रम गर्न समितिबाट चाहादा चाहदै पनि आयोजना गर्न नसकिएको हो ।

**५. समितिको निर्णय**

सार्बजनिक निकायबाट बोलपत्र नं. Works-SKGASSLISP-NCB-077/078-12, Construction of Sim Khola Goghari and Syala Solar Lift Irrigation sub-project कामको खरिद प्रक्रियाको बिषयमा भएको निर्णय तथा मिति २०७८।०१।२८ मा जारी आशयको सूचनाको बिरुद्धमा यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था, समेतका आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) वमोजिम बोलपत्र मूल्यांकन गर्नु अगावै मूल्यांकन समितिले निर्कौल गर्नु पर्ने खण्डहरु (क),(ख),र (घ) तथा उपदफा (३) बोलपत्रको पूर्णता परिक्षण गर्दा परिक्षण गर्नु पर्ने मध्येका खण्ड (घ) वमोजिम क्रमश बोलपत्रको परिक्षण र बोलपत्रको पुर्णताको परिक्षण गरी दफा २४ वमोजिम बोलपत्र उपर कारवाई नहुने भनी छुटयाईएका बोलपत्र वाहेक अन्य बोलपत्र मूल्यांकनका लागि समावेस गर्नु पर्ने साथै बोलपत्र कागजातको ITB Section I को खण्ड २१.१ VII को (५) अनुसार Mandatory निर्माण व्यवसायी इजाजत पत्र मिति २०७७।०६।१५ मा प्राप्त गरेको ले बोलपत्र Submission Deadline बाट पाँच बर्ष पहिलेको नभएको तथा सोही बोलपत्र कागजातको Section iii Evaluation and Qualification criteria को खण्ड २.४ Experience 2.4.1. General construction Experience, 2.4.2 (a)को Contracts of similar size and nature तथा 2.4.2(b) को Construction experience in Key activities मा व्यवस्था भएको योग्यता समेत पुरा नगरेकोले यस खरिद कार्यको प्राबिधिक प्रस्तावमा निवेदक बोलपत्रदाता अल्ह्रा सोलार ईनर्जि एण्ड स्टिल इजिनियरिंग प्रा.ली असफल भई निजले दिएको निवेदनको दावी नपुगेको ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (क) वमोजिम निवेदन खारेज गरी दिएको छ । अरु तपशिल वमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार जफत गरी सदरस्याहा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | भीम कुमार ओझा |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७८ साल आषाढ ०७ गते रोज ०२ शुभम्..................................................................१।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री भीम कुमार ओझा**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १४८**
**आ.व. २०७७/७८ को निर्णय नं २४**

काठमाण्डौ जिल्ला चन्द्रागिरी .न.पा. वडा नं १४.काठमाण्डौ स्थित अल्द्दा सोलार इनर्जी एण्ड स्टिल इन्जिनियरिंग प्रा.ली. का तर्फबाट अख्तियार प्राप्त बर्ष ४२ को उत्तम खनाल ....................................................................................१ **निवेदक**

**विरुद्ध**

श्रीजलस्रोत सिंचाइ बिभाग, एकीकृत उर्जा तथा सिचाई बिषेश कार्यक्रम पुल्चोक, ललितपुर **विपक्षी**

ऐ निकाय प्रमुख, ऐ बोलपत्र मूल्यांकन समिति .....................................................३

**विवादको विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम निर्णयको पुनरावलोकन गरी पाउँ ।**

**१. निवेदकको माग दावी**

मिति २०७८।०२।०९ मा निवेदक काठमाण्डौ जिल्ला चन्द्रागिरी न.पा. वडा नं. १४ काठमाण्डौ स्थित अल्द्दा सोलार ईनर्जी स्टील इन्जिनियरिंग प्रा.ली. को तर्फबाट अख्तियार प्राप्त ऐ. का म्यानेजर ऐ बस्ने बर्ष ४२ का उत्तम खनालबाट बोलपत्र नं. Works-BSLISP-NCB-2077/78-15 , Construction of Bhadure Solar Lift Irrigation sub-project का खरिद सम्बन्धमा यस समितिमा पुनरावलोकनका लागि पेस गरेको निवेदनको मागदावीको पूर्ण पाठ पुनराबृती नगरी सार देहायवमोजिम रहेको देखिन्छ ।

१.१ मेरो कम्पनी सौर्य उर्जाका समेतमा प्रतिष्ठित हो । उपर्युक्त Sub-project का लागि मिति २०७७।१२।०३ मा आव्हान भएको बोलपत्र सूचना अनुसार योग्यता सबै भइ योग्यता पुष्टी गर्ने कागजातहरु सबै समावेस गरी रितपूर्वकको बोलपत्र पेस गरेका थियौ । मिति २०७८।०१।२८ मा Notice for financial Bid opening and notice of Intent को सूचना प्रकाशन भएको मा निवेदक कम्पनीको नाम समावेस नभएको देखि सूचना एवं तत् सम्बन्धि निर्णय त्रुटीपूर्ण गरेको ले ऐनको दफा ४७ (६) वमोजिम सार्वजनिक निकायमा निवेदन पेस गरेको मा सार्वजनिक निकायबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२), (३) वमोजिम सारभुतरुपमा प्रभावग्राही नभएको ले सोही ऐनको दफा २४ अनुसार बोलपत्र उपर बारवाई नभएको ब्यहोरा जनकारी गराएको । योग्यता पुगेको निवेदकको प्रस्तावलाई सारभूतरुपमा प्रभावग्राही नभएको भनी गरेको निर्णय कानून प्रतिकूल छ ।

१.२ विपक्षिको गैरकानूनी निर्णय र तत् सम्बन्धि सम्पुर्ण काम कारवाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९घ, ९,१०,२३,४७ र नियमावली, २०६४ को नियम २६,२८,२९,३७,४०,६०,६५,६६,७६ समेतको विपरित हुनुका साथै प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही नभएको भन्ने विपक्षी सार्वजनिक निकायको काम कारवाई पत्राचार सूचनाहरु तल उल्लिखित आधारका कारण त्रुटीपूर्ण रहेको ।

१.२.१ बोलपत्र कागजातको Section iii Evaluation and Qualification Criteria को Evaluation Criteria 2.3 Financial situation र 2.4 Experience under construction contracts in the role of contractor, sub -contractor or management contractor for at least the last 5 years prior to the applications submissions deadline कार्य अनुभव रहेको उल्लेख छ । यस्तै कार्य निवेदक कम्पनीबाट विगत बर्ष देखि गरी आएको थियो । उक्त निर्माण कार्यको अनुभवलाई नै प्रस्तावित खरिद सम्झौता संग मेल खाने प्रकृतीका कार्य सफलतापूर्वक सम्पन्न गरेका बिषेश अनुभव समावेस गरी निवेदकले बोलपत्रमा निर्माण अनुभव र औसत बार्षिक कारोवारमा समावेस गरेको मा त्यसलाइ विपक्षी र अन्य निकायबाट अन्यथा भन्न सकेको छैन । समान कामको अनुभवलाई निर्माण व्यवसायी इजाजत पत्र प्राप्त हुनु अघिको भएको आधारमा गणना नगर्ने काम कारवाइ कानून प्रतिकूल रहेको स्पष्टछ ।

१.२.२ सार्वजनिक निकायले अयोग्य ठहर गर्दा मिति २०७७।०६।१५ मा चन्द्रगीरी न.पा. बाट निर्माण ब्यवशाय इजाजत पत्र प्राप्त गरेको देखिएको र बोलपत्र सम्बन्धि कागजातमा ५ बर्ष अघिको अनुभव चाहिने भन्ने शर्तको आधार लिई निवेदकको बोलपत्र सारभूत रुपमा प्रभावग्राही नरहेको भनी पत्राचार गरेको मा पूर्व गरेको कामबाट यस कम्पनीले बैधानिकता पाइसकेको छ । यस कम्पनीले विधिवत कम्पनी दर्ता र कर पनि तिरी रहेको छ । निर्माण परिभाषामा पनि ब्यवसाय अनुमती प्राप्त पछिको त्यस्ता कार्यलाइ मात्र निर्माण कार्य भनी सीमा निर्धारण गरेको छैन ।

**२. सार्वजनिक निकायको प्रतिकिया**

उपरोक्त खरिद कार्यका लागि पुनरावलोकन गरी पाउँ भनि निवेदक सर्योदय उर्जा प्रा.ली. ले गरेको निवेदनका सम्बन्धमा मिति २०७८।०२।०९ गते प्रतिक्रिया तथा जानकारी माग गरेको मा सार्वजनिक निकाय श्रीजलश्रोत तथा सिचाई बिभाग, एकीकृत उर्जा तथा सिचाई बिषेस कार्याकम, पुल्चोकबाट मिति २०७८।०२।११ मा प्रतिकिया तथा जवाफ प्राप्त भएको छ । त्यसको पूर्ण पाठ पुनराबृती नगरी त्यसको सार देहाय वमोजिम छन्:-

२.१ विपक्षी कम्पनीको बोलपत्र प्रभावग्राही मान्नका लागि ठेक्का आव्हानमा गरिएको DIB Document उल्लिखित् मूल्यांकन सम्बन्धि प्रवधान र सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११,१२,१४,२३,२४,२५,२२६ लगायतका विभिन्न दफाहरु तथा नियमावली, २०६४ को नियम १६,१७,१८(२),(ख), २२,३२(ख) लगायतका विभिन्न रोहमा हेरिनु पर्ने हुन्छ । त्यस्ता कानून, नियम BID Document मा उल्लिखित् प्रावधानका आधारमा मूल्यांकन गर्दा विपक्षीको प्राविधिक प्रस्ताव प्रथम दृष्ठि मूल्यांकनबाट नै प्रभावग्राही नभएको ले निकायका तर्फबाट सोही जानकारी मिति २०७८।०२।०३ मा दिइएको ।

२.२ सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११, समेतमा उल्लिखित् Mandatory Legal Provisions and Procedures बमोजिम PPMO बाट जारी Bidding Document बमोजिम E-bidding मार्फत बोलपत्र माग गरेको हो । विपक्षीको व्यवशाय दर्ता नभएको कारण प्राविधिक प्रस्ताव प्रारम्भमा प्रभावग्राही नभएको ।

२.३ बेलपत्रदाताले बोलपत्र भरी पेस गर्दा बोलपत्रदाताले बोलपत्र कागजातहरु राम्ररी पढी बुझी पेस गरेको भन्ने न्यायीक अनुमान गरिन्छ । विपक्षीले पेस गरेको निर्माण व्यवसायीक अनुमती पत्र चन्द्रगिरी न.पा.बाट मिति २०७७।०६।१५ मा जारी भएको प्रमाणपत्र बोलपत्र साथ समावेस गरेको देखिन्छ । बोलपत्र कागजातको Section iii Evaluation and Qualification Critera को Clause 2.4 Experience मा निर्माण व्यवसाय अनुमती पत्र लिएको ५ बर्ष पुरा भएको हुनु पर्ने भन्ने निकायले जारी गरेको बोलपत्रकागजातमा छ । निर्माण व्यवसाय अनुमती प्राप्त गरेको ५ बर्ष नपुगेकोले Non-responsive बोलपत्र कार्यवाइ अगाडी नबढाएको हो ।

२.४ विपक्षि बाट मिति २०७७।०६।१५ मा निर्माण व्यवसाय जारी भएको प्रमाण पत्र Bibbing Document Section iii को Evaluation and Quailification Criteria 2.3 मा Financial Situation 2.4 मा Experience under construction contracts in role of contractor, sub contractor or management contractor for at least five years prior to the applications submission deadline .अन्तरगत व्यवसाय दर्ता भएको २ बर्ष पनि पूरा नभइ अर्थात ५ बर्ष ननाघेको अवस्था मा प्रारम्भिक निर्धारित प्राविधिक पुरा नभएको ले विपक्षिको प्रस्ताव सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २४ समेतका आधारमा अस्वीकृत भएको ।

२.५ विपक्षीबाट अनुभवहरु पेस गरेको भए पनि ती कार्य र अनुभवहरु प्राविधिक प्रस्तावमा स्वीकार गर्न मिल्ने कार्य र अनुभव होइनन । प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आधार व्यवसाय अनुमती लिएको ५ बर्ष पुरा भएको भन्ने हो । यस ठेक्कालाइ चाहिने अनुभव भन्दा वाहिरको अशान्दार्भिक कामको बर्णन गर्दै मा निजको प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आधार सृजना हुन सक्तैन । सार्वजनिक खरिद ऐन, द्दण्टघ को दफा ४९ वमोजिम पुनरावलोकन गरी पाउ भनी दिइएको निवेदन खारेज गरी पाउ ।

## ३. अध्ययन अवलोकन

३.१ उपर्युक्त खरिद प्रक्रियाका मुद्दाको बिषयमा निवेदकले निवेदनसाथ पेश गरेको कागज प्रमाण, सार्वजनिक निकायबाट मिति २०७८।०३।११ मा दिइएको प्रतिक्रिया र बोलपत्र कागजातहरु, Bid Response Document तथा सार्वजनिक खरिद ऐन, नियमावलीका आधारमा अध्ययन अवलोकन गरेको छ ।

३.२ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा सार्वजनिक निकायले यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने र उपदफा (२) मा उपदफा (१) को प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था भएकोले सार्बजनिक खरिद गर्दा सार्बजनिक निकाय यस ऐनमा भएको व्यवस्था र कार्यविधि पालना गर्न बाध्यकारी हुनेछ । यो कानून् पालन नगरेमा खरिद प्रक्रिया वदर हुनेछ।

३.३. सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(१) (क) बमोजिम बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यताका आधार र (ख) मा प्रस्तावदाताले प्रस्ताव सम्बन्धि कागजातमा उल्लिखित योग्यताका आधार पूरा गरेको हुनु पर्ने तथा उपदफा (२) मा बोलपत्र सम्बन्धि कागजात वा प्रस्ताव सम्बन्धि कागजातमा योग्यताका आधार उल्लेख गर्दा पेशागत र प्राविधिक योग्यता उपकरणको उपलब्धता , विगतको कार्य सम्पादन, कानूनी सक्षमता , वित्तीयश्रोत ....आधारहरु उल्लेख गर्न सकिने व्यवस्था छ । बोलपत्र कागजातबाट माग गरेका यस्ता सम्पूर्ण आधारहरु बोलपत्रदाताबाट पुष्टी सहीत प्रस्तुत गर्न आवश्यक हुन्छ । ऐ दफाको उपदफा (४) बमोजिम बोलपत्र प्रस्तावको मुल्याँकन बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित् आधार बमोजिम मात्र गर्नु पर्ने व्यवस्था भएकोले बोलपत्रको मूल्यांकन बोलपत्रमा उल्लिखित् आधारमा गर्न सार्बजनिक निकाय बाध्यकारी हुन्छ । अर्थात सूचना साथ प्रकाशन गरेको बोलपत्र कागजातहरु अनुसार बोलपत्रदाताहरुले बोलपत्र पेस गर्न र कानुन तथा सोही आधारमा बोलपत्रको मूल्यांकन गर्न सार्वजनिक निकाय बाध्यकारी हुन्छ ।

३.४ यस contract No मा बोलपत्रदाताहरुबाट बोलपत्रहरु पेस गरेका मध्ये तीन बोलपत्रदाताहरु प्राविधिक प्रस्तावमा सफल भएका देखिन्छन् । निवेदकबाट पेस भएका Response Document मा Technical Proposal को Qualification मा प्रस्तुत गर्नु पर्ने (ITB 16.1 वमोजिम) का Owned भनिएको, Proposed Personnel not available उल्लेख गरेको छ । साथै बोलपत्रदाताको योग्यता (Qualification) General Construction experience, 2(a), specific Construction experience, 2(b) specific Construction experience in key activities मा बोलपत्र Response Document मा not available उल्लेख भएको ले योग्यतामा पुग्न नसकेको देखिन्छ जव की बोलपत्र पेस गर्ने बोलपत्रदाताले बोलपत्र कागजातहरुले माग गरेको कागजातहरु अक्षरश भरी पुरा गरी पेस गरेको हुनु पर्दछ । ITB को General construction experience मा ...at least the last 5 years prior to the applications submission deadline भनी कमसेकम ५ बर्ष अघि देखिको अनुभव हुनु आवश्यक पर्ने उल्लेख छ । यसमा Construction Contract को अनुभव हुनु पर्ने, त्यो बोलपत्र पेस गर्नु ५ बर्ष अगाडी कार्यसम्पादन गरेको हुनु पर्ने, रहेको देखिन्छ ।

३.५ साथै 2.4.2(a) Contracts of similar size and Nature मा participation as prime contractor, or sub contractor, in at least (1) one contracts (one irrigation project ) within the last ten (10) years with a value of at least 23 million that have been successfully or are substancially completed and they are similar to the proposed works..... उल्लेख भएको छ । यस खण्डमा दश बर्ष भित्रमा कम्सेकम २३ मिलियनको काम गरेको, त्यो काम एउटा शिचाई सम्बन्धि निर्माण काम गरेको र प्रस्ताव गरेको निर्माण काम संग समान हुनु पर्ने समेतको व्यवस्था गरेको देखिन्छ ।

३.६ 2.4.2(b) construction experience in key activities मा माथी 2.4.2.(a) दिइएको अवधिमा तीन Key activities (कामहरु) का अनुभवहरु हुनु पर्ने योग्यता तोकिएका छन् । यस खरिद प्रकृयामा SDB को section iii evaluation and Qualification criteria को 2 मा भएका प्रावधानहरुलाई स्वीकार गरी दस्तखत गरी बोलपत्रदातबाट बोलपत्र पेस गरेको अवस्था छ । यी बोलपत्र कागजातहरुमा व्यवस्था भएका शर्त र योग्यताहरुलाई स्वीकार गरी बोलपत्र पेस गरे पछि बोलपत्रदाता निवेदकले त्यस लाई मान्दिन, थाहा छैन स्वीकार्दीन भनी भन्न सक्ने अवस्था रहदैन ।

३.७ 2.4.1 मा ५ बर्ष, 2.4.2(a) मा कमसेकम एउटा करारमा १० बर्ष भित्र २३ million का -(एउटा सिचाइ सम्बन्धी निर्माण गरेका काम सम्पन्न गरेको समान काम, तथा 2.4.2(b) Key activities मा उल्लेख भएको काम गर्नु पर्ने मा अन्यथा बोलपत्र पेस गर्नु बोलपत्रले

मागेको योग्यता पुग्न सक्ने अवस्था रहदैन साथै निर्माण व्यवसाय गर्ने अनुमती (SBD को 21.1. (b)(Table को (5) mandatory) व्यवस्था बोलपत्र कागजातले गरेका ले मिति २०७७०६।१५ मा प्राप्त गरेको निर्माण व्यवसाय गर्ने इजाजत प्रमाण पाँच बर्ष अगाडीको हुनु पर्ने उल्लेख भएको ले निर्माण कामको अनुभव समेत पुग्ने देखिदैन ।

३.८ ऐ. ऐनको दफा २३(२) को -क), (ख) र (घ) मा बोलपत्र कागजातको परीक्षण कै समयमा कानून वमोजिम योग्य भएको वा नभएको कागजात , बोलपत्रदातालाई दिईएको निर्देशन अनुरुप पुर्ण भए वा नभएको हेरिनु पर्ने तथा प्राविधिक स्पेशिफिकेसन् र खरिद सम्झौताका शर्तहरु अनुरुप बोलपत्र सारभूतरुपमा प्रभावग्राही भए वा नभएको परीक्षण गर्नु पर्ने व्यवस्था रहेको छ । यसबाट स्पष्ट हुन्छ बोलपत्रदाताहरु बोलपत्र कागजातसाथ समावेश भएको Technical Specification का शर्तहरु पूरा गर्न बाध्यकारी हुन्छन् । शर्त परा गर्न नसकेको अवस्थामा परिक्षण कै अवस्थामा बोलपत्र ऐनको दफा २४ वमोजिम बोलपत्र उपर कारवाइ हुन नसक्ने अवस्थामा पुग्नेछ तथा सारभूतरुपमा प्रभावग्राही हुन नसक्ने स्पष्ट छ ।

३.९ नियमावलीको नियम ६२ मा बोलपत्रको प्राविधिक पक्षको मूल्यांकन मा खण्ड (क) (ख)र (ग) पक्षहरुको मुल्यांकन गर्नु पर्ने छ । उपनियम (२) मा बोलपत्र र बोलपत्रदाताले उल्लेख गरेको कुरामा कुनै भिन्नता पाइएमा मुल्यांकन समितिले सो भिन्नता उल्लेख गर्नु पर्ने छ भनी व्यवस्था भएको छ ।

**४. वहस/छलफल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०७ को (१) वमोजिम पुनरावलोकन समितिले निवेदक र सम्बन्धित् सार्वजनिक निकाय दुवैलाई बुझ्न आवश्यक ठानेमा सार्वजनिक निकायले नियम १०६ वमोजिमको जानकारी , प्रतिकृया र कागजात पेस गरे पछि बुझ्न सक्नेछ भनी व्यवस्था भएको ले सुनवाई गर्न बाध्यात्मक व्यवस्था पनि नभएको तथा हाल बिश्वमहामारीमा कानून व्यवसायी , सार्वजनिक निकायका प्रतिनिधि र बोलपत्रदाताका प्रतिनिधिहरु उपस्थित गराइ सुनवाई /छलफल गर्दा माहामारी झन फैलिने सम्भावना र धनजनको क्षती हुन सक्ने सभ्भावना तथा समिति गठन भई यस मुद्दाको अन्त्यमा यस समितिका अध्यक्ष ज्यू को उपस्थिती भएको ले उल्लिखित् कार्यक्रम गर्न समितिबाट चाहादा चाहदै पनि आयोजना गर्न नसकिएको हो ।

**५. समितिको निर्णय**

सार्बजनिक निकायबाट बोलपत्रनं.Works-BSLISP-NCB-2077/78-15 , Construction of Bhadure Solar Lift Irrigation sub-project कामको खरिद प्रक्रियाको बिषयमा भएको निर्णय तथा मिति २०७८।०१।२८ मा जारी आशयको सूचनाको बिरुद्धमा यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्थाका विषयहरु समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) वमोजिम बोलपत्र मूल्यांकन गर्नु अगावै मूल्यांकन समितिले निर्कौल गर्नु पर्ने खण्डहरु (क),(ख),र (घ) तथा उपदफा (३) बोलपत्रको पूर्णता परिक्षण गर्दा परिक्षण गर्नु पर्ने मध्येका खण्ड (घ) वमोजिम क्रमश बोलपत्रको परिक्षण र बोलपत्रको पुर्णताको परिक्षण गरी दफा २४ वमोजिम बोलपत्र उपर कारवाई नहुने भनी छुटयाईएका बोलपत्र वाहेक अन्य बोलपत्र मूल्यांकनका लागि समावेस गर्नु पर्ने साथै बोलपत्र कागजातको ITB Section I को खण्ड २१.१ VII को (५) अनुसार Mandatory निर्माण व्यवसायी इजाजत पत्र मिति २०७७०६।१५ मा प्राप्त गरेको ले बोलपत्र Submission Deadline बाट पाँच बर्ष पहिलेको नभएको तथा सोही बोलपत्र कागजातको Section iii Evaluation and Qualification criteria को खण्ड २.४ Experience 2.4.1. General construction Experience, 2.4.2 (a)को Contracts of similar size and nature तथा 2.4.2(b) को Construction experience in Key activities मा व्यवस्था भएको योग्यता समेत पुरा नगरेकोले यस खरिद कार्यको प्राबिधिक प्रस्तावमा निवेदक बोलपत्रदाता अल्धा सोलार ईनर्जि एण्ड स्टिल इजिनियरिंग प्रा.ली असफल भई निजले दिएको निवेदनको दावी नपुगेको ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (क) वमोजिम निवेदन खारेज गरी दिएको छ । अरु तपशिल वमोजिम गर्नु ।

<u>तपशील</u>

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार जफत गरी सदरस्याहा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

.....................
कमलकुमार श्रेष्ठ
सदस्य

........................
भीम कुमार ओझा
अध्यक्ष

इति सम्वत् २०७८ साल आषाढ ०७ गते रोज ०२ शुभम्...........................................१।

**सार्वजनिक खरिद पुनरावलोकन समितिका**
**अध्यक्ष : श्री भीम कुमार ओझा**
**सदस्य : श्री कमल कुमार श्रेष्ठ**
**बाट भएको निर्णय**

**मुद्दा नं. १४९**
**आ.व. २०७७/७८ को निर्णय नं २५**

काठमाण्डौ जिल्ला चन्द्रागिरी .न.पा. वडा नं १४.काठमाण्डौ स्थित अल्ढा सोलार इनर्जी एण्डं स्टिल इन्जिनियरिंग प्रा.ली. का तर्फबाट अख्तियार प्राप्त बर्ष ४२ को उत्तम खनाल ...........................................................................................१ **निवेदक**

**विरुद्ध**

श्रीजलस्रोत सिंचाइ बिभाग, एकीकृत उर्जा तथा सिचाई बिषेश कार्यक्रम पुल्चोक, ललितपुर **विपक्षी**

ऐ निकाय प्रमुख, ऐ बोलपत्र मूल्यांकन समिति ...........................................................................................३

**विवादको विषयः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ वमोजिम निर्णयको पुनरावलोकन गरी पाउ ।**

**१. निवेदकको माग दावी**

मिति २०७८।०२।०९ मा निवेदक काठमाण्डौ जिल्ला चन्द्रागिरी न.पा. वडा नं. १४ काठमाण्डौ स्थित अल्ढा सोलार ईनर्जी स्टिील इन्जिनियरिंग प्रा.ली. को तर्फबाट अख्तियार प्राप्त ऐ. का म्यानेजर ऐ बस्ने बर्ष ४२ का उत्तम खनालबाट बोलपत्र नं. Works GSLISP-NCB-2077/78-18 , Construction of Ghuretar Solar Lift Irrigation Sub-project का खरिद सम्वन्धमा यस समितिमा पुनरावलोकनका लागि पेस गरेको निवेदनको मागदावीको पूर्ण पाठ पुनराबृती नगरी सार देहायवमोजिम रहेको देखिन्छ ।

१.१ मेरो कम्पनी सौर्य उर्जाका समेतमा प्रतिष्ठित हो । उपर्युक्त Sub-project का लागि मिति २०७७।१२।०३ मा आव्हान भएको बोलपत्र सूचना अनुसार योग्यता सबै भइ योग्यता पुष्टी गर्ने कागजातहरु सबै समावेस गरी रितपूर्वकको बोलपत्र पेस गरेका थियौ । मिति २०७८।०१।२८ मा Notice for financial Bid opening and notice of Intent को सूचना प्रकाशन भएको मा निवेदक कम्पनीको नाम समावेस नभएको देखि सूचना एवं तत् सम्बन्धि निर्णय त्रुटीपूर्ण गरेको ले ऐनको दफा ४७ (६) वमोजिम सार्वजनिक निकायमा निवेदन पेस गरेको मा सार्वजनिक निकायबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२), (३) वमोजिम सारभुतरुपमा प्रभावग्राही नभएको ले सोही ऐनको दफा २४ अनुसार बोलपत्र उपर बारवाई नभएको ब्यहोरा जनकारी गराएको । योग्यता पुगेको निवेदकको प्रस्तावलाई सारभूतरुपमा प्रभावग्राही नभएको भनी गरेको निर्णय कानून प्रतिकूल छ ।

१.२ विपक्षिको गैरकानूनी निर्णय र तत् सम्बन्धि सम्पुर्ण काम कारवाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९घ, ९,१०,२३,४७ र नियमावली, २०६४ को नियम २६,२८,२९,३७,४०,६०,६५,६६,७६ समेतको विपरित हुनुका साथै प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही नभएको भन्ने विपक्षी सार्वजनिक निकायको काम कारवाई पत्राचार सूचनाहरु तल उल्लिखित आधारका कारण त्रुटीपूर्ण रहेको ।

१.२.१ बोलपत्र कागजातको Section iii Evaluation and Qualification Criteria को Evaluation Criteria 2.3 Financial situation र 2.4 Experience under construction contracts in the role of contractor, sub -contractor or management contractor for at least the last 5 years prior to the applications submissions deadline कार्य अनुभव रहेको उल्लेख छ । यस्तै कार्य निवेदक कम्पनीबाट विगत बर्ष देखि गरी आएको थियो । उक्त निर्माण कार्यको अनुभवलाई नै प्रस्तावित खरिद सम्झौता संग मेल खाने प्रकृतीका कार्य सफलतापूर्वक सम्पन्न गरेका बिषेश अनुभव समावेस गरी निवेदकले बोलपत्रमा निर्माण अनुभव र औसत बार्षिक कारोवारमा समावेस गरेको मा त्यसलाइ विपक्षी र अन्य निकायबाट अन्यथा भन्न सकेको छैन । समान कामको अनुभवलाई निर्माण व्यवसायी इजाजत पत्र प्राप्त हुनु अघिको भएको आधारमा गणना नगर्ने काम कारवाइ कानून प्रतिकूल रहेको स्पष्टछ ।

१.२.२ सार्वजनिक निकायले अयोग्य ठहर गर्दा मिति २०७७।०६।१५ मा चन्द्रगीरी न.पा. बाट निर्माण व्यवशाय इजाजत पत्र प्राप्त गरेको देखिएको र बोलपत्र सम्बन्धि कागजातमा ५ बर्ष अघिको अनुभव चाहिने भन्ने शर्तको आधार लिई निवेदकको बोलपत्र सारभूत रुपमा प्रभावग्राही नरहेको भनी पत्राचार गरेको मा पूर्व गरेको कामबाट यस कम्पनीले बैधानिकता पाइसकेको छ । यस कम्पनीले विधिवत कम्पनी दर्ता र कर पनि तिरी रहेको छ । निर्माण परिभाषामा पनि व्यवसाय अनुमती प्राप्त पछिको त्यस्ता कार्यलाइ मात्र निर्माण कार्य भनी सीमा निर्धारण गरेको छैन ।

**२. सार्वजनिक निकायको प्रतिकिया**

उपरोक्त खरिद कार्यका लागि पुनरावलोकन गरी पाउँ भनि निवेदक सर्योदय उर्जा प्रा.ली. ले गरेको निवेदनका सम्बन्धमाच.न.ं८८, मिति २०७८।०२।०९ गते प्रतिकिया तथा जानकारी माग गरेको मा सार्वजनिक निकाय श्रीजलश्रोत तथा सिचाई बिभाग, एकीकृत उर्जा तथा सिचाई बिषेस कार्याकम, पुल्चोकबाट च.न.ं२६७, मिति २०७८।०२।११ मा प्रतिकिया तथा जवाफ प्राप्त भएको छ । त्यसको पूर्ण पाठ पुनराबृती नगरी त्यसको सार देहाय वमोजिम छन्:-

२.१ विपक्षी कम्पनीको बोलपत्र प्रभावग्राही मान्नका लागि ठेक्का आव्हानमा गरिएको DIB Document उल्लिखित् मूल्यांकन सम्बन्धि प्रवधान र सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११,१२,१४,२३,२४,२५,र२६ लगायतका विभिन्न दफाहरु तथा नियमावली, २०६४ को नियम १६,१७,१८(२), (ख), २२,३२(ख) लगायतका विभिन्न रोहमा हेरिनु पर्ने हुन्छ । त्यस्ता कानून, नियम BID Document मा उल्लिखित् प्रावधानका आधारमा मूल्यांकन गर्दा विपक्षीको प्राविधिक प्रस्ताव प्रथम दृष्ठि मूल्यांकनबाट नै प्रभावग्राही नभएको ले निकायका तर्फबाट सोही जानकारी मिति २०७८।०२।०३ मा दिइएको ।

२.२ सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०,११, समेतमा उल्लिखित् Mandatory Legal Provisions and Procedures वमोजिम PPMO बाट जारी Bidding Document वमोजिम E-bidding मार्फत बोलपत्र माग गरेको हो । विपक्षीको व्यवशाय दर्ता नभएको कारण प्राविधिक प्रस्ताव प्रारम्भमा प्रभावग्राही नभएको ।

२.३ बेलपत्रदाताले बोलपत्र भरी पेस गर्दा बोलपत्रदाताले बोलपत्र कागजातहरु राम्ररी पढी बुझी पेस गरेको भन्ने न्यायीक अनुमान गरिन्छ । विपक्षीले पेस गरेको निर्माण व्यवसायीक अनुमती पत्र चन्द्रगिरी न.पा.बाट मिति २०७७।०६।१५ मा जारी भएको प्रमाणपत्र बोलपत्र साथ समावेस गरेको देखिन्छ । बोलपत्र कागजातको Section iii Evaluation and Qualification Critera को Clause 2.4 Experience मा निर्माण व्यवसाय अनुमती पत्र लिएको ५ बर्ष पुरा भएको हुनु पर्ने भन्ने निकायले जारी गरेको बोलपत्रकागजातमा छ । निर्माण व्यवसाय अनुमती प्राप्त गरेको ५ बर्ष नपुगेकोले Non-responsive बोलपत्र कार्यवाइ अगाडी नवढाएको हो ।

२.४ विपक्षि बाट मिति २०७७।०६।१५ मा निर्माण व्यवसाय जारी भएको प्रमाण पत्र Bibbing Document Section iii को Evaluation and Quailification Criteria 2.3 मा Financial Situation 2.4 मा Experience under construction contracts in role of contractor, sub contractor or management contractor for at least five years prior to the applications submission deadline .अन्तरगत व्यवसाय दर्ता भएको २ बर्ष पनि पूरा नभइ अर्थात ५ बर्ष ननाघेको अवस्था मा प्रारम्भिक निर्धारित प्राविधिक पुरा नभएको ले विपक्षिको प्रस्ताव सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २४ समेतका आधारमा अस्वीकृत भएको ।

२.५ विपक्षीबाट अनुभवहरु पेस गरेको भए पनि ती कार्य र अनुभवहरु प्राविधिक प्रस्तावमा स्वीकार गर्न मिल्ने कार्य र अनुभव होइनन । प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आधार व्यवसाय अनुमती लिएको ५ बर्ष पुरा भएको भन्ने हो । यस ठेक्कालाइ चाहिने अनुभव भन्दा वाहिरको अशान्दार्भिक कामको बर्णन गर्दै मा निजको प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आधार सृजना हुन सक्तैन । सार्वजनिक खरिद ऐन, द्दण्टघ को दफा ४९ वमोजिम पुनरावलोकन गरी पाउ भनी दिइएको निवेदन खारेज गरी पाउ ।

**३. अध्ययन अवलोकन**

३.१ उपर्युक्त खरिद प्रकियाका मुद्दाको बिषयमा निवेदकले निवेदनसाथ पेश गरेको कागज प्रमाण, सार्वजनिक निकायबाट मिति २०७८।०३।११ मा दिइएको प्रतिकिया र बोलपत्र कागजातहरु, Bid Response Document तथा सार्वजनिक खरिद ऐन, नियमावलीका आधारमा अध्ययन अवलोकन गरेको छ ।

३.२ सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा सार्वजनिक निकायले यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने र उपदफा (२) मा उपदफा (१) को प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने व्यवस्था भएकोले सार्बजनिक खरिद गर्दा सार्बजनिक निकाय यस ऐनमा भएको व्यवस्था र कार्यविधि पालना गर्न बाध्यकारी हुनेछ । यो कानून् पालन नगरेमा खरिद प्रकिया वदर हुनेछ।

३.३ सार्बजनिक खरिद ऐन, २०६३ को दफा १०(१) (क) बमोजिम बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यताका आधार र (ख) मा प्रस्तावदाताले प्रस्ताव सम्बन्धि कागजातमा उल्लिखित योग्यताका आधार पूरा गरेको हुनु पर्ने तथा उपदफा (२) मा बोलपत्र सम्बन्धि कागजात वा प्रस्ताव सम्बन्धि कागजातमा योग्यताका आधार उल्लेख गर्दा पेशागत र प्राविधिक योग्यता उपकरणको उपलब्धता , विगतको कार्य सम्पादन, कानूनी सक्षमता , वित्तीयश्रोत ....आधारहरु उल्लेख गर्न सकिने व्यवस्था छ । बोलपत्र कागजातबाट माग गरेका यस्ता सम्पूर्ण आधारहरु बोलपत्रदाताबाट पुष्टी सहीत प्रस्तुत गर्न आवश्यक हुन्छ । ऐ दफाको उपदफा (४) बमोजिम बोलपत्र प्रस्तावको मुल्याँकन बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित् आधार बमोजिम मात्र गर्नु पर्ने व्यवस्था भएकोले बोलपत्रको मूल्यांकन बोलपत्रमा उल्लिखित् आधारमा गर्न सार्बजनिक निकाय बाध्यकारी हुन्छ । अर्थात सूचना साथ प्रकाशन गरेको बोलपत्र कागजातहरु अनुसार बोलपत्रदाताहरुले बोलपत्र पेस गर्न र कानुन तथा सोही आधारमा बोलपत्रको मूल्यांकन गर्न सार्वजनिक निकाय बाध्यकारी हुन्छ ।

३.४ यस contract No मा बोलपत्रदाताहरुबाट बोलपत्रहरु पेस गरेका मध्ये तीन बोलपत्रदाताहरु प्राविधिक प्रस्तावमा सफल भएका देखिन्छन् । निवेदकबाट पेस भएका Response Document मा Technical Proposal को Qualification मा प्रस्तुत गर्नु पर्ने (ITB 16.1 वमोजिम) का Owned भनिएको, Proposed Personnel not available उल्लेख गरेको छ । साथै बोलपत्रदाताको योग्यता (Qualification) General Construction experience, 2(a), specific Construction experience, 2(b) specific Construction experience in key activities मा बोलपत्र Response Document मा not available उल्लेख भएको ले योग्यतामा पुग्न नसकेको देखिन्छ जव की बोलपत्र पेस गर्ने बोलपत्रदाताले बोलपत्र कागजातहरुले माग गरेको कागजातहरु अक्षरश भरी पुरा गरी पेस गरेको हुनु पर्दछ । ITB को General construction experience मा ...at least the last 5 years prior to the applications submission deadline भनी कमसेकम ५ बर्ष अघि देखिको अनुभव हुनु आवश्यक पर्ने उल्लेख छ । यसमा Construction Contract को अनुभव हुनु पर्ने, त्यो बोलपत्र पेस गर्नु ५ बर्ष अगाडी कार्यसम्पादन गरेको हुनु पर्ने, रहेको देखिन्छ ।

३.५ साथै 2.4.2(a) Contracts of similar size and Nature मा participation as prime contractor, or sub contractor, in at least (1) one contracts (one irrigation project ) within the last ten (10) years with a value of at least 23 million that have been successfully or are substancially completed and they are similar to the proposed works..... उल्लेख भएको छ । यस खण्डमा दश बर्ष भित्रमा कम्सेकम २३ मिलियनको काम गरेको, त्यो काम एउटा शिचाई सम्बन्धि निर्माण काम गरेको र प्रस्ताव गरेको निर्माण काम संग समान हुनु पर्ने समेतको व्यवस्था गरेको देखिन्छ ।

३.६. 2.4.2(b) construction experience in key activities मा माथी 2.4.2.(a) दिइएको अवधिमा तीन Key activities (कामहरु ) का अनुभवहरु हुनु पर्ने योग्यता तोकिएका छन् । यस खरिद प्रकृयामा SDB को section iii evaluation and Qualification criteria को 2 मा भएका प्रावधानहरुलाई स्वीकार गरी दस्तखत गरी बोलपत्रदातबाट बोलपत्र पेस गरेको अवस्था छ । यी बोलपत्र कागजातहरुमा व्यवस्था भएका शर्त र योग्यताहरुलाई स्वीकार गरी बोलपत्र पेस गरे पछि बोलपत्रदाता निवेदकले त्यस लाई मान्दिन, थाहा छैन स्वीकार्दीन भनी भन्न सक्ने अवस्था रहदैन ।

३.७ 2.4.1 मा ५ बर्ष, 2.4.2(a) मा कमसेकम एउटा करारमा १० बर्ष भित्र २३ million का -(एउटा सिचाइ सम्बन्धी निर्माण गरेका काम सम्पन्न गरेको समान काम, तथा 2.4.2(b) Key activities मा उल्लेख भएको काम गर्नु पर्ने मा अन्यथा बोलपत्र पेस गर्नु बोलपत्रले

मागेको योग्यता पुग्न सक्ने अवस्था रहदैन साथै निर्माण व्यवसाय गर्ने अनुमती (SBD को 21.1. (b)(Table को (5) mandatory ) व्यवस्था बोलपत्र कागजातले गरेका ले मिति २०७७०६।१५ मा प्राप्त गरेको निर्माण व्यवसाय गर्ने इजाजत प्रमाण पाँच बर्ष अगाडीको हुनु पर्ने उल्लेख भएको ले निर्माण कामको अनुभव समेत पुग्ने देखिदैन ।

३.८ ऐ. ऐनको दफा २३(२) को -क), (ख) र (घ) मा बोलपत्र कागजातको परीक्षण कै समयमा कानून वमोजिम योग्य भएको वा नभएको कागजात , बोलपत्रदातालाई दिईएको निर्देशन अनुरुप पुर्ण भए वा नभएको हेरिनु पर्ने तथा प्राविधिक स्पेशिफिकेसन् र खरिद सम्झौताका शर्तहरु अनुरुप बोलपत्र सारभूतरुपमा प्रभावग्राही भए वा नभएको परीक्षण गर्नु पर्ने व्यवस्था रहेको छ । यसबाट स्पष्ट हुन्छ बोलपत्रदाताहरु बोलपत्र कागजातसाथ समावेश भएको Technical Specification का शर्तहरु पूरा गर्न बाध्यकारी हुन्छन् । शर्त परा गर्न नसकेको अवस्थामा परिक्षण कै अवस्थामा बोलपत्र ऐनको दफा २४ वमोजिम बोलपत्र उपर कारवाइ हुन नसक्ने अवस्थामा पुग्नेछ तथा सारभूतरुपमा प्रभावग्राही हुन नसक्ने स्पष्ट छ ।

३.९ नियमावलीको नियम ६२ मा बोलपत्रको प्राविधिक पक्षको मूल्यांकन मा खण्ड (क) (ख)र (ग) पक्षहरुको मुल्यांकन गर्नु पर्ने छ । उपनियम (२) मा बोलपत्र र बोलपत्रदाताले उल्लेख गरेको कुरामा कुनै भिन्नता पाइएमा मुल्यांकन समितिले सो भिन्नता उल्लेख गर्नु पर्ने छ भनी व्यवस्था भएको छ ।

**४. वहस/छलफल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०७ को (१) वमोजिम पुनरावलोकन समितिले निवेदक र सम्बन्धित् सार्वजनिक निकाय दुवैलाई बुझ्न आवश्यक ठानेमा सार्वजनिक निकायले नियम १०६ वमोजिमको जानकारी , प्रतिकृया र कागजात पेस गरे पछि बुझ्न सक्नेछ भनी व्यवस्था भएको ले सुनवाई गर्न बाध्यात्मक व्यवस्था पनि नभएको तथा हाल बिश्वमहामारीमा कानून व्यवसायी , सार्वजनिक निकायका प्रतिनिधि र बोलपत्रदाताका प्रतिनिधिहरु उपस्थित गराइ सुनवाई /छलफल गर्दा माहामारी झन फैलिने सम्भावना र धनजनको क्षती हुन सक्ने सभ्भावना तथा समिति गठन भई यस मुद्दाको अन्त्यमा यस समितिका अध्यक्ष ज्यू को उपस्थिती भएको ले उल्लिखित् कार्यक्रम गर्न समितिबाट चाहादा चाहदै पनि आयोजना गर्न नसकिएको हो ।

**५. समितिको निर्णय**

सार्बजनिक निकायबाट बोलपत्रनं. Works-BSLISP-NCB-2077/78-18 , Construction of Ghuretar Solar Lift Irrigation Sub-project-8 Dhading कामको खरिद प्रक्रियाको बिषयमा भएको निर्णय तथा मिति २०७८।०१।२८ मा जारी आशयको सूचनाको बिरुद्धमा यस समितिमा पुनरावलोकनको लागि पेश गरेको निवेदनका सम्बन्धमा निबेदनको व्यहोरा, निवेदनमा संलग्न कागजात, सार्वजनिक निकायबाट प्राप्त प्रतिक्रिया, सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्थाका विषयहरु समेतको आधारमा निबेदकको माग दावी पुग्ने हो होइन निर्णय दिनु पर्ने भएको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) वमोजिम बोलपत्र मूल्यांकन गर्नु अगावै मूल्यांकन समितिले निर्कौल गर्नु पर्ने खण्डहरु (क),(ख),र (घ) तथा उपदफा (३) बोलपत्रको पूर्णता परिक्षण गर्दा परिक्षण गर्नु पर्ने मध्येका खण्ड (घ) वमोजिम क्रमश बोलपत्रको परिक्षण र बोलपत्रको पुर्णताको परिक्षण गरी दफा २४ वमोजिम बोलपत्र उपर कारवाई नहुने भनी छुटयाईएका बोलपत्र वाहेक अन्य बोलपत्र मूल्यांकनका लागि समावेस गर्नु पर्ने साथै बोलपत्र कागजातको ITB Section I को खण्ड २१.१ VII को (५) अनुसार Mandatory निर्माण व्यवसायी इजाजत पत्र मिति २०७७०६।१५ मा प्राप्त गरेको ले बोलपत्र Submission Deadline बाट पॉच बर्ष पहिलेको नभएको तथा सोही बोलपत्र कागजातको Section iii Evaluation and Qualification criteria को खण्ड २.४ Experience 2.4.1. General construction Experience, 2.4.2 (a)को Contracts of similar size and nature तथा 2.4.2(b) को Construction experience in Key activities मा व्यवस्था भएको योग्यता समेत पुरा नगरेकोले यस खरिद कार्यको प्राबिधिक प्रस्तावमा निवेदक बोलपत्रदाता अल्ढा सोलार ईनर्जि एण्ड स्टिल इजिनियरिंग प्रा.ली असफल भई निजले दिएको निवेदनको दावी नपुगेको ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (क) वमोजिम निवेदन खारेज गरी दिएको छ । अरु तपशिल वमोजिम गर्नु ।

**तपशील**

(१) यो निर्णयको जानकारी दुवै पक्षहरु तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु ।
(२) निवेदकले राखेको बैंक जमानत नियमानुसार जफत गरी सदरस्याहा गर्नु ।
(३) सरोकारवालाबाट नक्कल माग गरेमा कानून वमोजिम दिनु ।
(४) निर्णय सहितका फायल र कागजातहरु अभिलेखवद्ध गरी सुरक्षित राख्नु ।

| | |
|---|---|
| ..................... | ........................ |
| कमलकुमार श्रेष्ठ | भीम कुमार ओझा |
| सदस्य | अध्यक्ष |

इति सम्वत् २०७८ साल आषाढ ०७ गते रोज ०२ शुभम्...........................................१.।